# बझाङ्गी भाषिकाका शब्द भण्डारको अर्थ तात्त्विक अध्ययन

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली केन्द्रीय विभाग अन्तर्गत दर्शनाचार्य तह
नवौं  दशौं पत्र पाठ्यांश सङ्केत
७२५ क र ख को
प्रयोजनार्थ

प्रस्तुत

शोधप्रबन्ध


<u>शोधकर्ता</u>
हरिश चन्द्र भट्ट
रोल नं. २६
नेपाली केन्द्रीय विभाग,
कीर्तिपुर, काठमाडौं

२०६८

# शोध निर्देशकको सिफरिस

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य तह तेस्रो सत्रका विद्यार्थी श्री हरिश चन्द्र भट्टले प्रस्तुत **बझाङ्गी भाषिकाका शब्द भण्डारको अर्थतात्त्विक अध्ययन** शीर्षकको शोध प्रबन्ध मेरो निर्देशनमा कुशलतापूर्वक तयार पार्नु भएको हो । क्षेत्र कार्यबाट सामग्रीहरू सङ्कलन गरी परिश्रम, लगनशीलतापूर्वक तयार पारिएको यस अनुसन्धानात्मक शोधकार्यबाट म पूर्ण रूपले सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कन प्रक्रिया अगाडि बढाउनका लागि नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

.....................................

**प्रा.डा.व्रतराज आचार्य**
**शोध निर्देशक**
**नेपाली केन्द्रीय विभाग**
**कीर्तिपुर**

**मितिः २०६८-११-२६**

**त्रिभुवन विश्वविद्यालय**

## नेपाली केन्द्रीय विभाग

**कीर्तिपुर, काठमाडौँ**

## स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागका शोधार्थी श्री हरिश चन्द्र भट्टले दर्शनाचार्य तह तेस्रो सत्रको पाठ्याङ्क सङ्केताङ्क ७२५ 'क' र 'ख' प्रयोजनका लागि तयार पार्नु भएको प्रस्तुत **बझाङ्गी भाषिकाका शब्दभण्डारको अर्थतात्त्विक अध्ययन** शीर्षकको शोध प्रबन्ध स्वीकृत गरिएको छ ।

१ प्रा.डा. देवी प्रसाद गौतम (विभागीय प्रमुख) ......... .............

२ प्रा.डा. व्रतराज आचार्य (शोध निर्देशक) ......... .............

३ प्रा.डा. दानराज रेग्मी (आन्तरिक विशेषज्ञ) .......................

४ प्रा.डा. चूडामणि बन्धु (बाह्य विशेषज्ञ) .......................

मिति : २०६८/ /

# कृतज्ञताज्ञापन

प्रस्तुत 'बझाङ्गी भाषिकाका शब्द भण्डारको अर्थतात्त्विक अध्ययन' शीर्षकको शोध प्रबन्ध त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग दर्शनाचार्य तहको तेस्रो सत्रको परिपूर्तिका लागि तयार पारिएको हो । भाषिक अध्ययनमा केन्द्रित यस शोध कार्यको शीर्षक चयनदेखि शोधप्रबन्धको समाप्तिसम्म पटक-पटक आवश्यक सल्लाह सुझाव दिँदै मार्ग दर्शन गर्नु हुने शोध प्रबन्ध निर्देशक आदरणीय गुरु प्रा.डा. व्रतराज आचार्यज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । आवश्यक सुझाव एवम् विषय शीर्षकलाई स्वीकृत दिनु हुने आदरणीय तत्कालिन विभागीय प्रमुख गुरु प्रा. राजेन्द्र सुवेदी एवम् वर्तमान विभागीय प्रमुख प्रा.डा. देवी प्रसाद गौतम र नेपाली केन्द्रीय विभाग प्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्नु मैले मेरो कर्तव्य ठानेको छु । शोध कार्यका क्रममा शोध प्रबन्धको रूपरेखा तयार पार्न आवश्यक सल्लाह र सुझाव प्रदान गर्नु हुने प्रा.डा. माधव पोखरेल, प्रा.डा. देवीप्रसाद गौतम, प्रा.डा. महादेव अवस्थी, प्रा. केशव सुवेदी, प्रा.डा. बदरीप्रसाद भट्टराई गुरुहरू प्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

शोध प्रबन्ध तयार पार्ने क्रममा आवश्यक सामग्री उपलब्ध गराइ दिने त्रिभुवन विश्व विद्यालय केन्द्रीय पुस्तकालय कीर्तिपुर र अन्य थप आवश्यक सामग्री उपलब्ध गराई दिने महानुभावप्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु । अध्ययनको मेरो यो अवस्था सम्म पुऱ्याउने माता पार्वतीदेवी भट्ट र पिता रधुनाथ भट्ट प्रति हार्दिक आभार प्रकट गर्दछु, साथै अग्रजहरू ध्रुवराज, वेदप्रकाश, ज्यातिप्रकाश एवम् मेरी जीवन संगिनी वागेश्वरीप्रति पनि आभार प्रकट गर्नु मैंले मेरो कर्तव्य ठानेको छु । साथै सिद्धनाथ बहुमुखी क्याम्पसबाट दर्शनाचार्य अध्ययनको अवसर प्रदान गर्न पहिलो व्यक्तिका रूपमा पूर्ण छात्रवृत्ति अन्तर्गत छनौट गरी सहयोग गर्ने तत्कालिन क्याम्पस संचालक समिति अध्यक्ष एवम् सम्पूर्ण क्याम्पस परिवारप्रति हृदय देखिनै आभार प्रकट गर्दछु । शोध कार्य गर्ने क्रममा बझाङ्डी भाषिकामा लेखिएका प्रकाशित अप्रकाशित महत्त्वपूर्ण सामग्री एवम् तत् सम्बन्धी अन्य जानकरी उपलब्ध गराउने ससुरा ज्योतीप्रकाश जोशीज्यू प्रति एवम् काठमाडौंमा मिठो चिया र खाना पकाई तथा आवश्वयक सहयोगी सामग्रीका साथै केही अङ्ग्रेजी पाठलाई नेपालीमा अनुवाद समेत गरी सहयोग गर्ने छोरी सुशीला र छोरा विशाल भतिज पदम, प्रकाश एवम् भान्जा खगेन्द्र, जयकृष्ण र दीपकप्रति पनि आभार प्रकट गर्दछु । अध्ययनका क्रममा मलाई झर्को नमानी बारम्वार सजग र सचेत गराइ उत्साह प्रदान गरिरहने मेरा एम.फिल.का सहपाठी मित्रहरूप्रति पनि म हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

प्रस्तुत शोध प्रबन्ध आवश्यक मूल्याङ्कनार्थ त्रिभुवन विश्व विद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेश गर्दछु ।

मितिः २०६८ फाल्गुन

**हरिशचन्द्र भट्ट**

रोल नं.: २६

शैक्षिक सत्र २०६६/०६७

# विषय सूची

## परिच्छेद एक
## शोध परिचय


| | |
|---|---|
| १.१ विषय प्रवेश | १ |
| १.२ समस्या कथन | २ |
| १.३ अध्ययनको उद्देश्य | २ |
| १.४ पूर्वाध्ययनको सर्वेक्षण र समीक्षा | २ |
| १.५ अध्ययनको औचित्य र उपयोगिता | १२ |
| १.६ शोधको सीमाङ्कन | १२ |
| १.७ शोध विधि | १३ |
| १.७.१ सामग्री सङ्कलन विधि | १३ |
| १.७.२ सामग्री विश्लेषण विधि | १३ |
| १.८ शोध प्रबन्धको सङ्गठनात्मक स्वरूप | १४ |


## परिच्छेद दुई
## सैद्धान्तिक पर्याधार


| | |
|---|---|
| २. विषय प्रवेश | १६ |
| २.१ अर्थको स्वरुप र क्षेत्र | २० |
| २.१.१. अर्थको स्वरूप | २५ |
| २.१.२. कोशीय एकाइको निर्देश सम्बन्ध र आशय सम्बन्ध | २६ |
| २.२.३. कोशीय अर्थ र व्याकरणिक अर्थ | २७ |
| २.२.४. कोशीय एकाइको सङ्कलन र व्यवस्थापन | २७ |
| २.२.४.१. कोशको अर्थ र अभिप्राय, कोश विज्ञान र कोश निर्माण विज्ञान | २७ |
| २.२.४.२. कोश विज्ञान र कोश निर्माण विज्ञान | २८ |
| २.२.४.३ कोशीय एकाइको पहिचान | २९ |
| २.२.४.४ रूपात्मक एकाइका रूपमा कोशीय एकाइ पहिचान | २९ |
| २.२.४.५ आर्थी एकाइका रूपमा शब्द | ३४ |
| २.३. कोश निर्माण योजना | ३५ |
| २.४. तथ्य सङ्कलन | ३६ |
| २.५ शब्दकोशका प्रमुख अङ्ग | ३७ |
| २.५.१ पूर्वभाग | ३७ |
| २.५.२. मूल भाग | ३९ |

२.६. कोशीय एकाइहरूको संरचनात्मक अर्थ सम्बन्ध ४६
२.६.१. समावेशात्मक अर्थ समबन्ध (Hyponymy) ४६
२.६.२. आशयपरक अर्थ सम्बन्ध ४९
२.७ शब्दको अर्थ र परिभाषा ५६
२.७.१ शब्दार्थ सम्बन्धका प्रकार ५८
२.७.२. समानार्थकता (क्थलयलथ्कथ) ६२
२.७.२. क. पूर्ण समानार्थकता (Absolute Synonymy) ६३
२.७.२. ख. आंशिक समानार्थकता (Partical Synonymy) ६३
२.७.२. ग. सन्द्रर्भगत समानार्थकता (Referential Synonymy ) ६३
२.७.२. घ. भाषिकागत समानार्थकता (Dialectal Synonymy ) ६३
२.७.२. ङ. शैलीगत समानार्थकता (Stylistic Synonymy ) ६३
२.७.२. च. अन्तरभाषा समानार्थकता (Interlingual Synonymy) ६३
२.७.३. अनेकार्थकता (Polysemy) ६४
२.७.४. विपरीतार्थी (Antonymy) ६९
२.७.४. क. श्रेणीवद्ध विपरीतार्थकता (Gradable Antonymy) ७१
२.७.४. ख. परिपूरक विपरीतार्थकता (Complementarity) ७२
२.७.४. ग. विरुद्धार्थक विपरीतार्थी (Converseness) ७२
२.७.५. समावेशात्मकता (Hyponymy) ७३

## परिच्छेद तिन

## बझाङ्गी भाषिकामा पाइने समानार्थक अर्थ सम्बन्धको विश्लेषण

३.१ भूमिका/विषय प्रवेश ७५
३.२. प्रकार अनुसार व्याख्या र सूची ७९
३.२.१.क.पूर्ण समानार्थकता (Absolute Synonymy) ७९
३.२.१.ख आंशिक समानार्थकता (Partical Synonymy) ७९
३.२.१.ग. सन्द्रर्भगत समानार्थकता ( Referential Synonymy ) ८०
३.२.१.घ. भाषिकागत समानार्थकता ( Dialectal Synonymy ) ८०
३.२.१.ङ. शैलीगत समानार्थकता ( Stylistic Synonymy ) ८०
३.२.१.च.अन्तरभाषा समानार्थकता ( Interlingual Synonymy ) ८०

**परिच्छेद चार**

**बझाङ्गी भाषिकाका पाइने अनेकार्थक अर्थ सम्बन्धको विश्लेषण**


४.१. भूमिका ८२

४.२. प्रकार अनुसार व्याख्या र सूची ८२

४.२.१. अनेकार्थकता (Polysemy) ८२


परिच्छेद पाँच

बझाङ्गी भाषिकामा पाइने विपरीतार्थी अर्थ सम्बन्धको विश्लेषण


५.१. भूमिका ९१

५.२. प्रकार अनुसार व्याख्या र सूची ९१

५.२.१. विपरीतार्थी (Antonymy) ९१

५.२.१.क.श्रेणीवद्ध विपरीतार्थकता (Gradable Antonymy) ९६

५.२.१.ख. परिपूरक विपरीतार्थकता (Complementarity) ९७

५.२.१.ग विरुद्धार्थक विपरीतार्थी (Converseness) ९७


**परिच्छेद छ**

**बझाङ्गी भाषिकामा पाइने समावेशात्मक अर्थ सम्बन्धको विश्लेषण**


६.१. भूमिका ९९

६.२. प्रकार अनुसार व्याख्या सूची ९९

६.२.१. समावेशात्मकता (Hyponymy) १११


**परिच्छेद सात**

**उपसंहार/निष्कर्ष**


७. उपसंहार/निष्कर्ष ११३

परिशिष्ट - क बझाङ्गी शब्द भण्डार/कोश निर्माण योजना ११५-१२५

परिशिष्ट - ख बझाङ्गी शब्दभण्डारको वर्णानुक्रम सूची १२६-२८७

परिशिष्ट - ग बझाङगी भाषिकाको अध्ययनका क्रममा खिचिएका तस्वीर र जिल्लाको फोटो २८८-२९३

परिशिष्ट - घ बझाङ्गी भाषिकाको शब्द भण्डार अध्ययन गर्ने क्रममा फेला परेका अप्रकाशित कथाहरु र माङ्गलहरु २९४-३०१

सन्दर्भ सामग्री सूची ३०२-३०५


**परिच्छेद एक**

# शोध परिचय

## १.१ विषय प्रवेश

प्रस्तुत शोधप्रबन्धको शीर्षक **बझाङ्गी शब्द भण्डारको अर्थतात्त्विक अध्ययन** रहेको छ । 'बझाङी' शब्द बझाङ शब्दमा 'ई' प्रत्यय लागेर बनेको छ । 'बझाङ' शब्दले नेपालका ७५ जिल्लामध्येको एक जिल्लालाई जनाउँछ । यसको सामान्य अर्थ बझाङ जिल्लाको वा बझाङ जिल्लासँग सम्बन्धित भन्ने हुन्छ । यस जिल्लामा बोलिने मुख्य भाषा हो तापनि यो भाषा मानक नेपालीभन्दा भिन्न छ । यसलाई भाषा शास्त्री माधव पोखरेल ले नेपाली भाषाको वरपश्चिमी भाषिकाको उपभाषिका मानेका छन् (२०३१) भने आचार्य (२०४०) ले केन्द्रीय भाषिकाको पश्चिमी समूहमा पर्ने उपभाषिका मानेका छन् । तर नेपाली भाषाका भाषिकाहरूको स्थलगत सर्वेक्षण भई नसकेको वर्तमान अवस्थामा नेपाली भाषामा के कति भाषिका र उपभाषिका छन् भन्ने किटान गर्न गाह्रो देखिन्छ । अतः यस शोध प्रबन्धको प्रयोजनका लागि बझाङ जिल्लामा बोलिने नेपाली भाषाको भौगोलिक भेदलाई बझाङ्गी नामकरण गरिएको छ ।

शब्द भण्डार भनेको भाषा वा भाषिकामा प्रचलित शब्दहरूको समूह हो । शब्द भण्डारको अध्ययनबाट भाषाभाषी समुदायले सामाजिक, साँस्कृतिक, आर्थिक, राजनीतिक, व्यावसायिक आदि पक्षमा के कस्तो प्रगति गरेका छन् भन्ने जानकारी प्राप्त गर्न सकिन्छ । यसका निम्ति शब्द र अर्थका बिचको सम्बन्ध के कस्तो छ भन्ने अध्ययन आवश्यक हुन्छ । यस्तो अध्ययन कोश विज्ञानले गर्दछ । संरचनाका दृष्टिले भाषाको मानक रूप जति स्वायत्त हुन्छ, भाषिक भेदहरू पनि त्यतिकै स्वायत्त हुन्छन् । यसैले भाषिक भेदको अध्ययन पनि ध्वनि, वर्ण, रूप, वाक्य र अर्थका तहमा अध्ययन गरे जस्तै भाषिकाको अध्ययन पनि यी सबै तहमा गरिन्छ ।

अर्थको सम्बन्ध शब्दसँग मात्र हुँदैन, रूपिमदेखि सङ्कथनसम्मका एकाइहरूसँग पनि रहेको हुन्छ । फलतः भाषिक अर्थलाई अवधारणात्मक अर्थ, निदर्शनात्मक अर्थ, आशयमूलक अर्थ, कोशीय अर्थ, व्याकरणिक अर्थ, संरचनात्मक अर्थ, सहचार्यात्मक अर्थ, वाक्यार्थ, सामाजिक अर्थ, प्रयोगार्थ आदि विभिन्न पक्षबाट अध्ययन गरिन्छ । यी सबै पक्षको अध्ययन अर्थ विज्ञानले गर्दछ । यस शोध प्रबन्धमा अर्थ तात्त्विक अध्ययन अन्तर्गत बझाङ्गी भाषिकाका कोशीय शब्दहरूमा पाइने समानार्थक सम्बन्ध, विपरीतार्थक सम्बन्ध, अनेकार्थक सम्बन्ध र समावेशात्मक अर्थ सम्बन्धको विश्लेषण गरिएको छ । यसका निम्ति बझाङ्गी भाषिकामा प्रयुक्त शब्दहरूको सङ्कलन गरी तिनीहरूलाई कोशीय ढाँचामा व्यवस्थित गरिएको छ । यो विवरण शोध प्रबन्धको परिशिष्ट भागमा रहेको छ ।

## १.२ समस्या कथन

बझाङ्गी शब्द भण्डारमा पाइने कोशीय एकाइहरूमा के कस्तो संरचनात्मक अर्थ सम्बन्ध  पाइन्छ ? भन्ने विषय नै यस शोधकार्यको मुख्य समस्या रहेको छ र त्यही मुख्य समस्यासँग सम्बन्धित उपसमस्या यस प्रकार रहेका छन् :

क) बझाङ्गी शब्द भण्डारमा पाइने कोशीय एकाइहरूमा के कस्तो समानार्थक सम्बन्ध पाइन्छ
ख) बझाङ्गी शब्द भण्डारमा पाइने कोशीय एकाइहरूमा के कस्तो विपरीतार्थक सम्बन्ध पाइन्छ
ग) बझाङ्गी शब्द भण्डारमा पाइने कोशीय एकाइहरूमा के कस्तो अनेकार्थक सम्बन्ध पाइन्छ
घ) बझाङ्गी शब्द भण्डारमा पाइने कोशीय एकाइहरूमा के कस्तो समावेशात्मक अर्थ सम्बन्ध पाइन्छ

## १.३ अध्ययनको उद्देश्य

माथि औल्याइएका समस्याको प्राज्ञिक समाधानतर्फ विशेषरूपमा केन्द्रित हुँदै बझाङ्गी शब्द भण्डारमा पाइने कोशीय एकाइहरूको संरचनात्मक अर्थ सम्बन्धको विश्लेषण गर्नु यस शोधकार्यको मुख्य उद्देश्य हो । त्यही मूल उद्देश्यसँग सम्बन्धित निम्न लिखित उपउद्देश्यहरू रहेका छन् :

क) बझाङ्गी शब्द भण्डारमा पाइने कोशीय एकाइहरूको समानार्थक सम्बन्धको विश्लेषण गर्नु ।
ख) बझाङ्गी शब्द भण्डारमा पाइने कोशीय एकाइहरूको विपरीतार्थक सम्बन्धको विश्लेषण गर्नु ।
ग) बझाङ्गी शब्द भण्डारमा पाइने कोशीय एकाइहरूको अनेकार्थक सम्बन्धको विश्लेषण गर्नु ।
घ) बझाङ्गी शब्द भण्डारमा पाइने कोशीय एकाइहरूको समावेशात्मक अर्थ सम्बन्धको विश्लेषण गर्नु ।

## १.४ पूर्वाध्ययनको सर्वेक्षण र समीक्षा

प्रस्तावित शोधकार्य प्रारम्भ गर्नुभन्दा अघि बझाङ्गी भाषिकाको शब्द भण्डार वा अर्थतात्त्विक अध्ययनका विषयमा कुनै ठोस अध्ययन भएको नपाइए पनि बझाङगी भाषिकाको निकटमा रहेका अन्य भाषिकामा भने शब्द सङ्कलन र कोश निर्माणको प्रक्रिया प्रारम्भ भइ सकेको पाइन्छ । बझाङ्गी भषिकामा पनि भाषिक संरचना र व्याकरणका केही

पक्षमा र लोक साहित्यमा केही अध्ययन भएको पाइन्छ । यसैले प्रस्तुत शोध प्रबन्धमा यिनै सामग्रीलाई पूर्वकार्यका रूपमा लिई तीन उपशीर्षकमा समीक्षा गरिएको छ ।

### १.४.१. शब्द भण्डार र अर्थ लेखन सम्बन्धी सामग्रीको सर्वेक्षण र समीक्षा :

#### १.४.१.१. आर.डि.'प्रभास' चटौत, 'डोट्याली बृहत् शब्दकोश', बेलु विश्व प्रतिष्ठान : २०५८ ।

यो कोश बझाङ्गी भाषिकाको दक्षिण र पश्चिममा बोलिने डोटेली भाषिकाको एकभाषी शब्दकोश हो । यसको निर्माणमा झण्डै दुई दशक लगेको पाइन्छ । यसमा चालीस हजार (४००००) शब्द सङ्कलित छन् । यसलाई भाषिका कोश भनिए पनि यसमा तत्सम शब्दको बाहुल्य छ । फलतः यस कोशले राष्ट्रका विविध भाषा, साहित्य, कला, संस्कृति, जीवनशैली र चिन्तन धारालाई समेट्न खोजेको देखिन्छ । यस कोशमा भाषिक शब्द भण्डारलाई प्रविष्टि गर्दा वर्णानुक्रम परम्परा स्थानीय भाषिकाका कारण केही परिवर्तमन गरिएको छ : जस्तै- अ, अँ, अ/क कँ, कं । साथै उच्चारणमा कथ्य डोट्याली प्रयोगको अनुसरण गरिएको छ र केही शबदको उचचारण सङ्केत पनि गरिएको छ । यसमा केही शब्दको स्रोत र व्युत्पत्ति पनि दिइएको छ । डोट्याली बृहत् शब्दकोशमा शब्दको अर्थ छोटकरीमा दिइएको छ तर शब्दको स्थूल र सूक्ष्म अर्थलाई स्पस्ट्याउन जनजीवनमा प्रचलित, उखान, टुक्का, गाउँखाने कथा आदि पनि उदाहरणका रूपमा दिइएको छ र अर्थ निर्धारणमा चित्रात्मक विधि समेत प्रयोग गरिएको छ । यसमा शब्दहरूको अर्थ निर्धारणका निम्ति पर्यायवाची र अनेकार्थी शब्दहरू पनि दिइएको छ र अनेकार्थी शब्दलाई अलग अलग शब्दका रूपमा प्रविटि दिई अर्थ लेखन गरिएको छ ।

यो कोश बझाडी भाषिकामा आधारित नभए पनि डोट्याली र बझाडी भाषिकामा निकै बढी बोधगम्यता पाइने हुँदा यस कोशबाट प्रस्तावित शोध कार्यका विविध पक्षमा प्रत्यक्ष सहयोग पुग्ने देखिन्छ । प्रस्तुत शोध प्रबन्धको मूल विषय आर्थी संरचनाको विश्लेषण भए त्यसका निमित आवश्यक आधारभूत सामग्री भने बझाडी शब्द भण्डारको कोशीय विवरण नै भएको हुँदा कोशीय एकाइहरूको सङ्कलन, लेखन प्रक्रिया निर्धारण, प्रविष्टि निर्धारण, कोशीय एकाइको उच्चारण, स्रोत, व्युत्पत्ति आदिको निर्धारणका साथै अर्थ लेखनका क्रममा समेत यसले सघाएको छ ।

#### १.४.१.२. बद्री प्रसाद शर्मा, 'बिनाडी' (सम्पा.) 'डोटेली भाषिकाको शब्दकोश,' जोरघाटी प्रकाशन, २०५५ ।

यो कोश बझाङ्गी भाषिकाको उत्तर, दक्षिण र पश्चिममा बोलिने डोटेली भाषिकाको एकभाषी शब्दकोश हो । यसको निर्माण छोटो समय लगाएर गरेको पाइन्छ । यसमा एक हजार (१०००) भन्दा कम शब्द सङ्कलित छन् । यसलाई भाषिका कोश भनिए पनि यसमा तत्सम र तद्भव शब्दको बाहुल्य छ । यसमा डोटेली भाषिकाका शब्दहरूको

केही सङ्कलन गरी वर्णानुक्रममा राखेर त्यसलाई शब्दकोशको नाम दिइएको छ । यसमा प्रयोग गरिएका शब्दको अर्थलाई स्पस्ट्याउन उखान टुक्काको प्रयोग गरिएको छ । शब्दकोशका आधारभूत मुल्य र मान्यताको प्रयोग यसमा नगरिएको भए पनि शब्दहरूको सङ्कलन गर्दा भने क्षेत्रकार्य विधि अपनाइएको छ । यो कोश बझाङ्गी भाषिकामा आधारित नभए पनि डोट्याली र बझाङ्गी भाषिकामा निकै बढी बोधगम्यता पाइने हुँदा यस कोशले प्रस्तावित शोध प्रबन्ध बझाङ्गी शब्द भण्डारको अर्थतात्त्विक अध्ययन शीर्षकको अर्थ लेखनमा सघाएको छ ।

### १.४.१.३. वीर बहादुर चन्द, 'डोटयाली शब्द भणार' महेन्द्रनगर, महाकाली छापाखाना, २०५२ ।

यो कोश बझाङ्गी भाषिकाको दक्षिण र पश्चिममा बोलिने डोटेली भाषिकाको एकभाषी शब्दकोश हो । यसको निर्माण छोटो समय लगाएर गरेको पाइन्छ । यसमा एक हजार (१०००) भन्दा कम शब्द सङ्कलित छन् । यसलाई भाषिका कोश भनिए पनि यसमा तत्सम र तद्भव र कुमाउँनी शब्दको बाहुल्य छ । यसमा डोटेली भाषिकाका शब्दहरूको केही सङ्कलन गरी वर्णानुक्रममा राखेर त्यसलाई शब्दकोशको नाम दिइएको छ । यसमा प्रयोग गरिएका शब्दको अर्थलाई स्पस्ट्याउन उखान टुक्काको प्रयोग गरिएको छ । शब्दकोशका आधारभूत मुल्य र मान्यताको प्रयोग यसमा नगरिएको भए पनि शब्दहरूको सङ्कलन गर्दा भने क्षेत्रकार्य विधि अपनाइएको छ । यो कोश बझाङ्गी भाषिकामा आधारित नभए पनि डोट्याली र बझाङ्गी भाषिकामा निकै बढी बोधगम्यता पाइने हुँदा यस कोशले प्रस्तावित शोध प्रबन्ध बझाङ्गी शब्द भण्डारको अर्थतात्त्विक अध्ययन शीर्षकको अर्थ लेखनमा सघाएको छ ।

### १.४.१.४. बासु देव भट्ट, 'भाइसाब', 'डोटी प्रदेशको लोकवाङ्मय कोश' साझा प्रकाशन, २०६५ ।

भट्ट 'भाइसाव'ले पारिभाषिक शब्दहरूको सङ्कलन गरी सङ्क्षिप्त रूपमा यो लोकवाङ्मयकोश लेखिएका छन् । यस कोशमा लोक साहित्यका विविध पक्षहरू लोकगीत, लोक विश्वास, लोकगाथा, लोककथा लोकनृत्य, लोकबाजा, लोकोक्ति, लोकनाटक र लोक साहित्यलाई समेटिएको छ । शब्दको स्थूल र सूक्ष्म अर्थलाई स्पस्ट्याउन जनजीवनमा प्रचलित लोकगीत, लोक विश्वास, लोकगाथा, लोककथा लोकनृत्य, लोकबाजा, लोकोक्ति, लोकनाटक र लोक साहित्यका पारिभाषिक शब्दहरूको सङ्कलन गरी सङ्क्षिप्त रूपमा यो लोकवाङ्मयकोश लेखिएको छ । यो कोश बझाङ्गी भाषिकामा आधारित नभए पनि डोट्याली र बझाङ्गी भाषिकामा निकै बढी बोधगम्यता पाइने हुँदा यस कोशबाट प्रस्तावित बझाङ्गी भाषिकाका शब्दभण्डारको अर्थतात्त्विक अध्ययनमा सहयोग पुगेको छ

साथै यस कोशमा डोट्यालीका अतिरिक्त थारू, डगौरा, राना र सौकाका समेत भाषिक शब्द सङ्कलन गरिएको हुनाले पनि यसकोशले शोधकार्यलाई झनसघाएको छ ।

### १.४.१.५. खगेन्द्र प्रसाद उपाध्याय, 'अछामी भाषिकाको शब्दकोशको निर्माण' अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय भाषा शिक्षा विभाग, २०६४ ।

यो कोश बझाङ्गी भाषिकाको दक्षिण, पश्चिम र पूर्वमा बोलिने अछामी भाषिकाको एकभाषी शब्दकोश हो । यसको निर्माण स्नातकोत्तर तहको परीक्षाको प्रयोजनका लागि गरेको हुँदा कोश वैज्ञानिक आधार अबलम्वन केही मात्रामा भएपनि भएको छ । यसमा तीन हजार (३०००) भन्दा बढी शब्द सङ्कलित छन् । यसलाई भाषिका कोश भनिए पनि यसमा तत्सम र तद्भव शब्दको बाहुल्य छ ।  यसमा अछामी भाषिकाका शब्दहरूको सङ्कलन गरी प्रविष्टि निर्धारण, स्रोत, व्युत्पत्ति, अर्थ समेत राखेर त्यसलाई शब्दकोशको नाम दिइएको छ । यसमा  प्रयोग गरिएका शब्दको अर्थलाई स्पस्ट्याउन उखान टुक्काको पनि प्रयोग गरिएको छ । शब्दकोशका आधारभूत मुल्य र मान्यताको सामान्य रूपमा प्रयोग गरी क्षेत्रकार्य विधि समेत अपनाइएको छ । यो कोश बझाङ्गी भाषिकामा आधारित नभए पनि अछामी र बझाङ्गी भाषिकामा निकै बढी बोधगम्यता पाइने हुँदा यस कोशले प्रस्तावित शोध प्रबन्ध बझाङ्गी  शब्द भण्डारको अर्थतात्त्विक अध्ययन शीर्षकको कोशीय एकाइहरूको सङ्कलन, लेखन प्रक्रिया निर्धारण, प्रविष्टि निर्धारण, कोशीय एकाइको उच्चारण, स्रोत, व्युत्पत्ति आदिको निर्धारणका साथै अर्थ लेखनमा समेत सघाएको छ ।

### १.४.२. भाषिक संरचना र व्याकरण सम्बन्धी सामग्रीको सर्वेक्षण र समीक्षा :

### १.४.२.१. ज्योतिप्रकाश जोशी, 'बझाङ्गी भाषा व्याकरण हेर्दा' अप्रकाशित पाण्डुलिपी व्याकरण लेखन समय (अनु. २०१७) ।

जोशी बझाङ्गी भाषिकाको व्याकरणिक पक्षमा अध्ययन गर्ने प्रथम अध्येता देखिन्छन् । उनको व्याकरण हालसम्म प्रकाशित भएको छैन तर लेखककै हस्ताक्षरको पाण्डुलिपि उनको घरमा भेटिन्छ । (यो लेखोट परिशिष्टमा दिईको छ ।) ६.४ साइजको कागतमा ६ पृष्ठमा लेखिएको उक्त व्याकरणमा माथि पद्य दिई तल त्यसलाई गद्यमा वर्णन गरिएको छ । बझाडी भाषिकामा स्वर वर्णहरू पनि हलन्त्य हुन सक्ने, ह्रस्व र दीर्घले भिन्नता उत्पन्न नगर्ने, यको पेट चिरेर लेख्न नहुने, पेट चिरेको 'व' को कुनै काम नभएको हुँदा बाटुला 'ब' तल थोप्लो दिएको 'व' लेख्नु पर्ने, एक बचन र बहु वचनको रूप एकै हुने कुरा रोचक ढङ्गमा प्रस्तुत गरिएको छ र बझाडी भाषा नेपाली भाषाभन्दा भिन्न छ भन्ने कुरा स्पस्ट्याउन नेपाली गाई, गोरु, बाच्छा बाच्छी आदि सबैका निम्ति फरक फरक शब्द भए पनि बझाडीमा ती सबैलाई 'गोरू' शब्दले जनाउने कुरा स्पस्ट्याइएको छ ।

यो कृति व्याकरणसँग सम्बन्धित भए यसमा बझाङी भाषिकाको लेखन पद्धतिका बारेमा र कतिपय शब्दको अर्थका बारेमा पनि गहन रूपमा चर्चा गरिएको हुँदा यस शोधकार्यमा यसलाई सहायक सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

**१.४.२.२. हरिशचन्द्र भट्ट, 'बझाङ्गी भाषिका : एक विश्लेषणात्मक अध्ययन' अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय भाषा शिक्षा विभाग, २०६४ ।**

भट्टले बझाङ्ग जिल्लाको भाषिक क्षेत्रलाई आधार मानेर सामग्री सङ्कलन गरेका छन् र सङ्कलित सामग्रीलाई व्याकरणिक काटिका रूपमा प्रस्तुत गरी विश्लेशण गरेका छन् 'बझाङ्गी भाषिका र मानक नेपाली भाषाका वीचमा पाइने समानता र भिन्नताको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

यो अध्ययन प्रस्तुत शोध कार्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभए पनि बझाङ्गी भाषाका स्वर र व्यञ्जन वर्णको पहिचानका साथै व्याकरणिक कोटिको पनि वर्गीकरणका आधारमा अध्ययन गरी बझाङ्गी भाषिकाका शब्द भण्डारको अवस्था कस्तो छ भन्ने कुराको उल्लेख गरेर केही बझाङ्गी शब्दको सङ्कलन समेत गरी वर्णानुक्रममा राखेर तिनको अर्थ समेत उल्लेख गरेको हुँदा यस शोधकार्यका लागि यसबाट थप सामग्री सङ्कलन गरिएको छ ।

**१.४.२.३. धन बहादुर कुँवर, 'बुङ्गली भाषिकाको अध्ययन' अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६३ ।**

कुँवरले बझाङ्ग जिल्लाको बुङ्गली भाषिका क्षेत्रलाई आधार मानेर सामग्री सङ्कलन गरेका छन् र सङ्कलित सामग्रीलाई व्याकरणिक काटिका रूपमा प्रस्तुत गरी विश्लेशण गरेका छन् । बुङ्गली भाषिका र मानक नेपाली भाषाका वीचमा पाइने समानता र भिन्नताको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

यो अध्ययन प्रस्तुत शोध कार्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभए पनि बुङ्गली भाषाका स्वर र व्यञ्जन वर्णको पहिचानका साथै व्याकरणिक कोटिको पनि वर्गीकरण गरी बुङ्गली भाषिकाका शब्द भण्डारको अवस्था कस्तो छ भन्ने कुराको उल्लेख गरेर केही बुङ्गली शब्दको सङ्कलन समेत गरी वर्णानुक्रममा राखेर तिनको अर्थ समेत उल्लेख गरेको हुँदा प्रस्तावित शोधकार्यका लागि यसबाट थप सामग्री सङ्कलन गरिएको छ ।

**१.४.२.४. ज्योति प्रकाश जोशी, 'कृष्णको जुडी' अप्रकाशित खण्डकाव्य लेखन समय २०१७-२०१९ सम्म ।**

जोशीले बझाङ्गी भाषिकामा लेखिएको यो खण्डकाव्य बझाङ्गी भाषा-भाषीका व्यक्तिका लागि महŒवपूर्ण मानिन्छ । यस पाण्डुलिपी खण्डकाव्यमा एकसय चार (१०४)

बभ्काङ्गी भाषिकामा श्लोक लेखिएका छन् भने मानक नेपालीमा अर्थसमेत उल्लेख गरिएको छ । यसले बभ्काङ्गी भाषिकाका शब्दभण्डारको सङ्कलन गर्न सहयोग पुगेको छ ।

### १.४.२.५. ज्योति प्रकाश जोशी 'गणेशकुमार विवाद' अप्रकाशित पाण्डुलिपी खण्डकाव्य लेखन समय २०२० देखि २०३६ सम्म ।

जोशीको 'गणेश कुमार विवाद' नामक अप्रकाशित खण्डकाव्य बभ्काङ्गी भाषिकामा लेखिएको महŒवपूर्ण पाण्डुलिपी खण्डकाव्य हो । यसको चर्चा विभिन्न राष्ट्रिय र स्थानीय पुस्तकमा समेत उल्लेख गरिएको छ । बभ्काङ्गी भाषिकामा पूर्ण रूपमा लेखिएको यो महŒवपूर्ण खण्डकाव्य हो; जस्तै -

- ए लाद्या उठिभ्का बसी बसि रूनो क्या रोगको थैलियो,
- वाट्टाउनै वसि सुक्क सुक्क अरला छाड्डैन रे दैलियो ।
- गञ्ज्यौङ्चा घनश्याम पत्थर जसो खुल्लो छ यो पाजको,
- सुख्खै खोज्दछ मान खोज्दछ ठूलो यो पाजि राज् पाठको ॥

यसमा प्रयोग भएका शब्दलाई अर्थ सम्बन्धका रूपमा समानार्थकता र अनेकर्थीका रूपमा लिन सकिन्छ । प्रस्तावित बभ्काङ्गी भाषिकाका शब्द भण्डारको अर्थतात्त्विक अध्ययन शीर्षकको शोधका लागि यो ज्यादै उपयोगि हुभएको छ ।

### १.४.२.६. तुलसी प्रसाद पण्डित, जन्त विवाह, 'बभ्काङ्गी जन्तमा गाइने शुभ गीतहरू' महेन्द्रनगर; अभियान अपसेट प्रेस, २०५७ ।

पण्डितले जन्त विवाह पुस्तकमा बभ्काङ्गी भाषिकामा बभ्काङ्ग जिल्लामा गाईने मागलको सङ्कलन गरी अध्ययन गरिएको छ । साथै यसमा बभ्काङ्गी शब्दहरूको मनग्य प्रयोग भएको हुँदा प्रस्तावित बभ्काङ्गी भाषिकाका शब्द भण्डारको अर्थ तात्त्विक अध्ययनमा शब्द सङ्कलन कार्यका लागि यो कृति सहयोगी भएको छ ।

### १.४.३. बभ्काङी लोक साहित्यको अध्ययन सम्बन्धी सामग्रीको सर्वेक्षण र समीक्षा :

### १.४.३.१.राम प्रसाद उपाध्याय, 'बभ्काङ्गी डेउणा गीतको अध्ययन' अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०५७ ।

उपाध्यायले बभ्काङ्ग जिल्लालाई आधार मानेर सामग्री सङ्कलन गरेका छन् र सङ्कलित लोकगीतका सामग्रीलाई सामाजिक रीतिरिवाज,चालचलन र भेषभूषाका आधारमा विश्लेषण गरेका छन् । अध्ययन क्षेत्र सम्पूर्ण बभ्काङ्ग जिल्ला भएपनि सामग्रीको सङ्कलन भने जिल्लाका केही भू-भागबाट मात्र गरेका छन् । यो अध्ययन प्रस्तावित शोधकार्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभए पनि आंशिकरूपमा सम्वन्धित छ साथै परिशिष्टमा दिईएका लोकगीतमा प्रयुक्त बभ्काङ्गी भाषिकाका शब्दहरूलाई यस अध्ययनमा प्राथमिक सामग्रीका

रूपमा प्रयोग गर्न सक्छि र त्यसबाट बभ्फाङ्गी शब्द भण्डारको कोशीय विवरण निर्माणमा सहयोग पुगेको छ

### १.४.३.२. विष्णु भक्त उपाध्याय, बभ्फाङ्ग थलाराका प्रमुख फागहरूको सङ्कलन र विश्लेषण अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०५८ ।

उपाध्यायले बभ्फाङ्गको थलारा क्षेत्रलाई आधार मानेर सामग्री सङ्कलन गरेका छन् र सङ्कलित सामग्रीलाई धार्मिक एवम् साँस्कृतिक रूपमा प्रस्तुत गरी विश्लेशण गरेका छन् । अध्ययन क्षेत्र सानो भए पनि यसमा तीन भिन्न भिन्न फागको सङ्कलन गरिएको छ र तिनको मूल पाठ परिशिष्टमा दिई पाठमा प्रयोग भएका १९० जति कठिन शब्दको अर्थ पादटीप्पणीमा दिइएको छ ।

यो अध्ययन प्रस्तुत शोध कार्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभए पनि धार्मिक एवम् साँस्कृतिक रूपमा प्रचलित शब्द र तिनको केही मात्रामा भएपनि अर्थ उल्लेख गरिएको हुदाँ यो अध्ययन सहयोगी हुनेछ । साथै परिशिष्टमा दिइएका फागलाई यस अध्ययनमा पनि प्राथमिक सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ र त्यसबाट बभ्फाङी शब्दभण्डारको कोशीय विवरण निर्माणमा सहयोग पुगेको छ ।

### १.४.३.३. प्रेम राज जैसी, 'बभ्फाङ्गी धमारीको सङ्कलन र अध्ययन' अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०५८ ।

जैसीले बभ्फाङ्ग जिल्लालाई आधार मानेर सामग्री सङ्कलन गरेका छन् । बभ्फाङ्ग जिल्लाका धमारीहरूको अध्ययन गर्दा विभिन्न स्थानको भ्रमण गरेर त्यहाँको सामाजिक र सांस्कृतिक पक्षसँग सम्बन्धित धार्मिक, ऐतिहासिक, पौराणिक र सामाजिक विश्वासका धमारीको सङ्कलन गरी परिशिष्टमा छुट्टाछुटै शीर्षक दिएर प्रयोग भएका ४२० जति कठिन शब्दको अर्थ पादटिप्पणीमा दिइएको छ । यो अध्ययन प्रस्तावित शोधकार्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभए पनि आंशिक रूपमा सम्बन्धित छ साथै परिशिष्टमा दिइएका धमारीमा प्रयुक्त बभ्फाङ्गी भाषिकाका शब्दहरूलाई यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ र त्यसबाट बभ्फाङ्गी शब्दभण्डारको कोशीय विवरण निर्माणमा सहयोग पुगेको छ ।

### १.४.३.४. गोकुल राज जोशी, 'बभ्फाङ्ग जिल्लाका प्रचलित गाउँखाने कथाको अध्ययन' अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०५९ ।

जोशीले बभ्फाङ्ग जिल्लालाई आधार मानेर सामग्री सङ्कलन गरेका छन् र सङ्कलित गाउँखाने कथाका सामग्रीलाई सामाजिक र साँस्कृतिक आधारमा विश्लेषण गरेका छन् । अध्ययनको क्षेत्र बभ्फाङ्ग जिल्ला भएपनि सामग्रीको सङ्कलन भने जिल्लाका सिमित

स्थानबाट मात्र गरेका छन् । परिशिष्टमा बभ्फाङ्गी गाउँखाने कथामा प्रयुक्त बभ्फाङ्गी भाषिकाका शब्दहरूको अर्थ मानक नेपालीमा दिएका छन् । यो अध्ययन प्रस्तावित शोधकार्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभए पनि आंशिक रूपमा सम्बन्धित छ साथै परिशिष्टमा दिइएका गाउँखाने कथामा प्रयुक्त बभ्फाङ्गी भाषिकाका शब्दलाई यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ र त्यसबाट बभ्फाङ्गी भाषिकाका शब्द भण्डारको कोशीय विवरण निर्माणमा सहयोग पुगेको छ ।

### १.४.३.५. हित राज जोशी, 'बभ्फाङ्गी संस्कृतिमा भुओगीतको अध्ययन' अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६१ ।

जोशीले बभ्फाङ्ग जिल्लालाई आधार मानेर सामग्री सङ्कलन गरेका छन् र सङ्कलित भुओगीतका सामग्रीलाई सामाजिक, साँस्कृतिक र पौराणिक आधारमा विश्लेषण गरेका छन् । अध्ययनको क्षेत्र बभ्फाङ्ग जिल्ला भएपनि सामग्रीको सङ्कलन भने जिल्लाका सिमित स्थानबाट मात्र गरेका छन् । परिशिष्ट एकमा बभ्फाङ्ग जिल्लाको नक्सा र परिशिष्ट दुईमा बभ्फाङ्गी भुओगीतमा प्रयुक्त बभ्फाङ्गी भाषिकाका शब्दहरूको अर्थ मानक नेपालीमा दिएका छन् । यो अध्ययन प्रस्तावित शोधकार्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभए पनि आंशिक रूपमा सम्बन्धित छ साथै परिशिष्टमा दिइएका भुओगीतमा प्रयुक्त बभ्फाङ्गी भाषिकाका शब्दलाई यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ र त्यसबाट बभ्फाङ्गी भाषिकाका शब्द भण्डारको कोशीय विवरण निर्माणमा सहयोग पुगेको छ ।

### १.४.३.६. विर्ख राज सोती, 'बभ्फाङ्गी मागलहरूको सङ्कलन र अध्ययन' अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६२ ।

सोतीले बभ्फाङ्ग जिल्लालाई आधार मानेर सामग्री सङ्कलन गरेका छन् र सङ्कलित मागलहरूका सामग्रीलाई धार्मिक, सामाजिक र साँस्कृतिक आधारमा विश्लेषण गरेका छन् । अध्ययनको क्षेत्र बभ्फाङ्ग जिल्ला भएपनि सामग्रीको सङ्कलन भने जिल्लाका सिमित स्थानबाट न्वारन, ब्रतवन्ध र विवाह समारोहलाईमात्र केन्द्र मानेर गरेका छन् । परिशिष्टमा बभ्फाङ्गी मागलमा प्रयुक्त बभ्फाङ्गी भाषिकाका शब्दहरूको अर्थ वणनुक्रम अनुसार मानक नेपालीमा दिएका छन् । यो अध्ययन प्रस्तावित शोधकार्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभए पनि आंशिक रूपमा सम्बन्धित छ साथै परिशिष्टमा दिइएका मागलमा प्रयुक्त बभ्फाङ्गी भाषिकाका शब्दलाई यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ र त्यसबाट बभ्फाङ्गी शब्द भण्डारको कोशीय विवरण निर्माणमा सहयोग पुगेको छ ।

### १.४.३.७. रमेश थापा, 'बाजुराली लोक कथाको अध्ययन' अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६४ ।

थापाले बाजुरा जिल्लालाई आधार मानेर सामग्री सङ्कलन गरेका छन् र सङ्कलित लोककथाका सामग्रीलाई सामाजिक र साँस्कृतिक आधारमा विश्लेषण गरेका छन् । अध्ययनको क्षेत्र समग्र बाजुरा जिल्ला भएपनि सामग्रीको सङ्कलन भने जिल्लाका सिमित स्थानबाट मात्र गरेका छन् ।  परिशिष्टमा बाजुराली कथामा प्रयुक्त बाजुराली भाषिकाका शब्दहरूको अर्थ मानक नेपालीमा दिएका छन् । यो भाषिका बझाङ्गी भाषिकासँग मिल्दोजुल्दो भएको हुनाले यो अध्ययन प्रस्तावित शोधकार्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभए पनि आंशिक रूपमा सम्बन्धित छ साथै परिशिष्टमा दिइएका बाजुराली लोककथामा प्रयुक्त बाजुराली भाषिकाका शब्दलाई यस अध्ययनमा सहयोगी सामग्रीका रूपमा प्रयोग गरिएको छ र त्यसबाट बझाङ्गी भाषिकाका शब्द भण्डारको कोशीय विवरण निर्माणमा सहयोग पुगेको छ ।

### १.४.३.८. धन गिरी, 'बझाङ्गी गाउँखाने कथाको अध्ययन' अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६५ ।

गिरीले बझाङ्ग जिल्लालाई आधार मानेर सामग्री सङ्कलन गरेका छन् र सङ्कलित गाउँखाने कथाका सामग्रीलाई सामाजिक र साँस्कृतिक आधारमा विश्लेषण गरेका छन् । अध्ययनको क्षेत्र बझाङ्ग जिल्ला भएपनि सामग्रीको सङ्कलन भने जिल्लाका सिमित स्थानबाट मात्र गरेका छन् । मूलपाठ परिशिष्टमा दिएर बझाङ्गी गाउँखाने कथाका शब्दहरूको अर्थ बझाङ्गी र मानक नेपालीमा दिएका छन् । यो अध्ययन प्रस्तावित शोधकार्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभए पनि आंशिक रूपमा सम्बन्धित छ साथै परिशिष्टमा दिइएका गाउँखाने कथामा प्रयुक्त बझाङ्गी भाषिकाका शब्दलाई यस अध्ययनमा सहयोगी सामग्रीका रूपमा प्रयोग गरिएको छ र त्यसबाट बझाङ्गी भाषिकाका शब्द भण्डारको कोशीय विवरण निर्माणमा सहयोग पुगेको छ

### १.४.३.९. विष्णु बहादुर दौल्याल, 'बझाङ्ग थली-नौविसमा प्रचलित मागलहरूको अध्ययन' अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६५ ।

दौल्यालले बझाङ्ग जिल्लालाई आधार मानेर सामग्री सङ्कलन गरेका छन् र सङ्कलित मागलहरूका  सामग्रीलाई धार्मिक, सामाजिक र साँस्कृतिक आधारमा विश्लेषण गरेका छन् । अध्ययनको क्षेत्र साघुरो भएपनि सामग्रीको सङ्कलन भने जिल्लाका विभिन्न स्थानबाट ईश्वर देवताको मागल, बाठपाला देवताकोमागल, महालिङ्ग देवताकोमागल, राजा गोपीचन्नको मागल, न्वारनको मागल, छैट तथा खैटीपूजाको मागल, अन्नप्रासनको मागल, चूडाकर्मका मागल, ब्रतवन्ध र विवाह समारोहका मागललाई केन्द्र मानेर गरेका छन्

अध्ययन क्षेत्र सानो भए पनि यसमा दश भिन्न भिन्न मागलको सङ्कलन गरिएको छ र तिनको मूल पाठ परिशिष्टमा दिई पाठमा प्रयोग भएका २७८ जति कठिन शब्दको अर्थ पादटीप्पणीमा दिइएको छ ।

यो अध्ययन प्रस्तुत शोध कार्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभए पनि धार्मिक एवम् साँस्कृतिक रूपमा प्रचलित शब्द र तिनको केही मात्रामा भएपनि अर्थ उल्लेख गरिएको हुदाँ यो अध्ययन सहयोगी हुनेछ । साथै परिशिष्टमा दिइएका मागललाई यस अध्ययनमा पनि प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ र त्यसबाट बझाडी शब्दभण्डारको कोशीय विवरण निर्माणमा सहयोग पुगेको छ ।

### १.४.३.१०. विष्णु बहादुर दहनी, 'बझाङ्ग जिल्लाका बाह्रमासे गीतको अध्ययन' अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०६५ ।

दहनीले बझाङ्ग जिल्लालाई आधार मानेर सामग्री सङ्कलन गरेका छन् र सङ्कलित बाह्रमासे गीतका सामग्रीलाई सामाजिक, साँस्कृतिक र मनोरञ्जनका आधारमा विश्लेषण गरेका छन् । अध्ययनको क्षेत्र बझाङ्ग जिल्ला भएपनि सामग्रीको सङ्कलन भने जिल्लाका सिमित स्थानबाट मात्र गरेका छन् । परिशिष्टमा बझाङ्गी बाह्रमासे गीतमा प्रयुक्त बझाङ्गी भाषिकाका शब्दहरूको अर्थ वर्णानुक्रम अनुसार मानक नेपालीमा दिएका छन् । यो अध्ययन प्रस्तावित शोधकार्यसँग प्रत्यक्ष रूपमा सम्बन्धित नभए पनि आंशिक रूपमा सम्बन्धित छ साथै परिशिष्टमा दिइएका बाह्रमासे गीतमा प्रयुक्त बझाङ्गी भाषिकाका शब्दलाई यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएको छ र त्यसबाट बझाङ्गी भाषिकाका शब्द भण्डारको कोशीय विवरण निर्माणमा सहयोग पुगेकोछ।

अतः यहाँ उल्लेख गरिएका सम्पूर्ण प्राप्त सामग्रीलाई तीन तहमा वर्गीकरण गरी अध्ययन गरिएको छ । एक किसिमका सामग्रीले बझाङ्गी भाषिकाको शब्दभण्डार बृद्धि गर्न सहयोग पुगको छ । दोस्रो किसिमका सामग्रीले बझाङ्गी भाषिकाको लोकसाहित्य वा साहित्यको अध्ययनबाट शब्द सङलन गर्न सहयोग पुग्नेछ भने तेस्रो किसिमका सामग्रीले बझाङ्गी भाषिकाको मुलरूपमा केन्द्रीत भई विविध जानकारीकमा लागि सहयोग पुग्नेछ ।। यी तीनै आधारमा प्राप्त सामग्रीको वर्गीकरण गरेर प्रस्तावित बझाङ्गी भाषिकाका शब्द भण्डारको अर्थतात्त्विक अध्ययन गर्न महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ । तर यसमा उल्लेख गरिएका कतिपय सामग्री त्यति उपयोगि न भए पनि जसरी एउटा घर बनाउन प्रमुख सामग्रीसँग गौण सामग्रीको आवश्यक परेझैँ यस प्रस्तावित शोधमा पनि उल्लेख गरिएका गौण सामग्री भएपनि आवश्यक अध्ययन अनुसन्धानका लागि सहयोगी नै हुने छन् । किनकी प्रस्तावित बझाङ्गी शब्दभण्डारको अर्थतात्त्विक अध्ययन आफैँमा नौलो भएको र यस विषयमा ठोस कार्य पनि नभएको हुनाले होला माथि उल्लेख गरी अध्ययन

गरिएका सामग्रीहरू यस प्रस्तावित शोध शीर्षकको सेरोफेरामा मात्र आएका छन् । तसर्थ थप सामग्री सङ्कलन क्षेत्रकार्यबाट गरिनेछ ।

## १.५ अध्ययनको औचित्य र उपयोगिता

'बझाङ्गी भाषिकाका शब्दभण्डारको अर्थतात्त्विक अध्ययन' नामक प्रस्तुत शोधकार्यले बझाङ्गी भाषिकाको अध्ययनका लागि आवश्यक सैद्धान्तिक आधार समेत तयार पारेको छ । त्यही आधारमा बझाङ्गी भाषिकाका शब्द भण्डारको अध्ययन गर्दा बझाङ्गी भाषिकामा प्रयुक्त शब्दहरू के कस्ता कोशीय एकाइगत संरचनामा रहेका छन् र अर्थगत तहमा समानार्थकता, विपरीतार्थकता, अनेकार्थकता र समावेशात्मकताको अवस्था के कस्तो रहेको छ त्यसको वर्णनात्मक विश्लेषण गर्ने काम प्रस्तावित शोधमा गरिएको छ ।

यसरी बझाङ्गी भाषिकाका शब्दभण्डारको अर्थतात्त्विक अध्ययन गर्नु आफैँमा महत्वपूर्ण त छँदैछ । त्यसका साथसाथै निर्मित सैद्धान्तिक मान्यताका आधारमा बझाङ्गी भाषिकाका शब्द भण्डारको अर्थतात्त्विक रूपमा अध्ययन विश्लेषण गरिएको छ । साथै बझाङ्गी भाषिकाका प्रयुक्त शब्दहरूको सङ्कलन गरी तिनलाई कोशीय एकाइका आधारमा परिशिष्टमा राख्ने कार्य पनि यस शोधकार्यमै गरिएको छ । आज सम्म बझाङ्गी भाषिकाका शब्द भण्डारको अर्थतात्त्विक अध्ययन नभएकाले त्यसको निश्चित आधार तयार गर्नु एव त्यसको प्रयोग पक्षलाई पनि एउटै शोधकार्य भित्र समेट्नुले यसका उपद्देयता समेत पुष्टि हुन गएको छ । बझाङ्गी भाषिकाका शब्दहरूको अर्थतत्त्व अन्तर्गत समानार्थक, विपरीतार्थक, अनेकार्थी र समावेशात्मक युक्त शब्दहरूको अध्ययन प्रायोगिक रूपमा यस शोधका माध्यमबाट भएकाले यो शोधकार्य अर्थतत्त्वका आधारमा पनि उपयोगी भएको छ । बझाङ्गी भाषिकाका शब्दभण्डारको अर्थतत्त्वको अध्ययन अर्थ र कोश विज्ञानका आधारमा गरिएको गुणात्मक प्रकृतिको यस शोधले बझाङ्गी भाषा, भाषी मात्र नभई नेपाली भाषा र साहित्यका भावी अध्येताहरूलाई पनि सघाउने भएकाले यस अध्ययनको औचित्य, उपयोगिता र महŒ्व स्पट भएको छ ।

## १.६ शोधको सीमाङ्कन

प्रस्तावित शोधकार्य 'बझाङ्गी भाषिकाका शब्दभण्डारको अर्थतात्त्विक अध्ययन'का लागि अर्थविज्ञान र कोशविज्ञानको सैद्धान्तिक आधार अँगालिएको छ । साथै अर्थतत्त्वको अध्ययनका विविध ढाँचाहरू मध्ये कोशीय एकाइगत संरचनाको आधार अबलम्वन गरी प्रस्तावित शोधकार्य गरिएको छ । यस शोधकार्यको अध्ययनका लागि सामग्रीको सङ्कलन गर्दा क्षेत्रकार्यलाई विशेष प्राथमिकता दिइएको छ । त्यसमा पनि मुख्यतया बझाङ्ग जिल्ला र आंशिक रूपमा बाजुरा, अछाम, डोटी, बैतडी र डडेल्धुरालाई छनौट गरिएको छ । त्यसका अतिरिक्त निजी र अन्य पुस्तकालयको पनि सहयोग लिइएका छ । बझाङ्गी भाषिका

शब्दभण्डारको अध्ययन नभएको अवस्थामा पनि यस अध्ययनमा त्यसको पूर्ति गर्ने कार्य गरिएको छ । साथै अर्थतात्त्विक अध्ययनका लागि बझाङ्गी भाषिकाका शब्दहरूलाई सङ्कलन गरी आवश्यक अर्थसम्बन्धहरू समानार्थकता, विपरीतार्थकता, अनेकार्थकता र समावेशात्मकताको आधारमा मात्र अध्ययन विश्लेषण गर्नु प्रस्तावित शोधकार्यको सीमा रहेको छ ।

## १.७ शोध विधि

### १.७.१ सामग्री सङ्कलन विधि

'बझाङ्गी भाषिकाका शब्दभण्डारको अर्थतात्त्विक अध्ययन' नामक प्रस्तावित शोध कार्यका लागि सामग्रीका रूपमा बझाङ्गी भाषिकामा प्रकाशित-अप्राशित पुस्तक, शोध ग्रन्थ तथा लेख रचना लगाएतका सामग्रीको आवश्यकता पर्छ । प्रस्तावित शोध कार्यका लागि आवश्यक पर्ने ती सम्पूर्ण सामग्रीको सङ्कलन शोधार्थीले विशेष गरी क्षेत्रकार्यबाट गरेको छ । त्यसका अतिरिक्त निजी पुस्तकालय र अन्य पुस्तकालयको सहयोगबाट पनि सामग्री सङ्कलन गरिएको छ । प्राप्त तथ्यहरूलाई वर्णनात्मक रूपमा विश्लेषण गरी निष्कर्षमा पुऱ्याइएको छ । यसको सैद्धान्तिक भाषिक सामग्रीको सङ्कलन अर्थविज्ञान र कोश विज्ञानका आधारमा गरिएको छ । बझाङ्गी भाषिकाका शब्दको अर्थतात्त्विक अध्ययनका लागि भने सर्वप्रथम शब्दहरूको सङ्कलन गरिएको छ । यस्ता सामग्री प्रायः भाषा विज्ञानको अर्थ र कोश विज्ञानका क्षेत्र भएका छन् तर आवश्यकता अनुसार लोक साहित्य र साहित्यका क्षेत्रसँग पनि सम्बद्ध भएका छन् । सिद्धान्त र प्रयोगका बीचमा अस्पष्टता रहे त्यसलाई स्पष्ट्याउन एवम् बझाङ्गी भाषिकामा प्रयुक्त शब्दलाई अर्थ सम्बन्धका आधारमा विशेष गरी समानार्थकता, विपरीतार्थकता, अनेकार्थकता र समावेशात्मकताको अध्ययन गर्दा वा पहिचान गर्ने कार्यमा जटिलता आएमा तुरुन्त पुनः सम्बन्धित क्षेत्रमा गएर सम्बद्ध व्यक्ति वा संघ-संस्था एवम् विषय विज्ञ विद्वान्सँग आवश्यक छलफल अन्तक्रिया गरेर निष्कर्षमा पुगिएको छ । यस सन्दर्भमा विशेष अन्तर्वाता-छलफल भएमा छन्  त्यसलाई आवश्यकतानुसार लेख्य रूपमा व्यवस्थित गरी शोधको परिशिष्ट भागमा राखिएको छ ।

### १.७.२ सामग्री विश्लेषण विधि

आवश्यक सामग्रीको सङ्कलन पश्चात् भाषा शास्त्रीय विभिन्न ग्रन्थ, लेख र क्षेत्रकार्यबाट प्राप्त गरिएका सामग्रीका आधारमा बझाङ्गी भाषिकाका शब्द भण्डारको अर्थ तात्त्विक अध्ययनको सैद्धान्तिक पर्याधार तय गरिनेछ । विशेषतः यस सन्दर्भमा बझाङ्गी भाषिकामा प्रयुक्त भाषिक शब्दहरूको कोश वैज्ञानिक र अर्थ वैज्ञानिक आधारमा अध्ययन विश्लेषण गरी अर्थ सम्बन्धका आधारमा अर्थगत स्वरूपलाई समानार्थकता, विपरीतार्थकता,

अनेकार्थकता र समावेशात्मकताका रूपमा पहिचान र वर्णन विश्लेषण गर्न अर्थविज्ञानका अतिरिक्त कोश विज्ञानको पनि आधार लिइनेछ ।

प्रस्तावित शोध कार्यमा भाषिक शब्द भण्डारको अध्ययन गर्दा त्यसका कोशीय एकाइको संरचनात्मक अध्ययन गरी अर्थतत्त्वको निर्धारण गरिनेछ । त्यसका लागि प्राप्त सङ्कलित सामग्रीको विश्लेषणको विधि वर्णनात्मक नै रहनेछ ।

प्राप्त प्रकाशित-अप्रकाशित सामग्रीबाट प्रस्तावित ' बझाङ्गी भाषिकाका शब्दभण्डारको अर्थतात्त्विक अध्ययन' शीर्षकलाई पूर्ण सघाउ नपुगे पनि आंशिक रूपमा सघाउ पुग्ने छ । सम्बन्ध मिल्ने यस्ता पूर्वकार्य गरिएका सामग्रीको काल क्रमिक विवरण यस प्रकार तल उल्लेख गरिएको छ : ती काल क्रमिक विवरणलाई पनि शब्द भण्डारको तहबाट प्राप्त सामग्री, लोक साहित्यबाट प्राप्त सामग्री र विभिन्न भाषा-भाषिकाबाट प्राप्त सामग्री गरी तीन तहमा वर्गीकरण गरे अध्यन विश्लेषण गरी उपयुक्त सामग्री सङ्कलन गरिनेछ ।

## १.८ शोध प्रबन्धको सङ्गठनात्मक स्वरूप

प्रस्तुत 'बझाङ्गी भाषिकाका शब्दभण्डारको अर्थ तात्विक अध्ययन' विषयक शोध प्रबन्धको सङ्गठनात्मक स्वरूप निम्नानुसार रहेको छ ।

### परिच्छेद एक : शोध परिचय

प्रस्तुत परिच्छेदको मूल शीर्षक शोध परिचय रहेको छ, यस परिच्छेदमा शोध प्रबन्धको शीर्षक परिचय, समस्या, उद्देश्य, पूर्व कार्यको समीक्षा, औचित्य, क्षेत्र, सीमा, शोध विधि र शोध प्रबन्धको रूपरेखाका बारेमा चर्चा गरिएको छ ।

### परिच्छेद दुई : सैद्धान्तिक अवधारणा

प्रस्तुत परिच्छेदको मूल शीर्षक 'सैद्धान्तिक अवधारणा' रहेको छ । यस परिच्छेदमा शोध कार्यका लागि सैद्धान्तिक आधार निर्माण गरिएको छ । यसमा अर्थ विज्ञान र कोश विज्ञानको सैद्धान्तिक परिचय दिई त्यसैका माध्यमबाट बझाङ्गी भाषिकाका शब्दहरूको अर्थ तात्विक अध्ययन गरिएको छ ।

### परिच्छेद तिन : बझाङ्गी भाषिकामा पाइने समानार्थक अर्थ सम्बन्धको विश्लेषण

प्रस्तुत परिच्छेदको मूल शीर्षक 'बझाङ्गी भाषिकामा पाइने समानार्थक अर्थ सम्बन्धको विश्लेषण' रहेको छ । यस खण्डमा समानार्थक शब्दहरूको कोश वैज्ञानिक आधारमा विश्लेषण गरिएको छ ।

**परिच्छेद चार : बभ्काङ्गी भाषिकामा पाइने अनेकार्थ अर्थ सम्बन्धको विश्लेषण**

प्रस्तुत परिच्छेदको मूल शीर्षक बभ्काङ्गी भाषिकामा पाइने अनेकार्थक अर्थ सम्बन्धको विश्लेषण रहेको छ । यस खण्डमा अनेकार्थक शब्दहरूको कोश वैज्ञानिक आधारमा विश्लेषण गरिएको छ ।

**परिच्छेद पाँच : बभ्काङ्गी भाषिकामा पाइने विपरीतार्थी अर्थ सम्बन्धको विश्लेषण**

प्रस्तुत परिच्छेदको मूल शीर्षक बभ्काङ्गी भाषिकामा पाइने अर्थ सम्बन्धको विश्लेषण रहेको छ । यस खण्डमा विपरीतार्थी शब्दहरूको कोश वैज्ञानिक आधारमा विश्लेषण गरिएको छ ।

**परिच्छेद छ : बभ्काङ्गी भाषिकामा पाइने समावेशात्मक अर्थ सम्बन्धको विश्लेषण**

प्रस्तुत परिच्छेदको मूल शीर्षक बभ्काङ्गी भाषिकामा पाइने समावेशात्मक अर्थ सम्बन्धको विश्लेषण रहेको छ । यस खण्डमा समावेशात्मक शब्दहरूको कोश वैज्ञानिक आधारमा विश्लेषण गरिएको छ ।

**परिच्छेद सातः उपसंहार र निष्कर्ष**

प्रस्तुत परिच्छेदको मूल शीर्षक उपसंहार र निष्कर्ष रहेको छ । यस खण्डमा सम्पूर्ण शोध प्रबन्धको सारांश र निष्कर्ष रहेको छ । यस खण्डमा सम्पूर्ण शोध प्रबन्धको प्राप्तिको उल्लेख गरिएको छ । त्यसैले प्रस्तुत अध्याय सम्पूर्ण अध्ययनको सारांश र अध्ययनको प्राप्ति निष्कर्षका रूपमा रहन गएको छ ।

**परिशिष्ट भाग**

प्रस्तुत शोध प्रबन्धको आन्तिम भागमा परिशिष्ट राखिएको छ । यो भाग पनि तिन खण्डमा विभाजित छ । यसको परिशिष्ट क मा क्षेत्रकार्यबाट सङ्कलित शब्दहरूको सूची र त्यसको कोशे विज्ञानका आधारमा अर्थ दिइएको छ । परिशिष्ट ख मा सामग्री सङ्कलन का क्रममा क्षेत्रकार्यमा खिचिएका तस्वीहरू राखिएका छन् । परिशिष्ट ग मा सामग्री सङ्कलनका क्रममा सहयोग गर्ने सहयोगी, सूचक र यसका बक्ताहरूको विवरण दिइएको छ ।

**सन्दर्भ सामग्री सूची**

# परिच्छेद दुई
# सैद्धान्तिक पर्याधार

## २. विषय प्रवेश

अर्थ विज्ञानले भाषामा प्रयुक्त कोशीय तथा व्याकरणिक एकाइको क्रमवद्ध र वैज्ञानिक अर्थ विश्लेषण गर्दछ । अन्य पक्ष भन्दा भिन्न भाषिक स्वरूप ठम्याउन उसले सैद्धान्तिक जानकारीलाई मजवुत बनाउन जरुरी हुन्छ, तवमात्र उसले सम्बधित भाषाको वर्णनात्मक वा संरचनात्मक  अर्थ प्रस्तुत गर्न सक्छ । यस्तो अर्थको खोजी गर्ने, विश्लेषण र व्याख्या गरी उपयुक्त, क्रमवद्ध एवं वैज्ञानिक निष्कर्ष दिने कुरा पूर्णतया प्रायोगिक हुन्छ । संरचनावादीहरू हरेक भाषाका आ आप्नै किसिमका संरचना हुने भयकाले कुनै खास एउटा शब्दलाई अरु शब्दबाट छुट्याएर अर्थ निर्धारण गर्न नसकिने दृष्टिकोण राख्दछन् । नेपाली भाषामा आमाकी आमालाई हजुरआमा,बज्यै,ज्यामै,आमै भन्दछन् भने बुबाकी आमालाई पनि त्यही सम्बोधन गर्दछन् तर मैथिलीमा आमाका बुबाआमालाई नानानानी र बुबाका आमाबुबालाई दादादादी भन्दछन् । यसै आधारलाई नै भाषागत संरचना भन्निछ । त्यस्तै अंग्रेजी Brother ले र हिन्दीमा भाइ शब्दले नेपालीमा दाजु भाइलाई जनाँउछ । यसै सन्र्दभमा बझागी भाषाका शब्दहरूको अध्ययन यस शोधमा गरिएको छ । भाषिक शब्दहरू परस्परमा सम्बन्धित हुने भएकाले ती शब्दहरूलाई एक अर्कासंग सम्बद्ध गराएर अध्ययन गर्नु पर्ने हुन्छ । अर्थ सम्बन्धले शब्दका अर्थलाई बुझाउँने हुँदा विभिन्न विचार धाराका कारण एउटै वस्तुका विविध नाम रहन्छन् । मानवीय उच्चारणका विभिन्न तहमा अर्थनै केन्द्रीय रूपमा रहेको हुन्छ । अर्थका निमित्त नै वक्ताले खास किसिमको भाषिक उच्चारणको प्रयोग गर्दछ । विना अर्थ र प्रयोजन कुनै पनि भाषिक उच्चारको प्रयोग हुदैन । खास प्रयोजनका निमित्त प्रयुक्त भाषिक उच्चारणका विभिन्न अर्थ सम्बन्धहरू मध्य यस शोध्य अनुसन्धानमा निम्नलिखित समानार्थक,अनेकार्थी,विपरितार्थी,समावेशात्मक अर्थ सम्बन्धको मात्र अध्ययन एवं विश्लेषण गरी बझागी भाषिकाकोशको अर्थतात्विक अध्ययन गरिएको छ । भाषामा एउटा तहका भाषिक एकाईहरू वीच विविध खालका अर्थतात्विक सम्बन्ध रहेको पाइन्छ । यहाँ शब्द र वाक्यका तहका आर्थी सम्बन्धको मात्र चर्चा गरिएको छ ।

कुनै पनि भाषाको शब्द भण्डार अर्थक्षेत्रहरूबाट संरचित भएको हुन्छ । नेपाली भाषाको शब्द भण्डार पनि विभिन्न अर्थ क्षेत्रहरूको संरचति व्यवस्था हो । यस अध्यायमा यस पक्षलाई प्रस्ष्ट पार्ने प्रयास गरिएको छ । यसनिम्ति यसको परिचय, सामान्य भूमिकाबारे प्रकाश पार्दै मानव मस्तिष्कको समझममा अर्थक्षेत्रको योगदान रहन्छ अर्थात् अर्थक्षेत्र जस्तै सङ्गगठन मस्तिष्कीय लेक्सिकनमा रहन्छ भन्ने प्रतिपादन गरिएको छ ।

अर्थक्षेत्रसँग मिल्दोजुल्दो प्रणाली भाषा चिन्तन र शब्दकोश निर्माणमा प्राचीन कालमा नै अपनायएको थियो तापनि अर्थक्षेत्र सम्बन्धी सैद्धान्तिक स्पष्टताको आरम्भ जर्मन भाषा चिन्तकहरूबाट भएको हो भन्दै ती विद्धान्हरूको मतलाई प्रस्ट पार्न उनीहरूकै उदाहरण र प्रणाली मार्फत प्रस्तुत गरिएको छ । यसो गर्दा अर्थक्षेत्रको सङ्गठनमा मुख्य दुई खम्बा रहेको र ती खम्बाहरूमध्ये शब्द चयनात्मक पक्षको नेतृत्व जे ट्रिएरले एवं वाक्य विन्यासात्मक पक्षको नेतृत्व पोर्जिगले गरेकोबारे प्रकाश पारिएको छ । यस धारणा वा विचारको स्रोतचाँहि स्वीस भाषा विज्ञानी फर्डिनाण्ड डि सोसुर हुन् र उनको संरचनावादी प्रणालीलाई भाषिक अर्थक्षेत्रमा लागु गर्ने काम यी दुई जर्मन भाषाविज्ञ र उनका सहयोगी र शिष्यहरूले गरेका हुन् भन्ने विषयमा प्रकाश पार्दै यी दुवै धाराले एउटै क्षेत्र सिद्धान्तका दुई फरक खम्बाको काम गरेका छन् भनी स्पष्ट्याइएको छ । अन्त्यमा, नेपाली शब्द भण्डारमा विद्यमान अर्थक्षेत्रलाई स्पष्ट पार्न केही उदाहरण पेस गरिएको छ ।

**अर्थ क्षेत्र**

अर्थदृष्टिले शब्द वा शब्द सरह काम गर्ने अभिव्यक्तिहरूको अर्थसमूहलाई अर्थक्षेत्र भनिन्छ । शब्दहरूको सङ्गठन मानव मस्तिष्कमा अर्थानुसार मिलेको हुन्छ । कुनै शब्दको उच्चारण वा श्रवण भएमा त्यसले सोहीसँग सम्बन्धित अरु शब्दलाई संझाउँछ । यस्ता शब्दको समूह सोही शब्दको क्षेत्र हो । वर्तमान युगका स्नायु मनोविज्ञ तथा अर्थ विज्ञानीहरूको धारणा छ यस्ता शब्द मस्तिष्कको देव्रे हेमिस्फेरको एक कुनामा एकै ठाउँमा रहन्छन् ।

**मस्तिष्कको स्मृति भण्डारमा अर्थ क्षेत्रको योगदान**

मानव मस्तिष्कमा सम्बन्धहरूको बृहत् सञ्जालको रुपमा शब्दहरूलाई सङ्गठित गरिएकोबारे मनोविज्ञानहरू, मानव मस्तिष्कको शरीर रचना शास्त्रीय अध्ययन गर्ने स्नायुशास्त्रीहरू आदिले लेखेका छन्, र उनीहरूले यसबारे यथेष्ट प्रमाणहरू पेस गरिसकेका छन् । वास्तवमा, क्षेत्र आधारित शब्दकोश स्मरणमा ताजा रहने तर अन्य प्रकारका वर्णानुक्रमिक शब्दकोशहरूको प्रविष्टि क्रम याद नरहने अवस्थामा मनोवैज्ञानिक प्रमाणहरू विद्यमान छन् । सिकाइ प्रक्रियाको अध्ययन गर्ने विद्धानहरूको मानवको मस्तिष्कमा अर्थक्षेत्र जस्तै प्रकारको अर्थ प्रधान सङ्गठन रहेकोबारे लेखेका छन् । यस सम्बन्धमा तल केही उद्धरणहरू प्रस्तुत छन् ।

इन्टरनेटमा एस आइ एल डट अर्ग डी डी पी पोलिशी टेम्प्लेट (२००७) मा यस्तो लेखिएको छ :

“वास्तविक प्रमाण छ, हामी हाम्रा मस्तिष्कमा सम्बन्धहरूको बृहद् सञ्जालको रुपमा शब्दहरूलाई सङ्गठित गर्दछौं ।......... शब्दहरू समूहमा झुण्डको व्यवहार देखाउने प्रवृत्तिका हुन्छन् । त्यस्ता समूह वा झुण्डलाई अर्थको प्रक्षेत्र भनिन्छ । यस्तो अर्थको प्रक्षेत्र निकट


सम्बन्ध युक्त शब्दहरूको समूहबाट बनेको हुन्छ । यी शब्द विभिन्न प्रकारले आबद्धतामा हुन्छन् । शब्दहरूका बीचको यस्तो सम्बन्धलाई कोशीय सम्बन्ध भनिन्छ ।"

मनोभाषा विज्ञानी फिलिप स्कोलफिल्ड (१९९३ एफ) भन्दछन् "वर्तमान मनोभाषा विज्ञानीहरूले मानसिक शब्दकोश (लेक्सिकन) लाई सडकको म्याप वा चित्र जस्तो ठान्दछन् जहाँ अनेक सहरहरू नजिक वा टाढा भएपनि एक अर्कामा जोडिएका रेखामा हुन्छन् ।"


पछिल्लो समयका मानव मस्तिष्कका अनुसन्धानकर्ताहरूले भाषाको क्षमताको मस्तिष्कीय ठेगाना पत्ता लगाएका छन् र उनीहरू अर्थक्षेत्रको पनि ठेगाना पत्ता लगाउन सकिनेमा विश्वस्त छन् । मुख्यतया स्नायुरोगविज्ञहरूले गरेका यस प्रकृतिका अध्ययनको जानकारी केही उद्धरहरू मार्फत प्रस्तुत छ । एक्माजिएन र अरु (२००१ : ५२७) "अध्ययनका निष्कर्षहरू सामान्य होइन; घाइते दिमागमा आधृत छन् ।"

सन् १८६१ मा फ्रान्सेली सर्जन र शरीर रचना शास्त्री पाल ब्रोकाले "सोसाइते दान्थ्रोपोलोजी" मा पत्र प्रस्तुत गर्दै दावा गरे कि मस्तिष्कको देब्रे गालार्द्धको अघिल्लो लोतीमा परेको घाउले मानिसको बोली क्षमतामा ह्रास गर्दछ । दाहिने पट्टिको क्षतिले यस्तो ह्रास नगर्नेबारे उनले १८६५ मा पुनः लेखे । (यस क्षेत्रलाई हिजो आज ब्रोका क्षेत्र वा इलाका भन्ने गरिन्छ) । तलको चित्रमा मस्तिष्कको देब्रे गोलार्द्धका मुख्य भागहरू चित्रित छन् ।

Language and the Brain




१८७४ मा जर्मन भौतिक शास्त्री कार्ल वेर्निखले दावा गरे कि ब्रोका क्षेत्रभन्दा बाहिर भएको क्षतिले पनि बोली क्षमता ह्रास गर्दछ । स्नायु विज्ञानीहरू (उदा. जे. वाडा १९५९ गेस्विन्ड एण्ड लेवित्स्की १९६८ वाडा, क्लार्क र हाम १९७५, विटल्सन र पाली १९७३ आदि) सर्व सम्मत रुपमा नै देब्रे गोलार्द्धमा रहेका स्नायुशास्त्रीय संरचनाहरूमा भाषा र बोली आधृत छन् भन्दछन् । (एक्माजिएन र अरु २००१ : ५२८-२९) मा यसको थप पुस्ट्याई गरिएको छ । तलको चित्रमा बोली तथा भाषा सम्बन्धी कार्य गर्ने प्राथमिक कोर्टिकल इलाका देखाइएको छ (पेनफिल्ड र रोबर्टस १९५९ पछि) ।




पेनफिल्ड र रोबर्टसले बोलीमा सक्रिय हुने मस्तिष्कीय क्षेत्रमा विद्युतीय झटका प्रवाह गरी अनुसन्धान गर्दा दुईमध्ये एक परिणाम आउने कुरा थाहा पाए ।

क. विरामीले स्वर जस्तो चिच्याहट उत्पादन गर्दछ ।

ख. बोल्ने अपठ्यारो हुन्छ ।


यस्तो विद्युतीय धाराको प्रयोगको परिणामले कुनै बोध्य वा स्पष्ट शब्दको उच्चारण हुन सकेन । उनीहरूले मस्तिष्कीय शल्य चिकित्सा क्रममा सचेत रहेका सयौं संख्याका उत्साही विरामीहरूको सहयोगमा बोलीका लागि जिम्मेवार रहेको देव्रे गोलार्द्धका तीन क्षेत्र बढी जिम्मेवार छन् भनी थाहा पाए । ती तीन क्षेत्र हुन् -

क. ब्रोका इलाका (अघिल्लो तल्लो लोती वा इन्फेरिएर फ्रोन्टल लोब)

ख. बेर्निख इलाका लगायत पछिल्लो टेम्पोरल पेरिटल इलाका

ग. अतिरिक्त गतिक्षेत्र (Supplemented motor area)

एक्माजिएन र अरु (२००१ : ५३०) मा ग. लाई दाहिने र देव्रे गोर्लार्द्धमा रहेको देखाइएको छ) । तलको चित्रमा केन्द्रीय स्नायु प्रणालीको तहीय व्यवस्थाबारे जनाइएको छ ।



Hierarchical arrangement of the central nervous system

भाषाको कुन संरचना मस्तिष्कको कुन क्षेत्रमा रहन्छ भन्ने बारे अद्यापि स्पष्ट हुन सकिएको छैन । प्रख्यात स्नायु रचनाविज्ञ सोल (१९५६) लेख्छन्- कोर्टेक्समा न्युरोनका फिल्डहरू खामिएका हुन्छन् जहाँ एउटा एक्सोनले अरु ४०० न्युरोनसम्मलाई प्रभावित पार्दछ । (एक्माजिएन र अरु २००१ : ५३२) । अनुसन्धानकर्ताहरूले दिमागी क्षेत्र रहेको देब्रे टेम्पोरल लोब दाहिने पटिको त्यस्तै क्षेत्रभन्दा ६५ प्रतिशत ठूलो छ भन्ने प्रतिवेदन दिएका छन् (विप्लसन र पाली १९७३, वाडा, क्लार्क र हाम १९७५) एक्माजिएन र अरु २००१ : ५३१ । रहेका छन् भन्ने कुराको प्रमाणिकता पेश गरेका छन् ।

## २.१ अर्थको स्वरुप र क्षेत्र

**अर्थ सम्बन्ध आधारको मूल्याङ्कन** वा परीक्षा गर्न आवश्यक छ । यसनिम्ति नेबृश २०४० को 'क' बाट आरम्भित सबै प्रविष्टिहरूलाई यहाँ प्रतिपादित अर्थ सम्बन्धपरक नियम वा ढाँचाहरूमा पुनर्लेखन गर्दा यी पद्धति र निष्कर्षहरू प्रायशः सबैमा लागु भएको पाइयो । यसको परीक्षणनिम्ति नेबृशको 'क' बाट आरम्भित प्रविष्टिहरूमध्ये वर्णानुक्रममा "कँ, क, का, कि, की, कु, कू, के, कै, को, कौ" बाट आरम्भित सो कोशमा सो क्रममा सर्वप्रथम राखिएका ४/४ वटा नामिक पदहरूको वर्णनको प्रतिवेदन गरिएको छ । यस उपायबाट अर्थ सम्बन्ध सम्बन्धी यहाँ प्रयुक्त सिद्धान्त र विधिहरू समग्र शब्द भण्डार उपर सही रुपमा लागु हुन्छन् वा हुँदैनन् भनी एक अंशमा परीक्षण गरिएको हो । पेस गरिएको शब्द भण्डारको यस अंश शब्दको छनोट वर्णानुक्रम कोशबाट गरिएको तथा तिनको अर्थवर्ग एकापसमा प्रायः असम्बन्धित रहेको हुनाले यस प्रयोजनमा यिनले Random Sampling को चरित्र देखाउँछन् ।

### प्रविशिष्ट, तिनको अर्थ र अर्थ सम्बन्धहरूको निक्यौंल

**कँचिया** राम्ररी नपाकेको, काँचो बाँकी रहेको (रुख, दाउरा आदि) पं. काँचो, नपोकेको, नसुकेको, आलोकाँचो, । समा, वनस्पत्रि वर्ग (फल तथा तरकारी उपवर्ग) ।

**कँडाली** फूल तरकारी आदि बोक्ने उभिन्डो भएको धातु वा चोया निर्मित भाँडो, साधन । प. फूल टिप्ने भाँडो, समा. तथा प्रकारकर्ता - भाँडा वर्ग, घरायसी समान । विप. उभिन्डो नभएका भाँडाहरू ।

**कँडेल१** नेपालीहरूको एक थर । नेपालीहरूको एक उपसमूह । विप. नेपालीका अन्य थर उदा. कोइराला, भण्डारी आदि । समा तथा प्रकारकर्ता- नेपालीको थरवर्ग ।

**कँडेल२** फूलको एक प्रकार । काँडे चमेली नामको एक बास्नादार फूल । प. काँडे चमेली । विप. पारिजात, गुलाब आदि अन्य फूल । समा. तथा प्रकारकर्ता - फूल, (बास्नादार फूल उपवर्ग ।) टि. यसका कँडेल१ र कँडेल२ बीच नानार्थक सम्बन्ध छ ।

**कँधेउली** काँधमा राखिने घोचो, जसका दुवै पट्टि झुन्ड्याएर भारी बोकिन्छ । प. कँधेरी, कँधेली, भार, कामरु । विप. डोको, थुन्से, ढाकर आदि । समा. तथा प्रकारकर्ता मानिसले भारी बोक्ने साधन ।

**ककनी१** गहना, आभूषण; साधारण खालको गहना; समा. तथा प्रकारकर्ता - गहना वर्ग ।

**ककनी२** १. पानीको धारो, ओसिलो ठाउँ; २. कुनै पनि ओसिलो र धारो भएको ठाउँ; ३. नेपालको विभिन्न जिल्लामा यही नामाके ठाउँ; प. आर्द्र, शीतल (ठाउँ, पानीको धारो) विप. सुख्खा, सुकौरा ठाउ; टि. यसका १, २ र ३ मा अनेकार्थक सम्बन्ध छ भने ककनी १ र ककनी २ का बीचमा नानार्थक ।

**ककनु** साधारण गहना; प. चुरो, बाला; स्त्रीको नाडीमा लगाउने भूषण; समा. र प्रकारकर्ता- गहना, भूषण ।

**कका** चङ्गाको कप्टेराको सिरानदेखि पुछारसम्म बाँधिएको डोरी, उभिन्डो । अङ्गी र समा. - चङ्गा; प्रकारकर्ता- डोरी । विप. लट्टाइ ।

**ककुद** १. साँढेको जुरा; २. पहाडको टुप्पो । समा साँढे ; अङ्गी जुरो ।

**ककुभ१** अर्जुन वृक्ष; प. काउलो ; समा. र प्रकारकर्ता- वृक्ष, ठूलो रुख ।

**ककुभ२** वीणाको घुमेको दण्ड; समा. र अङ्गी- वीणा ।

टि. ककुभ१ र ककुभ२ का बीच नानार्थक सम्बन्ध छ ।

**काइते** लेखनदासको काम गर्ने वैश्य जाति; प. कायस्थ; विप. अन्य जाति । प्रकारकारी- कायस्थ, दास, प्रसाद, लाभ आदि थरहरू ।

**काइदा** कुनै काम गर्ने विधि; प. रीति, तरिका, यियम, कायदा । विप. बेकाइदा, अनरीत ।

**काइना** ससाना भर्खरै पलाएका पात र टुसा; पं. चिउला, टुसा, पिपिरा । समा. बोट विरुवा । विप. छिप्पिएका वा बूढा पात ।

**काई १.** सिमसार वा रुखमा उम्रने झ्याउ जस्तो पातलो तह, लेउ; २. दाँत वा गिजामा लाग्ने केही गन्हाउने मसिनो लेउ; ३. विरामी पर्दा पैताला, नङ, आदिमा देखापर्ने कालो मयल; ४. ढुङ्गा माटो आदिमा जम्ने मयल वा लेउ; प. लेउ, मयल, कस । प्रकारकर्ता- मयल । विप. ढुसी? । यसका १,२, ३ र ४ मा अनेकार्थक सम्बनध छ ।

**काउकुती** शरीरका खास अङ्गमा छुँदा लाग्ने भस्को ; प. कुत्कुती, झस्को, काउबुडी, गुदगुदी । विप. मरेको, चाम्रो, काउकुती नलाग्ने; समा. र प्रकारकर्ता- स्पर्श ।

**किङ्किणी** १. घुङ्घुरुदार गहना; २. कम्मरपेटी; प. चाँप, घँगरु वा घँगला । विप. अन्य बाजा । समा. तथा प्रकारकर्ता- बाद्य, आभूषण । यिनका १ र २ मा अनेकार्थ सम्बन्ध छ ।

**किचकन्नी** लोकविश्वास अनुसार पैताला पछाडिपट्टि फर्किएको र ढाडमा हाड टल्कने ठानिएको स्त्री प्रेत । अगतिमा परेका स्त्रीको आत्मा । प. त्री प्रेत । विप. पुरुष प्रेत समा. प्रकारकर्ता- प्रेत, आत्मा ।

**किञ्चित्** कुनै वस्तु वा परिमाणको अल्प वा सानो अंश । प. थोरै, भाग, टुक्रा, खण्ड, अवयव, केही, कुनै ईषत्, मनाक्, अल्प । विप. पूरा, पूर्ण, सबै, जम्मै सम्पूर्ण ।

**किताब** प्राचीन समयमा भए लेखिएका र वर्तमान समयमा भए मुद्रण गरिएका पत्रैपत्र कागजलाई मिल्दाबल्दी गरी बनाइएको एक बौद्धिक वस्तु । प. ग्रन्थ, पुस्तक, ठूलो वर्णमाला, ठ्यासफु, पोथी ।

**कित्ता** कुनै एकाइको तोकिएको एक अंश वा श्रेणी । प. अंश, भाग, खण्ड, टुक्रा, तह, श्रेणी, किञ्चित् । विप. पूर्ण, सम्पूर्ण, सबै परिमाण, एकाइ, सिङ्गो, जम्मा, जम्माजम्मी, टाकटुक ।

**कीचक१** महाभारतको एक पात्र । विराट राजाको सालो, सेनापति । प. विप. भीमसेन । समा. पौराणिक पात्र ।

**कीचक२** १. खोक्रो बाँस; २. हावा जोडले चल्दा आवाज निकाल्ने बाँस र बाँसको झ्याङ । समा बाँस वर्ग, वनस्पति । यिनमा १ र २ का बीच अनेकार्थक सम्बन्ध छ ।

**कीट१** धातु खार्दा निस्किएको कस वा मयल । प. कसर, किट्ट ।

**कीट२** ढाढ नहुने मसिनो जीव । प. कृमि, किरा । समा. हाड रहित प्राणी वर्ग ।

यिनमा कीट१ र कीट२ का बीच अनेकार्थ सम्बन्ध छ ।

**कीर्ण** कुनै वस्तुमा एकाइहरू यताउता फ्याँकिएको वा छरिएको अवस्था । प. विकीर्ण, फ्याँकिएको, छरिएको, छरपस्ट । विप. सजाएको, सुसङ्गठित, व्यवस्थित, एकत्रित, सजाएको ।

**कीर्तन** १. अरुका गुण यश आदि राम्रो कामको वर्णन, राम्रो गरे भनी फैलाउनु । २. गाउँदै बजाउँदै, नाच्दै वा बसेर एक्लै वा समूहमा रहेर देवताको स्तुति, भजन गर्नु । प. भजन, स्तृति, प्रशंसा, गुणवर्णन, गुणानुवर्णन, अतिशय प्रशंसा । विप. निन्दा, तिरस्कार, हेला, तुच्छ वचन, गाली अपशब्द । समा. राम्रो कथन, शब्दविद्या ।

**कुइनेटो** १. कुनो, कोण परेको वा बाङ्गो भएको ठाउँ । डाँडाको फेदीदेखि उचालिँदै बाङ्गिदै डाँडामाथि पुगेको ठाउँ । २. नदीको बेग पहाड वा पत्थरमा ठोकिई पानी घुमेको वा बाङ्गो भएको ठाउँ । प. नेटो, पहाडको कोण ।

**कुइरे** १. कुहिरा जस्तो वा कैलो आँखा हुने । २. कुहिरा जस्तो आँखा हुने पाश्चात्य देशको निवासी, मुख्यतया अङ्ग्रेज । प. कुहिरा आँखे, बिरालाआँखे, फिरिङ्गी । विप. अन्य सबै । समा. मानिस वर्ग ।

**कुइरो** वायुमा मिलेको सूक्ष्म जल कणको समूह जो सेतो पर्दा जस्तो लाग्दछ । प. हुस्सु, कुहिरो । समा. तथा प्रकारकर्ता-जल (का रुप)

**कुकुर** ब्वाँसो, स्याल, फ्याउरो जस्तै श्वान वर्गको चारखुट्टे जनावर जसलाई मानिसले घरमा पाल्छन् । प. श्वान, कुत्ता, सारमेय, खिचा । समा. तथा प्रकारकर्ता जनावर (घर पालुवा उपवर्ग) र (श्वान उपवर्ग) ।

**कूची** १. सानो कुचो जस्तो रङ भर्ने कलम । २. धान र सखरको डल्लो परालले बेरेर बनाइने हातीको दाना । विप. कलम, होल्डर । समा. तथा प्रकारकर्ता - औजार ( कलाकारको औचार उपवर्ग) यो लघु वाचक शब्द हो 'कूचो' को ।

**कूचो** धूलो कसिङ्गर आदि बढार्ने बाबियो, अम्रिसो वा परालले बनाएको मुठो । प. ठूलो कूची, विप. झाडु, भ्याकुम पम्प । समा. तथा प्रकारकर्ता घरेलु सामान ।

**कूजन/कूजित** १. पक्षीहरूको आवाज, कलरव । २. गुञ्जेको ध्वनि, बोलिएको ध्वनित भएको कुरा । प. गुञ्जित, गुञ्जन, कलरव । विप. विशब्द, शान्त, मौन । समा. तथा प्रकारकर्ता-ध्वनि, (पक्षीको आवाज उपवर्ग)

**कूट१** १. रहस्यपूर्ण कुरा, २. उत्तर कठिन भएको प्रश्न ३. पहेली, प्रहेलिका । ४. माया, छल, कपट ५. झूटो बोल्ने, मिथ्यावादी ६. कपट भरिएको वा नभरिएको चतुरतापूर्ण विद्या । यी १, २, ३, ४, ५ र ६ मा अनेकार्थक सम्बन्ध छ ।

**कूट२** थुप्रो, राश, कुखुराको लिहीको राश ।

**कूट३** १. पर्वतको शिखर टाकुरो । २. दुर्गम ठाउँ ।

**कूट४** निश्चल, अडिलो दह्रो ।

टि. यी कूट१ कूट२ कूट३ कूट४ मा नानार्थक सम्बन्ध छ ।

**केटी १.** कम उमेरकी स्त्री । २. विवाह गर्ने उमेरकी महिला । प. युवति, ठिटी, लडकी । विप. केटो । समा. मानव (उमेर समूह) ।

**केटो१** कम उमेरको पुरुष । विवाह गर्ने उमेर भएको नर मानव । प. युवक, जवान, लडका । विप केटी समा मानव (उमेर समूह)

**केटो२** गैंडाको बच्चो । गैंडाको कम उमेरको भाले । समा. गैडा (जनावर) ।

**केतकी** लामा साँप्ला जस्ता तीखा चिल्ला पात हुने डाँठ र पातमा काँडामा लाग्ने डाँट र पातबाट वरका जस्ता जरा निस्कने घोगो परेको सुगन्धी सेतो फूल फूल्ने उक जातको झाङ । प. केत्तुके, कवडा । विप अन्य झाङ । समा वनस्पति, झार वर्ग ।

**केतन** १. घर भवन, ठाउँ थान । २. ध्वजा झन्डा । प. गृह, स्थल । समा. घर, आश्रम । यहाँका १ र २ मा अनेकार्थक सम्बन्ध छ ।

**कैंची** तलमाथिका पातका धारले कपडा कागत आदि काट्ने औजार । २. दुई वटा काठ फग्लेंटा आदिलाई फट्टाएर तल माथि पारी जोड्न मिलाउन बनाइएको चेपुवा वा साधन । प. कतर्नु, कर्तरी । समा. घरायसी सामान, (घरेलु औजार उपवर्ग) ।

**कैंडा** धेरै हिड्दा शरीरको थकाइ र नसाको तन्काइले पिंडौला वा तिघ्रामा पर्ने सुम्लो । समा थकाइ, बढी कार्य ।

**कैंडो** फर्सी, कुभिन्डो आदिको नछिप्पिएको फल । प. गट्टो, कलिलो फर्सी वा कुभिन्डो । समा फर्सी आदि कद्दु वर्ग ।

**कैकेयी** रामायण कथाकी एक पात्र जो केकय राजकी छोरी थिइन्, दशरथ राजाकी महारानीको रुपमा रामलाई वनवास पठाउन बाध्य पारिन् । २. डाही, द्वेषी, दुष्टा । प. केकय राजकुमारी, भरत माता । समा पौराणिक पात्र ।

**कोइराला** नेपालीहरूको एक थर । नेपालीको एक उपसमूह जनाउने शब्द । विप. अन्य थर ।

**कोइरालो१** एकै भेट्नामा दुईवटा टुप्पा भएको पात हुने रातो वा सेतो फूल फूल्ने र लामा कोसा फल्ने एक वृक्ष जसको फूलको अचार वा तरकारी खाइन्छ । प. कोविदार । समा. र प्रकारकर्ता - वृक्ष ।

**कोइरालो२** रातोरातो र खैरो रङ्गको बिरालाको जातको सानो जङ्गली जन्तु । समा. र प्रकारकर्ता-जङ्गली जन्तु ।

**कोइरालो३** बिरालालाई खाने हुच्चिल जस्तो ठूलो चरो । समा् र प्रकारकर्ता पक्षी, (ठूलो पक्षी उपवर्ग)

यी कोइरालो१ कोइरालो२ र कोइरालो३ का बीचमा नानार्थक सम्बन्ध छ ।

**कोइला** १. खैरो वा कालो रङ्गको कार्बनिक पदार्थ जो बल्दछ । २. अँगार, गोल । प. अँगार, गोल पत्थर कोइला । विप. अन्य इन्धन दाउरा, तेल आदि । समा. र प्रकारकर्ता-खनिज इन्धन । यी १ र २ का बीच अनेकार्थक सम्बन्ध छ ।

**कोइली** काग जस्तो चिल्लो, कालो पुच्छर लामो हुने, वसन्त ऋतुमा ठूलो रुखको हाँगामा बसेर सुरिलो स्वरले 'काहो कोहो ?' आवाज गर्ने चरो । प. कोकिल । विप. मैना, सुगा आदि । समा. र प्रकारकर्ता-पक्षी वर्ग (सुरिलो स्वर उपवर्ग) ।

**कौ** पलामको काम गर्ने नेवारभित्रको एक उपजाति । प. कामी, विश्वकर्मा, लोहार । विप. अन्य जाति । समा. र प्रकारकर्ता- नेपाली समाज (नेवार उपवर्ग) ।

**कौच** बीचमा लचकदार स्प्रिङ राखी त्यसमाथि जटा, रुवा भुवा आदिले थिचेर राम्रो कपडाले छोपेर बनाइएको गद्दीदार मेच । प. सोफा, सोफासेट । विप. कुर्सी, मेच, वेन्च आदि । समा. र प्रकारकर्ता - घरेलु सामान (फर्निचर उपवर्ग) ।

**कौडिन्य** नेपाली लगायत हिन्दूहरूको एक गोत्र । २. यही नामका गोत्र प्रवर्तक एक ऋषि, उनी पराशर तथा कौडिनीबाट जन्मेका थिए । प. कौडिनी पुत्र, पराशर्य, । समा. ऋषि । यी १ र २ का बीच अनेकार्थक सम्बन्ध छ ।

**कौडी १**. सानो खालको कौडो । २. थोरै मूल्यको मुद्रा वा पैसाभन्दा सानो एकाइ । ३. घुँगी जस्तो पानीदार सेतो, सिपी वा शङ्ख जातको, एकापट्टि दाँती लहर हुने हाडको ढकनी भएको दानो वा शङ्ख । ४. जुवा खेल्दा हानिने गेडा । प. गेडो, दानो, जुवाको गोटी ।

यी १, २, ३, र ४ मा अनेकार्थक सम्बन्ध छ भने कौडी शब्द कौडो शब्दको लघु वाचक हो ।

## २.१.१. अर्थको स्वरूप

परम्परागत व्याकरणमा अर्थलाई वस्तुको नामकरणका रूपमा चिनाउने गरिएको पाइन्छ । लियोन्स (.. : ४०५) का अनुसार शब्द भनेको एक सङ्केत हो । यसका दुई भाग हुन्छन्– आकार र अर्थ । मधयकालीन वैयाकरणहरूले पनि कुनै पनि शबदको आकारले भाषा बोल्नेहरूको मनमा सहचारी सम्प्रत्ययका कारण वस्तुलार्य सङ्केतित गर्दछ र सम्प्रत्यय नै शबदद्वारा सङ्केतति अर्थ हुन्छ भन्ने धारणा व्यक्त गरेको पाइनछ । आधुनिक भाषाशास्त्रीहरू निर्देश समबनधलार्य प्रतीकात्मक त्रिकोणका आधारमा स्पस्ट्याउँछन् । अर्थात् शबद सङ्केत वा आकृति हो त्यसले बुझाउने वास्तविक वस्तु सङ्केतित वा निर्दिष्ट हो । यी दुव्ई का बिचमा प्रत्यक्ष समबन्ध हुँदैन । यो समबन्ध सहचारी समप्रत्यय वा अर्थका माध्यमले स्थापित हुनछ । फलतः अर्थको स्वरूप सम्प्रत्ययका रूपमा विद्यमान हुन्छ ।

अर्थलाई सम्प्रत्यय मान्नु भनेको अर्थ निर्धारणका निमित अन्तःनिरीक्षणमा जोड दिनु हो । यसैले आधुनिक भाषा शास्त्रीहरू अर्थको संप्रत्ययपरक परिभाषासँग सन्तुष्ट देखिँदैनन् । लियोन्स (.. : ४१०) हासको सन्दर्भ दिँदै लेख्छन्– कुनै पनि अनुभुतिगम्य विज्ञान अन्तर्मनको निरीषणबाट प्राप्त पनष्कर्षमा सन्तुष्ट रहन सकतैनन् । फलतः भाषा शास्त्री ब्लुमफिल्ड (...) अर्थलाई यान्त्रिक पद्धतिमा परिभाषित गर्दै लेख्छन्– 'शब्दको अर्थ भनेको निर्देशयको पूर्ण वैज्ञानिक विवरण हो ।' भाषाले भौतिक रूपमा अस्तिŒवान् वस्तुलाई मात्र मात्र निर्देशति गर्दैन, मानसिक रपमा अस्तिŒवान् वस्तलायृ पनि सङ्केति गर्दछ । फलतः अर्थको अरिभाषा गर्दा 'निर्देश्यको पूर्ण विवरण' मात्र पर्याप्त देखिँदैन । यसैले लियोन्स (..: ४१०) लेख्छन्– 'भाषाविदुहरूका लागि मामनस वाद र यानित्रकता वादको विचको स्थिति अवलम्बन गर्नु बुद्धिमनी हुनछ । किनभने दुबैमा सङ्गत पनि छ र यसले दुबैलाई अन्तर्हित पनि गर्दैन ।'

यसैले अर्थको पहिचान विभिन्न आधारमा गर्न सकिन्छ । लियोन्स (.. : ४११) का अनुसार यसता आधार निम्न लिखित छन–

(क) अर्थको स्पष्टीकरण अनुवादका रूपमा दिन सकिन्छ ।

(ख) अर्थको स्पष्टीकरण वस्तुको निदर्शनबाट दिन सकिन्छ ।

(ग) अर्थको स्पष्टीकरण पर्यायवाची शब्दद्वारा दिन सकिन्छ ।

(घ) अर्थको स्पष्टीकरण सन्दर्भका आधारमा दिन सकिनछ ।

(ङ) अर्थको स्पष्टीकरणमा भन्दा प्रयोगमा ध्यान दिनु उचित हुन्छ ।

## २.१.२. कोशीय एकाइको निर्देश सम्बन्ध र आशय सम्बन्ध

निर्देश भनेको शब्द र त्यसबाट निर्देशत हुने वस्तु, घटना, क्रिया र गुणकाको सम्बन्ध हो । यस्तो समबन्ध भावना प्राकृतिक जगतमा विद्यमान वस्तुत वा क्रियाको अर्थ निर्धारणमा निकै उपयोगी मानिन्छ । निश्चय नै निर्देश सम्बन्धका आधारमा मात्र शबद भण्डारका सबै शब्दको अर्थ निर्धारण समभव हुँदैन तर कुनै पनि भाषाको शब्द भण्डारमा कतिपय शब्द भौतिक जगत्सँग अनुकारी सम्बन्ध राख्न समर्थ देखिन्छन् । लियोन्स (... : ४२६) का अनुसार निर्देश भित्र अस्तिŒव वा वास्तविकताको प्राककल्पना अन्तर्निहित हुन्छ । तर शबद भणरमा पइने कतिपय शब्दले भौतिक रूपमा अस्तिŒमा नरहेको वस्तुलाई पनि निर्देश गरि रहेका हुनछन् । यसैले सबै शबदको अर्थ निर्धारण निर्दे सम्बनधका आधारमा मात्र गर्न सकिँदैन ।

आशय सम्बन्ध भनेको निर्देश सम्बनध भन्दा भिन्न धारणा हो । लियोन्स (..: ४२८) का अनुसार आशय सम्बन्ध भनेको कुनै पनि समबन्ध प्रणालीमा त्यस शबदले बनाउने स्थान

हो । यस्तो सम्बन्ध अरू शबदसँगको समबन्धबाट निमाृण हुनछ । यसैले आशय समबनधलाई शबद भण्डारका अन्य शबदका सापेक्षतामा मात्र वयाख्या गनृ सकिन्छ । अर्थात् 'कालो' शबदको आशय त्यति मात्र हो जहाँबाट 'सेतो' सुरु हुँदैन । यसैले आशय समबन्धले भाषाभन्दा बाहिरको भौतिक वस्तु जगत्सँगको सम्बन्धमा भन्दा शबद भण्डारभित्रकै समबन्धमा जोड दिन्छ । यसले कुनै पनि दुई शब्द पूर्ण समानार्थक हुन् या होइनन् भन्ने निर्धारणका निमित ती दुइृ शब्दले एकै वस्तुलाई सङ्केत गर्दछन् या गर्दैनन् भन्ने कुरा मात्र नहेरी ती दुई शब्दमा समान सम्बन्ध भावना विद्यमान छ या छैन भन्ने कुरा पनि महŒवपूर्ण हुन्छ ।

## २.२.३. कोशीय अर्थ र ब्याकरणिक अर्थ

## २.२.४. कोशीय एकाइको सङ्कलन र ब्यवस्थापन

शब्द भण्डार भनेको शब्द कोशको प्रारम्भिक स्वरूप हो । यसको निर्माणमा पनि शब्द कोश निर्माणकै प्रक्रिया अवलम्बन गरिएको हुन्छ । बझाङी नेपाली अहिलेसम्म कोश निर्माण कार्य व्यवस्थित भइ नसकेको हुँदा प्रस्तुत अध्ययनमा पनि प्रथमतः कोशीय शब्द भण्डार निर्माण गरिएको छ अनि त्यसपछि मात्र शब्द भण्डारमा विद्यमान अर्थ सम्बन्धको विश्लेषण गरिएको छ । यो कार्य कोश विज्ञानका सैद्धान्तिक आधारहरू अवलम्बन गरी समपन्न गरिएको छ ।

### २.२.४.१. कोशको अर्थ र अभिप्राय, कोश विज्ञान र कोश निर्माण विज्ञान

'कोश/कोष' शब्द बहुअर्थक छ ता पनि यसले मुख्यतः दुई अर्थ प्रदान गर्दछ– १. रुपियाँ, पैसा आदिको भण्डार, २. शब्दहरूको भण्डार । नेपालीमा पहिलो अर्थका निम्ति 'कोष' शब्द र दोस्रो अर्थका लागि 'कोश' शब्द प्रयोगमा बढी आउँछन् । यसैले शब्दहरूको भण्डार गरिएको ग्रन्थलाई शब्दकोश भन्ने परम्परा नेपालीमा पाइन्छ । 'कोश' शब्द मात्रले पनि शब्दकोशलाई नै जनाउँछ । यस अर्थमा शब्दावली, शब्दसूची, शब्द भण्डार जस्ता शब्द पनि यदाकदा प्रयोगमा आउँछन् । 'कोश' लाई अङ्ग्रेजीमा डिक्सनरी भनिन्छ । यसको अर्थ शब्दहरूको भण्डार हो ।

शब्दकोशलाई **इन्साइक्लोपिडिया ब्रिटानिका** (...) मा 'उही वा अन्य भाषामा अर्थ दिइएको कुनै भाषाका शब्दहरूको सूची' भनी अर्थ्याइएको पाइन्छ भने नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित **बृहत् नेपाली शब्दकोश** (...) मा यसलाई 'कुनै निश्चित क्रम नियममा तथा वर्ण व्यवस्था अनुसार शब्द भेला पारी प्रत्येक शब्दको अर्थ लेखिएको ग्रन्थ' भनी परिभाषित गरिएको छ । यी सबै परिभाषाले शब्दलाई कुनै न कुनै रूपमा भाषाको स्वतन्त्र वा स्वायत्त आर्थी एकाइका रूपमा देखाउन खोजेको देखिन्छ ।

कोशको राम्रो परिभाषा सी.सी. बर्ग (...) को मानिन्छ । उनी लेख्छन्– शब्दकोश भनेको कुनै खास भाषिक समुदायको भाषिक व्यवहारमा प्रचलित भाषिक एकाइहरूको त्यस्तो स्वीकार्य सूची हो, जुन निश्चित योग्यता भएका पाठकलाई ध्यानमा राखी व्यवस्थित रूपमा मिलाइएको हुन्छ र ती एकाइहरूले भाषिक समुदायमा कसरी काम गर्छन् भन्ने सूचनाहरू पनि दिइएको हुन्छ ।

डेभिड क्रिस्टल (...) ले **ए डिक्सनरी अफ लिङ्ग्विस्टिक्स एन्ड फोनेटिक्स**मा डिक्सनरी शब्दलाई भन्दा लेक्सिकन शब्दलाई बढी महŒ्व दिएका छन् । उनी यसलाई शब्दावलीको समानार्थी ठान्दछन् । फलतः उनी शब्दकोशलाई 'कोशीय एकाइहरूको समूह' भनी परिभाषित गर्दछन् । क्रिस्टलका अनुसार कोशीय एकाइ (लेक्सिकन) भनेको कुनै खास भाषाका त्यस्ता आधारभूत घटक (कम्पोनेन्ट) हरूको योग हो, जसले त्यस एकाइका सम्पूर्ण संरचक ततŒ्व (प्रपर्टी) हरूको सूचना दिन्छ ।

क्रिस्टलको परिभाषाले शब्दकोशलाई आर्थी विवरणमा मात्र सीमित पारेको छैन, सम्पूर्ण व्याकरणिक सूचनाहरूलाई पनि शब्दकोशको क्षेत्रमा समेटेको छ । आधुनिक शब्दकोशको प्रवृत्ति पनि बढी भन्दा बढी व्याकरणिक सूचनाहरूतर्फ उन्मुख हुँदै गएको छ । **अक्सफोर्ड अङ्ग्रेजी डिक्सनरी**मा पनि 'कुनै भाषा विशेषका निश्चित वर्णक्रममा राखिएका शब्दको वर्णविन्यास, उच्चारण, अर्थ, प्रयोग, पर्याय, व्युत्पत्ति, इतिहास जस्ता सबै वा कुनै पक्ष मात्र दिइएको ग्रन्थ' भनी अर्थ्याइएको छ ।

### २.२.४.२. कोश विज्ञान र कोश निर्माण विज्ञान

कोश निर्माण विज्ञान भनेको कोश विज्ञानमा प्रतिपादित सीपमूलक ज्ञानलाई व्यावहारिक सन्दर्भमा प्रयोग गर्ने विषय हो । यसलाई न्यू इन्साइक्लोपिसडया ब्रिटानिकामा 'कोश विज्ञानद्वारा प्रतिपादित सिद्धान्तका आधारमा शब्दकोशको वास्तविक सम्पादन' भनी परिभाषित गरिएको छ र यस अन्तर्गत सम्बन्धित भाषाको शब्द सूची निर्माण, तिनको अर्थ लेखन, उच्चाराण तथा पदवर्ग समबन्धी दिइन्छ भनी स्पस्ट्याइएको छ । यसैले कोश रचना विज्ञानलाई कोश निर्माण पद्धति वा कोश कला भन्नु आवश्यक देखिन्छ । यसको सम्बन्ध कुनै खास भाषाको कोश निर्माण प्रक्रियासँग सम्बन्धित हुन्छ । कोश विज्ञानलाई भाषा विज्ञानको प्रायोगिक क्षेत्र अन्तर्गत राख्नाको अभिप्राय पनि कोश रचना विज्ञान नै देखिन्छ ।

कोश विज्ञान र कोश रचना विज्ञानमा त्यति धेरै अन्तर भने हुँदैन । कोश विज्ञानले सिद्धान्त प्रतिपादनमा जोड दिन्छ भने कोश रचना विज्ञानले प्रायोगिक कार्यमा बढी जोड दिन्छ । सामान्यतया यी दुई विषयलाई छुट्ट्याएर हेरिँदैन तर विशिष्ट सन्दर्भमा भने यिनीहरू अलग अलग अनुशासनमा आबद्ध विषयका रूपमा देखा पर्दछन् । खास गरी कोश विज्ञान बढीभन्दा बढी वस्तुगत र वैज्ञानिक हुन्छ भने कोश रचना विज्ञान चाहिँ सिद्धान्तको

अनुप्रयोग भएको हुँदा रचनात्मक या सिर्जनात्मक प्रकृतिको देखिन्छ । कोश रचना विज्ञानलाई कोश कला भन्नाको तात्पर्य पनि यही देखिन्छ ।

### २.२.४.३ कोशीय एकाइको पहिचान

शब्दकोश भनेको कोशीय एकाइहरूको सङ्ग्रह हो । कोशीय एकाइहरूलाई सामान्यतः शब्दका रूपमा हेर्ने गरिन्छ तर कोशीय शब्द र भाषा वैज्ञानिक शब्द समतुल्य भने हुँदैनन् । कोशीय एकाइ अन्तर्गत उपसर्ग र प्रत्ययका साथै पदावली, टुक्का, उखान आदि पनि पर्दछन् । तर पनि कोशीय एकाइ अन्तर्गत ठूलो सङ्ख्या शब्दहरूकै पाइन्छ । यसैले कोशीय एकाइको पहिचानका निम्ति प्रथमतः शब्दको पहिचान आवश्यक देखिन्छ । कोशीय एकाइको आधारभूत पहिचान भनेको रूपका दृष्टिले स्वतन्त्र हुनु हो । यसको अर्थ हो जुन रूपलाई व्याकरणका सामान्य नियमले व्याख्या गर्न सक्तैन, ती रूप कोशीय शब्द हुन् । नियमित रूपावलीको विवरण व्याकरणले दिन्छ तर अनियमित रूपहरू भने शब्दकोशमा रहन्छन् । जस्तै– मैले, मेरो, हामी, हाम्रो आदि ।

कतिपय कोशमा वर्ण वा अक्षर अनि उपसर्ग र प्रत्ययहरूलाई पनि समावेश गरिएको पाइन्छ । तर यिनीहरू कोशीय एकाइ भने होइनन् । कोशीय एकाइ अन्तर्गत मूल, व्युत्पन्न, समस्त, द्वित्व आदि विविध प्रकृतिका शब्दहरू पर्दछन् । परम्परागत व्याकरणमा पनि शब्दलाई व्याकरणको आधारभूत एकाइ मानिएको छ तर आधुनिक भाषा विज्ञानमा भने व्याकरणिक प्रक्रियाको वर्णनका निम्ति शब्दलाई पूर्णतया अनुपयुक्त एकाइ मानिन्छ (जोन लियोन्स ....) । फलतः शब्दका सट्टामा रूपिमको अवधारणा प्रकट गरिएको पाइन्छ । ब्लुमफिल्ड (......) लेख्छन्– व्याकरणको लघुतम एकाइ रूपिम हो भने स्वतन्त्र अर्थयुक्त रूपिम नै शब्द हो । संरचना वादी भाषा वैज्ञानिकहरूले रूपिम र शब्दलाई एउटै अर्थमा प्रस्तुत गरेको देखिए पनि रूमिले शब्दलाई सम्पूर्णतामा स्पस्ट्याउन भने सक्तैन । किनभने भाषाभाषीको चेतनाले शब्दलाई जति स्पष्टताका साथ ग्रहण गर्दछ, रूपिमलाई त्यतिस्पष्ट रूपम ग्रहण गर्दैन (रबिन्स, पृ २०७) ।

### २.२.४.४ रूपात्मक एकाइका रूपमा कोशीय एकाइ पहिचान

'शब्द'को प्रकृति बहु आयामिक हुन्छ । यसैले शबदको अवधारणालाई स्पष्ट गर्न तीन भिन्न दृष्टिबाट यसलाई हेर्नु जरूरी हुन्छ । ती दृष्टि हुन्– ध्वनि प्रक्रिया, रूप रचना प्रक्रिया र अर्थबोध प्रक्रिया ।

**(क) ध्वनि प्रक्रियाका आधारमा शब्द :** ध्वनि प्रक्रियामा भनेको शब्दको कथ्य वा लेख्य स्वरूप हो । यस आधारमा शब्दलाई दुई शक्य विरामका बिचमा आउने भाषिक एकाइका रूपम परिभाषित गरिन्छ (जोन लियोन्स, पृ..) । यस्तो एकाइ उच्चार्य भाषामा स्वल्प विरामद्वारा स्पष्ट हुन्छ भने लेख्य भाषामा पदयोगका आधारमा स्पष्ट हुन्छ । ध्वनि प्रक्रियाका

आधारमा शब्दलाई वर्ण वा वर्ण समूहका रूपमा पनि चिनाउन सकिन्छ । यसको आधारभूत स्वरूप उच्चारणका तहमा अक्षर वा अक्षर समूहका रूपमा रहेको हुन्छ भने लेख्य तहमा वर्ण विन्यासद्वारा व्यक्त हुन्छ ।

अक्षर भनेको उच्चारणको सहज खण्ड हो । यसलाई मुटुको एक धड्कनमा उच्चारण हुने ध्वनि समूह पनि भनिन्छ । सामान्यतया अक्षरको केन्द्रमा स्वर वर्ण रहन्छ भने यसको अघि वा पछि एक वा एकाधिक व्यञ्जन पनि रहन सक्तछन् । नेपाली भाषामा के देखिन्छ भने स्वर वर्णका अघि दुई वटासम्म र पछि एउटा व्यञ्जन वर्ण उच्चारण हुन सक्तछ । तर नेपाली भाषाको वर्तमान वर्णविन्यास परम्परागत प्रकृतिको भएको हुँदा लेख्य नेपालीमा धेरै प्रकारका अक्षर संरचना पाउन सकिन्छ । अक्षर भनेको भाषाण प्रवाहको लघुतम खण्ड हो तर दुई अक्षरका बिचमा आउने विराम अत्यन्त स्वल्प हुन्छ र यस्तो विराम शब्दहरूका बिचमा रहने विराम जस्तो श्रव्य पनि हुँदैन । यसैले शब्दलाई अक्षर संरचनाका आधारमा पहिचान गर्नु भनेको कुनै स्पष्ट शक्य विराम प्रकट नभईकन उच्चारण हुने ध्वनि समूहको पहिचान गर्नु हो । यसरी पहिचान गर्दा शब्दको स्वरुप एकाक्षरी देखि लिएर ७/८ अक्षर वा त्यसभन्दा लामो पनि हुन सक्तछ ।

ध्वनि प्रक्रियालाई लेखन पद्धतिका तहमा वर्ण विन्यासका आधारमा पहिचान गर्नु पर्ने हुन्छ । खास गरी आधुनिक लेखन व्यवस्थामा दुई शक्य विरामका बिचमा आउने ध्वनि एकाइलाई पदयोग गरी लेखिन्छ । सिद्धान्ततः उच्चारणका तहमा प्रकट हुने शक्य विराम र लेखनका तहमा देखा पर्ने पद वियोग समतुल्य हुन्छन् तर संसारका प्रायः सबै भाषामा उच्चारण र लेखन हुबहु उस्तै देखिँदैन । कतिपय भाषामा उच्चार्य वर्णका तुलनामा लेख्य वर्ण (चिह्न) हरू कम हुन्छन् भने कतिपय भाषामा बढी हुन्छन् । साथै भाषाको उच्चारण व्यवस्थामा जति छिटो परिवर्तन आउँछ, लेखन व्यवस्थामा त्यति छिटो परिवर्तन आउँदैन । फलतः उच्चार्य भाषा र लेख्य भाषामा फरक पाइनु स्वाभाविक मानिन्छ ।

शब्दको ध्वनि प्रक्रियात्मक आधार सदैव स्पष्ट भने हुँदैन । उच्चारणका तहमा सन्धि प्रक्रियाले गर्दा शब्द स्तरका एकाधिक एकाइ शक्य विरामविना उच्चारण हुन्छन् भने लेखन प्रक्रियामा कतिपय शब्द समस्त शब्दका रूपमा पदयोगका साथ लेखिन्छन् । यसैले शब्दको पहिचानका निम्ति ध्वनि प्रक्रियात्मक आधारका साथ अरू आधार पनि प्रयोग गर्नु पर्दछ ।

**(ख) व्याकरणिक प्रक्रियाका आधारमा शब्द :** भाषा वैज्ञानिकहरू व्याकरणिक विलेषणको लघुतम एकाइ रूपिमलाई मान्दछन् । यस्ता एकाइ दुई प्रकारका हुन्छन्– बद्ध र मुक्त । मुक्त रूपिमहरू एक्लै पनि उक्तिका रूपमा आउन सक्तछन् भने बद्ध रूपिमहरू एक्लै प्रयोगमा आउन सक्तैनन् । स्वतन्त्र रूपमा प्रयोगमा आउन सक्ने मुक्त रूपिम शब्द हुन् भने स्वतन्त्र रूपम प्रयोगमा आउन नसक्ने बद्ध रूपिम शब्दांश पनि हुन् ।

शब्दको यो परिभाषा निकै वैज्ञानिक देखिन्छ तर यसले सबै प्रकारका शब्दलाई चिनाउन भने सक्तैन । किनभने परम्परागत व्याकरणमा नामयोगीका रूपमा पहिचान

गरिएका कतिपय एकाइ प्रयोग क्षमताका दृष्टिले बद्ध देखिन्छन् भने उपसर्ग र प्रत्ययका रूपमा पहिचान गरिएका कतिपय एकाइ प्रयोग क्षमताका दृष्टिले स्वतन्त्र पनि देखिन्छन् । यति हुँदा हुँदै पनि 'लघुतम अर्थयुक्त स्वतन्त्र एकाइ' का रूपमा गरिने शब्दको परिभाषा शब्दको आधारभूत स्वरूपलाई पहिचान गर्नका निम्ति निकै उपयोगी देखिन्छ । पूर्वीय व्यारकणकार पाणिनिको 'अर्थवदधातुरप्रत्ययः प्रातिपदिककम्' सूत्रको अभिप्राय पनि यही नै देखिन्छ । उक्त परिभाषाका आधारमा उपसर्ग र प्रत्यय जस्ता बद्ध रूपिम (शब्दांश) लाई शब्दको परिभाषाबाट बाहिर राख्न गर्न सकिन्छ । व्युत्पन्न शब्द, समस्त शब्द र द्वित्व प्रकृतिका शब्दलाई भने यो परिभाषाले समेट्न सक्तैन । यस्ता शब्दको पहिचानका निम्ति अरू नै आधार प्रयोग गर्नु पर्ने हुन्छ ।

वाक्य प्रक्रिया भनेको भिन्न भिन्न वर्गका शब्दलाई आन्तरिक संसजनका आधारमा वाक्यमा प्रयोग गर्नु हो । वाक्य रचनाका दृष्टिबाट भाषाको लघुतम एकाइ भनेको पद हो । यसैले पाणिनीय व्याकरण परम्परामा पदलाई सुप् वा तिङ् अन्तमा भएको एकाइ (सुप्तिङन्तं पदम्) भनी परिभाषित गरिन्छ । यो परिभाषाले शब्द र पदलाई प्रकार्यात्मक दृष्टिबाट भिन्न भिन्न प्रकृतिका एकाइका रूपमा स्थापित गर्दछ र शब्दलाई पद रचनाको आधारभूत एकाइ अर्थात् प्रातिपदिक मान्दछ । हुनत पाणिनिले प्रातिपकिलाई धातु भिन्न एकाइ (अधातु) रूपमा पहिचान गरेका छन् तर उनको दृष्टिकोण पद रचनाको प्रकृतिलाई स्पस्ट्याउनु हो भन्ने कुरा सहज रूपमा अनुमान गर्न सकिन्छ । पद रचनामा प्रयुक्त हुने विभक्तिलाई सुप् र तिङ् वर्गमा विभाजन गर्नु यसैको परिणाम हो ।

विभक्ति शब्दको अर्थ पद विभाजक चरम प्रत्यय हो । यसैले रूपायन प्रक्रिया र व्युत्पादनका कतिपय प्रक्रिया प्रायः उस्तै हुन्छन् । यिनीहरूमा पाइने प्रमुख भिन्नता भनेको प्रकार्यको भिन्नता हो । व्युत्पादक प्रत्ययहरू शब्द वा धातुमा जति पनि लाग्न सक्तछन् तर विभक्ति प्रत्यय शब्दको अन्त्यमा मात्र लाग्दछ । विभक्ति प्रत्यय लागि सकेपछि त्यसमा कुनै व्युत्पादक प्रत्यय लाग्दैन । प्रातिपदिक भनेको पद रचनाको आधार तŒ्व भएको हुँदा यो विभक्ति रहित हुन्छ । प्रातिपदिक र मुक्त रूपिममा धेरै कुरा समान हुनछ तर पद रचनाका आधार ततŒ्व मुक्त रूपिम मात्र हुँदैनन् व्युत्पन्न प्रकृतिका आधार ततŒ्व पनि हुन्छन् । पाणिनिले प्रातिपदिकको परिभाषा गर्दा 'अर्थवत्, अधातु/धातु, अप्रत्यय' मात्र नभनेर 'कृत् तद्धित समासाश्च' पनि सँगसँगै भन्नाको अभिप्राय यही देखिन्छ ।

सामान्यतः शब्द र प्रातिपदिकको अर्थ एउटै देखिन्छ तर यस्तो समानता योगात्मक वर्गका भाषामा मात्र सहज रूपमा पाउन सकिन्छ । किनभने यस्ता भाषमा कोशीय शब्द वा प्रातिपदिक विभक्ति प्रत्यय धारण गरी पदका रूपमा रचना हुन्छन् अनि मात्र वाक्यमा प्रयुक्त हुन्छन् । योगात्मक वर्गका भाषमा पनि सबै वर्गका शब्दको रूप रचना प्रक्रिया समान देखिँदैन । खास गरी नामयोगी, क्रियायोगी, सयोजक, निपात जस्ता शब्द प्रातिपदिक पद रचनाका दृष्टिले अविकारी हुन्छन् । पाणिनीय व्याकरण परम्परामा यिनीहरूलाई अव्यय

भनी परिभाषित गरिएको पाइन्छ तर पद्धतिको समानताका निम्ति यस्ता शब्दमा पनि सुप् विभक्ति लाग्ने र त्यसको अवशेष शब्दमा देखा नपर्ने प्रक्रिया देखाइएको छ । यसैले पाणिननीय व्याकरणमा सम्पूर्ण पदलाई सुप्तिङन्तं पदम्' भनी परिभाषित गर्नु सम्भव भएको छ । आधुनिक भाषा विज्ञानमा पनि यस्तो स्थितिमा शून्य विभक्ति/प्रत्ययको परिकल्पना गरिएको पाइन्छ । यसैले योगात्मक वर्गका भाषामा प्रातिपदिकलाई कोशीय शब्द र पदलाई वाक्यात्मक शब्द भनी पहिचान गर्न सकिन्छ ।

वियोगात्मक वर्गका भाषामा भने शब्दको कोशीय स्वरूप र वाक्यात्मक स्वरूप प्राय: एउटै हुन्छ । फलतः यस्ता भाषामा शब्दको पहिचानका निम्ति वाक्यात्मक संसजन र स्थानगत परिवर्तन जस्ता युक्ति अवलम्बन गर्नु पर्ने हुन्छ ।

संसजन भनेको शब्द स्तरका एकाइमा पाइने आन्तरिक स्थायित्व र वाक्यको आन्तरिक संरचनामा तिनीहरूको स्थानगत परिवर्तन हो । शब्द स्तरका एकाइ वाक्यमा प्रयुक्त हुँदा तिनीहरूको मध्य भागमा अरू कुनै व्याकरणिक एकाइ प्रवेश गर्न सक्तैन । जस्तै :

भाइ घर जान्छ : भाइ त घर जान्छ । भाइ घरै जान्छ ।

माथिको पहिलो वाक्य मूल वाक्य हो भने पछिल्ला दुई वाकय त्यसमा अन्य व्याकरणिक एकाइ थपिएका वाक्य हुन् । पहिलो वाक्यमा भाइका पछाडि 'त' निपात थपिएको छ भने दोस्रो वाक्यमा 'घर' भन्दा पछाडि 'ऐ' निपात थपिएको छ । फलतः यस वाक्यमा तीन कोशीय एकाइ प्रयोग भएका छन् भन्ने स्पष्ट देखिन्छ ।

आन्तरिक संसजनलाई परम्परागत व्याकरणमा उल्लिखित शब्द निर्माण प्रक्रियाका सापेक्षतामा हेर्न सकिन्छ । किनभने शब्द निर्माण अन्तर्गत व्युत्पादन, समास र द्वित्व प्रक्रियाबाट बनेका शब्दमा आन्तरिक संसजनको स्थिति सर्वत्र विद्यमान पाइन्छ तर आन्तरिक संसजनको अभिप्राय यति मात्र भने होइन, यसले शब्द रचनाका साथै पदरचनालाई पनि समेटेको हुन्छ । यसै कारण आधुनिक भाषा विज्ञानमा शब्द र पदमा त्यति ठूलो विभाजक रेखा दखिँदैन । कोश विज्ञानका दृष्टिबाट भने शब्द र पद दुई अलग एकाइ मानिन्छन् । यसै कारण शब्द स्तरका एकाइको विवरण शब्दकोशमा पाइन्छ भने पद स्तरका एकाइको विवरण व्याकरणमा पाइन्छ । यी दुईका वीचको भिन्नताका निम्ति व्याकरणिक प्रक्रियाको अवलोकन अनिवार्य हुन्छ ।

स्थानगत परिवर्तन भनेको वाक्यका आधारभूत घटकहरूलाई व्याकरणिक क्रमभन्दा भिन्न रूपमा प्रस्तुत गर्नु हो । यसरी मूल स्थानबाट सञ्चलन हुने सामर्थ्य कोशीय एकाइहरूले मात्र राख्दन् । जस्तै :

बहिनीले आमालाई सताई : आमालाई सताई बहिनीले । सताई आमालाई बहिनीले ।
बहिनीले सताई आमालाई आदि ।

स्थानगत परिवर्तनले शब्दलाई रूपिमभन्दा माथिल्लो स्तरको

शब्दहरू भाषाको सर्जनात्मक बुनोटका आधार तŒव भए पनि वाक्यका लघुतम खण्ड भने होइनन् । वाक्यमा प्रयुक्त शब्द र वाक्यभन्दा बाहिर रहेको शब्द आधारभूत रूपमा भिन्न हुन्छन् । सिद्धान्ततः वाक्यभन्दा बाहिर रहेको शब्दले कोशीय अर्थ मात्र बहन गरेको हुन्छ भने वाक्यमा प्रयोग भएको शब्दको कोशीय अर्थका साथै व्याकरणिक अर्थ पनि बहन गरेको हुन्छ । यसैकारण वाक्यभन्दा बाहिरको शब्दलाई शब्द मात्र भनिन्छ र वाक्यभित्र रहेको पद भनिन्छ ।

सैद्धान्तिक आधारमा शब्द र पदलाई भाषाका दुई भिन्न एकाइका रूपमा परिभाषित गर्न सकिए पनि व्यावहारिक घरातलमा यो अन्तर सदैव स्पष्ट नहुन सक्छ किनभने अयोगात्मक प्रकृतिका भाषमा शब्दको स्वरूप वाक्यभन्दा बाहिर जस्तो हुन्छ, वाक्यभित्र पनि त्यस्तै हुन्छ । संयोजक, निपात जस्ता शब्दलाई रूपायनको अभावका कारण अव्यय भनिन्छ भने नाम, सर्वनम, विशेषण र क्रियापद जस्ता शब्द पनि कतिपय अवस्थामा विनारूपायन वाक्यमा प्रयुक्त हुन पुगेका हुन्छन् । कोश विज्ञानका दृष्टिबाट शब्द र पदका बीचको अत्यन्त महŒवपूर्ण छ किनभने शब्दकोशमा सामान्यतः शब्दहरूलाई मात्र प्रविष्टि दिइन्छ । पदहरूलाई प्रविष्टि दिइँदैन ।

शब्द र पदका वीचको अन्तरलाई पूर्वीय व्याकरणकार पाणिनिले वस्तुगत आधारमा स्पष्ट्याएको पाइन्छ । पाणिनि कोशीय शब्दलाई 'प्रतिपदिक' भनी नामकरण गर्दै यसलाई 'अर्थवत्, अधातु, अप्रयाय' भनी परिभाषित गर्दछन् । पाणिनिको यो परिभाषा भाषाशास्त्री ब्लुमफिल्डको परिभाषाको निकै नगिच देखिन्छ किनभने पाणिनिले पनि प्रत्यय भिन्न अर्थवान् एकाइलाई प्रतिपदिक मानेका छन् । पाणिनिले प्रतिपदिकलाई 'अधातु' भनी परिभाषित गर्नाको अभिप्राय शब्द र धातुको रूपायन प्रक्रियालाई अलग अलग खण्डमा विवेचना गर्नु हो भन्ने स्पष्ट छ । शब्द र पदको वीचको आधारभूत भिन्नतालाई मात्र स्पष्ट्याउनु पर्दा धातु र अधातु दुवै नै प्रतिपदिक हुन भन्नु औचित्यपूर्ण देखिन्छ । पाणिनिको परिभाषामा शब्द र पदको सीमा  रेखा अत्यन्त स्पष्ट छ किनभने उनी प्रतिपदिक अन्तर्गत 'अर्थवत्-अधातु-अप्रत्य लाई मात्र समावेश नगरी कृत, ताद्धित र समासलाई समावेश गर्दछन् । फलतः उनको परिभाषमा लघुतम, अर्थयुक्त स्वतन्त्र एकाइ र आन्तरिक संसजनको प्रक्रिया दुवै समेटिएका मात्र छैनन्, कोशीय एकाइको आधारभूत अभिलक्षण समेत समेटिएको पाइन्छ ।

पाणिनिको प्रतिपदिक 'धातु सहित' को अवधारणालाई अङ्ग्रेजीको 'लेक्सिम' शब्दåरा स्पष्ट्याउन खोजिएको पाइन्छ । किनभने लेक्सिमको अभिप्राय पनि .............................. देखिन्छ । शब्दकोशलाई अङ्ग्रेजीमा लेक्सिकोग्राफी भनिएबाट पनि पूर्वीय व्याकरण परम्परामा प्रतिपदिकका रूपमा पहिचान गरिएका शाब्दिक एकाइ र पाश्चात्य परम्परामा लेक्सिमका रूपमा पहिचान गरिएका एकाइको अर्थ समान भन्ने स्पष्ट हुन्छ ।

### २.२.४.५ आर्थी एकाइका रूपमा शब्द

परम्परागत व्याकरणमा शब्दलाई स्वयंसिद्ध एकाइ मानिन्छ । यसको अर्थ शब्दहरू रचना प्रक्रियाका दृष्टिले सिद्ध एकाइ हुन् भनिएको होइन, भन्ने कुरा शब्द या प्रतिपदिक अन्तर्गत कृत्, तद्धित र समास पनि रहेबाट स्पष्ट हुन्छ । शब्दहरू आर्थी दृष्टिले मात्र सिद्ध एकाइ हुन्छन् किनभने शब्दहरू विचारका दृष्टिले स्वायत्त वस्तुको विवरण दिन्छन् (श्रीवास्तव....... पृ. १०८) । शब्दले प्रदान गर्ने स्वायत्त वस्तुको विवरण भनेको भाषाको आन्तरिक संरचनासँग सम्बन्धित पक्ष हो । यस्तो संरचना मानवीय मस्तिकमा अमूर्त तन्त्रका रूपमा रहेको हुन्छ । यसैले शब्दको आर्थी परिभाषा मनोवैज्ञानिक हुन्छ र यसले भाषा-प्रयोग (वाक्) भन्दा भाषा व्यवस्था (भाषा) लाई बढी महŒव दिन्छ ।

आर्थी दृष्टिबाट शब्दको परिभाषा गर्नु अघि यसलाई दुई प्रमुख वर्गमा विभाजन गर्नु आवश्यक देखिन्छ– कोशीय शब्द र व्याकरणिक शब्द । कोशीय शब्दहरूले स्वायत्त वस्तुको विवरण दिन्छन् भने व्याकरणिक शब्दले वाक्य रचनाका तहमा कोशीय शब्दहरूका बिच विशेष प्रकारको व्याकरणिक सम्बन्ध स्थापित गर्ने काम मात्र गर्दछन् । यही व्याकरणिक कार्य ने तिनीहरूको अर्थ हुन्छ । सामान्यतया नाम, विशेषण, क्रियायोगी र क्रियापदहरूले कोशीय अर्थ वहन गरेका हुन्छन् भने सर्वनाम, नामयोगी, संयोजक निपात र विस्मयादिबोधक शब्दले व्याकरणिक अर्थ मात्र बहन गरेका हुन्छन् । सामान्यतः व्याकरणिक शब्दहरूलाई कोशीय एकाइ मानिदैन (श्रीवास्तव, .... पृ. १०८) ...................... ।

कोशीय अर्थको अवधारणा प्रतिपदिकको पहिचानका दृष्टिले पनि महŒपूर्ण देखिन्छ । सामान्यतः नाम, विशेषण र क्रियापद जस्ता शब्दले दिने स्वायत्त वस्तुको विवरण अन्तर्गत लिङ्ग, वचन, पुरूष आदि व्याकरणिक अर्थ समावेश भएको हँदैन । त्यस्तो अर्थ या त रूप रचनाबाट स्पष्ट हुन्छ या त ती शब्दलाई वाक्यमा प्रयोग गरेपछि स्पष्ट हुन्छ । दुवै अवस्थामा ती शब्द पद बनिसकेका हुन्छन् ।

कोशीय अर्थ र व्याकरणिक अर्थको स्वरूप सदैव स्पष्ट नहुन सक्छ । किनभने कतिपय शब्दमा लिङ्ग, वचन, पुरूष जस्ता व्याकरणिक अर्थ रूपायनको प्रक्रियाबाट प्राप्त हुन्छन् भने कतिपय शब्दमा प्रतिपादिकका तहमा नै अन्तर्निहित हुन्छन् । जस्तै–

| | | | |
|---|---|---|---|
| कालो | : काली | बाबु | : आमा |
| अग्लो | : अग्ली | दाजु | : भाउजू |

पहिलो वर्गका शब्दमा लिङ्गको विभेद रूप रचनाबाट स्पष्ट भएको छ भने दोस्रो वर्गका शब्दमा प्रतिपदिकका तहबाट नै स्पष्ट भएको छ ।

कोशीय शब्दमा अन्तर्निहित व्याकरणिक अर्थ स्वायत्त वस्तुको विवरणभित्र समावेश हुन सक्ने देखिन्छ भने रूपायनबाट प्राप्त हुने व्याकरणिक अर्थ स्वायत्त वस्तुको विवरणभित्र समावेश हुन सक्ने देखिँदैन । यसै कारण नाम वर्गका शब्दमा पुलिङ्ग र स्त्रीलिङ्ग वाचक

दुवै एकाइ शब्दकोशमा प्रविष्टि पाउँछन् भने विशेषणमा पुलिङग वाचक शब्दले मात्र प्रविष्टि पाउँछन् ।

शब्दका अर्थगत एकाइहरू सामान्यतः ध्वनि प्रक्रियाका दृष्टिले पनि स्वायत्त हुन्छन् । तर कतिपय अवस्थामा यी दुई आधार परस्पर भिन्न पनि हुन सक्छन् । खास गरी श्रुतिसम शब्द या बहुअर्थक शब्द ध्वनि प्रक्रियाका दृष्टिले समान हुने भए पनि आर्थी दृष्टिले एकाधिक शब्द हुन्छन् । यसैगरी सन्धिजतित परिवर्तन नभईकन बन्ने समस्त शब्द ध्वनि प्रक्रियाका दृष्टिले दुई अलग शब्दका रूपमा देखा पर्ने भए पनि आर्थी दृष्टिले एउटै शब्द हुन्छन् ।

शब्द भाषाको बहु आयामिक एकाइ भएको हुँदा यसको पहिचान अत्यन्त कम देखिन्छि तर शब्दकोशको आधारभूत एकाइ शब्द नै भएको हुँदा शब्दको पहिचान सीमा शब्दकोश निर्माण कार्य अघि बढ्नै सक्तैन । तसर्थ माथिको विवेचनाका आधारमा शब्दका महŒवपूर्ण अभिलक्षण यस प्रकार निर्धारण गर्न सकिन्छ–

- शब्द भाषाको आधारभूत एकाइ भएको हुँदा यसको पहिचान कथ्य भाषामा दुई अल्पविरामका आधारमा गर्न सकिन्छ भने लेख्य भाषामा पदवियोगका आधारमा गर्न सकिन्छ ।
- शब्दको ध्वन्यात्मक आकृति यस्तो भाषाको लघुतम अर्थयुक्त एकाइ हुनाका साथै स्थिर हुन्छ । प्रयोगका दृष्टिले पनि स्वतन्त्र हुन्छ ।
- शब्दस्तरको एकाइ एक रूपिमको मात्र हुँदैन बहुरूपिमको पनि हुन्छ । यस्ता रूपिमहरूमा आन्तरिक संसजन स्थिर वाक्यहरू स्थानगत अपरिवर्तनका आधारमा हुने हुँदा तिनीहरूलार्य पहिचान गर्न सकिन्छ ।
- शब्दहरू पद  रचनाबाट प्रदिपदिक भएका हुँदा वाक्य भनदा वाहिर अस्तित्वमा रहन्छन् र वाक्यमा प्रयुक्त हुँदा पदका तहमा उक्लन्छन् ।
- शब्दहरू स्वयात्त वस्तुवाचक हुन्छन् । सामान्यत : यिनीहरूले व्याकरणिक अर्थ धारण गरेका हुँदैनन् ।

## २.३. कोश निर्माण योजना

कोश योजना भनेको कोश निर्माणसँग सम्बन्धित कार्यविधि निर्धारण हो । यस अन्तर्गत कोश निर्माण योजनादेखि कोशको छपाइसम्मका प्रक्रिया पर्दछन् । यिनीहरूलाई तीन प्रमुख चरणमा विभाजन गर्नु उपयोगी हुन्छ । यी तीन चरण हुन्– तयारीको चरण, सम्पादनको चरण र छपाइको चरण । तयारीको चरण अन्तर्गत कोश योजना निर्माण, तथ्य सङ्कलन, प्रविष्टिहरूको छनोट जस्ता उपचरणहरू पर्दछन् भने सम्पादनको चरणामा ................ जस्ता उपचरण पर्दछन् र छपाइको चरणमा ........... उपचरण पर्दछन् ।

कोश निर्माण प्रारम्भ गर्नु अघि त्यसका निम्ति के कति जनशक्ति चाहिन्छ ? के कति स्रोत र साधन चाहिन्छ ? र के कति अवधि लाग्दछ ? भन्ने कुराको निर्धारण आवश्यक हुन्छ ।

## २.४. तथ्य सङ्कलन

शब्दकोशका तथ्य भनेका भाषाका कोशीय इकाइहरू हुन् । यस्ता सामग्री दुई भिन्न विधिबाट सङ्कलन गरिन्छ– क्षेत्रीय अध्ययन पद्धति र पुस्तकालय पद्धति ।

**क) क्षेत्रीय अध्ययन पद्धति :** क्षेत्र कार्य पद्धति भनेको भाषाको प्रयोग जहाँ गरिन्छ त्यही ठाउँमा गएर तथ्य सङ्कलन गर्नु हो । यो कार्य भाषिक अध्ययनका अन्य पक्षमा गरिने क्षेत्रीय अध्ययन जस्तै हुन्छ । यस प्रक्रियामा पनि सम्बन्धित क्षेत्रमा गई भाषिक पाठ सङ्कलन गरिन्छ । पाठबाट कोशीय एकाइहरू प्राप्त गरिन्छ । यस प्रक्रियाका प्रमुख पक्षलाई बुँदागत रूपमा यस प्रकार प्रस्तुत गर्न सकिन्छ–

क) अधययनका उपकरणहरूको निर्धारण (कागत र कलम, टेपरेकर्डर, श्रव्यदृश्यका अन्य उपकरण)।

ख) अध्ययन क्षेत्रे छनोट (भाषा/भाषिकाको केन्दीय क्षेत्र, परिधीय क्षेत्र वा अवशिष्ट क्षेत्र)

ख) सूचकको छनोट (नैसर्गिक वकता/२१–६५ उमेर समूह/भाषा क्षेत्रको स्थायी बासिन्दा/विविध सामाजिक उपसमूहका प्रतिनिधि) र तिनको सूचकिरण (नाम, उमेर, पेसा, शिक्षा, पारिवारिक पृष्ठभूमि,जन्मस्थल, बसोबासको अवधि, पहिलो भाषा, बाबु आमाको भाषा, जात/जाति)

ग) सङ्कलन पद्धतिको निर्धारण (जातिगत अध्ययन (इथ्नोग्राफिक स्टडी) मा आधारित पद्धति/ शब्द सूचीमा आधारित पद्धति/धारावाहिक कथनमा आधारित सङ्कलन पद्धति)

घ) पाठबाट शब्दसूची छनोट (यो कार्य विभिन्न पद्धतिमा गरिन्छ । यसका निमित कम्प्युटरको सहायता पनि लिन सकिन्छ ।)

ङ) शब्दसूचीबाट प्रविष्टिको छनोट (प्रविष्टिको निर्धारणमा कोशीय एकाइको निर्धारण र भाषा वा भाषिकाको मानकीकरण पनि एक साथ गरिन्छ ।)

च) अमानक वा उपमानकको निर्धारण (पाठमा आधारित शबदसूचीमा रहेका अमानक वा उपमानक शबदहरूलाई मानक प्रविष्टिसँगै दिइन्छ ।)

छ) उपप्रविष्टिहरूको निर्धारण (सबै कोशीय एकाइहरूलाई मूल प्रविष्टिमा नदिई उपप्रविष्टिमा पनि दिइन्छ ।)

**ख) पुस्तकालयीय पद्धति** :

कोश निर्माणको परम्परागत पद्धति पुस्तकालयीय पद्धति हो । यस पद्धतिद्वारा कोश निर्माण गर्दा सर्वप्रथम विविन्न विधाका कृतिहरू छनोट गरिन्छ । अनि ती कृतिहरू विभिन्न व्यक्तिलाई पढ्न दिई त्यसमा प्रयोग गरिएका शबदहरू सङ्कलन गर्न लगाइन्छ । यसरी सङ्कलन गरिने शब्दलाई अलग अलग कार्डमा  लेखिन्छ र ती कार्डहरूलाई निश्चित

क्रममा व्यवस्थित गरी राखिन्छ । यस प्रक्रियालाई बुँदागत रूपमा यस प्रकार देखाउन सकिन्छ–

क) विभिन्न विधाका कृतिहरूको छनोट

ख) कृतिको पठनका आधारमा नयाँ नायाँ शब्दको छनोट

ग) छनोट गरिएका शब्दलाई अलग अलग कार्डमा लेखन

घ) विभिन्न स्रोतबाट प्राप्त शब्दहरूलाई निश्चित क्रममा व्यवस्थापन

ङ) क्रममा राखिएका कार्डहरूबाट कोशीय एकाइहरूको छनोट गरी प्रविष्टि निर्धारण

च) अमानक वा उपमानकको निर्धारण (पाठमा आधारित शबदसूचीमा रहेका अमानक वा उपमानक शबदहरूलाई मानक प्रविष्टिसँगै दिइन्छ ।)

छ) उपप्रविष्टिहरूको निर्धारण (सबै कोशीय एकाइहरूलाई मूल प्रविष्टिमा नदिई उपप्रविष्टिमा पनि दिइन्छ ।)

**ग) कर्पसमा आधारित पद्धति** : यस पद्धतिमा विभिन्न विधाका भाषिक सामग्रीहरूलाई कम्प्युटरमा प्रविष्टि दिई पाठ निर्माण गरिन्छ । अनि तिनै पाठबाट शबद सूची निर्माण गरी कोशीय एकाइहरूको निर्धारण गरिन्छ । पाठबाट शबद सूची मात्र निर्माण गरिँदैन, प्रत्येक शबदलाई तिनीहरूको प्रयोग सन्दर्भ सहित देखाइनछ र त्यही प्रयोगलाई आधार मानेर अन्य विवरणहरू निर्धारण गरिन्छ । मदन पुरस्कार गुठीद्वारा निर्माण प्रक्रिया प्रारम्भ गरिएको **समकालीन अनलाइन नेपाली शब्दकोश**को निर्माण प्रक्रिया यस प्रकार रहेको जानकारी पाइन्छ–

## २.५ शब्दकोशका प्रमुख अङ्ग

### २.५.१ पूर्वभाग

पूर्व भाग कोशको आरम्भिक अंश हो । यसमा कोशको बाहय कलेवरदेखि कोश प्रयोग सम्बन्धी सूचनाहरू पर्दछन् । आधानिक कोशको पूर्वभागमा शीर्षक, भूमिका, संक्षेप सूची, विराम र सङ्केत चिह्नह ? रहन्छन् । नेपाली कोशमा भूमिकाभित्र व्याकरणिक विश्लेषण पनि दिइएको पाइन्छ तर यो अंश आधुनिक कोशको ढाँचाभित्र पर्दैन ।

**क) शीर्षक** : शीर्षक कोशको पहिलो पृष्ठमा रहन्छ । यसको सम्बन्ध कोशको नामकरणसँग मात्र सम्बन्धित हुँदैन, कोशको प्रकृतिलाई पनि यसले सङ्केत गरेको हुन्छ । जस्तै– टर्नरको **ए कम्प्यारेटिभ एन्ड इटिमोलजिकल डिक्सनरी अफ नेपाली ल्याङ्ग्वेज**, प्रज्ञा प्रतिष्ठानको **बृहत् नेपाली शबदकोश**, हेमाङ्ग राज अधिकारिको **प्रयोगात्मक नेपाली शबदकोश** आदि । कोशको नाम वा शीर्षक निर्माण गर्दा विषय, क्षेत्र, प्रयोजन आदि पक्षलाई पनि सङ्केत गर्न सकिन्छ । जस्तै– स्थाननाम कोष, भाषिका कोश, प्रकृति प्रत्यय कोश आदि । तर सबै कोशको शीर्षक विषयगत भने हुँदैन । कतिपय कोशमा निर्माण गर्ने संस्थाका आधारमा पनि

कोशको नामकरण गरिएको हुन्छ । जस्तै– **द अक्सफोर्ड इङ्लिस डिक्सनरी**, **वेब्स्टर्स इङ्लिस डिक्सनरी** आदि । कोशको नामकरण जुन प्रक्रियाबाट गरिएको भए पनि त्यसमा भाषाको नाम भने अवश्य रहन्छ ।

**ख) भूमिका :** कोशको पूर्वभागमा रहने अर्को महŒवपूर्ण भाग भूमिका हो । यसलाई प्रकाशकीय र सम्पादकीय गरी दुई भागमा विभाजन गर्न सकिन्छ । प्रकाशकीय अन्तर्गत कोश योजनाका विषयमा उल्लेख गरिन्छ भने सम्पादकीयमा कोशको सम्पादनमा अवलम्बन गरिएका विधि र कोशको प्रयोग विधिका बारेका उल्लेख गरिएको हुन्छ । नेपाली बृहत् शबदकोश र प्रयोगात्मक नेपाली कोशको भूमिका खण्ड अन्तर्गत रहेका विषयका उपशीर्षकबाट यो कुरा बुझ्न सकिन्छ । जस्तै–

**अ) नेपाली बृहत् शब्दकोश :** प्रस्तावना, शब्द चयन र प्रविष्टि अनुक्रम, व्युत्पत्ति, वर्णविन्यास, उपसंहार

**आ) प्रयोगात्मक नेपाली शब्दकोश :** प्राक्कथन (विना शीर्षक), शब्दहरूको छनोट र प्रविष्टि, वर्णानुक्रम, वर्ण विन्यास, उच्चारण, स्रोत र व्युत्पादन, शब्दवर्ग र व्याकरणिक सूचना, अर्थ निर्धारण र प्रयोग । (यसमा शब्दकोशको प्रयोग सम्बन्धी सूचना छुट्टै शीर्षकमा दिइएको छ ।)

**ग) प्रयोग निर्देश :** आधुनिक कोशमा भूमिका (सैद्धान्तिक चर्चा) भन्दा बढी प्रयोग सन्दर्भलाई महŒव दिने गरेको पाइन्छ । फलतः नेबृ कोशले सम्पादकीय दिएको भए पनि प्रने कोशले भूमिका (प्राक्कथन) र प्रयोग निर्देश (शब्दकोशको प्रयोग कसरी गर्ने ?) दुवै दिएको छ ।

प्रने कोशमा दिइएको प्रयोग निर्देशनमा नेपाली वर्णहरूको क्रम र उच्चारण सङ्केतका साथै स्रोत, व्युत्पादन, शब्दवर्ग, व्याकरणिक सूचनाहरू, अर्थ र प्रयोग निर्देश सम्बन्धी व्यवस्थाका साथै अरू केही सामान्य निर्देशन पनि दिइएको पाइन्छ । यस्तो निर्देश दिँदा प्रयोक्तालाई शब्द खोज्न वा शबदकोश प्रयोग गर्न सजिलो होस् भन्ने उद्देश्य राखिएको पाइन्छ ।

**घ) संक्षेप सूची र चिह्न सूची :** शब्दकोशको निर्माणमा एकै प्रकारका शब्दहरूको पुनरावृत्ति पटक पटक भइ रहन्छ । यस्तो पुनरावृत्तिलाई रोक्न प्रत्येक कोशमा संक्षिप्त शब्दहरूको सूची दिइएको हुन्छ ।

**ङ) वर्ण सूची :** द्विभाषिक वा बहुभाषिक कोशमा कोशीय प्रविष्टिकुन आधारमा गरिएको छ ? भन्ने स्पस्ट्याउन वर्ण सूची पनि दिइएको हुन्छ ।

टर्नरको नेपाली कोशमा नेपाली वर्णका लेख्य चिह्न र तिनका निम्ति प्रयोग गरिएका रोमन चिह्नहरूको सूची यस प्रकार छ–नेबृ कोशमा वर्णसूची दिइएको छैन तर प्रने कोशमा भने प्रयोग निर्देश अन्तर्गत वर्ण सूची र त्यसको प्रयोग विधि समेत दिइएको छ ।

## २.५.२. मूल भाग

मूल भाग शब्दकोशको महŒवपूर्ण अंश हो । यसलाई प्रविष्टिको व्यवस्थापन पनि भनिन्छ । सामान्य कोशमा प्रविष्टि व्यवस्थापन अन्तर्गत निम्न लिखित विवरण रहन्छन्– वर्ण विन्यास, उच्चारण, पदवर्ग, रूपायन, व्युत्पत्ति, अर्थ विधान, प्रयोग क्षेत्र पहिचान (ग्कबनभ ीबदभकि), व्युत्पन्न शब्द, सामनार्थक शब्द, विपरीतार्थक शब्द आदि । शब्दकोशका मानक अङ्गहरूलाई वार्ष्णेय (१९९१/९२) ले भाषा वैज्ञानिक शब्दावलीमा यस प्रकार देखाएका छन्–

- लेखिम वैज्ञानिक : मानक वर्णविन्यास
- वर्ण वैज्ञानिक : उच्चारण
- रूप वैज्ञानिक : पद वर्ग (नाम, विशेषण आदि, व्युत्पादन, समास, क्रियाका प्रकार, चयन प्रतिबन्ध आदि)
- वाक्य वैज्ञानिक : रूपावली, प्रयोग आदि
- ऐतिहासिक : व्युत्पत्ति, अर्थ परिवर्तन
- क्षेत्रगत/संस्थागत लेवल : प्रयोजनपरक, शैली वैज्ञानिक, अश्लील, आलङ्कारिक, आर्ष,वर्गीय, प्राविधिक आदि ,
- अर्थ विधान : क) मूल अर्थ (त्वतष्यलबा :ष्लष्लन)

  ख) सन्दर्भगत– निदर्शनात्मक अर्थ (च्भाचचभलतष्यलबा :भलष्लन), वितरणात्मक अर्थ (मष्कतचगदगतष्यलबा ःष्लष्लन), विशिष्ट अर्थ (रूढ पदावली र टुक्कामा आधारित)

  ग) तुल्यार्थक शब्द : समानार्थक, विपरीतार्थक, चित्रात्मक वर्णन, वाक्य ढाँचामा पारिभाषिक अर्थ

कतिपय कोशमा उखान, टुक्का र व्युत्पन्न शब्दलाई पनि प्रविष्टि दिइन्छ । **प्रज्ञा नेपाली कोश**ले प्रस्तावित गरेको प्रविष्टि ढाँचा यस प्रकार पाइन्छ–

१. प्रविष्टि/वर्णविन्यास

२. उच्चारण,

३. कोटि/उपकोटि

४. व्युत्पत्ति

५. अनियमित रूप

६. अर्थ

क) प्रयोग क्षेत्र

ख) पारिभाषिक अर्थ

ग) समानार्थी/तुल्यार्थी शब्द

घ) विपरीतार्थी शब्द

ङ) उदाहरण/स्रोत सन्दर्भ

७. टुक्का/पदावली

ख) अर्थ

ग) आवश्यक परेमा उदाहरण

८. व्युत्पन्न शब्द

क) आवश्यक परेमा वैकल्पिक वर्ण विन्यास

ग) प्रयोग क्षेत्र/भाषिका

घ) पारिभाषिक अर्थ

ङ) उदाहरण/स्रोत सन्दर्भ

च) समानार्थी, तुल्यार्थी, विपरीतार्थी,

छ) टुक्का/पदावली

कोशको प्रकति अनुसार प्रविष्टिका साथ दिइने सूचनाहरू फरक फरक हुन सक्छन् । सामान्य कोशमा भने माथि उल्लेख गरिएका सबै सूचना रहन्छन् । यस्ता सूचनालाई उद्देश्य भाग र विधेय भाग गरी दुई भागमा विभाजन गरिन्छ । यसरी विभाजन गर्दा वर्ण विन्यास, उच्चारण, स्रोत, व्युत्पत्ति, व्याकरणिक सूचना अदि उद्देश्य भागमा र अर्थ, उदाहरण, प्रयोग आदि विधेय भागमा पर्दछन् ।

**क) मूल शब्द :** शब्द कोशको प्रविष्टि अन्तर्गत रहने पहिलो एकाइ मूल शब्द हो । यसलाई शीर्ष शब्द (ऋष्तबतष्यल ायचक), उद्धृत शब्द, प्रविष्टि शब्द पनि भनिन्छ । शीर्ष शब्दको चयन रूप र अर्थ दुवै दृष्टिबाट गरिन्छ र नियमित व्याकरणिक रूपावली बाहेक अरू प्रकारका सबै शब्दलाई मूल शब्दका रूपमा चयन गरिन्छ । मूल शब्दहरू कोशीय शब्द वा प्रातिपदिकसँग तुलनीय हुन्छन् तर मूल शब्द अन्तर्गत अनियमित रूपहरूले पनि प्रविष्टि पाउँछन् । यस प्रकारका प्रविष्टिमा आर्थी विवरण नदिई प्रतिनिर्देश मात्र गरिन्छ । जस्तै–

**गयो** जांयो अक्रि. 'जा' धातुको सामान्य भूतकालको तृतीय पुरुष एक वचनमा प्रयोग हुने रूप, हेर्नू– जा ।

यसै गरी छ , थि, हु, भ जस्ता आदेश का रूपमा देखा पर्ने धातुहरूलाई पनि कोशमा अलग अलग मूल शब्दका रूपमा प्रविष्टि दिइन्छ । कतिपय कोशीय एकाइको रूपावली विशिष्ट प्रकतिको हुन्छ । जस्तै– उ, उस, उनी, उन आदि । यिनीहरू एउटै प्रातिपदिकका रूपावली

भए पनि यिनीहरूको रूप रचना विशिष्ट भएको हुँदा मूल शब्द अन्तर्गत प्रातिपदिकका साथ रूपावलीको व्याकरणिक सूचना दिइएको हुन्छ र रूपावलीलाई पनि मूल शबदका रूपमा प्रविष्टि दिई सन्दर्भ निर्देश (हेर्नू) गरिएको हुन्छ । जस्तै–

**ऊ–** सर्व. ़तिर्यक् उस, ब.व. उनी, तिर्यक् ब.व. उन

**उस–** सर्व. ़'ऊ'को एक वचनको तिर्यक् रूप

**उनी–** सर्व. ़'ऊ' को बहुवचनको रूप

**उन–** सर्व. ़'ऊ'को बहुवचनाको तिर्यक् रूप

कतिपय कोशीय एकाइ व्याकरणिक प्रकार्यका दृष्टिले विशिष्ट प्रकृतिका हुन्छन् । फलतः यस्ता एकाइलाई मूल शब्द अन्तर्गत दिँदा तिनहिरूको व्याकरणिक विशिष्टता पनि सङ्केत गरिन्छ । जस्तै–

**प्राणाः** ना. जीवन ब.व. मात्र

कोशीय एकाइहरूका सामान्य रूपावलीलाई कोशमा प्रविष्टि दिइँदैन तर त्यस्ता रूपावलीको अर्थ सामान्य रूपावलीमा भन्दा विशिष्ट छ भने तिनीहरूलाई विशिष्ट रूपमा प्रविष्टि दिइन्छ । जस्तै–

उनी– सर्व. तृतीय पुरुष सर्वनाम ऊ को सामान्य आदर जनाउने शब्द,

मूल शब्द चयन गर्दा कोशको प्रकृति अनुरूप विभिन्न कुरामा ध्यान दिइन्छ । खास गरी सन्दर्भपरक कोशमा सम्बन्धित भाषाका समस्त शब्द समावेश गरिन्छ भने मानक कोशमा लेख्य भाषामा र औपचारिक सन्दर्भमा प्रयोग हुने शब्दहरू मात्र चयन गरिन्छ । यसरी मूल शब्द चयन गर्दा बहुप्रचलित शब्द मात्र चयन गरिँदैन, लुप्त वा आर्ष शब्द, प्राविधिक तथा पारिभाषिक शब्द, कतिपय व्यक्ति वाचक शब्द, रिक्त/प्रत्यवत् शब्द, प्रत्यय र विभक्ति, प्रकार्यपरक शब्द, समस्त शब्द, संक्षेप शब्द, विशिष्ट पदावली वा टुक्का र उखानहरू समेत दिइएको हुन्छ ।

शब्दकोशमा कहिले काहीँ वैकल्पिक प्रविष्टि पनि दिइन्छ । यसरी प्रविष्टि दिँदा वैकल्पिक प्रविष्टिमा अर्थ नदिई मूल प्रविष्टि हेर्नू भनी सङ्केत मात्र गरिएको हुन्छ । जस्तै–

अर्द्ध – हे. अर्ध

**अर्ध**– वि. ़सं. १. आधा, सिङ्गोलाई दुई भाग गर्दा बन्ने एक भाग, २. खण्ड, टुक्रा ।

शब्दकोशमा कतिपय शब्दलाई शीर्ष शब्दमा प्रविष्टि नदिई उपप्रविष्टिमा राखिएको हुन्छ । यसलाई निडन भनिन्छ । खास गरी शीर्ष शब्दसँग समास भएका तर सन्धि नभएका शब्दहरू, पदावली, उखान र टुक्काहरू आदि उपप्रविष्टिमा रहेका हुन्छन् । नेपाली बृहत् शबदकोशमा यो प्रविधि अबलम्बन गरिएको छ । जस्तै–

**अर्ध**– वि.स. १. आधा, सिङ्गोलाई दुई भाग गर्दा बन्ने एक भाग, २. खण्ड, टुक्रा । श्र**अर्धङ्गी**– वि. १. बेढङ्गी, अर्धसिल्ली, एकोहोरो । २. आधा शरीर मात्र चल्ने, पक्षाघात भएको । श्र**अर्धङ्ग्याइँ** – ना अर्धङ्गी हुनाको भाव वा अवस्था, अर्धङ्गी अवस्था, अर्धङ्गीपना । श्र**अर्धङ्ङी** – ना हे. अर्धङ्गी । **–चन्द्र** – ना. १. आधा मात्र देखिएको चन्द्रमा, अष्टमीका दिनमा देखिने चन्द्रमा । …………

**आँखे** – ना. ़आँखो+ए वि. आँखा भएको, आँखा हुने (एक आँखे, दुई आँखे आदि) । ञ**टिमुर**– ना. टिमुरको एक भेद, बोके टिमुर । ञ **सल्लो** – ना. एक जातको सल्लो ।

शब्दकोशलाई संक्षिप्त बनाउन उपप्रविष्टिको प्रयोग उपयोगी देखिन्छ तर उपप्रविष्टिको प्रयोग गर्दा प्रचलित शब्द पत्ता लगाउन कठिन पनि हुन्न सक्छ । साथै उपप्रविष्टिमा वर्णानुक्रम खजमजिने सम्भावना पनि रहन्छ । यसैले सबै शब्दकोशमा उपप्रविष्टि दिइएको हुँदैन । अधिकारी समेतको प्रयोगिक नेपाली शब्दकोशमा सबै कोशीय एकाइलाई मूल प्रविष्टिमा नै राखिएको छ । जस्तै–

**अर्ध**– (तत्स.) वि. कुनै सिङ्गो वस्तुलाई दुई भाग गर्दा बराबर बन्ने अंश, आधा, विप. पूरा ।

**अर्धङ्गी**– /अर्धङ्गि/ ़अर्ध+अङ्ग+ई वि. १. मनस्थिति ठीक नभएको, अर्धसिल्ली, अर्धपागल । २. अधबेस्रो, बेढङ्गी । अर्धङ्गी साथीको फेला परिएछ, दुःख पाइयो ।

**अर्धचन्द्र** – (तत्स.) ़अर्ध+चन्द्र ना. १. चन्द्रमाको आधा भाग, आधा चन्द्रमा, विप. पूर्णचन्द्र । २. आधा चन्द्रमा जस्तो चिह्न, चन्द्रबिन्दु । ३. कसैलाई घोक्र्याउँदा गर्धनमा पर्ने हातको आकार, घोफ्रेठ्याक, घोक्रेछुत्ती ।

**ख) वर्ण विन्यास र उच्चारण** : शब्दकोशमा मूल ब्दको प्रविष्टि मानक वर्णविन्यासमा दिइन्छ तर कतिपय मूल शब्बदका एकभन्दा बढी वर्णविन्यास मानक हुन सक्छन् । यस्तो अवस्थामा दुबै वर्णविन्यासलाई मानक मानेर प्रविष्टि दिइएको पाइन्छ । जस्तै–

हिन्दी : दिवार, दीवार 'पर्खाल, भित्तो'

अङ्ग्रेजी : Crosier, Crozier /Labour (USA labor)

नेबृ कोशमा भने कतिपय शब्दलाई अलग अलग प्रविष्टि दिई दुवै ठाउँमा कोशीय सूचनाहरू दिइएको छ ।

कतिपय शब्दमा भने एउटा वर्ण विन्यास मात्र मानक हुनछ र अर्को वर्णविन्यास प्रचलनमा देखिए पनि मानक मानिएको हुँदैन । यस्तो अवस्थामा अमानक वर्ण विन्यासलाई कोशीय एकाइका रूपमा प्रविष्टि दिइए पनि कोशीय सूचनाहरू नदिइ सन्दर्भ निर्देश मात्र गरिन्छ ।

कतिपय कोशमा वैकल्पिक उच्चारणलाई एक साथ नदिई कोष्टकमा पनि दिइन्छ । माथिको अङ्ग्रेजी उदाहरणमा पनि दोस्रो शब्दको वैकल्पिक वर्णविन्यासलाई यसरी नै दिइएको छ ।

शब्दकोशमा दिइने वर्ण विन्यास जस्तै उच्चारण पनि मानक नै हुन्छ । तर के एकभाषी शब्दकोशमा उच्चारण सङ्केत आवश्यक छ ? यो प्रश्न महŒवपूर्ण छ । खास गरी भारतीय भाषाहरूका निम्ति प्रयुक्त आक्षरिक लिपिले उच्चारणलाई नगिचबाट प्रतिनिधित्व गर्ने हुँदा उच्चारणको छुट्टै सङ्केत गर्नु नपर्ने तर्क प्रबल पाइन्छ तर वास्तविकता के देखिन्छ भने कुनै पनि लिपि भाषाको उच्चारणलाई पूर्ण रूपमा प्रतिनिधित्व गर्न समर्थ हुँदैन । साथै भारतीय भाषाहरूमा संस्कृतका तत्सम शबदहरू प्रशस्त रहेका र भाषाको कथ्य रूपमा ठूलो परिवर्तन आइ सक्ता पनि लिखित रूप पुरानै हुने गरेबाट यी भाषाका शब्दकोशहरूमा पनि उच्चार्य रूप दिनु अनिवार्य देखिँदै गएको छ । द्विभाषी कोशहरूमा भने उच्चारण सङ्केत अनिवार्य हुन्छ । उच्चारण सङ्केतविना अन्य भाषाका वक्ताहरू शब्दकोश उपयोग गर्न सक्तैनन् ।

शब्दकोशमा दिइने उच्चारणका निम्ति कुन लिपि प्रयोग गर्ने भन्ने कुरा पनि महŒवपूर्ण छ । प्रयोकर्ताहरूको सुविधाका निम्ति परम्परागत लिपिमा सामान्य सङ्केतहरू थपेर प्रयोग गर्नु सुविधाजनक हुन सक्छ तर यस्ता लिपिमा धेरै प्रकारका सीमा हुन्छन् । फलतः उच्चारण सङ्केतका निम्ति अन्तर्राष्ट्रिय ध्वनितात्विक लिपिको प्रयोग गर्नु बढी वैज्ञानिक हुन्छ । तर अध्वव प्रयोग गर्दा के कस्ता लेख्य चिह्नका निम्ति के कस्ता लिपिचिह्न र सङ्केत चिह्न प्रयोग गरिन्छ भन्ने कुराको जानकारी पहिले नै दिनु आवश्यक हुन्छ । किनभने सामान्य पाठक अध्ववसँग परिचित हुँदैनन् ।

नेपाली वर्णहरूको उच्चारण सङ्केतका निम्ति निम्न लिखित अध्वव चिह्न प्रयोग गर्न सकिन्छ–

**घ) स्रोत/व्युत्पत्ति** : शब्दको व्युत्पत्ति भनेको त्यसको रचना प्रक्रिया हो । यसको सङ्केत कतिपय कोशमा उद्देश्य भागमा गरिन्छ र यसलाई प्रायः कोष्ठकमा दिइनछ । कतिपय कोशमा भने स्रोत वा व्युत्पत्तिको निर्देश प्रविष्टिको अन्त्यमा मात्र दिइन्छ ।

शब्दकोशमा दिइने स्रोत वा व्युत्पत्तिको सङ्केत दुई प्रकारको हुन्छ– ऐतिहासिक र समकालिक । ऐतिहासिक व्युत्पत्तिमा त्यो शब्द कसरी परिवर्तित हुँदै आएको छ भन्ने विवरण दिइन्छ भने समकालिक व्युत्पत्तिमा त्यसको रचना कस्तो छ ? भन्ने मात्र देखाइन्छ ।

भारतीय भाषाका कोशमा स्रोत सङ्केत गर्दा भाषाहरूको नाम दिने प्रचलन पाइनछ । जस्तै–

नेपाली : हात (सं. हस्त)/ कोट (अङ्.कोट) आदि ।

हिन्दी : खोप्रा (सं. खर्परा)/ गल्ला (अरबी गुल आदि ।

समकालिक प्रकृतिको व्युत्पत्ति भनेको शबदको रचना प्रक्रियाको सङ्केत हो । ...........

**ङ) व्याकरणिक सूचना** : उद्देश्य भागको अन्त्यमा व्याकरण सम्बन्धी सूचना दिइन्छ । यस्तो सूचना प्रायः कोष्ठ भित्र रहन्छ । कतिपय कोशमा व्याकरणिक सूचनाहरू विधेय भागमा पनि रहन्छन् । विधेय भागमा दिइने व्याकरणिमक सूचनाहरू कोष्ठकमा दिइँदैननन् । यस्ता सूचना अर्थ निर्धारणमा सहयोगी हुन्छन् ।

कोशमा व्याकरणिक सूचनाहरू दिनु भनेको कोशीय एकाइहरूको रूप–वाक्यात्मक -Morpho Syntactic) स्थिति स्पस्ट्याउनु हो । तर कोशमा सबै प्रकारका व्याकरणिक सूचनाहरू भने दिइँदैन । जुन सूचना अनियमित छ या यादृच्छिक छ त्यस्ता सूचनाहरू मात्र दिइनछ । नेपालीमा नामको लिङ्गपरक कोटि पूर्ण रूपमा नियमित छ । यसलाई ममानवीय नामले एकवचनमा जनाउने पुरुष र स्त्रीको भिन्नताका रूपमा सहज रूपमा चिनाउन सकिन्छ । यसैले नेपाली कोशमा नामको लिङ्गका बारमा कुनै सूचना दिइएको छैन तर हिन्दीमा नामको लिङ्ग अनियमित छ । फलतः हिन्दीका सबै कोशमा नामको व्याकरणिक सूचना अन्तर्गत लिङ्गको सङ्केत अनिवार्य रूपमा गरिएको हुनछ । कोशमा दिइने क्रियाका व्याकणिक सूचना अन्तर्गत अकर्मक र सकर्मक क्रिउयाको सङ्केत अनिवार्य हुनछ, किनभने वाक्य रचनामा अकर्मक क्रियाले कर्म लिँदनन् र सकर्मक क्रियाले कर्म पनि लिन्छन् ।

व्याकरणिक सूचनाहरूलाई दुई प्रमुख वर्गमा विभाजन गरिन्छ– परिचयात्मक र परिसीमन । परिचयात्मक सूचना भनेका कोशीय एकाइका अनिवार्य विशेषता हुन् स। यस अन्तर्गत व्याकरणिक पदवर्ग र उपवर्ग सम्बन्धी सूचनाहरू पर्दछन् । यसै गरी परिसीमन अन्तर्गत जुन एकाइमा सामान्य भन्दा विशिष्ट प्रवृत्ति पाइनछ त्यसलाइ सङ्केत गरिन्छ । जस्तै– जा धातुको भूतकालमा गयो हुनु, छ को भूतकालमा भ हुनु आदि ।

नेपालीमा गणनीय नामले एक वचन र बहुवचन दुवैको कमा गर्दछन् तर अगणनीय नामले बहुवचन को मकाम गर्दैनन् तर कुनै खास नामले विशेष परिस्थितिमा बहुवचनाका रूपमा काम गर्दछ भने त्यसलाई व्याकरणिक सूचना अन्तर्गत समावेश गर्नु पर्ने हुनछ । जस्तै–

कोशमा व्याकरणिक सूचनाहरू दिँदा व्याकरिाक लेबल सहित दिइन्छ । जस्तै– **घर** (ना.) **गर्**–नु (क्रि.सक.) आदि ।

कोशमा व्याकणिक सूचना कति दिने र कहाँ दिने भन्ने कुरा कोशको प्रकृतिमा निर्भर हुन्छ । कतिपय कोशमा प्रविष्टि भित्रै व्याकरणिक सूचनाहरू दिइनछ भने कतिपय काशमा भूमिका वा परिशिष्टमा मात्र व्याकरणिक सूचना दिइनछ । यसै गरी कतिपय कोशमा नियमित व्याकरणिक प्रक्रियको विवरण भूमिकामा दिइन्छ र अनियमित सूचनाहरू मात्र कोशीय प्रविष्टिका साथ दिइन्छ । सामान्य कोशमा बढी भन्दा बढी सूचना दिएइन्छ तर वर्णविन्यास कोश, उच्चारण कोश आदिमा भने यस्तो सूचना आवश्यक हुँदैन ।

**ङ) अर्थ निर्देश** : अर्थ निर्देश शब्दकोशको महŒवपूर्ण भाग हो । यसमा विवरण वा परिभाषा, तुलनात्मक अर्थ विधान, (पर्याय, विपर्यय, सह प्रयोग), प्रयोग, चित्राङ्कन, आदि अनेक युक्ति प्रयोग गरिन्छ । यस्ता सबै युक्ति सबै शब्दमाप्रयोग गर्नु भने पर्दैन । जुन जुन युक्ति प्रयोग गर्दा जुन शब्दको अर्थ स्पष्ट हुनछ, ती ती युकितहरू मात्र प्रयोग गरे हुनछ । बहुअर्थक शबदमा प्रयोग बाट अर्थ स्पष्ट गर्नु आवशयक हुनछ भने आगन्तुक शबदमा व्त्पत्ति दिनु आवहशयक हुनछ ।

**अ) विवरण वा परिभाषा** : विवरण भनेको कोशीय एकाइको सम्बन्ध वस्तु जगतसँग के कसरी रहेको छ भन्ने स्पस्ट्याउनु हो । यस्तो अर्थ विश्वकोशीय प्रकृतिको हुनछ । जस्तै–

नेपाली : **गाजल**

विवरण जस्तै परिभाषा पनि अर्थ विधानको अर्को उपाय हो । यो पनि भाषिक भन्दा भाषेतर बढी हुनछ । विज्ञान तथा प्रविधिका षेत्रमा प्रचलित शबदको अर्थ निर्धारणमा यो प्रक्रिया उपयोगी हुनछ । जस्तै–

जीव जन्तु वा वनस्पतिको आर्थी सूचना पनि प्रायः विवरणातमक नै हुनछ । यस्ता शबदको अर्थ निर्धारण का निमित ती वस्तुलाइृ समान वर्गमा विभाजन गरी समावेशप शबदको प्रयोग आवशयक हुनछ । जस्तै–

रूख : साल, सिसौ, कटहर, कटुस, बर, गिँदेरी, आदि । यी शब्दको अर्थ निर्धारणका निमित यिनीहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । जस्तै–

**सल्लो** ना. उच्च पहाडमा उम्रने **जङ्गली** रूख

**कटहर** ना. गर्मी बढी हुने क्षेत्रमा उम्रने **फलदार** रूख

**बर** ना गमी क्षेत्रमा उम्रने **छायादार** रूख

गिँदेरी ना. मध्य पहाडमा उम्रने घाँसे रुख आदि ।

शबदको परिभाषा दिँदा परिचित शबदावलीमा दिनु पर्दछ र मूल शब्दको परिभाषा गरि सकेपछि व्युत्पन्न शब्दको अर्थ निर्धारण त्यसैलाइृ आधार मान्नु पर्दछ ।

आ) सादृश्यमूलक शबदको प्रयोग : शब्दको अर्थ निर्धारण गर्ने दोस्रो युक्ति हो तुलनीय शबदहरूको प्रयोग । यस्ता शबद तीन प्रकारका हुनछन्– समानार्थक, विपरीतार्थक र तुलनात्मक ।

अर्थ निर्धारणका निम्ति सामान्यतः समानार्थक शबदहरू बढी प्रयाग गरिन्छ ।

**३.३. उत्तर भाग** -विभिन्न शबदको कोशीय स्वरूपका दृष्टिले वर्गीकरण, कोशवैत्रानिक अभिलक्षण आदि, संक्षिप्त शबद सूची, व्युत्पादक नियम र उदाहरणसूची, नाप तौलका

एकाइ, बार, गते, महिना आदि, समयका एकाइ, सङ्ख्याका इकाइ, छपाइशुद्धिका चिहन, समय .... शबद, अभिनव प्राविधिक शबद, मान पदवी र अलङ्कार,दर्जा र श्रेणी, महŒ्वपूर्ण पुरस्कार संस्था आदि, गणितीय चिह्न,समान क्रियामूलका लाक्षणिक टुक्का, प्रचलित उखान टुक्का आदि) ।

## २.६. कोशीय एकाइहरूको संरचनात्मक अर्थ सम्बन्ध

कोशीय एकाइहरू भाषिक अर्थ बोधका आधारभूत घटक हुन् । यिनीहरूले भौतिक जगतमा विद्यमान कुनै पनि वस्तु, घटना, क्रिया आदिलाई सङ्केत गर्दछन् । यही सङ्केतन व्यापार नै कोशीय एकाइहरूको अर्थ हो । सङ्केतन प्रक्रियालाई विभिन्न आधारमा व्याख्या गर्न सकिन्छ । यस्ता केही आधार हुन्– समावेशात्मक अर्थ समबन्ध, प्रकारवाची अर्थ समबन्ध र लघुत्व वाचक अर्थ सम्बन्ध ।

### २.६.१. समावेशात्मक अर्थ समबन्ध (Hyponymy)

कुनै एउटा शब्द भन्ना साथ त्यसले विविध शब्दका अर्थलाई समावेश गर्दछ भने त्यसलाई समावेशात्मक भनिन्छ । अर्थात् रंग भन्नासाथ कालो, सेतो, रातो, नीलो, हरियो, पहेलो आदि विभिन्न रंगहरू बुभिन्छ भने रातो रंग भन्नाले केवल रातोलाई मात्र बभ्काउँछ । त्यसले अन्य रंगका प्रकारलाई बुभ्काउँदैन । अतः मान्छे र छोरो, फूल र लाली गराँस, रुख र पिपल, जनावर र बाघ, पंक्षी र परेवा आदि समावेशात्मकताको सम्बन्ध भएका पद हुन् । माथि उल्लेख गरिएका जोडा उदाहरणमा क्रमशः मान्छे, फूल, रुख, जनावर, पंक्षी समावेशात्मक शब्द हुन् भने छोरो, लाली गुराँस, पिपल, बाघ,परेवा शब्द समावेशीत शब्दहरू हुन् । बभ्कांगी भाषिकामा पनि यस्ता शब्दहरू थुप्रै रहेका छन् जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

जस्तै :–

देश = क्षेत्र, अञ्चल, जिल्ला, नगर, गाँउ, टोल.....

अभिलेख = शीलापत्र, ताम्रपत्र, कनकपत्र.......

फूल = हजारी, सुपारी, गोदावरी, चमेली, च्वाँफूल, गुलाफ......

अन्न = धान, गहुँ, मकै, कोदो.......

तर्कारी = आलु, भुजो, लौको, चिचिन्नो, तितोकरेलो, टमाटर, प्याज.......

स्वाइनि माइस = स्वास्नी, इजा, बउजु, चेली, दिदी, बैनी

लोग्न्यामाइस = पोइ, बुबा, दाजु, चेलो, भाजा

समावेशात्मक अर्थ समबन्धलाई चार आधारमा विभाजन गर्न सकिनछ– अङ्ग अङ्गी समबन्ध, प्रकार वाची समबनध, लघुत्व वाचक समबन्ध र अन्तर्निहित समबन्ध । विभिन्न शब्दहरूलाई अर्थगत रुपमा अध्ययन गर्दा समावेशात्मक अर्थ सम्बन्ध देखिन गएको छ ।

उदाहरणका रुपमा घर र यात्री शब्दलाई लिइएको छ जसलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**घर**

**समानार्थी** घर, गृह, भवन, आलय, बास, शाला, आवास, निवास, निकेतन, सदन, सद्म, गेह, वेश्म, उद्वसित, मन्दिर, बसेरा, कुटी, मतान, झुप्रो, झोपडी, (मकान, होम, हाउस)

**प्रणीका घर** दुलो, प्वाल, गोठ, गुँड, तबेला, खोर, गन्जा, गोठ, डिही, छाप्रो

**घरको सहयोगी निर्माण :** करेटो, पाली, मतान, डिही, माँच, याक्सा, पाली, उभ्यौटो

**विपरीत** प्रवास, परदेश, विदेश, टाढा

**घरको नाम राखिने शब्द** कटेरो, बसेरा, निवास, बास, कुटी, भवन, निकेतन, (होम, हाउस, कटेज)

**घर नभएको मानिस** सुकुम्बासी, बेघर, घरहीन, सर्वहारा, तन्नम, गरिब, बिचरा,

**घर जस**को हो त्यो गृहपति, घरपटि/पट्टी/पति, घरवाला, घरधनी, घरमालिक, मकान मालिक, घरिना,

**घर सम्**बन्धी घरेलु, घरायस, घरघरायस, घरायसी, घरभाँडा, घडेरी (घऱ्याडी)

**स्त्री**को घर हुनु घरजम गर्नु, घर खानु, कुलस्त्री, कुलबधू, घरिना, कुलकी केटी, लिचछनकी, घर बसाउनु वा बिगार्नु घर बनाउनु, घर सपार्नु, घर भाँड्नु घर भत्काउनु (बिगार्नु),

**राम्रो घर वा कुल** कुल घरान, कुल घराना, घर घरान

**घरछेउका अरु मानिस वा घरवालाहरू** छिमेकी, टोल, छिमेक, मित्र, शत्रु/वैरी, कान्ले, कराँसे,

**घरका** अङ्ग छाना, तला, झ्याल, ढोका, कोठा, चोटा, चौक, दलितन, सिलिङ, छत, बुइँगल, कौसी, भित्तो, भऱ्याङ-सिंढी, अटाली पर्खाल, छत, बार्दली, बुर्जा, भुइँतला, सन्झ्याल, आँगन,

**घरमा संलग्न** पल्ला, चौकोस, खापा, नाला, पाइप, टङ्की, नाली/नली,

**छाना वा बनाइ अनुसार घरको किसिम** पाघरी, दोमल्ला, घुमाउने, भइँतले/एकतले, दुई तले, तीन तले, गगनचुम्बी

**यी पनि घर हुन्-** संसद, सदन, दरबार, महल, भवन, सभागार, कोत, शस्त्रागार, सभागृह, वेश्म, नाच घर, सिनेमा घर, चलिचित्र भवन/हल, विद्यालय, मन्दिर, मठ, देवालय

**प्रकार** पक्की, कच्ची जस्तावाल, टाली घर, टिन घर, झिंगटी घर, छानो विनाको घर, पराले घर, झुप्रो, झोपडी, दोमल्ला, तले, दुई तले

**यात्री**

**पैदल वा वाहनद्वारा विभिन्न ठाउँमा जाने मानिस** यात्री, बटुवा, बाटो हिंड्ने मान्छे, पथिक, घुमन्ता, पान्थ, पन्थी, परदेशी, प्रवासी, पर्यटक, (टुरिस्ट, पेसेन्जर, मुसाफिर)

**पैदल यात्री** पैदल, पथिक, पदिक, बाटो हिंड्ने मान्छे, एघार नम्बरको गाडी (चढ्ने मानिस),

**यात्री जहाँबाट वा जेमा हिंड्छन्** बाटो, सडक, मार्ग पथ, पन्थ, सरणि, पद्धति, प्रणाली, राजमार्ग, मूल बाटो, गोरेटो, घोडेटो, चक्रेटो, डोरेटो, गोहो, चोरबाटो, पाइला, छाप, खुडकिला, सोपान, पर्व, खुट्टा अड्याउने ठाउँ, रस्ता

**यात्रीका साधन /वाहन (जनावार)** घोडा, हाती, गधा, खच्चड, राँगा, भैंसी, ऊँट,

**जनावरबाट सञ्चालित यात्रीका साधन/वहान** रथ, बग्गी, गोरु गाडी, राँगा गाडी, टाँगा

**मानिसले यात्रीलाई लग्ने काम** बोक्नु, उचाल्नु, डोली वा पाल्कीमा हाल्नु,

**यात्रीलाई बोक्ने मानिस** कहार, डोले, छाते, भरिया,

**यात्रीका सा**धन/वाहन (यन्त्रचालित) : साइकल, मोटरसाइकल, मोटर, कार, रिक्सा, बस, भ्यान, ट्याक्सी जीप, माइक्रो बस, अटो रिक्सा, टेम्पो, लरी/ट्रक, नाउ, हवाइ जहा/विमान, जहाज, पानी जहा, बाटोमा अवरोध (प्राकृतिक) भिर, पहाड, जङ्गल, नदी, खोला, पहिरो, हिलो, दलदल, भास, थलथले, मरुभूमि, चट्याङ झरी, चर्को घाम, खाल्डो वा जर्किन,

**बाटोमा अवरोध (मानव निर्मित**) रातो बत्ती, जाँच, बन्द, बाटो बन्द, चक्का जाम, हड्ताल, आम हड्ताल, धर्ना, जाम, ट्राफिक इसारा, चेक, स्ट्राइक

**बाटोमा अवरोध (मानव)** चोर, डाका, बाटो ढुक्ने लुटेरा, रहजनी, कनबजनी, तस्कर,

**यात्राको बाटो हुन्छ** टाढा, भिरालो, उकालो, ठाडो, ओरालो, घुम्ती, दम्स्याइलो, तेस्रो, सम्म परेको, बाङ्गो, घुमाउरो, टेडो

**यात्री जाने ठाउँ** (गन्तव्य) परदेश, विदेश, प्रवास, मेला, तीर्थ, जात्रा, धाम, मन्दिर

**यात्रीले गर्ने काम** यात्रा, भ्रमण, पर्यटन, घुमफिर, देशाटन, तीर्थाटन, रमिता हेराइ

**यात्रीका विशेष** भ्रमणशील, घुमन्ता, घुमन्ते, डुलुवा, पर्यटक, अस्थिर, जहिले पनि बाटामा हुने मान्छे ।

**यात्रीनिम्तिका निर्माण** चौतारो, फलैंचा, पाटी, पौवा, पानीशाला, धर्मशाला, अतिथि गृह, होटल, रेस्टुराँ, मोटल, सत्तल, विश्रामालय, प्रतीक्षालय, खुटकिला, ढुङ्गा छापेको पैदल बाटो,

**यात्रीको वर्णन** (काम अनुसार) छिटो, ढिलो, फुर्तिलो, घोडाजस्तो, अल्छी, जुम्सो, हँसिलो, हँसाउने, बाटाको साथी, अगुवा, पछुवा/पछौटे, टोली, नेता, अक्कली, बाटो चिन्ने, अल्मलिने, बाटो थाहा पाउने वा नपाउने

**धेरैजसो यात्रा गर्ने मान्छे** बटुवा, परदेशी, प्रवासी, घुमन्ते, डुलुवा

**घेरैजसो यात्रा नगर्ने मान्छे** घरवासी, बाँधिएको (व्यवहारले), अनिच्छुक, जरा गाडिएको

**(क) अङ्ग अङ्गी सम्बन्ध :** शब्दको अर्थमा मूल एकाइका सूक्ष्म विभाजनको अर्थ समावेश भएको छ भने त्यसलाई अङ्ग अङ्गी प्रकृतिको समावेशक समबनध भनिन्छ । यस प्रकारका केहि उदाहरण तल दिइउका छन्–

घर = छानो, पाली, पिँढी, कोठी आदि

पहाड = टाकुरो, भन्ज्याङ, देउराली, फेँदी आदि

गाई = सिङ, पुछर, पेट, थकचौडो आदि ।

**(ख) प्रकार वाची सम्बन्ध :** समावेशक शब्दहरूमा पाइने अर्को प्कारको अर्थ समबन्ध प्रकार वाची समबन्ध हो । यस्तो सम्बन्धले एकै प्रकारका वस्तुलाई आफूमा समेटेको हुन्छ । जस्तै–

मानिस= लोग्ने मानिस, स्वास्नी मानिस

रुख = आँप, कटहर, साल, सिसौ आदि

**(ग) लघुत्व वाचक सम्बन्ध :** लघुत्व वाचक शब्द भनेका वस्तुको सानो आकृतिलाई जनाउने शब्द हुन् । यस्ता शब्दहरूमा दुई स्थूल समबन्ध मात्र देखिन्छ– वृहत् आकृति र सूक्ष्म आकृति । जस्तै–

थाल = थाली,

कोदालो= कोदाली

चम्चा = चम्ची आदि ।

## २.६.२. आशयपरक अर्थ सम्बन्ध

**(क) समानार्थक सम्बन्ध :** भिन्न भिन्न शब्दहरूको समान वा उही अर्थ भएमा र त्यस्ता शब्दहरूका बीचको सम्बन्धलाई समानार्थकता भनिन्छ । यस्तो सम्बन्ध भएका शब्दहरूलाई समानार्थी वा पर्यायवाची शब्द पनि भनिन्छ । अतः दुई वा दुई भन्दा बढी शब्दहरूमा समान वा उही अर्थ हुने र त्यस्ता शब्दहरू परस्पर पर्यायवाची हुन्छन् । समानार्थी शब्द जतिभए पनि तिनले एउटै अर्थ बुझाउने गर्दछ । जस्तै –

| **शब्द** | | **पर्यायवाची शब्द** |
|---|---|---|
| आँखो | = | नयन, नेत्र, लोचन, चक्षु |
| युवती | = | तरुनी, ठिटी |
| पुस्तक | = | किताव, ग्रन्थ |

समानार्थक शब्दहरू सन्दर्भपूर्ण प्रयोगमा पर्यायवाची शब्दका रूपमा प्रयोग हुन सक्तछन् । केही उदाहरण यस प्रकार छन्–

(क) काठमाडौँ **ठुलो** सहर हो ।

काठमाडौ **विशाल** सहर हो

(ख) हरिले **पुस्तक** किन्यो ।

हरिले **किताब** किन्यो ।

माथिका उदाहरणमा ठुलो र विशाल अनि पुस्तक र किताब समानार्थक शब्दका रूपमा प्रयोग भएका छन् ।

समानार्थकतालाई निर्देश समबनध र आशय सम्बन्धका आधारमा हेर्नु आवश्यक देखिन्छ । किनभने कुनै पनि दुई शब्द निर्देश सम्बन्धका तहमा समानार्थक हुन सक्तछन् तर आशय सम्बन्धका दृष्टिले ती शब्द समानार्थक हुन सक्तैनन् । यसै आधारमा समानार्थकतालाई पूर्ण समानार्थकता र आंशिक समानार्थकता गरी दुई वर्गमा विभाजन गर्नु आवश्यक हुन्छ ।

**(अ) पूर्ण समानार्थकता :** भिन्न भिन्न शब्दहरूको अर्थ सम्पूर्णतः समान वा उही छ भने ती शब्दहरूबीचको आर्थी सम्बन्ध नै पूर्ण समानार्थकता हो । कुनै पनि भाषाको शबद कोशमा पर्यायवाची शबदका रूपमा दिइएका उदाहरणहरू निर्देश समबनधका दृष्टिले समानार्थक भएपनि आशय समबन्धका दृष्टिले भने फरक फरक हुनछन् । यसैले त्यस्ता शबदलाई पूर्ण समानार्थक शब्द मान्न मिलदेन । सामान्यतः पानी र जल शब्दलाई समानार्थक शब्द भनिन्छ तर यी शब्द सबै सन्दर्भमा समानार्थक हुन सकछन् या सकतैनन् भन्ने कुराको निर्धारणका निमित यी शब्दलाई भिन्न भिन्न आशयका साथ वाक्यमा प्यो गगर्नु आवश्यक हुनछ । जस्तै–

(क) मलाई तिर्खा ागको छ । **पानी** खान दिनु हुन्छ कि ?

मलाई तिर्खा लागको छ । **जल** खान दिनु हुन्छ कि ?

(ख) पण्डितजीले **जल** छर्कनु भयो ।

पण्डिलजीले **पानी** छर्कनु मयो ।

'क' समूहको पहिलो शब्दमा पनानी शबद तिर्खाका साथ निकट समबनधमा आउका`छ र यसले नेपाली समाजमा स्वीकृत आशय सम्बन्धलाई स्पष्ट पारेको छ । तर दोस्रो वाक्यमा तिर्खाका साथ आउँदा 'जल' शब्दले नेपाली समाजमा स्वीकृत आशय सम्बन्ध प्रकट गर्न सकेको छैन । यसै गरी 'ख' समूहको पहिलो् वाक्यमा पण्डित शब्दका साथ आउँदा 'जल' शबदले स्वीकृत आशय समबनधलाइ् स्पष्ट पारेको छ भने सोही सर्न्भमा प्योग हुँदा 'पानी' शब्दले स्वीकृत आशय समबनधलाइ् स्पष्ट्याउन सकेका`छैन ।

कुनै पनि भाषामा पूर्ण समानार्थी शब्द पाउनु ज्यादै कठिन हुन्छ । कुनै दुइ वा सो भन्दा बढी शब्दहरू पूर्ण समानार्थी भए भने ती मध्ये एउटा मात्र प्रयोगमा रहन सक्छ र या अर्को शब्दले भिन्न आशय समबन्धलाई स्पस्ट्याउन सकछ । बझांगी नेपालीमा पनि समपूर्ण सन्दर्भमा पूर्ण समानार्थक शब्द पाउन सकिँदैन ।

कतिपय अध्येताले समानार्थकतालाई भाषिकागत समानार्थकता र अन्तर्भाषिक समानताका आधारमा पनि वर्गीकरण गरेका छन् । तर एक भाषिक अध्ययनका निमित यस्तो आधार अवलम्बवन गनु आवशयक देखिँदैन ।

(आ) **आंशिक समानार्थकता :** समानार्थक शबदहरू प्रायः आंशिक रूपमा समानार्थक हुनछन् । यसैले तिनीहरू कतिपय सन्दर्भमा समानार्थक हुन नसकेपनि कतिपय सन्दर्भमा समानार्थक बन्न सकतछन् । जस्तै–

पूजा कोठामा **पानी/जल** सकिएछ ।

**हात्ती**को हाड निकै बलियो हुन्छ/ **हस्ति** हाड निकै बलियो हुन्छ ।

यसरी भिन्न भिन्न शब्दहरूको अर्थ आंशिक सन्दर्भमा समानार्थक बन्न सकछ भने ती शब्दहरूका बीचको आर्थी सम्बन्धलाई नै आंशिक समानार्थकता भनिन्छ । यसैले समानार्थको शबदको विवरण दिँदा कुन शब्द के कसता सन्दर्भमा समानार्थक हुन सकतछ र के कसता सन्दर्भमा समानार्थक हुन सक्तैनन् भन्ने विवरण पनि आवश्यक देखिन्छ ।

(ख) **विपरीतार्थ समबन्ध :** कुनै शब्दको उल्टो अर्थ दिने शब्द विशेषलाई विपरीतार्थी भनिन्छ । भाषामा यस्ता उल्टो सुल्टो अर्थ प्रदान गर्ने शब्द हुन्छन् तर तिनीहरूको संख्या प्रायः कमै हुन्छ । विशेषगरी भिन्न भिन्न दुई शब्दहरूका अर्थ मध्ये कुनै एउटाको अर्थ भित्र अर्काको अर्थ नसमेटिने अवस्थालाई नै विपरीतार्थी वा असमावेशात्मक अर्थ सम्वन्ध भनिन्छ ।

(अ) **श्रेणीवद्ध विपरीतार्थकता :** दुई वा दुई भन्दा बढी शब्दहरूको अर्थमा पाईने श्रेणीगत वा मात्रात्मक भिन्नतालाई श्रेणीवद्ध विपरीतार्थकता भनिन्छ ।

जस्तै :–

अग्लो = होचो

जेठो = कान्छो

तातो = चिसो

सानो = ठूलो

बलक = जवान

अतः यस्ता शब्दहरूका अर्थ दुई विपरीत ध्रर्वमा नभई श्रेणीक्रममा रहने अवस्था हो ।

(आ) **परिपूरक विपरीतार्थकता :** कुनै एउटा शब्दले अर्को शब्दको अर्थलाई नबुझाउँनु र भिन्न–भिन्न दुई शब्दका अर्थ श्रेणीक्रममा नभई विपरीत ध्रुर्वमा रहने आर्थी सम्बन्धलाई परिपूरक विपरीतार्थकता (Complementarity) भनिन्छ । परिपूरक विपरीतार्थर्क शब्द मध्ये एउटाको अकरणले अनिवार्य रूपमा अर्को बुझाउँछ र त्यसलाई तुलनावाची संरचनामा प्रयोग गर्न सकिदैन । जस्तैः– यी विवाहित महिला हुन् भन्दा विवाहित शब्दमा अविवाहित अर्थ समाविष्ट हुन सक्दैन । त्यस्तै सधवा, छोरी, केटी, बूढो, जीवित, खानु शब्दले आप्नो परिचय आफै दिन सक्छन् ती शब्दलाई जनाउन विधवा, छोरो, केटो, बूढी, मृत, नखानु शब्दलाई ल्याइरहनु जरुरी हुदैन । बझांगी भाषिकामा परिपूरक विपरीतार्थी केही शब्दहरू यस प्रकार रह्का छन् ।

जस्तै :–

झान् = नझान्

हट्नु = नहट्नु

गयो = गएन

रोयो = रोएन

कलडो = बड

**(इ) विरुद्धार्थक विपरीताथकता :** श्रेणीक्रममा पनि नरहने र विपरीत ध्रुवमा पनि नरहने अथवा अकरण र तुलनावाची संरचनाबाट परीक्षण गर्न नसकिने विरुद्धार्थक विपरीतार्थी हो । अर्थात् भिन्न–भिन्न दुई शब्दबीचको श्रेणीवद्ध र परिपूरक विपरीतार्थकता बाहेकको असमावेशात्मकता सम्बन्ध विरुद्धार्थकता हो । अतः विपरीत अर्थमा आउने अनि एउटालाई चिनाउन अर्को विपरीत अर्थमा प्रयुक्त हुने पदका असमावेशात्मकता शब्दलाई विरुद्धार्थक विपरीतार्थी भनिन्छ । जस्तै :

यता = उता,

वारि = पारि,

केटा = केटी,

लोग्न्या = स्वाईनि,

चेला = चेली,

सज्जन = दर्जन,

आगो = पानी

उपरोक्त शब्द परस्परमा विरुद्धार्थक देखिन्छन् । यी परस्परमा स्थानापन्न हुन सक्ने प्रकृतिका भए पनि समावेशी देखिदैनन् । अतः विपरीतार्थी शब्दहरू असमावेशी प्रकृतिका हुन्छन् भन्ने कराको यसले पुष्टि गर्दछ ।

**(ग) अनेकार्थकता :** एउटै शब्दको एक भन्दा बढी अर्थ हुने स्थिति अनृकार्थकता हो । यसलाई समानार्थकताको ठीक उल्टो स्थिति मान्न सकिन्छ । समानार्थकतामा शब्द एक भन्दा बढी र अर्थ एउटा हुन्छ भने अनेकार्थकतामा शब्द एउटा र अर्थ एक भन्दा बढी हुन्छ । अतः यो आकारगत हिसावले एउटै भएका तर अर्थगत हिसावले एक भन्दा बढी र अर्थ भएका शब्दलाई अनेकार्थी भनिन्छ । कुनै खास शब्द एउटा प्रसंगमा एउटा अर्थ र अन्य प्रसंगमा अन्य अर्थ देखापर्नु नै अनेकार्थकता हो । आशयपरक अर्थ सम्बन्धको अर्को प्रकार अनेकार्थता हो । यस अर्थ सम्बन्धलाई अन्य शब्दमा बह्वर्थता, शाखायितार्थ, क्रमजातबह्वर्थता पनि भन्न मिल्छ । संस्कृत व्याकरण महाभाष्यमा, पा.अ.सू. १.१ २० को अर्थव्याख्या क्रममा पतञ्जलिले यसलाई बह्वर्थ भनेका छन् । खास अर्थ र सन्दर्भमा प्रचलित अर्थ र सन्दर्भलाई अन्य सन्दर्भ वा प्रसङ्गमा पनि प्रयाग गर्नाले धेरै अर्थ भई यस्तो अनेकार्थता पैदा हुन्छ । कुनै वक्ता, लेखक, वा कविले नयाँ सन्दर्भ र प्रसङ्गमा शब्द आदिको प्रयोग गर्न सक्छ । यस्तो अनौठो प्रयोगमा पनि अनेकार्थता देखिन्छ । कतिपय अवस्थामा यो

'अर्थको लाक्षणिक हस्तान्तरण' जस्तो देखिन्छ । यसरी फरक खालका प्रयोगहरूको श्रृङ्खलाले अर्थमा फरक पर्दै गए पनि कुनै न कुनै रुपमा अनेकार्थक प्रयोगहरूमा समानता वा मेलको सम्बन्ध सूत्र विद्यमान रहन्छ ।

थोरै शब्दमा, कुनै शब्द आदिका परम्पर मिल्दाजुल्दा धेरै अर्थ हुनु अनेकार्थता हो र यसका उदाहरण शब्दकोशबाट टिपेर छलफल क्रमशः पेस गरिन्छ । नेवृश २०४० बाट

अन्त्य १. पछिल्लो, पुछारको, आखिरको २. आखिरी अवस्था, मर्ने वेला, अन्तिम घडी ३. किनारा, छेउ ४. समाप्ति, अवसान ५. मृत्यु, मरण

गौर१ १. गोरो रङको, सेता, गोरो २. चम्किलो, उज्वल ३. पहेंलो रङ ४. सेतो सङ ५. केशर ६. नफाटेको खुर हुने गृग

गौर२ १. रौतहट जिल्लाको सदर मुकाम, प्रमुख बस्ती, २. घोरिएर गरेको सोच विचार, त्यसरी गरिने चिन्तन मनन ।

नाक १ हिमाली उत्तरी भेगमा पाइने याकको पोथी, पोथी याक ।

नाक२ १. ओठमाथिको सास फेर्ने अङ्ग नासिका, घ्राणेन्द्रिय । २. इज्जत, मर्यादा, प्रतिष्ठा ३. चरा आदिको चुच्चो ।

अधिकारी र भट्टराई (२०६१ भूमिका पृष्ठ भ) मा अनेकार्थी शब्दलाई यस प्रकार वर्णन गरिएको छ । "एक अर्कासँग आबद्ध तर केही फरक खालका अर्थ जनाउने शब्दलाई एउटै प्रविष्टिमा राखी क्रमशः एकभन्दा बढी अर्थ प्रस्तुत....." त्यहाँबाट केही उदाहरण

चिसो १. तातो नभएको २. पानी नओभाएको, भिजेको ३. गर्मी नहुने शीतल ४. संवेदना शून्य ५. गर्मी नहुने जाडो ६. शीतल पेय ७. मनमा शंका ।

काट्नु १. धारिलो हतियारले हान्नु २. टुक्रा पार्नु ३. मेट्नु ४. रेल बस आदिको टिक किन्नु ५. अर्काको कुरा नटुङ्गिइ बिचमा बोल्नु ६. नाघ्नु, छिचोल्नु ७. समय बिताउनु ८. घटाउनु कट्टी गर्नु ९. हटाउनु, मिल्काउनु

खानु १. मुखमा हालेर निल्नु २. पेय पिउनु ३. चुरोट बिडी आदिको सर्को तान्नु ४. स्वाद लिनु, उपभोग गर्नु ५. सामान धन आदि धनीलाई नदिई पचाइ दिनु ६. बेहोर्नु झेल्नु सहनु ७. दुख्नु अतः इसापूर्व दोस्रो शताब्दीका पतञ्जलिले संसकृत व्याकरण महाभाष्यमा, पा.अ.सू. १.१ २० को अर्थव्याख्या क्रममा ग्राम शब्दका बह्वर्थताबारे यस प्रकारको वर्णन गरेका छन् । यो ग्राम शब्द बह्वर्थ छ; यस शब्दले गाउँछेउको द्वार बुझाउँछ, गाउँ पगियो; शाला समुदाय जनाउँछ ग्राम जल्यो; एक हुल मानिस जनाउँछ, गाउँ उठ्यो; खोलाछेउको ठुटो रुख जनाउँछ, गाउँ छुट्यो आदि । यो वर्णन पतञ्जलिले अन्यत्र पनि गरेका वा दोहोर्‍याएका छन् ।

ल्योन्स (१९७७ भोलम २ अ. १३) ले अनेकार्थक र नानार्थकको भेद सम्बन्धी लामो दार्शनिक चर्चा गरेका छन् ।

नेबृश २०४० : ४४ मा “एकभन्दा बढी वा नाना अर्थ हुनाको भाव वा अवस्था” भनिएको छ ।

क्रिस्टल (१९९३ : २३६) “अनेकार्थक पद त्यो हो जसको अर्थको पहुँच क्षेत्र विभिन्न हुन्छ । भाषाका ठूलो संख्यामा शब्दहरू यस्ता हुन्छन् ।.....”

अधिकारी र भट्टराई (२०६१ भूमिका पृष्ठ भ) मा अनेकार्थी शब्दलाई “एक अर्कासँग आबद्ध तर केही फरक खालका अर्थ जनाउने शब्दलाई एउटै प्रविष्टिमा राखी क्रमशः एकभन्दा बढी अर्थ......” का रुपमा लिइएको छ ।

अधिकारी (२०६२-८-२३) ले “एउटा अर्थ मुख्य भई अन्य अर्थहरू त्यसैका विस्तारित अर्थजस्ता लाग्ने अर्थहरूको एकापसी सम्बन्धलाई अनेकार्थता....” भनेका छन् । खनाल (२०६५ ख १२१) मा नदीको मुख, गाग्रीको मुख, सियाको मुख, गुफाको मुख, मानिसको मुख आदिमा रहे जस्तो अर्थको अनेकता भनिएको छ । जस्तै :

**अन्नी१** - ना.माघका मैनामा चेलीवैनीर्ला दिने पक्वान, फाँको वा दानदक्षिणा, अन्नी उदा. माघकामैना चेलीखि अन्नीदिन भान्नु पड्न्या हो ।

**अन्नी** २ - छकाल वा दिउस भोकलाग्दा खान्या रोटो, खाजा, नास्ता, फाँको, अन्नि ।

**ओ१** - निपा. कसुइखि डाक्दा बोलाउन्या शब्द; । उदा. ओ हजुर तमे काँछौ छटि घरआउ याँकोइ माइस तमुखि खोज्न आयाका छन् ।

**ओ२** - वि.बो. विस्मय; पीडा; दुःख आदिका बेला बालिन्या शब्द; उदा. ओ इजा मुखि एसा दुःख क्या भया ।

**(घ) समलिप्यात्मकता :** अनेकार्थकताको चर्चा गर्दा समलिप्यात्मक शब्दाको पनि चर्चा गनु आवशयक देखिनछ । यस्ता शब्द उच्चारणका तहमा पनि समान हुन सकछन् तर तिनीहरूको मूल दुई भिन्न शब्द हुने हुँदा यसता शबदलाई अनेकार्थक शबद नभनी समध्वन्यात्मक वा समलिप्यात्मक शबद भनिन्छ । यस्ता शबद दुई भिन्न स्ातका शब्दमा पाइने समध्वन्यात्मकताका कारण एकरूप बनेका हुनछन् । यस्ता शबदलाई शब्दकोशमा अलग अलग प्रविष्टि दिई शब्द सङ्ख्याले चिह्नित गरिन्छ ।

यो पनि समस्वरुपात्मक अर्थ सम्बन्ध भित्रको अर्को भेद हो । यसलाई सन्दर्भ अनुसार नानार्थकभित्र राख्न सकिन्छ । यसको साधारण क्षेत्रमा उस्तै तवरले लेखिएका सबै शब्द पर्दछन् । यसको खास क्षेत्र भने अर्थ र उच्चारण दुवै फरक फरक भएका तर लेखाइ वा लिपि मात्र उही भएका शब्दहरूमा देखा पर्दछ । उदा. ‘तिमी आज खेल नखेल, मेरो खेल तिमी खेल त सक्छौं ?’ यी वाक्यहरूमा खेल शब्द दुई दुई पटक प्रयोग भएको छ । यिनको लेखाइ समान छ तर अर्थ र उच्चारण फरक छ । दुवैको पहिलो खेल नाम छ र यसको

उच्चारण हलन्त्य छ एवं दुवैको दोस्रो खेलको उच्चारण अजन्त्य छ र त्यो द्वितीय पुरुष मध्य आदरार्थी क्रियापद रहेको छ। पहिलो खेलले खेलाइ, क्रीडा, मन बहलाउने काम आदि जनाउँछ भने दोस्रो खेलले विध्यादि अर्थको क्रियापद जनाउँछ। सारतः यिनको लेखाइ मात्र समान छ अर्थ र उच्चारण फरक छ। यस्तो अवस्था 'कर, चर, तर, तार, हर' आदिमा पनि देखिन्छ। थप उदाहरणमा जाऔं।

*हरिले तर खायो तर हीराले खाएन।*

मा दुवै तर को लेखाइ एकै किसिम को छ अर्थ र उच्चारण भने फरक छ। यसमा पहिलाले दुधमाथि जमेको जालो बुझाउँछ र यसलाई हलन्त्य (तर्) उच्चारण गरिन्छ, दोस्राले किन्तु, परन्तु, जनाउँछ र यसको उच्चारण अजन्त्य (तर) गरिन्छ।

बझाङी नेपालीमा पाइने समलिप्यात्मक शब्दहरू यस प्रकार छन्–

तर१ तर२

कर१ कर२

कुनु१ कुनु२

कुनु३

**२.१ शब्दार्थ सम्बन्धको परिचय**

अर्थ विज्ञानले भाषामा प्रयुक्त कोशीय तथा व्याकरणिक एकाइको क्रमवद्ध र वैज्ञानिक अर्थ विश्लेषण गर्दछ। अन्य पक्ष भन्दा भिन्न भाषिक स्वरूप ठम्याउन उसले सैद्धान्तिक जानकारीलाई मजवुत बनाउन जरुरी हुन्छ, तवमात्र उसले सम्बधित भाषाको वर्णनात्मक वा संरचनात्मक अर्थ प्रस्तुत गर्न सक्छ। यस्तो अर्थको खोजी गर्ने,विश्लेषण र व्याख्या गरी उपयुक्त,क्रमवद्ध एवं वैज्ञानिक निष्कर्ष दिने कुरा पूर्णतया प्रायोगिक हुन्छ। संरचनावादीहरू हरेक भाषाका आ आप्नै किसिमका संरचना हुने भयकाले कुनै खास एउटा शब्दलाई अरु शब्दबाट छुट्याएर अर्थ निर्धारण गर्न नसकिने दृष्टिकोण राख्दछन्। नेपाली भाषामा आमाकी आमालाई हजुरआमा,बज्यै,ज्यामै,आमै भन्दछन् भने बुबाकी आमालाई पनि त्यही सम्बोधन गर्दछन् तर मैथिलीमा आमाका बुबाआमालाई नानानानी र बुबाका आमाबुबालाई दादादादी भन्दछन्। यसै आधारलाई नै भाषागत संरचना भन्निछ। त्यस्तै अंग्रेजी Brother ले र हिन्दीमा भाइ शब्दले नेपालीमा दाजु भाइलाई जनाँउछ। यसै सर्न्दभमा बझागी भाषाका शब्दहरूको अध्ययन यस शोधमा गरिएको छ। भाषिक शब्दहरू परस्परमा सम्बन्धित हुने भएकाले ती शब्दहरूलाई एक अर्कासंग सम्बद्ध गराएर अध्ययन गर्नु पर्ने हुन्छ। अर्थ सम्बन्धले शब्दका अर्थलाई बुझाउँने हुँदा विभिन्न विचार धाराका कारण एउटै वस्तुका विविध नाम रहन्छन्। मानवीय उच्चारणका विभिन्न तहमा अर्थनै केन्द्रीय रूपमा रहेको हुन्छ। अर्थका निमित्त नै वक्ताले खास किसिमको भाषिक उच्चारणको प्रयोग गर्दछ। विना अर्थ र प्रयोजन कुनै पनि भाषिक उच्चारको प्रयोग हुदैन। खास

प्रयोजनका निमित्त प्रयुक्त भाषिक उच्चारणका विभिन्न अर्थ सम्बन्धहरू मध्य यस शोध्य अनुसन्धानमा निम्नलिखित समानार्थक,अनेकार्थी,विपरितार्थी,समावेशात्मक अर्थ सम्बन्धको मात्र अध्ययन एवं विश्लेषण गरी बझागी भाषिकाकोशको अर्थतात्विक अध्ययन गरिएको छ । भाषामा एउटा तहका भाषिक एकाईहरू बीच विविध खालका अर्थतात्विक सम्बन्ध रहेको पाइन्छ । यहाँ शब्द र वाक्यका तहका आर्थी सम्बन्धको मात्र चर्चा गरिएको छ ।

## २.७ शब्दको अर्थ र परिभाषा

शब्द भनेको रूप भन्दा माथिल्लो व्याकरणिक एकाइ हो । यसमा कम्तीमा एउटा मुक्तरूप हुनु आवश्यक हुन्छ । एक वा सो भन्दा बढी रूपबाट पनि शब्दको संरचना भएको पाइन्छ । जस्तै घर, घर+ऐल, घर+ऐलु, घर+आनीयाँ, घर+गृहस्थी, घर+आयसी आदि उपरोक्त शबदहरूमा 'घर' सरल शब्दका रूपमा प्रयोग भएको छ । भने घरेलु, घरानीया, घरायसीमा क्रमश एलु, आनीयाँ र आयसी जस्ता बद्धरूपको आबद्धताले शब्दको निर्माण भएको छ । त्यस्तै घर गृहस्थीमा चाहीँ 'घर' र 'गृहस्थी' छुट्टाछुट्टै मुक्त रूपको प्रयोग गरिएको छ । मानिसले बोलाईको सन्दर्भमा प्रयोग गरेको शब्दको अर्थ के कस्तो छ आदि कुरा अर्थ विज्ञान अन्तर्गत खोजिन्छ । त्यसैले भाषा प्रयोगका सन्दर्भमा शब्द र अर्थको विशेष सम्बन्ध कायम रहेको हुन्छ ।

अतः शब्द सम्बन्धी केही प्रमुख परिभाषा निम्नानुसार रहेका छन् :

१. के.एल.पाइकका अनुसार स्वतन्त्र रूपले उच्चारण गर्न सकिने न्यूनतम अर्थ युक्त एकाइका रूपमा शब्दलाई लिइन्छ । (Word is the smallest unit arrived at for the some particular language as the most convenient type of grammatical entity to be separated by spaces in general one of those of a particular language which actually or potentially may be pronounced in nstelf.)
२. चार्ल्स हकेटका अनुसार शब्द भनेको स्वतन्त्र एकल उच्चारण युक्त एकल बनोट हो । यसको प्रयोग शृङ्खलित रूपमा हुन्छ । (Word means single combination with pronounciation. A word is thus any segment of a sentence bounded by successive points at which pausing is possible.)
३. मिइलेट सेफ जे. मराउजितका अनुसार निश्चित व्याकरणिक प्रयोगका लागि निश्चित ध्वनिहरू र अर्थहरूको सङ्गठनको परिणति नै शब्द हो (A word is the result of the association of a given meaning with a given combination of sound capable of given grammatical use.)
४. डा. बाबुराम सक्सेनाका अनुसार - जब ध्वनिहरूको कुनै समूहमा व्याकरणको प्रयोगको अनुसार अर्थबोध गराउने शक्ति हुन्छ तब त्यसलाई शब्द भनिन्छ ।
५. प्रा.डा. चूडामणि बन्धुका अनुसार वाक्यमा प्रयोग नभएका भाषिक एकाइ शब्द हुन ।

अर्थ विज्ञान भाषाविज्ञानको एउटा शाखा हो । भाषाका विविध पक्षको अध्ययन गर्ने क्रममा भाषा विज्ञानले अर्थ पक्षको व्याख्या गर्दछ । अर्थ विज्ञानले संरचनाबाट व्यक्त हुने विविध प्रकारका अर्थको व्याख्या गर्दछ । पाश्चात्य भाषाविद्हरूले पनि अर्थका विभिन्न प्रकारमाथि चर्चा गरेका छन् । भाषा विद् अग्डेन र रिचर्डसले अर्थको अं (१९२३: १८६-८७) मा परिचयात्मक अभिलक्षण, घटना, सम्बन्ध स्थान आदि अर्थ निर्धारणका २२ का आधार प्रस्तुत गरेका छन् । अग्डेन र रिचर्डसले प्रस्तुत गरेका बाइस आधारमध्ये सात ओटालाई लिई भाषिविद् लिच् (१९७४ : ९-२३) ले व्यङ्ग्यार्थ, सामाजिक अर्थ, सांवेगिक अर्थ लक्ष्णार्थ साहचर्यात्मक अर्थ, समावेशात्मक अर्थ, अवधारणात्मक अर्थ गरी सात प्रकारका अर्थको उल्लेख गरेका छन् । यसर्थ अर्थका अनेक प्रकार हुन सक्छन् । तर यहाँ विभिन्न अर्थ सम्बन्धहरू मध्ये शोध्य अनुसन्धानमा समानार्थक अर्थ सम्बन्ध, अनेकार्थक अर्थसम्बन्ध, विपरीतार्थक अर्थसम्बन्ध र समावेशात्मक अर्थसम्बन्धको मात्र अध्ययन एवं विश्लेषण गरी बझाङगी एक भाषी- भाषाकोशको अर्थ तात्विक अध्ययन गरिएको छ ।

संरचनात्मक भाषा विज्ञान अन्तर्गत अर्थ विज्ञानको गर्न पहिलो व्यक्ति फर्थ हुन् भने आर्थी संघटन विश्लेषण सिद्धान्त भाषाविज्ञानको क्षेत्रमा सन् १९५० को दशकमा हुन थालेको हो । सुरुमा यसको प्रयोग नातागोतासँग सम्बन्धित शब्दहरूको विश्लेषणका निम्ति गरिएको थियो । यसले वाक्यात्मक घटकहरूको विश्लेषण गरी न्यूनतम अवयव र तिनको अर्थलाई देखाउने गर्दछ । घटक शब्दको अर्थ अवयव वा संरचक भन्ने हुन्छ । यस सन्दर्भमा प्रयुक्त घटक शब्दले चाहिँ आर्थी अवयव वा संरचकलाई नै बुझाएको छ । आर्थी संरचक भनेका आर्थी अभिलक्षण (Semantic components) हुन् । यसर्थ कुनै पनि शब्दको आर्थी अभिलक्षण नै उक्त शब्दका आर्थी घटक हुन् । वाक्य विभिन्न शाब्दी घटकहरूको समुच्चय हो । एक भन्दा बढी शब्दहरूबाट बनेका वाक्यका विभिन्न शाब्दी घटकहरूको समुच्चय हो । एक भन्दा बढी शब्दहरूबाट बनेका वाक्यका न्यूनतम घटकहरू देखाउँदै जाने पद्धति आर्थी संघटन विश्लेषण सिद्धान्त अन्तर्गत पर्दछ । यस सिद्धान्त अनुसार एउटा वाक्य एक भन्दा बढी शब्दहरूको योगबाट बनेको हुन्छ । त्यसैले शब्दार्थको निर्धारण गर्दा न्यूनतम एकाइ वा शब्दसम्म जानु पर्छ ।

घटकीय विश्लेषण गर्दा शब्दको अर्थलाई आर्थी अभिलक्षणमा विभाजन गरिन्छ । आर्थी अभिलक्षणको सङ्ख्या सीमित हुन्छ । यिनै सीमित अभिलक्षणको उपस्थिति अनुपस्थितिका आधारमा मानव भाषाको सबै अर्थको विश्लेषण गर्न सकिन्छ । यस्तै घटकीय विश्लेषण पद्धतिबाट समार्नाक, अनेकार्थक, विपरीतार्थक र समावेशात्मक आदि शब्दको विश्लेषण गर्न सकिन्छ । यसरी शब्दहरूका बीचको अर्थगत भिन्नतालाई तिनका आर्थी अभिलक्षणका आधारमा छुट्याउन सहयोग गर्दछ । त्यसैले शब्दार्थको निधारण गर्दा न्यूनतम एकाइ वा शब्दसम्म जानुपर्द । भन्ने मान्यता यसमा रहेको हुन्छ । जसलाई निम्नानुसार प्रयोग गरिएको छ ।

### २.७.१ शब्दार्थ सम्बन्धका प्रकार

**शब्दार्थ सम्बन्धका प्रकार**

अर्थ विज्ञान भाषाविज्ञानको एउटा शाखा हो । भाषाका विविध पक्षको अध्ययन गर्ने क्रममा भाषा विज्ञानले अर्थ पक्षको व्याख्या गर्दछ । अर्थ विज्ञानले संरचनाबाट व्यक्त हुने विविध प्रकारका अर्थको व्याख्या गर्दछ । पाश्चात्य भाषाविद्हरूले पनि अर्थका विभिन्न प्रकारमाथि चर्चा गरेका छन् । भाषा विद् अग्डेन र रिचर्डसले अर्थको अं (१९२३: १८६-८७) मा परिचयात्मक अभिलक्षण, घटना, सम्बन्ध स्थान आदि अर्थ निर्धारणका २२ का आधार प्रस्तुत गरेका छन् । अग्डेन र रिचर्डसले प्रस्तुत गरेका बाइस आधारमध्ये सात ओटालाई लिई भाषिविद् लिच् (१९७४ : ९-२३) ले व्यङ्ग्यार्थ, सामाजिक अर्थ, सांवेगिक अर्थ लक्ष्णार्थ साहचर्यात्मक अर्थ, समावेशात्मक अर्थ, अवधारणात्मक अर्थ गरी सात प्रकारका अर्थको उल्लेख गरेका छन् । यसर्थ अर्थका अनेक प्रकार हुन सक्छन् । तर यहाँ विभिन्न अर्थ सम्बन्धहरू मध्ये शोध्य अनुसन्धानमा समानार्थक अर्थ सम्बन्ध, अनेकार्थक अर्थसम्बन्ध, विपरीतार्थक अर्थसम्बन्ध र समावेशात्मक अर्थसम्बन्धको मात्र अध्ययन एवं विश्लेषण गरी बझाङगी एक भाषी- भाषाकोशको अर्थ तात्विक अध्ययन गरिएको छ ।

संरचनात्मक भाषा विज्ञान अन्तर्गत अर्थ विज्ञानको गर्न पहिलो व्यक्ति फर्थ हुन् भने आर्थी संघटन विश्लेषण सिद्धान्त भाषाविज्ञानको क्षेत्रमा सन् १९५० को दशकमा हुन थालेको हो । सुरुमा यसको प्रयोग नातागोतासँग सम्बन्धित शब्दहरूको विश्लेषणका निम्ति गरिएको थियो । यसले वाक्यात्मक घटकहरूको विश्लेषण गरी न्यूनतम अवयव र तिनको अर्थलाई देखाउने गर्दछ । घटक शब्दको अर्थ अवयव वा संरचक भन्ने हुन्छ । यस सन्दर्भमा प्रयुक्त घटक शब्दले चाहिँ आर्थी अवयव वा संरचकलाई नै बुझाएको छ । आर्थी संरचक भनेका आर्थी अभिलक्षण (Semantic components) हुन् । यसर्थ कुनै पनि शब्दको आर्थी अभिलक्षण नै उक्त शब्दका आर्थी घटक हुन् । वाक्य विभिन्न शाब्दी घटकहरूको समुच्चय हो । एक भन्दा बढी शब्दहरूबाट बनेका वाक्यका विभिन्न शाब्दी घटकहरूको समुच्चय हो । एक भन्दा बढी शब्दहरूबाट बनेका वाक्यका न्यूनतम घटकहरू देखाउँदै जाने पद्धति आर्थी संघटन विश्लेषण सिद्धान्त अन्तर्गत पर्दछ । यस सिद्धान्त अनुसार एउटा वाक्य एक भन्दा बढी शब्दहरूको योगबाट बनेको हुन्छ । त्यसैले शब्दार्थको निर्धारण गर्दा न्यूनतम एकाइ वा शब्दसम्म जानु पर्छ ।

घटकीय विश्लेषण गर्दा शब्दको अर्थलाई आर्थी अभिलक्षणमा विभाजन गरिन्छ । आर्थी अभिलक्षणको सङ्ख्या सीमित हुन्छ । यिनै सीमित अभिलक्षणको उपस्थिति अनुपस्थितिका आधारमा मानव भाषाको सबै अर्थको विश्लेषण गर्न सकिन्छ । यस्तै घटकीय विश्लेषण पद्धतिबाट समार्नाक, अनेकार्थक, विपरीतार्थक र समावेशात्मक आदि शब्दको विश्लेषण गर्न सकिन्छ । यसरी शब्दहरूका बीचको अर्थगत भिन्नतालाई तिनका आर्थी

अभिलक्षणका आधारमा छुट्याउन सहयोग गर्दछ । त्यसैले शब्दार्थको निधारण गर्दा न्यूनतम एकाइ वा शब्दसम्म जानुपर्द । भन्ने मान्यता यसमा रहेको हुन्छ । जसलाई निम्नानुसार प्रयोग गरिएको छ ।

शब्द भनेको रूप भन्दा माथिल्लो व्याकरणिक एकाइ हो । यसमा कम्तीमा एउटा मुक्तरूप हुनु आवश्यक हुन्छ । एक वा सो भन्दा बढी रूपबाट पनि शब्दको संरचना भएको पाइन्छ । जस्तै घर, घर+ऐल, घर+ऐलु, घर+आनीयाँ, घर+गृहस्थी, घर+आयसी आदि उपरोक्त शबदहरूमा 'घर' सरल शब्दका रूपमा प्रयोग भएको छ । भने घरेलु, घरानीया, घरायसीमा क्रमश एलु, आनीयाँ र आयसी जस्ता बद्धरूपको आबद्धताले शब्दको निर्माण भएको छ । त्यस्तै घर गृहस्थीमा चाहीँ 'घर' र 'गृहस्थी' छुट्टाछुट्टै मुक्त रूपको प्रयोग गरिएको छ । अतः शब्द सम्बन्धी केही प्रमुख परिभाषा निम्नानुसार रहेका छन् :

मानिसले बोलाईको सन्दर्भमा प्रयोग गरेको शब्दको अर्थ के कस्तो छ आदि कुरा अर्थ विज्ञान अन्तर्गत खोजिन्छ । त्यसैले भाषा प्रयोगका सन्दर्भमा शब्द र अर्थको विशेष सम्बन्ध कायम रहेको हुन्छ ।

१. के.एल.पाइकका अनुसार स्वतन्त्र रूपले उच्चारण गर्न सकिने न्यूनतम अर्थ युक्त एकाइका रूपमा शब्दलाई लिइन्छ । (Word is the smallest unit arrived at for the some particular language as the most convenient type of grammatical entity to be separated by spaces in general one of those of a particular language which actually or potentially may be pronounced in nstelf.)
२. चार्ल्स हकेटका अनुसार शब्द भनेको स्वतन्त्र एकल उच्चारण युक्त एकल बनोट हो । यसको प्रयोग शृङ्खलित रूपमा हुन्छ । (Word means single combination with pronounciation. A word is thus any segment of a sentence bounded by successive points at which pausing is possible.)
३. मिइलेट सेफ जे. मराउजितका अनुसार निश्चित व्याकरणिक प्रयोगका लागि निश्चित ध्वनिहरू र अर्थहरूको सङ्गठनको परिणति नै शब्द हो (A word is the result of the association of a given meaning with a given combination of sound capable of given grammatical use.)
४. डा. बाबुराम सक्सेनाका अनुसार - जब ध्वनिहरूको कुनै समूहमा व्याकरणको प्रयोगको अनुसार अर्थबोध गराउने शक्ति हुन्छ तब त्यसलाई शब्द भनिन्छ ।
५. प्रा.डा. चूडामणि बन्धुका अनुसार वाक्यमा प्रयोग नभएका भाषिक एकाइ शब्द हुन ।

प्रायः समान अर्थ दिने खालका शब्दहरूलाई पर्यायवाची शब्द भनिन्छ अर्थात् एउटै अर्थ जनाउने धेरै शब्दहलाई पर्यायवाची वा समानार्थी शब्द भनिन्छ । भाषा शास्त्री मूलका अनुसार दुई वा सो भन्दा बढी रूपहरूको अर्थमा निकटतम समानता रहेमा तिनमा समार्नाता भएको मानिन्छ । यस्ता रूपहरू सधै नभए पनि प्रायः वैकल्पिक रूपमा वाक्यमा

प्रयोग हुन सक्छन् । जस्तै उत्तर दिनु, बनाउनु, भन्नु, जवाफ दिनु, प्रतिक्रिया व्यक्त गर्नु, आफ्नो भनाई राख्नु आदि जस्तै,

कोमल - कम्लो, मृदु, मुलायम, नरम, कमजोर, सुकुमार

जन्म - उदय, अवतार, अवतरण, अख्खो जुनी, उत्पत्ति, उद्‌भव

भाव - अनूभूति, मनको विचार, मनस्थिति, भावना, आदि

केटी - युवती, तरुनी, छोट्टी, मुलाइ ।

बझाङ्गी भाषा आफैंमा मौलिक प्रकृतिको छ, नेपालको सूदुर पश्चिममा बोलिने यस भाषाका आफ्नै विशेषताहरू रहेका छन् । भाषा प्रयोगका सम्बन्धमा शब्द र अर्थको विशेष सम्बन्धमा शब्द र अर्थको विशेष सम्बन्ध कायम रहेको हुन्छ । शब्दमा कुनै अर्थको सङ्केत मिलेन भने त्यसको कुनै औचित्य नै रहने स्थिति देखिँदैन । भाषामा अर्थको महत्तालाई खोजिने भएकाले यसको महत्वपूर्ण स्थान रहेको हुन्छ । अर्थको प्रतीतका दृष्टिले हेर्दा आत्मानुभव र परानुभव गरी दुई भेद गर्न सकिन्छ । आत्मानुभवले आफ्नो नजिकको वस्तुसँग प्रत्यक्ष सम्बन्ध कायम राखेको अनुभूति हुन्छ भने परानुभवले चाहीँ कुनै वस्तुका विषयमा सुनेर, बुझेर अथवा देखेर प्राप्त गरिने अनुभवलाई लिइन्छ ।

कुनै समयमा प्रयुक्त हुने शब्दको अर्थले सधै भरि एकैनासले बोध गराइरहनु सक्दैन । अथवा शब्दको अर्थ सधै नै एकैनासले रहिरहँदैन । शब्दको अर्थ प्रस्ग अनुकूल फरक-फरक लाग्न पनि सक्दछ । शब्दको प्रयोग स्थितिलाई मियालेर त्यसको अर्थ पहिल्याउनु पर्ने हुन्छ ।

अनेकार्थकताको तात्पर्य एउटै शब्दमा अनेकथरी अर्थ लाग्ने भन्ने बुझिन्छ । यसबाट एउटै शब्दबाट अनेक प्रकृतिका अर्थहरू लाग्नु पर्ने अपेक्षा गरिन्छ । सबै शब्दहरू एकार्थक मात्र हुँदैनन् प्रस्ानुसार एक भन्दा बढी अर्थ दिने खालका शब्दहरूलाई यसमा समेटिन्छ । यस्ता शब्दहरूको अर्थगत निर्णय संयोग, वियोग, साहचर्य, विरोध प्रयोजन, कारण, चिह्न, विशेष, अन्य शब्दहरूको सनिध्य, सामर्थ्य, औचित्य, देश, काल, लि्ग आदिका आधारमा अध्ययन गरिन्छ । भाषा शास्त्री युलकानुसार लेख्य वा कथ्यका एउटै रूपले अनेक अर्थ बुझाउने भएमा त्यसलाई अनेकार्थक मानेका छन् । (Polysemy, which can be defined as one form (written or spoken) having multiple meaning which are all related by extension) अतः एक भन्दा बढी कोशीय अर्थ व्यक्त अनेकार्थकतामा हुन्छ । तर यस्ता शब्दले प्रस्ग अनुसार अलग-अलग अर्थ दिन्छन । जस्तै

साँचो- सत्य, तालाखोल्ने वस्तु, इटा-टाइल बनाउने वस्तु

धातु- नदीको किनारा, तिनै काम तर्फ

धातु - सुन, फलाम, खनिज पदार्थ, वीर्य, क्रियाको बीजक

गण- भूत-प्रेत, समूह, देवी-देवता

केही शब्द युग्महरू यस्ता हुन्छन् जुन परम्परा विरोधी हुन्छन् । यस्ता युग्मलाई विपरीतार्थी वा विपरीतार्थक शब्द भनिन्छ । समावेशात्मकतामा जस्तो अर्थको समावेश यसमा हुँदैन त्यसैले विपरीतार्थीलाई असमावेशात्मक पनि भनिन्छ । विपरीतार्थकलाई जनाउन डा.बन्धुले (२०५०:१११) तिन किसिमले विभाजनका छन् । त्यसैलाई यस अनुसन्धानमा पनि आधार मानिएको छ । जस्तै :

इहलोक - परलोक

अनिवार्य- ऐच्छिक

इष्ट- अनिष्ट

युवा - युवती

वुबा- आमा

शब्द प्रयोगका सन्दर्भमा एउटा शब्दको अर्थबोध हुँदा अर्को अर्थ आउने अथवा समावेश हुने अवस्था सिर्जना भएमा त्यस्तो स्थितिलाई समावेशात्मकता भनिन्छ । समावेशकता भित्र पनि उच्चपद र समाविष्ट पद भनि छुट्याइएको पाइन्छ । समावेशात्मक अन्तर्गत रहने भनिएका उच्च पद र समाविष्ट पदका सम्बन्धमा डा. बन्धुले (२०५० : १११) परिभाषित गर्ने पदलाई उच्चपद र परिभाषित हुने पद समुच्चलाई समाविष्टपदका रूपमा छुट्याएर हेरेको पाइन्छ । जस्तै : 'यो गोरु हो' भन्दा पशु हो भन्ने अर्थ पनि प्रवाहित हुन्छ । गोरु भन्नासाथ पशु अथवा जनावर भन्ने बुझिन्छ ?

समावेशात्मकताका सन्दर्भमा भाषा शास्त्री मुलका अनुसार "एउटा भाषिक रूपको अर्थलाई अर्को भाषिक रूपले समावेश गर्नु नै समावेशात्मकता हो ।" (Whentee the meaning of one form is included in the meaning of another, the relationship is described as hyponymy) जस्तै फूल भन्ना साथ सयपत्री, गुलाब, मखमली, सुपारी, गोदावरी, चमेली, हजारी, च्वाँफूल आदि फूलको अर्थमा समावेश हुन्छन् । समावेशात्मकताको चर्चा गर्दा हामीले शब्दको शृङ्खलाबद्ध सम्बन्ध जन्य अर्थको कुरा गर्नु पर्ने हुन्छ । त्यसै आधारमा यहाँ बझाङ्गी भाषामा पाइने समावेशात्मक अर्थ सम्बन्धको विश्लेषण अध्ययन यसमा गरिएको छ ।

संसारमा विभिन्न किसिमका भाषा बोलिन्छन् । त्यस्तै नेपालमा बोलिने भाषाहरू पनि अनेकौं रहेका छन् । त्यसमध्ये बझाङ्गी भाषा पनि एउटा प्रमुख भाषा हो । बझाङ्गी भाषाको आफ्नै शब्द ढुकुटी रहेको छ । यही शब्द ढुकुटीलाई शब्द भण्डार भनिन्छ । बझाङ्गी भाषाले अन्य भाषाहरूबाट शब्दहरू लिएको छ । त्यसैले बझाङ्गी भाषाको शब्द भण्डारमा विभिन्न प्रकारका शब्दहरू रहेका छन् । यी शब्दहरू कुनै संस्कृत भाषाबाट सोझै बझाङ्गी भाषामा आएका छन् त कुनै नेपालमै बोलिने अन्य विभिन्न भाषाबाट आएका छन् । यसका अतिरिक्त विदेशी भाषाहरूबाट समेत बझाङ्गी भाषाले शब्दहरू ग्रहण गरेको छ । यसरी विभिन्न भाषाहरूबाट विभिन्न किसिमका शब्दहरू ग्रहण गरेर बझाङ्गी भाषाको

शब्दभण्डार बलियो बनेको छ । विभिन्न किसिमबाट बझाङ्गी भाषामा आएका शब्दहरूले बझाङ्गी भाषालाई धनी बनाएका छन् ।

जस्तै : तत्सम, तद्भव र आगन्तुक शब्दहरूबाट बझाङ्गी भाषामा आएका शब्दहरू निम्नानुसार छन् ।

बझाङ्गीमा प्रयोग भएका तत्सम शब्दहरू मति, मुनि, ज्ञाता, शान्ति, नदी, पृथ्वी, धर्म, कवि, ज्ञान, सूर्य, शरीर, ज्योति, गीत

बझाङ्गीमा प्रयोग भएका केही तद्भशब्दहरू जस्तै दूद, घिउ, आगो, पात, मीत, आज, हात रात, असौज, घिन, काम, हात, गाउँ, कान, पिरती, सुन, हाँसो आदि

बझाङ्गीमा प्रयोग भएका केही आगन्तुक स्वदेशी र विदेशी शब्दहरू, ठक्कर, बजार, हावा, गरम, रक्सी, अमीर इनाम, दरबार, कोट, झ्याल, चोलो, पटुका, कुम्लो, अन्धाधुन्द, बस, रेडियो फोटो, रेल, पार्टी, हिसाब, जागिर, पैसा, आराम, राजधानी, झण्डा, बाल्टी, साबुन तमाखु, आलपिन, मिस्री, अचार कैची, पुलिस, चाउचाउ आदि ।

अतः भाषाको मानकीकरण तथा स्तरीकरणमा शब्दकोशको उल्लेखका भूमिका रहेको हुन्छ । त्यसैले यस बझाङ्गी भाषाको शब्द भण्डारको अर्थ तान्त्रिक अध्ययनले शब्दको अर्थ उदाहरण सहित बझाङ्गी भाषामा प्रयोग हुने सबै खाले शब्दहरूको अध्ययन विश्लेषण गरेर यो अनुसन्धानकर्याले बझाङ्गी एक भाषी कोश निर्माणमा सहयोग पुऱ्याएको छ । यसमा अर्थ विज्ञान र कोशविज्ञानको रूपमा अध्ययन गरी निष्कर्ष दिने काम गरिएको छ । यस शोधमा चार मुख्य शीर्षक र अरु सहायक शीर्षक राखिएका छन् ।

**२.७.२. समानार्थकता (Synonymy)**

प्रायः समान अर्थ दिने खालका शब्दहरूलाई पर्यायवाची शब्द भनिन्छ अर्थात् एउटै अर्थ जनाउने धेरै शब्दहलाई पर्यायवाची वा समानार्थी शब्द भनिन्छ । भाषा शास्त्री मूलका अनुसार दुई वा सो भन्दा बढी रूपहरूको अर्थमा निकटतम समानता रहेमा तिनमा समार्नाता भएको मानिन्छ । यस्ता रूपहरू सधै नभए पनि प्रायः वैकल्पिक रूपमा वाक्यमा प्रयोग हुन सक्छन् । जस्तै उत्तर दिनु, बनाउनु, भन्नु, जवाफ दिनु, प्रतिक्रिया व्यक्त गर्नु, आफ्नो भनाई राख्नु आदि जस्तै,

कोमल - कम्लो, मृदु, मुलायम, नरम, कमजोर, सुकुमार

जन्म - उदय, अवतार, अवतरण, अख्खो जुनी, उत्पत्ति, उद्भव

भाव - अनूभूति, मनको विचार, मनस्थिति, भावना, आदि

केटी - युवती, तरुनी, छोट्टी, मुलाइ ।

बझाङ्गी भाषिकाका कोशीय एकाइहरूमा समानार्थक अर्थ सम्बन्धहरू प्रयाप्त मात्रामा रहेका छन् । भिन्न भिन्न शब्दहरूको समान वा उही अर्थ भएमा र त्यस्ता शब्दहरूका बीचको सम्बन्धलाई समानार्थकता(Synonymy) भनिन्छ । यस्तो सम्बन्ध भका

शब्दहरूलाई समानार्थी वा पर्यायवाची शब्द पनि भनिन्छ । अतः समानार्थकता पूर्ण र आंशिक गरी दुई किसिमको हुन्छ,एक पूर्ण समानार्थकता र दोस्रो आंशिक समानार्थकता ।

**२.७.२. क. पूर्ण समानार्थकता** (Absolute Synonymy)

भिन्न भिन्न शब्दहरूको अर्थ सम्पूर्णतः समान वा उही छ भने ती शब्दहरूबीचको आर्थी सम्बन्ध नै पूर्ण समानार्थकता (Absolute Synonymy) हो । कुनै पनि भाषामा पूर्ण समानार्थी शब्दहरू पाइँदैनन् र बझांगी भाषा पनि त्यसवाट अछुतो रहेन । यदि कुनै दुई वा सो भन्दा बढी शब्दहरू पूर्ण समानार्थी भए भने ती मध्ये एउटा मात्र प्रयोगमा रहन सक्छ र अरु लोप हुन्छन् भन्ने मान्यता रही आएको छ । यसैले पूर्ण समानार्थी शब्दको उदाहरण बझांगी भाषामा पाइदैन ।

**२.७.२. ख. आंशिक समानार्थकता** (Partical Synonymy)

भिन्न भिन्न शब्दहरूको अर्थ आंशिक रूपले समान छ भने ती शब्दहरूका बीचको आर्थी सम्बन्धलाई नै आंशिक समानार्थकता (Partical Synonymy) भनिन्छ । कुनै भाषामा प्रयोगमा रहेका समानार्थी शब्दहरूको अर्थ झट्ट हेर्दा पूर्ण रूपमा समान जस्तो लागे पनि तिनीहरूका बीच शैली,भार्ा षका,प्रयोजन आदि विविध आधारमा भिन्न रहेको हुन्छ । यिनै सन्द्रर्भमा आंशिक समानार्थकतालाई पनि विभिन्न आधारमा राखेर अध्ययन गर्न सकिन्छ ।

**२.७.२. ग. सन्द्रर्भगत समानार्थकता** (Referential Synonymy )

यसमा भिन्न भिन्न शब्दहरूको प्रयोगबाट एउटै अर्थ प्राप्त हुन्छ ।

जस्तैः– ‘सदन’ शब्दले कक्षाको समूह, विद्यालय, संविधान सभा, घर आदि बुझाउँछ ।

**२.७.२. घ. भाषिकागत समानार्थकता** (Dialectal Synonymy )

यसमा भिन्न भिन्न भाषिकामा प्रयोग गरिने शब्दहरूबीचको समानार्थकता हुन्छ ।

जस्तैः– छकाल, विहान, प्रभात, रातै आदि शब्दले विहान भन्ने समान अर्थ बुझाउँछ ।

**२.७.२. ङ. शैलीगत समानार्थकता** ( Stylistic Synonymy )

यसमा भिन्न भिन्न शैलीमा प्रयोग गरिने शब्दहरूबीचको समानार्थकता नै शैलीगत समानार्थकता हो । जस्तैः– गयो, जान्छु, झानो आदि शब्दले शैलीगत रुपमा समानार्थकता ल्याएको छ ।

**२.७.२. च. अन्तरभाषा समानार्थकता** ( Interlingual Synonymy )

माथि देखाइएका तीनवटा आंशिक समानार्थकतालाई अन्तरभाषा समानार्थकता भित्र नै अध्ययन गर्न सकिन्छ ।

जस्तैः–

घर = बझाङ्गी,

मकान = हिन्दी,

हाउस्  =  अंग्रेजी,

गृह  =  संस्कृत ।

आदि शब्दहरूले अन्तरभाषा समानार्थकता ल्याएको छ ।

अतः दुई वा दुई भन्दा बढी शब्दहरूमा समान वा उही अर्थ हुने र त्यस्ता शब्दहरू परस्पर पर्यायवाची हुन्छन् त्यसैले समानार्थकतालाई पर्यायवाची पनि भनिन्छ । समानार्थी शब्द जतिभए पनि तिनले एउटै अर्थ बुझाउने गर्दछ ।

जस्तै :–

कोमल = कम्लो, नरम, मुलायम, मृदु

आँखो  =  नयन, नेत्र, लोचन, चक्षु

युवती  =  सुन्दरी, तरुनी, ठिटी, छोट्टी

पुस्तक  =  किताव, ग्रन्थ

जन्म = उदय, अवतार, अख्खो जुनी उत्पत्ति

### **२.७.३. अनेकार्थकता** (Polysemy)

एउटै शब्दको एक भन्दा बढी अर्थ हुने स्थिति अनेकार्थकता हो । यसलाई समानार्थकताको ठीक उल्टो स्थिति मान्न सकिन्छ । समानार्थकतामा शब्द एक भन्दा बढी र अर्थ एउटा हुन्छ भने अनेकार्थकतामा शब्द एउटा र अर्थ एक भन्दा बढी हुन्छ । अतः यो आकारगत हिसावले एउटै भएका तर अर्थगत हिसावले एक भन्दा बढी र अर्थ भएका शब्दलाई अनेकार्थी भनिन्छ । कुनै खास शब्द एउटा प्रसंगमा एउटा अर्थ र अन्य प्रसंगमा अन्य अर्थ देखापर्नु नै अनेकार्थकता (Polysemy) हो । संघटन विश्लेषण सिद्धान्तले शब्दभित्र रहेका एक भन्दा बढी अर्थलाई विश्लेषण गरेर देखाउँछ ।

जस्तै :–

| | | |
|---|---|---|
| **अन्नी१** | - | ना.माघकामैना चेलीवैनीखि दिन्या पकवान, फाँको वा दानदक्षिणा, अन्नी उदा. माघकामैना चेलीखि अन्नीदिन झान् पड्न्या हो । |
| **अन्नी** २ | - | छकाल वा दिउस भोकलाग्दा खान्या रोटो, खाजा, नास्ता, फाँको, अन्नि । उदा/अन्नी खान्याबेला सबै एकाइ ठौर वस्ता छन् । |
| **उ१** | - | ना. देवनागरी वर्णमालाको पाँचौ स्वर-वर्ण । यसको उच्चारण ओठबाट हुन्छ र यो ह्रस्व स्वरवर्ण हो । विप.दीर्घ । |
| **उ२** | - | ना. टाडाको व्याक्ति वा वस्तुखी निर्देश अन्न्या वा धेकाउन्या शब्द । उदा. विश्वको घर उ परलाई छ । |

**ए१** - ना. देवनागरी वर्णमालाको एघारौं स्वर-वर्ण । यसको उच्चारण कण्ठ-तालुबाट हुन्छ ।

**ए२** - वि.बो. सम्बोधन बुझाउन्या शब्द; शोक,हर्ष,खुसी आदि मनको भाव बुझाउन मुखबाट निक्लन्या शब्द । उदा. ए तमे इस्कूल नगइ घरै बस्याका छौं ।

**ओ१** - ना. देवनागरी वर्णमालाको तेह्रौं स्वर-वर्ण । यसको उच्चारण ओठबाट हुन्छ ।

**ओ२** - निपा. कसुइखि डाक्दा बोलाउन्या शब्द; । उदा. ओ हजुर तमे काँछौ छटि घरआउ याँकोइ माइस तमुखि खोज्न आयाका छन् ।

**ओ३** - वि.बो. विस्मय; पीडा; दुःख आदिका बेला बालिन्या शब्द; उदा. ओ इजा मुखि एसा दुःख क्या भया ।

**ओ१** - ना. देवनागरी वर्णमालाको तेह्रौं स्वर-वर्ण । यसको उच्चारण ओठबाट हुन्छ ।

**ओ२** - निपा. कसुइखि डाक्दा बोलाउन्या शब्द; । उदा. ओ हजुर तमे काँछौ छटि घरआउ याँकोइ माइस तमुखि खोज्न आयाका छन् ।

**ओ३** - वि.बो. विस्मय; पीडा; दुःख आदिका बेला बालिन्या शब्द; उदा. ओ इजा मुखि एसा दुःख क्या भया ।

**कख्याउनु१** - प्रे.क्रि. आज भोलै जन्म्याका बच्चाखि काखे बानी बसाउनु; । उदा. नान्का बच्चाखि कख्याउनु भन्याको पछिका दुख बलैपाडि बोलाउनु हो ।

**कख्याउनु२** - स.क्रि.पन्छाउनु; पर सान्नु; पुन्डै राख्नु; । उदा. घरको छारो झाड्न्या बेला नान्का तिन्का सामान कख्याउनु पड्डो छ नत्र छाराउडा हराना छन् ।

**कूनु३** - ना. कुम; कुहिनो; कुइनो; कुइनु; । उदा. रुखहै लोटिपन पौमल्याको हातको कूनु भाच्याको छ । विप.घुडो ।

**कोइलो१** - ना. आँप आदिका फलको भित्रको भाग; चबाइ नसकिन्या भाग; । उदा.आँपका कोइलो खानु हुनैन । विप. आँप ।

**कोइलो२** - ना. अङ्गार; आगो निम्या पछिको; । उदा.आगो सल्काउनाखि कोइलो चाहिनो छ ।

**खड१** - ना. खर; बाबियोका जसा लामा-लामासिन्के पातहुन्या; घर, गोठ, छानु आदि छाउन काम लाग्न्या एक प्रकारको

घाँस वा झार; । उदा. छानु छुनाखि खड किनी आन्नु पड्डो छ ।

**खड२** - ना. आदत; बानी; स्वाभाव; । उदा. मुला-मुलीको आजभोल जसो खड लायो पछिसम्म तसोइ खड रनो छ ।

**खड३** - क्रि.वि. खेरझानु; व्यर्थ; खाइपन्ट झिक्कै बच्नु; । उदा. भात लादाइनो जति हाल्या पन खड भन्या एक सितो हाल्न पाइन्या होइन ।

**खलो१** - ना. मन्दिर प्राङ्गण; देवताको आराधाना अन्नाखि गाँउका सबै जम्मा हुन्या ठाँउ; । उदा. शैलेश्वरीको पूजा कसरि अन्या भनी गाँउका माइसले खलो भऱ्याको छ ।

**खलो२** - ना. आँगन; खेतको धान जम्मा अरि चुट्न्या ठाँउ; । उदा. धान चुट्नाखि खलो निकारि गोवर माटाले लिप्याको हुन्छ । विप.जोत्याको गडो ।

**खलो३** - ना. दमाई,कामी,सार्की,हली आदिखि काम अऱ्या बाफत खलाबाट दिन्या अनाज; । उदा. हलीखि खलो निकोरि भरीपन दिनु नत्र अख्खा बस्स हली नपाइएला भन्ने डर हुन्छ ।

**खिल्लि१** - ना. हाँसो उडाउनु; मजाक अन्नु; दिल्लगी अन्नु; । उदा. कमजो छ भनी कसुइको समाजमि खिल्लि अन्नु हुनैन ।

**खिल्लि२** - ना. चुरोटको एक छेडो; बीँडीको छेडो; । उदा. दोकान है सिग्रेटको एक-एक खिल्लि किन्नु भन्ना अखडि डब्बा किन्ना फाइदा हुनो छ । विप.डब्बा ।

**घडि१** - ना. समय बताउन्या एक यन्त्र; । उदा. आजभोल सबुइका हातमि घडि हुनो छ ।

**घडि२** - ना. केला; केरा; । उदा. भाइ त्यारका बेला खानाखि लागि प्रायः घडि हुन्याले पकाइपन राख्ता छन् ।

**छाति१** - ना. हृदय; मन; आट; घाँटिमुनि रे लादामथिको शरीरको भाग; । उदा. ठूला माइसको ठूलो छाति हुनुपड्डो छ ।

**छाति२** - ना. स्वइनि माइसका चुचु; स्तन; चुचा; । उदा.कोइकोइ स्वाइनि माइसका छाति सुक्याका हुना छन् ।

**मारामार१** - क.व्य. मारपिट; । उदा. दुइ गाँउका बीच मारामार हुन लाग्याको छ ।

**मारामार२** - ना. कामको चेपाचेप । उदा. असाडका मैना रोपाइको मारामार छ ।

**मुला१** - ना. चोतो; मुलो; सागको एक विशेष रूप । उदा. जाडिका मैना मुला निकाहुनाइन ।

**मुला२** - वि. केटो; छोरो; चेलो । नान्को पुरुष माइस । उदा. पारुको मुला विरामी छ ।

**मुला३** - वि. जाबो; तुच्छ; हेला अरिपन सम्बोधन अन्या एक शब्द । उदा. तुनानु मुला मेरा क्या अरल्लै ।

**मुसो१** - ना. केइ कुडा पोल्लिपन भयाको कालो धूलो । उदा. तवाको मूसो हातम्वो लाग्यो ।

**मुसो२** - ना. छालामि नपाक्न्या अरि निक्ल्याको एक फुपुनु । उदा. झुस्याका हातम्मी मुसो छ ।

**मुसो३** - ना. गणेशको वाहन; बिल्लाको आहार । दुलाम्मो बस्न्या एक प्रकारको नान्को जन्तु । उदा. कात्तिका मैना खलामो मुसो मऱ्याको छ ।

**मूल१** - ना. मुहान; उद्गमस्थल; । उदा. खान्या पानीको मूल टाँडा छ ।

**मूल२** - वि. प्रधान; मुख्य; सर्वश्रेष्ठ । उदा. रघुधरको मूल माइस हो ।

**मेला१** - ना. घाँस पाली राख्याको ठाँउ । उदा. हिउनका मैनाखि मेलाम्यो गाजो छ ।

**मेला२** - ना. जात्रा; उत्सव; तीर्थस्थल आदिमि हुन्या माइसको जमघट । उदा. डूड्या माणुका मेलामी काक्डा पाइना छन् ।

**रस्१** - ना. झो; तरल पदार्थ; पानी; मदिरा; जाँड; तिउनको रस; चुकिलो आदिको रस । उदा. झिक्क रस खानाले पानीको कमी हुँदैन ।

**रस्२** - ना. काव्य वा घटनाको प्रत्यक्षीकरणबाट उत्पन्न हुन्या

**लट्पटि१** - ना. भैं झमेला, अल्झिन्या काम । उदा. ओडो पुडो झान्या बेला लट्पिट अन्नु हुँदैन ।

**लट्पटि२** - ना. ओढ्न्या आच्छाउन्यामि लट्पटिनु । उदा. जाडिका बेला सिरग लट्पटि नु पछ्डो छ ।

**लडो१** - ना. मैलो वा फोहरले अड्डा जुगुल्टो परी जम्याका मुन्टाका रुमा । फूडीका मुण्टो न कोन्नाले रुमाको लडो पड्याको छ ।

**लडो२** - ना. र्‍याल सहितको तरल पदार्थको धारो । सिङानको लडो । उदा. भन्टीका नाक-मिसिङ्न्को लडो छ ।

**लागोभागो१** - क्रि.वि. भ्यासम्म अन्न्या; यथासक्य; । सक्या सम्म । उदा. काममि लागो भार्गा छु ।

**लागोभागो२** - ना. भूतप्रेत आदिको दुष्प्रभाव । देवी देवताको लाग्न्याकाम । उदा. भुन्टीका नाक-मिसिङ्न्को लडो छ ।

**लाटि१** - वि. सोझी-साजी; सरलस्वाभावकी; । बोल्न नसक्न्या । विप.लाटो । उदा. राधिका सारै लाटि छ ।

**लाटि२** - ना. चेली; छोरी; । स्नेहका साथ बोलाइन्या । विप. लाटो । उदा. मु आफ्नी चेलीखी लाटि भन्नो छु ।

**लिङ्ङ१** - ना. लिङ्ग; काड; लाग्या माइसको जननेन्द्रिय । उदा. माइसको सम्भोग अन्या साधन दुनीछ ।

**लिङ्ङ२** - ना. मूर्तिका रूपमा पूजा हुन्या शिव लिङ्ग । उदा. शिवधाम शिवको लिङ्ग छ ।

**लिलामि१** - वि. लिलाममा किन्या वा बेच्न्या अर्‍याको; लिलामी । गया गुज्रेको; बेकम्मा । उदा. रामखि सबै लिलामि भनी बोलाउना छन् ।

**लिलामि२** - ना. कमसल खालको वस्तु; अरुले पहिल्यै प्रयोग अर्‍याको सामान ।

**लोग्न्या** - ना. लोग्ने; पति; पइ; पोइ; बामन; श्रीमान् ।

**लोट्१** - ना. नोट; कागजी मुद्रा; उदा. आज मुसङ्ङएक सए रूपयाको लोट छ ।

**लोट्२** - ना. लोटीपन्ट मरोस् भन्नेभावमा गाई भैसाखि दिइन्या एक प्रकारको गाली ।

**लोता१** - ना. रुख वा लहराबाट निक्लन्या पातलो रे लामु बोक्रो; ।

**लोता२** - ना. खुट्टाउडा लाउन्या चप्पलका लोता; फिता; । उदा. मेरा खुट्टाउडाका चप्पलका लोता चुन्ड्याका छन् ।

**लोता३** - ना. बेत,लठ्ठी,सिट्को आदिको पिटाइबाट शरीरम्मा निक्याका लोता उदा. बुआले बेतका लठ्ठीले हान्ना मेरा हडम्मा छालाका लाता निक्ल्याका छन् ।

| | | |
|---|---|---|
| **स१** | - | ना. देवनागरी वर्णमालाको बत्तीसौ व्याञ्जन वर्ण; यइको उच्चारण वत्सबाट हुनोछ । |
| **स२** | - | ना. सहन्याकाम उदा.बुआले भन्याको तु स । |
| **तर१** | - | ना. तताएको दूध माथितिर लागेको वाक्लो पत्र उदा. गोठालाका दूदको तर बाक्लो हुनोछ । |
| **तर२** | - | अ.बो. कुनै काम कुराको थान्को वा थिति उदा. तमे आमाइन भन्या तर काम हुन्या होइन । |
| **तर३** | - | ना. पानी आदि तरल वस्तुमा माथितिर जमेको ठाँडो उदा. जाडिमी पानीमी पन तर लाग्याको हुनोछ । |
| **तर४** | - | अ.क्रि. नदी तर्नेकाम उदा. आज पानी कमछ नदी तर सबै घर झाउा । |
| **तर५** | - | निपा. निपात उदा. तमे आया तर उनु आयाइन । |

**२.७.४. विपरीतार्थी** (Antonymy)

कुनै शब्दको उल्टो अर्थ दिने शब्द विशेषलाई विपरीतार्थी भनिन्छ । भाषामा यस्ता उल्टो सुल्टो अर्थ प्रदान गर्ने शब्द हुन्छन् तर तिनीहरूको संख्या प्रायः कमै हुन्छ । विशेषगरी भिन्न भिन्न दुई शब्दहरूका अर्थ मध्ये कुनै एउटाको अर्थ भित्र अर्काको अर्थ नसमेटिने अवस्थालाई नै विपरीतार्थी वा असमावेशात्मक अर्थ सम्वन्ध भनिन्छ । बझांगी भाषाका शब्दहरूमा रहेका यस्ता शब्दहरू ज्यादै थोरै वा नगण्यरूपमै छन् । त्यसो भएपनि भाषा तात्विक अध्ययनका आधारमा विपरीतार्थी केही शब्दहरूलाई तीन भागमा राखेर अध्ययन गर्न सकिन्छ ।

जस्तै :–

| | | |
|---|---|---|
| **अँखणी** | **-** | ना. सौंतै; जम्माइ; सब्बइ; पुराइ; । उदा. उन्ने आप्ना घर अँखणी रोटो खायो । **विप. आदा** । उदा. अउल जाडिमी निको हुनो छ । |
| **अउल** | **-** | ना. तराइ; औल; प्रायः गर्मी हुन्या रे हावापानी अस्वथकर हुन्या ठौर । **विप.पाहाड ।** |
| **अउल्याल** | - | वि. औल्याल; समतल; मैदानी भागमा बस्न्या माइस । **विप.लेक** । उदा. तराइमी बस्न्यामाइसखी अउल्याल भन्ना छन् । |
| **अगि** | - | ना. पैले; अगाडि; सम्मुख; । उदा. ईस्कूलमि आज पदम भन्ना अगि कोई पुग्याको आछिन । **विप. पछि** । |

**अग्नैन** - ना.अग्न; भिक्कै अगाडि; पैलानै; अग्यारै । उदा. प्रकाशले मुखि अग्नैन पाँच रूपया राख्नाखि द्याकोछ्यो । **विप. आजभोल** ।

**एक्लो** - वि. जोडा नभयाको; परिवार नभयाको; एउटामात्र भयाको माइस; । उदा. रिलु एक्लो जाहानको माइस हो । **विप. दोख्लो** ।

**ओदो** - वि. भिज्याको; धाम नलाग्न्या; सिलाप आउन्या; चिसोपन भयाको; । उदा.स्वास्थ्यका हिसावले ओदो भयाका ठाँउ रनुहुनैन । **विप. ओबानु** ।

**ओसाउनु** - अ.क्रि. सुन्निनु; पुल्नु; । उदा. विरामी भयाका माइसका हात गोडा ओसाउनु निको लक्ष्यण होइन । **विप. ओइलाउनु** ।

**औताली** - वि. चेलोनहुनु; आफ्नु अंशखान्या छोरा नहुनु; बीउनरनु; अबुतो; निः सन्तान । उदा.साधुरामकी औताली पड्नाले उइको सम्पत्ति उइका नजिकका अरु माइसले खायो । **विप. मौमासी हुनु** ।

**एक्लो** - वि. जोडा नभयाको; परिवार नभयाको; एउटामात्र भयाको माइस; । उदा. रिलु एक्लो जाहानको माइस हो । **विप. दोख्लो** ।

**औसगुन्** - ना. कुलक्षण; अशुभ समय; अपसगुन; । उदा. हट्न्या बेला बिल्लाले बाटो काट्यो भन्या औसगुन् हुनो छ । **विप.सगुन** ।

**कंङाल** - वि. भिक्कै गरीब; दरिद्र; छार; केइनभयाको; कङ्गाल; । उदा. दोकानबाट नाफ नभइ घाटा हुनाले मोती कंङाल भयाको छ । **विप. साउकार** ।

**कच्च** - वि. नराम्डो; ननिको; फुर्चो; । उदा. यो पल्ला घरको माइस निको आछिनप कच्च छ । **विप. निको** ।

**काँडो** - ना. हाँगा; डाँठ; पात आदिमि लाग्नया वा पलाउन्या आलपिन जसो टुपो तिखो भयाको घोच्न्या वस्तु; । उदा. पाहाडका बाटाम्मो हट्न बेला खुट्टाम्मो काँडो विजला विचार अरिपन हट्या । **विप. फुल** ।

**कान्सो** - वि.कान्छो; सबुइभन्ना पछि जन्म्याको; कम उमेरको; । उदा. हरि घरको सबुइ भन्ना कान्सो माइस हो । **विप.जेठो** ।

| | | |
|---|---|---|
| **किन्न** | - | स.क्रि.मोल तिरीपन लिनु; पैसा दिपन लिन्या काम;  । उदा. जातमि आन्याको माल सामान सस्तो भया पन किन्नु हुनैन । **विप.बेच्नु** । |
| **खतुकि** | - | वि. अपराधी; कसुरदार; हाडनाता करणीको दोषी भयाको; एक प्रकारको माइकि;  । उदा.सबुइखि खतुकि भन्नु हुनैन । **विप.भलाद्मी** । |
| **गनापट्ट** | - | वि. धेरै दुर्गन्ध; झिक्कै गन आउन्या;  । उदा. यो बाटो सरसफाइ नअन्नाले गनापट्ट भयाको छ । **विप.सुगन्ध** |
| **गैलो** | - | वि. गहिरो; गमभिर प्रकृतिको;  । उदा. मदेश पानी निकाल्न्या कुवा गैलो बनायाको हुन्छ । **विप. मथलो** । |
| **ग्वालो** | - | ना. गोठालो; गाई-भैसाको रेखदेख वा हेरचाह अन्न्या माइस;  । उदा. ग्वालो निको भयो भन्या गोरु-भैसा सरुखान पाउनाइन । **विप.ग्वालि** । |
| **चक्र** | - | ना. आँलाका टुप्पामि भित्रबाट धेक्किन्या घुर्मुरियाका रखा;  । उदा. दशै आँलामि चक्र हुन्या भाग्मानि हुनो छ । **विप.शंख** |
| **छटि** | - | ना. अगाडि; पैलेइ;  । उदा. आज सबै घसारा-घसारि घाँस पाउनाले वनहै घाँस लिपन छटि घर आया । **विप. माठा** । |
| **शुद्ध** | - | वि. पवित्र; चोखो; स्वच्छ; ठीक; कपट रहित । उदा. रस्या खान्या माइसइवी शुद्ध अटि पकाउनु पड्डो छ **विप. अशुद्ध** । |

### **२.७.४. क. श्रेणीवद्ध विपरीतार्थकता (Gradable Antonymy)**

दुई वा दुई भन्दा बढी शब्दहरूको अर्थमा पाईने श्रेणीगत वा मात्रात्मक भिन्नतालाई श्रेणीवद्ध विपरीतार्थकता भनिन्छ ।

जस्तै :–

अग्लो = होचो

जेठो = कान्छो

तातो = चिसो

सानो = ठूलो

बलक = जवान

अतः यस्ता शब्दहरूका अर्थ दुई विपरीत धुर्वमा नभई श्रेणीक्रममा रहने अवस्था हो ।

**२.७.४. ख. परिपूरक विपरीतार्थकता (Complementarity)**

कुनै एउटा शब्दले अर्को शब्दको अर्थलाई नबुझाउँनु  र भिन्न–भिन्न दुई शब्दका अर्थ श्रेणीक्रममा नभई विपरीत ध्रुवमा रहने आर्थी सम्बन्धलाई परिपूरक विपरीतार्थकता (Complementarity) भनिन्छ । परिपूरक विपरीतार्थर्क शब्द मध्ये एउटाको अकरणले अनिवार्य रूपमा अर्को बुझाउँछ र त्यसलाई तुलनावाची संरचनामा प्रयोग गर्न सकिदैन । जस्तैः– यी विवाहित महिला हुन् भन्दा विवाहित शब्दमा अविवाहित अर्थ समाविष्ट हुन सक्दैन । त्यस्तै सधवा, छोरी, केटी, बूढो, जीवित, खानु शब्दले आप्नो परिचय आफै दिन सक्छन् ती शब्दलाई जनाउन विधवा, छोरो, केटो, बूढी, मृत, नखानु शब्दलाई ल्याइरहनु जरुरी हुदैन । बझांगी भाषिकामा परिपूरक विपरीतार्थी केही शब्दहरू यस प्रकार रह्का छन् ।

जस्तै :–

झानु = नझानु

हट्नु = नहट्नु

गयो = गएन

रोयो = रोएन

कलडो = बड

**२.७.४. ग. विरुद्धार्थक विपरीतार्थी (Converseness)**

श्रेणीक्रममा पनि नरहने र विपरीत ध्रुवमा पनि नरहने अथवा अकरण र तुलनावाची संरचनाबाट परीक्षण गर्न नसकिने विरुद्धार्थक विपरीतार्थी हो । अर्थात् भिन्न–भिन्न दुई शब्दबीचको श्रेणीवद्ध र परिपूरक विपरीतार्थकता बाहेकको असमावेशात्मकता सम्बन्ध विरुद्धार्थकता हो । अतः विपरीत अर्थमा आउने अनि एउटालाई चिनाउन अर्को विपरीत अर्थमा प्रयुक्त हुने पदका असमावेशात्मकता शब्दलाई विरुद्धार्थक विपरीतार्थी ( Converseness) भनिन्छ ।

जस्तै :–

यता =  उता,

वारि = पारि,

केटा = केटी,

लोग्न्या = स्वाईनि,

चेला = चेली,

सज्जन = दर्जन,

आगो = पानी

उपरोक्त शब्द परस्परमा विरुद्धार्थक देखिन्छन् । यी परस्परमा स्थानापन्न हुन सक्ने प्रकृतिका भए पनि समावेशी देखिदैनन् । अतः विपरीतार्थी शब्दहरू असमावेशी प्रकृतिका हुन्छन् भन्ने कराको यसले पुष्टि गर्दछ ।

**२.७.५. समावेशात्मकता (Hyponymy)**

कुनै दुई भिन्नाभिन्नै शब्दहरूमध्ये एउटा भित्र अर्काको अर्थ समावेश हुने आर्थी सम्बन्धलाई समावेशी अर्थ सम्बद्ध (Hyporymy) भनिन्छ । यस्तो अवस्थामा जुन पदको अर्थमा अर्को पदको अर्थ समाविष्ट हुन्छ त्यसलाई समावेशक भनिन्छ भने जुन पदको अर्थ अर्काको अर्थमा समाविष्ट हुन्छ त्यसलाई समावेशित भनिन्छ ।

कुनै एउटा शब्द भन्ना साथ त्यसले विविध शब्दका अर्थलाई समावेश गर्दछ भने त्यसलाई समावेशात्मक भनिन्छ । जस्तैः- रंग भन्नासाथ कालो, सेतो, रातो, नीलो, हरियो, पहेलो आदि विभिन्न रंगहरू बुभिन्छ भने रातो रंग भन्नाले केवल रातोलाई मात्र बभ्काउँछ । त्यसले अन्य रंगका प्रकारलाई बुभ्काउँदैन । अतः मान्छे र छोरो, फूल र लाली गराँस, रुख र पिपल, जनावर र बाघ, पंक्षी र परेवा आदि समावेशात्मकताको सम्बन्ध भएका पद हुन् । माथि उल्लेख गरिएका जोडा उदाहरणमा क्रमशः  मान्छे, फूल, रुख, जनावर, पंक्षी समावेशात्मक शब्द हुन् भने छोरो, लाली गुराँस, पिपल, बाघ,परेवा शब्द समावेशीत शब्दहरू हुन् । बभ्कांगी भाषिकामा पनि यस्ता शब्दहरू थुप्रै रहेका छन् जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

त्यसैगरी जातिवाचक नाममा व्यक्तिवाचक नाम तथा बहुवचनका सर्वनामहरू पनि समावेशी हुन्छन्

जस्तै :-

हिमाल- सगरमाथा, माछापुच्छ्रे, अन्नपूर्ण, धवलागिरी, साइपाल, आपि

नदी- सेती, महाकाली, कोशी, मेची, वाग्मती गण्डकी कर्णाली

देश - नेपाल, भारत, चीन, पाकिस्तान, भुटान, वर्मा, बङ्गलादेश

हामीहरू - म, तँ ऊ त्यो

तिमीहरू - राम, श्याम, विशाल सुशिला, चुनु

फूल- सयपत्री, हजारी, चमेली,

वर्ण - क, ख, गर, घ, ङ

मानिस - राम, श्याम, हरि

अतः जातिवाचक नामहरू हिमाल, नदी, देश, फूल, वर्ण, मानिस भित्र थुप्रै व्यक्ति वाचक नामहरू समावेश भएका छन् भने बहुवाची सर्वनाम हामीहरू, तिमीहरू र उनीहरू भित्र थुप्रै एक वचन सर्वनामहरू समावेश भएका छन् ।

जस्तै :–

देश = क्षेत्र, अञ्चल, जिल्ला, नगर, गाँउ, टोल.....

अभिलेख = शीलापत्र, ताम्रपत्र, कनकपत्र.......

फूल = हजारी, सुपारी, गोदावरी, चमेली, च्वाँफूल, गुलाफ......

अन्न = धान, गहुँ, मकै, कोदो.......

तर्कारी = आलु, भुजो, लौको, चिचिन्नो, तितोकरेलो, टमाटर, प्याज.......

स्वाइनि माइस = स्वास्नी, इजा, बउजु, चेली, दिदी, बैनी

लोग्न्यामाइस = पोइ, बुबा, दाजु, चेलो, भाजा

**परिच्छेद तिन**

# बभाङ्गी भाषिकामा पाइने समानार्थक अर्थ सम्बन्धको विश्लेषण

## ३.१ भूमिका/विषय प्रवेश

बभाङ्गी भाषा आफैंमा मौलिक प्रकृतिको छ, नेपालको सूदुर पश्चिममा बोलिने यस भाषाका आफ्नै विशेषताहरू रहेका छन् । भाषा प्रयोगका सम्बन्धमा शब्द र अर्थको विशेष सम्बन्धमा शब्द र अर्थको विशेष सम्बन्ध कायम रहेको हुन्छ । शब्दमा कुनै अर्थको सङ्केत मिलेन भने त्यसको कुनै औचित्य नै रहने स्थिति देखिँदैन । भाषामा अर्थको महत्तालाई खोजिने भएकाले यसको महत्वपूर्ण स्थान रहेको हुन्छ । अर्थको प्रतीतका दृष्टिले हेर्दा आत्मानुभव र परानुभव गरी दुई भेद गर्न सकिन्छ । आत्मानुभवले आफ्नो नजिकको वस्तुसँग प्रत्यक्ष सम्बन्ध कायम राखेको अनुभूति हुन्छ भने परानुभवले चाहीँ कुनै वस्तुका विषयमा सुनेर, बुझेर अथवा देखेर प्राप्त गरिने अनुभवलाई लिइन्छ ।

कुनै समयमा प्रयुक्त हुने शब्दको अर्थले सधै भरि एकैनासले बोध गराइरहनु सक्दैन । अथवा शब्दको अर्थ सधै नै एकैनासले रहिरहँदैन । शब्दको अर्थ प्रस्ग अनुकूल फरक-फरक लाग्न पनि सक्दछ । शब्दको प्रयोग स्थितिलाई मियालेर त्यसको अर्थ पहिल्याउनु पर्ने हुन्छ ।

प्रायः समान अर्थ दिने खालका शब्दहरूलाई पर्यायवाची शब्द भनिन्छ अर्थात् एउटै अर्थ जनाउने धेरै शब्दहलाई पर्यायवाची वा समानार्थी शब्द भनिन्छ । भाषा शास्त्री मूलका अनुसार दुई वा सो भन्दा बढी रूपहरूको अर्थमा निकटतम समानता रहेमा तिनमा समार्नाता भएको मानिन्छ । यस्ता रूपहरू सधै नभए पनि प्रायः वैकल्पिक रूपमा वाक्यमा प्रयोग हुन सक्छन् । जस्तै उत्तर दिनु, बनाउनु, भन्नु, जवाफ दिनु, प्रतिक्रिया व्यक्त गर्नु, आफ्नो भनाई राख्नु आदि जस्तै,

कोमल - कम्लो, मृदु, मुलायम, नरम, कमजोर, सुकुमार

जन्म - उदय, अवतार, अवतरण, अख्खो जुनी, उत्पत्ति, उद्भव

भाव - अनूभूति, मनको विचार, मनस्थिति, भावना, आदि

केटी - युवती, तरुनी, छोट्टी, मुलाइ ।

समय बताउन प्रयोग हुने साधारण शब्द-समय, काल, मिनेट, छिन, वेला, घडी, घण्टा, बजे, वर्ष, हिजोआज, आधुनिक काल,.........

| | |
|---|---|
| कालसूचक शब्द | काल, समय, दिष्ट, मौका, अवसर, वखत, क्षण, छिन, वेला |
| कालको अवधि | अवधि,..........देखि.......... सम्म (को समय), ........ (घण्टा वा मिनेट) समयलाई तोकेर भन्नुपर्दा सेकेन्ड, मिनेट, घडी, वेला, घण्टा, बजे, दिन, रात ५ बजेर ८ मिनेट |

| | |
|---|---|
| पात्रो | पात्रो, गोजी पात्रा, (ज्योतिषीको वा ठूलो) पात्रो, भित्ते पात्रो |
| दिन | दिन, दिवस, दिवा, दिउँसो, घस्र, बार, वासर, दैनिक, दिनभर, दिनदिनै, दिनरात, दिनहुँ, भरदिन |
| रात | रात, रात्रि, निशा, रजनी, यामिनी, तमी, निशीथिनी, त्रियामा, क्षणदा, क्षपा, विभावरी, शर्वरी |
| अँध्यारो वा जून नलाग्ने रात | अँधेरी रात, तमिस्रा |
| उज्यालो वा जून लागेको रात | उजेली रात, ज्योत्स्नी |
| रात र दिन बरावर हुने समय | विषुव, विषुवत् |
| खास दिन | दिवस, जयन्ती, १-१ २०६६ वा दुई हजार छयसट्ठी साल वैशाख एक गते, नयाँ वर्ष, दसै, तिहार, संक्रान्ति, जात्राको दिन आदि । |
| पूजादिमा भनिने | खास दिन १-१ २०६७ का लागि शुभकृत् संवत्सर, उत्तरायण, वसन्त ॠतु, वैशाख मास, कृष्ण पक्ष, चतुर्थी तिथि, मेष राशिमा श्रीसूर्य, वृश्चिक राशिमा चन्द्रमा, मकर राशिमा वृहस्पति भएको समेवारका दिन |
| विहान | विहान, प्रभात, प्रात, प्रातः काल, उषा, उषाकाल, बिहानी पख, विभात, प्रत्यूष, अहर्मुख, भाले बास्ने वेला, झुल्के घामको वेला, विहान हुने पख वा व्याउने पख |
| सूर्योदय पहिले | अरुणोदय, भाले बास्ने वेला, भालेको डाकको वेला, भ्याटभ्याटेको वेला |
| मध्य रात | आधा रात, मध्य रात, निशीय, भूतको वेला जूनको किसिम अनुसार औसीको रात |
| चन्द्राँश वा कला देखिने अमावस्या | सिनीवाली |
| चन्द्ांश वा कला नदेखिने अमावस्या | कुहू |
| जूनको किसिम अनुसार पूर्णिमाको रात | |
| चन्द्राँश वा कला पूर्ण भएको पूर्णिमा | राका |
| चन्द्राँश वा कला पूर्ण नभएको पूर्णिमा | अनुमति |
| दिका भाग | पूर्वान्ह मध्यान्ह, अपरान्ह, साँझ, बिहान, गाधूलि, मध्य दिउँसो खेतालाले खाजा खाने वेला, खेताला आउने वेला वा फिर्ने वेला, मध्य वार्ने वेला, चरा बास बस्ने बेला, |
| साँझ पछिको समय | ठूलो साँझ, प्रदोष रजनीमुख |
| तीनवटै सन्ध्याको एकमुस्ट नाम | त्रिसन्ध्य |
| दिन वा रातका भाग | याम, प्रहर |

प्रतिपदा र औसी वा पूर्णिमाको सन्धिकाल पर्व

एक रात र एक दिनको पूरा समय अहोरात्र, एक दिन, २४ घण्टा, होरा, होडा, ३० मुहूर्त, ६० घडी वा नाडी

**दिनभन्दा ूला अवधि**

हप्ता हप्ताह, हप्ता, सात दिन, (साप्ताहिक, हप्ताबारी, हप्तैपिच्छे, सात दिने)

हप्ताका दिन आइतबार, आदित्यवासर, रविबार । सोमबार, सोमवासर मङ्गलबार, भौमवासर । बुधबार, बुधवासर बृहस्पति बार, बिहिबार, बृहस्पतिवासर । शुक्र बार, शुक्रवासर, शुक्रबार । शनिबार, शनैश्चरवासर

हप्ताका दिनको उक अर्का सापेक्षता हप्ताको पहिलो दिन आइतबार हप्ताको दोस्रो दिन सोमबार

हप्ताको अन्तिम दिन शनिवार

हप्ताको बीच दिन बुधबार

हप्तामा छुट्टीको दिन शनिवार

दिनको एक अर्कामा सापेक्षता वक्ताले जुन दिन बोलेको छ त्यो दिन आज

वक्ताले बोलेको दिनभन्दा १ दिनपछि भोलि

वक्ताले बोलेको दिनभन्दा २ दिनपछि पर्सि

वक्ताले बोलेको दिनभन्दा ३ दिन पछि निकोर्सि

वक्ताले बोलेको दिनभन्दा १ दिनपहिले हिजो

वक्ताले बोलेको दिनभन्दा २ दिन पहिले अस्ति

धेरै रातलाई एकसाथ भनिन्छ गणरात्र

दुई दिन र एक रात (१२ प्रहर) को समय पक्षिणी

१५ दिनको समय पक्ष

शुक्ल पक्षका नाम शुक्ल पक्ष, उजेली रात, पूर्व पक्ष, सुदि

कृष्ण पक्षका नाम कृष्ण पक्ष, अपर पक्ष, बहुल पक्ष, बदि

कुनै पनि पक्षको अन्त्य पक्षान्त, पञ्चदशी

तिथि र नाम १. प्रतिपदा, परेवा २. द्वितीया, ३. तृतीय ४. चतुर्थी ५. पञ्चमी ६. षष्ठी ७. सप्तमी ८. अष्टमी ९. नवमी १०. चतुर्दशी १५ पूर्णिमा ३०. औंसी, अमावास्या

महिनाका नाम मास, महिना, (३० दिन, २ पक्ष) (मासिक, महिनावारी, महिनौँ, महिनैपिच्छे)

वैशाख वैशाख, माधव, राध । जेठ जेठ, ज्येष्ठ, शुक्र

| | |
|---|---|
| असार | असार, आषाढ । साउन साउन, श्रावण, श्रावणिक, नभस् |
| भदौ | भदौ, भाद्र, प्रौष्ठपद, नभस्य |
| असौज | असोज, आश्विन, आश्वयुज, इष |
| कात्तिक | कात्तिक, कार्तिक, बाहुल, ऊर्ज, कार्तिकिक |
| मङ्सीर | मङशीर, मार्गशीर्ष, मार्ग, आग्रहायण (अगहन) |
| पुस | पुस, पौष, सहस्य, तैष । माघ माघ, तपस् |
| फागुन | फागुन, फाल्गुन, तपस्य । चैत्र चैत्र, मधु, चैत्रिक |

महिनाको एक अर्कामा सापेक्षता

| | |
|---|---|
| पहिलो महिना | वैशाख |
| अन्तिम महिना | चैत्र |
| बितेको महिना | गत वा विगत महिना |
| आउने महिना | आगामी वा आउने महिना |
| महिनाको समूहन सम्बन्धी | दुई महिने द्वैमासिक, चौमासिक, षाड्मासिक, अर्द्धवार्षिक |
| शैक्षिक ऋतु | शैक्षिक सत्र, सेमेस्टर, पहिलो वा दोस्रो सत्र आदि |
| परीक्षाअनुसार समय नाम | आवधिक, अर्द्धवार्षिक, वार्षिक, मौका |
| ऋतु | ऋतु (२ महिना), मौसम |

ऋतु ६ वटा छन् ।

| | | |
|---|---|---|
| वसन्त | - | चैत्र र वैशाख |
| ग्रीष्म | - | ज्येष्ठ, असार |
| वर्षा | - | साउन, भदौ |
| शरद् | - | असोज, कार्तिक |
| हेमन्त | - | मङ्सीर, पुस |
| शिशिर | - | माघ, फागुन |
| अयन | - | अयन, सूर्यगति, ६ महिना वा ३ ऋतु बरावर समय, |
| उत्त्रायण | - | शिशिर, वसन्त, ग्रीष्म, (ऋतु) |
| दक्षिणायन | - | वर्षा, शरद् हेमन्त (ऋतु) |
| वर्ष | - | वर्ष, संवत्सर, वत्सर, हायन, अब्द, साल, समा, ३६० दिन |
| युग | - | युग, जुग, (कालगति, पुस्ता (पिँढी), युगौं, जुग-युगान्तर) |
| १० वर्षको समूह | - | दशक |
| १०० वर्षको समूह | - | शतक, शताब्दी |
| १००० वर्षको समूह | - | सहस्राब्दी |
| प्रलय | - | सृष्टिको संहार समय, प्रलय, संवर्त, लय, क्षय, कल्प, कल्पान्त, सर्वसंहार |

| | | |
|---|---|---|
| नतोकिएको | - | अनिश्चित समय : कहिले, जब, त, बुनै दिने, कुनै वेला, महिले काँही, आकलभ्कुक्कल, यदाकदा, एकदिन । |
| अवसर सापेक्षिक दिन/समय | - | अवसर, मौका, साइतको दिन/बेला, घटनाको दिन, १२ वर्षमा पोइ आको म राँडीलाई जरो आको, |
| समय बताउन | - | समय भन्नु, घडी हेर्नु, कति बज्यो हेर्नु/भन्नु, |
| घटना र समयको विवरण | - | वंशावली, अभिलेख, इतिहास, पुराना कुरा, |
| समय बताउने मानिस | - | समय पालक, (घण्टी हान्ने) पाले, घडी हेर्ने मान्छे |
| समय सूचक - उपकरण | - | घडी, धूप घडी (सौर घडी), नाडी घडी, भित्ता दिवाल) घडी, डिजिटल घडी, एनालग घडी, विद्युतीय घडी |

## ३.२. प्रकार अनुसार व्याख्या र सूची

### ३.२.१. समानार्थकता (Synonymy)

बझागी भाषिकाका कोशीय एकाइहरूमा समानार्थक अर्थ सम्बन्धहरू प्रयाप्त मात्रामा रहेका छन् । भिन्न भिन्न शब्दहरूको समान वा उही अर्थ भएमा र त्यस्ता शब्दहरूका बीचको सम्बन्धलाई समानार्थकता(Synonymy) भनिन्छ । यस्तो सम्बन्ध भएका शब्दहरूलाई समानार्थी वा पर्यायवाची शब्द पनि भनिन्छ । अतः समानार्थकता पूर्ण र आंशिक गरी दुई किसिमको हुन्छ ।

### ३.२.१.क.पूर्ण समानार्थकता (Absolute Synonymy)

भिन्न भिन्न शब्दहरूको अर्थ सम्पूर्णतः समान वा उही छ भने ती शब्दहरूबीचको आर्थी सम्बन्ध नै पूर्ण समानार्थकता (Absolute Synonymy) हो । कुनै पनि भाषामा पूर्ण समानार्थी शब्दहरू पाइँदैनन् र बझांगी भाषा पनि त्यसवाट अछुतो रहेन । यदि कुनै दुई वा सो भन्दा बढी शब्दहरू पूर्ण समानार्थी भए भने ती मध्ये एउटा मात्र प्रयोगमा रहन सक्छ र अरु लोप हुन्छन् भन्ने मान्यता रही आएको छ । यसैले पूर्ण समानार्थी शब्दको उदाहरण बझांगी भाषामा पाइदैन ।

### ३.२.१.ख आंशिक समानार्थकता (Partical Synonymy)

भिन्न भिन्न शब्दहरूको अर्थ आंशिक रूपले समान छ भने ती शब्दहरूका बीचको आर्थी सम्बन्धलाई नै आंशिक समानार्थकता (Partical Synonymy) भनिन्छ । कुनै भाषामा प्रयोगमा रहेका समानार्थी शब्दहरूको अर्थ झट्ट हेर्दा पूर्ण रूपमा समान जस्तो लागे पनि तिनीहरूका बीच शैली,भाषिका,प्रयोजन आदि विविध आधारमा भिन्न रहेको हुन्छ । यिनै सन्द्रर्भमा आंशिक समानार्थकतालाई पनि विभिन्न आधारमा राखेर अध्ययन गर्न सकिन्छ ।

जस्तैः- नारी + मानव, + वयस्क, + भाले, + शक्ति

अबला + मानव,+ वयस्क, + भाले - शक्ति

यहाँ नारी र अवला दुवैमि तीन अर्थ समान छन् तर अवला शब्दमि नारी शब्द भयाको हुनले एक अर्थ समान छैन । त्यसैले यस्ता आशिंक समानार्थकता केही रूपमा बझाङ्गी भाषिकामा रहेका छन्  जसलाई निम्नानुसा देखाइएको छ ।

**३.२.१.ग. सन्द्रभगत समानार्थकता** ( Referential Synonymy )

यसमा भिन्न-भिन्न शब्दहरूको प्रयोगबाट एउटै अर्थ प्राप्त हुन्छ ।

जस्तैः–

साँचो - सत्य, ताला खाल्ने वस्तु,ईटा वा माटाका भाँडा बनाउन प्रयोग हुने साधन ।

कर - हात, तिरो, जिद्दी, अधिकार, हात्तीको सूँढ ।

तर - किन्तु, दूधको तर, टर्ने काम गर् ।

**३.२.१.घ. भाषिकागत समानार्थकता** ( Dialectal Synonymy )

यसमा भिन्न-भिन्न भाषिकामा  प्रयोग गरिने शब्दहरूबीचको समानार्थकता हुन्छ । एउटै भाषाका पनि भिन्न-भिन्न भाषिकामा प्रयोग हुने समानार्थी शब्दहरू हुन्छन् । जस्तैः- अम्बा, अम्भा, अम्बक, बेलउती, गोलभेडा, रामभेडा, आदि ।

**३.२.१.ङ. शैलीगत  समानार्थकता** ( Stylistic Synonymy )

यसमा भिन्न-भिन्न शैलीमा  प्रयोग गरिने शब्दहरूबीचको समानार्थकता नै शैलीगत  समानार्थकता हो ।

जस्तैः–पहिचान-परिचय समानार्थी शब्द हुन् तर यहाँको परिचय पाँउ भन्ने ठाउँमा यहाँको पहिचान पाउँ भन्ने हुदैन ।

**३.२.१.च.अन्तरभाषा  समानार्थकता** ( Interlingual Synonymy )

माथि देखाइएका तीनवटा आंशिक समानार्थकतालाई अन्तरभाषा  समानार्थकता भित्र नै अध्ययन गर्न सकिन्छ ।

जस्तैः–

घर  -  बझाङ्गी

मकान  -  हिन्दी,

हाउस्  -  अंग्रेजी,

गृह   -  संस्कृत ।

त्यसैले उपरोक्त शब्दहरूलाई अन्तरभाषा  समानार्थी शब्दका रूपमा अध्ययन गरिएको हो ।

अतः दुई वा दुई भन्दा बढी शब्दहरूमा समान वा उही अर्थ हुने र त्यस्ता शब्दहरू परस्पर पर्यायवाची हुन्छन् त्यसैले समानार्थकतालाई पर्यायवाची पनि भनिन्छ । समानार्थी शब्द जतिभए पनि तिनले एउटै अर्थ बुझाउने गर्दछ ।

जस्तै :–

आँखो - नयन, नेत्र, लोचन, चक्षु
युवती - सुन्दरी, तरुनी, ठिटी
पुस्तक - किताव, ग्रन्थ

## परिच्छेद चार

# बझाङ्गी भाषिकाका पाइने अनेकार्थक अर्थ सम्बन्धको विश्लेषण

### ४.१. भूमिका

अनेकार्थकताको तात्पर्य एउटै शब्दमा अनेकथरी अर्थ लाग्ने भन्ने बुझिन्छ । यसबाट एउटै शब्दबाट अनेक प्रकृतिका अर्थहरू लाग्नु पर्ने अपेक्षा गरिन्छ । सबै शब्दहरू एकार्थक मात्र हुँदैनन् प्रस्नानुसार एक भन्दा बढी अर्थ दिने खालका शब्दहरूलाई यसमा समेटिन्छ । यस्ता शब्दहरूको अर्थगत निर्णय संयोग, वियोग, साहचर्य, विरोध प्रयोजन, कारण, चिह्न, विशेष, अन्य शब्दहरूको सनिध्य, सामर्थ्य, औचित्य, देश, काल, लिग आदिका आधारमा अध्ययन गरिन्छ । भाषा शास्त्री युलकानुसार लेख्य वा कथ्यका एउटै रूपले अनेक अर्थ बुझाउने भएमा त्यसलाई अनेकार्थक मानेका छन् । (Polysemy, which can be defined as one form (written or spoken) having multiple meaning which are all related by extension) अतः एक भन्दा बढी कोशीय अर्थ व्यक्त अनेकार्थकतामा हुन्छ । तर यस्ता शब्दले प्रस्ग अनुसार अलग-अलग अर्थ दिन्छन । जस्तै

साँचो- सत्य, तालाखोल्ने वस्तु, इटा-टाइल बनाउने वस्तु

तिर - नदीको किनारा, तिर्ने काम तर्फ

धातु - सुन, फलाम, खनिज पदार्थ, वीर्य, क्रियाको बीजक

गण- भूत-प्रेत, समूह, देवी-देवता

### ४.२. प्रकार अनुसार ब्याख्या र सूची

#### ४.२.१. अनेकार्थकता (Polysemy)

एउटै शब्दको एक भन्दा बढी अर्थ हुने स्थिति अनेकार्थकता हो । यसलाई समानार्थकताको ठीक उल्टो स्थिति मान्न सकिन्छ । समानार्थकतामा शब्द एक भन्दा बढी र अर्थ एउटा हुन्छ भने अनेकार्थकतामा शब्द एउटा र अर्थ एक भन्दा बढी हुन्छ । अतः यो आकारगत हिसावले एउटै भएका तर अर्थगत हिसावले एक भन्दा बढी र अर्थ भएका शब्दलाई अनेकार्थी भनिन्छ । कुनै खास शब्द एउटा प्रसङ्गमा एउटा अर्थ र अन्य प्रसङ्गमा अन्य अर्थ देखापर्नु नै अनेकार्थकता (Polysemy) हो ।

जस्तै :–

**अन्नी१** - ना.माघकामैना पठायाकी चेलीवैनीखि दिन्या पकवान, फाँको वा दानदक्षिणा,अन्नी उदा. चेलीखि अन्नीदिन झानु पड्न्या हो ।

**अन्नी** २ - छकाल वा दिउस भोकलाग्दा खान्या रोटो, खाजा, नास्ता , फाँको, अन्नि । उदा. वन झान्या बेला अन्नी लिपन्ट झानु पड्डो छ ।।

**उ१** - ना. देवनागरी वर्णमालाको पाँचौ स्वर-वर्ण । यइको उच्चारण ओठबाट हुनोछ र यो ह्रस्व स्वरवर्ण हो । विप. दीर्घ ।

**उ२** - ना. टाडाको व्याक्ति वा वस्तुखी निर्देश अन्न्या वा धेकाउन्या शब्द । उदा.विश्वको घर उ परलाई छ ।

**ए१** - ना. देवनागरी वर्णमालाको एघारौं स्वर-वर्ण । यइको उच्चारण कण्ठ-तालुबाट हुनोछ ।

**ए२** - वि.बो. सम्बोधन बुझाउन्या शब्द; शोक, हर्ष, खुसी आदि मनको भाव बुझाउन मुखबाट निक्लन्या शब्द । उदा. ए तमे इस्कूल नगइ घरै बस्याका छौं ।

**एकासि१** - ना. असि र एकको योग सङ्ख्या; एकासी; ८१को अङ्क; । उदा. रोशनले राजुखि एकासि (८१) रूप्या द्‍यो ।

**एकासि२** - क्रि.वि. अकस्मात; एक्कासि; अपर्झट्; स्वाट्ट; झट्ट; । उदा. देश गयाको भाजा खवर नअरि एकासि घर आयो ।

**एक्छाक्या१** - वि. एकै छाक मात्र खाना खान्या; । उदा. श्राद अन्नु भन्ना एक दिन अगाडि श्राद अन्न्या माइस एकछाक्या बस्ता छन् । विप. दुईछाक्या ।

**एक्छाक्या२** - ना. एक समय मात्र दुद दिन्या गाईवस्तु; । उदा. लक्षीका गाईको बाच्छो बिरामी भै मन्नाले उइको तीनछाक्या दुद दिन्यागाई एक्छाक्या भयो । विप. दुईछाक्या ।

**ओ१** - ना. देवनागरी वर्णमालाको तेह्रौं स्वर-वर्ण । यइको उच्चारण ओठबाट हुनोछ ।

**ओ२** - निपा. कसुइखि डाक्दा बोलाउन्या शब्द; । उदा. ओ हजुर तमे काँछौ छटि घरआउ याँकोइ माइस तमुखि खोज्न आयाका छन् ।

**ओ३** - वि.बो. विस्मय; पीडा; दु:ख आदिका बेला बोलिन्या शब्द; उदा. ओ इजा मुखि एसा दु:ख क्या भया ।

**कख्याउनु१** - प्रे.क्रि. आज भोलै जन्म्याका बच्चाखि काखे बानी बसाउनु; । उदा. नान्का बच्चाखि कख्याउनु भन्याको पछिका दुख बलैपाडि बोलाउनु हो ।

**कख्याउनु२** - स.क्रि. पन्छाउनु; पर सान्नु; पुन्डै राख्नु; । उदा. घरको छारो झाड्न्या बेला नान्का तिन्का सामान कख्याउनु पड्डो छ नत्र छाराउडा हराना छन् ।

**कुत्कुतानो१** - वि. चिल्लो; निको; सफा; राम्डो आदि धेक्किनया वस्तु; । उदा. मुइले बेली भोट्याहै किनी आन्याको कुकुर कुत्कुतानो छ ।

**कुत्कुतानो२** - वि.छप्कनु; डरमान्नु; नबोलिपन डरले लुकिरनु; । उदा. विष्नु सबै हान्ना रे माइकि दिना छन् भनी डरले कुत्कुतानो भइ घरम्बो लुकिरनो छ ।

**कन्डम्१** - ना. ढाल; लोग्न्या माइसले प्रयोग अन्या परिवार नियोजनको एक साधन; । उदा. असुरक्षित यौन सम्पर्क अद्दाखि कन्डम्को प्रयोग अन्नु पड्डो छ ।

**कन्डम्२** - वि. खतम; काम नलाग्न्या; बिग्ड्याको; । उदा. जापानले नेपालखि बाटो बनाउन द्याका सबै डोजरगाडि पुराना भै नसपाड्डाले कन्डम् भयाका छन् ।

**कर१** - ना. बाध्यता; हक; अधिकार; उदा. हरिले आप्ना दाजुखि १५ प्रतिशत कर अरि पन रूपया माग्यो ।

**कर२** - ना. सरकारखि बुझाउन्या रकम; तिरो; । उदा. मु आप्नो कमाइको कर सरकारखि तिद्दो छु ।

**किन्नु१** - ना. किन्नो; गाई-भैसाका हडम्मो लाग्न्या एक प्रकारको किडो विशेष; । उदा. दुद दिन्या गाई-भैसाखि किन्नु लाग्यो भन्या दुद थाक्तो छ । विप.लिखो ।

**किन्नु२** - स.क्रि.मोल तिरीपन लिनु; पैसा दिपन लिन्या काम; । उदा. जातमि आन्याको माल सामान सस्तो भया पन किन्नु हुनैन । विप.बेच्नु ।

**कूनु१** - अ.क्रि. कुईनु; सड्नु; बिग्रनु; गन आउनु; । उदा. खानाखि आन्याको माल-सामान कूनु भन्याको निको होइन । विप. नकूनु ।

**कूनु२** - ना.गडाको छेउ; बल्ल जोत्न नसकिन्या ठाँउ; । उदा. हलाको स्यो नलाग्न्या हुनाले गडाको कूनु निकोरि खन्नु पड्डो छ । विप.माझँ ।

**कूनु३** - ना. कुम; कुहिनो; कुइनो; कुइनु; । उदा. रुखहै लोटिपन पौमल्याको हातको कूनु भाच्याको छ । विप.घुडो ।

**कोइलो१** - ना. आँप आदिका फलको भित्रको भाग; चबाइ नसकिन्या भाग; । उदा. आँपका कोइलो खानु हुनैन । विप. आँप ।

**कोइलो२** - ना. अङ्गार; आगो निम्या पछिको; । उदा. आगो बाल्नाखि वा सल्काउनाखि कोइलो चाहिनो छ ।

**खड१** - ना. खर; बाबियोका जसा लामा-लामासिन्के पातहुन्या; घर, गोठ, छानु आदि छाउन काम लाग्न्या एक प्रकारको घाँस वा झार; । उदा. छानु छुनाखि खड किनी आन्नु पड्डो छ ।

**खड२** - ना. आदत; बानी; स्वाभाव; । उदा. मुला-मुलीको आजभोल जसो खड लायो पछिसम्म तसोइ खड रनो छ ।

**खड३** - क्रि.वि. खेरझानु; व्यर्थ; खाइपन्ट झिक्कै बच्नु; । उदा. भात लादाइनो जति हाल्या पन खड भन्या एक सितो हाल्न पाइन्या होइन ।

**खलो१** - ना. मन्दिर प्राङ्गण; देवताको आराधाना अन्नाखि गाँउका सबै जम्मा हुन्या ठाँउ; । उदा. शैलेश्वरीको पूजा कसरि अन्या भनी गाँउका माइसले आज खलो भरऱ्याको छ ।

**खलो२** - ना. आँगन; खेतको धान जम्मा अरि चुट्न्या ठाँउ; । उदा. धान चुट्नाखि खलो निकारि गोवर माटाले लिप्याको हुन्छ । विप.जोत्याको गडो ।

**खलो३** - ना. दमाई, कामी, सार्की, हली आदिखि काम अऱ्या बाफत खलाबाट दिन्या अनाज; । उदा. हलीखि खलो निकोरि भरीपन दिनु नत्र अखा बस्स हली नपाइएला भन्ने डर हुनोछ ।

**खालि१** - ना. पानी जम्मा भयाको ठाँउ; पानी पोख्याको ठाँउ; उदा. भैसा घामले खालि पड्याका छन् ।

**खालि२** - वि. रित्तो; केइनभयाको; शून्य; हातउडो केइ नभयाको; । उदा. देशहै जया खालि हात घर आयो । विप.भरी ।

**खिल्लि१** - ना. हाँसो उडाउनु; मजाक अन्नु; दिल्लगी अन्नु; । उदा. कमजो छ भनी कसुइको समाजमि खिल्लि अन्नु हुनैन ।

**खिल्लि२** - ना. चुरोटको एक छेडो; बीँडीको छेडो; । उदा. दोकान है सिग्रेटको एक-एक खिल्लि किन्नु भन्ना अखडि डब्बा किन्ना फाइदा हुनो छ । विप.डब्बा ।

**घडि१** - ना. समय बताउन्या एक यन्त्र; । उदा. आजभोल सबुइका हातमि घडि हुनो छ ।

**घडि२** - ना. केला; केरा; । उदा. भाइ त्यारका बेला खानाखि लागि प्रायः घडि हुन्याले पकाइपन राख्ता छन् ।

**छाक्१** - ना. एक रौका अघाउन्जेल खान पुग्न्या खाना; । उदा. हुन्या माइस दुई छाक् भात खाना छन् ।

**छाक्२** - ना. जुठोपड्याका; श्राद्ध; व्रत आदिका समयमि दिनको एक रौका पन खाना नखाइ रन्या, मात्र खाना खान्या; एक दिन भरि खाना नखान्या । उदा. पाउनी मऱ्याकि हुनाले उइदिन सबुइले खाना नखाइ छाक् छाड्यो ।

**छाति१** - ना. हृदय; मन; आट; घाँटिमुनि रे लादामथिको शरीरको भाग; । उदा. ठूला माइसको ठूलो छाति हुनुपड्डो छ ।

**छाति२** - ना. स्वइनि माइसका चुचु; स्तन; चुचा; । उदा.कोइकोइ स्वाइनि माइसका छाति निकोरिपन्ट आहार खाना नपाउनाले सुक्याका हुना छन् ।

**मन्१** - ना. हृदय; अन्तस्करण; चित्त; । उदा. केइकाम अन्नाखिपन मन ठूलो अन्नु पड्डो छ ।

**मन्२** - ना. ओजन; । उदा. मुइले सौकाबाट चार मन् नून पछि सम्मका लागि किनि राख्याको छ ।

**मारामार१** - क.व्य. मारपिट; हानाहान; कुटाकुट; । उदा. दुइ गाँउका बीच आज मारामार हुन लाग्याको छ ।

**मारामार२** - ना. कामको चेपाचेप । उदा. असाडका मैना सवुइका घर रोपाइको मारामार हुनोछ ।

**मुला१** - ना. चोतो; मुलो; सागको एक विशेष रूप । उदा. जाणीका बेला मुला खानु हुँदैन ।

**मुला२** - वि. केटो; छोरो; चेलो । नान्को पुरुष माइस । उदा. विरुका मुलाखि सन्च आच्छिन ।

**मुला३** - वि. जाबो; तुच्छ; हेला अरिपन सम्बोधन अन्या एक शब्द उदा. तु मुला मेरा क्या अरल्लै ।

**मुलाइ१** - ना. केटी; छोरी; चेली । नान्कीमहिला माइस । उदा. घर नान्की मुलाइको हेरचाह अन्न्यन माइस राख्याको छ ।

**मुलाइ२** - सर्व. मलाइ मुखी उदा. मुलाई आज सैरन्या मन लाग्याको छ ।

**मुलाइ३** - वि. जाबी; तुच्छ; हेला अरिपन सम्बोधन अन्या एक शब्द उदा. तु मुलाई मेरा क्या विगाड्ल्ली ।

**मुसो१** - ना. केइ कुडा पोल्लिपन भयाको कालो धूलो उदा. रोटा पकाउन्या बेला तबाको मुसो हातम्मो लाग्यो ।

**मुसो२** - ना. छालामि नपाक्न्या अरि निक्ल्याको एक फुपुनु उदा. कालुका हातमी ठूलो मूसो छ ।

**मुसो३** - ना. गणेशको वाहन; बिल्लाको आहार । दुलाम्मो बस्न्या एक प्रकारको नान्को जन्तु उदा. धान पावन्याबेला मुसो दूलाइना हैं बाइर आउनो छ ।

**मूल१** - ना. मुहान; उद्गमस्थल; । उदा. खान्या पानीको मूल टाँडा छ ।

**मूल२** - वि. प्रधान; मुख्य; सर्वश्रेष्ठ उदा. पदम घरको मूल माइस हो ।

**मेला१** - ना. घाँस पाली राख्याको ठाँउ उदा. मेला समयैमि किनि राख्नु पड्डो छ ।

**मेला२** - ना. जात्रा; उत्सव; तीर्थस्थल आदिमि हुन्या माइसको जमघट उदा. चैतलीका मेलामी सदाइ कल हुनी छ ।

**यक्छाक्या१** - वि. एक समयमा मात्र दिन्या; एक समयमि मात्र दुद दिन्या । उदा. मरो गाई एक मैनाबाट यक्छाक्या लाग्याको छ ।

**यक्छाक्या२** - वि. एक छाक मात्र खान्या; विशेष पर्व वा सराद अन्नु भन्ना एकदिन अगाडि रे एक दिन पछाडि । उदा. तमे यक्छाक्या कइलबाट वस्याका हौँ ।

**र१** - ना. देवनागरी वर्णमालाको सत्ताइसौँ वर्ण; यइको उच्चारण मूर्धाबाट हुनोछ ।

**र२** - सहा.क्रि.कुनै कामको निरन्तरताको बोध अराउन्या वाक्यको अन्तमि लाग्न्या सहायक क्रिया उदा. तु खानै र मु भुट्टै रौँ ।

**रस्१** - ना. झोल; तरल पदार्थ; पानी; मदिरा; जाँड; तिउनको रस; चुकिलो आदिको रस उदा. रस दार खाना खानु निको हो ।

**रस्२** - ना. काव्य वा घटनाको प्रत्यक्षीकरणबाट उत्पन्न हुन्या; उद. भरतको नाट्य शास्त्रमी रसको चर्चा अन्याको छ ।

**राई१** - ना. किरात जातिको एक वर्ग उदा. राई जातिका माइस बाल्ल्या हनाछन् ।

**राई२** - ना. राउन्या काम; चिन्न्या-जान्न्या काम; । उदा. बेली तुइले उइखि राईछि कि ।

**राहु१** - ना. राहु,केतु शनि आदि नौ ग्रह मध्यको एक ग्रह । उदा. राहुका दशा लाग्यो भन्या निको हुनैन ।

**राहु२** - वि. अनावश्यक समस्या पैदाअन्न्या; झन्झटिया; भुटोअन्न्या माइस उदा. विरुको चेलो राहू जसो छ ।

**लट्पटि१** - ना. भैं झमेला , अल्भिन्न्या काम उदा. काम अन्न्या बेला लट्पटि अन्नु हुँदैन ।

**लट्पटि२** - ना. ओढ्न्या आच्छाउन्यामि लट्पटिनु उदा. उजालो भया पछि खाटमि लट्पटिरनु हुनैन ।

**लट्पटचा१** - वि. गोलमाल अन्न्या, भद्रगोल अन्न्या,अल्भिन्न्या उदा. लट्पटया माइस निको होइन ।

**लट्पटचा२** - वि. गिलो वस्तु बाक्लिएर स्वादिलो भयाको परिकार उदा. खिर लट्पन्या बनाइ पन्ट पकायाको निको हुन्छ ।

**लडो१** - ना. मैलो वा फोहरले अड्डा जुगुल्टो परी जम्याका मुन्टाका रुमा उदा. मुन्टो नकोन्नाले चुनुमुनुका लडो पऱ्याको छ ।

**लडो२** - ना. ऱ्याल सहितको तरल पदार्थको धारो । सिङानको लडो उदा. झूरुका नाकइनो सिङानको लडो आउनो छ ।

**लडिबडि१** - अ.क्रि. लाडिनु; नजिकिनु; लडिबडी हुनु उदा. मुला-मूली घर गया पछि लडिबडि अरि पन्न नजिक्किना छन् ।

**लडिबडि२** - क्रि.वि. लोटपाट; ढुलीमुली; भैँयाइनो पडिपन्ट रिसले वा स्नेहले ओल्तिर पल्तिर अन्नु उदा. जाडिका बेला भैयाइनो रिले छ लडिबडि अन्नु हुनैन ।

**लागोभागो१** - क्रि.वि. भ्यासम्म अन्न्या; यथासक्य; । सक्या सम्म उदा. सक्यासम्म आफ्नो काम अन्नाखि लागो भागो छु ।

**लागोभागो२** - ना. भूतप्रेत आदिको दुष्प्रभाव । देवी देवताको लाग्न्याकाम उदा. उइखी देवी-देवताको लागोभागो आच्छिन ।

**लाटि१** - वि. सोझी-साजी; सरलस्वाभावकी; । बोल्न नसक्न्या । विप.लाटो उदा. मीनाखि सबै लाटि माइस भन्ना छन् ।

**लाटि२** - ना. चेली; छोरी; । स्नेहका साथ बोलाइन्या । विप. लाटो उदा. चेलीखी लाटि भनिपन्ट बोलायो भन्या खुशी हुनीछ ।

**लामा१** - ना. एक हिमाली जाति । बौद्ध धर्मका तिब्बती धर्म गुरु । भोटे जातिको मान बोधक शब्द उदा. लामा बुद्ध धर्म मान्ना छन् ।

**लामा२** - ना. लामोको ति.रु.। वि.अग्लो । विप. छोटो उदा. लामा माइस निकाहुनाइन ।

**लाहुर्‍या१** - ना. विदेशी पल्टनमि नौकरी अन्न्या वा अर्‍याको जवान । विदेशमा नौकरी अन्न्या माइस उदा. लाहुर झान्याखी लाहुर्‍या भन्ना छन् ।

**लाहुर्‍या२** - ना. एक प्रकारको बर्खा फूल्न्या फूल । चौसाचौसा पड्याको उदा. बर्खाभरी घर लाहुर्‍या फूल फुल्याको छ ।

**लिङ्ङ१** - ना. लिङ्ग; काड; लाग्या माइसको जननेन्द्रिय उदा. माइसको लिङ्गले स्वाइनी माइसबाट बच्चा जन्मना छन् ।

**लिङ्ङ२** - ना. मूर्तिका रूपमा पूजा हुन्या शिव लिङ्ग उदा. शिव धाम शिवको लिङ्गको पूजा हुनोछ ।

**लिलामि१** - वि. लिलाममा किन्या वा बेच्न्या अर्‍याको; लिलामी । गया गुज्रेको; बेकम्मा उदा. विरुखी सबै लिलामि भन्ना छन् ।

**लिलामि२** - ना. कमसल खालको वस्तु; अरुले पहिल्यै प्रयोग अर्‍याको सामान उदा. लिलामि कपडा बल्ल्या हुनाइन ।

**लोग्न्या** - ना. लोग्ने; पति; पइ; पोइ; बामन; श्रीमान् उदा. आफ्नो लोग्न्याको सेवा अन्नु धर्म हो ।

**लोटाउनु१** - स.क्रि. लडाउनु; ढलाउनु; पछार्नु; झडाउनु उदा. पदमले रिसले पानीको गिलास लोटाउनु निको मान्यो ।

**लोटाउनु२** - ना. लोटीपन्ट मरोस् भन्नेभावमा वन गयाका पशुलाइ माइकि दिनु; पतिहाल्नु; गाली अन्नु उदा. सरुखाया पछि गोरुखी लोटाउनु भनी विरमा पति हाल्लि छ ।

**लोट्१** - ना. नोट; कागजी मुद्रा; उदा. आज मुसङ्ङएक सए रूपयाको लोट छ ।

**लोट्२** - ना. लोटीपन्ट मरोस् भन्नेभावमा गाई भैसाखि दिइन्या एक प्रकारको गाली उदा. हलीले बल्ल जोत्न्याबेला बल्ल हटैन भनी लोट भनी धपायो ।

**लोता१** - ना. रुख वा लहराबाट निक्लन्या पातलो रे लामु बोक्रो; उदा. वनहै दाउरा लोतामी बानी पन्ट आन्या ।

**लोता२** - ना. खुट्टाउडा लाउन्या चप्पलका लोता; फिता; । उदा. मेरा खुट्टाउडाका चप्पलका लोता चुन्ड्याका छन् ।

**लोता३** - ना. बेत,लठ्ठी,सिट्को आदिको पिटाइबाट शरीरम्मा निक्याका लोता उदा. बुआले बेतका लठ्ठीले हान्ना मेरा हडम्मा छालाका लाता निक्ल्याका छन् ।

**लौखा१** - वि.बो. बिस्स्याका कुडा सम्झि वा चित्त नबुझ्न्या कुडा सुनिपन्ट पश्चाताप वा खिन्नता जनाउन भनिन्या शब्द उदा. राम परीक्षमी फेल भयो रे सबैले उइखी फुर्ति आद्दोछि अब लौखा भन्यो ।

**लौखा२** - ना. खाउ भन्न्या अर्थमि स्वीकृति जनाउन्या एक शब्द उदा. अब भात पाकि सक्यो लौखा छटिइ स्कूल झानु छ ।

**लौखा३** - ना. कसुइखि हेला अरि; घोच्च्याइ; अपमान अरि; निन्दार्थको अवस्था पैदा अरि भनिन्या एक प्रकारको शब्द उदा. तुइले मुखी बेली माइकि दिनाले आज मुइले तोखी हान्याको हो लौखा अब क्या अन्न्या हाइ ।

**स१** - ना. देवनागरी वर्णमालाको बत्तीसौ व्याञ्जन वर्ण; यइको उच्चारण वत्सबाट हुनोछ ।

**स२** - ना. सहन्याकाम उदा.बुआले भन्याको तु स ।

**तर१** - ना. तताएको दूध माथितिर लागेको वाक्लो पत्र उदा. गोठालाका दूदको तर बाक्लो हुनोछ ।

**तर२** - अ.बो. कुनै काम कुराको थान्को वा थिति उदा. तमे आमाइन भन्या तर काम हुन्या होइन ।

**तर३** - ना. पानी आदि तरल वस्तुमा माथितिर जमेको ठाँडो उदा. जाडिमी पानीमी पन तर लाग्याको हुनोछ ।

**तर४** - अ.क्रि. नदी तर्नेकाम उदा. आज पानी कमछ नदी तर सबै घर झाउा ।

**तर५** - निपा. निपात उदा. तमे आया तर उनु आयाइन ।

## परिच्छेद पाँच

# बझाङ्गी भाषिकामा पाइने विपरीतार्थी अर्थ सम्बन्धको विश्लेषण

### ५.१. भूमिका

केही शब्द युग्महरू यस्ता हुन्छन् जुन परम्परा विरोधी हुन्छन् । यस्ता युग्मलाई विपरीतार्थी वा विपरीतार्थक शब्द भनिन्छ । समावेशात्मकतामा जस्तो अर्थको समावेश यसमा हुँदैन त्यसैले विपरीतार्थीलाई असमावेशात्मक पनि भनिन्छ । विपरीतार्थकलाई जनाउन डा.बन्धुले (२०५०:१११) तिन किसिमले विभाजनका छन् । त्यसैलाई यस अनुसन्धानमा पनि आधार मानिएको छ । जस्तै :

इहलोक - परलोक

अनिवार्य- ऐच्छिक

इष्ट- अनिष्ट

युवा - युवती

वुबा- आमा

### ५.२. प्रकार अनुसार ब्याख्या र सूची

#### ५.२.१. विपरीतार्थी (Antonymy)

कुनै शब्दको उल्टो अर्थ दिने शब्द विशेषलाई विपरीतार्थी भनिन्छ । भाषामा यस्ता उल्टो सुल्टो अर्थ प्रदान गर्ने शब्द हुन्छन् तर तिनीहरूको संख्या प्रायः कमै हुन्छ । विशेषगरी भिन्न भिन्न दुई शब्दहरूका अर्थ मध्ये कुनै एउटाको अर्थ भित्र अर्काको अर्थ नसमेटिने अवस्थालाई नै विपरीतार्थी वा असमावेशात्मक अर्थ सम्वन्ध भनिन्छ । बझाङ्गी भाषाका शब्दहरूमा रहेका यस्ता शब्दहरू ज्यादै थोरै वा नगण्यरूपमै छन् । त्यसो भएपनि भाषा तात्विक अध्ययनका आधारमा विपरीतार्थी केही शब्दहरूलाई तीन भागमा राखेर अध्ययन गर्न सकिन्छ ।

जस्तै :–

| | | |
|---|---|---|
| **अँखणी** | - | ना. सौंतै; जम्माइ; सब्बइ; पुराइ; । उदा. उन्ने आप्ना घर अँखणी रोटो खायो । विप. आदा । |
| **अउल** | - | ना. तराइ; औल; प्रायः गर्मी हुन्या रे हावापानी अस्वथकर हुन्या ठौर । विप.पाहाड । |
| **अउल्याल** | - | वि. औल्याल; समतल; मैदानी भागमा बस्न्या माइस । उदा. हरिाखि सबै माइस अउल्याल भन्या छन् विप.लेक । |
| **अगि** | - | ना. पैले; अगाडि; सम्मुख; । उदा. ईस्कूलमि आज पदम भन्ना अगि कोई पुग्याको आछिन । विप. पछि । |

| | | |
|---|---|---|
| **अग्नैन** | - | ना.अग्न; भिक्कै अगाडि; पैलानै; अग्यारै । उदा. प्रकाशले मुखि अग्नैन पाँच रूपया राख्नाखि द्याकोछ्यो । विप. आजभोल । |
| **असत्** | - | वि. असत्य; झुटो; मिथ्या; बेठीक; अनुचित; । उदा. कन्यै पन असत् कुडा बोल्नु हुनैन । विप. सत् । |
| **उ** | - | ना. देवनागरी वर्णमालाको पाँचौ स्वर-वर्ण । यइको उच्चारण ओठबाट हुनोछ र यो ह्रस्व स्वरवर्ण हो । विप. दीर्घ । |
| **उकल्नु** | - | अ.क्रि. उकल्नु; चढ्नु; उकेर्नु; उकेन्नु; उकेन्न्याँकाम; । उदा. घाम ताप्नाखि छतमि छटि उकन्नु पड्डो छ । विप.ओल्लनु । |
| **उछिट्टि** | - | ना. उफड्नु; उफ्रनु; फट्टुक हाल्नु; वस्याको ठाँउ छाडनु; । उदा. उछिट्टि-उछिट्टि हट्नु हुनैन । |
| **एक्लो** | - | वि. जोडा नभयाको; परिवार नभयाको; एउटामात्र भयाको माइस; । उदा. पास भया भनीपन्ट रिलु एक्लो जाहानको माइस हो । विप. दोख्लो । |
| **एक्का** | - | ना. अङ्ग्रेजीको 'ए' लेख्याको तासको पत्ति; अरु भन्ना श्रेष्ठ; । उदा. तास खेल्न्या माइस मात्र अरु भन्ना एक्काको महत्व क्याहो भनि निकोरि जान्ना छन् । विप. दुक्का । |
| **एक्छाक्या** | - | वि. एकै छाक मात्र खाना खान्या; । उदा. श्राद अन्नु भन्ना एक दिन अगाडि श्राद अन्न्या माइस एकछाक्या बस्ता छन् । विप. दुईछाक्या । |
| **ओडाउनु** | - | अ.क्रि.ओणाउनु; । उदा. नान्नाना स्याका माइसखि जाणिका बेला निकोरी लुगा कपडा ओडाउनु पड्डो छ । विप.नओडाउनु । |
| **ओदो** | - | वि. भिज्याको; धाम नलाग्न्या; सिलाप आउन्या; चिसोपन भयाको; । उदा. स्वास्थ्यका हिसावले ओदो भयाका ठाँउ रनुहुनैन । विप. ओबानु । |
| **ओराल्नु** | - | स.क्रि. अग्ला ठाँउबाट ओरालातिर ल्याउनु; तलतिर पठाँउनु; । उदा. भैसा लेक लिन्याबेला लायाका घाडा लेक पुग्या पछि ओराल्नु रे पछि घर आन्न्या बेलालाउनु निको हुनोछ । विप. चडाउनु । |

**ओसाउनु** - अ.क्रि. सुन्निनु; पुल्नु; । उदा. विरामी भयाका माइसका हात गोडा ओसाउनु निको लक्ष्यण होइन । विप. ओइलाउनु ।

**ओरालो** - ना. ओल्लनु पड्न्या ठौर; । उदा. ओरालो हट्नु सजि हुनोछ । विप. उकालो ।

**औताली** - वि. चेलोनहुनु; आफ्नु अंशखान्या छोरा नहुनु; बीउनरनु; अबुतो; निःसन्तान । उदा.साधुरामकी औताली पड्नाले उइको सम्पत्ति उइका नजिकका अरु माइसले खायो । विप. मौमासी हुनु ।

**औजस्** - ना. अबजस; दोष लाउन्या काम; । उदा. रामको जति काम अऱ्या पनि औजस् पाउन्या भाग्य छ । विप. जस् ।

**औसगुन्** - ना. कुलक्षण; अशुभ समय; अपसगुन; । उदा. हट्न्या बेला बिल्लाले बाटो काट्यो भन्या औसगुन् हुनो भन्ना छन् । विप. सगुन ।

**कंङाल** - वि. भिक्कै गरीब; दरिद्र; छार; केइनभयाको; कङ्गाल; । उदा. दोकानबाट नाफ नभइ घाटा हुनाले मोती कंङाल भयाको छ । विप.साउकार ।

**कच्च** - वि. नराम्डो; ननिको; फुर्चो; । उदा. यो पल्ला घरका माइसको व्यवहार निको आछिनप कच्च छ । विप. निको ।

**कम्सल्** - वि. नराम्डो; असल नभयाको; कच्च; फुच्चो; खराव; । उदा. दोकानहै कम्सल् माल सामान किन्नु हुनैन । विप. राम्डो ।

**कर्कर्** - ना. कचकच; फतफत; बिच्याई अन्न्या काम; । उदा. कसुइसित पनि कर्कर् सदाइ अन्नयाकाम निको होइन । विप.शान्त ।

**कल** - ना. झकडा; बाझाबाझ; बोलाबोल; भनाभन; हानाहन्; । उदा. मदन्याका घर सदाई कल हुनिछ । विप. मेल ।

**काड** - ना. लोग्न्या माइसको जनेन्द्रिय; लिङ्ग; लाडो; । उदा. चेलाचेली बनाउनाखि चाहिन्या पुरुषको प्रमुख अङ्ग । विप.किच्चो ।

**काँडो** - ना. हाँगा; डाँठ; पात आदिमि लाग्नया वा पलाउन्या आलपिन जसो टुपो तिखो भयाको घोच्न्या वस्तु; । उदा. पाहाडका बाटाम्मो हट्न बेला खुट्टाम्मो काँडो विजला विचार अरिपन हट्या । विप. फुल ।

| | | |
|---|---|---|
| **कानु** | - | वि. आँखा नधेक्न्या; अन्धा; भित्र गुदि नभयाको; आखि नधेक्नया; आँखा फुट्याको; । उदा. रुखबाट लोटि जन्याले दुयै आँखा फुटायाका हुनाले सबै उइखि कानु भयाको माइस भन्ना छन् । विप.सानु । |
| **कान्सो** | - | वि. कान्छो; सबुइभन्ना पछि जन्म्याको; कम उमेरको; । उदा. हरि घरको सबुइ भन्ना कान्सो माइस हो । विप. जेठो । |
| **कामलो** | - | ना. कम्मल; काम्लो; राडी; । उदा. बूठा-बूठी माइस जाडिका बेला कामलोको सौको हाली राख्ता छन् । विप. रजै । |
| **कामिलो** | - | वि. कामलायक; गुणयुक्त; सहयोगी; भन्याको मान्न्या; । उदा. कामिलो माइस कैइलै खड भ्कानैन । विप.बेकामिलो । |
| **कामचोर** | - | वि. काममा ठग्न्या; काम छलीपन भाग्न्या; काम अऱ्याजसो अन्न्या; उदा. सबै सुरेश कामचोर माइस हो भन्ना छन् । विप. कामअन्न्या । |
| **किच्चो** | - | ना. आईमाई माइसको जनेन्द्रिय; यानि; पुति; । उदा. चेलाचेली बनाउनाखि चाहिन्या महिलाको प्रमुख अङ्ग । विप.काड । |
| **किन्नु** | - | ना. किन्नो; गाई-भैसाका हडम्मो लाग्न्या एक प्रकारको किडो विशेष; । उदा. दुद दिन्या गाई-भैसाखि किन्नु लाग्यो भन्या दुद थाक्तो छ । विप.लिखो । |
| **कूनु** | - | अ.क्रि. कुईनु; सड्नु; बिग्रनु; गन आउनु; । उदा. खानाखि आन्याको माल-सामान कूनु भन्याको निको हाइन । विप. नकूनु । |
| **कुटो** | - | ना. गोलमेल अन्नाखि बनायाको नानु फलामको हतियार; । उदा. सागपात गोड्न कुटो आवश्यक पड्डो छ । विप. बाँउसो । |
| **खतुकि** | - | वि. अपराधी; कसुरदार; हाडनाता करणीको दोषी भयाको; एक प्रकारको माइकि; । उदा सबुइखि खतुकि भन्नु हुनैन । विप.भलाद्मी । |
| **खालि** | - | वि. रित्तो; केइनभयाको; शून्य; हातउडो केइ नभयाको; । उदा. देशहै जया खालि हात घर आयो । विप.भरी । |

**खोसेडो** - ना. बाहिरी बोक्रो; छिक्कल; बोकणो; बाद; । उदा. केलाका कोसाको खासेडो फालिपन्ट मात्र खानु पड्डो छ । विप. गुदी ।

**खिल्लि** - ना. चुरोटको एक छेडो; बीँडीको छेडो; । उदा. दोकान है सिग्रेटको एक-एक खिल्लि किन्नु भन्ना अखडि डब्बा किन्नाले फाइदा हुनो छ । विप.डब्बा ।

**खुरापाति** - वि. गड्बडी अन्या; खुराफाति; षड्यन्त्र अन्या; अख्खाखि असजि पाड्न्या; । उदा.खुरापाति माइस भविष्यमि काँई काम लाग्दाइन । विप.इमान्दार ।

**गर्जल** - ना. ढुङ्गाइढुङ्गा भयाको ठाउ; ढुङ्गाको खात; ढुङ्गाको साङ्ट; । उदा. गाडम्मो हट्न्या बेला खुट्टो गर्जल पणला निकोरी हटिपन घर आया । विप. काट्याबाटो ।

**गड्खेत** - ना. गाडका नजीक भयाको खेत; । उदा. गड्खेत भयाका ठाँउ खेतीपाती निको हुनैन । विप.सेरो ।

**गद्दार्** - वि. उपद्रव मचाउन्या; बेईमान; धोकेवाज; । उदा. आफन्तखि धोकादिन्या माइस गद्दार हो । विप. हितैसी ।

**गनापट्ट** - वि. धेरै दुर्गन्ध; भिक्कै गन आउन्या; । उदा. यो बाटो सरसफाइ नअन्नाले गनापट्ट भयाको छ । विप.सुगन्ध

**गम्कनु** - अ.क्रि. रूप, बल, धन आदिले सम्पन्न भयाको; घमण्ड भयाको । उदा. गाउँघरउणो उसै गम्कनु हुनैन ।

**गैलो** - वि. गहिरो; गम्भिर प्रकृतिको; । उदा. मदेश पानी निकाल्न्या बेला कुवा गैलो खन्नु पड्डोछ । बनायाको हुन्छ । विप. मथलो ।

**ग्वालो** - ना. गोठालो; गाई-भैसाको रेखदेख वा हेरचाह अन्न्या माइस; । उदा. ग्वालो निको भयो भन्या गोरु-भैसा सरुखान पाउनाइन । विप.ग्वालि ।

**चक्र** - ना. आँलाका टुप्पामि भित्रबाट धेक्किन्या घुर्मुरियाका रेखा; । उदा. दशै आँलामि चक्र हुन्या भाग्मानि हुनो छ । विप.शंख

**चेली** - ना. छोरी; गुरुबाट मन्त्र सुन्याकिशिष्या; छोरी सरहकि ब्वारि; । उदा. चेली भनी भेदभाव अन्नु हुनैन । विप.चेलो ।

**चेलो** - ना. छोरा; गुरुबाट मन्त्र सुन्याकोशिष्य; छोरा सरहको माइस; । उदा.चेलो वशंको धरोहर हो भन्न्या मान्यता परम्पराबाट चलिआयाको हो । विप.चेली ।

| | | |
|---|---|---|
| **छटि** | - | ना. अगाडि; पैलेइ; । उदा. आज सबै घसारा-घसारि घाँस पाउनाले वनहै घाँस लिपन छटि घर आया । विप. माठा । |
| **छट्टु** | - | वि. बाठो; खुबैचलाख; चतुर; । उदा. राजुखि सबै काम अन्नाको छट्टु माइस हो भन्ना छन् । विप.लाटो । |
| **मजा** | - | ना. आनन्द; मोज; रमाइलो; सुविस्ता; सुख; । उदा. आज निको खान्या कुडा खानाले मजा आयो । विप. नमजा । |
| **मद्दो** | - | ना. मन्न्या भावमि भनिन्या शब्द । उदा. राम दुख भयाको हुनाले सदाइ मद्दो मात्र भन्नो छ । विप. बाच्चो । |
| **मरियल** | - | वि. कम्जोर; शक्ति नभयाको; । उदा. राधा मरियल जसो धेक्किनो छ । विप.बलियो । |
| **यौँडो** | - | क्रि.यो. यहाँ; यथ्थउँडो; यउँडो । उदा. यौँडो इस्कूल झान्या बाटो आच्छिन । विप. ताँडो । |
| **योग्य** | - | वि. लायक; सिपालु; समर्थवान्; जान्या; । उदा. पदम पढाइमि योग्य छ । विप. अयोग्य |
| **लग्निु** | - | अ.क्रि. नजिकिनु; लाड्या लाग्नु । उदा. चेलाचेली लग्निु निको होइना । विप.टाडिनु । |
| **लामा** | - | ना. लामोको ति.रु.। वि.अग्लो; । उदा. झिक्कै लामा माइस निका हुनाइन । विप. छोटो । |
| **वारि** | - | ना.यो. नदीको वल्लो तट तर्फ; वारी । उदा. सेतीका वरिबाट घर झान्या निको बाटो छ । विप. पारी । |
| **शुद्ध** | - | वि. पवित्र; चोखो; स्वच्छ; ठीक; कपट रहित । विप. अशुद्ध । |

### ५.२.१.क.श्रेणीवद्ध विपरीतार्थकता (Gradable Antonymy)

दुई वा दुई भन्दा बढी शब्दहरूको अर्थमा पाईने श्रेणीगत वा मात्रात्मक भिन्नतालाई श्रेणीवद्ध विपरीतार्थकता भनिन्छ ।

जस्तै :–

अग्लो = होचो

जेठो = कान्छो

तातो = चिसो

सानो = ठूलो

बलक = जवान

अतः यस्ता शब्दहरूका अर्थ दुई विपरीत ध्रुवमा नभई श्रेणीक्रममा रहने अवस्था हो ।

### ५.२.१.ख. परिपूरक विपरीतार्थकता (Complementarity)

कुनै एउटा शब्दले अर्को शब्दको अर्थलाई नबुझाउँनु  र भिन्न–भिन्न दुई शब्दका अर्थ श्रेणीक्रममा नभई विपरीत ध्रुवमा रहने आर्थी सम्बन्धलाई परिपूरक विपरीतार्थकता (Complementarity) भनिन्छ । परिपूरक विपरीतार्थक शब्द मध्ये एउटाको अकरणले अनिवार्य रूपमा अर्को बुझाउँछ र त्यसलाई तुलनावाची संरचनामा प्रयोग गर्न सकिदैन । जस्तैः– यी विवाहित महिला हुन् भन्दा विवाहित शब्दमा अविवाहित अर्थ समाविष्ट हुन सक्दैन । त्यस्तै सधवा, छोरी, केटी, बूढो, जीवित, खानु शब्दले आप्नो परिचय आफै दिन सक्छन् ती शब्दलाई जनाउन विधवा, छोरो, केटो, बूढी, मृत, नखानु शब्दलाई ल्याइरहनु जरुरी हुदैन । बझाङ्गी भाषिकामा परिपूरक विपरीतार्थी केही शब्दहरू यस प्रकार रह्का छन् ।

जस्तै :–

झानु = नझानु
हट्नु = नहट्नु
गयो = गएन
रोयो = रोएन
कलडो = बड

### ५.२.१.ग विरुद्धार्थक विपरीतार्थी (Converseness)

श्रेणीक्रममा पनि नरहने र विपरीत ध्रुवमा पनि नरहने अथवा अकरण र तुलनावाची संरचनाबाट परीक्षण गर्न नसकिने विरुद्धार्थक विपरीतार्थी हो । अर्थात् भिन्न–भिन्न दुई शब्दबीचको श्रेणीवद्ध र परिपूरक विपरीतार्थकता बाहेकको असमावेशात्मकता सम्बन्ध विरुद्धार्थकता हो । अतः विपरीत अर्थमा आउने अनि एउटालाई चिनाउन अर्को विपरीत अर्थमा प्रयुक्त हुने पदका असमावेशात्मकता शब्दलाई विरुद्धार्थक विपरीतार्थी (Converseness) भनिन्छ ।

जस्तै :–

यता =  उता
वारि = पारि
केटा = केटी
लोग्न्या = स्वाईनि
चेला = चेली

सज्जन = दर्जन

आगो = पानी

उपरोक्त शब्द परस्परमा विरुद्धार्थक देखिन्छन् । यी परस्परमा स्थानापन्न हुन सक्ने प्रकृतिका भए पनि समावेशी देखिदैनन् । अतः विपरीतार्थी शब्दहरू असमावेशी प्रकृतिका हुन्छन् भन्ने कराको यसले पुष्टि गर्दछ ।

## परिच्छेद छ

# बझाङ्गी भाषिकामा पाइने समावेशात्मक अर्थ सम्बन्धको विश्लेषण

### ६.१. भूमिका

शब्द प्रयोगका सन्दर्भमा एउटा शब्दको अर्थबोध हुँदा अर्को अर्थ आउने अथवा समावेश हुने अवस्था सिर्जना भएमा त्यस्तो स्थितिलाई समावेशात्मकता भनिन्छ । समावेशकता भित्र पनि उच्चपद र समाविष्ट पद भनि छुट्याइएको पाइन्छ । समावेशात्मक अन्तर्गत रहने भनिएका उच्च पद र समाविष्ट पदका सम्बन्धमा डा. बन्धुले (२०५० : १११) परिभाषित गर्ने पदलाई उच्चपद र परिभाषित हुने पद समुच्चलाई समाविष्टपदका रूपमा छुट्याएर हेरेको पाइन्छ । जस्तै : 'यो गोरु हो' भन्दा पशु हो भन्ने अर्थ पनि प्रवाहित हुन्छ । गोरु भन्नासाथ पशु अथवा जनावर भन्ने बुझिन्छ ?

समावेशात्मकताका सन्दर्भमा भाषा शास्त्री मुलका अनुसार "एउटा भाषिक रूपको अर्थलाई अर्को भाषिक रूपले समावेश गर्नु नै समावेशात्मकता हो ।" (Whentee the meaning of one form is included in the meaning of another, the relationship is described as hyponymy) जस्तै फूल भन्ना साथ सयपत्री, गुलाब, मखमली, सुपारी, गोदावरी, चमेली, हजारी, च्वाँफूल आदि फूलको अर्थमा समावेश हुन्छन् । समावेशात्मकताको चर्चा गर्दा हामीले शब्दको शृङ्खलाबद्ध सम्बन्ध जन्य अर्थको कुरा गर्नु पर्ने हुन्छ । त्यसै आधारमा यहाँ बझाङ्गी भाषामा पाइने समावेशात्मक अर्थ सम्बन्धको विश्लेषण अध्ययन यसमा गरिएको छ ।

### ६.२. प्रकार अनुसार व्याख्या सूची

**अद्‍बैस्या** - वि. आधा बैंस गयाको आधा उमेर मयाको । उदा. मोहन अद्‍बैस्या माइस हो ।

**अद्‍सरो** - वि. आधाकाम भयाको; आधा बाँकी । उदा. भुवनले अद्‍सरो काम छाडि भाग्यो ।

**अदेलो** - ना. अधियाँ; आधा कमायाको अख्याखि दिन; । उदा. मुइले उइको अदेले कमायाको छ ।

**अनकन्टार** - वि. डरलाग्न्या ठाउँ, ठूला ओढार वा जंगल भयाको ठाउँ । उदा. अनुकन्टार ठौर एक्लै बस्नु हुनैन ।

**अनात्थिनु** - अ.क्रि. निसास्सिनु, अन्खनी, सासबन्द हुनाको अबस्था । उदा. हावा नछिन्न्या ठौर बस्यो भन्या माइस अनत्थिनु स्वाभाविकै हो ।

| | | |
|---|---|---|
| **अनार** | - | ना. अँनार; दाडिमको एक जात  एक प्रकारको फल; । उदा. अनार पाक्या पछि गुल्यो हुनोछ । |
| **अचक** | - | ना. हच्कन्या; असजिमान्या;  कुनै काम कुडाबाट पछिहट्न्या; डर मान्या; झस्कीन्या; । उदा. काम अन्यावेला अचक मान्नु हुदैन । |
| **अनारीचुप्प** | - | वि. धेरै अनारो; रात पछ्याको; उजालो नभयाको । उदा. आज घर झाना अनारीचुप्प भयो । |
| **अनाणी** | - | वि. अनालो; केइ काम नजान्या; बुद्धि नभयाको; । उदा. केसु अनाणी माइस हो । |
| **अन्थारी** | - | ना.  यताउती, वरपर, अर्काठाउँ । |
| **अन्धेरै** | - | ना. भिक्कै; अन्धेर । उदा. बौजुले गोसिखि अन्धेरै दुःख अऱ्यो । |
| **अतालिनु** | - | अ.क्रि. आत्तिनु;  अतासीनु;  भयभित हुनु;  । उदा. काम अन्न्या बेला अतालिनु हुनैन । |
| **अति** | - | वि. भिक्कै; मस्तै; धेरै; बढ्ता । उदा. केइ कुडापन पनि अति अन्नु हुनैन । |
| **अपुरो** | - | वि.आधाँ;  अपूर्ण;  । उदा. अपुरो काम आप्ना बुआखिपन धेकाउनु हुनैन । |
| **अमिलो२** | - | ना. चुकिलो;  निबुआ; कागती; चुक;  अमिलो पदार्थ । उदा. भट्टका तिउनैनो अमिलो चिज हाल्या निको हुनोछ । |
| **अमिलो१** | - | ना. मोटोबाद रे धेरै चुक वा रस हुन्या एक किसिमको बोटो वा त्यसका दाना । उदा. नुन खुस्सानीलाई अमिलो काटीखाउँ । |
| **अईल** | - | क्रि.यो. अहिले; यसुइबेला;  । उदा. तमे अईल सम्म घरबसि क्या अद्दा छौ । |
| **असल** | - | वि. निको; सप्पा; राउँडो;  । उदा. विश्व असल माइस हो । |
| **असानु** | - | ना. दिन्नाभनी बसिरनु; तलानु; लोभानु; आसमी बस्नु । उदा. निका माइसले असानु हुनैन । |
| **आफन्त** | - | ना. आप्नु माइस; आत्मीय माइस; निको सल्लाह दिन्या;  । उदा. कुर्म आप्ना आफन्तखि सहयोग अद्दो छ । |
| **आलि** | - | ना. सिमाना; साँध; डिल; मेड; इच्लो;  । उदा. असाडका मैनामि आलि बल्ल्यो अरि हाल्नु पड्डो छ । |

**आहा** - वि. धेरैनिको; मन पड्याको; धेरै सुन्दर; असाध्धै निको; आनन्द; राम्डो; । उदा.आहा उपेन्द्राका घर कति निको छ ।

**इजा** - ना. आमा; इजू; ज्या; माता; महतारि; जननी; इभ्का; । उदा. मेरी इजाको उमेर ९२ वस्स भयो । विप.बुआ ।

**इलम** - ना. आदत; बानी; चाहना; । उदा. सिग्रेट खान्या इलम निको होइन ।

**उँदो** - क्रि.यो. तल; उनो; उदो; ओरालो; तलतिर; । उदा. हट्न्या बेला उँदो हेरि हिट्नु पड्डो छ । विप.उँबो ।

**उइतल** - क्रि.वि. उतिवेला; उइत; उबेला; । उदा. सबै काम अन्न लाग्याका छ्या तमे उइतल बसिर्या अब भन्या एक्लाइ काम अर । विप. अइल ।

**उइवेला** - क्रि.वि. उन्ज्या; उसैसमय; उइतक; उइसात; । उदा. किसु उइवेला इस्कूल गयाको छ्यो । विप. यैवेला ।

**उगाल** - ना. काम नजान्नु; आपत; नोक्सानी; उगाल्नु; । उदा. दश बस्सको मानु फुल्टिन पन समाउन नजान्या रै छ तैकित उगाल भैछ ।

**उगाडो** - वि. उगाड्याको; खोलिएको; खुल्ला; उघारिएको; । उदा. वेलीबाट घरको द्वार उगाडो छ । विप. ढाक्याको

**उट्ठाबास** - ना. उठी+आबास; उठीबासहुनु; ठाउँछाणी भाग्नु; विस्थापित अन्याकाम; हटाउन्याकाम; समाप्त अन्याकाम; । उदा. विश्याको थलाराहै उट्ठाबास भयो ।

**उट्ठु** - अ.क्रि .उठ्न्याँकाम; ब्यूभ्कनु; ठाणोहुनु; उठ्नु; उब्भिनु; ठन्कनु; । उदा. विद्यार्थीले छकाल छटिन घाम न भुल्क्याइ उट्ठु पड्डो छ । विप.पड्डु ।

**उत्रनु** - अ.क्रि. हलुको बस्तु पानीभित्र नडुविपन्ट मथिउँणो बग्नु; नबगी किनारतिर लाग्नुँ; घाटालाग्नु; तन्नु; । उदा. सुक्याको डुडो पानी मथिम्डो उतरन्छ । विप.डुब्नु ।

**उत्सव** - ना. चाड-पर्व; समारोह; माङ्गलिक काम; । उदा. सबैले उत्सवका बेला नौला लुगालायाका छन् ।

**उदाउनु** - अ.क्रि. उदय हुनु; भुल्कनु; माथि उठ्नु; । उदा. छकाल सूर्य उदाउनु भन्ना अगाडि गाइ पसि सक्ता छन् ।

**उनिनो** - वि. उनिनु; अनिदो; ननिदायाको; । उदा. दशैंका वेला जाँत झानाले मुखि उनिनो भयाको छ ।

**उपति** - ना. कमाइ; आर्जन; उन्नति; । उदा. काठमाडौं गैपन सुशीलारे विशालले पढाइमि निकै उपति अऱ्याको छ ।

**उपाए** - ना. गाह्रो; अप्ठेरोकाम सजिलो अरि अन्न सकिन्या जुक्ति; युक्ति; तरिका; अक्कल; उपाय; । उदा. पार्वतीखि काम अन्न्या उपाए निकोरिपन थाहा छ ।

**उपेच्छ्या** - ना. अनादर; बेवास्ता; हेलाँ; । उदा. नराम्डा बद्मास माइसखि समाज उपेच्छ्या अद्दो छ ।

**उल्टनु** - ना. पल्टाउनु; खनेर निकाल्नु; तलमथि अन्नु; फर्काउनु; । उदा. ताउलाइनाको भात उल्टनु पड्न्या हो ।

**उबिहुनी** - वि. तरुनी; भरखरैकि; उमेर भयाकी । उदा. यो छोट्टि उबिहुनी हो ।

**उल्टापाल्टा** - ना. हेरफेर; अदली-बदली; सट्टा-पट्टा; । उदा. एकरौका भाग हाल्या पछि तइलाई अझ उल्टापाल्टा अन्नु निको होइन ।

**उल्टि** - ना. बान्ता; ओखालो; वमन; । उदा. बसमि चड्यो भन्या दाजुखि उल्टि हुनि छ ।

**उव्कार** - ना. निःशुल्क अऱ्याको काम; उपकार; परोपकार; भलाइ; । उदा. अरुको उव्कार अन्नु निको काम हो ।

**उरन्ठ्याउलो** - वि. चकचके; कच्चा बुद्विको; चन्चल; । उदा. पुरु सदाइ उरन्ठ्याउलो काम अद्दो छ ।

**ऊँचनीच** - ना. उचनीच; तल-मथि; नाक्को ठूल्को; तल्लो मल्लोको भेदभाव; । उदा. नेपालको संविधान २०६३ ले ऊँचनीच सम्बन्धी कानुनी व्यवस्था अऱ्याको छ ।

**ऋखि** - ना. तपस्वी; ऋषि; मुनि; शान्तिको कामना अन्न्या; । उदा. हरिद्वारका आश्रममा भिक्कै ऋखि-मुनि हुना छन् ।

**ऋणि** - वि. ऋण लिन्या माइस; आभारी; अनुग्रहीत; । उदा. जौमल ध्रुवको ऋणि छ । विप. साहू ।

**एकट्ठा** - वि. एकत्र; जम्मा; भेला; जमघट; । उदा. सामाजिक काम सबै माइस एकट्ठा भईपन अन्नु पड्डो छ ।

**एक्लो** - वि. जोडा नभयाको; परिवार नभयाको; एउटामात्र भयाको माइस; । उदा. रिलु एक्लो जाहानको माइस हो । विप. दोख्लो ।

**एकाएक** - क्रि.वि. अचानक; एक्कासि; भट्ट; अपर्झट्; । उदा. पुन्याका घर आज एकाएक पुलिस आयाका छन् ।

**एकासि२** - क्रि.वि. अकस्मात; एक्कासि; अपर्झट्; स्वाट्ट; झट्ट; । उदा. देश गयाको भाजा खवर नअरि एकासि घर आयो ।

**कठ** - वि.बो. कठै; सम्झना; याद; सौराइ; सहानुभूति; करुणा; दया आदि भाव जनाउन्या शब्द; । उदा. कठ चन्द्रुका इजाबुआ एकाइसात मऱ्या छन् । विप. आहा ।

**कुत्कुतानो१** - वि. चिल्लो; निको; सफा; राम्डो आदि धेक्किनया वस्तु; । उदा. मुइले बेली भोट्याहै किनी आन्याको कुकुर कुत्कुतानो छ ।

**कन्फुटो** - वि. कानी नसुन्न्या माइस; कान फुट्याको; बैरो; बहिरो; । उदा. केशवखि सबै कन्फुटो भन्ना छन् ।

**कन्या** - ना. ब्यानअऱ्याकी; अविवाहिता; कन्यछोट्टी; । उदा. ब्या अन्न्या बेला माइस कन्या छोट्टी खोज्जा छन् । विप.ब्या भयाकि ।

**कपटि** - वि. कपट अन्नया; धोका दिन्या; छल अन्न्या; । उदा. कपटि जो भया पनि उई माइसको भलो हुनैन ।

**कपिला** - ना. परिवार; मौकपिला; पुराइ परिवार; अखडि कपीला; । उदा. धर्मराजका कपिला ठाँउ- ठाँउ बस्ता छन् ।

**कम्सल्** - वि. नराम्डो; असल नभयाको; कच्च; फुच्चो; खराव; । उदा. दोकानहै कम्सल् माल सामान किन्नु हुनैन । विप. राम्डो ।

**कर्कर्** - ना. कचकच; फतफत; बिच्याई अन्न्या काम; । उदा. कसुइसित पनि कर्कर् अन्नयाकाम निको होइन । विप.शान्त ।

**कल** - ना. झकडा; बाझाबाझ; बोलाबोल; भनाभन; हानाहन्; । उदा. मदन्याका घर सदाई कल हुनिछ । विप. मेल ।

**कहलाउनु** - अ.क्रि. नामी हुनु; नाँउ चल्नु; प्रसिद्धि पाउनु; कहलिनु; । उदा. पूजारी रघुनाथ जिल्ला भरी कहलाउनु पड्न्या माइस हुन् ।

**काँखि** - क्रि.यो. काँलाई; कहाँनिर; कुन ठाँउमा; कथ्थखि; । उदा. तेजले पानीको भाँडो चाक काँखि राख्याको छ ।

**काँतर** - ना. कायर; डरछेरुवा; पानी मरुवा; लाछी; काथर; डरमान्न्या; । उदा. झकडा अन्न्या बेलामि काँतर माइसको काम हुनैन । विप.बल्ल्यो ।

**काटाकाट्** - क.व्य. मारामार्; हानाहान्; कुटाकुट्; बाझाबाझ; भनाभन्; बोलाबोल्; । उदा. जातका बेला अठबिस्यारे पिखेती काटाकाट् हुनिछ । विप. मित्रता ।

**कानु** - वि. आँखा नधेक्न्या; अन्धा; भित्र गुदि नभयाको; आखि नधेक्नया; आँखा फुट्याको; । उदा. रुखबाट लोटि जन्याले दुयै आँखा फुटायाका हुनाले सबै उइखि कानु भयाको माइस भन्ना छन् । विप.सानु ।

**कामिलो** - वि. कामलायक; गुणयुक्त; सहयोगी; भन्याको मान्न्या; । उदा. कामिलो माइस कैइलै खड झानैन । विप.बेकामिलो ।

**कामचोर** - वि. काममा ठग्न्या; काम छलीपन भाग्न्या; काम अऱ्याजसो अन्न्या; उदा. सुरेश कामचोर माइस हो । विप.कामअन्न्या ।

**कुकुड्याबैस** - ना. अल्लारे जवानी; उत्ताउलोपन; क्याअरुकसोअरु भन्न्या समय; । उदा. छोट्टा-छोट्टीले कुकुड्याबैसका बेला विचार पुऱ्याइ काम अन्नु पड्डो छ ।

**कुच्चो** - ना. झाड्डु; कुचो; छारो झाड्नाखि बाब्या वा अन्य वस्तुबाट बनायाको एक साधन; । उदा. घर छारो झाड्नखि कुच्चो नभइ हुनैन ।

**खच्पच्** - ना. अवरोध; बाधा; नचाइन्या कुडामि हुन्या खिचलो; खच्मच्; । उदा. मु अन्न लाग्याको काम ताराले खच्पच् अऱ्यो भन्यो निको हुन्या होइन ।

**खजाना** - ना. भण्डार; ढुकुटी; रूपया-पैसा राख्न्या ठाँउ; हातहतियार राख्न्या ठाँउ; । उदा. खजाना सबुइले धेक्न्या ठौर राख्नु हुनैन ।

**खड३** - क्रि.वि. खेरझानु; व्यर्थ; खाइपन्ट झिक्कै बच्नु; । उदा. भात लादाइनो जति हाल्या पन खड भन्या एक सितो हाल्न पाइन्या होइन ।

| | | |
|---|---|---|
| **खड्बडीनु** | - | अ.क्रि. अनियमित हुनु; बिग्रनु; मनमुटाव हुनु; सम्बन्ध बिग्रनु; गाईवस्तुले समयमि दुद नदिनु; । उदा. नमाइको बोलचाल भयो भन्नाइमा सम्बन्ध खड्बडीनु हुनैन । |
| **खतुकि** | - | वि. अपराधी; कसुरदार; हाडनाता करणीको दोषी भयाको; एक प्रकारको माइकि; । उदा.सबुइखि खतुकि भन्नु हुनैन । विप.भलाद्मी । |
| **खन्खनानु** | - | वि. स्वस्थ; तन्दुरुस्त; बिराम नभयाको; । उदा. विशाल आज सम्म खन्खनानु छ । |
| **खेदो** | - | ना. शत्रुतावश अख्खाको अहित हुन्या काम; धपाउनु; लखेट्नु; । उदा. बिना कारण अख्खाको खेदो अन्नु राम्डो होइन । |
| **गउँत्** | - | ना. गाईको मूत; गोमूत्र; गौत; पञ्चगव्य मध्ये एक; । उदा. हिन्दू परम्परामि माइस चोखिनाखि गाईको गउँत् खाना छन् । |
| **गाँज्रो** | - | ना. गाज्रो; गँजरो; भत्क्याको; समाप्त; नाश; । उदा.प्यारुको मल्लो घर गाँज्रो भयाको छ । |
| **गानु१** | - | ना. वायु विकारबाट उत्पन्न हुन्या लादाको रोग; गोलो; शूल; डल्लो; । उदा. लादा गानु उठ्यो भन्या निकी साइति हुनि छ । |
| **घगडान्** | - | वि. भिक्कै सिपालु; निपुर्ण; जान्न्या माइस; । उदा. देवकोटा आप्ना विषयका घगडान् विद्वान् माइस हुन् । विप.लद्दु । |
| **घटिया** | - | वि. कमसल खालको; खराब; बद्मास्; नराम्डो; । उदा. गाँउको पुन्या रे देव घटिया माइस हुन् । विप. राम्डो । |
| **घर्पाइक्** | - | ना. घरको नजिक; घरलाई; घररिब । उदा. वागेश्वरीको नौकरी घर्पाइक् छ । |
| **घर्पैंसो** | - | ना. नौला घर भ्कानु; नौला घर बस्नु; व्या अरिपन व्वारीखि घर भित्र आन्नु; । उदा. घरपैंसो निका साइतमि अन्नु पड्डो छ । |
| **चङ्ख** | - | वि. चङ्ख्या; बाठो; चतुर; हलुको; फट्टी; । उदा. प्रदिप गाँउको सारै चङ्ख माइस हो । विप.बकम्फुस्या । |
| **चिरञ्जीबि** | - | वि. दीर्घजीबि; लामू उमेर हुनु; भिक्कै बाच्नु; । उदा. दिक्षुकि सबुइले चिरञ्जीबि हुनु भनी आर्शीवाद द्यो । |

**चिल्गाडि** - ना. हवाइजाहाज; पिलेन; हेलीकप्टर । उदा. चिल्गाडिमि बसिपन घुम्न्या सबुइको मन हुनो छ ।

**चुट्नु** - अ.क्रि.थप्पड; थिचेर चुट्न्याँ काम; हान्नु; । उदा. सक्तो छु भनी अख्खाखि उसै चुट्नु हुनैन ।

**चेलाचेली** - ना. छोराछोरी; शिष्य-शिष्या; गुरु-विद्यार्थी; । उदा. चेलाचेलीखि राम्डो शिक्षा दिनु पड्डो छ ।

**चेली** - ना. छोरी; गुरुबाट मन्त्र सुन्याकिशिष्या; छोरी सरहकि ब्वारि; । उदा. चेली भनी भेदभाव अन्नु हुनैन । विप.चेलो ।

**चेलो** - ना. छोरा; गुरुबाट मन्त्र सुन्याकोशिष्य; छाोरा सरहको माइस; । उदा.चेलो वशंको धरोहर हो भन्न्या मान्यता परम्पराबाट चलिआयाको हो । विप.चेली ।

**चोट्टा** - ना. ठग; धूर्त; चोर; फटाहा; । उदा. धौलिखि घरका सबै चोट्टा भन्ना छन् ।

**छकाल** - ना. बिहान; सबेरै; उजालो भयापछिको समय; । उदा. घडि नहुन्या ठौर कुकडो बास्यापछि छकाल भयाको थाहा हुन्छ । विप.बासा ।

**छडो** - ना. झर्ना; छहरो; छाँगो; झरना; अग्ला पाहाडमिहै एकहोरो बग्न्या पानीको प्रवाह; । उदा. छडा गाडको छडो ठूलो आवाज दिनो छ ।

**छरिमालो** - ना. छर्मालो; खरानी; छार; शून्य; समाप्त; सक्याको; । उदा. आज भोल धान रामका घरउँडो छरिमालो हुन्ना ।

**छोट्टो** - ना. केटो; मुला; युवक; तन्याडि; । उदा. निका छोट्टाको मात्र सात अन्नु पड्डो छ । विप.छोट्टी ।

**छोट्टाछोट्टी** - ना. केटा-केटी; मुला-मुलाइ; युवा-युवती; । उदा. खप्तडका जाँतमि छोट्टाछोट्टीकि खेल निकि हुनी छ । विप.बूडा-बूडी

**जउ२** - ना. जदौ; जौद; ढोग; प्रणाम; नमस्कार; अभिवादन; निम्नवर्गका माइसले आफूभन्ना ठूल्का वर्गका माइसखि सम्वोधन अरिपन वोल्न्या शब्द । उदा. प्रदेशी भेट्नासात सवुइखि जउ भन्नो छ ।

जुग् - ना. जमाना; युग; जुग; लामुसमय; एक सयबस्सको समय; सत्य, त्रेता, द्वापर, कलिजुगेको समय; उदा. इतिहासले जुग्को कुडा सिकाउँछ । विप.पल ।

**जोबन** - ना. यौवन; बैंश; जबानी; तन्न्याडि; । उदा.जोबन आयाका बेला निको न धेक्किन्या माइसपन निको धेक्किनो छ ।

**जोरजुलम्** - ना. जबरजस्ती; बलपूर्वक; बलमिचाँइ; आप्नु तागत धेकाइ अरुखि डराउनु; उदा. कसुइसितपन जोरजुलम् अन्नु हुनैन ।

**झुन्झुन्या** - वि. मसिनो; सस्त्याम; विस्तारै; हल्का; । उदा. अइलका बर्स असाडका मैना भरी झुन्झुन्या बस्स लाग्यो । विप.मुसल्धाचा ।

**झयाउँको हाल्नु** - ना. गडामि चामलका घुलाको गोद्यापकाउनु; । उदा. बल्भा धान चुट्या पछि भ्याउँको हाल्नु पड्डो छ ।

**टक्टकानु** - वि. डरनमानि,सफा; स्वच्छ,निर्मल,उजालोआदि भैपन्टबस्नु; । उदा. विश्वआज दिनभरि टक्टकानु अरि बस्याको छ ।

**टङ्ङाउनु** - प्रे.क्रि. झुन्ड्याउनु; लट्काउनु; । उदा. भगवानको फोटो अगासइनो टङ्ङाउनु बाँकी रैछ । विप.उतान्नु ।

**टटोल्नु** - स.क्रि. हेन्नु; खोज्नु; तक्नु; कोइठाँउ खाली नराखिपन्ट तक्नु; । उदा. अख्खाका घरभित्र गइपन्ट उन्टाकुन्टा टटोल्नु निको होइन ।

**टट्किनु** - क.क्रि. खालिहुनु; रित्तिनु; सक्किनु; छारहुनु; । उदा.साउकारले ज्वाखेलिपन्ट सबै रूपया हारि पच्छिरौका टट्किनु पड्यो । विप. भर्रिनु ।

**टड्डिनु** - अ.क्रि. पुन्डैभ्कानु; पन्छिनु; अलगहुनु; काखभ्कानु; छाउहुनु; पृथकहुनु; । उदा. फुर्चा माइससङ्ङ टड्डिनु सप्पा हो । विप. लग्गिनु ।

**टिठाउनु** - अ.क्रि. दयालाग्दो; टिठलाग्दो; मायालाग्दो; । उदा. पदम आप्नी इजा नहुनाले काइखि टिठाउनु जसो मुख बनाइ राख्तो छ ।

**टिपारि** - वि. दरिद्र; कन्जुस; मख्खिचुस; लोभी; अख्खाखि दिनु भन्यो भन्या मन्न्या माइस; । उदा. सबैमाइस टिपारि हुनाइन ।

**टुसो** - ना. पिपिरो; अङ्कुर; मुना; नौलो पात हाल्याको; । उदा. आजोलै मात्र पलायाका बोटाको टुसो काट्नु हुनैन ।

**टचाइँप्याइँ** - ना. तागत नभइपनको धाक; अनावश्यक रवाफ; फुर्ति; घमण्ड; । उदा. धेक्ताइ मरलाजसो किडो अख्खासित उसै टचाइँप्याइँ अद्दो छ ।

**ठउरै रनु** - ना. उसुइतार मन्नु; ठाँउमाइ खतम हुनु; ठहरै हुनु; एकप्रकारको गाली; । उदा. मेरो सरु ख्वायाको हुनाले तेरो भैसो ठउरै रनु होइभ्काउ ।

**ठउर** - ना. ठौर; ठाउँ; स्थान; थलो; । उदा.सवुइले आप्ना ठउरको हालखवर वुभि राखि राख्नु पड्डो छ ।

**ठग्नु** - स.क्रि. ठगी अन्नु; भ्कूटो बोल्नु; अल्कि लाउनु; अख्खाखि भ्कुक्याउनु; ठगी पन्ट अख्खाको धनमाल लिनु; । उदा. अख्खाखि ठग्न्या माइसको भलो पन हुनैन ।

**ठडीनु** - अ.क्रि. ठाडो हुनु; अल्लिनु; उभ्भिनु; अडिनु; । उदा. निको काम अन्या बेला अख्खाका कुडा सुन्या पछि आप्नाइ कुडामि मात्रै ठडीनु हुनैन ।

**ठस्कनु** - अ.क्रि. ठाटबाट अरिपन्ट बट्टिनु; निकोरिपन्ट तयार हुनु; रिसाउनु; मड्कनु; । उदा. जात भ्कान्याबेला नौला लुगा कपडा लाइपन्ट ठस्कनु पड्डो छ ।

**ठालु** - वि. गाउँघरमि हैकम चलाउन्या माइस; मान सम्मान पायाको; शोषक; दाउपेच अन्न जान्या; । उदा. ठालुमाइसखि आज भोल निको मान्नाइन ।

**ठुली** - वि. अग्लि; ठुल्कि; जेठी; हैसियत भयाकि; बाडिपन्ट अग्लि भयाकि; । उदा. शशी आजभोल बाडिपन्ट ठुली भयाकि छ । विप.नानी ।

**ठुलो** - वि. अग्लो; ठुल्को; जेठो; हैसियत भयाको; बाडिपन्ट अग्लो भयाको; उदा. विश्व आजभोल बाडिपन्ट ठुलो भयाको छ । विप. नानु ।

**ठेउक्या** - वि. ठ्याउक्या; पुड्क्या; नानु कद भयाको; । उदा. केशुखि गाउँका सबैमाइस ठेउक्या भनिपन्ट बोलाउना छन् । विप.लम्बू ।

**ठेकालिनु** - स.क्रि. ठेक्का; लिन्यादिन्या सहमतिमि कामको जिम्मा लिनु; काम अन्या बाचा अन्नु; । उदा. गगन्याले अरुभन्ना खान्यापानीको ठेकालिनु निको मान्यो ।

**ठेकि** - ना. दुद,दइ,छाइ,घिउँ आदि राख्न्या धातुको भाँडो; । उदा. शिवुले खौतडहै ठेकि भरिपन्ट छाइ आन्याको छ ।

**ठेको** - ना. पारो; तुरि; काठको छाइअन्या, दुद, दइ राख्न्या काठको काठको भाँडो; । उदा. साननको ठेको बल्यो हुनो छ ।

**ठेल्नु२** - ना. रोटो,लाउन आदि ताड्नाखि प्रयोग हुन्या ठुडाको आदा हात लामो एक प्रकारको साधन; । उदा. रोटो लाउन ताडिपन्ट पकाउनाखि ठेल्नु नभइ हुनैन । विप.तराइनु ।

**ठौऱ्याउनु** - ना. सुरक्षित राख्नु; लुकाउनु; सबुइले नधेक्न्या ठौर राख्नु; पछिकाम लागलाभनी अलग राख्नु; । उदा. बहुमूल्य सरसामान ठौऱ्याउनु पड्डो छ ।

**ठौर** - ना. ठाउँ; थलो; जगा; स्थान; । उदा. माइसले बस्न्याबेला सक्यासम्म निका ठौर बस्नु पड्डो छ ।

**डकैति** - ना. चोऱ्या काम; डाँका हाल्न्या काम; डाका मान्या काम; बल प्रयोग अरि अख्खाको धनमाल लुट्न्या काम; । उदा. डाँकाले दिउँसै पुलिस थानाका अगाडिको दोकानमि डकैति अऱ्यो ।

**डग्मगाउनु** - अ.क्रि. हल्लनु; काम्नु; आप्ना बाचामि अडिग नरहनु; ढुलमुल हुनु; । उदा. आफुले साँचो बोल्या पछि जसैविपत्ति आयापन डरले डग्मगाउनु हुनैन ।

**डब्डबानु** - वि. हट्टाकट्टा; तन्दुरुस्त; मोटो घाटो; रहड लाग्दो; अगायाको; । उदा. खानाखि निकोरि पायाको हुनाले प्रदिप आजभोल डब्डबानु धेक्किनो छ । विप. स्याउट्या ।

**डाकोलाउनु** - ना. डाक्न्या काम; बोलाउन्या काम; आबाज सुनिन्या अरि टाडाका माइसखि बोलाउन्या काम; । उदा. पिडिखेत बाच्छाले सरुखायो भनी पुजारिखि डाकोलाउनु पड्यो ।

**डाडहाल्नु** - अ.क्रि. बिलाप अन्नु; ठुल्कि साट रुनु; मऱ्याका माइसखि घाँट लैझान्या बेला डाको छाडि रुन्या काम; । उदा. कसुइखिपन डाडहाल्नु जन हौं ।

**डिङ्नु** - ना. लठ्ठी; भाटो; आडो; । उदा. बडिकुडा अऱ्यो भन्या तइका मुन्टामि डिङ्नु बजाउनु पड्न्या हो ।

**डीक** - ना. बन्धकी; धितो; धरौटी; । उदा. घर खर्च चलाउनाखि रूप्या नहुनाले तिलहरी डीक राख्याको छ ।

**डुब्कि** - ना. गोता; डुबुल्कि; तलाउ वा पोखरिनो सक्कवार डुबिपन्ट हड धुन्याकाम; । उदा. कुम्भका बेला प्रयाग राज त्रिवेणीमि डुब्कि मान्नु पाउनु ठुलो कुणा हो ।

**डोकाउनु** - स.क्रि. पङ्रनु; गाई,भैसा आदिका थनमि दुद रसाउनु; । उदा. कन्तराको भैसो निकोरि घाँस खाया पछि मात्र डोकाउनु खोज्जो छ।

**ढाणोबयालो** - ना. हावा हुरी चल्नु; वतास लाग्नु; आँधीबेहरी; ठुलो समस्या; । उदा. मुलामुलीखि ढोणोबयालो लाग्याका बेला घरहै बाइर भ्फान दिनु हुनैन।

**ढपिलो** - वि. निको आचारण भयाको; कुशल; सिपालु; मिलनसार; । उदा. भान्या ढपिलो माइस आच्छिन।

**ढप** - ना. ढङ; सुर; ताल; लय; । उदा. गीतको ढप मिलाइपन्ट गाउनु पड्डो छ ।

**ढल्किढल्कि** - क्रि.वि. फर्कीपर्की हेन्न्या काम; कन्न भाचिभाचि हट्न्या काम; नमाइ निउडिपन्ट नाच्न्या काम; । उदा. आज भोलकि नाच्न्या वाली स्वाइनि माइस ढल्किढल्कि नाच्चि छन्।

**ढल्कनु** - अ.क्रि. आँखाबाट टाडा हुनु; नधेक्किन्या हुनु; कसुइको पक्ष लिनु; । उदा. कुडा नबुभ्फिपन्ट कसुइका तिर ढल्कनु हुनैन।

**ढाल्नु** - स.क्रि. ढलाउनु; लोटाउनु; पर्छानु; लडाउनु; । उदा. कोटमि दशै.का दिन एकाइ सुटमि राँडाखि ढाल्नु पड्डो छ।

**ढुक्नु** - स.क्रि. पर्खनु; बाटो हेन्नु; प्रतिक्षा अन्नु; । उदा. गोविन्दखि ढुक्नु भन्याको आफ्नो समय खाली फाल्नु जसो हो।

**ढोका** - ना. द्वार; घर भित्र प्रवेश अन्न्या मुख्य ठौर; मजला भित्र भ्फन्न्या ठुडाको बनायाको एक प्रकारको छिन्न्या ठौरखिको; । उदा. घरका द्वार बल्ल्या बनाउनु पड्डो छ।

**ढोलि** - ना. दमाइ; लुगा कपडा सिलाउन्या माइस; ब्या रे व्रतबन्धमि बाजा बजाउन्या माइस; । उदा. आजभोलका ढोलिका घर ट्याम्को रे दाइनो हुनैन।

**तइखि** - क्रि.वि. तैखि; त्यसलाई; तिम्रोलागि; । उदा. मुइले तइखि भनिपन्ट आज सम्म लुगा कपडा सिलायाका आच्छिन।

**तक्दीर** - ना. भाग्य; प्रारब्ध; कर्म; होरो; । उदा. काम नअरिपन्ट कसुइको तक्दीर बदलिनैन।

**तगडा** - वि. बल्ल्यो; बलियो; तागत भयाको; निरोगी; । उदा. पुन्ट्या नान्काइ छनाबाट तगडा माइस हो। विप. लुन्या।

**तडि** - ना. तागत; सामर्थ्य; बल; शक्ति; । उदा. पाहाडम्मा बस्न्या माइसखि काम अन्न्या तडि हुनिछ ।

**दखल** - ना. अधिकार; कब्जा; कौशल; निपुर्णता; । उदा. आप्ना विषयमि दखल हुनु पड्डो छ ।

**दगडा** - ना. टोल; बाडो; एकाइ गाँउभित्रका नान्नाना बस्ती; । उदा. देवस्थलीका गाँउमि चार दगडा छन् ।

**दङ्दङ्गानु** - वि. बल्ल्यो; मजबुत; रोग नलाग्याको; । उदा. तीर्थ खाइपिपन्ट दङ्दङ्गानु भयाको छ । विप. लुल्याउरो ।

**धपाउनु** - स.क्रि. खेद्नु; लखेट्नु; भगाउनु; देशहै निकाला अन्नु; सरुमिहै गोरु भगाउनु; छटिहट्न्या बनाउन; । उदा. अक्खाका सरुमिहै गोरु-भैसा छटि धपाउनु पड्डो छ ।

**धब्बा** - ना. दोष; आरोप; कलङ्क; दाग; टाटो; । उदा. निको काम अन्न्या माइसखि कइलै धब्बा लाग्दैन ।

**महतारि** - ना. आमा ; इजा; जननी; । उदा. सबुइले महतारिको सेवा अन्नु पड्डो छ ।

**मनाउनु** - स.क्रि. मनाउन्या काम; पत्याउन्या काम; भुल्याउन्या काम; । उदा. मड्क्याका माइसखि मनाउनु पड्डो छ ।

**लोग्न्या** - ना. लोग्ने; पति; पइ; पोइ; बामन; श्रीमान्; । उदा. खन्टीको लोग्न्या घर आच्छिन ।

### ६.२.१. समावेशात्मकता (Hyponymy)

कुनै एउटा शब्द भन्ना साथ त्यसले विविध शब्दका अर्थलाई समावेश गर्दछ भने त्यसलाई समावेशात्मक भनिन्छ । जस्तै –: रङ्ग भन्नासाथ कालो, सेतो, रातो, नीलो, हरियो, पहेलो आदि विभिन्न रङ्गहरू बुभिन्छ भने रातो रङ्ग भन्नाले केवल रातोलाई मात्र बभ्काउँछ । त्यसले अन्य रङ्गका प्रकारलाई बुभ्काउँदैन । अतः मान्छे र छोरो, फूल र लाली गुराँस, रुख र पिपल, जनावर र बाघ, पंक्षी र परेवा आदि समावेशात्मकताको सम्बन्ध भएका पद हुन् । माथि उल्लेख गरिएका जोडा उदाहरणमा क्रमशः मान्छे, फूल, रुख, जनावर, पंक्षी समावेशात्मक शब्द हुन् भने छोरो, लाली गुराँस, पिपल, बाघ,परेवा शब्द समावेशीत शब्दहरू हुन् । बभ्काङ्गी भाषिकामा पनि यस्ता शब्दहरू थुप्रै रहेका छन् जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

जस्तै :–

देश = क्षेत्र, अञ्चल, जिल्ला, नगर, गाँउ, टोल.....

अभिलेख = शीलापत्र, ताम्रपत्र, कनकपत्र.......

फूल = हजारी, सुपारी, गोदावरी, चमेली, च्वाँफूल, गुलाब……

अन्न = धान, गहुँ, मकै, कोदो…….

तर्कारी = आलु, भुजो, लौको, चिचिन्नो, तितोकरेलो, टमाटर, प्याज…….

## परिच्छेद सात

# उपसंहार/निष्कर्ष

### ७. उपसंहार/निष्कर्ष

संसारमा विभिन्न किसिमका भाषा बोलिन्छन् । त्यस्तै नेपालमा बोलिने भाषाहरू पनि अनेकौं रहेका छन् । त्यसमध्ये बझाङ्गी भाषा पनि एउटा प्रमुख भाषा हो । बझाङ्गी भाषाको आफ्नै शब्द ढुकुटी रहेको छ । यही शब्द ढुकुटीलाई शब्द भण्डार भनिन्छ । बझाङ्गी भाषाले अन्य भाषाहरूबाट शब्दहरू लिएको छ । त्यसैले बझाङ्गी भाषाको शब्द भण्डारमा विभिन्न प्रकारका शब्दहरू रहेका छन् । यी शब्दहरू कुनै संस्कृत भाषाबाट सोझै बझाङ्गी भाषामा आएका छन् त कुनै नेपालमै बोलिने अन्य विभिन्न भाषाबाट आएका छन् । यसका अतिरिक्त विदेशी भाषाहरूबाट समेत बझाङ्गी भाषाले शब्दहरू ग्रहण गरेको छ । यसरी विभिन्न भाषाहरूबाट विभिन्न किसिमका शब्दहरू ग्रहण गरेर बझाङ्गी भाषाको शब्दभण्डार बलियो बनेको छ । विभिन्न किसिमबाट बझाङ्गी भाषामा आएका शब्दहरूले बझाङ्गी भाषालाई धनी बनाएका छन् ।

यस अध्यायमा पूर्ववर्ती अध्यायहरूमा प्रतिपादित विषयहरूलाई निष्कर्षात्मक रुपमा व्यक्त गरिएको छ । ती अध्यायमा वर्णन, विवेचना, उदाहरण, नियम आदिको रुपमा सामग्री सजाइएको छ । तिनको उपसंहार यहाँ गरिएको छ । मानिसले कुरा गर्नु अर्थात् भाषा प्रयोग गर्नुको अर्थ सम्प्रेषण गर्नु हो । उसले आफ्नो बोलीद्वारा समाजको अर्को सदस्यलाई कुनै सन्देश सम्प्रेषण गर्दछ । यस्तो सन्देशको वा बोलीको लक्ष्य अर्थ हो । शब्दको अर्थलाई कोश वैज्ञानिक व्यवस्थित तवरले अध्ययन गर्न सकिन्छ ।

अर्थ अमूर्त, अस्पष्ट, अलमलपूर्ण वा ज्ञानमम्य विषय ठानिन्छ । अनुसन्धाताहरूको कलम यस्तो अर्थको जिज्ञासातर्फ कमै चलेको पाइन्छ । शब्द भण्डारमा विद्यमान कोशिमहरूका अर्थहरू एकल एकल जस्ता देखिन्छन् । तर यिनीहरू विश्रृङखलित वा असम्वाधित वा छरपष्ट एकाइहरू होइनन् । तिनीहरू अर्थगत महाव्यवस्थाको सञ्जालभित्र परस्पर उनिएका अस्तिŒवहरू हुन् । तिनीहरू अर्थतात्विक संरचनाले जोडिएर एक महाव्यवस्था, व्यवस्थाहरू उपव्यवस्थाहरूमा सुबद्ध रहेका तŒव हुन् । मानिसहरू भाषाको प्रयोग गर्दा यस्तो व्यवस्थाबारे सचेत, जागरुक नभए पनि व्यवस्थामा संरचित भाषिक प्रयोग गरिरहेका हुन्छन् । ती भित्रका व्यवस्थालाई सचेत, स्पष्ट रुपमा बाहिर ल्याउन सकिन्छ । यस अनुसन्धामा बझाङ्गी शब्दहरूका कोशियहरूका अर्थको संरचना, व्यवस्था र वाक्यात्मक प्रयोगलाई प्रकट गर्ने वा उद्घाटन गर्ने वा बाहिर ल्याउने काम गरिएको छ ।

भाषिक अर्थ सम्बन्धलाई पहिचान र प्रकटन गर्ने क्रममा यस अनुसन्धानले अर्थ विज्ञान र कोश विज्ञानमा प्रचलित स्थानापन्न विधि वा साटफेर विधि तथा यसैबाट निसृत

अर्थ विज्ञापनरक विधि आवर्ती आर्थी व्यतिरेकात्मक प्रयोगद्वारा बझाङ्गी भाषामा प्रचलित शब्दको अर्थको विश्लेषणात्मक अध्यापन गरेको छ । चारवटै शीर्षकहरूमा नेपाली र बझाङ्गी शब्द भण्डारबाट यथेष्ट उदाहरणहरूको विवेचना सहित तिनलाई यथास्थानमा सजाइएको वा राखिएको छ ।

अतः यस प्रयोग गरिएका सामग्री प्रतिपादित सिद्धान्त वा विधिहरू ठीक छन्, सही तवरमा शब्द भण्डारमा लागु हुन्छन् र प्रस्तुत गरिएका उदाहरण समेतले बझाङ्गी भाषिकाको श्रीवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने काम गर्छन् भन्ने निष्कर्ष निकाल्नु नाजायज होइन ।

जस्तै : तत्सम, तद्भव र आगन्तुक शब्दहरूबाट बझाङ्गी भाषामा आएका शब्दहरू निम्नानुसार छन् ।

बझाङ्गीमा प्रयोग भएका तत्सम शब्दहरू मति, मुनि, ज्ञाता, शान्ति, नदी, पृथ्वी, धर्म, कवि, ज्ञान, सूर्य, शरीर, ज्योति, गीत

बझाङ्गीमा प्रयोग भएका केही तद्भशब्दहरू जस्तै दूद, घिउ, आगो, पात, मीत, आज, हात रात, असौज, घिन, काम, हात, गाउँ, कान, पिरती, सुन, हाँसो आदि

बझाङ्गीमा प्रयोग भएका केही आगन्तुक स्वदेशी र विदेशी शब्दहरू, ठक्कर, बजार, हावा, गरम, रक्सी, अमीर इनाम, दरबार, कोट, झ्याल, चोलो, पटुका, कुम्लो, अन्धाधुन्द, बस, रेडियो फोटो, रेल, पार्टी, हिसाब, जागिर, पैसा, आराम, राजधानी, झण्डा, बाल्टी, साबुन तमाखु, आलपिन, मिस्री, अचार कैची, पुलिस, चाउचाउ आदि ।

अतः भाषाको मानकीकरण तथा स्तरीकरणमा शब्दकोशको उल्लेखका भूमिका रहेको हुन्छ । त्यसैले यस बझाङ्गी भाषाको शब्द भण्डारको अर्थ तान्त्रिक अध्ययनले शब्दको अर्थ उदाहरण सहित बझाङ्गी भाषामा प्रयोग हुने सबै खाले शब्दहरूको अध्ययन विश्लेषण गरेर यो अनुसन्धानकर्याले बझाङ्गी एक भाषी कोश निर्माणमा सहयोग पुऱ्याएको छ । यसमा अर्थ विज्ञान र कोशविज्ञानको रूपमा अध्ययन गरी निष्कर्ष दिने काम गरिएको छ । यस शोधमा चार मुख्य शीर्षक र अरु सहायक शीर्षक राखिएका छन् ।

**अनुसन्धानका संभाव्य शीर्षकहरू :**

(१) भाषिक अर्थ विज्ञानको सैद्धान्तिक रुपरेखा पूर्वीय र पाश्चात्य

(२) बझाङगी भाषिकाको व्याकरणिक संरचना

(३) बझाङ्गी भाषिकाको कोश वैज्ञानिक अध्ययन

(४) बझाङ्गी भाषिकाको व्याकरणिक अर्थ वा प्रकार्यको अध्ययन

(५) बझाङ्गी भाषिकाको वाक्यीय अर्थ सम्बन्धहरू

## परिशिष्ट - क

### १. प्रस्तावना

नेपाली भाषाका भौगोलिक भेदहरू मध्ये वर्तमान नेपालको सुदुरपश्चिमाञ्चल विकास क्षेत्रको सेती अञ्चल अन्तर्गत पर्ने बझाङ्ग जिल्लामा बोलिने नेपाली भाषाका विभिन्न भाषिक भेदहरूको समुच्चय नै बझाङ्गी भाषिका हो । बझाङ्ग जिल्ला नेपाल राष्ट्रको सुदूर पश्चिमाञ्चल क्षेत्रको एक जिल्ला हो । यस जिल्लामा राजनैतिक विभाजन अनुसार २ वटा संसदीय निर्वाचन क्षेत्र अर्न्तगत ४७ गा. वि. स. हरू पर्दछन । यस जिल्लाको सदरमुकाम चैनपुर हो । यस जिल्लाको सीमाना पूर्वमा बाजुरा र हुम्ला पश्चिममा बैतडी र दार्चुला, उत्तरमा हुम्ला र चीनको स्वशासित क्षेत्र तिब्बत, दक्षिणमा डोटी र बैतडी जिल्लासँग जोडिएको बझाङ्गमा भौगोलीक क्षेत्र अनुसार भाषिक भेदहरूको विविधता पाइन्छ । अतः कुनै खास भाषिक भेदमा आधारित कोश नै भाषिका कोश हो । भाषिकका कोशले बझाङ्ग जिल्लामा बोलिने नेपाली भाषाका विभिन्न भाषिक भेदहरूमा रहेका कोशीय एकाइहरूको सङ्कलन गरी तिनको उच्चारण, आर्थी र व्याकरणिक सूचना दिइने छ । नेपाली भाषामा अनेक शब्दकोशहरू लेखिएका छन् । आधुनिक कोश विज्ञानका सिद्धान्तहरूको अनुसरण गरेर तिनलाई अद्याबधिक तुल्याउने प्रयास पनि भइरहेकै छ । नेपाली भाषामा देखिने विभिन्न भाषिका समूहहरूका बेग्ला बेग्लै शब्दकोशहरू लेख्ने क्रम पनि सुरू भएको छ । त्यसका अतिरिक्ति प्रयोजनपरक भाषिक शब्दकोशहरू पनि लेख्ने क्रम जारी नै छ यसै क्रममा प्रस्तावित बझाङ्गी भाषिका कोश पनि एक नयाँ शब्दकोश हुने छ । कोश विज्ञान, व्याकरण, साहित्य, भाषा, गणित आदिको सभ्यक ज्ञान भएको लगनशिल धैर्यशील, तटस्थ र परिश्रमी व्यक्तिमात्र कोशकार बन्न सक्छ तसर्थ शब्द थुपार्दैमा वा चारचार गर्दैमा अद्वितीय काम गरे भन्दैमा त्यस्तो व्यक्ति कोशकार बन्दैन । यो प्रस्तावना गरिएको अध्ययनको शीर्षक ‘बझाङ्गी शब्दकोश निर्माण योजना’ रहेकोले यो कोशका रूपमा रहेको छ । एक भाषीकोशमा काशीय एकाइको प्रविष्टि मानक वर्ण विन्यासमा दिइन्छ र आवश्यकता अनुसार उच्चारण पनि दिइन्छ । एक भाषी कोश चक्रमणि चालिसे नेपाली बगली कोश (१९९८) बाट प्रारम्भ भए पनि बालचन्द्र शर्माको नेपाली शब्दकोश (२०१४) लाई एक भाषीकोश परमपराको प्रस्तान विन्दु मानिन्छ तर अधिकारिक रूपमा एक भाषी कोश भने बालकृष्ण पोखरेल र अन्य द्वारा सम्पादित नेपाली बृहत शब्दकोश ) हो । एक भाषी कोशहरूलाई आयम विषय, क्षेत्र, प्रयोजन अदिका आधारमा उपवर्गीकरण गर्न सकिन्छ । यस्ता उपवर्ग र ती उपवर्गमा पर्ने कोशहरू निम्नानुसार प्रयोग भएका छन् । बृहत प्रकृतिका मान कोश- यसमा बालचन्द्र शर्माको नेपाली शब्दकोश बालकृष्ण पोखरेलको निर्देशनमा सम्पादन गरिएको नेपाली बृहत शब्दकोश, बसन्त शर्माको नेपाली शब्द सागर, हेमाङ्ग अधिकारी समेतको प्रयोगात्मक नेपाली शब्दकोश रहेका छन् त्यसै गरी मझौला कोशमा पारसमण्डि प्रधानको ठुलो नेपाली

अग्रेजी कोश, लघु कोशमा हर्ष नाथ भट्टराईको संक्षिप्त नेपाली राष्ट्रिय शब्दमनेश, एकाइपरक कोशमा कृष्णप्रसाद पराजुलीको नेपाली उखान र गाँउखाने कथा, भाषिका कोशमा आर. डि. प्रभास चटौटको डोट्याली बृहत शब्दकोश, पर्यावाचीकोशमा पारसमणि मण्डारीको नेपाली संक्षिप्त पर्यावाची शब्दकोश, कृतिकोशमा हेमाचन्द्र पोखरेलको शाकुन्तल शब्दार्थ सञ्चय, विश्वकोशमा, ईश्वर बराल र अरूको नेपाली साहित्यकोश, प्रयोजनपरक कोशमा उषा दीक्षित र अरूको नेपाली बालकोश विषयगत कोशमा, हर्षनाथ भट्टराईको प्रशासकीय र कानुनी शब्दकोश र व्युत्पतिमूलक कोशमा बालकृष्ण पोखरेलको नेपाली निर्वाचन प्रमुख रहेका छन् । यी सवैको पृष्टभूमिमा यो कोश तयार गरिने छ ।

शब्दकोशलाई प्रविष्टिक्रम, भाषा स्वरूप, सपय प्रयोजन, प्रयोग क्षेत्र विषय क्षेत्र आदि विभिन आधारमा अनेक प्रकारका वर्गीकरण गरिन्छ । प्रयोग क्षेत्रका आधारमा वर्गीकृत कोशका विभिन्न प्रकारहरूमध्ये भाषिका कोश एउटा प्रकार हो । तर भाषा ठूलो भाषिका सानो चाहिँ होइन र यी दुई परस्पर सम्बद्धन छन् । नेपाली भाषाका पनि विभिन्न भाषिका छन् । नेपाली भाषाको उद्गम स्थल सुदूर पश्चिमलाई भनिन्छ । नेपालीका अनेक भाषिकाहरू पाइए पनि यिनमा कोश निर्माण भने त्यति भएको पाइदैन यसै परिप्रेक्षमा बझाङ्गी शब्दकोश निर्माण गरिने छ ।

## २. उद्देश्य

बझाङ्ग जिल्लामा बोलिने नेपाली भाषाका अनेक भाषिक भेदहरूको समष्टिका रूपमा रहेको बझाङ्गी भाषिकाका शब्दहरू संङ्कलन गरी तिनको वर्गीकरया (कोटि पहिचान) उच्चारण र अर्थसमेत उल्लेख गरिएको एक भाषिक शब्दकोश तयार पार्नु यस शोधकार्यको उद्देश्य रहने छ । भाषिका आफैमा एउटा कुनै खास क्षेत्रको भाषा नै हो । भाषामा शब्दहरूको ठीक ठीक प्रयोग गर्न र व्याकरणीक स्वरूप निर्धारण गर्न र भाषाको आधिकारिकता प्रष्ट्याउन शब्दकोश सहयोगी मात्र होइन महत्वपूर्ण नै मानिन्छ । त्यसैले बझाङ्गी भाषिकाको प्रयोग र अध्ययन गर्नेहरूका लागि झनै उपयोगी हुने गरी शब्द भण्डारको सूचना दिनु पनि यस कोशको उद्देश्य रहनेछ । भने बझाङ्गी भाषिकामा भाषिक व्यवहार गर्ने ज्ञान-विज्ञान, साहित्य तथा वाङ्मयका अन्य विद्यामा साधना गर्नेहरूलाई समेत सहयोग पुऱ्याउने प्रस्तावित कोशको अर्को उद्देश्य रहने छ ।

- नेपाली साहित्य र भाषामा यस कोशले के फाइदा दिन्छ त्यसको उल्लेख गर्ने
- विशिष्ट कोशको निर्माण
- समकालीन समाजले यसबाट प्राप्त गर्न फाइदा के हो
- नेपाली शब्द भण्डारको श्रीवृद्धि गर्ने ।

## ३. सामग्री सङ्कलन विधि

प्रस्तावित बझाङ्गी भाषिका कोशका लागि आवश्यक सामग्री सङ्कलन क्षेत्रीय सर्वेक्षण विधिबाट गरिनेछ, भाषिका कोश भएको हुँदा शब्द सूचीको प्रयोग समेत यसमा गरिनेछ । अनुसन्धान भनेको वस्तुगत अध्ययन हो । त्यसका लागि सम्बन्धित क्षेत्रमा गई विभिन्न सन्दर्भ र विषयमा जन मानसले प्रयोग गरेको भाषा र कुराकानीलाई विद्युतीय उपकरणको सहायताले रेकर्ड गरिनेछ र त्यो रेकर्ड गरिएका सामग्रीलाई पटक पटक सुनेर कम्प्युटरमा टङकन गरिनेछ । साथै कोशीय एकाइहरूको चयन गरी कार्डमा टिपोट गरिनेछ । कोश विज्ञान सम्बन्धि सैद्धान्तिक अवधारणात्मक जानकारी, व्याकरणात्मक सूचनाका लागि व्याकरणात्मक सिद्धान्तको जानकारी, बझाङ्गी भाषिकामा प्रयुक्त साहित्यिक तथा प्राविधिक प्रयोजनपरक शब्दावली आदि विषयका लागि पुस्तकालयीय विधिको प्रयोग गरिनेछ । पुस्तकालयीय विधि प्राथमिक र द्वितीय गरी दुई प्रकारका हुन्छन् अतः यसमा दुवै विधिको प्रयोग गरिनेछ । सङ्कलित सामग्रीलाई टङ्कन गरी शब्दकोशमा कोशीय एकाइको चयन गर्ने प्रविष्टि दिने, प्रविष्टिहरूलाई व्यवस्थित ढङ्गले अर्थापन, सम्पादन गर्ने क्रममा कम्प्युटर प्रविधिमा टुलबक्स नामक सप्ट्वेयरको प्रयोग गरिनेछ । विशेषज्ञको निर्देशनमा रही यस भाषिका कोशको लेखन र सम्पादन गरी कोशलाई अन्तिम रूप दिइने छ ।

### (क) कोशको व्यवस्थापन

कुनै पनि कार्यलाई सुसम्पन्न गर्नका लागि योजनाबनाई सके पछि त्यसको व्यववस्थापन आवश्यक हुन्छ । त्यसैले बझाङ्गी नेपाली शब्दकोश निर्माणको लागि पनि सङ्कलित सामग्री आदिलई निम्नानुसार व्यवस्थापन गरिने छ ।

#### १. कोशको शीर्षक

शीर्षक पहिलो पृष्ठमा र दोस्रो पृष्ठमा र दोस्रो पृष्ठमा ठूलो अक्षरमा अनि प्रत्येक पृष्ठमा तल वा माथि सानो अक्षरमा लेखिने छ ।

#### २. प्रकाशकीय

प्रशाशकीय कोशको महत्वपूर्ण भाग हो त्यसैले प्रकाशकीयको अभियन वा सम्बन्धीत विशिष्ठ व्यक्तिको सन्देश राखिने छ ।

#### ३. सम्पादकीय

भाषाको सामान्य परिचय र त्यसका सम्बन्धि जानकारी सम्पादकीयमा राखिने छ

### ४. प्रयोग निर्देश

प्रयोक्तालाई कोशको प्रयोगमा सघाउने उद्देश्यले कोश प्रयोग निर्देशन दिइने छ ।जसमा वर्णक्रम, उच्चारण स्रोत वा व्युत्पक्ति, शब्दवर्ग अर्थ प्रयोग सम्बन्धी सबै विषयको व्यवस्थापन कसरी गरिएको छ भन्ने कुराको उल्लेख गरिने छ ।

### ५. संक्षेप सूची र चिह्नप्रयोग

प्रयोक्तालाई सहज होस् भन्ने उद्देश्यले संक्षेप सूची चिन्ह प्रयोग सम्बन्धी जानकारीका लागि कोशमा प्रयोग गरिएका विशेष चिन्ह र तिनको अर्थ दिइने छ ।

## ४. सैद्धान्तिक पर्याधार

प्रायोगिक भाषा विज्ञानको एउटा शाखाको रूपमा रहेको कोश विज्ञानले शब्दको अध्ययन गर्दछ । यो मूलतः ग्रीक शब्द 'लेक्सिकोलजी' (Lexicology) को नेपाली रूपान्तरण हो । यसको अर्थ शब्दको अध्ययन गर्ने विज्ञान भन्ने हुन आउँछ । व्यवहारिक प्रयोगका दृष्टिले हेर्दा यसलाई शब्द सूचीसँग सम्बन्धित विधा भनिन्छ । शब्दकोशमा शब्दको सूची मात्रै नभएर त्यसको परिभाषा, व्याख्या, उच्चारण, व्याकरण निर्देश, उदाहरण, व्युत्पत्ति आदि समेत रहन्छ । शब्दकोशमा शब्दहरूको व्यवस्थित, आधिकारिक र वैज्ञानिक अध्ययन गरिएको हुन्छ । सामग्रीको सङ्कलन प्रविष्टिको चयन र वर्गीकरण, अर्थ निर्धारण, उच्चारण व्युत्पत्ति आदिको संयोजन र सम्पादन सम्बन्धी सैद्धान्तिक वर्णन समेत त्यसमा रहन्छ । "द न्यू इन्साइक्लोपिडिया ब्रिटानिका"मा दिइएका परिभाषाको भावार्थ अनुरूप कोश विज्ञान कुनै भाषाका शब्द वा शाब्दिक तŒवको वैज्ञानिक अध्ययन हो । कोश विज्ञानमा शब्दका शाब्दिक तŒवको अर्थ, रूप, प्रयुक्ति व्युत्पादन र इतिहास समावेश गरिएको हुन्छ । शब्दकोशको व्युत्पत्ति शब्दको कोश/शब्द जोड कोश बाट भएको हो । यसरी विन्यास गर्न सकिने यस शब्दको व्युत्पत्तिलाई हेर्दा शब्दकोश भन्नाले शब्दको सङ्ग्रह वा भण्डार भन्ने बुझिन्छ । शब्दकोशमा शब्दको सङ्ग्रह वा भण्डार मात्रै रहेको हुँदैन । यसमा उखान, टुक्का, पदावली उदाहरण जस्ता शब्दभन्डा माथिका वृहत्तर एकाइ पनि रहेका हुन्छन् । यसमा धातु, व्युत्पादक सर्ग र रूपायन सर्ग जस्ता शब्द भन्दा तलका लघुत्तर भाषिक एकाइहरू पनि समावेश गरिएका हुन्छन् ।

यसरी शब्दकोश भन्ने शब्द सङ्कीर्ण र व्यापक दुबै अर्थमा प्रयुक्त भएको देखिन्छ । शब्दकोशमा प्रविष्टिगत शब्दको विभिन्न प्रयोगात्मक अर्थ, पयार्य वाची शब्द, वर्ण विन्यास आदिको पनि खोजी गरिन्छ भने शब्दको नालीबेली खोतल्न, स्रोत, प्रकृति प्रत्यय र व्याकरणात्मक कोटिको जानकारी दिइएको पाइन्छ ।

शब्दकोशको पूर्व योजनामा प्रस्तावना देखि उद्देश्य, सामग्री सङ्कलन विधि र व्यवस्थापन विधि बारे स्पष्ट खाका तयार गरिएको हुन्छ । अतः कुनै पनि शब्दकोशमा

मूलतः तीन भाग रहेका हुन्छन् भन्ने मान्यता छ । पूर्व भागमा पूर्व योजनाको सङ्केत सहित शब्दकोशका सैद्धान्तिक आधार र प्रायोगिक पक्षलाई प्रस्ट पारिएको हुन्छ भने मूल माग यसको प्रमुख खण्ड हो । यसमा शब्दहरूको प्रविष्टि देखि अत्यावश्यक क्षेत्र वा फिल्डहरू दिइएको हुन्छ । यस भागमा कुन खालको शब्दकोश बनाइएको हो, सोही अनुसारको निर्धारित प्रविष्ट र फिल्लहरू दिनु पर्ने हुन्छ । कोशमा मुख्यत : तीन भागमा हुनेछन् पहिलो भागलाई पूर्वभाग भनिने छ र त्यसमा शीर्षक प्रकाशकीय, समपादकीय सङ्क्षेप सूची दिइने छ भने मध्य भागमा प्रविष्ट क्षेत्र मूल शब्द वर्ण विन्यास उच्चारण व्याकरणिक सूचना अर्थ विधान गरिने छ भने अन्त्य भागमा परिशिष्ट राखिने छ ।

## ४.१ समय सीमा र चरणगत कार्य

प्रस्तावित बझाङ्गी भाषिका कोशको प्रारम्भिक तहको निर्माणका लागि कम्तिमा ६ महिना समयावधी लाग्ने छ । पहिलो दुई महिनामा क्षेत्रमा गई कथ्य भाषिक सामग्रीको रेकर्ड तथा टिपोट गरेर ल्याउने तथा त्यसको कम्प्युटरकृत पाण्डुलिपि ट्रान्सक्रिप्सन तयार गर्न लाग्नेछ । त्यसका लागि त्रि.वि. मानविकी संकाय भाषा विज्ञान विभागले तयार गरेको टुल बक्स नामक सप्टवेयरको प्रयोग गरिने हुँदा त्यस सप्टवेयर सम्बन्धी सीपका लागि एक महिना लाग्नेछ । त्यसै समयावधीमा पाठको युनिकोडमा रूपान्तरण त्यसबाट शब्द सूची ( वर्ड लिस्ट) तथा कन्कोडेन्स तयार पारिनेछ । यसरी तयार भएको साग्रीबाट कोशको ढाँचामा प्रविष्टि दिने प्रविष्टिहरूको अर्थ विवरण दिन, सम्बन्धित सूचनाहरूको विवरण लेखन र सम्पादनमा बाँकी तीन महिनाको समय लाग्नेछ । यसै समया वधिमा कोशको अन्तिम रूप फाइनल भर्सन तयार पारी प्रेस कपी तयार गरिनेछ । त्यसका लागि समय सीमालाई चरणगत रूपमा तीन तहमा राखिने छ ।

- प्रथमचरण-योजना निर्माण, सेमिनार, तालिम, सामग्री सङ्कलन गर्न
- द्वितीय चरण-वर्ण विन्यास, उच्चारण, व्याकरणिक सूचना आदि दिन
- तृतीय चरण- परिमार्जन र प्रस कपी तयार गर्न

## ४.२ लागत अनुमान र खर्चको बाँडफाँड

कोशको प्रकृति अनुसार लागत अनुमान गर्नु पर्ने हुन्छ । कोश निर्माणका क्रममा सेमिनार, गोष्ठीहरू, कार्यालय स्थापना, व्यवस्थित कक्षा, उपकरणहरू र प्रकाशनको खर्च समेत समावेश गरिएको छ । साथै खर्च गर्ने प्रक्रिया, कार्यरत सहयोगी जनशक्ति र उनको पारिश्रमिक पनि मटामोटी रूपमा निम्नानुसार बाँडफाँड गरिने छ

प्रस्तावित बझाङ्गी भाषिका कोशको प्रारम्भिक निर्माणका लागि ३५०००० लाग्ने छ ।

| विवरण | लागत रकम |
|---|---|
| कम्प्युटर (ल्यापटप) | ८०,०००।- |
| क्यामरा | २५०००।- |
| टेपरेकर्डर | ५०००।- |
| सेमिनार | १०,०००।- |
| फाइल<br>नोटबुक<br>कलम<br>रिफिल | ५०००।- |
| सहयोगी (सहयोगीलाई चियानास्ता) | १०,०००।- |
| पारिश्रमिक | १५,०००।- |
| यातायात | २५०००।- |
| आवास (कार्यालयका रूपमा) | २०,०००।- |
| कम्प्युटर प्रिन्ट | २०,०००।- |
| छपाइ | १०००००।- |
| अन्य फुटकर | ५०००।- |
| जम्मा | ३,५०,०००।- |

## ४.३ आवश्यक जनशक्ति

प्रस्तावित बझाङ्गी भाषिका कोश निर्माणका लागि नेपाली अंग्रेजी, हिन्दी, संस्कृत र बझाङ्गी भाषा जान्ने व्यक्ति १ जना र कम्प्युटरमा दक्ष व्यक्ति २ जना, भरिया १ जना लेखन वा टिपोट कर्ता २ जना आफूसहित ३ जना रहने छन् । आवश्यकता अनुसार जनशक्ति घट बढ गर्न सकिने छ । कोश निर्माणका लागि सम्पादक सम्पादक मण्डल सल्लाहकार र निर्देशक मण्डलको  व्यवस्था गरिनेछ । त्यसमध्ये केही वैतनिक र केही अवैतनिक रहने छन् तर सहयोगी कार्यकर्तालाई भने माथि विभाजन गरे अनुसार हुनेछ ।

## ४.४ उपलब्धि, उपयोगिता र औचित्य

बभाङ्गी भाषिका नेपाली भाषाका क्षेत्रीय भाषिकाहरू मध्येको एउटा भाषिका हो । यसले बझाङ्गी भाषिकाका प्रयोक्ताहरूलाई मानक नेपाली सिकाइमा हुने जटिलतालाई सहजता तुल्याउनुका साथै अन्य भाषिकाका वक्तालाई बभाङ्गी भाषिकाका कथ्य मौलिक शब्दसँग परिचित गराउने र बझाङ्गी जनजीवनमा गरिने अनुसन्धान र अनुसन्धानकर्ताहरूलाई पनि साग्रीका रूपमा उपलब्ध हुने हुँदा यसको उपलब्धि, उपयोगीता र औचित्य स्वतः स्पष्ट हुनेछ । प्रस्तुत बझाङ्गी भाषिका कोश निर्माण भए पछि नेपाली भाषाको विकास एवं श्रीवृद्धि गर्न समेत यसले मद्दत पुऱ्याउने छ । नयाँ शब्दहरूको सङ्कलन हुनुका साथै नेपाल भाषामा शब्द भण्डारमा वृद्धि हुने छ । विशेषगरी बझाङ्गी भाषिका कोश भएको हुनाले त्यस क्षेत्रका व्यक्ति जो बझाङ्गी भाषिकाको ठेट रूप र अर्थ जान्दैन तिनलाई समेत महत्वपूर्ण सामग्रीका रूपमा उपलब्ध हुनेछ र वर्तमान अवस्थामा देश संघीयतामा गैरहेको अवस्थामा त्यसक्षेत्रमा प्राथमिक शिक्षा मातृभाषा दिने व्यवस्था भएको खण्डमा त यसलाई पाठ्यक्रमको अभिन्न अङ्गका रूपमा लिइनेछ ।

## ५. निष्कर्ष

यसले बझाङ्गी भाषामा रहेका शब्दहरूको व्युत्पादन, उच्चारण, कोशीय एकाइको अर्थ जान्न आवश्यक सहयोग पुग्नेछ । तसर्थ सबै भाषा भाषिकाको विकासमा शब्दकोश निर्माण अपरिहार्य रहेको तथा नेपालीका विभिन्न भाषिकाहरूको शब्दकोश निर्माण नभईरकेका परिप्रक्ष्यमा नेपाली भाषाकै उद्गम स्थलका रूपमा रहेको सुदूर पश्चिमाञ्चलको बझाङ्गी भाषी शब्दकोश निर्माण गर्नु नै यसको प्रमुख ध्येय रहेको छ । साथै यसले नेपाली भाषाको श्रीवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने कुरामा विश्वस्थ हुन समेत यसले संकेत गर्ने कुरामा कुनै सन्देह छैन ।

## ६. परिशिष्ट

कोश योजनामा परिशिष्ट भाग पनि रहनेछ । प्रस्तुत बझाङ्गी भाषिका शब्द कोशका केही प्रारम्भिक रूप शब्द र अर्थलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

| **शब्द** | **अर्थ** |
|---|---|
| ● अँखणी | सौंतै । विशालले अँखणी रोटो खायों । |
| ● अँन्थारी | अर्कोतिर, अलग, अरूठाउँ । |
| ● अँयणो | खेदणो, धपाउनु, खेदाउनु । |
| ● औंलो. | माटाले धमिलो भयाको । |
| ● अखणी | अँखणी । आदि नभ्याको |

- अगास — आकास तिर ।
- अगास्सिनु — केटाकेटीले भन्याको नमान्नु, चिणविति अन्नु ।
- अगेठा — रोटो पकाउन्या वा आगोताप्न घरभित्रको आगोबाल्ल्याठाउँ, अगेनु ।
- अग्न — धेरैअगि ।
- अघ्यारै — अगि नै ।
- अडौठी — ने.औँठी ।
- अचक — लाज, गलत काम अद्दा असजी मान्नु ।
- अजली — अँजुली ।
- अठन्नी — आठआना, मधुजसो चुक ।
- अठौँन — बिजल्लिनु, सुइनाउणो केइ चिज, बस्तु धेकी डराइवन्ट उठ्नु वा निन ब्यूजनु । डराइबन्ट झसाम्मअरी उठ्नु ।
- अतर — चरस, अफिन ।
- अद्दैन — गर्दैन ।
- अद्दो — अरन्छ, गर्छ ।
- अदान — भातपकाउन आगामी तताउन राख्याको पानी ।
- अदेलो — (ने.अधियाँ) ।
- अनुन्न्यो — नून कम भयाको ।
- अन्थारी — यताउती, वरपर, अर्काठाउँ ।
- अन्नि — (ब) माघकामैना पठायाकी चेलीवैनीखि दिन्या पकवान, फाँको वा दानदक्षिणा, अन्नी ।
- अबाण — अवाण ।
- अबेला — समयपछि, ढिला, समयचुक्नु, अवेला ।
- अर — केही गर ।
- अर्कसी — अक्खा वर्ष, आउदो साल, उपरी ।
- अल्ल — बासा, साँझ ।
- अवेला — अबेला ।
- आँउसी — औँसी ।

- आँखर — शब्द, खबर, शुभ बचन ।
- आँट — साहस, पानी बग्न्या कुलाको भित्रिभाग, कुलो ।
- आउता — ने. आउ त ।
- आउला — आँङला ।
- आच्छी — आछिन ।
- आदा — अदुवा ।
- आलम — देबताका मन्दिरमा चढायाको ध्वजा,नेजा झण्डा ।
- आस(ना) — आसा, भरोसा ।
- इखू — उखु ।
- इजा — आमा,इजू ।
- इनी.(स) — यिनी ।
- उँना — उनो,उदो, तलतिर,तलैँनो, ओरालोतिर ।
- उइतल — उतिवेला ।
- उइसित — ऊसंग ।
- उखराणा — भ्वाँ खेत ।
- उगाण्नु — द्वार खोल्न्या काम, बन्द ढाकन खाल्न्या काम ।
- उजण्या — खरापआदतको मायस, बिग्ण्याको माइस ।
- उतीस — एक जातको रूख, बनओख्तो ।
- उदा — उनो, उँनो, तलतिर ।
- उपरी — अर्कसी ।
- उमाला — उम्लिबन्ट पोखिन्या बस्तु ।
- उल्कन — मथिमीझानु वा चढ्नु, उक्लनु ।
- उल्लन — (ने. हल्लिनु ), हल्लनु, हल्कनु ।
- एईखी — एइखी ।
- कठालो — कमिजको माथि घाटिको भाग
- कुकुणो — कुखुरा ।
- खामुँ — गैँट्याको मोटो काठ डन्डा,बलो, भाँटो ।
- गर्जल — ढुङ्गाइढुङ्गा भयाको ठाउ, ढुङ्गाको खात ।
- गला — (ने.घाटी), कण्ठ । ब . स्वर, घाँटी,

- घट्ट — पानिबाट चल्ने ।
- चुट — थप्पड, थिचेर चुट्न्याँ काम ।
- छल्याउनु — ठूलोडाकोअरि तर्साउनु, लुकिवन्ट डराउनु ।
- जेउणा — (ने.अभिधानी) घासदैरा वान्नबनायाको दोपया डोर ।
- झुस — कीराको रौं, कुनै दानामा लाग्न्या झुस, धान गौका दानामा हुन्या काँडा जसो ।
- टालो — ठाउ, फाट्याका ठाउमी टाल्ल्या कपडाको चोट्को ।
- ठन्कनु — उठ्नु ।
- ठेलो — बस्नलाइ बनायाका काठको पिर्का ।
- डोर — डोरी ।
- थाँन — मन्दिर, कपडाकोथान, रेथाने ।
- धनमुणा — धानकाटयापछि रन्या ठेक वा जणो ।
- धमरा — धान, गौ काट्न्या कामको चाप, अन्नबाली भित्रयाउना अरूकाम अन्न्या फुर्सद नपाउनु, अखनी हुनु ।
- धोपाणी — इच्छा पुरा हुनासम्म ।
- धौन — मुसाको दुलो, जमीनका मथिबाट पण्याको ठूलो दुला वा प्वाल ।
- निन — निद्रा, धानकावोटा काटी एकदिन सुकाउन हाल्याको अवस्था ।
- पसानु — बढ्नु,अन्नबालीमा दानालाग्न सुरू हुनु ।
- पिठी — जाङधेकी मथि घाटी धेकी तलको पछाणीको भाग ।
- बाउन — बानु, मुख खाल्नु वा खुला अन्नु ।
- बिज्जी — झकडाअन्न पैला निउँ खोज्नु, खिच्याउनु,जालझेल अन्नु, खुच्केडा ।
- भाउ — भाइ, देवरकीस्वाइनी
- मजेलो — घरका माजका तलामी चाक भन्ना भित्र बनायाको कोठा, मुजेलो ।
- मण्च्या — कमजोर, दुब्लोपातलो ।
- मण्यासातो — मन्न्यावेलाको अन्तिम सास ।

- मनानी — (ने. मदानी), छाईबनाउन्या जिल्यालायाको डन्ना ।
- माँणा — चामलको पीठो तन्वा बनाइ तवामी घ्युहाली पकायाको पातलो रोटो ।
- माइस — मान्छे ।
- मुँणो — खोलाले बगाइ आन्याको काठ, चिर्न असजि हुन्या ठूलो मोटो काठ, विना कामको रूखको टुक्रा ।
- याँउँणो — यतातिर ।
- रजणो — भात खान्यावेला तीउन बढी हाल्ल्या काम वा झोल बढीहुनु ।
- रूमा — रौँ
- लैनूँ — (ने..अनिर्दशा) प्यायाको दुई तीन दिन भयाको गाई, भैसी वा कत चारमैना सम्मपनि लैनु भन्ने चलन छ ।
- लोट्न — लड्नु ।
- विसोरो — व्यहोसी ।
- सङाण — ढोकाको चौखट, (ब) चौखटका मथिमी राख्न्या काठ ।
- सनिउँता — ताजा खानाँ, नयाँ ।
- सब्बल — ढुङ्गा फुटाउन्या मोटो फलामको सुइरो ।
- सरू — ब) जनावरवाट  बचाउन घेरवार अर्याको अन्नबाली, साग, बोटबिरवा ।
- साइव — गाउँल्या साथीभाइ, साइनु नअरी सम्बोधन अन्या शब्द ।
- सुइना — ने. सपनी, स्याकाबेला धेकिन्या कुणा ।
- हल्का — हलुङ्गो, हलुको ।
- हल्सारो — हलिसराइ ।

## परिशिष्ट ख

## बझाङ्गी शब्दभण्डारको वार्णानुक्रम सूची

| | | |
|---|---|---|
| **अ** | - | ना. देवनागरी तथा संस्कृत परिवारका अन्य वर्ण मालाहरूको पहिलो अक्षर रे स्वरवर्ण । यइको उच्चारण कण्ठबाट हुनोछ । |
| **अँखणी** | - | ना. सौंतै; जम्माइ; सब्बइ; पुराइ; । उदा. उन्ने आप्ना घर अँखणी रोटो खायो । वि.प. आदा । |
| **अँङार** | - | ना. आगो बाल्ला दाउडाबाट निक्ल्याका नान्नाना ठुँणा; कोइला; । उदा. भुन्टीले बान्नाउँडो अँङारले क,ख,लेख्यो । |
| **अँङालो** | - | ना. हातको नाप; तिर्यक् अँङाला; । उदा. रामले एक अँङालो दाउरा आन्यो । |
| **अँङालो हाल्नु** | - | अँङाल्ची लाग्नु, उदा. ह्राम र स्याम अँङालो हालिपन्ट घर गयाका हुन् । |
| **अँङाल्या** | - | वि. अँङाला जत्तो, अँङालामि अटान्या, उदा. रामले एक अँङाल्या दउरा आन्यो । |
| **अँङाल्ची लाग्नु** | - | अ.क्रि. अँङालो हाल्नु; लट्टाउज अन्नु; उदा. हरि रे अँङाल्चि लाग्नु हुनैन भन्यो । |
| **अँङाल्च्या** | - | ना. (अँङालो+च्या) अङालो हाली खेलिन्या कुस्ती; झकडा; । उदा. हरि र गोऱ्याले अँङाल्च्यालागिपन मुन्टो फुटाफुट् अऱ्यो । |
| **अँङौठो** | - | ना. बुढी आउँलो, उदा. उइले काग्तमि बुढी अँङौँठाले छाप लायो । |
| **अँछलो** | - | ना. तिर्यक् अँछला, ना. काम अद्दा हातमी उठ्न्या मासुको डल्लो, *ने. ठेलो, छेलो,* उदा. खेतमि काम अद्दा गोऱ्याका हालमि अँछला भया, ने. ठेलो, छेलो । |
| **अँज** | - | ना. अझै; फेरि; । उदा. मुइले अँज घरको झिक्कै काम अन्नु बाँकी छ । |
| **अँजलो** | - | ना. अञ्जलि; अञ्जुलि । दुईहत्केला एकाइमा कोप्रोपाडि जोड्डा हुन्या खाल्टा जसो भाग । उदा. एक अँजलो पानी खान पाया हुन्याछ्यो । विप.घडो । |

**अँठिल्लो** - ना. फल भित्रको साह्रो भाग अठिल्लो , आरुका गेणाभित्रको हाण वा थाल बाइरको हाण बोका, । उदा. आरुको अँठिल्लो सारो हुनो छ । विप.गुदी ।

**अँनार** - ना. अनुहार; सक्कल; एककिसिमको फल दाडिम; । उदा. उइको कालो अनार छ ।

**अँनारो** - वि. अन्धकारपूर्ण । अनुहार नपड्याको; कालो; मैलो । प्रतिभाहीन । उदा. बासाइत अँनारो हुनोछ । विप. उजालो ।

**अँन्थारी** - ना. अर्कोतिर , अलग , अरुठाउँ । उदा. आजभोलि जया अन्थारी बस्तो छ ।

**अँन्मनी** - ना.विरक्त; उकुसमुकुस; मायाअन्न्या आमा, बुबा, दाइबौजु, काकाकाकी, साथीभाइको याद आउनु । सम्झना आउनु; उदा.लक्ष्मीको ब्याअऱ्या पछि उइकि इजाखि हुना सम्मकी अँन्मनी भइपन घर बाइर आउन सकैन ।

**अँयणा** - ना. शिकारा झानु, खेदाउन्या काम । उदा.प्रदेशीले बन कुकुडाको अँयणा गयो ।

**अँयणी** - ना. एउटा जाति; अँयणा; ऐडी; । उदा. दङ्डाजीमि अँयणी जातका बस्ता छन् ।

**अँनकन** - ना. काम अद्दा पाखण्ड अन्नु; । उदा. हली बाउँसो खन्ना अनकन अद्दो छ ।

**अँयणो**. - ना. लखेट्नु; खेदणो; धपाउनु; खेदाउनु; । उदा. सरुखान्या गाईको अँयणो अऱ्यो ।

**औंठा** - ना. हातको बुडि आङ्लो । उदा. औँठाले छापलाई घर पास अऱ्याको छ ।

**औंरो** - ना. साल; अमरो; घरपालुवाजनावर प्यायापछी आउन्याँ साल,चाम्रो मासुको छाला, डल्लो । उदा. गाईको औंरो अइल सम्म आयाको आच्छिन ।

**औंलो** - वि. माटाले धमिलो भयाको पानी; । उदा. आज धाराबाट औंलो पानी आयो ।

**आँख्लो** - ना. दुई वा दुई भन्ना बडि वस्तु वा अवयव जोडिन्या ठाँउ; जोड्नि । उदा. रुद्रको रुखहै लोटि हातको आख्लो गयाको छ ।

**आँखालाग्नु** - अ.क्रि. निन लाग्नु; अख्खाको कुदृष्टि पड्नु; मन्नु; चोखा लाग्नु; । उदा. भैसाको कचौडो धेकि सबैका आँखालाग्नु निको होइन ।

**आँख्या** - वि.ठूल्का आँखा; बाइर निक्ल्याका आँखा वा नसुआउन्या भयाका । उदा. सुर्‍या खि आँखा डाड्याल भन्ना छन् ।

**आँठाकाँठा** - ना. कुना काप्चा; । उदा.चुनमुनले फटाटुटि र अन्य सामान फाल्न्या ठौर ।

**अँत्तर** - ना.अत्तर; भङ्गालाका बोटाबाट रस निकालि बनायाको बासना आउन्या डल्लो,नेतु.चरस । उदा. अँत्तर खानु हुनैन ।

**आँउनाबस्स** - वि.आउना बस्स; पछि आउन्या समय; । उदा. तम्रो आँउना बस्स ब्या अरुली ।

**अइलानि** - ना. कइकाइ नाममि दर्ता नभयाको; खेति अन्ना लाइक जग्गा; । उदा. अइलानी जग्गाको भरोसा हुनैन ।

**आउन्या** - वि. आउन्या काम; । उदा. विशाल दशैंखिघर आउन्या हो । विप. नआउन्या ।

**अकरो** - वि. महङो झिक्क मूल्य भयाको उदा. सुशीलाले अकरो मुनेठो किन्यो ।

**अकालै** - क्रि.यो. समय भन्ना अगाडि; उमेर नपुगी; । उदा.रधुनाथ अकालै मर्‍या ।

**अख्खै** - वि. अरुनै; । उदा. पदमखि बोलायाको त अख्खै माइस प घर आयो ।

**अक्वरि** - वि.अकवर जसो; निको रामडो; एक नम्मरको (सुन); । उदा.राम्डो माइसखि अक्वरि माइस भन्ना छन् ।

**अज्ञानि** - वि. ज्ञान नभयाको; योग्यता नपुग्याको; । उदा. अज्ञानि माइसका पछि लाग्नु हुनैन ।

**अटा** - ना. अट्नु वा अटाउनु; अटाउन्या बनाउनु; । उदा. ए पुरु कोर्काइना सबै घान अटा । उना पड्न्या हुन् ।

**अठन्नि** - ना. आठ आनाको सिक्का; । मौसमीका गेडाजसो; चुकिलोरेगुल्यो स्वाद भयाको एक फल । उदा. उइल अठन्निका बीस खोडा मिश्रिका आउना छ्या ।

**अड्डा** - ना. सरकारी वा गैरसरकारी काम काज हुन्या ठाँउ; कार्यालय । उदा. झकडा भया अड्डा झाउँला ।

**आदो** - ना. अदुवा; । उदा.आदो खानाले काँसो निको हुनोछ ।

| | | |
|---|---|---|
| **अदा** | - | वि. आदा; । आदा मुन्टो खाइन्या रोग; अर्धकपाली । उदा. घामले अद्दा अदा हुनो छ । |
| **अदेलो** | - | ना. जग्गा जमिन अदियाँ दिपन्ट उब्जाउ भइ आयाको अन्न मालिक रे कमाउन्याका बीचको बाड्नु । उदा. खन्ट्याले मेरो अदेलो कमायाको छ । |
| **अदमरो** | - | वि. आधा मऱ्याको; मऱ्या जसो भयाको; शासमात्र बाँकी भयाको; । उदा. उइखि उन्ने हानीपन अद्मरो बनायो । |
| **अदबैस्या** | - | वि. आधा उमेरको; उदा. विकास अदबैस्या भयाको हुनाले कोई विश्वास अद्दाइन । |
| **अध्यच्छच** | - | ना. अध्यक्ष; सम्बन्धित ठाँउको मुख्य माइस; उदा.हरी समूहको अध्यच्छच भयो । |
| **आनडो आउनु** | - | ना. आन्द्रो हग्दा गुसङ्ङ वाइर निक्लन्या एक रोग; उदा. वासुका आनडो आयो । |
| **अनारो** | - | वि. अन्धकार; उजालो नभयाको उदा. टुकि नभयाकाले घरम्मो अनारो छ । |
| **अनारि** | - | वि. अन्धकारपूर्ण; कालो; अनुहार नपड्याकि । उदा. जसु अनारि छ । विप.उजालि । |
| **आलोपालो** | - | क्रि.वि. क्रमैसँग; पालैसँग; । उदा. जिउला पानी आलोपालो अरि लाउना छन् । |
| **अउल** | - | ना. तराइ; औल; प्रायः गर्मी हुन्या रे हावापानी अस्वथकर हुन्या ठौर । उदा. तराइमि बस्नाले अउल लाग्दो छ । विप.पाहाड । |
| **अउल्याल** | - | वि. औल्याल; समतल; मैदानी भागमा बस्न्या माइस । उदा. तराइमि बस्न्या माइसखि अउल्याल भन्ना छन् । विप.लेक । |
| **अकरी** | - | वि. बानी निको नभयाकी स्वाइनी; । उदा. मना गाँउकि अकरि स्वाइनि माइस हो । |
| **अकरो** | - | वि. महङ्डो; बहुमूल्य; भिक्क रूपप्या पड्न्या; अरुभन्ना अकरो । उदा. जुम्ला अकरो मालसामान किन्नु पड्डो छ । |
| **अकालै** | - | क्रि.यो. समयभन्ना अगाडि; उमेर नपग्दै । उदा. उ आकालै मऱ्यो । |
| **अक्खाइको** | - | ना.यो. अर्खाका; उदा. यो कलम अख्खाइको हो । |
| **अक्खो** | - | वि. अर्को; एक देखि भिन्न; दोस्रो; । स्त्री.अख्खि । उदा. रामखि बोलायाँ अक्खो माइस आयो । |

**अक्त्यारि** - वि. अधिकार; अख्तियार; । उदा. सूर्यले कुर्मखि काम अन्न्या अक्त्यारि द्याको छ ।

**अखम** - वि. अफट; अजीर्ण; । उदा. दुर्क्याखि बेलिको जन्तको भात अखम भयो ।

**अखडा** - ना. कसरत अन्न्या वा कुस्ति आदि सिक्न्या ठाँउ; तास खेल्न्या जुवाडेहरू जम्मा हुन्या ठाँउ; जोगीहरूको खाना आदि खान जम्मा हुन्या ठौर । उदा. सुशील कुस्ति खेल्न अखडा गयाको छ ।

**अखार्नु** - अ.क्रि. अख्रनु; अख्राउँनु; सुकाउनु; सुकाउन्याकाम; । पानी आदि सुक्नु । उदा. भूरिले आप्ना कपडा रुन्जाले अखार्नु पड्याको छ ।

**अगास** - ना. आकास तिर; अगासम्मो; । उदा. मदन अगास हेरि हट्टो छ । विप.भैया; धर्ती ।

**अगास्सिनु** - स.क्रि. केटाकेटीले भन्याको नमान्नु; चिणविति अन्नु; बौलाउनु; भन्याको नमान्नु । उदा. विशालले आज भोल अगास्सिनु हुनैन ।

**अगि** - ना. पैले; अगाडि; सम्मुख; । उदा. ईस्कूलमि आज पदम भन्ना अगि कोई पुग्याको आछिन । विप. पछि ।

**अगुनी** - वि. गुन नभयाको; । उदा. राम गाड बग्न्या बेला हरिले बचायो पछि उसुइखि ढुङ्गाले हान्यो रे उइखिसबैले अगुनी भन्यो । विप.गुनी

**अगेठो** - ना . अगेनु; रोटो पकाउन्या वा आगोताप्न घरभित्रको आगोबाल्ल्याठाउँ, । उदा. अगेठो आगो ताप्नाखि निको हुनो छ ।

**अग्धेनी** - ना. उइधेनी, चार छ दिन अगाडि । उदा. सुशीला अग्धेनीमात्र घर आयाकि हो । विप. आज ।

**अग्न** - ना .धेरैअगि; । उदा. वेदका दोकान अग्न एक रूपयाका दश गेडा मिश्रिका आउँना छ्या । विप. अचेल ।

**अग्नैन** - ना.अग्न; भिक्कै अगाडि; पैलानै; अग्यारै । उदा. प्रकाशले मुखि अग्नैन पाँच रूपया राख्नाखि द्याकोछ्यो । विप. आजभोल ।

**अग्पाणो** - ना. आगो निकाल्ल्याँ ठिन्का वा सलाइ । उदा. रघुनाथले सिग्रेट सल्काउनाखि साधुखि अग्पाणो माग्यो ।

**अडल्या** -. वि. अङ्कमाल अऱ्याको । आप्नुपक्षमि पाड्याको अवस्था । उदा. हरिखि श्यामले अडल्यायो ।

**अङाल** - ना. अङालो; अगालो; अङ्कमाल; आङ्गिन । उदा. मुइले स्वाइनिखि अङाल हाल्या ।

**अङार्** - ना. कोइलो; निम्याको आगाको कोइलो । उदा.अङारले हात काला हुना छन् ।

**अङाला** - ना. अङालो; अङालि; गडामि काट्याका धान खेडिपन्ट एक ठाँउमि राख्न । उदा. गणामिका धान अङालामि आनि खत्यायाका छन् ।

**अङालो** - ना. अङ्कमाल; आलिङ्गन; अङाल मिलाउन्याकाम, अँङालो । उदा. सबुइखि अङालो हाल्नु हुनैन् ।

**अङाल्ची** - ना. अङाल्च्या; अङाल मिलाइ अन्न्या झकणा , कुस्ती । उदा. वासुरे मु अङाल्ची लाग्याका हु ।

**अङौँठा** - ना. औँठा; अँङौठा; । उदा. ज्योतीले मालमी जग्गा पास अन्नाखि अङौँठाको छाप लायो ।

**अङौठी** - ना.औँठी; आङ्लाम्मो लाउन्या एक प्रकारको धातुले बन्याको बाटुलो रिङ् । उदा.उपेन्द्राले आप्ना कान्सी आँउला सुनको अङौठी हाल्याको छ ।

**अचक** - ना. लाज; गलत काम अद्दा असजी मान्नु । उदा. गोपीले अख्खाको सामान चोन्ना अचक मान्यो ।

**अचाक्लि** - वि. धेरै अत्याचार; सीमाबाइर गै बोल्लु । उदा. आफू ठूलो भया भनी कन्यै पनि अचाक्लि अन्नु हुनैन ।

**अचानुँ** - ना. अचानु; अचान; दौरा चिन्न्या मुणो । उदा. लेक ठूलो अचानुँ बनाइपन मात्र दाउँरा चिन्न्याकाम अद्दा छन् ।

**अचेल** - ना .अच्याल; आजभोली; । उदा. विद्यार्थी अचेल कन्नै भन्याकोपन मान्नाइन ।

**अछाम** -. ना.सुदूरपश्चिमको एक जिल्ला ।

**अछामी** - वि. अछामको; अछामका माइस; अछाममा उत्पन्न भयाको । उदा. यो अछामी पौला हो ।

**अजम्मर** - वि. अजम्मरी; कैलै न मन्न्याँ । उदा. यो अजम्मरी फूल हो ।

**अजलो** - ना. अँजुली; । उदा. मुइले पुनिका दिन एक अजलो भरी चामल जोगीखि द्या ।

**अट्ट्याउनु** - ना. अट्ट्याउन्या काम । उदा. मुइले रुखमि हमाली अट्ट्याउँनु छ ।

**अट्याल्लु** - ना. एक किसिमको ओख्तो वा कन्दमूल । उदा. विरामी माइसकी अट्याल्लु द्यो भन्या निको हुनोछ ।

**अठन्नी** - ना. मधुजसो चुक । उदा. अठन्नीको फेसो ठूलो हुनोछ ।

**अठिल्लो** - ना. आरु वा अन्य फल भित्रको सारो भाग; अँठिल्लो । उदा. अठिल्लो खानु हुनैन ।

**अठौँन** - बिजल्लिनु, सुइनाउणो केइ चिज ,बस्तु धेकी डराइवन्ट उठ्नु वा निन ब्यूजनु । डराइबन्ट झसाम्मअरी उठ्नु । बेली मुखि अर्ठोन भयाको हो ।

**अठ्याउनुँ.** - स.क्रि. आणलाईवन्ट थामिराख्नु; चेपिराख्नु । उदा. नान्का मुलाखि अठ्याउँनु हुनैन ।

**अड्ती** - ना. अर्ती उपदेश; अण्ती; उखान । उदा. बुडा पाकाबाट अड्ती लिनु पड्डो छ ।

**अणाल्लु** - ना. पकाउन लायाको खाना खरल्लु । उदा. माजमि राख्याको भात अणाल्लु पड्डो छ ।

**अण्याठ** - वि. अरुको कुरा नमान्न्या जिद्दीअन्न्या माइस । उदा. यज्ञ अण्याठ माइस हो ।

**अत्तर** - ना. अफिन; चरस; लागु पदार्थ; । उदा. निका माइसले अत्तर खानु हुनैन ।

**अत्तरवाला** - वि. अतर वाला माइस । अत्तरको कारो वार अन्न्या माइस । उदा. खड्क्या अत्तरबाला माइस हो ।

**अतिसो** - वि. तिसो वा पानी नखायाको, पानी कम खायाको । उदा. आज भैंसो अतिसो छ ।

**अतीस** - ना. एककिसिमको ओख्ताको बोट, उतिस, अतिस । उदा. खोलाइनो अतीसको रुख हुनोछ ।

**अथारिनु** - वि.अथारा जसो हुनु । उदा. मजेलाको माटो अथारिनु ठीकै हो ।

**अद्दाइन** - अ.क्रि. गर्दैनौ । उदा. तमे आज काम अद्दाइन ।

**अद्दैन** - अ.क्रि गर्दैन; । कुनैकाम नअन्या सोच वा विचार । उदा. तु पढ्न्या काम अद्दैन । विप. अद्दो ।

**अद्पाको** - वि. आधा पाक्याको, बण्पाको । उदा. आज भोल अम्वा अद्पाको भयाको छ ।

**अद्‌मरयो** - वि. आधा मऱ्याको; घाइत; मर्नलाग्याको । उदा. राम खि पुलिसले अद्‌मऱ्यो बनायो ।

**अद्‌बैस्या** - वि. आधा बैँस गयाको आधा उमेर मयाको । उदा. मोहन अद्‌बैस्या माइस हो ।

**अद्‌सरो** - वि. आधाकाम भयाको; आधा बाँकी । उदा. भुवनले अद्‌सरो काम छाडि भाग्यो ।

**अदाखाइनु** - ना. आदाकप्पाल खाइन्या रोग, अधा । उदा. सदाइ अदाखाइनु निको होइन

**अदान** - ना. भातपकाउन आगामी तताउन राख्याको पानी । उदा. मातप्का उनाखि अदान ताती सक्यो ।

**अदिन** - वि. दुःख वा घाटाका दिनहरू, नराम्रो समय । उदा. मदनका आदिन आयाका छन् ।

**अदेलो** - ना. अधियाँ; आधा कमायाको अख्याखि दिन; । उदा. मुइले उइको अदेले कमायाको छ ।

**अनकन्टार** - वि. डरलाग्न्या ठाउँ, ठूला ओढार वा जंगल भयाको ठाउँ । उदा. अनुकन्टार ठौर एक्लै बस्नु हुनैन ।

**अनन्त्या** - बझाङ्ग , अछाम , बाजुरातिर असोजका मैना खानपिनअरी मठ मन्दिरमा मिजुरा बजाइ धार्मीक गाथाका साथै डेउणा खेली बनाइन्या त्यार वा पर्व अनन्त्या अछामको पायलमा सबैठाउँका भन्ना निको हुन्छगीत पनि छ -(पाइलका अनन्त्यागयाँ भरतोलीभात खायाँ) । उदा. अनन्त्या पर्वमी सबै खुशी हुनाछन् ।

**अनात्थिनु** - अ.क्रि. निसास्सिनु, अन्खनी, सासबन्द हुनाको अबस्था । उदा. हावा नछिन्न्या ठौर बस्यो भन्या माइस अनत्थिनु स्वाभाविकै हो ।

**अनाउनु.** - स.क्रि अनानु; अनायो; आन्नलाउनु; । उदा. नान्का मुलाबाट सामान अनाउनु हुनैन ।

**अनानु** - ना.बग्न्याँ पानीको अच्छ्याण लाग्दा जम्मा भयाको पानीको अबस्था, पानी नबगि भरिनु , सरकमी बादल भरिन्याकाम । उदा. आज सरक अनानु भयाको छ ।

**अनार** - ना. अँनार; दाडिमको एक जात एक प्रकारको फल; । उदा. अनार पाक्या पछि गुल्यो हुनोछ ।

**अङ्क** - ना. सख्या बोधक चिन्ह; अङ्क । उदा. विश्वका परीक्षामी निका अङ्क आया ।

**अङ्ङ** - ना. शरीरकाका अवयव; अङ्ग । उदा. आफ्ना अङ्ङको हिफाजन अन्नु पड्डो छ ।

**अचक** - ना. हच्कन्या; असजिमान्या; कुनै काम कुडाबाट पछिहट्न्या; डर मान्या; झस्कीन्या; । उदा. काम अन्यावेला अचक मान्नु हुदैन ।

**अनारीचुप्प** - वि. धेरै अनारो; रात पछ्याको; उजालो नभयाको । उदा. आज घर झाना अनारीचुप्प भयो ।

**अनारो** - ना. अँध्यारो; रात, सर्जे अस्नाया पछि हुने; । उदा. आज काम अद्दाअदाइ अनारो भयो । विप. उजाँलो ।

**अनारोउजालो** - ना. अनारो रे उजालो; रात पड्न्या बेला; न आरो न उजालो भयाको समय । उदा. अनारो उजालो भयापछि घर घर्रिनु निको हुनो छ ।

**अनार्‍या** - वि. कालो वा मस्को मुख भयाको माइस; । उदा. अनार्‍या माइस भाग्यमानी हुनैन ।

**अनाणी** - वि. अनालो; केइ काम नजान्या; बुद्धि नभयाको; । उदा. केसु अनाणी माइस हो ।

**अनायो.** - ना. अनानु, मगाउन्याँ काम, अनाउनु । उदा. मुख्याले मालहै गुड अनायो ।

**अनिनु.** - वि. रात नसुत्याको; अनिदो; उनिनु । उदा. जात झानाले रातभरी अनिनु भयो ।

**अनुन्न्यो** - वि. नून कम भयाको; नून नहाल्याको; । उदा. आज तिउन अनुन्न्यो भयाको छ ।

**अनाउँड्या** - वि. बाङो कुणा अन्न्या माइस, अनालो । उदा. भाष्कर अनाउँड्या माइस हो ।

**अन्ठान** - वि. अपायक; अनकन्टार; अचम्मको । उदा. मनु एक्लै अन्थारी बस्नु हुँदैन ।

**अन्थारी** - ना. यताउती, वरपर, अर्काठाउँ ।

**अन्धेरै** - ना. भिक्कै; अन्धेर । उदा. बौजुले गोसिखि अन्धेरै दुःख अर्‍यो ।

**अठ्गयो** - वि. हुन नपाएको; काम रोक्याको । उदा. उ नबोल्या अठ्गयो । विप. काम भयाको ।

**अरिङ्गाल** - ना. अरिगल्; अरिङग्याल; । उदा. अरिङ्गालका गोलाउडो ढुङ्डाहान्नु हुनैन ।

**अड्कनु१** - अ.क्रि. भैसाको वा राँडाको कराउन्या आवाज । उदा. भैसो राँडाखि लागि अड्कनु निको हो ।

**अड्कनु२** - अ.क्रि. अल्झिएर रोकिनु; कुनै बाधा वा अड्काउ परेर रोकिनु । उदा. पानी पड्नाले हरि ईस्कूल झानु अड्कनु पड्यो ।

**अड्कल** - ना. अनुमान; । उदा. आप्नो अड्कल अरि बस्नु पड्डो छ ।

**अड्का** - ना. बाधा वा बिघ्न । उदा. देबले गोऱ्याको काम तिन दिन सम्म अड्कायो ।

**अड्काउनु** - स.क्रि. रोक्नु वा बन्द अन्नु; बाधा अन्नु; । उदा. अख्खाको काम अड्काउनु हुनैन् ।

**अन्नँचखाँइ** - ना. अन्नप्रशन , छोराछोरीलाइ अन्न ख्वाउन्या पैलो दिन । उदा. आज बेलाको अन्नचखाइ हो ।

**अन्न१** - स.क्रि. कामअन्नु; । उदा. प्रकाश छकालै काम अन्न गयाको छ ।

**अन्न२** - ना. अनाज, धान, गहू मकै; । उदा. अनाज उसै फाल्नु हुनैन ।

**अन्नी१** - ना. माघकामैना पठायाकी चेलीवैनीखि दिन्या पकवान, फाँको वा दानदक्षिणा, अन्नी । उदा. मु मागका मैना दिदिखी अन्नी दिन गयको हु ।

**अन्नी** २ - छकाल वा दिउस भोकलाग्दा खान्या रोटो, खाजा, नास्ता , फाँको, अन्नि । उदा. वल्ल जोत्न्या हलिखि समयैमि अन्नी दिनु पड्डो छ ।

**अन्नपानी** - ना. अन्न रे पानी; दाना-पानी; । उदा. अइलेका पालाखि लागि अन्नपानी छनाइछ ।

**अतालिनु** - अ.क्रि. आत्तिनु; अतासीनु; भयभित हुनु; । उदा. काम अन्न्या बेला अतालिनु हुनैन ।

**अति** - वि. भिक्कै; मस्तै; धेरै; बढ्ता । उदा. केइ कुडापन पनि अति अन्नु हुनैन ।

**अतिनिरु** - क्रि.यो. कानेपर्सि; चार दिन पछिको समय । उदा. हरि घर अतिनिरुखि आउन्या हो ।

**अत्तो हाल्नु** - ना. जिद्दी; ढिपी; अड्को वा बाधा अन्न्याकाम । उदा. कसुइका काममि अत्तो हाल्नु हुनैन।

**अतिपरार** - क्रि.यो. दुइ बस्स भन्ना अगाडिको समय; । उदा. बल्भाका गडा अतिपरार दश कोल्था धान भयाका हुन् ।

**अर्थङ्चा** - ना. अथुङ्गे; खरका जसा लामा रे तीखा पात हुन्या; टुपामि खैरो भुस हुन्या एक जातको कुरे घाँस । उदा. वनम्मो अर्थङ्या हुनोछ ।

**अथा** - वि. अथाह; भिक्कै; ज्यादाइ; । उदा. उपेन्द्राका आजभोल अथा सम्पति छ ।

**अन्नु** - स.क्रि. गन्नु, गर्नु, अद्दु, । उदा. सबुइले आप्नो काम आफूइले अन्नु पड्डो छ ।

**अन्राल्नु** - घरको चुलिका बाइरपट्टीकोठेक रे घरपछाणी बल्धारी चुन्या वा बस्सको पानी बग्न्याठाउँ कुलानु अथवा दुइघरका माँजैनोको अँनारो ठाउँ । उदा. अन्राल्नु सफा राख्नु पड्डोछ ।

**अपभट्** - क्रि.वि.अचानक; एक्कासि; । उदा. उइको आज अपभट् घर भान्या काम पड्यो ।

**अन्साल्नु** - ना. चनाराले काठका पारा ठेकाकोन्न्या ठाउँ । उदा. अन्साल्नु सबुइले घेक्याको हुनैन ।

**अपसगुन** - ना.अपसगुन; नराम्डो लक्षण । उदा. देशभान्या वेला विल्लाले बाटो काट्नाले अपसगुन भयो । विप. सगुन ।

**अन्न्याँ** - ना.अर्ने, गर्नेगराउने, । उदा. राम सबै काम अन्न्याँ माइस हो । विप.नअन्न्याँ ।

**अपामार्की** - ना. अपमार्क एक प्रकारको पूजामा प्रयोग हुन्या वनस्पति । उदा. हवन अन्नाखि अपामार्को चाइनोछ ।

**अपिहिमाल** - ना. हिमश्रृङ्खलामा पड्न्या महाकाली अञ्चलको ७,१३२ मिटर अग्लो हिम शिखर; मनोरम हिमाल । उदा. अपिहिमाल महाकाली अञ्चलमि पड्डो छ ।

**अप्ताली** - ना. अप्ताल कुनै प्रकारको हकदार नभया पछिको अवस्था । उदा. साधुकी अप्ताली भयाकि छ ।

**अपुग्** - वि. नपुगेको ; कम पड्याको; थोकाइ भयाको । उदा. घर बस्नाखि ठौर अपुग भयो । विप.पुग् ।

**अफिम** - ना. अफिम एक प्रकारको लाग्न्या औथो वा वस्तु । उदा. अफिम खानु हुनैन ।

**अबाण१** - ना. अवाण व्याका वेला व्याउला व्याउलीखि ओढाउँन्या एक प्रकारको विशेष कपडा । उदा. टाउदानमि अबाण चाखइनो छ ।

**अबाण२** - वि. नबाँड्याको; भागबन्डा नभयाको; । उदा. साइरको छानु अबाण सम्पति हो । विप.बाण ।

**अबुती** - वि. अबुती सन्तान नभयाकी स्वाइनी । उदा. खन्टी अवुती स्वाइनी माइस हो ।

**अबुतो** - वि. अबुतो सन्तान नभयाको; चेलोचेली नहुन्या लोग्न्या माइस । उदा. शिवु अबुतो माइस हो ।

**अपुरो** - वि.आधाँ; अपूर्ण; । उदा. अपुरो काम आप्ना बुआखिपन धेकाउनु हुनैन ।

**अप्ठचारो** - वि. असजिलो; कठिन; असजि; । उदा.गाडी चलाउनु अप्ठचारो काम हो । विप. सजिलो ।

**अफारो** - वि. छटि सकिन्या; अनुमान अऱ्याभन्ना अगाडि सकिन्या । उदा. नौला चामलको भात अफारो भयो । विप. फारो ।

**अबगाल्** - ना. दोष आउन्याकाम; अबजस; । उदा. आज सोनुले अबगाल पाउन्या काम अऱ्यो ।

**अबजस्** - ना. अपयश; जसनपाउनु । उदा. काम अऱ्या पछि कसुइखि पन अबजस् दिनु हुनैन । विप. जस्

**अबेला** - क्रि.यो. ढिला; माठ्का; अबेर । उदा. विशालले इस्कूल है घर आउना अबेला अऱ्यो । विप.छटि ।

**अब्बै** - क्रि.यो. एकछिन पछि; छट्टी; थोक्काइ पछि; । उदा. मु आज अब्बै घर आउन्या हुँ ।

**अभाग्गि** - वि. नराम्डो भाग्य; भाग्यनभयाको; । उदा. बेद अभाग्गि रै छ । विप.भाग्गि ।

**अमङ्ङल** - ना. अमङ्गल; अशुभ; कल्याणको अभाव; अपसगुन । उदा. आजभोल पिरुका अमङ्ङल हुन लाग्याको छ । विप. मङ्ङल ।

**अभर्मिलो** - ना. भर मान्न नसकिन्या । उदा. गोपी अर्भमिलो माइस हो ।

**अमरित्** - ना. अमृत; सुधा; खाना अम्मर हुन्या पदार्थ । उदा. करनले अमरित् खायाको छ । विप. बिख ।

**अमस्सा** - ना. अमचुर; आमको सुकुटी । उदा. चुकानी वनाउन अमस्सा चाइना छन् ।

**अमास्नु** - ना .फोहोर निकाल्न धेरै सम्म रगड्नु; माज्नु; धुनु; मसाजअन्नु । उदा. खायाका भाँडा निकोरिपन्ट पन अमास्नु हो । विप. नअमास्नु ।

**अमिलो१** - ना. मोटोबाद रे धेरै चुक वा रस हुन्या एक किसिमको बोटो वा त्यसका दाना । उदा. नुन खुस्सानीलाई अमिलो काटीखाउँ ।

**अमिलो२** - ना. चुकिलो; निबुआ; कागती; चुक; अमिलो पदार्थ । उदा. भट्टका तिउनैनो अमिलो चिज हाल्या निको हुनोछ ।

**अम्मानु** - ना. गाई बाच्छाले करायाको आवाज । उदा. वाच्छा नधेक्नाले गाईले अम्मानु पड्यो ।

**अयणो.** - ना. अँयणो; एक प्रकारको जङ्गली जनावर । उदा. मानुले वेली अयणो मारिपन्ट आन्यो ।

**अमला** - ना. औला; औलो; । त्रिफला मध्य एक फल; । उदा. अमलाको चटनी निको हुनोछ ।

**अमानत्** - ना. धरौट वा धितो राख्याको सामान । उदा. सुशीलाले मेरा हात सुनको माला अमानत राख्याको छ ।

**अम्भा** - ना. अम्बा; अम्रुद; बेलौती; । उदा. विशालखि अम्भा मन पड्डो छ ।

**आयै** - ना. आउनु क्रिया; । उदा. आज तु घरै आयै अन्तारि जन वसै ।

**अरलो** - ना. सधाइ असन्तुस्ट रन्या वा कचकच अन्न्या बानी । उदा.चुनु सधाइ सवुइसित अरलो अद्दि छ ।

**अराउनु** - स.क्रि. अह्राउनु; काम अन्न लाउनु । उदा. हलिखि असाडका मैना निकोरी काम अराउनु पड्डो छ ।

**अर्ति** - ना.अड्ति; उपदेश; शिक्षा । उदा. आफू भन्ना ठूल्का माइसको अर्ति मान्नु पड्डो छ ।

**अलच्छिनि** - वि. खराब लक्षण भयाकि; लाच्छिनि नभयाको आइमाइ माइस; । उदा. पद्मा अलच्छिनि स्वाइनि माइस हो ।

**अलच्छिन** - ना. कुलक्षण; अपशकुन; निको नभयाको; । उदा.वासुका घर आज भोल अलच्छिन छ ।

| | | |
|---|---|---|
| **आलो** | - | वि. ताजा; नसुक्याको; काट्यो भन्या चोप जसो आउन्या । उदा. यो काट्याको रुख आज सम्म आलो छ । |
| **अलानुफलानु** | - | ना. कुनै अनिश्चित व्यक्ति वा वस्तु बुझाउँन्या शब्द । कैइ कुडाखि भ्रम अरि भन्न प्रयोग अन्या शब्द । उदा् वोलाउन्या वेला अलानुफलानु भन्नु हुनैन । |
| **अल्कि१** | - | ना. झुटाबोल्लु; छट्टाइ; गफ; बनावटीकुडा । उदा. नरु सदाइ अल्कि लाउनो छ । |
| **अल्कि २** | - | वि.अग्लीआईमाई; लामी; ठूली; । उदा. वागेश्वरी अल्कि आइमाइ माइस हो । |
| **अल्लि** | - | वि. अल्लिन्या काम; खडाहुनु; उभिनु । उदा. माठा सम्म अल्लिनाले गोडा खाइना छन् । विप. बसि । |
| **अल्पायु** | - | वि. झिक्कै आयु नभयाको; थोकाइ दिन बाच्न्या । उदा. पवन अल्पायुको रहेछ । विप. लामो आयु । |
| **अल्मलीनु** | - | अ.क्रि.अलमलमि पड्नु; झमेलामि पड्नु; अल्झिनु; । उदा. ईस्कूलहै घर आउन्या बेला अल्मलीनु हुनैन । विप. नअल्मलिनु । |
| **अईल** | - | क्रि.यो. अहिले; यसुइबेला; । उदा. तमे अईल सम्म घरबसि क्या अद्दा छौ । |
| **अल्ले** | - | क्रि.यो. बासाइतक; बेलुकितिर; । उदा. दिक्षु अल्ले वासा सम्म इजासित मुटो अरि रारक्या हो । |
| **अल्लो** | - | ना. लेकाली सिन्नु; धागो निकालि कपडा बनाउँन सकिन्या एक प्रकारको ठूलो सिन्नु । उदा. अल्लाका धागाबाट बनायाको कोट तातो हुनो छ । |
| **अल्ल्याउनु** | - | अ.क्रि .खडाअरी राख्नु; उभ्याएर राख्नु । उदा. लोट्याका माइसखि अल्ल्याउनु धर्म हुनो छ । विप. लोटाउनु । |
| **अवाइ** | - | ना. आउन्या काम; आउनखि फर्सत हुन । उदा. भोल मेरी ईस्कूल अवाइ हुन्या होइन । |
| **अवाल** | - | ना. गाई ,भैँसो ,बाख्राको बाली हुन्या समय; यौनक्रीडाको समय; भाल्या खोज्न्या बेला करायाको समय अबाल । उदा. कुकुणो तिन दिनहै अवाल उद्दोछ |
| **अवेला** | - | ना. माठ्का; अबेला; बार; ढिला; । उदा. आज वन है घर आउना अबेला भैगई । |

**अरुला** - क्रि. गर्नेछु; गरुला; । उदा. लेख्न्या रे पढ्न्याकाम मु सदाइ अरुला तमे जन रिसा या ।

**अवाइ-झवाइ** - भा.ना. आउन्या झान्या क्रिया; ओहोर दोहोर । उदा. आज भोल चैनपुरतिर अवाइ- झावाइ कमै छ ।

**असजि** - वि. असजिलो; अप्ठ्यारो; गाडो; सुविधा नभयाको । उदा. पाहाडको बाटो हट्नाखि असजि हुनोछ ।

**असत्** - वि. असत्य; झुटो; मिथ्या; बेठीक; अनुचित; । उदा. कन्यै पन असत् कुडा बोल्नु हुनैन । विप. सत् ।

**असव्य** - वि. असभ्य; निकोव्यवहार अन्न नजान्न्या; । उदा. देवु गाउँको असव्य माइस हो ।

**असाङ्डो** - वि. असाउडो; साँधुरो; साङ्डो; वस्तु अनुसारको नान्को । उदा. बझाङ्गको गाडी हिट्न्या बाटो असाङ्डो छ । विप. मुङ्तो ।

**असाड्या** - ना. असाड मैनामि फुल्न्या एक प्रकारको विशेष फूल । उदा. असाड्या फूल निको हुनोछ ।

**असामि** - ना. आसामी; ऋणदिन्या माइस; । उदा. घर असामि आउनु निको होइन ।

**असिद्दचारो** - वि. सिद्धि नभयाको; अमङ्गलकारी । उदा. जन्क्या असिद्दचारो माइस छ । विप.सिद्दचारो ।

**असिनापसिना** - ना. भिक्कै काम अन्नाले हुन्या; पसिनाले रुज्न्याकाम; । उदा. गडो खन्ना मुखि असिनापसिना भयो ।

**अस्तर** - ना. कपडा सिलाउन्या बेला भित्रतिर राख्न्या कपडा; । उदा. चोलो सिलाउन्या बेला अस्तर निको रे बल्ल्यो राख्नु पड्डो छ ।

**अस्थान** - ना. स्थान; ठाँउ; । उदा. देवि देवता उचा अस्थान बस्ताछन् ।

**अस्नान** - ना. स्नान; हडधुन्या काम; । उदा. सफारनाखि लागि सधाइ अस्नान अन्नु पड्डो छ ।

**अस्मसि** - ना. घामले उकुसमुकुस हुन्या; भक्काले हुन्या; । उदा. बेली चर्का घामले मुखि अस्मसि भई ।

**अस्वाइलो** - वि. भद्दा; नसुआयाको; । उदा. मोट्या कोट लाया पछि अस्वाइलो धेक्किनो छ । विप. स्वाइलो ।

**असल** - वि. निको; सप्पा; राउँडो; । उदा. विश्व असल माइस हो ।

**असानु** - ना. दिन्नाभनी बसिरनु; तलानु; लोभानु; आसमी बस्नु । उदा. निका माइसले असानु हुनैन ।

**असार१** - ना. खान नपाउनु; व्यफुर्सदिहुनु; व्यस्त । उदा. आज भोल त हरिखि असार लाग्याको छ ।

**असार२** - ना. अषाढ; असाड; । बाह्न मैनामा एक मैना । उदा. असारका मैना रोपाइ अन्नु पड्डो छ ।

**असोरी** - ना. धेरै दिया पनि कम भयो भन्न्या माइस; चित्त नबुजाउन्या; असोरी; । उदा.वादी रे माग्न्या माइस असोरी हुना छन् ।

**असौज** - ना. असोज; बाह्न मैनामा एक मैना । उदा. असौज प्रायः धान पाक्तो छ ।

**अरिदिनु** - स.क्रि. गरिदिनु; । उदा. तम्ले भाजाको काम जसरि भयापन अरिदिनु ।

**अलपत्र** - क्रि.वि. यता न उता; ठौर न ठेगाना; । उदा. घर नहुन्या माइस बस्स आया पछि अलपत्र हुना छन् ।

**अर्थनपर्थ** - वि. निरर्थक; मतलबनभयाको; फल्टु; । उदा. भब समाजमि अर्थनपर्थका कुडा अद्दोछ ।

**अल्यभोल** - क्रि.यो. थोक्काइ पछि; बासाइतक; । उदा. अख्खाखि तेरो काम उसै अल्यभोल हुन्याहो भन्नु हुनैन ।

**अलौटो** - वि. नसुक्याको; आलो । उदा. बाजको ठूलो मुडो निकैरि नसुक्याको अलौटो छ ।

**अवगुनि** - वि.. खराब वा नराम्डो; बैगुनी; गुन नभयाको; । उदा. महेश अवगुनि जसो माइस छ ।

**अत्यास** - ना. अतास; डर; त्राश; दिक्दारि; न्यास्रो; । उदा. एक्लै भया भनि अत्यास मान्नु हुनैन ।

**अन्ताच्छचरि** - ना. अन्ताक्षरी; अख्खाले भन्याको गीत वा कविताको अन्तिम अक्षरबाट सुरुअरी अख्खो गीत वा कविता भन्या काम वा क्रिया । उदा. आज इस्कूल अन्ताच्छचारि भयो ।

**अब्सेक** - ना. अभिषेक; धार्मिककामले थापना अऱ्याको कलशको पानीले हडम्मो छड्कनु । उदा. कथा लयापछि कलसका पानीले घर अब्सेक अन्नु पड्डो छ ।

**आ** - देवनागरी वर्णमालाका स्वरवर्णमध्यको दोस्रो स्वरवर्ण, यइको उच्चारण कण्ठबाट हुनोछ ।

**आँ** - क्रि.वि. मुख बाउदाको अवस्था; मुखबाउन्या; बालक रोयाको आवाज; । उदा. बाटाउडो आँ अरि हिट्नु हुनैन ।

**आँखर** - ना. अक्षर; शब्द; खबर; शुभ बचन । उदा. बच्चाखि निका दिनबाट आँखर सिकाउन सुरु अन्नु पड्डो छ ।

**आँउसी** - ना. औंसी । उदा. आँउसीका दिन मासु खानु हुनैन भन्न्या चलन छ ।

**आँखीभौँ**. - ना. पडेलाका रुमा । उदा. आँखा भित्र धुलो झानबाट रोक्न्या काम आँखीभौँले अद्दो छ ।

**आँखालाग्नु** - अ.क्रि. नजर लाग्नु; चोखा लाग्नु; कु-दृष्टि । उदा. रामका गाईले दुद भिक्क द्याको धेकि चन्द्रुका आँखा लाग्नु निको होइन ।

**आँख्लो** - ना. उखु; घोग्याट; निगालो; बाँसको डण्डामी हुन्या गाँठाहरूका बीचको भाग; खुल्लो । उदा. इखुको एक आँख्लो भाँची पन्ट आन्याको छ ।

**आँङ** - ना. भोट्यासित जोडन्या मथिाल्लोभागको कपडा वा तना बान्न्याँ भाग; न्याउटा भन्ना मथि घाटिभन्ना तलकोभागमा दुईठाँउजोणहाली बनायाको कपडाको मथिल्लो भागको कपडा; ने. अवलग्न; शरीर । उदा. आँड. धेकाइपन्ट हट्नु हुनैन ।

**आँट१** - ना. पानीबग्न्याँ कुलो; कुलाको भित्रिभाग । उदा. असाडका मैना गडामिका आँट खोलि राख्नु पड्डो छ ।

**आँट२** - ना. सहास; साहसी । उदा. काम अद्दा आँट अन्नु पड्डो छ ।

**आँटिलो** - वि. साहास भयाको; आट भयाको माइस । उदा. हरि घरको आँटिलो माइस हो ।

**आँट्नु** - भा.क्रि. साहस धेकाउनु । उदा. बेदले घर बनाउन आँट्नु पड्यायको छ ।

**आँणो** - ना. अण्डकोष; चडा आदिका फुल; आँणा । उदा. वणको आँणो ठूलो हुनोछ ।

**आँण्या**. - ना. काम नजान्न्या; मूर्ख; ठूला आँणा भयाको । उदा. राम आँण्या माइस हो ।

**आँती.** - ना. आँत; छाती; शरीरको भित्रिभाग; हृदय । उदा. मेरो पानी नपाउनाले आँती सुक्याको छ ।

| | | |
|---|---|---|
| **आँसि** | - | ना. हँसिया; । उदा. घासपात अन्न लेक आँसि चाइनो छ। |
| **आँस्या** | - | मुख्य माइस; बल्यो घरलाईको; अडसियार ; । उदा. कुकुर पन घरलाई आँस्या हुनोछ। |
| **आइत्या** | - | वि. आइतवार हुन्या वा जर्‍म्याको; । उदा. तिलविऱ्याखि आइत्या बुढो भन्ना छन्। |
| **आइनुसाइनु** | - | ना. नातागोता; इष्टमित्र; । उदा. भूरिसङ्ङ मेरो आइनुसाइनो लाग्दो छ। |
| **आइलाग्नु** | - | अ.क्रि. झकडा अन्नु; निउँ खाज्नु; जाइलाग्नु । उदा. राम हरिसित उसै आइ लाग्नु निको मान्नोछ। |
| **आँउ१** | - | ना. मासी; कफका जसा नान्नाना छिटाको चिल्लो दिसा; । उदा. पिर्‍रो खानाले सुमनखि आँउ पड्याको छ। |
| **आँउ२** | - | स.क्रि. आँउन्या कुडा; । उदा. तमे भोल छटि घर आँउ मु वाइर झान्या हु। |
| **आउँतजाउँत** | - | ना. आउन्या झान्या काम; आवतझावतअन्नु । उदा. इष्टमित्रका घर सधाइ आउँतजाउँत अन्नु निको हुनैन। |
| **आउँदो** | - | ना. आउँन्याकाम; । उदा. श्यामखि अङ्ग्रजी निको आउँदो रै छ भनी मास्टर भन्ना छन्। |
| **आँत्तिनु** | - | अ.क्रि. काम पूरा हुन्या नहुन्या क्याहोला कसोहोला भनि उकुसमुकुस हुनु; हतार्रिनु; अतास्सिनु । उदा. काम अन्न्याबेला आँत्तिनु हुनैन। |
| **आँन्नैन** | - | ना. ल्याउँदैन भन्नु; आन्दैन; न आन्नु । उदा. मुसुक्या धानको बोजो गडाहै आन्नैन। विप. आन्नो। |
| **आउँनैन** | - | ना. आउनु क्रियाको आज्ञार्थबोधक; नआउन्याकाम; । उदा. आज तु छटि घर आउँनैन। विप. आउँनो। |
| **आउँनाइझानाइ** | - | ना. आउन्या- झान्याकाम; । उदा. मेरा घरतिर सदाइ आउनाइझानाइ अन्नु होला। |
| **आउँरुबाउँरु** | - | वि.काम अन्नाखि आउँन्या; काम अन्नाखि मजुरि दिपन खोज्नु पड्न्या माइस; । उदा. तोल्यानिको बाजो खन्नाखि आउँरुबाउँरु खोजिआन्नु पड्यो। |
| **आँन्याको** | - | स.क्रि. ल्यायको; । उदा. रघुले भैसो किनिपन्ट वेली घर आन्याको छ। |
| **आँम** | - | ना. आँप; आम; । उदा. आँम भाडिका आँम गुल्या हुनाछन् भनी चोरले नपाक्याकाइ चोरी सक्याका छन्। |

**आकास्याखेति** - ना. आकासबाट पड्याको पानीका भरमि अरिन्या खेती; । उदा. बग्डको कुलो ओध्र्याको हुनाले रोप्न नसकिन्या रे सर्गका पानीको भर पड्नु हुनाले तैखि आकास्याखेति भन्ना छन् ।

**अगास** - ना.आकाश; आसमान; अग्गास; अगासतिरकोभाग; सरग; । उदा. हट्न्या बेला अगासतिर हेन्नु हुनैन ।

**आङ्लाग्नु** - अ.क्रि. पोसिनु; पुष्ट हुनु; खायाको कुडाले जीउँ लाग्नु । उदा. खायाको सबै आङ्लाग्नु पड्डो छ ।

**आछिन** - क्रि. छैन; आच्छि; । उदा. पिरुका घर आजभोल कोइ माइसपन आछिन ।

**आटाँरोटो** - ना. जौको धूलाको रोटो; । उदा. गोठालाले लेक आटाँको रोटो दुदसित खायो ।

**आटि** - ना. अस्थाइ रूपमा बस्नाखि बनायाको घर; व्या बर्तबन्न अन्या बेला दश बाह्रखामा गैटि मथिमि पाल हालि खाना बनाउँन तयार अऱ्याको छाप्रो; । उदा. घर वनाउन्या वेला आटिम्मो वस्नु पड्यो ।

**आडो** - ना. गजबार; कोद्या चुट्नाखि बनायाको; । उदा. गोठ निको आडो आउँनु नत्र बाग्पसी बाखा खाला ।

**आड** - ना. सहारा; आधार; अडेस लगाउन्या वस्तु; भरोसा; । उदा. भाजाले दाजुका आडले पौमल्या कुट्यो ।

**आडमान्नु** - स.क्रि. मेखमान्नु; छेडहान्नु; । उदा. रामु नपढ्याको हुनाले सबै उइको आडमाद्दा छन् ।

**आड्या** - वि. मूर्ख; बुद्धि नभयाको; । उदा. देबुखि सबै आड्या भन्ना छन् ।

**आतङ्ककारि** - वि. आतङ्क मच्चाउन्या; त्रासको वातावरण श्रृजना अन्या; । उदा. कृष्णका भाइ आतङ्ककारि जसा छन् ।

**आत्तिनु** - अ.क्रि. हडबडाउनु; हतपत; । उदा. जाँचका बेला आत्तिने परीक्षा निको हुनैन ।

**आत्मीय** - वि. आप्ना पक्षको; आप्ना आत्मासङ्ङमिल्न्या; । उदा. हरिश सबुइको आत्मिय साथी हो ।

**आत्मगौरव्** - ना. आफूमा रयाको विशेषता; । उदा. निको काम अऱ्याको हुनाले रघुनाथ आत्मगौरव्को अनुभूति अद्दो छ ।

**आत्मविश्वास** - ना. आफुले कुनै काम पनि अन्न सक्छु भन्न्या कुडाको अठोट; आत्मविश्वास; । उदा. विश्वखि काम अन्न सक्न्या ठूलो आत्मविश्वास छ ।

**आदरणीय** - वि. आदर अन्नया लाएक; सम्मान अन्न्या योग्य; । उदा. नेपाली गुरु आदरणीय हुनुहुन्छ ।

**आदो** - ना. अदुवा; आद्दो; । एक प्रकारको औषधीका रूपमि काम आउँन्या वनस्पति ओख्तो; । उदा. जाडिका बेला चाहाँ आदो हालि पकायो भन्या रुगा निको हुनोछ ।

**आना** - ना. चार पैसाको समुदाय; सोह्र भागको एक भाग; । उदा. पचाँस पैसाखि आठ आना भन्ना छन् ।

**आन्नु१** - स.क्रि. ल्याउनु; । उदा. चैतका मैना बर्खाखि लागि लेकहै दाउँरा आन्नु छ ।

**आन्नु२** - ना. आन्दो; आन्नो; । आँखामि हुन्या एक प्रकारको नानु पिट्को; । उदा. हिन्दुका आँखामि आन्नु भयाको छ ।

**आफु** - सर्व. स्वयं; आफुइ; । उदा. आज आफु त घरझान्या हुइन तम ज्या अद्दा छौ ।

**आफन्त** - ना. आप्नु माइस; आत्मीय माइस; निको सल्लाह दिन्या; । उदा. कुर्म आप्ना आफन्तखि सहयोग अद्दो छ ।

**आफर** - ना. आरन; ल्वारले फलाम तताइ आँसी, बाउँसा, कुटो, चक्कु, खुकुरी आदि बनाउँन्या ठाँउ । उदा. प्यारुको आफर अरुका भन्ना ठूल्को छ ।

**आफुखुसि** - क्रि.वि. आप्नो इच्छा अनुसार; आफुखुसी; । उदा. हरि आफुखुसि काम नअरि सबैखि सोधिपन मात्र अद्दो छ ।

**अब्बै** - क्रि.यो. केही समय भित्रै; केइ समय पछि; केहि समय पश्चात्; । उदा.सुशीला चेली अब्बै इस्कूल है घर आउँन्या हो । विप. अइल ।

**आयै** - ना. आउनु क्रिया; अवश्य आउन्या कुडा; । उदा. तीर्थ तु आज घरै आयै काम अन्नु बाँकि छ ।

**आरि** - ना. काठ चिन्न्या नान्को करौंति; हाते आरि; रुख काट्न्या औजार । उदा. डाँडा चिन्नाखि आरि लिपन्ट वन आउँनु पड्यो ।

**आरु** - ना. एक प्रकारको चुकिलो-गुल्ल्यो स्वाद हुन्या फल; । उदा. पाहाडका आरु निका हुनाछन् ।

**आलम** - ना. देवी-देवताखि चडाउन्या वस्त्र; नेजा; ध्वजा पताका; । उदा. शैलेश्वरीका जातमि आलम चडाउनाले मनोकामना पुरा हुन्छ ।

**आलि** - ना. सिमाना; साँध; डिल; मेड; इच्लो; । उदा. असाडका मैनामि आलि बल्ल्यो अरि हाल्नु पड्डो छ ।

**आलोपालो** - क्रि.वि. पालैपालो; क्रमैसङ्ङ; एक पछि अख्खो; । उदा. घर खाना पकाउन्याकाम जोइ-पोइले आलोपालो अरि अन्नु पड्डो छ ।

**आलिकुलो** - ना. रिठाका गेडा भित्रको कालो नानु गेडो; । उदा. नान्नाना मुला मूली आलिकुलाले घुच्ची खेल्ला छन् ।

**आलटाल्** - ना. टालटुल; अलमल; । उदा. खगि इस्कूल आलटाल् अरिपन काम अद्दो छ ।

**आउन्ना** - क्रि. आउनु हुनेछ; । उदा. पाउना घर आउन्ना खाना ख्वाइ हेल्या भन्नु घरमुलिको कर्तव्य हो ।

**आहा** - वि. धेरैनिको; मन पड्याको; धेरै सुन्दर; असाध्धै निको; आनन्द; राम्डो; । उदा.आहा उपेन्द्राका घर कति निको छ ।

**आहारा** - ना. आहार; खान्या कुडा; । उदा. आप्नु आहारा खाइपन छाड्नु पड्डो छ ।

**आकासवेली** - ना. रुखमिउम्री मसिनालराभै वड्न्या परजीवी बोटा; गाई भैसा विराम भयो भन्या लेपाइनो हालि खुआउँन्या एक प्रकारको वनस्पति । उदा.प्रमाका बल्लखि आकासवेली खुआउनाले विराम निको भयो ।

**आक्क** - ना. फोहोर; गु; । नान्का मुलामुलीखि फोहर छ भनि जनाउँन्या शब्द । उदा. चुनुमुनले पाडमि आक्क अर्याको छ ।

**आग** - ना. मकैको बोटाको सुक्याका पात वा टुपा; आगो लाग्नु; आगो डढेलो; । उदा. वन आग लाग्यो भन्या सबैले मिली निभाउनु पड्डो छ ।

**आग्लो** - ना. द्वार ढोका बन्द अरिसक्यापछि ढोका उगाण्न नसक्क्यौभनी भित्रबाट चुकुल ,लौणो , भाटो, हुलो हाल्न्या । उदा. वासा घरका द्वारम्यो आग्लो हालि राख्नु पड्डो छ ।

**आछमन** - ना. बामनले सन्न्या अन्न्या वेला रे रस्स्या भन्न्या वेला चाख्न्याँ पानी । उदा. वामन आछमन न अरि रस्या भ्फानाइन ।

**आणिमन्नु** - अ.क्रि. गल्यानहुनु; शक्ति कमहुनु; । उदा. बुडो भया पछि आणिमन्नु स्वाभाविकै कुणा हो ।

**आणी** - ना. शक्ति; तागत; । उदा. उमेर गया पछि आणी मद्‌दिछ ।

**आणो** - ना. - लगभग एकफिट धेकी चार मिटर सम्म लामो गोलो मोटो डण्डा; आणा; डिङ्नु; घट्ट उठाउन्या एक हात लामु डण्डा लौणो; चैतोलीको काँकर उठाउन्या नौ हात लामु काठ रे काँकर घोच्न्या डण्डा वा खामु घोचो गोठको द्वार लायापछि द्वारौणाका डोरौणोबानी वरपर बान्नाउँणो अड्काउन्या डण्डा, जौँ गौँ कोद्‌या हानेर जुट्‌न वा गेणागुणी भ्फणाउन बनायाको डण्डा , लौरा,(ने .आडा आड ) । उदा. कोद्‌या चुट्‌ना खि वल्लो आणो चाइनो छ ।

**आदानबोक्नु** - ना. अर्काका लोग्न्याको गर्भ बाक्नु । उदा. चिन्टुले भुन्टुको आदानबोक्नु पड्‌याको छ ।

**आफु** - ना. अफिमको बोटो । उदा. आफुको खुती गैर-कानुनी हो ।

**आब्बु** - ना. मैहुँ भन्न्या हुकार । उदा. नान्का मुला मुली आब्बु अरि खेल्ला छन् ।

**आरजनु** - ना. ल्याउनु, जम्माअरी राख्नु । उदा. समयैमि धन आरजनु पड्‌डो छ ।

**आलचाल** - ना. गणको वरपर छेउ वा कुनाकाप्चा, ओणकुन्टा । उदा. गणाका आलचाल निकोरिपन्ट खन्नु पड्‌डो छ ।

**आलचालअन्नु** - स.क्रि. बल्लले जोत्न नसक्याका छेउछाउ खन्न्याँ काम , ओणकुन्टा अन्नु । उदा. रोप्नवेला वाउस्याले निकोरि आलचाल अन्नु पड्‌डो छ ।

**आलिपाली** - ना. बाबुबाजेको समयधेकी जजमानी वा पुरेत्याइँ अन्न्या बामन वा धामिले जजमानी अद्‌दाई आयाको निश्चत ठाउँ, क्षेत्र, गाउँ त्यो ठाउमी त्यसै बामनले मात्र जजमानी अन्न पाउ भनि हिस्सा लायाको हुन्छ, आफ्नु देबता मान्न्यावाला त्यस क्षेत्रका माइस देबताको धामीपुजारीलाइ वर्षका एक रौका नमाकी दिन्या चलन छ, गाउँ गर्खा । उदा. चन्द्राका भाइले आलिपाली भाग हाल्याका छन् ।

| | | |
|---|---|---|
| **आलिपोखा** | - | ना. आलुपोखा; चुकिलो पाक्यापछि गुल्ल्यो हुन्या नाना जातको कुलम । उदा. पहाडका आलिपोखा निका हुना छन् । |
| **आली** | - | ना. गणाका माजौँणो पानी झालाभनि बायाको हलाको एक स्यो, चिउट बान्याबेला बल्लले नबाइ खन्न्याराखी खन्न छुट्यायाको भाग; आला; अलिपाली । उदा. चिरपु आली हाली राख्नु पड्डो छ । |
| **आसागर्जा** | - | ना. मन्दिरमी चढायाका चानीका लट्ठी । उदा. शैलेश्वरीका माडु आसागर्जा चढायाका छन् । |
| **इ** | - | ना. देवनागरी वर्णमालाको तेस्रो स्वर-वर्ण । यइको उच्चारण तालुबाट हुनोछ र यो ह्रस्व स्वरवर्ण हो । विप. दीर्घ । |
| **इक्खिनु** | - | स.क्रि. इखमान्नु; आप्ना काममि झन मनलाइपन लाग्नु । उदा. काम अन्न्या वेली इक्खिनु निको हो । |
| **इखू** | - | ना. उखु; इखु; । उदा. इखूबाट गुड बन्नो छ । |
| **इखाडि** | - | ना. उखुवारी; लिखाडि; इखाडी; । उदा. नागुको भैसो इखाडि पस्याको छ । |
| **इच्लो** | - | ना. इल्चा; मेड; इछ्लो; । उदा. असाडका मैना इच्लो निकोरि हाल्नु पड्डो छ । विप. भिठो । |
| **इजा** | - | ना. आमा; इजू; ज्या; माता; महतारि; जननी; इझा; । उदा. मेरी इजाको उमेर ९२ वस्स भयो । विप.बुआ । |
| **इजरीया** | - | वि. इजरखन्न्या माइस; इजरबनाइ बस्न्या माइस; । उदा. पौमल्या इजरीया माइस भन्ना छन् । विप. सेरावाला । |
| **इणिमेल** | - | ना. एक किसिमको मेलजसो फल । उदा. इणिमेल खानु हुनैन । |
| **इण्ड** | - | ना. अँडिर।अँडीर).पाक्यापछि सेतो थालहुन्या रे थालवाट तेल निस्कन्या एक बोटा जैकोतेल बायोलाग्याको ठन्नभयाको, दुख्याकाठाउमी लाउनाछन् । उदा. इण्डको तेल खाइन्या ठौर हास्नाखि निको हुनोछ । |
| **इद** | - | ना. मुसल्मान जातिको मुख्य पर्व । उदा. इदमि सार्वजनिक छुट्टी हुनोछ । |
| **इन्को** | - | ना. इनको; । उदा. यो घर इन्को हो । |
| **इनखी** | - | ना. इनलाई; । उदा. इनखि सबै काम आउँनो छ । |
| **इनाम** | - | ना. पुरुष्कार; पुरस्कार; । उदा. प्रदिपले खेल जीतीपन इनाम पायो । |

**इनी** - सर्व. यिनी; । उदा. इनी सबुइका लागि शैलेश्वरीका पुजारी हुन् ।

**इन्र्याणी** - ना. इन्द्रयाणी; इन्द्रेणी; । उदा. कइले काइ इन्र्याणी लाग्दोछ ।

**इबि** - ना. इवी; बिज्जी; पाज; बिल्जि; । उदा. उसै कसुइ सित इबि अन्नु हुनैन ।

**इरो** - ना. एक किसिमको लराहुन्या बोटो यइको रस पानीनो हाल्योभन्या माछालाई नसालागि समाउन सकिन्छ । उदा. पिखेती नदीमि इरो हालीपन्ट माछा माद्दा छन् ।

**इर्ज्याइनी** - ना. इन्द्रेणी, लराइना बाटुला गेणा फली पाक्यापछि रातो हुन्या एक किसिमको ओख्तो बनाइन्या फल । उदा. इर्ज्याइनीको ओख्तो वन्नोछ ।

**इलम** - ना. आदत; बानी; चाहना; । उदा. सिग्रेट खान्या इलम निको होइन ।

**इतिहास** - ना. वर्तमान समयभन्ना पहिले भयाका घटनाको यर्थाथ वर्णन; पुरावृत; पुखयौली; पुराना घटनाको वर्णन; । उदा. इतिहास विस्सनु हुनैन ।

**इमान्दारि** - ना. इमानदारी; सत्यनिष्ठा; सच्चाइ; असल नियत भयाको; । उदा. सबुइले इमान्दारि भई काम अन्नु पड्डो छ ।

**इसोरगोला** - ना. तील जस्तो फुस्रो; नानु दाना फल्न्या; पेट सफा पाड्न खान्या एक विशेष प्रकार वनस्पतिको औषधी । उदा. इसोरगोलाको ओख्लो हुनोछ ।

**इमेल** - ना. विद्युतिय सञ्चार सेवाको एक अत्याधुनिक माध्यम; कुनै कम्प्युटरद्वा पठाएको सन्देश सुविधा भएको जुनसुकैकम्प्युटरबाट लिन र दिन सकिने; । उदा. आज भोलका माइस इमेल अन्न जान्ना छन् ।

**इन्टर्नेट** - ना. भू-उपग्रहीय विद्युतीय सञ्चार प्रणाली वा सञ्चारको जालो; सूचना रे सञ्चारको अत्याधुनिक माध्यम; मनोरञ्जन, व्यापारका साथै चिकित्सा र आपत्कालीन उद्धारका क्षेत्रमा इन्टरनेट वरदाननै सिद्ध भएको छ । । उदा. आज भोल इन्टरनेट हेन्र्याको संख्या बड्डो छ ।

**इसाइ** - ना. क्रिस्चियन; । नेपालमा भयाको एक जाति विशेष; । उदा. नेपालमि इसाइपन वस्ता छन् ।

**ई** - ना. देवनागरी वर्णमालाको चौथो स्वर-वर्ण । यइको उच्चारण तालुबाट हुनोछ र यो दीर्घ स्वरवर्ण हो । विप. ह्रस्व ।

**ईख** - ना. इगो; चाहना; रिस; जोस; । उदा. प्रगति अन्न्याले ईख मान्नु निको हुन्छ ।

**उ१** - ना. देवनागरी वर्णमालाको पाँचौ स्वर-वर्ण । यइको उच्चारण ओठबाट हुनोछ र यो ह्रस्व स्वरवर्ण हो । विप. दीर्घ ।

**उ२** - ना. टाडाको व्याक्ति वा वस्तुखी निर्देश अन्न्या वा धेकाउन्या शब्द । उदा.विश्वको घर उ परलाई छ ।

**उँदो** - क्रि.यो. तल; उनो; उदो; ओरालो; तलतिर; । उदा. हट्न्या बेला उँदो हेरि हिट्नु पड्डो छ । विप.उँबो ।

**उइजु** - वि.बो. उइजा; दुःख पीडा आदि भयाका बेला मुखबाट निक्लन्या शब्द; । उदा. उइजु यसो दुःख क्या भयो । विप. बुआ ।

**उइखि** - क्रि.यो. उइका लागि; उइका निम्ति; । उदा. भोल उइखि घर आएै भन्याको छ ।

**उइका** - क्रि.यो. उसका; । उदा. आज उइका घर झकडा भयाकि छ ।

**उइको** - वि. उस्को; उसको; उसङ्ङ सम्बन्धित; । उदा. यो निको रुमाल उइको हो ।

**उइचाड** - क्रि.वि. त्यसोभए; तसोभया; । उदा. तमे याँ गडामि काम अद्दाइन उइचाड घर झाउँ रे भात पकाउ ।

**उइतल** - क्रि.वि. उतिवेला; उइत; उबेला; । उदा. सबै काम अन्न लाग्याका छ्या तमे उइतल बसिर्‍या अब भन्या एक्लाइ काम अर । विप. अइल ।

**उइदिनी** - क्रि.वि. उइधेनी; उइधिनी; उइदिन; अग्धेनी; । उदा. तम्ले उइदिनी राम सित कल कैअर्‍याछ्या । विप.आज

**उइननु** - क्रि.वि. फूल एकैमा गाँस्नु; माला गाँस्न्याँ वा साट्न्याकाम; सुयाइनो धागो झुण्याउनु; सुयाले फूल छिन्टिबन्ट धागाइना छिराउनु । उदा. माडु चडाउनाखि फुलको माला उइननु पड्यो ।

**उइल** - क्रि.यो. उहिल्यै; उइलै; । उदा. भुन्ट्याका बुआ उइलका कुडा जान्ना छन् । विप. अइल ।

**उइवेला** - क्रि.वि. उन्ज्या; उसैसमय; उइतक; उइसात; । उदा. किसु उइवेला इस्कूल गयाको छ्यो । विप. यैवेला ।

**उइजुइनि** - क्रि.वि. अख्खा जन्म; पर्जुनि; । उदा. रघुनाथ उइजुइनि भगवानका रुप रैछन् ।

**उकाल्नु** - अ.क्रि. उकाल्याँ काम; उक्लाउनु; । उदा. भैसाका हडमथिमि बल्ल नभइ राडाखि उकाल्नु हो । विप.ओराल्नु ।

**उकल्नु** - अ.क्रि. उकल्नु; चढ्नु; उकेर्नु; उकेन्नु; उकेन्न्याँकाम; । उदा. घाम ताप्नाखि छतमि छटि उकन्नु पड्डो छ । विप.ओल्लनु ।

**उकालो** - ना. निच्चाबाट अग्लामि भ्कान्या बाटो; ठाडो बाटो; । उदा. मोटा माइसखि उकालो हट्न असजि हुनो छ । विप. ओरालो ।

**उकेरा** - ना. गोडमेल अरि बोटाका वल्तिर पल्तिरम्मो माटो लाउन्याकाम; । उदा. भानु मकै गोडि निकोरि उकेरा लाउनो छ ।

**उकन्नु** - स.क्रि. उकाल्या काम; कपडा वा मट्टा,पलङ्डामि बिस्कुन हाल्याको; । उदा. बस्स लाग्यो भन्या बिस्कुन उकन्नु पड्डो छ ।

**उख्राणो** - ना. भ्वाँ खेत; पानी नभयाको; वरपर रुखसुख नभयाको; । उदा. खडिक मुनिको सेराको गडो उखराडो छ ।

**उख्याउती** - ना. बदनाम अन्नु; खिसिगाड्नु; निका कुणालाईपनि हल्क मान्नु; । उदा. उसै कसुइको उख्याउती अन्नु हुनैन ।

**उगाउनु** - स.क्रि. भाँडाकुडीले रासैनाहै गेणागुणी वा पानी समाउन्याकाम; मसिना गेणगुणी; धुलो वा पानीजसो गनेरसमाउन नसकिन्या चिजबस्तुलाई भाँडाकुडाले समाउन्याँ काम; उबाउनु । उदा. कोरकाइनाका धान माजै नाहै उगाउनु हुनैन ।

**उगाण्नु** - अ.क्रि. द्वार खोल्न्या काम; बन्द ढाकन खोल्न्या काम; । उदा. छकाल स्वच्छ हावाका लागि भ्यालको द्वार उगाण्नु पड्डो छ । विप.बन्न अन्नु ।

**उगाल** - ना. काम नजान्नु; आपत; नोक्सानी; उगाल्नु; । उदा. दश बस्सको मानु फुल्टिन पन समाउन नजान्या रै छ तैकित उगाल भैछ ।

**उगास्नु** - ना. उकास्नु; पानीलाग्दा दविएको माटो खुकुलो बनाउन्या काम । उदा. मकै छड्या पछि माटो थोक्काइ उगास्नु पड्डो छ ।

**उगाडो** - वि. उगाड्याको; खोलिएको; खुल्ला; उघारिएको; । उदा. वेलीबाट घरको द्वार उगाडो छ । विप. ढाक्याको

**उग्णनु** - स.क्रि. आकास सफाहुनु; द्वार खोल्लिनु; चम्कनु; आवाज आउनु । उदा. बेली बस्स लाग्याको हुनाले आज सरक उग्णनु पड्न्या हो । विप.बन्न हुनु ।

**उग्लिनु** - अ.क्रि. उग्लनु; रङ्ङ झानु; । उदा. निको कपडा उग्लिनु होइन भन्न्या मान्यता सबुइको हो ।

**उचाइ१** - ना. अग्लोपन; उँचाइ; । उदा. सगरमाथाको उचाइ भिक्कै छ । विप.निच्चो ।

**उचाइ२** - ना. उठाइ दिन्या काम; भारि उठाइ दिनु; । उदा. तमे वासुको धानको बोजो उचाइ देउता भन्याको हो सुन्या न सुन्याको क्या अद्दा छौ ।

**उचेणा** - ना. उचेरो; छाला निक्लन्याकाम; चोक्टाझर्नु; । उदा. जाडिका बेला मेरा आङ्लाका टुपामि उचेडा गयाका छन् ।

**उचेण्नु** - अ.क्रि. उखेल्नु; उचेर्नु; । उदा. अख्खा ठाँउ सान्नाका लागि बोटा निकारि उचेण्नु पड्डो छ ।

**उच्छिनु** - अ.क्रि. बीउँ,बेर्ना हराउनु वा नपाइन्याँ हुनु; खतमहुनु; गडामि उम्र्याको भुड दबाइ हाल्या पछिहराउनु; उच्छ्याउनु; बीउ नराख्नु; । उदा. नराम्डो वस्तु उच्छिनु निको हो ।

**उछाङ्ग** - ना. धामिकोभाषामा खुसी हुनु; सफा हुनु; आच्क्षेप मुक्त हुनु; । उदा.शैलेश्वरी देवताका पुजारी उछाङ्ग छन् ।

**उछिट्टि** - ना. उफड्नु; उफ्रनु; फट्टुक हाल्नु; वस्याको ठाँउ छाड्नु; । उदा. उछिट्टि-उछिट्टि हट्नु हुनैन ।

**उजण्या** - ना. खराप आदतको माइस; बिग्ण्याको माइस; काम नलाग्न्या माइस; । उदा. जाँड रे रक्सी खानाले चनी उजण्याको छ ।

**उजल्लुँ** - स.क्रि. उच्छनु; उछ्लनु; । उदा. खाली पड्याका बेला भैसाका हडमि पानी उजल्लुँ पड्डो छ ।

**उजालो** - ना. प्रकास; उज्यालो; । उदा. आज-भोल छकाल उजालो भयाको हुन्छ ।

**उजालिपट्ट** - क्रि.वि. उजालोपन; उजालिपट्ट; । उदा. आज घर बिजुलि बाल्याको हुनाले उजालिपट्ट भयाको छ ।

**उजिन्डो** - ना. उजिन्नो; ठेको,पारो,बिन्डालाई अगासैनो झुँण्याउन भाँडाकामेरौणो बाँन्याको डोर वा केईबस्तु टाँङ्न वा झुँणाउन बस्तु सितै बान्याको डोरो; झुन्डो । उदा. लेकहै आन्याको तुरिउँडो उजिन्डो लायाको छ ।

**उजुरबाजुर** - ना. नालिस; शिकायत; फिराद; । उदा. जान्नो छु भनि उसै कसुइखिलागि उजुरबाजुर अन्नु हुनैन ।

**उट्ठाबास** - ना. उठी+आबास; उठीबासहुनु; ठाउँछाणी भाग्नु; विस्थापित अन्न्याकाम; हटाउन्याकाम; समाप्त अन्न्याकाम; । उदा. विश्याको थलाराहै उट्ठाबास भयो ।

**उट्ठु** - अ.क्रि .उठ्न्याँकाम; ब्यूझनु; ठाणोहुनु; उठ्नु; उब्भिनु; ठन्कनु; । उदा. विद्यार्थीले छकाल छटिन घाम न झुल्क्याइ उट्ठु पड्डो छ । विप.पड्डु ।

**उटपट्याङ्** - वि. उपाटुपाको; उपद्रवी; हाँसो अन्न्या; ठट्टा अन्न्या; । उदा. गणेश उट्पट्याङ् काम अद्दो छ ।

**उठाउनु** - स.क्रि.बिउँझाउनु; निनहै उठाउनु; बस्याका ठाँउबाट उठाउनु; । उदा. विद्यार्थीखि छकाल छटि उठाउनु पड्डो छ ।

**उठाल्नु** - ना. उठाउन्याकाम; बढाइचढाई अन्नु; उम्म्ेद्वार बनाउन; ़ । उदा. हरिखि सबुइले आप्ना क्षेत्रको विकास अन्नाखि नेतामि उठाल्नु पड्यो ।

**उठान्बैठान** - ना. उठाउन्या-बसाउन्याकाम; उछाल्यारे पछार्न्या काम; । उदा. फटाहा माइस गाँउका सोजा माइसखि उठान्बैठान अरि राख्ता छन् ।

**उडुस** - ना. खट्मल; एक किसिमको विषालु किडो; । उदा. फोहर रे सफा नहुन्या ठौर उडुस पड्डा छन् ।

**उताउलो** - वि. निर्लज्ज; वढी नक्कल अन्न्या; हत्पतान्या; । उदा. चुनु रे मुनुउताउलो काम अन्न्या मुला हुन् ।

**उणाउनु** - स.क्रि. हावाका भरले ओणोपुणो हुन्या काम; । उदा. पदम चङ्ङाउणाउनु निको मान्नो छ।

**उणालु** - वि. उडाउन्या; गलतकाम अन्न्याँबालो; लापर्वाही; खर्चालु; । उदा. विकास भयाको सामन नराख्न्या उणालु स्वभावको माइस छ।

**उत्थ** - ना. धेरै टाढा भन्नलाई; । उदा. रूपया आजै सक्किग्या उत्थ सम्म कसोरि बाच्नु हो।

**उत्थम्मो** - क्रि.यो.अगाणी धेक्याको निश्चित ठाउँलाई हो भनि जनाउन्या शब्द, वाम्मो; उसैठाउँनेर । उदा. पुन्या अगि उत्थम्मो आप्ना घर गयो।

**उत्रनु** - अ.क्रि. हलुको बस्तु पानीभित्र नडुविपन्ट मथिउँणो बग्नु; नबगी किनारतिर लाग्नुँ; घाटालाग्नु; तन्नु; । उदा. सुक्याको डुडो पानी मथिम्डो उत्रन्छ। विप.डुब्नु।

**उत्राईनी** - ना. माघिको पछिल्लो दिन ,केइकाम अऱ्योभन्या उत्रन्छभनि बसिरान्या दिन; यै दिन खराव बस्तु उत्रौभनि त्यइकाम अद्दा छन्। उदा. उत्राइनीका दिन किताव पड्डाइन।

**उतानो** - वि. मुख अगास अरीबन्ट पड्नु। उदा. विन्टुको वानी सधाइ उतानो अरि सिन्या छ। विप.घोप्टो।

**उत्तर** - ना. जवाफ; दक्षिण दिशाको विपरीत; । उदा. रामका प्रश्नको उत्तर ठीक छ।

**उतीस** - ना. उत्तिस; एक विशेष जातको रुख; बनओख्तो; । उदा. पाहाडम्मा उतीसका ठूल्का-ठूल्का निका रुख हुना छन्।

**उदाण्नु** - स.क्रि.उदाणन्या काम; मकै पोण्याउनु; सिलायाको पकडा उदाण्नु; । उदा.एक्घडि सिलायाका लुगा उदाण्नु रे सिलाउनु हुनैन छटि फाट्टिना छन्। विप. सिलाउनु।

**उत्सव** - ना. चाड-पर्व; समारोह; माङ्गलिक काम; । उदा. सबैले उत्सवका बेला नौला लुगालायाका छन्।

**उदाउनु** - अ.क्रि. उदय हुनु; झुल्कनु; माथि उठ्नु; । उदा. छकाल सूर्य उदाउनु भन्ना अगाडि गाइ पसि सक्ता छन्।

**उदारो** - वि. उधारो; पछि दिन्या अरि आन्याको सामान; । उदा. पाया भनि दोकानको उदारो खानु हुनैन।

**उदिविदि** - वि. उधम; उपद्रव; सैतानीकाम । उदा. सुवास चोन्नाखि लागि उदिविदि अद्दो छ।

**उदेक** - ना. दिग्दार; उधेख; दिक्क । उदा. दिन भरि एक्लै बस्नाले मुखि उदेक लाग्याको छ ।

**उन्न्यूँ** - ना. फलफुल न लाग्न्या मुसिना छिरबिरे पात हुन्या एक प्रकारको घाँस । उदा. तुरि धुनाखि उन्न्यूँ खोज्जा छन् ।

**उनिनो** - वि. उनिनु; अनिदो; ननिदायाको; । उदा. दशैंका वेला जाँत भ्रानाले मुखि उनिनो भयाको छ ।

**उन्टाकुन्टा** - ना. कुनाकाप्चा; अनकन्टार; घरका भित्र सीधाहेद्रदा नधेकिन्या ठौर; । उदा. मुलामुलीले बट्क्या,थला,चम्चा उन्टाकुन्टा फाल्याका छन् ।

**उपति** - ना. कमाइ; आर्जन; उन्नति; । उदा. काठमाडौं गैपन सुशीलारे विशालले पढाइमि निकै उपति अऱ्याको छ ।

**उपर्खुट्टि** - ना. एक खुट्टो तल भुँइमि टेकिपन अख्खो खुट्टो घुडामथिमि अडचाइ राख्न्या काम; बडप्पन धेकाउन्या काम; । उदा. नान्का-तिन्का मुलाले उपर्खुट्टिलाई बस्नु हुनैन ।

**उपरी** - वि. अर्कसी; । उदा. लछि देशहै उपरी घर आउन्या हो ।

**उपाए** - ना. गाह्रो; अप्ठेरोकाम सजिलो अरि अन्न सकिन्या जुक्ति; युक्ति; तरिका; अक्कल; उपाय; । उदा. पार्वतीखि काम अन्न्या उपाए निकोरिपन थाहा छ ।

**उपेच्छ्या** - ना. अनादर; बेवास्ता; हेलाँ; । उदा. नराम्डा बद्मास माइसखि समाज उपेच्छ्या अद्दो छ ।

**उपाद्द्या** - ना. उपाध्या; उपाध्याय; ब्राह्मण जातिको एक थर; । उदा. देवस्थलीमि उपाद्द्याहरू भिक्क बस्ता छन् ।

**उप्कनु** - स.क्रि. मिलायाको बस्तु निस्कनु , फुत्कनु ,चोक्टानिस्कनु , माथिकोभाग वा सुक्याकामाटाको जालो अलग हुनु । उदा. लिप्याको घर छटि उप्कनु हुनैन ।

**उप्रनु** - स.क्रि.उफ्रनु; वच्नु; बाँकीरहनु;। खानाखाना वा सामान बाँडफाँडअद्दा बच्नु । उदा. सदइ भात भिक्कै उप्रनु हुनैन ।

**उफार्नु** - स.क्रि. वेणीपन्ट राखेको कपडा ,कागत,मोट्टो वा कुनै बस्तु फुकाउनु खोल्नु । उदा. पलङ्डो उफार्नु रे गउ खलामि सुकाउनु हो ।

**उपासक्** - वि. उपासना अन्न्या; आराधाना अन्न्या; स्तुति अन्न्या; कुनै कुडाको चिन्ता कम अन्नाखि अन्न्या काम; । उदा. हरिश शैलेश्वरीको उपासक् हो ।

**उमा** - ना. जेठका मैना दुद्याउँला गौँ(गहु) का बाला आगाउणापोली बालाबाट निक्ल्याका खाजा; । उदा. गउँका उमा निका हुना छन् ।

**उमालो** - ना. उम्लिबन्ट पोखिन्या बस्तु; । उदा. आज लौण्यामिको दुद छटि उमालो गयो ।

**उम्याउनु** - अ.क्रि. दुःख दिन्या काम; खिच लाउन्या काम; । उदा. कसुइकि पन उम्याउनु हुनैन ।

उमेर - ना. जन्म धेकि अइल सम्मको समय; । उदा. विशालको ब्रत अन्न्या उमेर भैगयो ।

**उराठ** - ना. दिकदार; मायालाग्दो; खिन्न; । उदा. चैतका मइना उराठ लाग्दो छ ।

**उल्टनु** - ना. पल्टाउनु; खनेर निकाल्नु; तलमथि अन्नु; फर्काउनु; । उदा. ताउलाइनाको भात उल्टनु पड्न्या हो ।

**उब्काउनु** - स.क्रि.कुनै अप्ठेरो स्थितिबाट बचाउनु; । उदा. गाडइना फस्याका माइसखि उब्काउनु छ ।

**उबिहुनी** - वि. तरुनी; भरखरैकि; उमेर भयाकी । उदा. यो छोट्टि उबिहुनी हो ।

**उल्टापाल्टा** - ना. हेरफेर; अदली-बदली; सट्टा-पट्टा; । उदा. एकरौका भाग हाल्या पछि तइलाई अझ उल्टापाल्टा अन्नु निको होइन ।

**उल्टि** - ना. बान्ता; ओखालो; वमन; । उदा. बसमि चड्यो भन्या दाजुखि उल्टि हुनि छ ।

**उव्कार** - ना. निःशुल्क अऱ्याको काम; उपकार; परोपकार; भलाइ; । उदा. अरुको उव्कार अन्नु निको काम हो ।

**उसाइ** - वि. खाली; रित्तो; काम न भयाको । उदा. तमे आज उसाइ क्या बस्याका छौं ।

**उम्क्या** - वि. छुट्कारा पायाको; मुक्त भयाको; फुर्सद भयाको । उदा. प्रया उइधिनि पुलिसका हातबाट बल्ल उम्क्यको हो ।

**उरन्ठ्याउलो** - वि. चकचके; कच्चा बुद्दिको; चन्चल; । उदा. पुरु सदाइ उरन्ठ्याउलो काम अद्दो छ ।

**उस्काउनु** - प्रे.क्रि. कुनै नराम्डो काम अन्न लगाउनु; उऱ्याउनु; । उदा. झकडा अन्न कसुइकि उस्काउनु हुनैन ।

**ऊ१** - ना. देवनागरी वर्णमालाको छैठौं स्वर-वर्ण । यइको उच्चारण ओठबाट हुनोछ यो दीर्ध स्वरवर्ण हो । विप.ह्रस्व ।

**ऊ२** - ना. टाडाबाट ठूल्किसाट बोली अख्खा माइसखि धेकाउन्या शब्द; । ए च्यान्टु ऊ परलाई भुन्टु बस्याको छ ।

**ऊँट्** - ना. मरुभूमिको गाडि; रेगिस्तानको चिलगाडि; एक विशेष किसिमको जनावर; । उदा. वलुवा हुन्या ठौर गाडि नचल्नया हुनाले उँटमि यात्रा अन्नु पड्डो छ ।

**ऊँचनीच** - ना. उचनीच; तल-मथि; नाक्को ठूल्को; तल्लो मल्लोको भेदभाव; । उदा. नेपालको संविधान २०६३ ले ऊँचनीच सम्बन्धी कानुनी व्यवस्था अऱ्याको छ ।

**ऊन** - ना. भेडा च्याङग्रा आदिका कमला रुमा; । उदा. साउका भेडाको ऊन बेच्चा छन् ।

**ऊनि** - वि. उनले बन्याको; ऊनी; । उदा. ऊनि कपडा जाडिका बेला लायो भन्या ताता हुना छन् ।

**ऋ** - ना. देवनागरी वर्णमालाको सातौं स्वर-वर्ण । यसको उच्चारण तालुबाट हुनोछ । उच्चारणका दृष्टिले बझाङ्गीमा 'रि' को समकक्षका रूपमि 'ऋ' को उच्चारण हुनोछ ।

**ऋखि** - ना. तपस्वी; ऋषि; मुनि; शान्तिको कामना अन्न्या; । उदा. हरिद्वारका आश्रममा भिक्कै ऋखि-मुनि हुना छन् ।

**ऋखिपञ्चमि** - ना. भदौ शुक्ल पञ्चमी; ऋषिपञ्चमी; । उदा. ऋखिपञ्चमिका दिन स्वाइनि माइस ब्रत बस्ति छन् ।

**ऋक्वेद** - ना. चार वेद मध्यको एक; वैदिक ग्रन्थको जेठो ग्रन्थ; । उदा. सबै कुडा जान्नाका लागि ऋक्वेदको ज्ञान हुनु पड्डो छ ।

**ऋणि** - वि. ऋण लिन्या माइस; आभारी; अनुग्रहीत; । उदा. जौमल ध्रुवको ऋणि छ । विप. साहू ।

**ऋतु** - ना. प्राकृतिक वातावरण अनुसार विभाजन हुन्या; । उदा. वसन्त ऋतु सबुइखि मन पड्डो छ ।

**ॠ** - ना. देवनागरी वर्णमालाको आठौं स्वर-वर्ण । यसको उच्चारण दन्तबाट हुन्छ । उच्चारणका दृष्टिले बझाङ्गीमा 'लृ' को समकक्षका रूपमि 'ॠ' को उच्चारण हुन्छ ।

**ऌ** - ना. देवनागरी वर्णमालाको नवौं स्वर-वर्ण । यसको उच्चारण दन्तबाट हुनोछ । हाल ऋ का सट्टा यइकै प्रयोग हुनोछ ।

**ॡ** - ना. देवनागरी वर्णमालाको दशौं स्वर-वर्ण । यसको उच्चारण दन्तबाट हुनोछ । उच्चारणका दृष्टिले बझाङ्गीमा 'ऌ' को दीर्घ रूप 'ॡ' उच्चारण हुन्छ । तर यसको प्रचलन भने छैन ।

**ए१** - ना. देवनागरी वर्णमालाको एघारौं स्वर-वर्ण । यइको उच्चारण कण्ठ-तालुबाट हुनोछ ।

**ए२** - वि.बो. सम्बोधन बुझाउन्या शब्द; शोक, हर्ष, खुसी आदि मनको भाव बुझाउन मुखबाट निक्लन्या शब्द । उदा. ए तमे इस्कूल नगइ घरै बस्याका छौं ।

**एई** - सर्व. यो; यही; । उदा. मु एई किताव किनिलैझान्या हु ।

**एइखी** - क्रि.यो. यसलाई; यहीनेर; एइलाई; । उदा. तमे आज एइखी बसि राख्या मु आउँला पछि सङ्‌ङै घर झाउली ।

**एकट्ठा** - वि. एकत्र; जम्मा; भेला; जमघट; । उदा. सामाजिक काम सबै माइस एकट्ठा भईपन अन्नु पड्‌डो छ ।

**एक्लो** - वि. जोडा नभयाको; परिवार नभयाको; एउटामात्र भयाको माइस; । उदा. रिलु एक्लो जाहानको माइस हो । विप. दोख्लो ।

**एकाएक** - क्रि.वि. अचानक; एक्कासि; भट्ट; अपर्झट्; । उदा. पुन्याका घर आज एकाएक पुलिस आयाका छन् ।

**एकाग्र** - वि. एकाइ कुडाउडो मात्र ध्यान दिपन लाग्याको; एकाइ कुडामि स्थिर भयाको; । उदा. पढ्न्या बेला विद्यार्थीले एकाग्र ठौर बस्नु पड्‌डो छ ।

**एकादसि** - ना. दशमी पछिको तिथि; एकादशी; । उदा. एकादसिमि हड धोइपन ब्रत बस्नया चलन छ ।

**एसाउँणो** - क्रि.यो. इसाउणो; यस्ताउणो; यस्तोमा; एउणो; । उदा. सदाइ झकडा हुन्या एसाउँणोको बसि सकला मुरे बसि सक्तैन तमे जेइ अद्‌दा छौं ।

**एकान्त** - ना. कोइ नहुन्या ठाँउ; एकलास; निर्जन ठाँउ; उदा. तपस्या अन्या माइसखि एकान्त ठाँउ चाइनोछ ।

**एकासि१** - ना. असि र एकको योग सङ्ख्या; एकासी; ८१को अङ्क; । रोशनले राजुखि एकासि (८१) रूपया दियो ।

**एकासि२** - क्रि.वि. अकस्मात; एक्कासि; अपर्झट्; स्वाट्ट; झट्ट; । उदा. देश गयाको भाजा खवर नअरि एकासि घर आयो ।

**एकिनाइ** - क्रि.वि. एकाइ सात रन्या; एकाइ ठाँउना; सङ्‌ङै हुन्या; । उदा. जोइ-पई रात एकिनाइ सिना छन् ।

**एकीमि** - क्रि.वि. नछुट्याको; भिन्न नभयाको; । उदा. खानाखि रोटो, भात, साग, तिउन अगेठ्ठालाइ एकीमि राख्याको छ ।

**एकोतिस्टि** - ना. एउटा मात्र पितृको उद्देश्यले अरिन्या श्राद; । उदा. मऱ्याका माइसको परम्परा रे आत्म सन्तुस्टिका लागि एकातिस्टि श्राद अन्नु पड्‌डो छ ।

**एकोऱ्या** - वि. एउटै सोच विचारमी लाग्न्या; एकसुऱ्या; एक होरो; । उदा. पिरु एकोऱ्या माइस हो ।

**एकोऱ्याउनु** - स.क्रि. एकोहोरो पाड्नु; एकहोडो वनाउनु; एकाइ पछि लाउनु; एक रौका भन्या पछि अझ लगातार तेइ कुडा भन्नु; । उदा. जान्न्या माइसले आप्नाई कुडा मात्र एकोऱ्याउनु हुनैन ।

**एक्का** - ना. अङ्ग्रेजीको 'ए' लेख्याको तासको पत्ति; अरु भन्ना श्रेष्ठ; । उदा. तास खेल्न्या माइस मात्र अरु भन्ना एक्काको महत्व क्याहो भनि निकोरि जान्ना छन् ।

**एक्कानदोक्कान** - क्रि.वि. एककान्या-दोकान्या; एका कानबाट अख्खा कान हुनै गोप्यता भङ्ङ हुन्या; । उदा. गोप्य कुडाखि एक्कान, दोक्कान, मैदान अन्नु हुनैन ।

**एकैरौका** - क्रि.वि. एक पटक; एक फेरा; एकैरोका मात्र; । उदा. मुइले राष्ट्रपतिखि शीलत निवारमा एकैरौका मात्र भेट्याको छु ।

**एक्‌खुट्‌टचा** - वि.एउटै मात्र खुट्टा भयाको; एकखुखट्या एक प्रकारको खेल; । उदा. नान्नान्का मुला घरौडा एक्‌खुट्‌टचा खेल खेल्ला छन् । विप. दुईखुट्‌टचा ।

**एक्‌चित्त** - क्रि.वि. एकाइ कुडाउडो मात्र मन लाउन्या; एकचित्त भएर रन्या; । उदा.आप्नो काम सबुइले एकचित्त भैपन अन्नु पड्‌डो छ ।

**एक्‌छाक्या१** - वि. एकै छाक मात्र खाना खान्या; । उदा. श्राद अन्नु भन्ना एक दिन अगाडि श्राद अन्न्या माइस एकछाक्या बस्ता छन् । विप. दुईछाक्या ।

**एक्छाक्या२** - ना. एक समय मात्र दुद दिन्या गाईवस्तु; । उदा. लक्षीका गाईको बाच्छो बिरामी भै मन्नाले उइको तीनछाक्या दुद दिन्यागाई एक्छाक्या भयो । विप.दुईछाक्या

**एक्तल्या** - वि. एक तला भयाको; एकै तलाभयाको माड्यारोटो; । उदा. विशालको महिन्द्र बजारमि एक्तल्या घर छ । विप. दुईतल्या ।

**एक्तुल्या** - वि. एकैमात्र तुल हुन्या; एउटै मात्र बाली हुन्या; । उदा. पानी नहुनाले पिडिखेतकि एकतुल्या खेत भन्ना छन् ।

**एक्पात्या** - वि. एकै पात मात्र हुन्या बोटो; एक्पात हुन्या बिरुवा; । उदा. वनम्मा कोईकोई एक्पात्या बोटा हुन छन् ।

**एक्पल्टचा** - वि. एकातिर मात्र पाक्याको; । उदा. रोटो पकाउन नजान्या माइस पइल्लि पइल्लि एक्पल्चा रोटो पकाउँना छन् ।

**एक्पेटचा** - वि. एकाइ लादाबाट जन्म्याका; एकै पेट भयाको; सहोदर; । उदा. मेरा एक्पेट्चा सात भाइबिना छन् ।

**एक्मान्या** - वि. एक मानु मात्र पाक्न्या भाँडो; । उदा. काँसाको एकमान्या डिब्या विशेष उत्सवमा खिर पकाउनाखि चाइनो छ । विप. दुईमान्या ।

**एक्रात्या** - वि. एकइ रात बसि अरिन्या क्रिया; एक रात मात्र जमाउन राखयाको दई; । उदा. मनुका कोइ आप्ना माइस नहुनाले मऱ्या पछि गाँउल्याले एक्रात्याक्रिया अरिदियो छ । विप.दशरात्या ।

**एकसरो** - वि. दौडा नभयाको; एकरौका मात्र ओख्ल कुट्याको धान; । उदा. जाडिका बेला एकसरो लुगा लाउँनु हुनैन सर्दी लाग्दो छ । विप.दौडा ।

**एक्हड्या** - वि. एकहोरो; एकसुऱ्या; भेडा जसो सोचाइभयाको; । उदा. भानु एक्हड्या माइस भन्न्याकुणा सबैले जन्याको छ ।

**ऐ** - ना. देवनागरी वर्णमालाको बाह्रौ स्वर-वर्ण । यइको उच्चारण कण्ठ-तालुबाट हुनोछ ।

**ऐंचोपैचो** - ना. लेनदेन; आफूसित नभयाका बेला लिनया रे भयाका बेला दिन्या; । उदा गाँउघर ऐंचोपैचो नअरि गुजारा हुनैन ।

**ऐंठनु** - स.क्रि. अँठ्याउनु; दबाउनु; नउम्कन्या अरि समाउनु; । उदा. कमजोर माइसको घाँटी बेसरि ऐंठ्नु हुनैंन मन्न सक्तो छ । विप. खुक्लो ।

**ऐंना** - ना. दर्पण; अइना; सीसाको अनुहार हेर्न्न वनायाको एक वस्तु; । उदा. मुन्टो कोन्नाखि ऐंना चाइनो छ ।

**ऐंसेलु** - ना. ऐंस्यालु; एक प्रकारको काडा भयाको फल लाग्न्या वनस्पति; । उदा. पाहाड ऐंसेलु पाइना छन् ।

**ऐन** - ना. कानुनी सुव्यवस्थाका लागि सरकारले बनायाको कानून; । उदा. देशमि शान्ति कायम अन्नाखि ऐंनको आवश्यकता पड्डो छ ।

**ऐन्मौका** - ना. ठिक्क समय; उपयुक्त अवसर; । उदा. अरुबेला ज्या भया पनि ऐन्मौकामि भन्या तमे मुखि सहयोग अरि हेल्या ।

**ऐया** - वि.बो. चोटपटक लाग्दा; हड पिड हुना; मुन्टो खाइना; उकालो-ओरालो हट्टा मुखबाट निक्लन्या शब्द; । उदा. ऐया मेरा खुट्टामि पिड भयाकि छ ।

**ऐरोपैरो** - ना. अप्ठेरो काम; असजि बाटो; पैरो गयाको बाटो; । उदा. असाडका मैना ऐरोपैरो आउँन्या हुनाले आबत-झावत कम अन्नु पड्डो छ ।

**ऐल** - वि. वर्तमानमि चल्याको समय; अहिले; भर्खरै; । उदा. ऐलका बस्स मु परिवार लिपन भारत घुम्न झान्या हु ।

**ऐलानि** - ना. सरकारी रूपमि कसुइकानाममि दर्ता नभयाको जमिन; पर्तीजग्गा; । उदा. नयाँ बस्तिको जग्गा ऐलानि हो ।

**ऐसीतैसी** - ना. कसुइखि हेपिपन भनिन्या शब्द; । उदा. ए राम तेरी ऐसीतैसी नान्कामुलासित क्या झकडा अन्नलाग्दो छै ।

**ऐस** - ना. जीवनको भौतिक सुख सुविधा; आराम; सुख-सयल; मोजमजा; । उदा. पार्वतीका आप्ना चेला ब्वारि नौकरी लाग्याका हुनाले आजभोल ऐस छ । विप.दु:ख ।

**ऐस्वर्य** - ना. श्री-सम्पत्ति; ऐश्वर्य; धनराशि; सुख-सयल; । उदा. तमुखिआज भोलै ऐस्वर्य भोग्न लेख्याको आच्छिन । विप. विपत्ति ।

**ओ१** - ना. देवनागरी वर्णमालाको तेह्रौं स्वर-वर्ण । यइको उच्चारण ओठबाट हुनोछ ।

**ओ२** - निपा. कसुइखि डाक्दा बोलाउन्या शब्द; । उदा. ओ हजुर तमे काँछौ छटि घरआउ याँकोइ माइस तमुखि खोज्न आयाका छन् ।

**ओ३** - वि.बो. विस्मय; पीडा; दु:ख आदिका बेला बालिन्या शब्द; उदा. ओ ! इजा मुखि एसा दु:ख क्या भया ।

**ओइजा** - ना. आमाखि बोलाउँदा; इजाखि सम्बोधन अद्दा; दु:खमि पड्डा भनिन्या शब्द; । उदा. ओइजा तमे काँगयाकि छौ छटि आउता मुखि भिक्कै साइति भैगई ।

**ओइरनु** - स.क्रि. घट्ट; कोल; जितारो आदिमि पिन्नका लागि अन्न हाल्न्या काम; । उदा. घट्टका कोठाइनो गउ, जौं हाल्ला निकोरि ओइरनु पड्डो छ ।

**ओइलाउनु** - अ.क्रि. पानी न पाया पछि बोट-विरुवा सुक्नलाग्नु; मलिन हुनु; फूलटिप्या पछि ओइलानु; मुख मनुरो पाड्नु; । उदा. नानु काम बिगड्डासात अनुहार ओइलाउनु निको होइन बरु सफलताका लागि अझ परिश्रम अन्नु पड्डो छ । विप. मुस्कुराउनु ।

**ओखड** - ना. ओखर; ओख्खठ; पाहाड पाइन्या एक विशेष प्रकारको फल विशेष; । उदा. दात्या ओखड दाडाले फुटाइपन खाना छन् ।

**ओख्त्यारु** - वि. गाँउ घरका जडामुडाबाट औषधी अन्या माइसखि बोलाउन्या एक विशेष शब्द; । उदा. ओख्त्यारु बड्डिले द्याका आख्ताले नान्नाना मुला-मुलीको विराम निको हुनो छ ।

**ओखल** - ना. चिउडा; सिरिआँवल; धान आदि कुट्न ढुङ्गा वा ठुडाको बनायाको बाटुलो वस्तु । उदा. आजभोल धान ओख्लैना नकुट्या भिक्कै दिन भैगया ।

**ओखाल्नु** - अ.क्रि. बान्ता अन्नु; बमिट अन्नु; उल्टि अन्नु; । उदा. जाँपायो ताँईखि ओखाल्नु निको बानी होइन ।

**ओग** - ना. हलीले समाउँन्या हलाको हातो; । उदा. गडामि बल्ल जोत्याबेला ओग निकोरी समाउनु पड्डो छ ।

**ओछो** - वि. तुच्छ; कुनै महत्व नभयाको; बढी धेकावटि अन्या; उदा- सुरजको चेलो ओछो माइस हो ।

**ओछायो** - क्रि. अस्तायो; घाम ओछाउनु; । उदा. आज वादल लाग्नाले छटिन घाम ओछायो ।

**ओछ्याउनु** - ना. बिस्तरा; तन्ना; डस्ना आदि लाउनु; । उदा. सिनाखि लागि खाटमि बाख्ला कपडा ओछ्याउनु स्वास्थका लागि रम्डो हो ।

**ओडाउनु** - अ.क्रि.ओणाउनु; । उदा. नान्नाना स्याका माइसखि लुगा कपडा ओडाउनु पड्डो छ । विप.नओडाउनु ।

**ओडार** - ना. ढुङ्ङाको आफूई बन्याको गुफा; । उदा. वन गयाका बेला बस्सलाग्यो भन्या ओडार बस्नु पडडो छ ।

**ओडोपुडो** - क्रि.यो. वरपर; यताउती; । उदा. आप्नु सामन हरायो भनी हल्ला अन्नु भन्ना पहिले ओडोपुडो निकोरि हेन्नु पड्डो छ ।

**ओड१** - ना. ढुङ्ङाको घर चिन्या काम अन्न्या माइस; कालिगड; सिपालु; । उदा.पाहाडतिरका ओड ढुङ्ङाको घर चिन्नामि सिपालु हुना छन् ।

**ओड२** - ना. ओड्नु; ओड्न्याकाम; । उदा. जाडि भयाकि हुनाले सवुइखि सिरग ओडरे सेइरौ भन। विप. जनओड ।

**ओड्डो** - ना. नजिकको; समिपको; टाडा नभयाको; । उदा. खगेन्द्र मेरो अरुभन्ना ओड्डोको माइस हो । विप. पुन्डो ।

**ओत्** - ना. घाम; पानी; शीतआदिबाट जोगिनका लागि बस्न्या ठाँउ वा साधन; उदा. बस्स लाग्यो भन्या ओत लाग्नु पड्डो छ ।

**ओदो** - वि. भिज्याको; धाम नलाग्न्या; सिलाप आउन्या; चिसोपन भयाको; । उदा.स्वास्थ्यका हिसावले ओदो भयाका ठाँउ रनुहुनैन । विप. ओबानु ।

**ओधान्नु** - वि. भत्काउनु; बिगाड्नु; । उदा. बनायाको घर ओधान्नु भन्ना नौलो घर लाउनु निको हो ।

**ओबानु** - वि. ओभानु; ओभानो; चिसोपन नभयाको; ओबानो; । उदा. रुज्योभन्या बिगड्न्या सामान ओबानु ठाँउ खोजिपन राख्नु पड्डो छ ।

**ओरै** - क्रि.यो. यताइ; यतै; । उदा. मेरो झगडा भयाका बेला तमे ओरै-जन बस्या ।

**ओरालो** - ना. ओल्लनु पड्न्या ठाँउ; भिरालो; । उदा. माइस हट्टाहट्टाई गल्याका बेला ओरालो बाटो थोक्काइ सजिलो हुनो छ । विप. उकालो ।

**ओराल्नु** - स.क्रि. अग्ला ठाँउबाट ओरालातिर ल्याउनु; तलतिर पठाँउनु; । उदा. भैसा लेक लिन्याबेला लायाका घाडा लेक

पुग्या पछि ओराल्नु रे पछि घर आन्या बेलालाउनु निको हुन्छ । विप. चडाउनु ।

**ओर्काउनुफर्काउनु** - स.क्रि. ओल्टाउनु-पल्टाउनु; निको ठाँउ हेर्नु; निको गट्टो छुट्याउन; । उदा. दोकानमिहै कपडा किन्ना निकोरी ओर्काउनुफर्काउनु पड्डो छ ।

**ओर्क्याफर्क्या** - वि. आया-गयाको; । उदा. आप्ना घरतिर कोइमाइस ओर्क्याफर्क्याको निकोरि विचार अन्नु पड्डो छ ।

**ओल्लोपल्लो** - वि. वरपरको; ओल्तिर पल्तिरको; । उदा. आफूले किन्न्या जमीन भन्ना ओल्लोपल्लो जमीन कइको हो निकोरी हेरविचार अरिपन मात्र किन्नु राम्डो हुन्छ ।

**ओसाउनु** - अ.क्रि. सुन्निनु; फुल्नु; । उदा. विरामी भयाका माइसका हात गोडा ओसाउनु निको लक्ष्यण होइन । विप. ओइलाउनु ।

**ओसारपसार** - ना. ल्याउन्या लैझान्याकाम; । उदा. रात गड्डाचौकी भान्सारबाट चोर सामान ओसारपसार अद्दाछन् ।

**ओस** - ना. शीत; हावामि हुन्या पानीको अडस; । उदा. जाडिका बेला छकाल ओस पड्याको हुनाले बाइरौडो हटिसक्किनैन ।

**औ** - ना. देवनागरी वर्णमालाको चौधौ स्वर-वर्ण । यइको उच्चारण कण्ठ रे ओठबाट हुनोछ ।

**औंठि** - ना. हातका आउलामि लाउन्या मुन्द्रो; अँडौठि; अँगुठि; । उदा. व्या अन्न बेला ब्याउलाले ब्याउलिखि रे ब्याउलिले ब्याउलाखि औंठि लाइ दिन्या चलन छ ।

**औताली** - वि.चेलोनहुनु; आफ्नु अंशखान्या छोरा नहुनु; बीउनरनु; अबुतो; निःसन्तान । उदा.साधुरामकी औताली पड्नाले उइको सम्पत्ति उइका नजिकका अरु माइसले खायो । विप. मौमासी हुनु ।

**औंसरआउनु** - अ.क्रि. गाईवस्तु आदिको बाली हुन्या समय हुनु; मौका आँउनु । उदा. औसर आया पछि मात्र गाई-भैसा बाली हुना छन् ।

**औंसाइ** - वि. तागत; शक्ति; साहास; । उदा. बिरामी भैपन कमजोर भयाको हुनाले मिन्याखि उठ्न्या औंसाइ पनि आछिन ।

**औंछन्** - ना. सुत्क्यारि हुन्या स्वाइनि माइसखि क्या खाउ कसो अरु भन्न्या; वाक्वाकी लाग्न्या; । उदा. सुत्क्यारी हुन्या आइमाखि औछन् हुनिछ ।

**औजस्** - ना. अबजस; दोष लाउन्या काम; । उदा. उइको जति काम अऱ्या पनि औजस् पाउन्या भाग्य छ । विप. जस् ।

**औडिबौडि** - ना. छट्पटि; बेचैनी; व्याकुलता; । उदा. आप्ना सातका माइस देश गयाका हुनाले जन्क्याखि औडिबौडि भयाकि छ ।

**औलाद** - ना. सन्तान; चेलाचली; । उदा. आप्ना औलाद निका भयाइन भन्या पछि दुख पाइनो छ ।

**औल्** - ना. सम्म पऱ्याको ठाँउ; मैदान; मधेश; भिक्कै घाम हुन्या ठाँउ; । उदा. पाहाड तिर बस्न्या माइस औल्तिर बसि सक्ताइन । विप. पाहाड ।

**औल्याटबौल्याट** - ना. छट्पटि; उकुसमुकुस; अन्सुस्सि; । उदा. गर्मिका बेला बिजुली नभैपन पङ्खा चल्यैन भन्या औल्याटबौल्याट हुनिछ ।

**औसगुन्** - ना. कुलक्षण; अशुभ समय; अपसगुन; । उदा. हट्न्या बेला बिल्लाले बाटो काट्यो भन्या औसगुन् हुनो भन्ना छन् । विप. सगुन ।

**औसर्** - ना. मौका; पालो; अवसर; । उदा. औसर् पायो भन्या सूर्य देशको नेता हुन्याछ्यो ।

**औसान्** - ना. आँट; उत्साह; काम अन्न्या चाहाना; काम अन्न्या अभिरुचि; । उदा. औसान् सक्या पछि माइसका ओरालादि सुरु हुना छन् ।

**क** - ना. देवनागरी वर्णमालाको पहिलो व्यञ्जनवर्ण । यइको उच्चारण कण्ठबाट हुनोछ ।

**कँइसि** - ना. कैंसि; कंसि; आमाकि वैनि वा दिदी; सानी आमा; सानिमा; । उदा. मेरी कँइसिका तीन चेलारे दुई चेली छन् ।

**कँज्याउनु** - स.क्रि. कँजाउनु; वशमा पाड्नु; अठ्याउनु; अप्ठेरोमा पाड्नु ; काबुमा ल्याउनु; । उदा. आप्ना विरोधिखि सादाइ कँज्याउनु हुनैन ।

| | | |
|---|---|---|
| **कंङाल** | - | वि. भिक्कै गरीब; दरिद्र; छार; केइनभयाको; कङ्गाल; । उदा. दोकानबाट नाफ नभइ घाटा हुनाले मोती कंङाल भयाको छ । विप.साउकार । |
| **कइँचि** | - | ना. कैंची; रुमा वा कपडा काट्न्या; । उदा. आज भोल कइँचि सबुइका घर-घर हुनोछ । |
| **कइ** | - | सर्व. भिक्कै मध्ये एकाखि चिनाउन प्रयोग हुन्या शब्द; । उदा. तमे यी चार मध्ये कइ निकि मान्ना छौ । |
| **कइखि** | - | क्रि.वि. कइका लागि; कैका निम्ति; । उदा. तमे एतिखन्न कइखि भनी अद्दा छौ । |
| **कइतक** | - | क्रि.यो. कइ बेला सम्म; कैत; । उदा. हरि आप्ना इस्कूलहै कइतक घर आउँन्या हो । |
| **कइबेला** | - | क्रि.यो. कतिबेला; कहिले; । उदा. नेपाल रे अमेरिकाको क्रिकेट आज कइबेला हुन्या हो । |
| **कउल्** | - | ना. कौल्; आगाको भरभराउँदो फिलिङ्गो; । उदा. गोठाला भैसाको दुद कौलमि तताउँना छन् । |
| **कख्या** | - | वि. सदाइ काखिमि मात्र बस्न रुचाउन्या; काखे; कख्खिया; । उदा. नान्का बच्चाखि कख्या बनाउनु हुनैन । |
| **कख्याउनु१** | - | प्रे.क्रि. आज भोलै जन्म्याका बच्चाखि काखे बानी बसाउनु; । उदा. नान्का बच्चाखि कख्याउनु भन्याको पछिका दुख बलैपाडि बोलाउनु हो । |
| **कख्याउनु२** | - | स.क्रि.पन्छाउनु; पर सान्नु; पुन्डै राख्नु; । उदा. घरको छारो झाड्न्या बेला नान्का तिन्का सामान कख्याउनु पड्डो छ नत्र छाराउडा मान सामान हराना छन् । |
| **कख्खिनु** | - | अ.क्रि. टाडिनु; छेउ लाग्नु; पन्छिनु; । उदा. फटाह माइसबाट आफुले पैलिनै कख्खिनु पड्डो छ । |
| **कच्कच्** | - | ना. दिक्कलाग्दो कुडा; करकर; । उदा. रक्सी खाइपन सदाइ घर कच्कच् अन्नु हुनैन । |
| **कचकच्या** | - | वि. कच्कच् अरि रन्या; बोली राख्न्या; । उदा. घर वनको कचकच्या माइस निको हुनैन । |
| **कचेरा** | - | ना. कचेरो; गाई-भैसाका थन चिरा पड्न्या एक रोग; । उदा. चिमुका भैसाका थनउडा कचेरा गयाका छन् । |

**कचर्काउनु** - स.क्रि.जथाभावि खानु; जबर्जस्ति दाडाले चपाइपन खानु; उदा. भानुले काक्डो निकोरि खानु भन्ना कचर्काउनु निको मान्यो ।

**कचर्कि** - ना. गहिरो चोट; वन गयाका बेला यो ठुडो मेरो हो भनि आँसि वा बन्चराले लाउन्या कटक; । उदा. माइसखि कचर्कि लायो भन्या लाउन्या माइसले जेलका रोटाखाई बस्नु पड्डो छ ।

**कचाउट्नु** - स.क्रि. कुनै कुराखि हातले वा खुट्टाले मल्नु; दल्नु; कुल्चनु; । उदा. ओछ्यायाका रे ओड्न्या कपडा कचाउट्नु हुनैन ।

**कचिलिपट्ट** - वि. भिक्कै गिलो; चारै तिर पानी पोख्याको; । उदा. घडो चुन्या हुनाले घर भरि कचिलिपट्ट भयाको छ ।

**कचिलो** - वि. रुज्याको; पानी पोख्याको; । उदा. बस्स लाग्याका बेला घर चुनाले भित्रम्मो कचिलो भयाको छ ।

**कच्च** - वि. नराम्डो; ननिको; फुर्चो; । उदा. यो पल्ला घरको माइस निको आछिनप कच्च छ । विप. निको ।

**कच्छा** - ना. कट्टु; जाँघिया; जडेलो; । उदा. आजभोलका नान्का-ठूल्का सबै माइस कच्छा लाउना छन् ।

**कञ्चनपुर** - ना. महाकली अञ्चलको तराइको एक प्रमुख जिल्ला ।

**कटक्क** - क्रि.वि. कटकट अरि दुख्न्या; एकै पटक छुट्टिन्या अरि पिड् हुन्या; । उदा. बेली खुस्सानीको अचार खायाको हुनाले पेट कटक्क काट्यो ।

**कटहर** - ना. फूल ननिक्लि फल्न्या काँचोमा तरकारी खान हुन्या; पाक्या पछि गुल्ल्यो हुन्या एक जातको विशेष फल त्यसैको रुख; । उदा. मदेश कटहरका ठूल्का-ठूल्का रुख हुना छन् ।

**कटाउँज** - ना. कटुस; एक लेकाली रुख; कटौंज; । उदा. लेकम्मा कटाउँजका ठुल्ठुला रुख हुना छन् ।

**कटाकट्** - क्रि.वि. चटाचट्; फटाफट्काट्न्या; । उदा. उमाले रुखका हाँडा बन्चराले कटाकट् काट्याका छन् ।

**कटौति** - ना. लिनु पड्न्या रकम; कलम; कुनै वस्तु काटिपन पठाउन्या वा दिन्या काम; । उदा. महेशले पाउन्या रूपया पैसाबाट आप्नु साँउब्याज कटौति अरि बाँकी रूपया पैसा फर्कायाका छन् ।

**कट्कटि** - क्रि.या. कट्कटाएर पिड हुन्या अवस्था; । उदा. पिड भयाका खुट्टाको बुडि आँउलो कट्कटि खाईयाको छ ।

**कड्कनु** - अ.क्रि. बम्कनु; माइकि दिनु; । उदा. काईलाई काईलाई त कड्कनु पन पड्डो रै छ ।

**कड्काउनु** - स.क्रि. कसुइमाथि लठि्ठले हान्नु; कुनै साह्रो कुडा दाडाले कटक्क आवाज हुन्या अरि फुटाउनु; । उदा. नरिले रोकायाका मुन्टामि भाटाले कड्काउनु पड्यो ।

**कट्टर** - वि. आप्ना धर्म रे विचारमि दृढ हुनु; । उदा. मुसल्मान आप्ना धर्मका कटेटर अनुयायी हुना छन् । विप. उदार ।

**कट्फट** - ना. छिनो फानो; केरमेट; तास खेल्न्या बेला ठाँउ परिवर्तन अन्नाखि अरिन्याकाम; । उदा. तासमि मेरिज खेल्न्या बेला एक-एक पालो सबुइको पुग्या पछि बस्याको ठाँउ बदल्नाखि कट्फट अन्या वासुको वानी छ ।

**कठ** - वि.बो. कठै; सम्झना; याद; सौराइ; सहानुभूति; करुणा; दया आदि भाव जनाउन्या शब्द; । उदा. कठ चन्द्रुका इजाबुआ एकाइसात मऱ्या छन् । विप. आहा ।

**कठालो** - ना. कठलो; कमिज, कोट आदिको घाटिउडो वरिपरि बेडि सिलायाको कपडा; । उदा. झकडा भइ भन्या पैल्लि कठालो वटि मसमाउना छन् । विप.फेऱ्या ।

**कठ्यारु** - ना. मलामी; काठ वा मणो बोक्न्याँ माइस; । उदा.कठ्यारुखि खाना ख्वायापछि मऱ्याका माइसको आत्मा आत्म शान्ति हुन्छ भन्या मान्यता छ ।

**कडा** - वि. भाँडा,बर्तन आदिम्मा लायाका धातुका मुनडा जसा ठूला रिङ; टाउक्या; भदालो; ताउला आदि समाउन सजिलाखि लागि लगायाका; उदा. कडा लायाका ताएलामि भात पकायो भनया गाड्न सजिलो हुन्छ ।

**कण्ठ** - वि. मुखाग्र; घाँटी; याद; रट्नु; । उदा. बोर्डिङ् पढ्न्या बच्चा पढिपन बुभ्नु भना कण्ठ अन्याकाम भिक्क अद्दा छन् ।

**कन्नु** - अ.क्रि. पिड भयाका बेला मुखबाट निक्लनया शब्द; रोक्कि-रोक्कि भन्नु; झाडा फेन्न्या बेला । उदा. नमाइको मुन्टो खाइयो भन्या कन्नु हुनैन ।

| | | |
|---|---|---|
| **कण्णैसित्ति** | - | ना. यत्रै सित्ति; हेला भाव अरि भनिन्या शब्द; । उदा. उइ जाबाले भाषा विज्ञान नपडाया मेरा कण्णैसित्ति होला । |
| **कुकुडो** | - | ना. कुखुरो; कुक्डो; । उदा. आज छकाल कुकुडो बास्नाले मात्र उजालो भयाको जान्या । |
| **कुत्कुतानो१** | - | वि. चिल्लो; निको; सफा; राम्डो आदि धेक्किनया वस्तु; । उदा. मुइले बेली भोट्याहै किनी आन्याको कुकुर कुत्कुतानो छ । |
| **कुत्कुतानो२** | - | वि.छप्कनु; डरमान्नु; नबोलिपन डरले लुकिरनु; । उदा. विष्नु सबै हान्ना रे माइकि दिना छन् भनी डरले कुत्कुतानो भइ लुकिरनो छ । |
| **कुता** | - | ना. भाजाभाजीखी लाड्या मानी भन्न्या प्यारो शव्द; कुता-कुती; । उदा. जेठा,माइला,साइला रे कान्सा भाजाका कुता अइल काँ गयाका छन् । |
| **कुन्न्यूँ** | - | ना. कुनिउ; खलियो; कुन्यू; धान,मकै,गौ,परालको खातलाउन वा खत्याउन वरिपरि घुमी फरो लाइबन्ट बनायाको थुप्रो; । उदा. धानको कुन्न्यूँ निको रि लाउनु नत्र बस्सको पानी भित्र पस्यो भन्या धान रे पराल बिगाडला । |
| **कत्थ** | - | क्रि.वि. काँतिर; कतिटाँडा; काँ-काँ; । उदा. माइसका चेला-चेली कत्थ पग्दा छन् तमे यैइलाई दोकान भ्फाई माल सामान किनिपन आनि सक्ताइन । |
| **कथालाउनु** | - | स.क्रि. धार्मिक आस्था मान्नु; पूजा अरि निउँतालुखि जल-प्रसाद ख्वाँउनु; भगवान् सत्यनारायणको पूजा अरि कथा भन्नु रे सुन्नु; । उदा. मेरा घर आज सत्यनारायणको पूजा अरि कथा लाउन्या हुनाले सबुइखि निउँतो अन्न आयाको हु । |
| **काँठा** | - | ना. काँठो; खोलाका किनारलाईको पण जाँलाई पानी बग्दा बाटो बन्द हुन्छ; खोलाको किनार; । उदा. गाड हण धुन्या बेला रौनका काँठाम्मो भ्फानु हुनैन । |
| **काँठाउणो** | - | ना. काँठालाई; विटउडो; । उदा. भात पकाउनाखि अदानको पानी काँठाउणो हाल्नु पड्डो छ । |
| **काँठी** | - | ना. घोडाका घाटीम्मो लाउनया; । उदा. घोडाका काँठी लायैन भन्या घोडो जापायो ताइ दौड्डो छ । |

**काँठ्या** - वि. पतलो; नमोटायाको; नान्को; । उदा. भुनुको बल्ल लख्खा नभइ काँठ्याप रैछ ।

**काँसो** - ना. अलम्वक; खोकी; । उदा. सर्दि भयो भन्या काँसो लाग्दो छ ।

**काठ** - ना. मणो बोक्न बनायाको बाँस; राँम्बास रे निगालाका दुई ठुडाको खाट जसो; । उदा. गर्‍रो मणो बोक्नाखि काठपन दड्डो चाइनो छ ।

**कानु** - वि. अन्धा; आँखानभयाको; आँखाफुट्याको; । उदा. काना माइसको सात अन्नु हुनैन ।

**कनिका** - ना. चामल,गउँ आदि टुक्रिएर नाना मुसिना टुक्रा भयाका; । उदा. कनिकाको भात निको हुनैन ।

**कन्टर्** - ना. ध्यू; तेल; मट्टितेल आदि हाल्न्या टिनको भाँडो; । उदा. कन्टरमिको तेल अरु भन्ना सस्तो हुनो छ ।

**कनौल्** - ना. पिठारो; घर पछाडिको भाग; । उदा. आप्ना घरको कनौल् सफा राख्नु पड्डो छ ।

**कन्कन्नु** - ना. कानेगुजी; कानम्माको मैलो; । उदा. कानम्माको कन्कन्नु सदाइ सफा अरि राख्नु पड्डो छ ।

**कन्चडो** - ना. कन्चट; कन्चुडा; कानरे आँखालाईको भाग; । उदा. अइल मुसित कोइजन बोल घामले मेरो कन्चडो तात्याको छ ।

**कन्चुस्** - वि. कन्जुस्; लोभी; मख्खीचुस; टिपारि; । उदा. हर्क्या सारै कन्चुस् माइस हो ।

**कन्ज्यौडि** - ना. कन्जेउडि; कन्धनी; । उदा. उइलका माइस लुगा कपडा भिक्क नपाउनाले कन्ज्यौडिमात्रलाई राख्ताछ्या ।

**कन्डम्१** - ना. ढाल; लोग्न्या माइसले प्रयोग अन्या परिवार नियोजनको एक साधन; । उदा. असुरक्षित यौन सम्पर्क अद्दा कन्डम्को प्रयोग अन्नु पड्डो छ ।

**कन्डम्२** - वि. खतम; काम नलाग्न्या; बिग्ड्याको; । उदा. जापानले नेपालखि बाटो बनाउन द्याका सबै डोजरगाडि नसपाड्डाले कन्डम् भयाका छन् ।

**कन्दमूल** - ना. माटामुनि जडाका रूपमा फल्न्या एक विशेष फल; डल्लो वा लाम्चो आकारको फल; । उदा. उइलेका माइस कन्दमूल खाइपन बाच्चाछ्या ।

**कन्फुटो** - वि. कानी नसुन्न्या माइस; कान फुट्याको; बैरो; बहिरो; । उदा. केशवखि सबै कन्फुटो भन्ना छन् ।

**कन्या** - ना. ब्यानअन्याकी; अविवाहिता; कन्यछोट्टी; । उदा. ब्या अन्न्या बेला माइस कन्या छोट्टी खोज्जा छन् । विप.ब्या भयाकि ।

**कन्यादान** - ना. ब्याअरिपन चेलीखि विधिवत् ज्वाईंका हात दिनु; । उदा. चेलीको कन्यादान उमेर पुग्या पछि मात्र अन्नु पड्डो छ । नत्र कानूनले समाउनो छ ।

**कपटि** - वि. कपट अन्नया; धोका दिन्या; छल अन्न्या; । उदा. कपटि जो भया पनि उई माइसको भलो हुनैन ।

**कपट** - ना. जाल; धोका; छल; मन भित्र एक कुडा बाईर अख्खै कुडा अन्न्या; । उदा. कसुइखि पन कपट अन्नु हुनैन ।

**कपडा** - ना. कपास आदि धागाले बनायाको वस्त्र; लाउन्या लुगा; । उदा. हड्म्मो बल्ल्यो रे निका कपडा आउँनु पड्डो छ ।

**कपड्छान** - ना. कपडाले छान्न्या काम; । उदा. बच्चा विरामी हुन्ना भनी पैलेका माइस गाई भैसाको दुद खासाका कपडाले कपड्छान अरिपन मात्र नान्का-ठूल्का बच्चाखि दिनाछ्या ।

**कपाकप्** - क्रि.वि. लगातार एक गासपछि अख्खो गास मुख हाल्नु; छटिछटि सक्नु; । उदा. पशुपतिका बानर फलफूल पायो भन्या कपाकप् खाना छन् । विप. सस्त्याम ।

**कपिला** - ना. परिवार; मौकपिला; पुराइ परिवार; अखडि कपीला; । उदा. धर्मराजका कपिला ठाँउ- ठाँउ बस्ता छन् ।

**कम्मर** - ना. कण्ण; कन्न; । उदा. दुर्क्याको रुखहै लोटि कम्मर भाच्याको छ ।

**कम्लो** - वि. नरम; कमल; कोमल; । उदा. बिन्दुको ओच्छ्याउन्या रे ओड्न्या कपडा कम्लो छ ।

**कम्सल्** - वि. नराम्डो; असल नभयाको; कच्च; फुच्चो; खराव; । उदा. दोकानहै कम्सल् माल सामान किन्नु हुनैन । विप. राम्डो ।

**कमारो** - ना. दास; किन्याको नौकर; । उदा. आजभोल कमारो राख्न कानूनले अद्दा पाइनैन । विप. मालिक ।

**कमीज्** - ना. छातिम्मा रे बाउलाम्मा टाँक लगाउन्या; । उदा. जाडिका बेला कमीजका सबै टाँक लगायो भन्या जाडि हुनिन । विप. प्यान्ट ।

**कमेडो** - ना. घर लिप्नाखि चाइन्या सुकिलो रे चिप्लो माटो; । उदा. पाहाडका घर कमेडो लाउना छन् ।

**कमैदान्** - ना.खेती अन्न लायक जमीन; अन्न उत्पादन अन्न सकिन्या ठाँउ; । उदा. पाहाडतिर कमैदान् जग्गा थोकाइ हुनो छ विप. जङ्गल ।

**कम्पनिमाला** - ना. सिक्काको माला; चबन्नी, अठन्नीको माला; । उदा. उइलका बेला आईमाई माइस कम्पनिमालालाई जाँत झानिछि ।

**कम्प्युटर** - ना. सुसाङ्ख्य; विद्युतीय यन्त्र; । उदा. आजभोल कम्प्युटर नजान्यो भन्या सबुइका अगाडि लाज हुनिछ ।

**कम्युनिस्ट** - ना. साम्यवादी दर्शनका अनुयायी; । उदा. चीन देशमि कम्युनिस्ट शासन व्यवस्था लागू भयाको छ । विप. प्रजातन्त्र ।

**करणि** - ना. बलजफ्ती अरिन्या यौन सम्पर्क; सम्भोग; गन्नु; बलात्कार; । उदा. करणि अऱ्यो भन्या कानुनले जेल हाल्लो छ ।

**करालो** - वि. भिरालो; ढल्क्याको; तेस्रो पड्याको जमीन; । उदा. पाहाड करालो जग्गामि ठाउँन हुनाले घर बनाउना छन् ।

**कर१** - ना. बाध्यता; हक, अधिकार । उदा. हरिले आप्ना दाजुखि कर अरि पन रूपया माग्यो ।

**कर२** - ना. सरकारखि बुझाउन्या रकम; । मु आप्नो कमाइको १५ प्रतिशत कर सरकारखि तिद्दो छु ।

**कर्करा** - ना. दुष्ट; नराम्डो स्वाभवकी आईमाई; कर्कशा; झिक्क बोल्न्या; । उदा. विर्मा कर्करा स्वाइनि माइस हो ।

**कर्‌कर्** - ना. कचकच; फतफत; बिच्याई अन्न्या काम; । उदा. कसुइसित पनि कर्‌कर् अन्नयाकाम निको होइन । विप.शान्त ।

**कर्कलो** - तमाखुका पात सुकाइपन ओख्लइनो कुटि बनायाको एक प्रकारको तमाखु; । उदा. कर्कलो सबुई ठाँउ पाइनैन ।

**कर्नालि** - ना. पश्चिम नेपालको एक हिम नदी; कर्णाली; । उदा. कर्नालिका माछा निका हुना छन् ।

**कर्प्यु** - ना. निषेधाज्ञा; झान आउन रोक लाग्न्या अवस्था; । उदा. कर्प्यु लाग्याका बेला घरबाट बाहिर निक्लनु हुनैन ।

**कर्मकाण्ड** - ना. नित्य रे नैमित्तिक कर्मको विधान भयाको पद्धति; नित्यकर्म अन्न्या काम; । उदा. कर्मकाण्ड प्रति आज भोल सबुइको चाँसो बड्याको छ ।

**कर्मभूमि** - ना. कार्य क्षेत्र; काम अन्न्या ठाँउ; । उदा. कर्मभूमि प्रति सबुइले माया अरि बफादार हुनु पड्डो छ ।

**कलडो** - ना. बड नलाग्याको ; बडसङ्ङ हिट्न्या बेला नभयाको गाई वस्तु; । उदा. पद्माको कलडो बेली मात्र बाली भयो । विप.बड ।

**कलुवा** - वि.भिक्कै कालो; कालो भयाको; । उदा. काली हुनाले सबै सुदिक्षाखि कलुवा भन्ना छन् ।

**कलश** - ना. व्रतबन्ध; ब्या; पूजा आदिका बेला तामाको घडो वा कौडि विशेष रूपमि सजाई पूजा अन्न्या वस्तु; । उदा. शुभ कामका बेला तामा वा पितलको कलश बनाई गेटमि राख्याको हुन्छ ।

**कल** - ना. भकडा; बाभाबाभ; बोलाबोल; भनाभन; हानाहन्; । उदा. मदन्याका घर सदाई कल हुनिछ । विप. मेल ।

**कल्मलि** - ना. कुनै राम्डो खान्या कुडा आप्नु इच्छा अनुसार खान नपाया पछि हुन्या एक प्रकारको अनुभूति वा खायाको स्वाद नआया पछि हुन्या अनुभूति । उदा. बेली पापडाको तिउँन खानाले मुखि कल्मलि भयाकि छ ।

**कसूर** - ना. दोष; अपराध; गल्ती; । उदा. धन्या गाँउको कसूरदार माइस हो । विप. सफा ।

**कस्** - ना. कसम; किरिया; सपथ; । उदा. किडिले अख्खाको सामान मुइले ल्याछु त भनी मन्दिरमि गैपन कस् हाल्यो ।

**कस्तुरि** - ना. मृगको न्याउटामि हुन्या बास आँउन्या वस्तु; । उदा. भोट्या कस्तुरि बेच्न आन्ना छन् ।

**कस्मिरा** - ना. कश्मीरी शैलीमि बन्याको कपडा; । उदा. उइल-उइल पाहाडका धनी माइस कस्मिराका कपडा मात्र लाउनाछ्या । विप.खद्दर ।

**कहलाउनु** - अ.क्रि. नामी हुनु; नाँउ चल्नु; प्रसिद्धि पाउनु; कहलिनु; । उदा. पूजारी रघुनाथ जिल्ला भरी कहलाउनु पड्न्या माइस हुन् ।

**काँक्डो** - ना. काकडो; लराइनो फल्न्या एक प्रकारको विशेष फल; उदा. घाम भयाका बेला काँक्डो खानाले शीतल हुनोछ ।

**काँकर** - ना. धुपी सल्लाको अखडि रुख ध्वजा-पताका सहित पूजाअरि आनीपन मन्दिर हुन्या ठौर गाडिन्या लिङ्गो; । उदा. बान्नी चैतलीका जातमि काँकर आनी गाड्डीपन मात्र जात सुरु अद्दा छन् ।

**काँखि** - क्रि.यो. काँलाई; कहाँनिर; कुन ठाँउमा; कथ्थखि; । उदा. तेजले पानीको भाँडो चाक काँखि राख्याको छ ।

**काङ्ङचो** - ना. काँइयो; काँग्यो; कागियो; काङुउ; । उदा. मुन्टो कोन्नाखि काङ्ङचो चाहिन्छ ।

**काड** - ना. लोग्न्या माइसको जनेन्द्रिय; लिङ्ग; लाडो; । उदा. चेलाचेली बनाउनाखि चाहिन्या पुरुषको प्रमुख अङ्ग । विप.किच्चो ।

**काँडो** - ना. हाँगा; डाँठ; पात आदिमि लाग्नया वा पलाउन्या आलपिन जसो टुपो तिखो भयाको घोच्न्या वस्तु; । उदा. पाहाडका बाटाम्मो हट्न बेला खुट्टाम्मो काँडो विजला विचार अरिपन हट्या । विप. फुल ।

**काँतर** - ना. कायर; डरछेरुवा; पानी मरुवा; लाछी; काथर; डरमान्न्या; । उदा. झकडा अन्न्या बेलामि काँतर माइसको काम हुनैन । विप.बल्ल्यो ।

**काँइयो** - ना. घट्ट; जाँतो; जितारो आदिको बीचमा रहने काठ वा फलामको ठेउको; । उदा.घट्टको काँइयो भाच्याको हुनाले माहाराम गेडा नपिनी तसै बस्याको छ ।

**काँसा** - ना. एक प्रकारको धातु; काँसाको धातुबाट बन्याको भाँडो; । उदा. आजभोल काँसाका भाँडा पाइनाइन । विप. फलाम ।

**काँस्** - ना. कुशको जसो बोटो भयाको; एक प्रकारको वनस्पतिको झाड; । उदा. गाई भैसाखि न्यारका रूपमि काँस् काटिपन हाल्ला छन् । विप. कुश ।

**काँस्नु** - अ.क्रि. काँस्सु; कास्नु; खोक्नु; । उदा. झिक्कै काँस्नु हुनैन मुन्टो खाइनो छ ।

**काउकुति** - ना. शरीरका खास खास मुख्य अङ्गमि हलुका हातले छुना उत्पन्न हुन्या प्रतिक्रिया; गुद्गुदी; । उदा. लादामि काउकुति लायो भन्या हाँसो लाग्दो छ ।

**काउलो** - ना. रुखको बोक्रा; दाउनकोरूपमि काम आउन्या; कोद्या पिन्नाखि चाइन्या एक प्रकारको बनस्पति; । उदा. काउलो नहालि पिन्याको कोद्याका रोटा निका हुनाइन ।

**काखि** - ना. कोखि; काखा; काख; गोद; आफु अल्लिपन बच्चाखि राख्न हुन्या ठाँउ; । उदा. गाँउ-घरनान्का मुलाखि घुमाउन काखि लाउनु पड्डो छ । विप. कान ।

**काङ्रेस्** - ना. काँग्रेस; काङग्रेस; कुनै सङ्गठन वा प्रतिनिधिहरूको ठूलो जमघट; विशेष बैठक; दल विशेष; सम्मेलन; । उदा. अमेरिकामा काङ्ग्रेसको ठूलो महत्व रहेको छ ।

**काचो१** - ना. कर; तिरो; माणु पूजा अन्नाखि लायाको; । उदा. शैलेश्वरीका माडुमि पञ्चरात्रीको पूजा लाउनाखी गाउँल्पाबाट ११ रुप्या काचो लायाको छ ।

**काचो२** - वि. नपाक्याको; आदा मात्र पाक्याको; अपरिपक्क बुद्धि भयाको; । उदा. आम काचो खायो भन्या रगतमासि पड्डो छ ।

**काजि** - ना. आफु भन्ना ठूल्खा आदररे नान्काखि माया अरि भनिन्या एक विशेष शब्द; । उदा. मथिघरका काजि साहेव घर कैले आया ।

**काटाकाट्** - क.व्य. मारामार्; हानाहान्; कुटाकुट्; बाझाबाझ; भनाभन्; बोलाबोल्; । उदा. जातका बेला अठबिस्यारे पिखेती काटाकाट् हुनिछ । विप. मित्रता ।

**काट्याबाटो** - ना. सुगम वा सदर बाटो; बनायाको बाटो; माइसरे गाई वस्तु सजिसङ्ङ हट्नाखि बनायाको बाटो; । उदा. दश वस्स पछि हम्रा गाँउ-घर काट्याबाटो बन्याको छ । विप.पाउदण्डिबाटो ।

**कानु** - वि. आँखा नधेक्न्या; अन्धा; भित्र गुदि नभयाको; आखि नधेक्नया; आँखा फुट्याको; । उदा. रुखबाट लोटि जन्याले दुयै आँखा फुटायाका हुनाले सबै उइखि कानु भयाको माइस भन्ना छन् । विप.सानु ।

**कान्सो** - वि.कान्छो; सबुइभन्ना पछि जन्म्याको; कम उमेरको; । उदा. हरि घरको सबुइ भन्ना कान्सो माइस हो । विप.जेठो ।

**कापो** - ना. कसुइ बोटाबाट भरखर फुट्न लाग्याको हाङो; रुखको शाखा; । उदा. रुख झानबेला कापो निकोरि समाइ राख्ने

| | | |
|---|---|---|
| | | नत्र तल झडौला भनीपन बूडा माइस भन्ना छन् । विप. अखणी रुख । |
| **काफल्** | - | ना. हाड्या फल विशेष; पाहाडि ठाँउमा पाइन्या; नान्का गेडा भयाको; पाक्या पछि रत्छडो हुन्या; । उदा. आज गाँउ घरका ठूल्का माइस जति काफल् खान छाप्प्रो लिपन पारिवन गयाका छन् । |
| **कामलो** | - | ना. कम्मल; काम्लो; राडी; । उदा. बूठा-बूठी माइस जाडिका बेला कामलोको सौको हाली राख्ता छन् । विप. ओड्नु । |
| **कामि** | - | ना. फलाम आदिको काम अन्न्या जात; । उदा. छकालै कामिका घर झानु हुनैन । |
| **कामिलो** | - | वि. कामलायक; गुणयुक्त; सहयोगी; भन्याको मान्न्या; । उदा. कामिलो माइस कैइलै खड झानैन । विप.बेकामिलो । |
| **कामचोर** | - | वि. काममा ठग्न्या; काम छलीपन भाग्न्या; काम अऱ्याजसो अन्न्या; उदा. सुरेश कामचोर माइस हो । विप.कामअन्न्या । |
| **कारोवार** | - | ना. लेनदेन; व्यापार; उद्योग-व्यावसाय; । उदा. चीन खेलौनाको ठूलो कारोवार अन्न्या मध्यको एक प्रमुख देश हो । |
| **कालिकोट्** | - | ना. कर्नालि अञ्चलको एक जिल्ला । |
| **कालिज्** | - | ना.कालिच्; वन-कुकुडो; । उदा. कालिज्को मासु खानाले विराम निको हुनो छ । |
| **किच्चो** | - | ना. आईमाई माइसको जनेन्द्रिय; योनि; पुति; । उदा. चेलाचेली बनाउनाखि चाहिन्या महिलाको प्रमुख अङ्ग । विप.काड । |
| **किन्नु१** | - | ना. किन्नो; गाई-भैसाका हडम्मो लाग्न्या एक प्रकारको किडो विशेष; । उदा. दुद दिन्या गाई-भैसाखि किन्नु लाग्यो भन्या दुद थाक्तो छ । विप.लिखो । |
| **किन्न२** | - | स.क्रि.मोल तिरीपन लिनु; पैसा दिपन लिन्या काम; । उदा. जातमि आन्याको माल सामान सस्तो भया पन किन्नु हुनैन । विप.बेच्नु । |
| **किरमुलो** | - | ना. किरमुल्लो; किरमिल्लो; कमिलो; । उदा. किरमुलो आफुभन्ना दश गुना बढी ओजन बोक्न सक्तो छ । विप.हात्ती । |

**किर्तन्** - ना. भगवान्को भजन; स्तुति; पाठ; कीर्तन; । उदा. देवस्थली शैलेश्वरीको पन्चरात्रीका जातमि पाँच दिन सम्म ठूलो किर्तन् हुनो छ ।

**कुणो** - ना. कुरा; भनाई; । उदा. ठूला-बडा माइसको कुणो गाँउका सबै दाजु-भाइ सजिलै मान्ना छन् ।

**कुइडो** - ना. कुहिरो; कुइरो; त्वालो; हुस्सु; । उदा. कुइडो लाग्याका बेला चिलगाडिपन काँउडै ठोक्यला भनी अगासौडो उड्डैन ।

**कूनु१** - अ.क्रि. कुईनु; सड्नु; बिग्रनु; गन आउनु; । उदा. खानाखि आन्याको माल-सामान कूनु भन्याको निको हाइन । विप. नकूनु ।

**कूनु२** - ना.गडाको छेउ; बल्ल जोत्न नसकिन्या ठाँउ; । उदा. हलाको स्यो नलाग्न्या हुनाले गडाको कूनु निकोरि खन्नु पड्डो छ । विप.माभ्कँ ।

**कूनु३** - ना. कुम; कुहिनो; कुइनो; कुइनु; । उदा. रुखहै लोटिपन पौमल्याको हातको कूनु भाच्याको छ । विप.घुडो ।

**कुकुडो** - ना. कुखुरो; कुखुरा; । उदा. गाँउ घरम्मो कुकुडो बास्या पछि मात्र उजालो भया न भयाको थाहपाइनो छ ।

**कुकुड्याबैस** - ना. अल्लारे जवानी; उत्ताउलोपन; क्याअरुकसोअरु भन्न्या समय; । उदा. छोट्टा-छोट्टीले कुकुड्याबैसका बेला विचार पुऱ्याइ काम अन्नु पड्डो छ ।

**कुकुऱ्यौल्** - ना. अनुशासनहीनकाम; मर्यादाको उपेक्षा अन्न्याकाम; उसैपन भ्कगडा अन्न्याकाम; उदा.घर भित्र कुकुऱ्यौल् अन्नाले दुस्मन बल्ल्या हुना छन् । विप. मर्यादित् ।

**कुचि** - ना. चाबी; साँचो; ताल्चा खोल्न्या साधन; । उदा. आप्ना घरको कुचि सबुइका हात दिनु हुनैन । विप.ताल्चा ।

**कुच्चो** - ना. भ्काडु; कुचो; छारो भ्काड्नाखि बाब्या वा अन्य वस्तुबाट बनायाको एक साधन; । उदा. घर छारो भ्काड्नखि कुच्चो नभइ हुनैन ।

**कुटिरो** - ना. कुटुरो; पन्तुरो; वन भ्कान्या बेला फाको राखि लिन तयार बनायाको एक साधन; । उदा. वन भ्कान्या माइस कुटिरो वानी खान्या कुडा लैभ्काना छन् । विप.गुन्टो ।

**कुटो** - ना. गोलमेल अन्न बनायाको नानु फलामको हतियार; । उदा. सागपात गोड्न कुटो आवश्यक पड्डो छ । विप. बाँउसो ।

**कुट्या** - वि. हात गोडाका औंला नभयाको; सिंङ् नभयाको वा भाच्याको; । उदा.तम्रा गाँउको कुट्या राङो जुत्ति लाग्यो भन्या हार्न्या हो । विप. सिङ्ङो ।

**कुन्टो** - ना. अनारो ठाँउ; सुत्क्यारी बस्न्या ठाँउ; निकोरो उजालो नधेकिन्या ठाँउ; । उदा. काम अन्न्या माइसले कुन्टो खोजिपन बस्नु हुनैन । विप. उजालो पाङ् ।

**कुन्ट्याबाग्** - ना. नान्का मुलामुलि डराउनाखि भन्या शब्द; । उदा. ए मुलामुलियु डर मान्नाइन परम्मो कुन्ट्याबाग् बस्याको छ ।

**कुण्** - ना. नान्को जलाशय; पोखरी; पवित्र ठाँउ; । उदा. तीर्थ यात्रा अन्नया माइस कुण् हड धुन पायो भन्या खुसी हुना छन् । विप. धारा ।

**कुनाउडो** - ना. मास,गत,भट्ट आदिका कोसा चुटीपन गेडा छुट्याकाको भुस; । उदा. बर्खाका बेला गाई-गोरुखि कुनाउडो हाल्ला छन् ।

**कुनिक्यौल** - ना. वनभोज; आफुले रे आप्ना मन पड्न्या माइसखि मात्र बोलाइ खान्या विशेष परिकार; । उदा. चेली-बैनीहरू माइत आयाका बेला एक दाउल्या मिलीपन कुनिक्यौल बनाइ खाना छन् ।

**कुन्यूँ** - ना. कुनिउ; धानको खात; भकारी; । उदा. धानको कुन्यूँ पानी नजम्न्या निकाठौर लाउनु पड्डो छ ।

**कुम्भमेला** - ना. कुम्भ राशिमि वृहस्पति रे सूर्य एकैसात भयाका बेला एक महिना सम्म लाग्न्या बाह्रवर्षे मेला; । उदा. हरिद्वार,प्रयाग,नासिक,कुरुक्षेत्रमि बाह्र-बाह्र बस्समि कुम्भमेला लाग्दो छ ।

**कुराउनि** - ना. खुवा; दुद तताएर बाख्लो पाडि बनायाको खान्या कुडा; । उदा. गोठाला कुराउनि खान्या हुनाले अरु भन्ना बल्ल्या हुना छन् ।

**कुरिति** - ना. नराम्डो प्रथा; कुप्रथा; नराम्डो चलन; । उदा. दाइजाको कुरिति हम्रा समाजमि अइले सम्म रयाको छ ।

**कुकुच्चो** - ना. पैतलाको पछाडिपट्टिको भाग; गोली गाँठा भन्ना मुनितिरको साह्रो भाग; । उदा. पाहाड बस्न्या माइसको कुकुच्चो चड्याको हुनो छ । विप. पैतलो ।

**कुसल्** - वि. सिपालु; बाठो; चतुर; विरामी नभयाको; जान्न्या । उदा. प्रदिप कुसल् कालिगड हो । विप.खराब ।

**केला** - ना. केरा; कदलीफल; घडि । उदा. गर्मिका बेला केला निका हुना छन् ।

**कैकै** - क्रि.वि. कैकैखि; क-कसलाई; । उदा. यी सरकारका है आन्याका रूपया कैकै माइसखि दिनु हो ।

**कैखि** - क्रि.वि. कसलाई; । उदा. सवुइ सिन कल अन्यो भन्या भोल आप्नु माइस कैखि भन्नु हो ।

**कैतक** - क्रि.वि. कैल; कुनबेला; । उदा. तमे इस्कूल है घर कैतक आउन्या हौ ।

**कैतिर** - क्रि.यो. कतातिर; काँतिर; । उदा. नेपाल विश्वयुद्ध भयो भन्या कैतिर लाग्न्या हो ।

**कैद** - ना. भ्यालखाना; थुनुवा; वन्न अरिराख्या ठौर; । उदा. चोरी अऱ्यो भन्या पुलिस माइसखि कैद हाल्ला छन् ।

**कैलालि** - ना. सेती अञ्चलको एक जिल्ला ।

**कैलि** - वि. कैलो वर्ण भयाकी; । उदा. पारुको रङ्कैलो हुनाले उइखि सबै गाँउका कैलि भन्ना छन् ।

**कोइलो१** - ना. आँप आदिका फलको भित्रको भाग; चबाइ नसकिन्या भाग; । उदा. आँपका कोइलो खानु हुनैन । विप. आँप ।

**कोइलो२** - ना. अङ्डार; आगो निम्या पछिको; । उदा. आगो सल्काउनाखि कोइलो चाहिनो छ ।

**कोकाइ** - ना. काँचो कर्कलाको; पिँडालु आदि खाना कोक्किन्या काम; । उदा. काँचो पिँड्याउ खायो भन्या कोकाइ लाग्दो छ ।

**कोच्मड्याउनु** - स.क्रि. कसुइखि भकुण्डो जसो बनाइ कुट्नु; लुगा कपडा न बेडीपन राख्नु; । उदा. शत्रुखि सदाइ कोच्मड्याउनु पड्डो छ ।

**कोछेटो** - ना. हलो रे ओगका माझैनो राख्न्या दावो; काठको नानु ठुडो; उदा. हलि हलो निकोरि जोत्न्या बनाउनका लागि कोछेटो बल्यो बनाँउना छन् ।

**कोट** - ना. लुगाको बाहिरपट्टिट लगाउन्या एक प्रसिद्ध पोशाक; । उदा. कोट लायाको सबुइखि स्वानो छ ।

**कोसा** - ना.बोडी; केरा; मास; सिमी; भट्ट; गत; मोटर आदिका भित्र गेडा अन्या खोल; । उदा. मोटरका कोसा काचाइ खानापन निका हुना छन् ।

**कोसेलि** - ना. कसुइखि सम्झानारे चिनुका रूपमि दिन्या वस्तु; सौगात; । उदा. चेलीका घर कोसेलि लिपन मात्र झानु पड्डो छ । विप.खालीहात ।

**कौछो** - ना. काउछो; कम्छो; काउसो; हड्म्मो लाग्दा चिलाउन्या प्रकृतिको फलको झूस हुनया एक लहरे बनस्पति; । उदा. बेली जन्तका दिन मुलामुलीले कौछो फाल्नाले रातभरि हड चिलायो ।

**कौडा** - ना. कौडो; पासा; एक प्रकारको जुवा खेल्न बनायाका साधन; । उदा. पान्डवले कौडामि हाऱ्याको हुनाले बाह्रवर्ष वनबासरे एकवर्ष गुप्तवास बस्नु पड्यो । विप.तास ।

**कौडि** - ना. थोकाईमोलको मुद्रा; मूल्य कम भयाको; । उदा. अमेरिकी डलरका तुलनामि नेपाली रूपयाको महत्व कौडिकी जसो हुन्छ । विप.बहुमूल्य ।

**कौवा** - ना. काग; एक प्रकारको पन्क्षी विशेष; । उदा. काग त्यारका बेला कौवाखि खानाखि दिनु पड्डो छ ।

**कौसि** - घरको मथिल्लो तलाको बाहिरपट्टि बस्न बनायाको ठाँउ; बार्दली; । उदा. तम्रो कौसिमि बसीपन बाटो हेरि राख्याको छु । विप.पाखो ।

**क्या** - सर्व. के; प्रश्न अन्न्या वा सन्देहबाट मुक्त हुनका लागि प्रयोग हुन्या एक शब्द; । उदा. तमे याँ बसीपन क्या अद्दा छौ ।

**क्वा** - ना. कुवा; इनार; । उदा.हरिले पानीखि लागि पल्ला घर झाना पानी दिनुको सट्टा माइकि द्याको हुनाले उन्खि पानी नमागी क्वा खनि पानी निकाली पन मात्र भात पकाइ खायाको हो । विप. नल्का ।

**ख** - ना. देवनागरी वर्णमालाको दोश्रो व्यञ्जनवर्ण । यइको उच्चारण कण्ठबाट हुनोछ ।

**खकान्नु** - स.क्रि. खकार्नु; कानु; काँसिपन घाटीबाटसिङ्गान जसो ऱ्याल भयाको कफ निकाल्नु; । उदा. घाटी भित्र कफ जम्यो भन्या खकान्नु पड्डो छ ।

**खच्चिक** - ना. एक रौका भयाका पिडमि अझ कैइ चिजले छोइपन हुन्या अवस्था; । उदा. बेली भयाका पिडमि आज अझ खच्चिकलागि पन्ट निक्कि पिडभयाकि छ ।

**खचल्नु** - ना. थोकाइ पानी वा झोल पदार्थ भयाको भाँडो बोकीपन लिनबेलामि पानी हल्लिदा निक्लन्या अवस्था; । उदा. पूजा अन्नाखि आन्याको पानी खचल्नु हुनैन ।

**खच्पच्** - ना. अवरोध; बाधा; नचाइन्या कुडामि हुन्या खिचलो; खच्मच्; । उदा. मु अन्न लाग्याको काम ताराले खच्पच् अऱ्यो भन्यो निको हुन्या होइन ।

**खजाना** - ना. भण्डार; ढुकुटी; रूपया-पैसा राख्न्या ठाँउ; हातहतियार राख्न्या ठाँउ; । उदा. खजाना सबुइले धेक्न्या ठौर राख्नु हुनैन ।

**खटन्पटन्** - ना. कामको जिम्मालाउनु; खटाउन्याकाम; । उदा. असाडका मैना रोप्न्यारि,बाँउस्या,हलीखि खटन्पटन् अन्या सिपालु माइस चाइनो छ ।

**खटिरो** - ना. पिट्को; हडम्मो कुनै प्रकारको विकार पैदा भयो भन्या निक्लन्या फोको; । उदा. आप्नो सरसफाइ अरैन भन्या हडम्मा खटिरा निक्लना छन् ।

**खट्क्यालो** - ना. जैसी बाहुन; मल्लो जातबाट खस्क्याको; । उदा. प्यारुका वाले जैसी बाहुनकि चेली ब्या अन्नाले उइका सन्तानखि गाँउ घरका माइस खट्क्यालो बाहुन भन्ना छन् । उदा. उपाध्याय ।

**खड१** - ना. खर; बाबियोका जसा लामा-लामासिन्के पातहुन्या; घर,गोठ,छानु आदि छाउन काम लाग्न्या एक प्रकारको घाँस वा झार; । उदा. छानु छुनाखि खड किनी आन्नु पड्डो छ ।

**खड२** - ना. आदत; बानी; स्वाभाव; । उदा. मुला-मुलीको आजभोल जसो खड लायो पछिसम्म तसोइ खड रनो छ ।

**खड३** - क्रि.वि. खेरफानु; व्यर्थ; खाइपन्ट फिक्कै बच्नु; । उदा. भात लादाइनो जति हाल्या पन खड भन्या एक सितो हाल्न पाइन्या होइन ।

**खडि** - ना. सिलटमि लेख्न्या सुकिलो ढुङ्डो; । उदा. उइलेका माइस लेख्नाखि खडिमात्र पाउन्या हुनाले तइकै प्रयोग अद्दाछ्या । विप.फुल्टिन ।

**खडिक** - ना. नाक्का-नान्का खस्रा पात हुन्या एक प्रकारको वनस्पतिको रुख; मुसिना सुकिला गेडा फूलफुल्न्या; मर्चाका जत्रा गेडा लाग्न्या एक प्रकारको घाँसको रुख; उदा.पाहाडतिर खडिक काटिपन्ट गाईभैसाखि न्यार हाल्ला छन् ।

**खड्कास्ट** - ना. आपसमि मिलोमतो नहुनु; ब्या अन्नाखि माग्याकि ब्याउलीका घरग्रपन कसुइले कुडालाईपन्ट ब्यानहुनु; । उदा उइकि मौसित हम्रो पैलि धेकिनै खड्कास्ट पढ्याको छ । विप.मील ।

**खड्बडीनु** - अ.क्रि. अनियमित हुनु; बिग्रनु; मनमुटाव हुनु; सम्बन्ध बिग्रनु; गाईवस्तुले समयमि दुद नदिनु; । उदा. नमाइको बोलचाल भयो भन्नाइमा सम्बन्ध खड्बडीनु हुनैन ।

**खन्नु** - स.क्रि. खण्णु; खोद्नु; कुटा,कोदाला,बाँउसाले गडोखन्नु; । उदा. सबुइ खेती-किसानी अन्न्या माइसले मुङ्सिरका मैना बाँउसाले गडाका डिटभिटा निकोरिपन खन्नु पड्डो छ । विप.नखन्नु ।

**खति** - ना. नोक्सान; हानी; । उदा. भैसो किनीपन्ट आन्या बेला बाटाइ पडलोटि मन्नाले धौल्याको ठूलो खति भयो । विप. नाफा ।

**खतुकि** - वि. अपराधी; कसुरदार; हाडनाता करणीको दोषी भयाको; एक प्रकारको माइकि; । उदा.सबुइखि खतुकि भन्नु हुनैन । विप.भलाद्मी ।

**खतलखातल** - ना. केही बाँकी नराखी हेन्न्या काम; खोतल्न्या काम; । उदा. पुलिस जाँचका बेला विद्यार्थीका हात हात-हतियार छकि आछिन भनी निकोरी खतलखातल अद्दा छन् ।

| | | |
|---|---|---|
| **खत्खत्** | - | क्रि.वि. साँघुरो मुख भयाका भाँडाबाट पानी खन्याउँदा वा रोक्खिना आएन्या आवाज; । उदा. रीसले घडामिको पानी आगाइनो खत्खत् अरि खन्याउँनु निको होइन । |
| **खन्खनानु** | - | वि. स्वस्थ; तन्दुरुस्त; बिराम नभयाको; । उदा. विशाल आज सम्म खन्खनानु छ । |
| **खन्टि** | - | वि. साह्रै दुब्ली; पुड्की; । उदा. खन्टि बौजु आज वन गयाकि छन् । |
| **खन्टो** | - | ना. फुली; छिनट्याका नाकका दुलामि लाउन्या सिन्को; । उदा. नाकमिको खन्टो निको धेक्किनो छ । |
| **खन्ट्या** | - | वि.दुब्लो; सिकुट्या; पुड्क्या; । उदा. चन्द्रयाखि सवै माइस आज भोल खन्ट्या भन्ना छन् । |
| **खबर्दार्** | - | ना. कुनै काम अन्नबाट कसुइखि रोक्नखि प्रयोग अरिन्या एक शब्द; । उदा. ए राम्या खबर्दार् अब एक शब्द पनि भनी भन्या तेरो हालत खतम हुन्या हो । |
| **खप्तड्** | - | ना. खप्तडलेक; बझाङ,वाजुरा,अछामरेडोटी जिल्लाले छोयाको एक प्रमुख सङ्गम स्थल; सुदूर पश्चिमको पर्यटकीय स्थल; । उदा. जीवनमि एक पटक अवश्य पन खप्तड नसि झाया रमाइलो ठौर छ । |
| **खयो** | - | ना. खियो; फलाम वा अन्य कुनै वस्तुमि लाग्न्या कस; । उदा. खयो लाग्याको माल-सामन काम लाग्दैन । |
| **खरल्नु** | - | स.क्रि. खरेल्लु; पकाउन लायाको भात खरल्नु; तिउँन डाँडूले खरल्नु; । उदा. डिब्यामि पकायाको भात खरल्नु पड्डो छ, नत्र भात काँचो रनोछ । |
| **खरो१** | - | ना. ठण्नि वा गर्मीबाट हुन्या रे मुत पोल्लिन्या एक रोग; । उदा. घामका दिन दिनभरी हट्नले उइखि खरो भयाको छ । |
| **खरो२** | - | वि. स्टष्ट; सफा; मनैनो पाप नभयाको; खरो स्वाभाव भयाको; । उदा. रघुनाथ पूजारी खरो माइस हो । विप. खासखुस्या । |
| **खर्क** | - | ना. गाई-भैसाखि बनायाको अस्थाइ किसिमको गोठ; अस्थाइ चराउन्या ठौर; । उदा. गोठाला खर्कहै दुद,दईरेछाइका तुरी लिपन आउना छन् । विप. घर । |

**खलो१** - ना. मन्दिर प्राङ्गण; देवताको आराधाना अन्नाखि गाँउका सबै जम्मा हुन्या ठाँउ; । उदा. शैलेश्वरीको पूजा कसरि अन्या भनी गाँउका माइसले आज खलो भरऱ्याको छ ।

**खलो२** - ना. आँगन; खेतको धान जम्मा अरि चुट्न्या ठाँउ; । उदा. धान चुट्नाखि खलो निकारि गोवर माटाले लिप्याको हुन्छ । विप.जोत्याको गडो ।

**खलो३** - ना. दमाई,कामी,सार्की,हली आदिखि काम अऱ्या बाफत खलाबाट दिन्या अनाज; । उदा. हलीखि खलो निकोरि भरीपन दिनु नत्र अख्खा बस्स हली नपाइएला भन्ने डर हुन्छ ।

**खल्टि** - ना. पाकेटगोजी; जेब; बगली; कोट,कमिज,बुर्स्याईट आदिमि कपडाको नानु टुक्रा जोडि कैइ सामान राख्न सिलायाको; । उदा. घरबाट बाहिर झान बेला खल्टिको निकोरि हेर विचार अन्नु पड्डो छ ।

**खस्खसानु** - वि. स्पष्ट; सफा; भन्या जसो; ओडो पुडो नअरि; दाँयावाँयानअरि; । उदा. तुइले ल्याका मेरा रूपया भोलसम्म खस्खसानु अरि दिनु नत्र पुलिसखि भन्न्याहुँ । विप.आलटाल ।

**खस्टिपूजा** - ना. नवजात बच्चा छ दिन भया पछि अन्न्या देवीको पूजा; षष्ठी-पूजा; छैट; । उदा. जन्म्याका बच्चाको शान्तिका लागि छ दिनका दिन खस्टिपूजा अन्न्या चलन छ ।

**खस्स्या** - ना. क्षेत्रीखि अपमान हुन्या अरिपन्ट बोल्न्या शब्द; । उदा. ए खस्स्या तु आज काँहैआयाको होइ हमुखि भन्नैन । विप.बाहुन ।

**खा** - ना. खाने क्रिया; खानु; । उदा. ए चुन्मुन् तु छिटि भात खा इस्कूल झान्या वेला भैगयो ।

**खाइनु** - ना. हड पिडहुनु; हात खुट्टा खाइनु; । उदा. काम अरि खान्या माइसको खुट्टो खाइनु भन्याको ठूलो दुख पाँउनु हो । विप.सँन्चहुनु ।

**खाँकर** - ना. घोडाका घाँटीमि लाउन्या; नाच्न्या माइसका खुट्टाउडो लाउन्या घुङ्ुरा; । उदा. धौला घोडाको खाँकर डुड्या माडु बज्यो भन्या खौला सुन्निनो छ । विप.गलिम ।

**खाँचो** - ना. अभाव; हर्जा; आवश्यकता; । उदा. तम्रो भोल ठूलो खाँचो छ ।

**खाजा** - ना. चमेना; अर्नी; खाजाको लागि बनायाको चामल,गँउ,भट्टको परिकार; । उदा. गडाकुना झान्याबेला माइस खाजा लिपन झाना छन् । विप.खाना ।

**खाँदोलाउदो** - वि. हुन्या खान्या; धनी; खान्यापिँउन्या; खान्यालाउन्या; । उदा. सुशील खाँदोलाउदो पुग्याकी माइस हो ।

**खान्दानी** - वि. घरानीया; लाउनखान जान्न्या; सभ्यता भयाको; चालचलननिको भयाको; । उदा. मुकुन्द बाज्या खान्दानी माइस हुन् । विप.मूर्ख ।

**खानातार** - ना. खाना बनाँउनाखि अरिन्या तैयारी; । उदा. आगोबालि अदान लायापछि खानाको तार सुरुहुनो छ ।

**खाम्** - ना. लिफाफा; चिठ्ठी हाल्न्या ठाँउ भयाको; । उदा. चिठ्ठी राख्या पछि खाम् निकोरि पन बन्न अन्नु पड्डो छ । विप.झोला ।

**खामुँ** - ना. गैँट्याको मोटो काठ डन्डा,बलो,भाँटो,धुरी, पाँण वा चाकको भार थाम्न्या वा अड्काउन्या ठण्यायाको खामु; वा छाइ बनाउना डोरेँ बाँन्न्याँ बलो; खामो; घरभित्र अलग कोठा बनाउन हाल्याको बाण अड्काउन्या ठूलो खामो; पाँणबटी धुरिसम्मको खामुँ । उदा. पाहाडका घरभित्र खामुँ नभइपन हुनैन । विप.ओडासो ।

**खालि१** - ना. पानी जम्मा भयाको ठाँउ; पानी पोख्याको ठाँउ; उदा. भैसा घामले खालि पड्याका छन् ।

**खालि२** - वि. रित्तो; केइनभयाको; शून्य; हातउडो केइ नभयाको; । उदा. देशहै जया खालि हात घर आयो । विप.भरी ।

**खाल्लै** - ना. खान्या काम; खालास्; कसुइखि हेला अरिपन भन्न्या शब्द; । उदा. तु अख्खाका रूपया खाल्लै विचार अरेइ हात गोडा भाच्चिन्ना ।

**खासा** - ना. पूजा आदिमि चाहिन्यावस्त्रको मोटो सुकिलो कपडा; । उदा. शैलेश्वरीको पूजा अरि सक्या पछि खासाको आलम चडाउना छन् । विप.पोलिस्टर ।

**खोसेडो** - ना. बाहिरी बोक्रो; छिक्कल; बोकणो; बाद; । उदा. केलाका कोसाको खासेडो फालिपन्ट मात्र खानु पड्डो छ । विप.गुदी ।

**खिचडि** - ना. दाल रे चामल मिसाई पकायाको खाना; जथाभावीसङ्ङ राख्याको माल- सामान; । उदा. खिचडि हुन्या काम अन्नु हुनैन ।

**खित्का** - ना. ठूलो आवाज सहितको हाँसो; ओठ, मुखबाइपन्ट हास्याको अवस्था; । उदा. स्वाइनि माइसले खित्का छाडि हाँस्याको समाजका माइस निको मान्नाइन ।

**खिल्लि१** - ना. हाँसो उडाउनु; मजाक अन्नु; दिल्लगी अन्नु; । उदा. कमजो छ भनी कसुइको समाजमि खिल्लि अन्नु हुनैन ।

**खिल्लि२** - ना. चुरोटको एक छेडो; बीँडीको छेडो; । उदा. दोकान है सिग्रेटको एक-एक खिल्लि किन्नु भन्ना अखडि डब्बा किन्ना फाइदा हुनो छ । विप.डब्बा ।

**खिसिगाड्नु** - अ.क्रि. नक्कल अन्नु; अनुकरण अन्नु; जस्ताको तस्तै उतान्नु; चिटिङ् अन्नु; । उदा. अख्खाको खिसिगाड्नु हुनैन ।

**खीर्** - ना. दुदमि चामल,चिनी,नरिवल आदि मसला हाली पकायाको परिकार; । उदा. रूपया हुन्या माइस सादाइ खीर पकाइपन्ट खाना छन् । विप.फाडो ।

**खुकुरि** - ना. नेपालीको प्रसिद्ध हतियार; । उदा. अनुमति बीना खुकुरि बोकी हट्नु हुनैन ।

**खुच्केटि** - ना. खच्केटि; जाइलाग्न्या; निहुँ खाज्न्या; पिड भयाका ठाँउमि कैयले लागि अझ पिड हुनु; । उदा. खुट्टामि खुच्केटि लाग्नाले घाँउ आज सम्म निको भयाको आछिन ।

**खुट्टो** - ना. गोडा; पयर; पाउ; खुट्टा; । उदा. गल्ती अऱ्या पछि खुट्टो समाइ माफि माग्नु पड्डो छ । विप.मुन्टो ।

**खुदो** - ना. बाक्लो रे लस्सादार लेदो हुन्या अरि पकायाको इखुको रस; । उदा. तात्तो खुदो खानु स्वास्थका लागिपन निको हो ।

**खुरापाति** - वि. गड्बडी अन्या; खुराफाति; षड्यन्त्र अन्या; अख्खाखि असजि पाड्न्या; । उदा. खुरापाति माइस काँई काम लाग्दाइन । विप.इमान्दार ।

**खुरुक्क** - क्रि.वि. गड्बड्नअरि अन्न्याकाम; । उदा. तमे अइल खुरुक्क घर भ्काऊ ।

**खुसुक्क** - क्रि.वि. अख्खाले था नपाउन्या अरि भ्कानु; गोप्य रूपले; । उदा. भ्कगडा भयाका ठाँउबाट खुसुक्क भाग्नु पड्डो छ ।

**खेदो** - ना. शत्रुतावश अख्खाको अहित हुन्या काम; धपाउनु; लखेट्नु; । उदा. बिना कारण अख्खाको खेदो अन्नु राम्डो होइन ।

**खैला** - वि. राम्डो नश्लको; बल्यो; शरीर मिल्याको; । उदा.उइको कालो किन्याको बल्ल खैला हो ।

**खोजिनिति** - ना. खोजखबर; हेरचाह; । उदा. बिरामी भयाका माइसको खोजिनिति भएन भन्या अकालै मरन हुनो छ ।

**खोटो** - ना. सल्लाको चोप; लिसो; । उदा. चिप्काउन वा टाँस्नाखि खोटो चाइनो छ ।

**खोडो** - ना. कुनै वस्तुको नानको डल्लो; मिस्सि,गुड आदिको नानु डल्लो; । उदा. घाम भयाका बेला पानीसित एक खोडो मिस्सि खायो भन्या शीतल हुनो छ ।

**खापो** - ना. माल-सामन राख्न बान्नाम्मो बनायाको एक प्रकारको दुलो; । उदा. पाहाड घर बनाउन्या बेला खोपो राख्न लगाउनु पड्डो छ ।

**ख्याउटि** - वि. पतलो शरीर भयाकि; दुब्ली; । उदा. पवित्राखि ख्याउटि भन्ना छन् । विप. मोटी ।

**ख्याउटो** - वि. पतलो शरीर भयाको; दुब्लो; । उदा. केशवखि ख्याउटो भन्ना छन् । विप. मोटो ।

**ख्याठट्टा** - ना. हाँसो अन्नु; मजक अन्नु; । उदा. जैतक पायो उइतक ख्याठट्टा अन्नु हुनैन ।

**ख्यास्सिनु** - अ.क्रि. तिरस्कृत हुनु; उपेक्षित हुनु; तलपड्नु; हार्नु; । उदा. ठूला माइसले ख्यास्सिनु पड्न्या काम अन्नु होइन ।

**ग** - ना. देवनागरी वर्णमालाको तेश्रो व्यञ्जनवर्ण । यइको उच्चारण कण्ठबाट हुनोछ ।

**गँछचाउनु** - स.क्रि. गाँछ्नु; जोड्नुचुन्न्याको कुडा जोड्नु; । उदा.उइको चुन्न्याको लाम्लो दाँउरा आन्न बेला गँछचाउनु पड्यो । विप. चुड्नु ।

**गण्याल्** - ना. चिप्ले किडो; शङ्खे किडो; बस्सका बेला निक्लन्या रे निक्लन्या बेला नान्नाक्का दुई सिङ् निकाल्न्या एक प्रकारको कीडो; । उदा. बर्खा मास गण्याल् धेक्किना छन् ।

**गउँत्** - ना. गाईको मूत; गोमूत्र; गौत; पञ्चगव्य मध्ये एक; । उदा. हिन्दू परम्परामि माइस चोख्खिनाखि गाईको गउँत् खाना छन् ।

**गजा** - ना. ढोलीले ट्याम्का वा दाईना बजाउन्या बेला प्रयोग अन्न्या एक किसिमका ठुडाबाट बनायाका सामान; । उदा. दाईनो बजाएनाखि गजा बल्ल्या चाहिना छन् ।

**गज** - ना. दुई हात; तीन फुट वा साढे एकानब्बै सेन्टिमिटर जतिको परिणाम; कपडा नाप्ने साधन; । उदा. कपडाका दोकानमि गज राख्याको हुन्छ ।

**गजबार्** - ना. ढोका बन्न अन्न्या आडो; । उदा. द्वार भित्रबाट बल्ल्यो अरि बन्न अन्नाखि मोटो रे बल्ल्यो गजबार् आउनु पड्डो छ । विप. साङ्लो ।

**गर्जल** - ना. ढुङ्गाइढुङ्गा भयाको ठाउ; ढुङ्गाको खात; ढुङ्गाको साङ्ट; । उदा. गाडम्मो हट्न्या बेला खुट्टो गर्जल पड्ला निकोरी हटिपन घर आया । विप. काट्याबाटो ।

**गुर्जो** - ना. गोरु धम्कोलाग्दा ख्वाउन्या लरावालो ओख्तो; । उदा. गोरु काँसोलागि बिरामी भया भन्या गुर्जो ख्वायो भन्या निको हुनो छ ।

**गट्टो** - वि. नराम्डो; ननिको; फुर्चो; फुच्चो; राम्डो गुण नभयाको; । उदा. काई काम नलाग्न्या चोर, बदमास, फटाहा माइसखि सबै गट्टो मान्ना छन् । विप. निको ।

**गड्खेत** - ना. गाडका नजीक भयाको खेत; । उदा. गड्खेत भयाका ठाँउ खेतीपाती निको हुनैन । विप.सेरो ।

**गडो** - ना. खेतबारी हुन्या ठाँउ; गरा; । उदा. खेतीपातीका नाउँमि एक गडो मात्र छ ।

**गण्डकि** - ना. गण्डकी अञ्चलको एक प्रसिद्ध नदी; । उदा. गण्डकि नदीमी शालीग्राम बनाइपन्ट पुज्न्या ढुङ्गो पाइनो छ ।

**गताडि** - ना. गत बुन्या ठाँउ; गत उम्न्याको ठाँउ; । उदा. लेकको गताडि सबुइको हकलाग्न्या ठौर हो ।

**गतानि** - ना. गतको तिउन; खटिरो पाकीपन निक्लन्या पिप; । उदा. जाडिका बेला गतानिको तिउन निको हुनो छ ।

**गद्‌गद्** - क्रि.वि. खुसीले बोली बन्न हुन्या अवस्था; । उदा. विशाल जाँचमि पास हुनाले सुशीला खुसीले गद्‌गद् भई ।

**गद्दार्** - वि. उपद्रव मचाउन्या; बेईमान; धोकेवाज; । उदा. आफन्तखि धोकादिन्या माइस गद्दार् हो । विप. हितैसी ।

**गनाउनु** - अ.क्रि. दुर्गन्ध आउन्या; गनाउनो; फोहरी हुनु; । उदा.लुगा नधोईपन हड गनाउनु शरीरका लागि हानीकारक हो । विप.बास आउनु ।

**गनाउन्या** - ना. घाँस विशेष; हानीकारक एक प्रकारको झाड; । उदा. आजभोल गनाउन्या झाडले निको ठाँउ पनि बिगाड्को छ ।

**गनापट्ट** - वि. धेरै दुर्गन्ध; झिक्कै गन आउन्या; । उदा. यो बाटो सरसफाइ नअन्नाले गनापट्ट भयाको छ । विप.सुगन्ध

**गन्** - ना. दुर्गन्ध; । उदा. पौला लायाका गोडाका धोयैनभन्या गन् आउनो छ । विप.बास ।

**गन्‌गन्** - ना. किताव पड्न्या बेला स्पष्ट नहुन्या बोली; मुटो अन्नु; फतफत; कच्‌कच्; । उदा. नान्का मुलामुली आप्ना इजा-बुआसित दिनदिनै गन्‌गन् अद्‌दा छन् ।

**गन्जागोल** - ना. बर्बाद; अव्व्यवस्थित अवस्था; । उदा. पाँच बस्ससम्म क्याम्पसको हिसाब किताब नमिलायाको हुनाले गन्जागोल भयाको हो ।

**गफाडि** - वि. झिक्कै कुडा अन्न्या; गफी; गफास्टिक; । उदा. गणेश गफाडि माइस हो ।

**गम्कनु** - अ.क्रि. रूप,बल,धन आदिले सम्पन्न भैपन मात्तिनु; । उदा. आफूसङ्ङ सबै कुडा छ भनि पन्ट गम्कनु निको होइन ।

**गम्भीर** - वि. शान्त; धीर; । उदा. ठूला माइसले गम्भीर हुनु पड्डो छ । विप.चुल्‌बुल् ।

**गर्खाल** - वि. जुझारु; बल भयाका; । उदा. क्षेत्रीखि गर्खालपन भन्ना छन् । विप. बाहुन ।

**गलो** - ना. कण्ठ; घाँटी; गला; टाटु; गर्धन्; । उदा. दिदी-बैनी भाईटीकाका दिन आप्ना दाजु- भाजाखि गलो भरी माला हाली दिनि छन् । विप.खुट्टो ।

**गल्** - ना. सब्बल; कुनै गह्रुङ्गो वस्तुलाई पल्टाउन वा उप्काउन प्रयोगमि आउन्या फलामको वा ठुडाको दह्रो डन्डी; । उदा. बाडि गडामिको ठूलो ढङ्गो पल्टाउनाखि गल् हाल्नु पड्न्या हो ।

**गल्क्या** - वि. भिक्कै पाक्याको; । उदा. जसुकाइज्रका छानाका अम्भा पाकिपन गल्क्याका छन् । विप. ठिन्ना ।

**गल्बन्दि** - ना.मफ्लर; गल्बन्नी; । उदा. कान जाडि भयो भन्या गल्बन्दि लाउनु निको हो ।

**गल्या** - वि. गलेको; थाक्याको; जोत्यो भन्या नहट्न्या बल्ल; । उदा. हलिखि असाडका मैना गल्या बल्लले निकोरि गलायो । विप.हट्न्या ।

**गाँछ्गुछ्** - ना. टुक्राटुक्री जोडिपन एकै बनाउनया काम; । उदा. घाँस बान्न बेला जेउडो चुन्निनाले गाँछ्गुछ् अरिपन काम चलाउनु पड्यो ।

**गाँज्रो** - ना. गाज्रो; गँजरो; भत्क्याको; समाप्त; नाश; । उदा.प्यारुको मल्लो घर गाँज्रो भयाको छ ।

**गाँजा** - ना. भाङाका बोटाबाट उत्पन्न हुन्या; लागू औषधी; । उदा. गाँजा खेती अन्नु कानून विपरित हो ।

**गाँठो** - ना. आख्लो; धागोले जेलियाको डल्लो; । उदा.बाँसको गाँठो बल्ल्यो हुनो छ ।

**गाँठचा** - निपा. आफू भन्ना नान्का माइसखि माया अरि बोलाउन्याँ शब्द; । उदा. पल्ला घरको चुन्या गाँठचा मुला छ त्यो ठूलो भई अरि सक्न्या होइन ।

**गाँस्** - ना. एक रौका मुख भित्र हालि खान्या कुडाको परिणाम; । उदा. आज मु एक गाँस् मात्र भात खान्या हुँ । विप.थला ।

**गाजो** - ना. मुसिना सिन्काजसा भयाको घाँस विशेष; सुक्याको घाँस; । उदा. गाजो काट्न्या बेला खानाखिपन समय हुनैन ।

**गाड्** - ना. नदी भन्ना नान्को पानी बग्न्या वा हुन्या अवस्था; । पाहाड गाड्का पानीले घट्ट चल्ला छन् । विप. नदी ।

**गात्१** - ना. मन्दिर भित्र देवी-देवताको मूर्तिमि चडाइन्या सुन, चाँदी, कपडाको पणिाम; । उदा. मुइले आफूले चितायाको भया पछि शैलेश्वरीको गात् बान्याको छ ।

**गात्२** - ना. आफू भन्ना ठूला माइसखि सन्चो विसन्चोका वारेमि सोध्नका लागि प्रयोग अरिन्या शब्द;  । उदा. काजी साब् हजुरको गात्मा सन्चैछ ।

**गादो** - ना. पोल्टो; कपडाखि दौडा रे छड्क्या अरि शरीरमा लाउन्या लुगा;  । उदा. जाडि भयाका बेला ओड्नाको गादो पाडिपन माइस आप्नु गुजारा अद्दा छन् ।

**गानु१** - ना. वायु विकारबाट उत्पन्न हुन्या लादाको रोग; गोलो; शूल; डल्लो;  । उदा. लादा गानु उठ्यो भन्या निकी साइति हुनि छ ।

**गानु२** - वि. पुड्क्या; डल्ल्या; नबाड्न्या;  । उदा. पुड्क्या माइसखि गानु भनी बोलाउना छन् ।

**गाब** - ना. गर्भको बालक; जनावर आदिका लादा भित्रको सानो आकारको गर्भ;  । उदा. पडमिहै भैसो लोट्नाले उइको गाब मऱ्याको आयो ।

**गाम्गुम्** - ना. भित्रभित्रै चल्याको हल्ला; खासखुस; कुडा लुकाउन्या उद्देश्यले एकदमै चुपचाप लाग्न्या काम;  । उदा.भिक्क गाम्गुम् अन्नु निको होइन । विप.हल्लाखल्ला ।

**गारो** - ना. घर,मन्दिर,छानु आदि निर्माणमा प्रयोग हुन्या गिलो माटो;  । उदा. घर बनाउनाखि बनायाको गारो निकोरि मिच्नु पड्डो छ ।

**गाला** - ना. मुखको दाहिने-देब्रे दुबैतिरका पाखा; माइसखि निको धेकिन सहयोग पुऱ्याउन्या साधन;  । उदा. भोट्यानिका गाला राताराता स्याउ जसा धेक्किनाछन् ।

**गास्** - ना. मुखमि अटाउँन्या गाँस;  । उदा. भातका गास् ठिक्कका हाल्नु पड्डो छ ।

**गिजा** - ना. मुखकोदाड्डा रन्या ठाँउ वा अवयव; दाड्डाको जडाको वरिपरिको रातो मासुको भाग;  । उदा. सधाइ दाँत माज्यैन भन्या गिजा गनाइपन मुखपन गनाँउनो छ ।

**गिदडो** - ना. नाकभित्रमि जम्मा भयाको सुक्याको सिङ्गान;  । उदा. नाक भित्रको गिदडो निकाली राख्नु पड्डो छ ।

**गिद्द१** - ना. गिद्दी; मुन्टा भित्रको खप्पर भित्र रन्या एक पदार्थ;  । उदा. गिद्द नहुन्या माइस काम लाग्दैन ।

**गिद्द२** - ना. गिद्ध; मऱ्याका प्राणीको मासु खान्या एक जातको ठूलो पंछी; । उदा. गिद्धले नान्नान्का कुकुडाका चल्ला लिपन खानो छ ।

**गिलास्** - ना. ठेक साङुडो रे मुख खुल्याको धातुबाट बन्याको पानी,चिया,दुद खान बनायाको एक विशेष प्रकारको वस्तु; । उदा. उइलका राजा-महाराजा सुनका गिलासमि पानी खानाछ्या । विप.बट्क्या ।

**गिल्लि** - ना. हाँसो; मजाक; ठट्टा; हेला । उदा. अख्खाको गिल्लि उडाउनु हुनैन ।

**गीद्** - ना. गीत; लय हालिपन गाइन्या भावप्रधान रचना; । उदा. घसारि रे गोठाला लेक गीद् गाउना छन् ।

**गुजारा** - ना. जीविका; काम चलाउनु; थोकाइले पन पुगाउनु; । उदा. आफूसङ्ङ ज्या छ तन्ने गुजारा अन्नु पड्डो छ अख्खाको आशा अन्नु हुनैन ।

**गुटिमुटि** - क्रि.वि. हात खुट्टा नधेक्किन्या अरि कपडा ओडिपन सिन्या काम; । उदा. जाडिभै भन्या माइस सिरगको गुटिमुटि अरि सिना छन् ।

**गुड्** - ना. इखुको रस पकाइपन बनायाको गुल्ल्यो पदार्थ; वाटुलो आकारको भेली । उदा. सोराड्या गुड् खानाखि निको हुनो छ ।

**गुड्गुड्** - ना. पानी राख्याको हुक्कामि तमाखु हालि नलीले तान्न बेला निक्लन्या एक प्रकारको आवाज; । उदा. हुक्कामि चिलिममिलाई नलीले तमाखु खान्या बेला गुड्गुड् आवाज आउनो छ ।

**गुदि** - ना. सार तŒव; फल भित्रको कम्लो पदार्थ; । उदा. नान्का बच्चाखि रे दाड्डा नहुन्या बूढा माइसखि गुदि मात्र खान दिनु पड्डो छ । विप.बोक्डा ।

**गुन्यू** - ना. गामन; फरिया; पेटिकोट जसो नडो हाली लगाइन्या एक किसिमको कपडा; । उदा. उइलकि आइमाइ चौबिस् हात गामनको गुन्यू लाउनिछी । विप.चोलो ।

**गुराउँस्** - ना. गुराँस; गुरौंस; नेपालको राष्टिय फूल । उदा. गुराउँस्का फूलको ओख्तोपन हुनोछ ।

**गुला** - ना. अण्डकोष; गुलो; लोग्न्या माइसको जनेन्द्रियको सहयोगी; । उदा. लोग्न्या माइस सबुइका दुई गुला हुनाछन् ।

**गुलाम्** - ना. नोकर; तासको एघारौं पत्ती; । उदा. कसुइको गुलाम् बन्नु हुनैन । विप.मालिक ।

**गडो** - ना. अन्न वा सागपात उब्जाउ हुन्या ठाँउ; । उदा.सागपात लाउनाखि सेरामि मेरो ठूलो गडो छ ।

**गेरु** - ना. रच्छडो; फुस्रो; रातो रङ्‌को एक प्रकारको कम्लो ढुङ्गो; । उदा. जोगी गेरु रङ्‌का कपडा लाउना छन् ।

**गैलो** - वि. गहिरो; गम्भीर प्रकृतिको; । उदा. मदेश पानी निकाल्न्या कुवा गैलो बनायाको हुन्छ । विप. मथलो ।

**गोजि** - ना. बगली; खल्ती; खल्टी; जेब; । उदा. रूपया-पैसा राख्नाखि सबुइले प्यान्ट-बुर्स्याइटमि गोजि लायाका हुना छन् ।

**गोठ** - ना. गाई-भैसा बान्न्या ठौर; । उदा. गाई-भैसा पाल्न्याले गोठ ठूल्को बनाउनु पड्ढो छ । विप.पाड ।

**गोठहाल्नु** - वि. कसुइखि गोठ थुन्न्या काम अन्नु; मुर्ख; । उदा. पौमल्या ठूल्को भयापन केइ नजान्या हुनाले सबुइ उइखि गोठहाल्नु माइस भन्ना छन् । विप.पाडहाल्नु ।

**गोडा** - ना. खुट्टा; पाउ; पाद; । उदा. गोडाले हट्नाले माइसको शरीर फूर्तिलो रइरनो छ । विप.मुन्टो ।

**गोद्** - ना. काखि; काख; । उदा. नान्का बच्चाखि गोदमि बसालि राख्ता छन् । विप.पिठी ।

**गोरस्** - ना. गाई वा भैसाको दुदबाट बन्न्या पदार्थ; दुद; दई; छाई; । उदा. पाहाडतिर प्रायः सबुईका घर गोरस् हुनो छ ।

**गौरा** - ना. सुदूरपश्चिमका स्वाईनि माइसले मनाउन्या एक प्रकारको विशेष जात वा पर्व; लोग्न्या,चेला रे घर परिवारको सुख,समृद्धि एवं दीर्घायूको लागि स्वाइनि माइसले शिव-पार्वतीको उपासना अरि मनाउन्या पर्व विशेष; । उदा. घर वाइर गयाका सबै माइस गौराका बेला घर घर्रिना छन् ।

**गोर्खा** - ना. गण्डकी अञ्चलको एक जिल्ला ।

**गोर्ख्यालौडि** - ना. बेतको घुङ्ड्या लठ्ठीले घाटिउडो रे नल्ल्याठाउडो हडाउस्या हाली अपराधीखि दिन्या सजाय; । उदा. बेली बासा मुख्याले चोरखि गोर्ख्यालौडि हालीपन समायो ।

**गोलो** - ना. कुर्मुला,अरिङ्‌झाल,झिउँडा आदिले बनायाको गुँड; । उदा. अरिङ्‌झालको गोलो धेक्यो भन्या मुलामुली डराउँनाछन् ।

**गोसाइँ** - ना. गुसाइँ; मालिक; सरकार; गोसाइँज्यू; अछुत मानिन्या जातका माइसले आफु भन्ना मथिल्ला जातका माइसखि सम्बोधन अन्या एक विशेष शब्द; । उदा. ओ गोसाइँ मुखित आज बासा पन खानाखि माना आछिन नमाइ धान रे गउँ पाया हुन्याछ्यो ।

**गोसि** - ना. आप्ना लोग्न्याका भाइ वा बैनीखि सम्बोधन अन्या शब्द; । उदा. मुसित कोइ जन बोल आज गोसिखि ईस्कूल लाउना बार भयाकि छ । विप.जेठी-जेठानी ।

**ग्वानिक** - ना. विशेष तिथि वा पर्वमि पितृहरूका निम्ति छुट्याइयाको शुद्ध खान्या कुडा; । उदा. सरादका बेला गोठ ग्वानिक दिपन मात्र आफुले खाना खानु पड्‌डो छ ।

**ग्वालो** - ना. गोठालो; गाई-भैसाको रेखदेख वा हेरचाह अन्या माइस; । उदा. ग्वालो निको भयो भन्या गोरु-भैसा सरुखान पाउनाइन । विप.ग्वालि ।

**घ** - ना. देवनागरी वर्णमालाको चौथो व्यञ्जन वर्ण; यइको उच्चारण कण्ठबाट हुनोछ ।

**घँगारु** - ना. घङारु; नान्नान्का पात रे सुकिला फूलमि राता बाटुला गेडा लाग्न्या एक प्रकारको फल; । उदा. लेक घँगारुका ठूल्ठूला बोटा हुनाछन् ।

**घँस्यारि** - ना. घसारि; घँसारि; घाँस काट्न्या माइमाई माइस; घाँस काटिपन गुजारा अन्या स्वाइनि माइस; । उदा. घँस्यारिखि खानाखि पन समय हुनैन । विप.घँस्यारो ।

**घगडान्** - वि. भिक्कै सिपालु; निपुर्ण; जान्या माइस; । उदा. देवकोटा आप्ना विषयका घगडान् विद्वान् माइस हुन् । विप.लद्‌दु ।

**घटस्थापना** - ना. नौ दिन सम्म देवीको पूजा अन्नका लागि कलश स्थापना अन्नु; । उदा. चैत्या अठ्ठमीमि शैलेश्वरीको पूजा-पाठ अन्न घरमिघटस्थापना अ‍र्याको छ ।

**घटिया** - वि. कमसल खालको; खराब; बद्‌मास्; नराम्डो; । उदा. गाँउको पुन्या रे देव घटिया माइस हुन् । विप. राम्डो ।

**घट्ट** - ना. जौ,गउँ,कोद्या आदि अन्न पिन्नका लागि बनायाको पानीबाट चल्न्या ढुङ्‌ङाको एक यन्त्र; । उदा. पाहाडतिर घट्टबाटै धुलो पिन्न्याकाम अद्दा छन् ।

**घट्याकुलो** - ना. घट्टेकुलो; घट्ट चलाउनाखि बनायाको कुलो; । उदा. पिडिखेत तल्तिरको घट्याकुलो निको बनायाको हुनाले भत्कीनैन ।

**घडि१** - ना. समय बताउन्या एक यन्त्र; । उदा. आजभोल सबुइका हातमि घडि हुनो छ ।

**घडि२** - ना. केला; केरा; । उदा. भाइ त्यारका बेला खानाखि लागि प्रायः घडि हुन्याले पकाइपन राख्ता छन् ।

**घडो** - ना. गाग्रो; पानी आन्नाखि वा राख्नाखि  तामा,पितल,गिलट आदि धातुबाट बनायाको एक विशेष वस्तु; । उदा. व्याका बेला प्रायः चेलीखि घडो दाइजो दिनाछन् ।

**घड्बडाहट्** - ना. घबराहट्; हड्बड्; आतुर; । उदा. परीक्षाका बेला घड्बडाहट् अन्नु हुनैन ।

**घण्टि** - ना. ईस्कूलमि समयको भयाको जनाउन बजाउन राख्याको एक साधन; । उदा. ईस्कूलमि कलासको समय अनुसार पिउनले घण्टि बजाउँनो छ ।

**घरिना** - ना. गृहणी; स्वाइनी; । उदा. घरिना नभयाको घर काम लाग्दैन ।

**घरीनु** - अ.क्रि. बाइरबाट वा देशबाट घर आउन्या काम; समयमै घर आउनु; । उदा. बासाइतक सबुइले समयमै घर घरीनु पड्‌डो छ । विप.बाइरीनु ।

**घर्पाइक्** - ना. घरको नजिक; घरलाई; घररिब । उदा. वागेश्वरीको नौकरी घर्पाइक् छ ।

**घर्पैंसो** - ना. नौला घर भ्फानु; नौला घर बस्नु; व्या अरिपन व्वारीखि घर भित्र आन्नु; । उदा. घरपैंसो निका साइतमि अन्नु पड्‌डो छ ।

**घाँटि** - ना. गर्दन; घोक्रो; घिचट्‌टो; । उदा. खाना खान्या बेला घाँटिमि हान्नु हुनैन ।

**घाँट** - ना. देवताखि चडाउन्या; पूजा अन्नबेला बजाउन्या; । उदा. आप्नु मनकामना पूर्ण अन्नाखि भाक्कल अऱ्यापछि माडुमि घाँट चडाउना छन् ।

**घाँडो** - ना. गाई-भैसाका घाँटिनो झुड्याउन्या वस्तु; उदा. भैसा लेक लिन्या बेला ठूलो घाँडो लाउन्या अद्दा छन् ।

**घाट** - ना. नदी तन्नाखि बनायाको एक प्रकारको पुल छेउको ठाँउ; । उदा. घाटखि माइस बसिराख्ता छन् ।

**घान** - ना. एकैरौका भुटिन्या,कुटिन्या,सुकाइन्या अन्न आदि वस्तुको परिणाम; । उदा . मुना सदाइ ईस्कूल एक घान धान ओख्लइना कुटिपन झानिछ । विप.सुप्पो ।

**घुँडा** - ना. जाङ्डा रे पिँडौलाका बीचको सारो डल्लो परि उड्याको जोड्र्नी; । उदा. नान्का मुलामुली घुँडा टेकीपन हट्टा छन् । विप.मुन्टो ।

**घुगुत्ति** - ना. आफू उतानु पडिपन दुर्यखुट्टा घुमुच्याइपन खुट्टामि नान्का मुलामुली राखि अगास अरि खेलाउन्या एक प्रकारको खेल; । उदा. बच्चा घुगुत्ति खेल्न पायो भन्या रमाउना छन् ।

**घुच्चि** - ना. पैसा खोपा भित्र हाल्न रे ढ्याकले पैसाखि हानीपन जित्न्या खेल; । उदा. बिग्ड्या विद्यार्थी ईस्कूल झान्या बेला बाटाउडा घुच्चि खेल्ला छन् ।

**घुतो** - वि. फलले निउड्याको हाङो; पाकिपन लटरम्म भयाको घुतो; । उदा.वनबाट चेलाचेलीखि खानाखि बन्सुडाको घुतो टिप्पीन आन्याको छ ।

**घुन** - ना. गउँ,मकै,कोद्या,गत,भट्ट आदिमि लाग्न्या एक प्रकारको कीडो; । उदा. घुनले खायाका मकैका रोटा निका हुनाइन ।

**घोरीनु** - अ.क्रि. केइ कुडा सोच्न लाग्नु; चिन्तित हुनु; । उदा. झिक्कै घोरीनु स्वास्थ्यको लागि निको होइन ।

**घोल** - ना. गुँड; चडाको घर; । उदा. बासाइतक चडा जाबाटपन आप्ना घोल आउना छन् ।

**घोचाल्नु** - अ.क्रि. तल फाल्न्याकाम; झडाउन्याकाम; । उदा. पडमिहै कसुइखि पन घोचाल्नु हुनैन । विप. उठाउनु ।

**घोस्या** - वि. केइ नबोली झोक्रिपन बस्न्या माइस; अनारो मुख बनाइ राख्न्या; । उदा. घोस्या माइस निका हुनाइन ।

**ङ** - ना. देवनागरी वर्णमालाको पाँचौ व्यञ्जन अनुनासिक वर्ण; यइको उच्चारण नाकबाट हुनोछ ।

**ङिच्च** - क्रि.वि. दाडा धेकाइपन हाँस्न्या; टिठलाग्दो; । उदा. ठूला माइस बस्याका ठाँउ ङिच्च अरि हाँस्नु हुनैन ।

**च** - ना. देवनागरी वर्णमालाको छैटौं व्यञ्जनवर्ण; यइको उच्चारण तालुबाट हुनोछ ।

**चँउर** - ना. देवी देवता वा राजामहाराजाहरूखि हम्कनाखि चौरीगाईका पुछबाट बनायाको; । उदा. आजभोल असलि चँउर भ्किक्कै अकरो भयाको छ ।

**चक्चक्या** - वि. चुल्बुल्या स्वभाव भयाको माइस; । उदा. पल्ला घरको राम चक्चक्या स्वभाव भयाको माइस हो । विप.शान्त ।

**चक्कर्** - ना. रिँडाटा; रिगाटा; फन्को; फरो; परिक्रमा; घेरा; । उदा. च्याउ खानाखि विष्नु सदाइ दोकानको चक्कर् लाउनो छ ।

**चक्र** - ना. आँलाका टुप्पामि भित्रबाट धेक्किन्या घुर्मुरियाका रेखा; । उदा. दशै आँलामि चक्र हुन्या माइस भाग्मानि हुनो छ । विप.शंख ।

**चखाउनु** - प्रे.क्रि. चाख्न लाउनु; बालख्खका मुखउडो अन्नलाईपन भाच्चखाइ अन्नु; । उदा. भाच्चखाइ अन्नबेला सुन वा चाँनीका भाँडाले अन्न चखाउना छन् ।

**चङ्ख** - वि. चङ्ख्या; बाठो; चतुर; हलुको; फट्टी; । उदा. प्रदिप गाँउको सारै चङ्ख माइस हो । विप.बकम्फुस्या ।

**चखेवा** - ना. चकुवा; कविहरूले प्रणय वियोगको उपमा दिन्याबेला भ्किक्कैजसो प्रयोग हुन्या एक प्रसिद्ध चडो; । उदा. जोई-पोईको मायाप्रिती चखेवाका जसो हुनुपड्डो छ ।

**चच्च१** - ना. चापलुसी; पटाइमान्नु; कसुइखि असजि भयाका बेला सहानुभूति दिन प्रयोग हुन्या ध्वन्यात्म शब्द; । उदा. सोनुको गाईहरायाको खवर पायापछि मोनुले मुखले चच्च अरि सान्त्वना दिन खाज्यो ।

**चच्च२** - वि.वो.बिस्याको; बिग्ड्याको; भूलभयाको; आफूबाट गल्ती भयाको आदि विषयमि पच्ताउन्या बेला प्रयोग हुन्या एक ध्वन्यात्मक शब्द; । उदा. ईस्कूल फुल्टिन बिस्सिपन घर आया पछि सुशीला चच्च अरि रुन लाग्याकिछि ।

**चटनि** - ना. लेदो भययाको अचार; टामटर,आलु,भिडापोलि सिलौटामि पिनीपन भात रोटासित खानाखि बनायाको परिकार; । उदा. चटनि नभैभात खान्यामन हुनैन ।

**चटाउनु** - प्रे.क्रि. चाट्न लगाउनु; चटाउन लगाउनु; । उदा. वाच्छो मऱ्याका गाईखि पस्नबेला हत्याउनाखि घाँसपन आछिन भन्या लेपो चटाउनु पड्डो छ ।

**चडाउनु** - स.क्रि. मथि पुऱ्याउनु; उकाल्नु; समर्पण अन्नु; चढाउनु; । उदा. रुख नझान्या माइसखि रुखमि चडाउनु हुनैन । विप.ओल्लाउनु ।

**चडिमडि** - ना. चडिमाडो; नान्नान्का बाटुला पात हुन्या चुकिलो स्वाद भयाको एक प्रकारको वनस्पति; । उदा. घाम भयाका बेला चडिमडिको चटनि निको हुनो छ ।

**चद्दर** - ना. चद्धर; ओड्नु; पछ्यौरा; सौकोहाल्न्या साधन; । उदा. पाहाडतिर जाडिका बेला चद्दरको गोदो पाड्डा छन् ।

**चक्कर्** - ना. रिँङाटा; रिगाटा; फन्को; फरो; परिक्रमा; घेरा; । उदा. च्याउ खानाखि विष्नु सदाइ दोकानको चक्कर् लाउनो छ ।

**चक्र** - ना. आँलाका टुप्पामि भित्रबाट धेक्किन्या घुर्मुरियाका रखा; । उदा. दशै आँलामि चक्र हुन्या भाग्मानि हुनो छ । विप.शंख

**चनाखो** - वि. चतुर; अल्सि नमान्न्या; छरितो; । उदा. चुन्मुन् आजभोल चनाखो भयाको छ ।

**चन्काउनु** - स.क्रि. पानी,दुद,छाई आदि घट्घट् अरिखानु; । उदा. तिस लाग्याकि हुनाले एक बट्क्या दुद भन्ना छाई चन्काउनु निकोमान्या ।

**चन्दनखोरि** - ना. घोट्याको चानन राख्न्या भाँडो; । उदा. देवता पुज्नाखि श्रृखन्ड घोटी बनायाको चानन चन्दनखोरिमि राख्याको छ ।

**चपर्कि** - ना. दाडाले काटिपन खान्याकाम; । उदा. मुलाले अम्भाका गेडाउँडो चपर्कि लाईपन खायो । विप.आँसिले काटि ।

**चप्चपानु** - वि. धिउ,तेल,चोखन आदिले लत्पत्याइयाको; पानीले रुजायाको; चोखनलाइपन बनायाको रोटो; । उदा. नान्का मुलाखि चोखनलाईपन मुन्ठाइनो झिर्कोहाली चप्चपानु बनाइ राख्याको छ । विप.रुखो ।

**चमार** - ना. सार्की; भूल; छालाको काम अन्न्या माइस; । उदा. चमारको पेशा आजभोज आधुनिक भयाको छ ।

**चम्काउनु** - स.क्रि. टल्काउनु; उज्ज्याउनु; । उदा. खाना बनायाका भाँडा चम्काउनु पड्डो छ ।

**चम्किलो** - वि. उजालो; टल्कन्या; चमकदार; । उदा. रघुको अनुहार चम्किलो छ । विप.मलिन ।

**चम्क्या** - वि. चमक भयाको; टल्क्याको; चमकदार; तेजीलो; उन्नति अऱ्याको; । उदा. हरि आजभोल पडिपन आप्ना ठौर निकै चम्क्याको छ ।

**चम्सूर** - ना. चम्सुर; चौसुर; साग विशेष; । उदा. छाँई हालीपन पकायाको चम्सूरको रस सर्दिभयाका माइस खाना छन् ।

**चरन्** - ना. गाई-भैसा चऱ्न्या ठाँउ; चऱ्न्या घाँस भयाकोठौर; खुट्टा; । उदा. धान काट्याको हुनाले आजभोल बासका भिटाम्मो निको चरन् छ ।

**चल्कन्या** - वि. झल्मलाइलो; झल्मल हुन्या; । उदा. चुरटका डब्बा भित्र चल्कन्या कागतउँडा चुरुट बेड्याका हुनाछन् ।

**चल्लो** - ना. बच्चा; माया अरि बच्चाखि भन्न्या शब्द; । उदा. आज चल्लो ईस्कूलहै कैइतक घर आयो ।

**चस्कनु** - अ.क्रि. बिजाउनु; च्वास्स च्वास्स खाइइनु; दुख्नु; पिड हुनु; । उदा. काम अन्नबेला कण्न चस्कनु भन्याको निको होइन ।

**चस्मा** - ना. धेक्न्या कुडा निकोरि धेक्यला भनी आँखाउडो लाउन्या शिशाबाट बन्याको एक उपकरण ।

**चडो** - ना. चरो; पक्षी; अगास उड्न्या पक्षी; । उदा. चडो भोकले मद्दैन भन्न्या उखान छ ।

**चाइन्तक** - क्रि.वि. जरुरत भयाका बेला; काम पड्याका बेला; । उदा. इजाले रूपया चाइनतक मात्र खर्चअन्नु नत्र लुकाइ राख्या भन्याको छ ।

**चाक** - ना. दलान; घरको मजेला बाइरको खाली हुन्या ठाँउ; घरभित्र झानासात धेक्किन्या खाली ठाँउ; । उदा. आया गयाका माइसखि बस्न चाक बनायाको हुन्छ । विप.पाड ।

**चाड्बाड्** - निका लुगा लाउन्या रे गुल्ल्यो मिठो खान्या समय; । उदा. चेलीबेटी,छोरा-छोरी,इजा-बुआ,इष्ट-मित्र आदिसित मिलीपन चाड्बाड् मनाउनु निको हुन्छ ।

**चानु** - ना. निधार; भाग्य; ललाट; चन्डि; । उदा. बाउनका चेलाले चानु खालीनराखि चाननलाई राख्नु पड्डो छ ।

**चायाँ** - ना. चाया; मुन्टाका रुमाका जडाँउडा निक्लन्या नान्नान्का धुलाकाजसा कण निक्लन्या एक प्रकारको रोग; । उदा. विज्ञानका मुन्टाउडा चायाँ पड्याका छन् ।

**चाल्नु** - स.क्रि. छान्नी; धुलो चाल्न्या साधन; । उदा. जौको धुलो चाल्नाखि चाल्नु चाइनो छ ।

**चिउँडा** - ना. हऱ्या धान वा रुजायाका धान भुटिपन ओख्ल कुटि बनायाका खाजाको एक परिकार; । उदा. हऱ्या धानका चिउँडा निका हुनाछन् ।

**चिउँडो** - ना. तल्लो बङ्‌डाको तल्तिर उड्याको भाग; च्यापु; चिउडो; । उदा. भुल्यानिको चिउँडो काला-काला टिम्काले भऱ्याको छ ।

**चिकाउनु** - प्रे.क्रि. गन्न लाउनु; सम्भोग अन्न लाउनु; । उदा. आप्ना पइखि मात्र चिकाउनु पतिव्रता स्वाइनिको धर्म हो ।

**चिचिण्डो** - ना. छिर्विऱ्या पात भयाको,सुकिला फुल फुल्न्या,लामा काला सुकिला धर्का भयाको एक प्रकारको तरकारी; । उदा. चिचिण्डो आलुसित मिलाइपन पकायो भन्या खीरसित खान स्वादिलो हुनो छ ।

**चिडिया** - ना. तासका चार प्रकार चिडिया,इट,पान,हुकुम मध्येको एक; । उदा. नन्नुका हात भिक्क चिडियाका पत्तिमात्र छन् । विप.हुकुम ।

**चिड्को** - ना. चट्याङ; बज्रपात; । उदा.ठूलो बस्स लाग्याका बेला चिड्को पडिपन चार जनाको ज्यान गयो ।

**चितल** - ना. चित्तल; मृग; हड्म्मा टाट्यापाट्या बुट्टा भयाको सिंङहुन्या एक जातको जनवर; । उदा. शुक्लाफाटाका बन सबै भन्ना भिक्कै चितल छन् ।

**चिनु** - ना. सम्झनाखि दिन्या वस्तु; यादगार; निसानु; । उदा. मितखि एक धिनालो भैसो चिनु द्याको छ ।

**चिन्नु** - स.क्रि. राउनु; थाहापाउनु; ढुङ्‌गले घरबनाउनु; । उदा. आप्नु पराया कोहो भनी चिन्नु पड्डो छ । विप.नराउनु ।

**चिम्टा** - ना. फललामका पाताखि दोभ्र्याइ कुनै कुडा समाउनाखि बनायाको साधन; । उदा. जोगीका हात प्रायः चिम्टा हुनो छ ।

**चिरञ्जीबि** - वि. दीर्घजीबि; लामू उमेर हुनु; भिक्कै बाच्नु; । उदा. दिक्षुकि सबुइले चिरञ्जीबि हुनु भनी आर्शीवाद द्यो ।

**चिरा** - ना. चिर्‍याको; आँसिले काट्याको; नान्नान्का टुक्रा । उदा. काक्डाका चिरा बनाइपन सबुइखि पुर्‍यायाको हो । विप. अँखडि ।

**चिराउनु** - प्रे.क्रि. चिरानअन्नु; चिन्न लाउनु; । उदा. घर बनाउनाखि डाँडा चिराउनु छ ।

**चिलम्** - ना. चिलिम; माटाबाट तमाखु खानाखि बनायाकोएक विशेष साधन; । उदा. थलाराका वादीले बनायाको चिलम् बल्ल्या हुनाछन् ।

**चिलो** - ना. जौ,गउँ,मास,भट्ट आदि चुटिपन गेडा निक्ल्याको; । उदा. घाँससित चिलो मिसाइपन गाई-भैसाखि दिनाछन् ।

**चिल्गाडि** - ना. हवाइजाहाज; पिलेन; हेलीकप्टर । उदा. चिल्गाडिमि बसिपन घुम्न्या सबुइको मन हुनो छ ।

**चिल्नु** - स.क्रि. किर्मुला,अरिङ्गाल,साप आदिले काट्नु; । उदा. अरिङ्गालले चिल्नु भन्याको आधा मर्‍या जसो हो ।

**चिस्नु** - स.क्रि. कुनै कुडाखि पोल्नु; डाम्नु; आगो नबल्याका बेला दाउराखि भनिन्या शब्द; । उदा. भात पकाउनाखि चिस्नु आगोपन बलैन ।

**चुकानि** - ना. चूक,नून,खुस्सानी,मसला हालीपन खानाखि बनायाको परिकार; । उदा. चिल्लो खायाका बेला चुकानि खानु पड्डो छ ।

**चुकिलिपट्ट** - वि. भिक्कै चुकिलो भयाको; सारै अमिलो; । उदा. आज आलुको तरकारी चुकिलिपट्ट भयाको छ ।

**चुट्कि** - ना. चुड्की; बूढी आङ्ला रे माझी आङ्ला परस्परमि पड्काइपन निकाल्न्या आबाज; काम एकैछिनमि सक्तो छु भन्न्या सङ्केत; । उदा. सबैलाग्यो भन्न्या गडो खन्न्याकाम एक चुट्किमि हुनोछ ।

**चुडि** - ना. चुणि; चुरा; स्वाइनि माइसले हातउडा लाउन्या एक प्रकारका गहना; । उदा. लोग्न्या भयाकि स्वाइनि माइसले हातउडा चुडि लायाका हुना छन् ।

| | | |
|---|---|---|
| **चुत्थो** | - | वि. काम नलाग्न्या; बेकम्मा; फटाहा; भन्याको नमान्या; अख्खासित कुडा लाउन्या । उदा. नरुखि गाउँका माइस चुत्थो भन्ना छन् । विप. सप्पा । |
| **चुट्नु** | - | अ.क्रि.थप्पड; थिचेर चुट्न्याँ काम; हान्नु; । उदा. सक्तो छु भनी अख्खाखि उसै चुट्नु हुनैन । |
| **चुरट्** | - | ना. चुरुट्; चुरोट; सिग्रेट; सिग्ग्रेट; । उदा. चुरुट खानु स्वास्थ्यको लागि निको होइन । |
| **चुल्ठो** | - | ना. आइमाइको बाट्याका रुमाको लुँडो; । उदा. ठूलो चल्ठो हुन्या आइमाइखि भाग्यमानि भन्ना छन् । |
| **चुचू** | - | ना. आइमाइका दुद; छाती; स्तन; चुचा; चुची; । उदा. उन्ने आप्नी इजाका चुचु ठूल्को हुना सम्म खायो । |
| **चुनु** | - | अ.क्रि. तप्कनु; चुहिनु; फुट्याका भाँडाबाट थोपा-थोपा अरि पानी वा अन्य तरल पदार्थ पोख्खिनु; । उदा. कलश बनायाको घडो चुनु निको होइन । |
| **चुक** | - | ना. अमिला,काग्ती,डाडिम आदि चुकिला फलहरूको रस निकलि बनायाको तरल पदार्थ; । उदा. भट्ट र गतका तिउनइनो चुक हाली खाना छन् । विप.गुड । |
| **चेड्यानि** | - | ना. मसानमि प्रेतखि दिन्या पानी; दुद, पानीआदि तरल पदार्थखि लिपन दिन्या गालीको एक विशेष रूप; । उदा. मरि-मरि नाउलाहै आन्याको पानी नसोधिपन खान्या उन्याका चेड्यानि ढोल्यो हो । |
| **चेतअन्नु** | - | अ.क्रि. होस राख्नु; नबिस्सनु; बुद्धि पुगाउनु; । उदा. आफूले राख्याका माल-सामानको आफूइले चेतअन्नु पड्डो छ । |
| **चेपाचेप** | - | ना. भीड; हूल; तछाड-मछाड अरि अन्न्याकाम; । उदा. शिवरात्रीका दिन मन्दिर पूजा अन्नबेला पारेका वस्स सारी चेपाचेप भयाकि हो । |
| **चेलाचेली** | - | ना. छोराछोरी; शिष्य-शिष्या; गुरु-विद्यार्थी; । उदा. चेलाचेलीखि राम्डो शिक्षा दिनु पड्डो छ । |
| **चेली** | - | ना. छोरी; गुरुबाट मन्त्र सुन्याकिशिष्या; छोरी सरहकि ब्वारि; । उदा. चेली भनी भेदभाव अन्नु हुनैन । विप.चेलो । |
| **चेलो** | - | ना. छोरा; गुरुबाट मन्त्र सुन्याकोशिष्य; छोरा सरहको माइस; । उदा.चेलो वशंको धरोहर हो भन्न्या मान्यता परम्पराबाट चलिआयाको हो । विप.चेली । |

**चैतली** - ना. चैतोली; चैतोल; एक विशेष किसिमबाट मनाइन्या जाँत; बझाङ् जिल्लाको ब्यासी रे कणेल गाँउ विकास समितिका बीच चैत्या पूर्णिमाका दिन मनाइन्या जाँत; । उदा. मुइले चैतलीका जाँतमि भकुण्डो खेल्याको हेन्न पायाको छ ।

**चैन्पुर** - ना. सेती नदी रे बाउलीगाडका बीचइनो समुन्द्रबाट १२२७ मिटर अग्लामि रयाको सुन्दर बझाङ् जिल्लाको सदरमुकाम ।

**चोइला** - ना. टुक्डा; पडाबाट फुट्याका नान्नाना टुक्रा; । उदा. घर चिन्न्याबेला ठूला पडाका सातै नान्का चोइला पन चाइना छन् । विप.अँखडि पडा ।

**चोखिनु** - अ.क्रि. चोखो हुनु; पवित्र हुनु; छाउ भयाकि आईमाई माइस हड मुन्टो धोइपन शुद्ध हुनु; । उदा. सुत्क्यारि भयाकि स्वाइनि मन्दिर वा माणु झानाखि चोखिनु पड्डो छ ।

**चोट्टा** - ना. ठग; धूर्त; चोर; फटाहा; । उदा. धौलिखि घरका सबै चोट्टा भन्ना छन् ।

**चोयो** - ना. सिन्का; बाँस,निङाला आदिखि पतलो अरि चिरीपन छाप्रा,डोका आदि बनाउनाखि तयार अरि राख्याका वस्तु; । उदा. आजभोल निङाला चोयो बनाउन्यापन पाइनैन ।

**चोलो** - ना. आईमाई माइसले लाउन्या भेटो आकारको कपडा; । उदा. आधुनिकताले अद्दा आजभोल चोलो लाउन भिक्कै आईमाईले छाडि सक्यो ।

**चौकुन्या** - वि. चारै तिर कुना भयाको; चारकुना भयाको; । उदा. आग्रका लेकको गडो चौकुन्या पड्याको छ ।

**चौतारो** - ना. बर-पीपल आदिका रुखखि घेरी ढुङ्गाले चिनी माइसहरू बस्नाखि बनायाको ठाँउ; । उदा. धार्मिक माइसले चौतारो बनाउना छन् ।

**चौथिकर्म** - ना. व्रतबन्ध वा ब्याका चौथा दिनमि अरिन्या संस्कार; । उदा. व्रतबन्न अऱ्याका चार दिन पछि चौथिकर्म अद्दा छन् ।

**चौपट** - ना. बरबाद; सर्वनाश; लथालिङ्ङ; काम नहुनु; । उदा. बस्स आउनाले काट्याको धान चौपट भयो ।

**चौबाटो** - ना. चार बाटा भयाको ठाँउ; चार बाटा मिल्न्या ठौर; । उदा. बाटो हट्न्या बेला चौबाटो आयो भन्या माइस आप्नो झान्या बाटोपन झुक्किनो छ ।

**चौलानि** - ना. चउलानि; चामल पखाल्याको पानी; । उदा. भात रोटो खान नसक्न्या विरामी भयाका माइसखि चौलानि पानी दिनाछन् ।

**च्याउँ** - ना. च्याउ; बर्खाका बेला वा आफुइ उम्रन्या रे आजभोल खेती समेत अरि उमाऱ्याको नरम तरकारी बनाइपन खान्या एक प्रकारको वनस्पति; । उदा. उइलका समयमि च्याउँ गर्खाल रे भूलमा खानाछ्या ।

**च्यास्स** - क्रि.वि. काँडा बिझ्नु; कुनै ठन्न वस्तुले छुना हुन्या अनुभूति; । उदा. लेक झान्या बेला बाटाम्मो बकुन्नाको काँडो च्यास्स खुट्टाम्मा बिझ्यो ।

**च्याहाँच्याहाँ** - क्रि.वि. लगातार बच्चा रोयाका आवाज; । उदा. दुद्या बालख्ख दुदखान पाऐन भन्या च्याहाँच्याहाँ अरिपन रुनाछन् ।

**च्वाँ** - क्रि.वि. तात्याका भाँडाइनो पानी हाल्दा; दुद वा पानीनो आगाको कौल वा हगल्टो हाल्दा निक्लन्या आवाज; । उदा. भोकका रिसले आगाइनो पानी हाल्ला च्वाँ भयो ।

**छ** - ना. देवनागरी वर्णमालाको सातौं व्यञ्जनवर्ण; । यइको उच्चारण तालुबाट हुनोछ ।

**छकाल** - ना. बिहान; सबेरै; उजालो भयापछिको समय; । उदा. घडि नहुन्या ठौर कुकडो बास्यापछि छकाल भयाको थाहा हुन्छ । विप.बासा ।

**छकाल्या** - वि. प्रभातै; सबेरै; छकालै; बिहानै अन्न सकिन्या काम; । उदा.स्वाइनि रे लोग्न्या माइस पाला काट्न्या बेला दिउस घाम हुनि छ भनि छकाल्या वन झानाछन् । विप.दिउँस्या ।

**छक्कापन्जा** - ना. भुल्याउन्या; छल्न्या; ढाट्न्या; छलकपटअन्या काम; । उदा. सोझो काम अन्न्या माइस छक्कापन्जा अन्न जान्नैन ।

**छट्पटि** - ना. शारीरिक वा मानसिक दुखबाट हुन्या एकप्रकारकोव्याकुलता; उकुसमुकुस; क्याअरु कसोअरु भन्न्या अवस्था; । उदा. बेली बासाका रात लादा पीड हुनाले छट्पटि भैपन एकरौकापन सिन सक्याइन ।

**छटि** - ना. अगाडि; पैलेइ; । उदा. आज सबै घसारा-घसारि घाँस पाउनाले वनहै घाँस लिपन छटि घर आया । विप. माठा ।

**छट्टु** - वि. बाठो; खुबैचलाख; चतुर; । उदा. राजुखि सबै काम अन्नाको छट्टु माइस हो भन्ना छन् । विप.लाटो ।

**छडो** - ना. झर्ना; छहरो; छाँगो; झरना; अग्ला पाहाडमिहै एकहोरो बग्न्या पानीको प्रवाह; । उदा. छडा गाडको छडो ठूलो आवाज दिनो छ ।

**छमक्क्छमक्क्** - क्रि.वि. छम्म-छम्म अरि आउन्या आवाज; डेउडा गीतको एक प्रकारको ढप; उदा.वजुरालकी मुलाई छमक्क्छमक्क् अरि खेल्न लाग्याकि छन् ।

**छरिमालो** - ना. छर्मालो; खरानी; छार; शून्य; समाप्त; सक्याको; । उदा. आज भोल धान रामका घरउँडो छरिमालो हुन्ना ।

**छाँइ** - ना. छाँच; मही; मठ्ठा; । गाई-भैसाका दुद-दईबाट नौनिनिकालिपन बनायाको तरल पदार्थ; । उदा. घामका बेला छाँइ खान्या मन हुनिछ । विप.दुद ।

**छाउ** - ना. स्वाइनि माइस परसन्न्या समय; रजश्चोलाको समय; बाइर हुन्या समय; । उदा. छाउ भयाका बेला देवताका भाँडाउडो लाग्दाइन ।

**छाउलाग्नु** - ना. न छुन्या माइसखि जानी-जानी छुनु; अछुत माइसका हडलाग्नु; चोखो नभयाका माइसखि छुनु; । उदा. जेठीका हड जानीजानी छाउलाग्नु हुनैन ।

**छाक्१** - ना. एक रौका अघाउन्जेल खान पुग्न्या खाना; । उदा. हुन्या माइस दुई छाक् भात खान छन् ।

**छाक्२** - ना. जुठोपड्याका; श्राद्ध; व्रत आदि समयमि दिनको एक रौका मात्र खाना खान्या; एक दिन भरि खाना नखान्या । उदा. पाउनी मऱ्याकि हुनाले उइदिन सबुइले खाना नखाइ छाक् छाड्यो ।

**छाड्या** - वि. त्याग्याको; छाड्याको; छोड्नु; । उदा. नयाँ बस्सबाट मुइले सिग्रट रे रक्सी खान छाड्या । विप.लाग्या ।

**छाता** - ना. घाम रे पानीबाट जोगिन मुन्टा मथिमि आड्न्या एक प्रकारको विशेष साधन; । उदा.बस्सलाग्याका बेला सबै माइस छाता ओड्डा छन् ।

**छाति१** - ना. हृदय; मन; आट; घाँटिमुनि रे लादामथिको शरीरको भाग; । उदा. ठूला माइसको ठूलो छाति हुनुपड्डो छ ।

**छाति२** - ना. स्वइनि माइसका चुचु; स्तन; चुचा; । उदा.कोइकोइ स्वाइनि माइसका छाति सुक्याका हुना छन् ।

**छानु** - ना. छानो; खरक; गाई-भैसाखि घाम रे पानीबाट जोगिन अस्थाई रूपमि बनायाको घर; । उदा. भैसाखि राख्न लेक बनायाको छानु भत्क्याको हुनाले अव बनाउँनु पड्न्या हो ।

**छान्या** - वि. छान्याको; रोज्याको; मनपडायाको; । उदा. मुलाई तीन बस्सका लागि प्राध्यापकको प्रतिनीधि छान्याको छ ।

**छाप्रो** - ना. डालो; छापरा; बाँस वा निङ्गालाका चोयाले बनायाको; । उदा. आजभोल छाप्रो खोज्न सारै दुख अन्नु पड्डो छ ।

**छारो** - ना. फोहोर; माटा आदिको धूलो; घरका भित्र हट्न्या बेला भयाको धूलो; । उदा. छकाल उठीपन घरको छारो झाड्नु पड्डो छ ।

**छिनार** - ना. प्वाल; दुलो; । उदा. उइका घरका बान्नामि आन्दोलनका बेला गोली लागिपन ठूल्को छिनार पड्याको छ ।

**छिनु** - ना. निकान; छिनो; ढुङ्गाफुटाउन्या फलामको एक प्रकारको औंजार; । उदा. ठूल्का ढुङ्गा फुटाउन्या वा थल्याउनाखि निको छिनु चाइँनो छ ।

**छिन्नु** - स.क्रि. काम सक्नु; छिनोफनो अन्नु; टुक्रापाड्नु; । उदा. मुख्याले आज गाउँको झकडा छिन्नु छ ।

**छिप्नु** - स.क्रि. घर लिप्नु; कुनै विशेष पर्वका बेला कुच्चो माटाइनो रुजाइपन घरका बान्नाम्मो हानीपन लिप्न्या काम; । उदा. विसुका बेला घर छिप्नु पड्डो छ ।

**छिटा** - ना. पानी वा अन्य तरल पदार्थका थोपा-थोपा खस्नु वा पड्नु; । उदा. असाडका मैना भरी बर्सका छिटा मात्र पड्या ।

**छेउ** - ना. किनारा; कुनु; कुनै पन सामानका चारैतिरको अन्तिम भाग; । उदा. असाडका मैना गडाका छेउ सम्म पानी पुगाउनु पड्डो छ ।

**छोट्टो** - ना. केटो; मुला; युवक; तन्याडि; । उदा. निका छोट्टाको मात्र सात अन्नु पड्डो छ । विप.छोट्टी ।

**छोट्टी** - ना केटी; मुलाइ; युवती; । उदा. ब्या अन्न बेला छोट्टी निकोरिपन हेन्नु पड्डो छ । विप.छोट्टो ।

**छोट्टाछोट्टी** - ना. केटा-केटी; मुला-मुलाइ; युवा-युवती; । उदा. खप्तडका जाँतमि छोट्टाछोट्टीकि खेल निकि हुनी छ । विप.बूडा-बूडी

| | | |
|---|---|---|
| **छोल्नु** | - | स.क्रि. छोल्न्या काम; ताच्न्या काम; बोकडा निकाल्न्या काम; । उदा. ईखु खान बेला छोल्नु पड्डो छ । |
| **छौकिरनु** | - | अ.क्रि.शान्त हुनु; चुप्प लाग्नु; । उदा.अरुले कल अऱ्यापन आफूले छौकिरनु निकोहो । |
| **ज** | - | ना. देवनागरी वर्णमालाको आठौं व्यञ्जनवर्ण; यइको उच्चारण तालुका सम्पर्कबाट हुनोछ । |
| **जउ१** | - | ना. जौ एकप्रकारको अन्न । उदा. पाहाड जउको खेति निको हुनोछ । |
| **जउ२** | - | ना. जदौ; जौद; ढोग; प्रणाम; नमस्कार; अभिवादन; निम्नवर्गका माइसले आफूभन्ना ठूल्का वर्गका माइसखि सम्वोधन अरिपन वोल्न्या शब्द । उदा. प्रदेशी भेट्नासात सवुइखि जउ भन्नो छ । |
| **जगल्टो** | - | ना. नकोऱ्याको मुन्टो; फुरायाका मुन्टाका रुमा; । उदा.माइस निका कामखि झान्याबेला जगल्टो धेकाउनु अपसगुन मानिनो छ । |
| **जगल्टाउनु** | - | स.क्रि. मुन्टाका रुमा समाइपन घोप्ट्याउनु; लछाड-पछाड अन्नु; । उदा. बदमास माइसखि निकोरिपन जगल्टाउनु पड्डो छ । |
| **जङार** | - | ना.जाँङ्णासम्म आउँन्या पानीउणो तन्नु; । उदा. असाड-साउँनका मैना गाड जङार तन्नु हुनैन । |
| **जजमानि** | - | ना. जजमानको काम अन्यावेला; पुरहित्याई; । उदा. जजमानि अरिपन कोइमाइस उँभोलाग्याको आच्छिन । |
| **जडो** | - | ना. रुखको मूल भाग; जरो; रुखका मनिको जमिन तिरको भाग; । उदा. पिपलको जडो भिक्कै फिल्याको हुनो छ । |
| **जड्यानि** | - | ना.जाड जातकि; भोट्यानि; । उदा.जड्यानि नूनको चाहा खानिछन् । विप.जाड् । |
| **जतन** | - | ना. वच्चा जन्माउन्या हिफाजत अन्नु; सुरक्षा अन्नु; । उदा. आप्ना सामानको आफूइले जतन अन्नु पड्डो छ । |
| **जत्काल** | - | ना. बच्चा जन्म्याको समय; एक बच्चा जम्याको एक जत्काल; उदा. कमजोर स्वाइनि माइसले भिक्क जत्काल बस्नु हुनैन । |
| **जथाभावि** | - | क्रि.वि. मनपडी; ज्यामनलाग्यो त्यै अन्नु; । उदा. जथाभावि कसुइ सितपन वोल्नु हुनैन । |

**जनई** - ना. जनेउ; यज्ञोपवीत; जनै; जन्यु; ब्रह्मसूत्र; । उदा. आज भोल जनई सवुईले लाउन्या अऱ्याको छ ।

**जन्मनु** - अ.क्रि. जन्मदु; जन्मलिनु; पैदाहुनु; । उदा. पड्यालेख्याका निका माईसका घर जन्मनाले सुख सुविधापाईनो छ । विप.मन्नु ।

**जन्मवार** - ना. जन्म्याको समय; जन्म्याकोवार; । उदा. जन्मवारका दिन रुमा काट्नु हुनैन ।

**जनमभरि** - क्रि.यो. आजन्म; जन्मपर्यन्त; । उदा. रामकी इजाले जनमभरि दुखमात्र पायो ।

**जन्जाल्या** - वि. अलाईवलाई अख्खाका राउला काफल आप्ना कप्पालैना आन्न्या माइस; झन्झटै-झन्झट भयाको माइस; अख्खाको अपराध मुन्टाईनो आन्न्यामाईस; । उदा. राम अख्खाका निका गट्टाकाम आप्ना मुन्टाईना आन्न्या हुनाले उईखि सबै जन्जाल्या भनीपन राउना छन् ।

**जब्बर** - वि. बलियो; तक्डा; तागत भयाको; आट-साहासभयाको; । उदा. विश्वखि सबै जब्बरमाइस भन्ना छन् । विप.लुत्या ।

**जमरा** - ना. दशैका मौकामी दुर्गाको पूजा अरिपन प्रसादका रूपमि लाउन्या एक प्रकारको जौ छडिपन उमाऱ्याको वनस्पति; । उदा. दशैखि आफूभन्ना ठूला माइसका हातवाटजमरा लाउन्या प्रचलन छ ।

**जमातो** - ना. जौ रे गउ बोयाका गडामि आफूई उम्रन्या एक प्रकारको घाँस; । उदा. आज भैसा हत्याउनाखि सेराहै जमातोको एक डोको भरिपन घाँस आन्याको छ ।

**जम्काभेट** - ना. अचानक हुन्या भेट; संयोगवस हुन्या भेट; । उदा. हरिको रे रामको पाँच बस्सपछि भखाडामि जम्काभेट भयो ।

**जम्फर** - ना. झम्फर; झकुलो; नान्का उमेरकी छोट्टीले लाउन्या एक प्रकारको लुगा; । उदा. सुशीला नान्कि छन्याबेला जम्फर लाउनिछि ।

**जम्घट्** - ना. झिक्कजना एकाईठौर भेट हुन्या काम; भेला; समूह; । उदा. काट्याबाटो बनाउनाखि गाँउका सबैमाईसको तोल्यानिमि जम्घट् भयो । विप.भागाभाग ।

**जलन्** - ना. अख्खाको रीस अन्याकाम; पोल्लिन्या काम; डाहा; ईर्ष्या; । उदा. विश्व डाङ्टर भयो भनी उईका शत्रुखि जलन् भयो । विप. हर्ष ।

**जलेबि** - ना. जेरी; जलेफि; जुल्फी; जलेबी; । उदा. चद्‌दसिका जाँतमि जलेबि खानाले माइसकि छेरौटो लाग्यो ।

**जहाज** - ना. जाहाज; चिल्गाडि; हवाईजहाज; यन्त्रकोसायताले चल्न्या एक प्रकारको यातायातको साधन; । उदा. जाहाजमि धुम्नाखि भिक्कै रूपऱ्या चाइना छन् ।

**जाँठा** - ना. मूत्रेद्रिय ओरिपरिका रुमा; लोग्न्या माइसखि पतिहाल्ला प्रयोग अरिन्या शब्द; । उदा. रामले श्यामखि ए जाँठा तुइले आफूकि क्या सम्झयाको छै बडिभयो भन्या तेरा दाडा भाचुला भन्यो ।

**जाँत** - ना. डिल्लाँ; ओदान; दाउराका आगामि भात पकाउनाखि डिब्या वा टाउक्या राख्न फलामको बनायाको तीन खुट्टा भयाको वस्तु; । उदा. जाँत वल्यो किन्नु पड्डो छ ।

**जात्** - ना.जात्रा; देवीदेवताको पूजाआजाअन्यावेला; । उदा. पुस्या पुनी रे साउन्या पुनीखि शैलेश्वरीका जातमि पर्कलो; आलम; गाथबान्न्या रे घाँट चडाउन्या काम हुनोछ ।

**जाँत्या** - वि.भिक्कै वल्ल्यो; तागत भयाको; । उदा. देउतलाका जाँत्या राङाले अठ्विस्याका राङा तीन रौका हरायाको छ । विप.लुत्या ।

**जाइज्याथा** - ना. घरजग्गा; आफूसङ्भयाको धनदौलत; श्री सम्पति; । उदा. मदन्याले तास खेलिपन आप्नोजाइज्याथा सबै हाऱ्यो ।

**जाइलाग्नु** - अ.क्रि.निउखोजिपन कल अन्नु; कल अन्या निउखोज्नु; । उदा. अख्खासित कल अन्नाखि जाइलाग्नु हुनैन ।

**जाक्नु** - स.क्रि. थुन्नु; चेप्नु; दबाउनु; हान्नु; । उदा. गाँउघरका फटा माइसखि निकोरिपन काँडाका झेलम्मो जाक्नु पड्डो छ ।

**जाजरकोट** - ना. भेरी अञ्चलमा पड्न्या नेपालको एक पाहाडि जिल्ला ।

**जाडो१** - ना. ठन्न; चिसो; बतास रे बस्स लागीपनहुन्याजाडि; । उदा. जाडो सुरु भयापछि माइस थोकाइ विरामि हुना छन् । विप.घाम ।

**जाडो२** - ना. कुटो, कोदालो, बाउसोकोवीँड; वाउसिजाडो; कुटिजाडो; । उदा.बाँजको जाडो सबइ भन्ना बल्ल्यो हुनो छ ।

**जाड्या** - ना. भोट्या कुकुर; बल्ल्यो; निडर; साहासि; इमान्दार; । उदा. साउका भेडासङ्गराख्नाखि जाड्या कुकुरपाली राख्ता छन् । विप. काड्या ।

**जारपुत्र** - ना. ब्याअऱ्याका आप्ना पइबाट चेलाचली नजन्माइ अख्खासित लसपसअरिपन जन्म्याका माइसखि अपमान अरि भनिन्या शब्द; । उदा. रामखि गाँउका सबै जारपुत्र भन्ना छन् ।

**जाली१** - ना.नक्कली; अल्किलाइपनको; । उदा. आजभोल पाँचसय रे हजारको भारुनोट बजारउडो जाली पाइना छन् विचार पुऱ्यापन काम अन्नु पड्डो छ ।

**जाली२** - वि.कपटी; धोकाबाज; फटाह; बद्मास; जालझेल अन्न सिपालु; । उदा. राम माहाको जाली माइस हो ।

**जिउ१** - ना. हड; शरीर; ज्यान; । उदा. आप्नो जिउ सबुखि प्यारो लाग्दो छ ।

**जिउ२** - ना.स्वाइनिले आप्ना लोग्न्याकी इजाखि सम्बोधन अन्नया शब्द; उदा. आज जिउखि विराम भयाको छ । विप.सौरा ।

**जिउनो** - वि. जीवित; नमऱ्याको; बाच्याको; आँटिलो; साहासि; । उदा. रघुनाथ आजपन जिउनो छ । विप.मऱ्याको ।

**जिउलो** - ना. नमासिन्या खेत; नगदवाली हुन्या ठाँउ; सम्मपड्याको फाँट; । उदा. सबै माइस जिउलो किन्न खाज्जा छन् । विप.फोगट्टो ।

**जिताउडि** - जित्या बाफत दिइन्या वस्तु,रूपया; । उदा. मन्याले ज्वाजिति बोक्या मारिपन सबुइखि तीन दिन सम्म जिताउडि ख्वायो । विप.हराउडि ।

**जितारो** - ना. जाँतो; गउ,मकै,कोद्या,चामल पिन्न्या एक प्रकारको साधन; उदा. बर्खा घट्ट नचल्न्या भयापछि जितारो काम लाग्दो छ ।

**जिबड्या** - वि. निको-निको खान पल्क्याको; । उदा. पडितकि चेलीखि सबै जिबड्या भन्ना छन् ।

**जिमिजग्गा** - ना. जमीन; खेत-पाखो; आफूसङ्गभयाको जिमिजाथा; । उदा. राउट्या जातिका माइससित आप्नो जिमिजग्गा केइपन आछिन् ।

**जिल्ला** - ना. प्रशासनिक काम अन्नाखिछुट्याायाको एक ठाँउ; । उदा. नेपालमि पचहत्तर जिल्ला सरकारले घोषणा अऱ्याका छन् ।

**जुङा** - ना. जुँगा; जुँघा; लोग्न्या माइसका ठोठमथिका रुमा; । उदा. जुङाको रेखि वस्या पछिमाइस परिपक्क हुनोछ भन्न्या भनाइ बुडापाकाको रऱ्याको छ ।

**जुडि** - ना. टुप्पी; शिखा; एन्टिना; वैदिकविधि अनुसार मुन्टाका रुकाका माजैना लामा राख्याका रुमा; उदा. जुडिपाल्नु हिन्दुधर्मको प्रतिक मानिनोछ ।

**जुः** - ना. जुउ; जुओ; हलो अट्काउनाखि दुइ बड वा बल्लका कानमि राख्न बनायाको ठुडाको एक साधन; । उदा. बल्ल जोत्नाखि जुः नभइ हुनैन । विप.हलो ।

**जुको** - ना. जुका; जुगो; सिम्सिम्या पानी भयाका ठाँउ हुन्या एक प्रकारको रगत चुस्न्या प्राणधारी किडो; । उदा. बाच्छाले सिम पानी खानाले जुको यइका नाखहै ठूलो जुको आयो ।

जुग् - ना. जमाना; युग; जुग; लामुसमय; एक सयबस्सको समय; सत्य, त्रेता, द्वापर, कलिजुगेको समय; उदा. इतिहासले जुग्को कुडा सिकाउँछ । विप.पल ।

**जुङ्या** - वि. जुङे; लामा-लामा जुङा भयाको माइस; । उदा. गोकर्णखि जुङ्या मास्टर भन्ना छन् ।

**जुठापट्ट** - क्रि.वि. भात-रोटा खाइपन सौतारि पोख्याको; । उदा. मुलामुलीले रस्याम्मो जठापट्ट अऱ्याको छ । विप. चोखिपट्ट ।

**जुठो१** - ना. कन्नैखाइपन वाँकि रऱ्याको खान्या कुडा; । उदा. कसुइको जुठो खानु हुनैन ।

**जुठो२** - ना. आशौच; आफन्त मऱ्यो भन्या लाग्न्या; । उदा. काकाकी स्वाइनि मन्नाले हमुखिपन बाह्रदिनसम्म जुठो लाग्यो ।

**जुनि** - ना. जन्म; चोला; शरीर; । उदा. रघुनाथले यइजुनिमि सुख नपायापन सबुइको भलो हुन्या निको काम अऱ्याको हुनाले अख्खाजुनि सुख पाइन्या कुडा पक्काछ ।

**जुन्किडि** - ना. जुनिकिडो; जुन्किरि; बस्सा यामिमि रात उजाँलो बनाइपन उड्न्या एक प्रकारको किडो; । उदा. जुन्किडिले आँखाम्मो मुत्यो भन्या आँखा फुट्टा छन् ।

**जुलाफ्** - ना. मोजा; जुराब; जुलाब; पौलासित खुट्टाम्मा लाउन्या घुडासम्म पुग्न्या;  । उदा. बुआले ईस्कूल्या पौलासित हर्‍या जुलाफकिनि आन्याका छन् ।

**जुम्ल्या** - वि. जुम्ल्याहा; जुम्या; दुइ चेलाचेलीसङ्ङै जन्म्याकाखि भन्न्या;  । उदा. भुन्टिका जुम्ल्या चेला भया ।

**जुम्ला** - ना.  कर्नाली अञ्चलमा पड्न्या नेपालको एक पाहाडि जिल्ला ।

**जुट्पत्ति** - ना. जोडपत्ति; एकै जसा तासका पत्ता मिलाईपन खेल्न्या एक प्रकारको खेल;  । उदा. काम नलाग्न्या ईस्कूल्या मुला ईस्कूलहै भागिपन आढारम्मा बसि जुट्पत्ति खेल्लाछन् ।

**जुड्मेल** - ना. ज्योतिषशास्त्र अनुसार ब्या अन्नाखि तयार भयाका छोट्टाछोट्टिको ग्रह कुन्डलीमिल्याको अवस्था;  । उदा. खन्टिको जुड्मेल अरिपन ब्या भयो ।

**जुन्याली** - वि. चन्द्रमाको उजालो भयाको बासो; चन्द्रमाका जसो उजालो भयाको;  । उदा. जुन्यालीरातका बेला चोर आउनाइन । विप. अनारी ।

**जेउडो** - ना. घाँस दाउराबान्नाखी बनायाको डोरो;  । उदा. वनहै घाँस वानीपन आन्याबेला बाटाईजेउडो चुन्डिपन्टघाँस झड्याको हुनाले चुन्नुखि रुनिझाल आयाकि हो । विप.लाम्लो ।

**जेठीइजा** - ना. आप्नाइ जेठाबुआकि स्वाइनि;  । उदा. जेठीइजाखि ओख्ल्या बड्डी भन्ना छन् । विप. कान्सिइजा ।

**जेठु** - ना. जेठान; आप्नि स्वाइनिका दाजु;  । उदा. जेठु सबुइकाप्यारा भयाका छन् ।

**जेठोपाठो** - ना. उमेरले जेठो; अगाडि जन्म्याको; परिपक्क माइस;  । उदा. घरको जेठोपाठो भयाखि सबुइको हेरविचार अन्नु पड्डो छ ।

**जेडिन्या** - वि. चिप्कन्या; टाँसिन्या; नजिक हुन्या; हडम्मोहड जाड्न्या;  । उदा. जाइखि ताइखि हडम्मो जेडिन्या माइस निको होइन । विप. छुट्टिन्या ।

**जेल्** - भ्यालखाना; कैदहाल्न्या ठौर; गल्ति अन्न्या माइसखि थुन्याठाँउ;  । उदा.  फुच्चा माइसखिमात्र जेल बस्नु पड्डो छ ।

**जोगाउनु** - स.क्रि.बचाउनु; सम्माल अरिपन राख्नु; सुरक्षित राख्नु; । उदा. अनिकाका बेला विउ जोगाउनु भन्न्या बुडापाकोको भनाइ निको हो ।

**जोग्यानि** - ना. सन्यासी स्वाइनि माइस; सन्यासिनी; माता; । उदा. जोग्यानिखि भिच्क्षा दिनु धर्महो । विप.जोगि ।

**जोत्नु** - स.क्रि. बल्लका कानमि जु: राखिपन्ट तसुइमि हलो जोडि खेतबारी जोत्नु; । उदा. असाडका मैना दिन भरि बल्ल जोत्नु हुनैन ।

**जोबन** - ना. यौवन; बैंश; जबानी; तन्न्याडि; । उदा.जोबन आयाका बेला निको न धेक्किन्या माइसपन निको धेक्किनो छ ।

**जोरजुलम्** - ना. जबरजस्ती; बलपूर्वक; बलमिचाँइ; आप्नु तागत धेकाइ अरुखि डराउनु; उदा. कसुइसितपन जोरजुलम् अन्नु हुनैन ।

**जौं** - ना. गँउका जसा बोटाहून्या बालाम्मा लामालामा जुङ्डा हुन्या एक प्रकारको अन्न; । उदा. जौंका रोटा निका हुनाइन । विप. गँउ ।

**जौंपात** - ना. गीत गाउन्या बेला प्रयोग हुन्या एक प्रकारको ढप; । उदा. तमे काहै आया जौंपात,मुरे घर झानो बसिरन्या जौंपात भन्न्याढपको गीत गोठाला घट्टाला गाँउना छन् ।

**ज्ञ** - ना. देवनागरी संयुक्त व्यञ्जनवर्ण; । मइको तालुका सहायताले उच्चारण हुन्या हो यो ज् रे ञ् मिलिपन्ट बन्न्याको हो ।

**ज्ञानबान्** - वि. ज्ञानी; ज्ञान भयाको; विद्वान्; । उदा. सबुइले ज्ञानबान माइसको सात अन्नु पड्डो छ । विप. अज्ञानबान् ।

**ज्यानमारा** - वि. हत्यारो; अख्खाखि मारन्या; । उदा. माइस मार्‍यो भन्न्या ज्यानमारा पड्डो छ ।

**ज्युँ** - ना. लोग्न्याका आमाखि स्वाइनिले भन्न्या शब्द; । उदा. कान्सि ब्वारी आप्नी ज्युँखि निको अद्दिछ । विप.सौरा ।

**झ** - ना. देवनागरी वर्णमालाको नवौं व्यञ्जनवर्ण; यइको उच्चारण तालुबाट हुनोछ ।

**झकडा** - ना. कल; कचिङ्ङल; मुद्दामामला; । उदा. बाटाका लागि झकडा अन्नु हुनैन । विप.मेलजोल ।

**झकडिया** - वि. झकडालु माइस; मुद्दामामल अन्या; मुद्दामामलामि तारिख बोक्न्या; । उदा. आगरका लेकका पाँच जना मुख्य झकडिया छन् ।

**झकुलो** - ना. भुङ्तो सिलाइपन लायाको एक प्रकारको कपडा; । उदा. ब्रत अन्न्या बेला झकुलो सिलाइपन लाउनाछन् ।

**झकमान्नु** - ना. अख्खाको आडमान्नु; ठट्ठाअन्नु; अख्खाको हाँसो अन्नु; । उदा. आफूसङ्ङ सबैकुडा छ भनि अख्खाको झकमान्नु हुनैन ।

**झङ्करि** - ना. माइस विशेषको नाम; खिचलो अन्न्या माइस; । उदा. झङ्करि बद्मास हो भनी गाउँका सबै माइस भन्ना छन् ।

**झझल्को** - ना. नमाइको सम्झना हुनु; याद आउनु; । मेरा भोट्या कुक्रको छकाल वासा झझल्को आउनो छ ।

**झट्पट्** - क्रि.यो. छटिछटि; तुरन्त; चाँडो; छट्टि; । उदा. सिपालु माइस आप्नो काम भट्पट् अरिपन आराम अद्दा छन् । विप.सस्त्याम ।

**झाडा** - ना. दिशा; गु; हग्याको; । उदा. सबुइले आप्ना आप्ना घर झाडाफेन्न्या चर्पी बनाउ पड्डो छ ।

**झनक्क** - क्रि.वि. कुडा नबुझिपन रिसाउन्या काम; अल्किलाइपन बोल्याका कुडा सन्ना; । उदा.टेक्याका कुडा सुनी भुन्ट्याखि झनक्क रिस उठ्या ।

**झन्झट्** - ना. दुख; झमेला; कष्ट; । उदा. आप्नु वा अख्खाको निको काम अन्नाखि झन्झट्मान्नु हुनैन ।

**झन्डा** - ना. कसुइ देश; संस्था; माडु आदिखि चिनाउन्या एक प्रकारको कागज वा कपडाको फरफराउन्या वस्तु; । उदा. हम्रादेशको झन्डा धार्मिक प्रकृतिको छ ।

**झमक्क** - क्रि.वि.स्वाट्टै; झम्म; उइतकै; उसुइतार; सूर्जे अस्तायाका थोक्काइपछि अनारो हुनु; काम अद्दा अद्दाइ स्वाट्टै रात पड्ड्नु; । उदा. आज काम अद्दाअदाइ झमक्कै रात पड्याका पत्ताइ भएन् ।

**झम्टनु** - स.क्रि.समाउनु; एक्कासि कसुइका हडैनो झुण्णिननु; । उदा. अख्खाखि उसै झम्टनु हुनैन ।

**झरन्झरन्** - क्रि.वि. दुख; पीडा; मनदुख्न्याकाम; अख्खाका चिन्ताले आफूखि हुन्या दुख; उदा. रामको तसोहालत धेकिपन मुखि सदाइ झरन्झरन् हुनो छ। विप.हौसाउनु।

**झरो** - ना. उजालो बनाउनाखि बालिन्या सल्लाकोभित्तको भाग; पाहाडको टुकी; । उदा. गरीबमाइस आजपन उजालो अन्नाखि झरो बाल्ला छन्।

**झर्को** - ना. चिन्ता; दिक्क; मनैनो दुख्नु; । उदा. चुनुकाई गयो भन्या नआउनासम्म मुखि झर्को लाग्दो छ।

**झलिमलि** - ना.मनलाग्नु; आकर्षण; । उदा. खोलीमि दशैंका दिन सबुइका दोकान्मो झलिमलि अरि मालसामान राख्याको छ्यो।

**झल्काउनु** - स.क्रि. सफाअन्नु; चम्काउनु; । उदा. भाँडाकुडानिकोरि अमासि झल्काउनु पड्डो छ।

**झुल्याउनु** - स.क्रि. दुखदिनु; असजिअन्नु; । उदा. कसुइखि उसै मु तेरो काम अरिदिउला भनी बर्षौ सम्म झुल्याउनु हुनैन।

**झल्लिनु** - अ.क्रि.चेताउनु; दुखहुनु; आइन्दा तसोकाम नअन्या हुनु; । उदा. अख्खाको बिगाड अन्न्या माइस निकोरि झल्लिनु पड्डो छ।

**झाँको** - ना. मिर्गी; छाऱ्यारोग; मूर्छापड्न्या रोग; । उदा. पिरुखि काँइखि काँइखि झाँको आउनो छ।

**झाझर** - ना. मथिमिहै हेन्न नसकिन्या पाहाडकोगैरो फेद; भिक्कै ठूलो पडका तलको भाग; । उदा. भासुका पडको झाझर हेर्देदाइ डर लाग्दो छ।

**झाँट१** - ना. बेल बुड्न्या बेला; । उदा. भाँट पड्न्याबेला किताव पड्नु हुनैन भन्न्या चलन अइलेसम्म रऱ्याको छ।

**झाँट२** - ना. मुत्रेन्द्रिय ओरिपरिका रुमा; कसुइखि हेपिपन सम्बोधन अन्या नराम्डो शव्द; । उदा. जुड्यासङ्डरिसाइपन्ट मुन्ट्याले तु मेरा झाँट जत्तिको पन आछिन भन्यो।

**झाँपो** - ना. मऱ्याका माइसको क्रिया बस्याका माइसले मुन्टाउडो बान्या एक प्रकारको सुकिलो कपडा; । उदा. प्यारुका मुन्टामि आजभोल झाँपोपड्याको छ।

**झा** - ना. जा; जाउ; तराइमि बस्न्या माइसको थर; । उदा. तु आज बस्स आउन्या हुनाले छटि घर झा भन्याको हो । विप.जनझा ।

**झाडिझुडि** - क्रि.वि. झडाइपन; छुट्याइपन्ट आन्नु; । उदा. पुन्याले अमिलाका सबैरुखदै झाडिझुडि पाडिपन्ट अमिला आन्यो ।

**झाड** - ना. आफुइ उम्म्याको घाँस; । उदा. आज सबुइले लागि छानाम्मो उम्म्याको गनाउन्याको झाड काट्नु छ ।

**झाडफूक** - ना. भूत-प्रेत हटाउनाखि मन्त्रपडी साजी,मासचामल,कुच्चो आदिले फोइपन्ट विरामीको उपचार अन्न्याकाम; । उदा. राइस्या गडाको भूत भगाउनाखि मुसो तीन दिन सम्म चलि झाडफूक अन्नाले पद्माखि निको भयो ।

**झानु** - स.क्रि. जानु; । उदा. एकदिन सबुइले मथि झानु छ । विप. आउनु ।

**झान्नु** - स.क्रि. तिउन,सागआदि ध्यूँ तेल हालि भुट्न्याकाम; । उदा. झाननले तिउन झान्नु विरामी माइसका लागि निको हो ।

**झाल्** - ना. पीड; दुख; कष्ट; वेदना; । उदा. अइलका बस्सभोकमरी भयाका हुनाले सबुइखि निकाइ झाल् भयाका छन् । विप.माल् ।

**झिक्डा** - ना. काडा भयाका रुखका नान्नाना हाँङा; । उदा. जसुकाइज्र बाडम्मा घडारुका झिक्डा हाल्नु पड्न्या हो ।

**झिक्कै** - वि.मस्तै; धेरै; जम्माइ; सब्बै; । उदा. हरिका जन्तमि झिक्कै माइस आयाका छन् । विप.थोकाइ ।

**झिजो** - ना. झन्झट; सताउन्याकाम; । उदा. आजभोल घर कोईनहुनाले मुखिमात्र चेलाचेलीको झिजो छ ।

**झिर** - ना. लाउन,सेल,बटुकआदि पकायाका भाँडामिहै छिन्टिपन्ट निकाल्न्या एक प्रकारको फलाम या काठका ठुडाबाट बनायाको तिखो बस्तु; । उदा. ताइका बाबर बल्या झिरले निकाल्ला छन् ।

**झिल्लि** - ना. राउडी; पाप; । उदा. चनी घुच्चि खेल्नयाबेला झिल्लि अद्दो छ ।

**झी** - ना. घाउ,खटिरा,चोपटकआदि लाग्याका ठाँउमि हुन्या पीड; उदा. जयाकि नान्की चेलीका मुन्टामि झी भयाकि छ ।

**झीलाइझीलाइ** - क्रि.वि. घडिघडि सताइपन हुन्याकाम; । उदा. भुन्ट्याको बा मऱ्याबेला झीलाइझीलाइ मऱ्यो ।

**झुक्नु** - अ.क्रि. निउड्नु; नम्र हुनु; न्यूँडनु; । उदा. जसुइतसुइसङ्ङ झुक्नु हुनैन । विप.ठडिनु ।

**झुक्कुर** - ना. दिक्क; रीस; सुर्त; । उदा.आज समयमि खानाखान नपायाको हुनाले पौमल्याखि झुक्कुर उठ्याका छन्

**झुडाउनु** - स.क्रि. लट्काउनु; झुन्डयाउनु; झुड्याउनु; । उदा. धोयाका लुगाकपडा सुकाउनाखि डोरबानीपन्ट अगाइसैना झुडाउनु पड्डो छ ।

**झुन्झुन्या** - वि. मसिनो; सस्त्याम; विस्तारै; हल्का; । उदा. अइलका बर्स असाडका मैना भरी झुन्झुन्या बस्स लाग्यो । विप.मुसल्धाचा ।

**झुलाउनु** - स.क्रि. कसुइखि तेरो काम मु अइल्यै अरिदिन्भनी दश-वीस दिन पछिमात्र अन्नु; आसदिनु; एकाइकामखि दशदिन बोलाउनु; । उदा. निका माइस कसुइखिपन झुलाउनु निको मान्नाइन । विप.रुसाउनु ।

**झुलो** - ना. ठिन्कापाड्न्याबेला निक्लन्या आगो छट्टि समाउन्या एक प्रकारको कमलो रेसा भयाको वनस्पतिबाट बन्याको बस्तु; । उदा. गोठाला तमाखु खानाखि ठिन्कासित झुलो राख्ता छन् ।

**झुस** - ना. कसुइ चिज या प्राणीका बाइर पट्टि रहन्या रुमाजसो मुसिनो पदार्थ; । उदा. जौको झुस घाटी पस्यो भन्या माइस मद्दा छन् ।

**झेडा** - ना. काटिपन्ट राख्याका रुखका हाँडा; मुसिना दाउरा; । उदा. झुलाघाट झान्याबेला बाटाइना झेडा ले मात्र भात पकाइ खायौं । विप.मुडा ।

**झेल१** - ना. झाडी; छाया; । उदा.गडा मथिम्मो ऐंस्यालु रे तिनमडाको झेल छ । विप.उखाडो ।

**झेल२** - ना.जेल; भ्यालखाना; मामाघर; । उदा. राधा ज्यानमारामि एक बस्ससम्म झेल पड्याको हो ।

| | | |
|---|---|---|
| **झैझमेला** | - | ना. झन्झट; कामनभयाको दुख; । उदा. ग्रहदशा निकनभयाका बेला उसाइ झैझमेला मुन्टाइना आउना छन् । |
| **झोक्किनु** | - | अ.क्रि. रिसाउनु; रीसले बोल्नु; नबिगाड्याको काम बिगाड्यो भन्याहुन्या अवस्था; उदा. कुडा नबुझि उसैअख्खासित झोक्किनु हुनैन । |
| **झोला** | - | ना. मालसामान हाल्न्या एक प्रकारको बस्तु; थैलो; । उदा. ओडोपुडो झान्याबेला लुगाकपडा हाल्नाखि ठूल्को झोला चाइनो छ । |
| **झोलितुम्बा** | - | ना. जोगीको झिटिझुम्टा; सबैसरसामान; । उदा. रामु घर छाड्न्याबेला आप्नु झोलितुम्बालिपन्ट गयो । |
| **झोल** | - | ना. मासु,तिउन,सागआदिको रस; । उदा. जाडिका बेला मासुको झोल झिक्क खानु पड्डो छ । विप.भुट्टा । |
| **झयाउँको हाल्नु** | - | ना. गडामि चामलका घुलाको गोद्यापकाउनु; । उदा. बल्भा धान चुट्या पछि भ्याउँको हाल्नु पड्डो छ । |
| **भ्याल्** | - | ना. काठ या सीसाको कोठामि हाबा रे उजालो आउनाखि बनायाको एक प्रकारको वस्तु; । उदा. बाइर झान्या बेला भ्याल् उगाडै राख्नु हुनैन । |
| **भ्वाँ** | - | क्रि.वि. ततायाका भाँडामि पानी हाल्ला आउन्या आबाज; । उदा. तात्याका तबामि पानी हाली साग झुट्न्याबेला भ्वाँ अरि आवाज आयो । |
| **ञ** | - | ना. देवनागरी वर्णमालाको दशौं व्यञ्जनवर्ण; । यइको उच्चारण तालु रे नासिकाबाट हुनोछ । |
| **ञा** | - | क्रि.यो. यस ठाँउ; यैठाँउ; । उदा. तमे आजबासा ञा आया रे बसिपन्ट कुडा अरुली । |
| **ञामि** | - | क्रि.वि. यस्मा; यैमथि; । उदा. मुइले ञामि रूपया राख्याका छन् कोइ जन समाया । |
| **ञालाइ** | - | क्रि.वि. यहाँनिर; ञाइखि; । उदा. मुइले ञालाइ आमका दश बोटा लायाका छन् । |
| **ट** | - | ना. देवनागरी वर्णमालाको एघारौं व्यञ्जनवर्ण; । यइको उच्चारण मूर्धाबाट हुनोछ । |
| **टक्टकानु** | - | वि. डरनमानि,सफा; स्वच्छ,निर्मल,उजालोआदि भैपन्टबस्नु; । उदा. विश्वआज दिनभरि टक्टकानु अरि बस्याको छ । |

**टक्र्याउनु** - स.क्रि. कसुखि आडमारिपन्ट भन्न्या शव्द; सम्मानपूर्वक केही दिनु; । उदा. केइकाम नअन्या राम्याखि मुखैनो भात टक्र्याउनु हुनैन ।

**टङ्ङाउनु** - प्रे.क्रि. झुन्ड्याउनु; लट्काउनु; । उदा. भगवानको फोटो अगासइनो टङ्ङाउनु बाँकी रैछ । विप.उतान्नु ।

**टङ्टङानु** - वि. खाली; रित्तो; केइपन नभयाको; । उदा. आज दिभरि पुन्याखि खानु नदिपन्ट टङ्टङानु राख्याको छ ।

**टटोल्नु** - स.क्रि. हेन्नु; खोज्नु; तक्नु; कोइठाँउ खाली नराखिपन्ट तक्नु; । उदा. अख्खाका घरभित्र गइपन्ट उन्टाकुन्टा टटोल्नु निको होइन ।

**टट्किनु** - क.क्रि. खालिहुनु; रित्तिनु; सक्किनु; छारहुनु; । उदा.साउकारले ज्वाखेलिपन्ट सबै रूपया हारि पच्छिरौका टट्किनु पड्यो । विप. भर्रिनु ।

**टड्डिनु** - अ.क्रि. पुन्डैझानु; पन्छिनु; अलगहुनु; काखझानु; छाउहुनु; पृथकहुनु; । उदा. फुर्चा माइससङ्ङ टड्डिनु सप्पा हो । विप. लग्गिनु ।

**टनाटन** - क्रि.वि. भरिभराउ; खालिनभयाको; भर्रिभयाको; । उदा. घरभित्र टनाटन धानका बोजा राख्याका छन् ।

**टन्टनानु** - वि. मोटायाको; ओसायाको; रिसायाको; मड्क्याको; । उदा.झुरुका भाच्याका हातको ओख्तो नअन्नाले ओसाइपन्ट टन्टनानु भयाको छ ।

**टन्टा** - ना. अभाव; रूपया-पैसा,अनाज,लुगाकपडा आदि नहुनु; । उदा. छुट्ट्यापछि मुखि केइकोपन टन्टा भयाको आच्छिन ।

**टपरि** - ना. पातैपात गछ्याइपन्ट बनायाको एक प्रकारको थलाजसो अल्गो बीट भयाको बस्तु; । उदा. पूजाआजा अन्नयाबेला दुना टपरि लाउना छन् । विप.दुना ।

**टप्कनु** - अ.क्रि. थोपाथोपा अरि कुनै तरलपदार्थ चुनु; कसुइखि नभनी सुटुक्क आउनु; दुइ-चारजना बस्यन्नाका बेला खुसुक्क अख्खो माइस आउनु । उदा. अख्खाका घर नभनिपन्ट खुसुक्क टप्कनु हुनैन ।

**टमट्टा** - ना. कामी को एक जात; तामा,कासा,पितल आदि धातुका भाँडाकुडा बनाउन्या माइस; उदा. पोरका बस्स मुइले टमट्टाहै रोचो किन्याको छ ।

**टर्रो** - वि. स्वाद नभयाको; दाडिमका बाक्डा खायो भन्या हुन्या अनुभव; । उदा. काचो फल खायो भन्या टर्रो हुनो छ । विप. गुल्ल्यो ।

**टल्काउनु** - स.क्रि. चम्काउनु; उजालो बनाउनु; प्रतिबिम्व धेकिन्या हुनु; निकोरिपन्ट अमास्नु; । उदा. जुठाभाँडा धोइपन्ट टल्काउनु पड्डो छ ।

**टल्टलानु** - वि. सफा, निर्मल, स्वच्छ, पारदर्शी, उजालो; । उदा. विश्व टल्टलानु भैपन वान्नामि वस्याको छ ।

**टस्मस्** - ना. अडिगहुनु; एकाठाँउबाट अख्खाठाँउ नसन्या अवस्था; हलचल नहुनु; कसुइको गन्ति नअन्नु; । उदा. आप्ना धर्मबाट टस्मस् हुनु हुनैन ।

**टहल्** - ना. मान्यजन,बिरामी,छोट्टाछोट्टी,चेलाचेली आदिखि अन्न्या सेवा; । उदा. सबुइको सधाइ टहल् अरि सक्किनैन ।

**टाँकि** - ना. सुल्पा,चिलम्मिहै तमाखु तलजन्भ्काऔ भनीपन्ट हाल्न्या अङ्ङरको नान्को टुक्रा; । उदा. सुल्पामि तमाखु हाल्न्याबेला टाँकि निकोरिपन्ट हेन्नु पडेडो छ ।

**टाँजो** - ना. जम्मा अन्नु; सञ्चय अरिपन्ट राख्नु; आवश्यक पड्याकाबेला काम लाउनाखि जोगाइपन्ट राख्न्या काम; । उदा. उपिन्द्रा अक्खो खेती नभया सम्मखि लागि अनाजको टाँजो अरि राख्तिछ ।

**टाँट्** - वि. गरिब; केइपन नभयाको; जोगी; छार; । उदा. दोकानको उदारो उठाउन नसकि देव आजभोल टाँट् भयाको छ ।

**टाँस्नु** - स.क्रि.जेड्याउनु; चिप्काउनु; लेस्याइलो वस्तुद्वारा पातलो हलुको वस्तु अख्खा ठाँउडो जोड्न्याकाम; । उदा. नागपञ्चमीखि कागजको नाग देलाम्मो टाँस्नु पड्डो छ ।

**टाकुल्टो** - वि. मुन्टोखालिभयाको; मुनटामिकपडा नराख्याको; टोप्री नहाल्याको; । उदा. घामका बेला रे जाडीकाबेला मुन्टो टाकुल्टो राख्नु हुनैन ।

**टाक्** - ना. बट्टन; बटन; बुर्स्याइट रे कमिजमि लाउनाखि बनायाका एक प्रकारका बाटुला रे भित्र दुलाभयाको बस्तु; । उदा. कोटम्मालाउन्या टाक् अकरा हुना छन् ।

**टाङ्** - ना. शरिरको कण्णदेखि पैतला सम्मको भाग; दुइ खुट्टावीचको खाली भाग; । उदा. ठूलामाइस हात्तीका टाङ्डौडो छिन्नाले पाप नास हुन्छ भन्ना छन् ।

**टाटु** - ना. घाटी; रुद्रघण्टी; । उदा. माइतहै चेली घरझान्याबेला आप्नी इजाका टाटुइनो अङाल हालीपन्ट रुनिछन् । विप.गोडा ।

**टाठोबाठो** - वि.जान्न्या-सुन्न्या माइस; चलाख; तित्रो; । उदा. चेलो भयापछि नमाइ टाठोबाठो हुनु पड्डो छ । विप.लट्गणो ।

**टाउक्या** - ना. टाप्क्या; नान्को साग,तिउन पकाउनया फलाम,सिल्भर,इस्टिलको भाँणो; । उदा. राम्या टाउक्यामि भात खान्या माइसखि निको मान्नइन । विप.डिब्या ।

**टाप्टिप्या** - वि. स्वाट्ट अख्खाको माल समान उठाउन्या माइस; चोरी चकारी अन्न्या माइस; । उदा. झिउणीको टाप्टिप्या बानी हुनाले उइखि कोइपन निको मान्नाइन ।

**टालो** - ना.फाट्याका लुगा टाल्नाखि बनायाको कपडाको टुक्रा; । उदा. लाउन्या लुगामि टालो हाल्याको भयापन निकोरिपन्ट धोयाको सफा हुनु पड्डो छ ।

**टाम्नु** - स.क्रि. सिलाउनु; सुया धागाले कपडा टाम्नु; । उदा. दशैंका बेला चेलाचलीखि नौला लुगा टाम्नु छ ।

**टाल्नु** - स.क्रि. दुलो बन्न अन्नु; ओद्र्याको बान्नु,घर,छानु टाल्नु; । उदा. बान्नु आद्र्याका ठौर उसुइतार गोबर माटाले टाल्नु पड्डो छ । विप.ओधान्नु ।

**टिको** - ना. देवताको प्रसादका रूपमि चण्णिउडो लाउन्या चानन; । उदा. सत्यनारायणको कथा सुन्या पछि बाउनका हातबाट टिको लाइपन्टमात्र खाना खानु निको हो ।

**टिक्नु** - अ.क्रि. अडिनु; शत्रुका अगाडि एक्लै अल्लिनु; । उदा. अल्कि लाउन्या माइस सित झकडा भैभन्या नभागि टिक्नु पड्डो छ । विप.भाग्नु ।

**टिठाउनु** - अ.क्रि. दयालाग्दो; टिठलाग्दो; मायालाग्दो; । उदा. पदम आप्नी इजा नहुनाले काइखि टिठाउनु जसो मुख बनाइ राख्तो छ ।

**टिपारि** - वि. दरिद्र; कन्जुस; मख्खिचुस; लोभी; अख्खाखि दिनु भन्यो भन्या मन्न्या माइस; । उदा. सबैमाइस टिपारि हुनाइन ।

**टिपु** - ना. ढुङ्गाका नान्नान्का बाटुला गढ्याखि एकाइमि खत्याउन्या रे जुलाफका भकुन्डाले हानी तइखि ओधारिपन्ट अभ्रूबनाउन्या खेल; । उदा. हरि आप्ना एक दाउल्या साथीभाइ सित टिपु खेल्लो छ्यो ।

**टिप्नु** - स.क्रि. कुनै सामान राख्याका ठाँउबाट उठाउन्या काम; झड्याको सामान उठाउन्या काम; । उदा. बाटाइनोझड्याको अख्खाको मालसामान टिप्नु हुनैन । विप. फाल्नु ।

**टिम्मुर** - ना. काँडा भयाका रुखम्मो हुन्या एक किसिमको वास आउन्या फल; चाहा, तिउन, सागपात आदिपकाउन्या बेला स्वाद आउला भनी हाल्न्या एक प्रकारको वनस्पतिको फल; । उदा. जाडिभयाका बेला चाहाइनो टिम्मुर हालिपन्ट खाना छन् ।

**टिम्का** - ना. कपडामि छाप्याका बुट्टा; । उदा. विशालका बुर्स्याइटमि राता टिम्का भिक्क छन् ।

**टिला१** - ना. गाई,भैसा,बल्ल आदिखि हुन्या एक प्रकारको रोग; । उदा. बाजका पाला खानाले बाच्छाखि टिला पड्याका छन् ।

**टिला२** - ना. पैसा,रूपयाखि माइकि वा पतिहालिपन्ट भन्या एक प्रकारको शब्द; । उदा. यी पैसा तेरा टिलाकाट्ना होइभ्रान् ।

**टीठ** - ना.दया लाग्न्या अवस्था; निरिह भयाको बेला; । उदा. उइकि इजानहुनाले उइका चेलाचेली सबै माइस टीठ मान्ना छन् ।

**टुकुन्नु** - क्रि.वि. एकाइ ठौरखि बस्नु; हलचलनअरिपन्ट बसिरन्या काम; । उदा. रामु छकालबाट बासाइतक सम्म एकाइठाँउखि टुकुन्नु भैपन्ट बस्याको छ ।

**टुटाफुटा** - वि. टुचाफुट्याको; भाच्याको; दुलो पण्याको; । उदा. घरउणा टुटाफुटा मालसामान राख्नु हुनैन ।

**टुट्याम** - ना. सम्बन्ध बिग्डाऱ्याको समय; मनमुटाब; झकडा हुनु; । उदा. गट्टा माइस सितको सङ्गत अद्दा निका माइसति टुट्याम भयो ।

**टुटिलो** - ना. मुन्टामि हुन्या गाँड; । उदा. रामुले हानिपन्ट परिका मुन्टामि टुटिलो भयाको छ ।

**टुणि** - ना. एक प्रकारको नान्नान्का लामा पात हुन्या वनस्पति; बल्यो काठहुन्या रुख; । उदा. बाडि गडामिको टुणिको रुख ठुलो भयाको छ।

**टुन्टुन्** - ना. गन्थन मन्थन; कच्कच्; फत्फत्; उन्टाकुन्टा खोज्न्या काम; । उदा. अख्खाका घर झाइपन्ट टुन्टुन् ढुल्टुन अन्नु हुनैन।

**टुप्पिनु** - अ.क्रि. समाप्त हुनु; अस्तिŒ‍ज्ञ सक्किनु; छार हुनु; । उदा. आज भोल नाइकैमौको टुप्पिनु भयाको छ।

**टुप्पो** - ना. टाकुरो; रुखको सबुइभन्ना अग्लो भाग; । उदा. बस्सलाग्याका बेला रुखका टुप्पामि झानु हुनैन। विप.जडो।

**टुल्टुल्** - क्रि.वि. एकनासाले हेरिराख्न्या; टोलाईरन्या काम; । उदा. प्यारु खान्याबेला अख्खाका मुख टुल्टुल् अरि हेरिरनो छ।

**टुसो** - ना. पिपिरो; अङ्कुर; मुना; नौलो पात हाल्याको; । उदा. आजोलै मात्र पलायाका बोटाको टुसो काट्नु हुनैन।

**टेका** - ना. घोचो; हुलो; खामु; टेक्क्वा; कुनै वस्तुखि अड्याउनाखि लायाको वा बनायाको ठुडाको सामान; । उदा. घर लाउन्या बेला टेका बल्ल्या राख्नु पड्डो छ।

**टोट्को** - ना. रुखमि चडाले बनायाको प्वाल; किडाले खाइपन्ट रुख खोक्लो भयाकोठौर; । उदा. बाजका रुखका टोट्कामि कौवाका चल्ला छन्।

**टोप्रि** - ना. टोपी; मुन्टो ढाक्न्या अरि कपडाबाट सिलायाको वा अन्य बस्तुबाट बनायाको; । उदा. झिक्क जसा नेपाली मुन्टामि टोप्रि हाली राख्ता छन्। विप. पौला।

**टोलाउनु** - अ.क्रि. टोलाइपन्ट बस्नु; कान नसुन्या हुनु; एकहोरो हुनु; । उदा. किताव पढ्न्याबेला टोलाउनु हुनैन।

**टचाँ** - ना. गाई वा बाच्छोले बोल्याको आवाज; । उदा. गाई खोईपन्ट बन लाउन्या बेला बाच्छो टचाँ अरि आवाज निकाल्लो छ।

**टचाइँप्याइँ** - ना. तागत नभइपनको धाक; अनावश्यक रवाफ; फुर्ति; घमण्ड; । उदा. धेक्ताइ मरलाजसो किडो अख्खासित उसै टचाइँप्याइँ अद्दो छ।

| | | |
|---|---|---|
| **टचाउँटचाउँ** | - | क्रि.वि.शास नराखि उसै बोल्न्या; बोल्याको बोल्यैरन्या; । उदा. कोल्गडिको माइस बस्याका ठौरकुडा नबुझि उसै टचाउँटचाउँ अद्दो छ । |
| **टँवा** | - | ना. गाई,भैंसाखि पिडहुन्याँवेला आउन्याँ एक प्रकारको आवाज; । उदा. वाच्छाले मन्नवेला टँवा अऱ्यो । |
| **ठ** | - | ना. देवनागरी वर्णमालाको बाह्रौं व्यञ्जनवर्ण; । यइको उच्चारण मूर्धाबाट हुनोछ । |
| **ठउरै रनु** | - | ना. उसुइतार मन्नु; ठाँउमाइ खतम हुनु; ठहरै हुनु; एकप्रकारको गाली; । उदा. मेरो सरु ख्वायाको हुनाले तेरो भैंसो ठउरै रनु होइझाउ । |
| **ठउर** | - | ना. ठौर; ठाउँ; स्थान; थलो; । उदा.सवुइले आप्ना ठउरको हालखवर वुझि राखि राख्नु पड्डो छ । |
| **ठक्कर** | - | ना. एक आपसको ठोकाई; परस्परमि ठोक्किन्या; । उदा. हट्न्यावेला अख्खाखि ठक्कर दिनु हुनैन । |
| **ठग्नु** | - | स.क्रि. ठगी अन्नु; झूटो बोल्नु; अल्कि लाउनु; अख्खाखि झुक्याउनु; ठगी पन्ट अख्खाको धनमाल लिनु; । उदा. अख्खाखि ठग्न्या माइसको भलो पन हुनैन । |
| **ठगान** | - | ना. विचार; पछि क्या अरुलि भनी सोच्न्या काम; उदा. रूपया पैसाको ठगान नअरिपन्ट जग्गा किन्या कुडा अन्नु हुनैन । |
| **ठग** | - | वि. धोका दिन्या; अख्खाखि लुट्न्या माइस; । उदा. ठग माइसको सात निका माइसले अन्नु हुनैन । |
| **ठडीनु** | - | अ.क्रि. ठाडो हुनु; अल्लिनु; उभ्भिनु; अडिनु; । उदा. निको काम अन्या बेला अख्खाका कुडा सुन्या पछि आप्नाइ कुडामि मात्रै ठडीनु हुनैन । |
| **ठस्कनु** | - | अ.क्रि. ठाटबाट अरिपन्ट बट्टिनु; निकोरिपन्ट तयार हुनु; रिसाउनु; मड्कनु; । उदा. जात झान्याबेला नौला लुगा कपडा लाइपन्ट ठस्कनु पड्डो छ । |
| **ठस्का** | - | ना. आप्नु औकात भन्ना झिक्क अन्नु; । उदा. जसो पायो तसै खानु झिक्क ठस्का अन्नु निको होइन । |
| **ठाक्रो** | - | ना. ठाङ्रो; ठाकरो; लराबेला लाउनाखि बनहै आन्याको रुखको हाङ्डो; उदा. भुजा,चिचिन्णा फल्नाखि निको ठाक्रो चाइनो छ । |

**ठाँट** - ना. सजावट; फूर्ति; हौसला; सुख; । उदा. विश्व आज भोल आप्ना घर ठाँटसित बस्याको छ ।

**ठाँस्नु** - स.क्रि. कोच्नु; ठोस्नु; दबाउनु; मैथुन अन्नु; । उदा. चोरखि बकुन्नाका झाडइनो ठाँस्नु पड्डो छ ।

**ठाडा** - वि. नाउलाइनो जम्याको पानी; ठन्न भैपन्ट जम्याको पानी; । उदा. वन झान्या बेला गोरु ग्वाला पानी नपाइपन्ट ठाडा खानाछ्या ।

**ठाना** - ना. थाना; पुलिस चौकी; । उदा.घरका नान्का तिन्का झकडाखिलागि ठाना पुलिस अन्नु हुनैन ।

**ठान्दार** - ना. ठानाको हाकिम; । उदा. खोलीको ठान्दार पवन निको माइस छ्यो ।

**ठालु** - वि. गाउँघरमि हैकम चलाउन्या माइस; मान सम्मान पायाको; शोषक; दाउपेच अन्न जान्या; । उदा. ठालुमाइसखि आज भोल निको मान्नाइन ।

**ठिन्क्या** - ना. आग्पाडो; चकमक धेकिन्या ढुङ्गामि झुलो राखिपन्ट पलामका नानापाताले एक्घडि हानी आगो सल्काउन्या एक प्रकारको उपकरण; । उदा. गोठाला आगो सल्काउनाखि आफूसित ठिन्का राखि राख्ता छन् ।

**ठीँ** - ना. सिँङान पुच्छन्या बेला नाकबाट निक्लन्या एक प्रकारको ध्वन्वात्मक शब्द; । उदा. नाकम्माको सिँङान निकोरि ठीँ अरिपन्ट फल्नु पड्डो छ ।

**ठुङ्ङा** - ना. हातका दुयै बुणि आङ्लाका नङले जौडा माऱ्या जसो अरि कप्पाल थिच्न्याकाम; । उदा. भुन्टि लिखा जौडा मुसारिपन्ट मान्नाखि ठुङ्ङा लाउनि छ ।

**ठुणो** - ना. काटिपन्ट राख्याको सुक्याको वा आलो काठ; । उदा. आजभोल जाउकोटम्मो दाउराको ठुणो पाइनैन । विप.विटो ।

**ठुटो** - ना. पोलिखाइपन्ट बाँकी रऱ्याको बिडि वा सिग्रेटको नानुभाग; । उदा. पिरु सदाइ बिडिको ठुटो मात्र सल्काइपन्ट खानो छ । विप.सौतै ।

**ठुली** - वि. अग्लि; ठुल्कि; जेठी; हैसियत भयाकि; बाडिपन्ट अग्लि भयाकि; । उदा. शशी आजभोल बाडिपन्ट ठुली भयाकि छ । विप.नानी ।

**ठुलो** - वि. अग्लो; ठुल्को; जेठो; हैसियत भयाको; बाडिपन्ट अग्लो भयाको; उदा. विश्व आजभोल बाडिपन्ट ठुलो भयाको छ । विप. नानु ।

**ठुस्ठुसानु** - वि. मड्क्याको; रिसायाको; । उदा. पुन्या खानाखि पायाइन भनी बेलीबाट ठुस्ठुसानु भैपन्ट बस्याको छ । विप.हौसानु ।

**ठेउक्या** - वि. ठ्याउक्या; पुड्क्या; नानु कद भयाको; । उदा. केशुखि गाउँका सबैमाइस ठेउक्या भनिपन्ट बोलाउना छन् । विप.लम्बू ।

**ठेकाउनु** - स.क्रि. तिन्न लाउनु; समयमि काम अन्नाखि करलाइपन्ट भन्नु; । उदा. भानुले आप्नु रिन अक्काखि ठेकाउनु निको होइन ।

**ठेकालिनु** - स.क्रि. ठेक्का; लिन्यादिन्या सहमतिमि कामको जिम्मा लिनु; काम अन्या बाचा अन्नु; । उदा. गगन्याले अरुभन्ना खान्यापानीको ठेकालिनु निको मान्यो ।

**ठेकि** - ना. दुद,दइ,छाइ,घिउँ आदि राख्न्या धातुको भाँडो; । उदा. शिवुले खौतडहै ठेकि भरिपन्ट छाइ आन्याको छ ।

**ठेकेदार** - ना.ठेकादार; ठेक्कमि काम अन्न्या माइस; । उदा. प्रकाशखि ठेकेदार भन्ना छन् ।

**ठेको** - ना. पारो; तुरि; काठको छाइअन्या, दुद, दइ राख्न्या काठको काठको भाँडो; । उदा. साननको ठेको बल्यो हुनो छ ।

**ठेक** - ना. जडो; फेद; रुखको जडापट्टिको भाग; भाँडा आदिको बस्न्या भाग; । उदा. पिप्लको ठेक गैरो झान्या हुनाले उचेडि सक्किनैन । विप. टुपो ।

**ठेक्नु** - स.क्रि. तिन्नलाउनु; बलजप्ति अरिपन्ट दिन लाउनु; भैसाका सुतम्मो पुच्छड हालिपन्ट दुद पस्न्या काम; । उदा. लैना भैसाखि ठेक्नु हुनैन ।

**ठेलो** - ना. पिर्को; ठुडाको भात,रोटो खान्याबेला वस्नाखि बनायाको एक प्रकारको साधन; । उदा. पैलिका माइस बस्नाखि घर ठेलो बनाइ राख्ताछ्या ।

**ठेल्नु१** - स.क्रि. धकेल्नु; घचेट्नु; घोचाल्नु; धक्कादिनु; । उदा. साङ्डा बाटाउडो अक्खाखि ठेल्नु हुनैन ।

**ठेल्नु२** - ना. रोटो,लाउन आदि ताड्नाखि प्रयोग हुन्या ठुडाको आदा हात लामो एक प्रकारको साधन; । उदा. रोटो लाउन ताडिपन्ट पकाउनाखि ठेल्नु नभइ हुनैन । विप.तराइनु ।

**ठेस** - ना. हिँड्न्याबेला गोडामि लाग्न्या ठक्कर; । उदा. ठेस लाग्या पछि मात्र माइसखि होस आउना छन् ।

**ठोक्नु** - स.क्रि. जोडसित हान्नु; कुट्नु; मालसामान झुण्याउनाखि बान्नाम्मो किलो ठोक्नु; । उदा. गोठ भैसो बान्नाखि किलो गैटन्या बेला निकोरिपन्ट ठोक्नु पड्डो छ ।

**ठौरठौर** - क्रि.वि.स्थान-स्थान; ठाउँ- ठाउँमि; । उदा. हुन्या खान्या माइसले ठौरठौर घर बनायाका छन् । विप. एकाइठौर ।

**ठौऱ्याउनु** - ना. सुरक्षित राख्नु; लुकाउनु; सबुइले नधेक्न्या ठौर राख्नु; पछिकाम लागलाभनी अलग राख्नु; । उदा. बहुमूल्य सरसामान ठौऱ्याउनु पड्डो छ ।

**ठौर** - ना. ठाउँ; थलो; जगा; स्थान; । उदा. माइसले बस्न्याबेला सक्यासम्म निका ठौर बस्नु पड्डो छ ।

**ड** - ना. देवनागरी वर्णमालाको तेह्रौं व्यञ्जनवर्ण; । यइको उच्चारण मूर्धाबाट हुनोछ ।

**डगौरा** - ना. थारु; थाडुजातिको एक थर; । उदा. डगौरा जातका थाणु नेपालका आदिवासी जाति हुन् ।

**डँडेल्धुरा** - ना. नेपालको सुदूरपश्चिमा अञ्चलको एक पाहाडि जिल्ला ।

**डकान्नु** - अ.क्रि. आबाजका साथ लादाको हावाखि मुखबाट बाहिर निकाल्नु; खायापछि अघायाको सङकेत हुन्या अरि आउन्या एक प्रकुको आबाज; । उदा. खानानखायाइ डकान्नु स्वास्थ्यका लागि निको हुनैन ।

**डकार** - ना. लादाको हावा घाटीमा निकाल्न्या क्रिया; खाइपन्ट अगाया पछि आउन्या आबाज; । उदा. चाहासित बासि रोटा खानाले आज न्यान्याराइ चुकिला डकार आयाको भान हुन लाग्याको छ ।

**डकैति** - ना. चोऱ्या काम; डाँका हाल्न्या काम; डाका मान्या काम; बल प्रयोग अरि अख्खाको धनमाल लुट्न्या काम; । उदा. डाँकाले दिउँसै पुलिस थानाका अगाडिको दोकानमि डकैति अऱ्यो ।

**डगाउनु** - प्रे.क्रि. भन्न लाउनु; आप्ना मनका कुणा भन्न लाउनु; साची कुणा भन्न लाउनु; आफ्नु धर्ममी है विचलन अराउनु; । उदा. राज्याका रूपया हरायारे धामी डगाउनु  पड्यो भन्नासात चोरले  रूपया घर आइपन्ट दिगयो ।

**डग्मगाउनु** - अ.क्रि. हल्लनु; काम्नु; आप्ना बाचामि अडिग नरहनु; ढुलमुल हुनु;  । उदा. आफुले साँचो बोल्या पछि जसैविपत्ति आयापन डरले डग्मगाउनु हुनैन ।

**डग्मग** - क्रि.वि. हल्चल; याँ लोट्न्या हो कि ताँ; ओल्तिर पाइला हाल्या होकि पल्तिर भन्या दुविधा हुनु;  । उदा. आप्ना विचारहै जसै विपत्ति आयापन डग्मग हुनु हुनैन ।

**डङ्किनि** - ना. स्वाइनि माइसखि गाली अद्दा भनिनया शब्द;  । उदा. जलन्धरा छकालै उठीपन्ट अख्खाखि माइकि दिन्या हुनाले उइखि सबै डङ्किनि भन्ना छन् ।

**डणाउनु** - प्रे.क्रि. दण्ड-जरिवाना तिराउनु; अन्याय बिनाइ दोषी ठहऱ्याउनु;  । उदा. ठालु माइस अख्खाखि उसै डणाउनु आप्नो स्वाभिमान  मान्ना छन् । स्यनबासि दिनु ।

**डणेल्लो** - ना. ढाड; कानधेकि मुनि कम्मर सम्मको भाग;  । उदा. जुङ्ग्या बडी फन्क्याको छ तइको भाँटाले हानी डणेल्लो बटि भाँच्नु पड्यो ।

**डन्नु** - अ.क्रि. भयभित हुनु; भाग्नु; डर मान्नु;  । उदा. आफुले इबिनअऱ्या पछि डन्नु हुनैन ।

**डबलि** - ना. बैठक कोठा; आउन्या भान्या माइस सक्कवार बस्नाखि बनायाको ठाँउ; । उदा. आज भोल घर बनाउन्या बेला सबइले डबलि बनायाको हुनोछ ।

**डब्डबानु** - वि. हट्टाकट्टा; तन्दुरुस्त; मोटो घाटो; रहड लाग्दो; अगायाको;  । उदा. खानाखि निकोरि पायाको हुनाले प्रदिप आजभोल डब्डबानु धेक्किनो छ । विप. स्याउट्या ।

**डमरु** - ना. हुड्काको नान्को रूप; भार्त्याले हातउडो समाइ बजाउन्या एक प्रकारको बाजा; बाघको बच्चा;  । उदा. भगवान शिवको डमरु विशेष कुडा भन्न्याबेला मात्र बज्जो छ ।

**डल्लो** - ना. बाउसाले खन्न्या बेला आयाको माटाको भाग; बल्ल जोत्या पछि बासाइतक जौ,गउका धुलाइनो नुनहालिपन्ट

दिन्या; धुलो मिचि राख्याको; । उदा. रोटा हाल्यापछि बासि डल्लो राख्यो भन्या तइका रोटा निका हुनाइन ।

**डाङ्चा** - ना. पशु जातको भाल्या; लिङ्ग भयाको; । उदा. कुकुरको डाङ्चा छाउडो पाल्नाखि सजिलो हुनो छ । विप.छाउडी ।

**डस्याउनु** - स.क्रि. ओछ्याउनु; सिनाखि विस्तरा लाउनु; । उदा. पाउना आया भन्या सिनाखि निको डस्ना डस्याउनु पडो छ । विप.सिरग ।

**डाँक्खाना** - ना. हुलाक घर; डाँक घर; चिठ्ठि बाड्न्या ठौर; । उदा. आज भोल डाँकखाना ततिनिकोरि चल्याका आछिन ।

**डाक्लो** - ना. कलिलो; भरखरका बाटाको हाड्डो; । उदा. सिन्नाको डाक्लो तिउन अन्नाखिरे भैसाखि लेपो पकाउनाखि काम लाग्दो छ ।

**डाकोलाउनु** - ना. डाक्न्या काम; बोलाउन्या काम; आबाज सुनिन्या अरि टाडाका माइसखि बोलाउन्या काम; । उदा. पिडिखेत बाच्छाले सरुखायो भनी पुजारिखि डाकोलाउनु पड्यो ।

**डाक्नु** - स.क्रि. बोलाउनु; आउन भन्नु; । उदा. सिल्द्यामिका जातमि सक्या सम्म गाँउका सबुइखि डाक्नु पड्यो ।

**डाङो** - ना. भाल्या; छाडाभयाका लोग्न्या माइसखि भनिन्या शब्द; कुकुरको छाउडो; । उदा. कुकुरका चार छाउडामि एक मात्र डाङो जन्म्याको छ । छाउडि ।

**डाडु** - ना. तिउन,साग खरल्नाखि काम लाग्न्या एक साधन; । उदा. तिउन हाल्नाखि डाडु नभै हुनैन । विप.पन्न्यू ।

**डाडहाल्नु** - अ.क्रि. बिलाप अन्नु; ठुल्कि साट रुनु; मऱ्याका माइसखि घाँट लैझान्या बेला डाको छाडि रुन्या काम; । उदा. कसुइखिपन डाडहाल्नु जन हौं ।

**डाणाकाँणा** - ना. पाहाड-पर्वत; । उदा. चिल्गाडि डाणाकाँणा जोगाइपन्ट उणाउनु पड्डो छ ।

**डाणाबाग** - ना. बझाङ् जिल्ला थलाराको कोइरालाकोट गा.वि.स.मिर्‍याको एक प्रसिद्ध स्थानीय देवता; । उदा. डाणाबागको पूजा अऱ्या पछि धामी चल्ला छन् ।

**डाणाभाँटा** - ना. घर छाउनाखि उपयोग अरिन्या ठुडाका डाणारेभाँटाको समुह; । उदा. गोठ पाड्या घरका डाणाँभाटा बल्या हाल्ना पड्डा छन् ।

**डाम्नु** - स.क्रि. बोक्सी भनीपन्ट ततायाका पन्न्याले हान्या काम; शिवका नाउँमि छाडिन्या बडका पिठिमि ततायाको त्रिशूल लाउन्या काम; । उदा. पितृखि लागि भनी एकादशाकादिन बडका पिठिपि ततायाका त्रिशूलले डाम्नु निको होइन ।

**डालो** - ना. बाँस या निङालाका चोयाले बुन्याको फराकिलो मुख भयाको भाँडो; । उदा. जौमल्याले घट्टहै डालो रितै घर आन्यो ।

**डिङो** - ना. मऱ्याका पशुको सिनो; मऱ्याको शरीरखि भन्न्या शब्द; । उदा. डिङो जति निको भयापन खानु हुनैन ।

**डिको** - ना. देवनागरी अक्षरका मुन्टाउडो हाल्न्या तेर्सो धड्को; । उदा. देवनागरी लिपिमि डिको हालीपन्ट लेख्न्या चलन छ ।

**डिङ्नु** - ना. लठ्ठी; भाटो; आडो; । उदा. बडिकुडा अऱ्यो भन्न्या तइका मुन्टामि डिङ्नु बजाउनु पड्न्या हो ।

**डिङ्न्या१** - ना. लठ्ठीवाला माइस; मूर्ख; वुद्वि नभयाको माइस; । उदा. अठ्विस्या सदाइका डिङ्न्या माइस हुन् । वुद्विमान् ।

**डिङ्न्या२** - वि. डिङो खाइपन्ट मोटो जीउ भयाको ; खाइपन्ट कामन काजको ठुलो भयाको माइस; । उदा. आज भोल डिङ्न्या माइसको केइकाम पन आछिन ।

**डिट्ठा** - ना. मुख्या भन्ना मथिको रे खडदार भन्ना तत्तिरको निजामती कर्मचारी; । उदा. आज भोल डिट्ठा तहका कर्मचारी हुनाइन ।

**डिब्या** - ना. ताउली; भड्डु; भात पकाननाखि चाहिन्या एक प्रकारको भाँडो; । उदा. पिल्त्या डिब्यामिको भात निको हुनो छ । विप. टाउक्या ।

**डिल्लाँ** - ना. भात,तिउन,तरकारी पकाउन्या बेला भाँडो राख्नाखि बनायाका टेका; । उदा. ढुङ्गाका डिल्लाँ बल्ल्या हुना छन् ।

**डीक** - ना. बन्धकी; धितो; धरौटी; । उदा. घर खर्च चलाउनाखि रूप्या नहुनाले तिलहरी डीक राख्याको छ ।

**डीठ्पड्नु** - ना.आँखाले धेक्किनु; दृष्टि पुग्नु; माया पुग्नु; । उदा. तइका डीठ्पड्नु भिटनहुनु क्या लेख्याको रैछ ।

**डील** - ना. पानी रोक्नाखिरे सानु छुट्ऱ्याउनाखि बनाइन्याको इच्लो; साँध-सिमाना छुट्ऱ्याउन्या; । उदा. असाडका मैना गडाको डील निकोरि हाल्नु पड्डो छ ।

**डीलडौल** - ना. छाँटकाँट; आकार प्रकार; अवस्था; । उदा. भोज्याको आज भोल डीलडौल निको आच्छिन ।

**डुणीनु** - अ.क्रि. हातखुट्टा नचल्न्या हुनु; ओल्तिर पल्तिर भ्हान नसक्नु; । उदा. बेलामि ओख्तो नअन्नाले रतनकलाले डुणीनु पड्यो ।

**डुणो** - वि. हात गोडा लुला भयाको; हातखुट्टा भाच्याको माइस; । उदा. गोपीको खुट्टो भाच्याको हुनाले उइखि सबै डुणो भन्ना छन् ।

**डुण्यामाडु** - ना. बझाङ् जिल्ला थलारा कोटभैरब गा.वि.स.मि पड्न्या दुइ गाडका वीचैनाको देवता; । उदा. डुण्यामाडुका जातमि मेला लाग्दो छ ।

**डुडाउनु** - अ.क्रि. आवाज निकालिपन्ट कराउनु; ठुल्कि साट अम्मानु; । उदा. मुखइनो घास नहुनाले गोठ गाईले वन भ्हानाखि डुडाउनु पड्यो ।

**डुब्का** - ना. गतानि; तिउनको एक विशेष परिकार; गत,मास,चामल,गउको धूलो आदि हालिपन्ट बनायाको तिउन विशेष; । उदा. सुदूरपश्चिममि क्षेत्रका माइस डुब्का विशेष पर्वमि पकाउना छन् ।

**डुब्कि** - ना. गोता; डुबुल्कि; तलाउ वा पोखरिनो सक्कवार डुबिपन्ट हड धुन्याकाम; । उदा. कुम्भका बेला प्रयाग राज त्रिवेणीमि डुब्कि मान्नु पाउनु ठुलो कुणा हो ।

**डुमेरो** - ना. डुम्यारो; डुम्मिनु; डुमिने काम; जात भ्हान्या काम; । उदा. साधुरामले डुम माऱ्याको हुनाले उइखि डुमेरो लाग्यो ।

**डुम** - ना. अछुत जातको माइस; तल्लाजातको माइस; । उदा. आज भोल कसुइखिपन डुम भन्नाइन । विप.वाउन ।

**डुम्नि** - ना. डुम जातकि स्वाइनि माइस; डुमका पैलगयाकि माइमाइ; । उदा. डुम्निका मुखलाग्नु हुनैन । विप.वाउनी ।

**डुम्बाडा** - ना. कामी,सार्की वस्न्या ठौर; । उदा. रात डुम्बाडा वस्नु हुनैन । विप.वाउनबाडा ।

**डेउडा** - ना. दाँया खुट्टा आधा उठायाको रे बाँया खुट्टाको पैतताले दाँया खुट्टाखि निङ्गाइपनट अगाडि बड्डै गीतको ताल मिलाइपन डेढ पाइलाको रूपमि खेलिन्या एक रोचक नाच; गीतको लय अनुसार खुट्टाको ताल मिलाइपन्ट बाटुलो

आकारमि खेलिन्या एक प्रकारको प्रसिद्ध खेल; ।
उदा. सुदूरपश्चिमेलीहरूको डेउडा प्रसिद्ध खेल हो ।

**डेउड्या** - वि. डेउडा खेल्न रमाउन्या माइस; डेउडा हाल्न्या माइस; छड्क्या; । उदा. दिलुखि सबै डेउड्या माइस भन्ना छन् ।

**डोकाउनु** - स.क्रि. पङ्रनु; गाई,भैसा आदिका थनमि दुद रसाउनु; । उदा. कन्तराको भैसो निकोरि घाँस खाया पछि मात्र डोकाउनु खोज्जो छ ।

**डोको** - ना. बाँस,निगाला आदिका चोयाबाट बनायाको लाम्लो लगाइ पिठिमि भारि बोक्न्या एक प्रकारको भाँडो । उदा. सामान बोक्ताखि डोको सजिलो हुन्छ ।

**डोटी** - ना. नेपाल अधिराज्यको एक पाहाडि जिल्ला ।

**डोब्नु** - स.क्रि. विरुवा वा बिउ रोप्नु; । असाडका मैना गडामि रोपो निकोरि डोब्नु पड्डो छ । विप.उखाल्नु ।

**डोर** - ना. धागो, बाबियाका बाटिपन्ट बनायाको; । उदा. असाडकामैना मैलडो बनाउनाखि डोर बल्यो रे निको हुनु पड्डो छ ।

**डोला** - ना. ब्याउला,ब्याउलीखि चडाइपन्ट माइसले बोक्न्या एक प्रकारको साधन; । उदा. आज भोल डोलाको चलन कम भयाको छ ।

**डोलाउनु** - अ.क्रि. बरालिनु; बहकिनु; बिना कामकाज फेन्नु; मन नलाग्नु; । उदा. माइसले जसैविपत्ति आयापन आप्नो मन डोलाउनु हुनैन ।

**डोल्पा** - ना. नेपाल अधिराज्यको एक पाहाडि जिल्ला ।

**डौल** - ना. डील-डाल; बानी; । उदा. आज भोल तम्री डौल निकि आछिन ।

**डौलडाल** - ना. हालखवर; परिस्थिति; अवस्था; । उदा. नाइकको आज भोल डौलडाल कसो छ ।

**ड्बाँड्बाँ** - क्रि.वि. गाई-भैसा अम्मान्या आबाज; लगातार कराइ राख्न्या आबाज; । उदा. मुखैनो घाँस-पात नपायाको हुनाले बल्ल ड्वाँड्नाँ अरिपन्ट आवाज निकाल्न लाग्यो ।

**डबाँड्ङ** - क्रि.वि. एक प्रकारको विशेष आबाज; । उदा. रामखि रुखमिहै डबाँड्ङ लोटिपन्ट चोटपटक लाग्याको छ ।

**ढ** - ना. देवनागरी वर्णमालाको चौधौं व्यञ्जनवर्ण; । यइको उच्चारण मूर्धाबाट हुनोछ ।

**ढँटुवा** - वि.ढाट्न्या स्वाभावको माइस; फटाहा; ढाँट; । उदा. हऱ्याउकानु गाउँको गाउँको ढँटुबा माइस हो ।

**ढँणार** - ना. बझाङ् जिल्लामि रऱ्याको मस्टादेवताको एक रूप; ठाँउको नाम; । उदा. ढँणार मष्टादेवताको पुजा हुनोछ ।

**ढकारो** - ना. रुगा-खोकी; खुस्सानि पोल्या पछि आउन्या गन; । उदा. चोरखि साँचीकुडा भनाउनाखि पुलिस खुस्सानीको ढकारो हाल्ला छन् ।

**ढड्डु** - वि. अग्लो रे मोटो; विस्वाइलो जीउ भयाको; वाडीपन्ट खडगयाको; । उदा. सुवासखि आजभोल सबै ढड्डु माइस भन्ना छन् ।

**ढाणोबयालो** - ना. हावा हुरी चल्नु; वतास लाग्नु; आँधीबेहरी; ठुलो समस्या; । उदा. मुलामुलीखि ढोणोबयालो लाग्याका बेला घरहै बाइर भ्झान दिनु हुनैन ।

**ढपिलो** - वि. निको आचारण भयाको; कुशल; सिपालु; मिलनसार; । उदा. भान्या ढपिलो माइस आच्छिन ।

**ढप** - ना. ढङ; सुर; ताल; लय; । उदा. गीतको ढप मिलाइपन्ट गाउनु पड्डो छ ।

**ढलौट** - वि. धातुबाट बनायाका भाँडा; ढालिपन्ट बनायाको; । भगवानका सबै मूर्ति ढलौट अरिपन्ट बनायाका हुन् ।

**ढल्किढल्कि** - क्रि.वि. फर्कीपर्की हेर्न्या काम; कन्न भाचिभाचि हट्न्या काम; नमाइ निउडिपन्ट नाच्न्या काम; । उदा. आज भोलकि नाच्न्या वाली स्वाइनि माइस ढल्किढल्कि नाच्चि छन् ।

**ढल्कनु** - अ.क्रि. आँखाबाट टाडा हुनु; नधेक्किन्या हुनु; कसुइको पक्ष लिनु; । उदा. कुडा नबुझिपन्ट कसुइका तिर ढल्कनु हुनैन ।

**ढाँइँढुइँ** - ना. ढाणोबयालो; हावाबतास एकैरौका चल्नु; । उदा. बाटाउडो हट्न्या बेला ढाँइँढुइँ आयो भन्या रुखमुनि बस्नु हुनैन ।

**ढाँका** - ना. अगाडि ढाका सहरमि बन्न्यारे तसुइका नामबाट चल्याको रङ्डीविरङ्डी बुट्टा भयाको झिक्क मोल पड्न्या

कपडा;  । उदा. पाल्पाली ढाँकाका कपडाका चोला निका हुना छन् ।

**ढाँट** - वि. अल्कि लाउन्या; झुटो बोल्न्या माइस; फटाह; चारसौ बिसि अन्न्या माइस; एक प्रकारका क्षेत्रीको जात; । उदा. लाल्या ढाँटका पछि लाग्यो भन्या दुख्ख पाइनो छ ।

**ढाक्कन** - ना. बिर्को; ढाक्न्या साधन; ढक्कन; ढाकन;  । उदा. छाइना किर्मुला पडन्ना भनी तुरिको ढाक्कन निकोरि लाइराख्नु पड्डो छ ।

**ढाक्छोप्** - ना. कसुइका कुडाखि लुकाउन्या काम; गल्ति अऱ्याका कुडाखि लुकाउन्या काम; । उदा. कसुइले अऱ्याको बदमासिकाम लुकाउन उइका कुडा ढाक्छोप् अन्नु हुनैन ।

**ढाडु** - वि. खाइपन्ट मोटायाको काम न लाग्न्या; बिल्लाको भाल्या;  । उदा. ढाडु बिल्लो दुद चोरिपन्ट खानो छ ।

**ढाल्** - ना.  लडाइमि हतियारको प्रहार रोक्नबनायाको फलामको बाटुला थला जसो एक साधन;  परिवार नियोजनको एक अस्थाई साधन;   । उदा. आजभोल अस्पताल परिवार नियोजनका अस्थाई साधन ढाल् जतिल्यो भन्या पनि पाइना छन् ।

**ढाल्नु** - स.क्रि. ढलाउनु; लोटाउनु; पर्छ्यानु; लडाउनु;  । उदा. कोटमि दशै.का दिन एकाइ सुटमि राँडाखि ढाल्नु पड्डो छ ।

**ढिको** - ना. डल्लो; नुनको ढिको; रूपया-पैसाको ढिको; । उदा. आज तिउनैनो हाल्नाखि नुनको एक ढिकोपन आच्छिन ।

**ढिणो** - ना. उमाल्याका पानीनो धुलो हाली पन्न्याले खरलि पन्ट पकायाको खान्या कुडा; । उदा. आजभोल ठुल्का होटलमिपन ढिणो पकाइपन्ट बेच्चा छन् ।

**ढुक्नु** - स.क्रि. पर्खनु; बाटो हेन्नु; प्रतिक्षा अन्नु;  । उदा. गोविन्दखि ढुक्नु भन्याको आफ्नो समय खाली फाल्नु जसो हो ।

**ढुङ्डो** - ना. शिला; पत्थर;  । उदा. माइसले ढुङ्डा समाइपन अन्नु हुनैन।

**ढुटो** - ना. धानकुट्न्याबेला निक्ल्याको भुसकोमसिनो धूलो;  । उदा. धानको ढुटो गाइ-भैसाखि लेपो लगाउनाखि काम लाग्दो छ ।

**ढुन्मुन** - क्रि.वि. याँ, बा, खोज्न्या काम;  । उदा. अख्खाका घरगैइपन्ट ढुन्मुनरे खोज तलास अन्नु निको होइन ।

**ढेप** - ना. बड,राँडा,भैसा,बाख्रा आदिखि जुत्तिन्या वेला मुन्टाले मुन्टामि हान्या एक प्रकारको खेल; । उदा. नान्काले ठुल्कासित ढेप दिनु हुनैन ।

**ढोका** - ना. द्वार; घर भित्र प्रवेश अन्न्या मुख्य ठौर; मजला भित्र झन्न्या ठुडाको बनायाको एक प्रकारको छिन्न्या ठौरखिको; । उदा. घरका द्वार बल्ल्या बनाउनु पड्डो छ ।

**ढोग्** - ना. प्रणाम,नमस्कार,दण्डवत; । उदा. नान्का माइसले ठुल्का माइसखि ढोग् दिना छन् ।

**ढोग्नु** - स.क्रि. नमस्कार अन्नु; प्रणाम अन्नु; पाउमि पड्नु; । उदा. देवीदेवता रे आफुभन्ना ठुल्का माइसखि ढोग्नु पड्न्या हम्रो प्रचलन चलिआयाको छ ।

**ढोगफकाउनु** - ना. पइलिकोनाता रे विवाह पछिको नाता सम्वन्ध अनुसार ढोगल्न्यि पक्षकोले ढोगफर्काउनु पड्न्या चलन छ । उदा. बौगुले गोसिको ढोगफकाउनु पड्डोछ ।

**ढोङ** - ना. बनावटी कुडा अन्नु; आडम्बर; स्वाङ; अख्खाले अऱ्या जसो अन्नु; । उदा. माइसले खालिसुदै ढोङ अन्नु हुनैन ।

**ढोड** - वि. बुद्धि नभयाको; भित्रैबाट खोक्रोपन; बाडिपन्ट मात्रै ठुल्को भयाको; । उदा. सुवि खाइपन्टमात्रै आजभोल ढोडढोड भयाको छ ।

**ढोलि** - ना. दमाइ; लुगा कपडा सिलाउन्या माइस; ब्या रे व्रतबन्धमि बाजा बजाउन्या माइस; । उदा. आजभोलका ढोलिका घर ट्याम्को रे दाइनो हुनैन ।

**ढोलिबाडो** - ना. दमाइ जातका माइस बस्न्या ठौर; । उदा. आजभोल ढोलिबाडो अग्नका भन्ना सप्ड्याको हुनोछ ।

**ढोल्लीया** - वि. पोख्ख्याको; पोखिनु; । उदा. अनारो हुनाले पिरुको हातलागिपन्ट रस्स्याम्मो पानीको घडो ढोल्लीयाको छ ।

**ढोल्नु** - स.क्रि.पानी पोख्नु; रीसले तरल पदार्थ खन्याउनु; । उदा. जाडीका मैना पानी घरम्मो जापायोता ढोल्नु हुनैन ।

**ढ्याक** - ना. पुरानु भारतीय सिक्का; घुच्चि खेल्न्या बेला रे एक खुट्ट्या खेल्न बेला भन्याका ठौर हान्नाखि प्रयोगमि आउन्या एक किसिमको ढुङ्डाको बाटुलो बस्तु; । उदा. चन्द्र घुच्चि खेल्नाखि भनीपन्ट सदाइ ढ्याक आप्नाइ हात राख्तो छ ।

**ढचाप्प** - क्रि.वि. टम्मअरि लाग्न्या किसिम; निकोरिपन्ट मिल्न्या; कोर्काको मथिमि ठुडो राखिपन्ट मिलाउन्या काम; । उदा. ठुला घरका देलाको द्वार ढचाप्पअरि लाग्दैन ।

**ढचास्सु** - ना. बाक्लो; माटो; । उदा. बासिडल्लाको रोटो अद्पाक्याको भयो भन्या तसा रोटाखि माइसढचास्सु रोटो पकायाको भन्ना छन् ।

**ढ्वाङ्** - ना. स्वाङ्; धेकावटि; काम अऱ्याजसो अन्न्या; । उदा. काममि लाग्या पछि कसइलेपन ढ्वाङ् अन्न हनैन ।

**ढाण्** - ना. प्वाल; दूलो; छिनारो; । उदा. छानाका पाखामिको खड कुइपन्ट ढाण् पड्याको छ ।

**ण** - ना. देवनागरी वर्णमालाको पन्ध्रौ व्यञ्जनवर्ण; । यइको उच्चारण मूर्धा रे नासिकाबाट हुन्छ ।

**त** - ना. देवनागरी वर्णमालाको सोह्रौं व्यञ्जनवर्ण; । यइको उच्चारण मूर्धा रे नासिकाबाट हुनोछ र यो बभ्काङ्गी भाषामा बढी प्रयोग हुनोछ ।

**तइखि** - क्रि.वि. तैखि; त्यसलाई; तिम्रोलागि; । उदा. मुइले तइखि भनिपन्ट आज सम्म लुगा कपडा सिलायाका आच्छिन ।

**तइडो** - क्रि.वि. त्यइतिर; ताउडो; तैतिर; कसुइसित जोडिन्या आशय; । उदा. सदाइ कल अन्न्या तइडो मेरो केइ लाग्दैन ।

**तइ** - सर्व.तिमि; कसुउखि बोलाउनाखि भन्न्या शब्द; । उदा. ए राम तइ ताँ अइलसम्म केइ बसालि राख्याको छ ।

**तकला** - ना. धामीमि देउता आयाका बेला धामीले अरुखि सम्बोधन अन्न्या एक विशेष शब्द; । उदा. ए तकला तुइले आज सम्म भिक्कै मनमानी अऱ्याको धेक्किन लाग्याको छ ।

**तकिया** - ना. सिरानी; सिरानु; स्याका बेला मुन्टा मनिराख्न्या एक कम्लो बस्तु; । उदा. कसुइको तकिया नहालिपन्ट सिन्या बानी हुनैन ।

**तक्दीर** - ना. भाग्य; प्रारब्ध; कर्म; होरो; । उदा. काम नअरिपन्ट कसुइको तक्दीर बदलिनैन ।

**तक्लीप** - ना. दुःख; कष्ट; पीडा; । उदा. जसुले मन्न बेला सारै तक्लीप पायो । विप. आराम ।

**तगडा** - वि. बल्ल्यो; बलियो; तागत भयाको; निरोगी; । उदा. पुन्ट्या नान्काइ छनाबाट तगडा माइस हो । विप. लुऱ्या ।

**तज्विज** - ना. बन्दोबस्त; प्रबन्ध; । उदा. आप्ना तज्विजले मात्र काम अनन्नु पड्डो छ ।

**तडक्भडक्** - ना. नचाहिदो ठाँटबाँट; । उदा. ज्यादाई तडक्भडक् अरि ओर-पर हट्नु हुनैन ।

**तडातड्** - क्रि.वि. गालामि हातले हान्या काम; । उदा. हरिले रुप्या चोड्या भनि विस्न्याका गालामि तडातड अरि हान्यो ।

**तडि** - ना. तागत; सामर्थ्य; बल; शक्ति; । उदा. पाहाडम्मा बस्न्या माइसखि काम अन्न्या तडि हुनिछ ।

**तडुल** - ना. तरुल; तौड; । उदा. तडुल कोन्नाखि निको सिपालु तडि भयाको माइस चाइनो छ ।

**तडो** - ना. बस्सको वेग; जोडले बस्स आउनु; धारो लाग्नु; । उदा. बेलीबाट लगातार बस्सको तडो लाग्याको लाग्यै छ । विप.फिका ।

**तति** - वि. त्यति; ततिको; धेरै; भिक्कै; मस्तै; भ्किक्कै परिणाम भयाको । उदा. ततिको धनमाल कमाइपन्ट काँ राख्न्या हौं ।

**तनक्क** - क्रि.वि. तान्न्या काम; मिलाउन्या काम; । उदा. गलिम बाट्न्या बेला पयो तनक्क अरि तानि राख्नु पड्डो छ ।

**तनु** - ना. तुना; फत्तुको तनु; ; । उदा. जाडिका बेला फत्तु रे चोलाको तनु बानी राख्नु पड्डो छ ।

**तन्त्र** - ना. देवी-देवताको उपासना अन्न्या बेला भन्न्या शब्द; झाडफुक अन्या बेला भनिन्या शब्द; । उदा. तन्त्रको प्रयोग अन्न्या माइसखि छटि रोग लाग्दो छ ।

**तन्मन्** - ना. शरीर रे मनलाईपन्ट अरिन्या काम; उत्साह; जाँगर; । उदा. आप्नु काम तन्मन्लाईपन्ट अन्नु पड्डो छ । विप. लाप्रवाहि ।

**तपस्या** - ना. तप; ठूलो मानसिक सफलताखिलागि अरिन्या प्रयत्न; । उदा. विद्यार्थीले पढ्न्या बेला ठूलो तपस्या अन्नु पड्डो छ ।

**तपोवन्** - ना. प्राचीन समयमि ऋषि-मुनिहरूले साधना अन्न्या ठाँउ; बझाङ जिल्लाको प्रमुख तीर्थ स्थान मध्येका एक स्थान; । उदा. तपोवनका कुन्डको पानी तातो हुनो छ ।

**तमिकन** - क्रि.वि. तपाईका निम्ति; तमुखि; तमुलाई; । उदा. भुन्ट्याले खर्क झानाखि तमिकन बासाईतक छटि बट्टि रऱ्या भन्याको छ ।

**तमिज** - ना. बानी; आदत; निको गट्टो छुट्याउन सक्न्या; । उदा. घिरेन तमिज नभयाको माइस हो ।

**तम्सुक्** - ना. साहू रे आसामीका बीचमि हुन्या लेनदेन सम्बन्धीको प्रमाण; लिखितम्; । उदा. कसुइखि रूपया-पैसा दिनुपड्यो भन्या तम्सुक् बनाइ राख्नु पड्डो छ ।

**तराइ१** - ना. माल; मदेश; समतल भयाको मैदान; औल; । उदा. तराइ बस्न्या माइस झिक्कै जसा घामले काला हुना छन् । विप.हिमाल ।

**तराइ२** - भा.ना. तराउन्या काम; पार लाउन्या; । उदा. धौलीले परिगाड पानीझिक्क हुनाले मुखि गाड तराइ माग्यो । विप.बगाइ ।

**तरास्** - ना. डर; त्रास; भय; झस्को; । उदा. आज भोल कसुइको आसपन मान्नु हुनैन रे तरासपन मान्नु हुनैन ।

**तरुनो** - वि. तन्न्याडि; जवान; तन्न्यारि; तरुण; युवा; । उदा. बेलीको नानु मुला आज भोल तरुनो भयाको रैछ । विप बुढो ।

**तर१** - ना. दुदको जालो; तरल पदार्थका मथिउणो लाग्न्या एक प्रकारको बस्तु; । उदा. गोठाला दुदको तर मात्र खाना छन् ।

**तर२** - ना. पार अन्नु; तन्नु; खोला पार अन्नु;जीबन पार हुनु; । उदा. गाड पानी बड्याका बेला मुलामुलीखि गाड तर भन्नु हुनैन ।

**तर३** - संयो. तापनि; परन्तु; किन्तु; तथापि; । उदा. काम त निकोरिपन्ट अऱ्या तर फल पाइएला जसो छाट आछिन ।

**थ** - ना. देवनागरी वर्णमालाको सत्रौं व्यञ्जन वर्ण यइको उच्चारण दन्तबाट हुनोछ ।

**थकाइ** - ना. थकावट; थाक्याको; गल्याको; । उदा. बेली उकालो बाटो हट्नाले आज थकाइ लाग्याकि छ ।

**थकाउनु** - स.क्रि. थकित बनाउनु; कमजोर हुनु; कसुइखि दिनभरि काम अराइराख्नु; । उदा.जयाले आप्नी नान्की चेलीखी स्याउला अनाइ थकाउनु हुनैन ।

**थचक्क** - क्रि.वि. थ्याच्च; पुछट्टाले टेकिपन्ट बस्न्या काम; । उदा.जाइनो पायो ताइनो थचक्क बस्नु हुनैन ।

**थनिलो** - ना. दुददिन्या जातका प्राणीका कचौडामि हुन्या एक प्रकारको रोग; क्याल्सियमका अभावमि आउन्या दुध्या जरो; । उदा. पैलिबेत्या पौडाका कचौडामि थनिलो भयाको छ ।

**थन** - ना. कचौडाम्मा झुन्ड्याका दुद निक्लन्या मासुका लामा लुर्का; स्तनका मुन्टा; । उदा. जर्सि गाईका थनबाट दुद झिक्क आउनो छ ।

**थन्कनु** - अ.क्रि. एकाइ ठौरखि बसिराख्नु; अशक्त हुनु; । उदा. सदाइ बल्यो काम अन्न्या माइसखि जर आउनाले थन्कनु पड्यो ।

**थन्क्याउनु** - स.क्रि. थान्को लाउनु; ठेगानखि राख्नु; राख्न्या ठौर राख्नु; । उदा. जाडीका बेला लाउन्या लुगाकपडा गर्मीका बेला थन्क्याउनु पड्डो छ ।

**थन्तातो** - वि.अइल्यै पसि आन्याको दुद; थनहै पस्तापस्ताइका जसो तातो दुद;पानी नहाल्याको दुद; । उदा. भैसाको थन्तातो दुद खानाले माइस तागतिला हुना छन् ।

**थन्थन** - क्रि.वि. नमाइको खुच्किडी लाग्यापन रुन्या माइस; अनावश्यक कच्कच; नानु डाको अरिपन्ट रोइरान्या मुलामुली; । उदा. झुस्याको चेलो छकाल उठ्ठासात आप्नी इजासित थन्थन अरि राख्तो छ ।

**थप्घट** - ना. झिक्क-थोकाइ हुन्या काम; कम-बेसी; थपाउन्या घटाउन्या काम; । उदा. बासका जग्गाको मोल बेच्न्या बेला थप्घट अन्नु पड्यो ।

**थप्थपाउनु** - स.क्रि. कसुइखि स्याबासी दिनु; सहानुभूति धेकाउनु; धाप मान्नु; कसुइका पिठिँमि हात राख्नु; । उदा. निको काम अन्न्या माइसका पिठिँमि थप्थपाउनु पड्डो छ ।

**थरहरि** - क्रि.वि. जमीन हल्लिन्या अरि खेल्नु; डर,त्रास,क्रोध, आदि धेकाइपन्ट अरिन्या कल-झकडा; । उदा. साउकारका घर आज थरहरि भयाकि छ ।

**थर्काउनु** - वि. तर्साउनु; डराउनु; भयभीत अन्नु; । उदा. कमजोर छभनी कसुइखिपन थर्काउनु हुनैन ।

**थलारा** - ना. बाइसी-चौबीसी राज्यकालमिको थलारी राजाको राजधानी रन्याको ठौर हालको बझाङ जिल्लामि पड्न्या एक विशेष थलाजसो ओरिपरि अग्लो रे माजैनो गैरो पढ्याको ऐतिहासिक ठाँउ; । उदा. मेरो जन्म घर थलारा हो ।

**थलो** - ना. थान; जमीन; समथल जग्गा; बस्न्या ठौर; । उदा. आफू जति ठुलो भयापन आप्नु जन्म्या थलो बिस्सनु हुनैन ।

**थाइ** - वि. दिगो;स्थायी;लामु समय सम्मरन्या; । उदा. माइसको जीवनपन थाइ हुनैन । विप.अस्थाइ ।

**थाउलो** - ना. भैसाबान्न्या ठौर;भुजा,चिचिन्ना लाउनाखि बनायाको ठाँउ; । उदा. खर्क भैसाखि घाँस खुवाउनाखि रे पस्नाखि थाउलो निको बनायाको छ ।

**थाङ्ना** - ना. फाट्याका लुगा कपडा;थोत्रामोत्रा कपडा; टाला हाल्याका; । उदा. साउकाले थाङ्ना भित्र रूपया पैसा लुकायाका हुनाछन् ।

**थाङ्न्या** - वि. गरीब;फाट्याका रे टाला हाल्याका लुगा कपडा लाउन्या माइस; । उदा. सीदाडीका ध्वजखि सबै थाङ्न्या बड्डो भन्ना छन् ।

**थान१** - ना. देवी देवताको माडु; देवीदेवता स्थापना अऱ्याको ठौर; । उदा. नमाइका कुडामि थानमि गैपन्ट कस हाल्नु हुनैन ।

**थान२** - ना. मिलबाट आनी बेडीपन्ट नकाटी राख्याको सौतै कपडाको खात; । उदा. आज भोल थानमिका कपडा मुलामुली निका मान्नाइन ।

**थाप्लो** - ना. मुन्टो; कपाल; टाउको; । उदा. आज भोल काम अन्न्याबेला आप्नो थाप्लो बचाउनु पड्डो छ ।

**थामथुम्** - ना. रिसायाका माइसखि चित्त बुझाउनु; झकडा शान्त अन्नु; । उदा. गाँउको झकडा सबै मिलिपन्ट आजसम्म थाम्थुम् पाड्याको छ ।

**थारोहान्नु** - ना. माडु गैपन्ट अख्खाको नराम्डो अन्नाखि हात तल ठोकीपन्ट कसम खान्या काम; । उदा. जसुले थारोहान्नु मात्र सार भयो ।

**थिच्नु** - स.क्रि. चुट्नु; पिट्नु; दया नमानीपन्ट हान्नु; । उदा. बल्ल्याले निर्धाखि थिच्नु राम्डो होइन ।

**थुत्नु** - स.क्रि. खोस्नु; तान्नु; तागतलाईपन्ट लिनु; । उदा. सूर्यले वदमासखि खेलका माझैंनाहै थुत्नु पड्यो ।

**थेप्चो** - वि. थ्याच्च पड्याको; नेप्टियाको; चेप्टो; । उदा. चुनुको नाक थेप्चो पड्याको छ ।

**थैलो** - ना. धान,गउ राख्नाखि मुखखुला राखिपन्ट बनायाको कपडा वा अन्यबाट बनायाको वस्तु; । उदा. जुम्लीले बनायाको थैलो बल्ल्यो हुनो छ ।

**थोकाइ** - वि. कम्ती; घटी; थोरै; अलिकति; नमाइ; । उदा. थोकाइ धुलाले झिक्कै माइसखि रोटा पुगाइ सक्किनाइन । विप.झिक्कै ।

**थोपड्नु** - स.क्रि. लेस्याइलो पदार्थ जापायोताई घस्नु; अख्खाका मुन्टामि आप्नु औगाल थोपडेनु हुनैन ।

**थोरो** - ना. भैसाको पाडी; थोरी; । उदा. थोरो भयाका भैसाबाट दुद झिक्क आउनैन । विप.राँडो ।

**द** - ना. देवनागरी वर्णमालाको अठारौं व्यञ्जन वर्ण; यइको उच्चारण दन्तबाट हुनोछ ।

**दइ** - ना. दै; दही; दुद जमाइपन्ट बनायाको; । उदा. घामका बेला दइ खानाले शीतल हुनो छ । विप.दुद ।

**दगुण्णु** - अ.क्रि. दौडनु; भाग्नु; कुद्नु; दगुर्नु; दौण्णु; । उदा. छकाल्ल छकाल दगुण्णु शरीरकालागि निको हो । विप. बस्नु ।

**दखल** - ना. अधिकार; कब्जा; कौशल; निपुर्णता; । उदा. आप्ना विषयमि दखल हुनु पड्डो छ ।

**दगडा** - ना. टोल; बाडो; एकाइ गाँउभित्रका नान्नाना बस्ती; । उदा. देवस्थलीका गाँउमि चार दगडा छन् ।

**दगाइदगाइ** - क्रि.वि. सताइपन्ट माग्न्या काम; अख्खाकि दुखदिन्या नियत; । उदा. बुढा माइसखि दगाइदगाइ माग्नु हुनैन ।

**दङ्ादङ्** - क्रि.वि. लठ्ठिले हान्या काम;घानका मुठा बोऱ्यामि हान्या काम; । उदा. भोजले मानुखि भाटाले दङ्ादङ् हान्यो ।

**दङ्ालो** - ना. बाली हुन्या गाईका पछि बड लाग्नु; कलडो वा गाई बाली हुन खोज्नु; । उदा. गाईको दङ्ालो अरिपन्ट आयाको गोरुले गोठ भऱ्याको छ ।

**दङ्दङ्ानु** - वि. बल्ल्यो; मजबुत; रोग नलाग्याको; । उदा. तीर्थ खाइपिपन्ट दङ्दङ्ानु भयाको छ । विप. लुल्याउरो ।

**दडो** - वि. टिकाउ; दरो; बल्ल्यो; बलवान्; । उदा. मारकिनको कपडा अरुभन्ना दडो हुनो छ ।

**दडऱ्याउनु१** - स.क्रि. माइकि दिनु; एक प्रकारको गाली; । उदा. पिरु दडऱ्याउनाले बेली मेरा काक्डा चोरीपन्ट खायो ।

**दङ्याउनु२** - स.क्रि. निकोरी वान्नु; कसिपन्न वान्नु; घाँसको पुलो फुकला भनी निकोरिपन्ट दङ्याउनु पड्डो छ। विप. होल्याउनु।

**दन्त** - ना. दाडा; दाँत; मुखभित्रका खान्याकुडा चपाउन्या साधन; । उदा. बनारिका लेक गीत गाउन्याबेला दन्त हाँस्याका हाँस्यै हुनाछन्।

**दन्त्यकथा** - ना. बात;अगाडिदेखि अइलसम्म चलिआयाको लोकले सुन्या रे भन्न्या एक प्रकारको मनोरञ्जनको रूप; । उदा. लोक परम्पराको पुरानो मान्यताका रूपमि दन्त्यकथाखि लिनु हो।

**दन्दनानु** - वि.बल्ल्योअरि हट्न्या; तागत भयाको माइस; । उदा. झुस्या आजसम्मपन दन्दनानु छ।

**दन्दन्** - क्रि.वि. दन्किपन्ट बल्न्या आगो;नरोक्किपन्ट हट्न्या काम; । उदा. असाडका मैना खैलाबल्ल दन्दन्अरि हट्टा छन्।

**दफा** - ना. ऐन वा नियमको धारा; भाग्नु; हुल;जमात; । उदा. लोकसेवा पास अन्नाखि नियमका दफाको निकोरिपन्ट अध्ययन अन्नु पड्डो छ।

**दबाया** - वि. लुकायाको; छिपायाको; । उदा. देबले झिक्कै बस्सअगाडिहै दबाइपन्ट राख्याको सुन आज फेलापड्यो।

**ध** - ना. देवनागरी वर्णमालाको उन्नाइसौं व्यञ्जन वर्ण; यइको उच्चारण वर्त्स्यस्थानबाट हुनोछ।

**धक्का** - ना. ठक्कर; घोचाल्नु; घचेट्नु; धक्कादिनु; । उदा. चैतलीका जातमि बुढा माइसखि धक्कादिपन्ट तल फाल्यो।

**धक्धक्** - क्रि.वि. मुटु हल्लिन्या अरिपन्ट काम्न्या काम; डरले मुटुकाम्नु; दोडन्या बेला सासबड्नु; । उदा. डाकाँ आयाका बेला मारिप हाल्लाछन्कि भनिपन्ट मुटु धक्धक् भयो।

**धजा** - ना. नेजा; ध्वजा;देवी देवताखि चढाउन बनायाका झण्डा; । उदा. शैलेश्वरीकाजातमि सुकिला धजा चडाउना छन्।

**धज्जि** - ना. खिल्लि; मजाक; हाँसो; ख्याल-ठट्टा; । उदा. पाया भनीपन्ट अख्खाको उसै धज्जि उडाउनु हुनैन।

**धडो** - ना. धणो; कपडाको नानु टुक्रा; खेत-बारीको नान्को भाग; । उदा. सेरामिको नानु धडो आउत मेरा भाग पड्याको छ।

**धड्को** - ना. धर्को;कागजमि हाल्याको लाइन; कपडामिको रेखा; । उदा. धड्को नहाल्याका कागतमि लेख्न असजि हुनो छ।

**धड्कोलाउनु** - स.क्रि. फट्याको लुगा सिलाउनु; । उदा. दिक्षुका भोट्यामि हट्न्याबेला ठोसो लाग्याका ठौर धड्कोलाउनु पड्यो ।

**धतुरो** - ना. एक किसिमको काँढा भयाको सुकिलो फुलफुल्न्या शिवजीखि चढाउन्या; । उदा. शिवरात्रीका बेला धतुराको फुल शिवमन्दिर चढाउना छन् ।

**धतौड** - ना. भैसा खर्क ल्यापछि नान्का थोरा,राँङा,बाच्छाखि राख्न खर्क भित्र बनायाको बस्न्याठौर; । उदा. खर्कका छाना धतौड नबनाइ हुनैन ।

**धनि** - वि. भिक्कै रूपया पैसा भयाको; अख्खाखि रिन दिन्या; धन सम्पत्ति भयाको; जायाज्याथा भयाको धन भयाको माइस; । उदा. धनी मायसखि सबै आस अद्दा छन् । विप. गरीब ।

**धन** - ना. सुन,चाँदी,रूपया-पैसा; । उदा. धनमात्र भइपन्ट हुनैन बुद्धिपन चाहिन्छ ।

**धन्दा** - ना. काम-धन्दा; आप्नो अरिखान्या काम; व्यापार; विज्नेस; । उदा. उसै बसिपन्ट दिन काट्नु भन्ना केइ काम-धन्दा अरिपन्ट बस्नु निको हो ।

**धन्न** - ना. काम कुडामि एक चित्त; आप्ना हातले भयाको काम अरिराख्न्या; । उदा. अख्खाले ज्या अऱ्यापन आफुले आप्नु धन्न छाड्नु हुनैन ।

**धन्न्य** - वि. कसुइको बणाउलो रे होच्याउनाखि भनिन्या शब्द; । उदा. उइको धन्न्य होइजाउ मुखि जाडीका बेला सौको हाल्नाखि ओड्नु किनिपन्ट आनिदियो ।

**धपाउनु** - स.क्रि. खेद्नु; लखेट्नु; भगाउनु; देशहै निकाला अन्नु; सरुमिहै गोरु भगाउनु; छटिहट्न्या बनाउन; । उदा. अक्खाका सरुमिहै गोरु-भैसा छटि धपाउनु पड्डो छ ।

**धब्बा** - ना. दोष; आरोप; कलङ्क; दाग; टाटो; । उदा. निको काम अन्न्या माइसखि कइलै धब्बा लाग्दैन ।

**धमाधम** - क्रि.वि. लगातार; निरन्तर; सरासर; । उदा. आप्नुकाम धमाधम अरिराख्नु पड्डो छ ।

**धमिलो** - वि. औलो; निकोरिपन्ट नधेकिन्या; । उदा. माछा मान्न्या बेला धमिलो पानी भयो भन्या सजिलो हुनो छ ।

**धम्मरधुस्** - ना. कन्न कसिपन्ट अरिन्या काम; एकोहोरो भैपन्ट काममि लाग्न्या; । उदा. लेकको बाजो खन्न्या बेला सबुइले धम्मरधुस् अरिपन्ट खन्न लाग्नु पड्डो छ ।

**धरमपत्नि** - ना. ब्या अऱ्याकि स्वाइनि; आप्ना लोग्न्याखि भगवान मानि अख्खाका लोग्न्यातिर डिठपन नअन्या; । उदा. सबुइका सीताजसि धरमपत्नि हुनु पड्डो छ ।

**धागो** - ना. कपास आदि कातिपन्ट बनायाको डोरो; । उदा. कपडा सिलाउनाखि धागो नभैहुनैन ।

**धौलो** - वि. धउलो; सुकिलो; सेतो; गोरो; । उदा. धौला लुगा छटिमैलो हुनो छ । विप. कालो ।

**न** - ना. देवनागरी वर्णमालाको बीसौं व्यञ्जन वर्ण; यइको उच्चारण दन्त रे नासिकाबाट हुनोछ ।

**नउलि** - वि. भरखर ब्या अरिपन्ट आन्याकि; कान्सी स्वाइनि; । उदा. नउलि स्वाइनिखि दुख्ख अऱ्यो भन्या भागीभान्या डर हुनी छ । विप. पुरानी ।

**नउलो** - वि. नयाँ; सिकारु; अनुभव नभयाको; । उदा. दशैंका बेला सबइ नउलो लाउन्या रे निको खान्या कुडा खाना छन् । विप. पुरानु ।

**नकटो** - वि. लाज नभयाको; नाक काट्याको; इज्जत नभयाको; नकच्चरो; । उदा. गाउँका सबै माइस उइखि नकटो भन्ना छन् ।

**नक्कलि** - वि. शुद्ध नभयाको; मौलिकता नभयाको; बनावटी; नक्कल अरिपन्ट बनायाको; । उदा. नक्कलि माल सामानबाट सजग हुनु पड्डो छ । विप. सक्कलि ।

**नक्सान** - ना. क्षति; नोक्सानी; काम नलाग्न्या; । उदा. जन्तका बेला खबर अऱ्याका सबै माइस नआउनाले बनायाको खान्या सामानको नक्सान भयो । विप. फाइदा ।

**नङ्रा** - ना. लामा-लामा नङ; तीखा रे कोपन्या खालका नङ; । उदा. बाघका नङ्राको घाउ छटि भल्लिनैन ।

**नङारो** - ना. दमाउ,ट्याम्को,ढोल आदि खास मौकामि बजाइन्या; । उदा. निका साइतका बेला नङारो बजाउना छन् ।

**नजिक्याउनु** - स.क्रि. नजिक ल्याउनु; माया अन्नु; टाणा हुन नदिनु; । उदा. खराब माइसखि नजिक्याउनु हुनैन । विप. टण्याउनु ।

**नयाँपात** - ना. पालुवा; मुना; नयाँपालो; । उदा. रुखका पुरानापत झढ्यापछि मात्र नयाँपात आउना छन् । विप. पुरानापात ।

**नट्टी** - वि. झिक्कै दुब्लायाकि; पराल जसि; घासका तानाजसि; । उदा. गोऱ्याकि इजाखि गाउँका सबै नट्टी भन्ना छन् ।

**नडो** - ना. इजार; सुर्बाल,गुन्निउलाईपन्ट बान्न्या एक प्रकारको डोरो; । उदा. सुर्बालको नडो बल्ल्यो अरिपन्टबानी राख्या ।

**प** - ना. देवनागरी वर्णमालाको एक्काइसौं व्यञ्जन वर्ण; यइको उच्चारण ओष्ठबाट हुनोछ ।

**पँजाउनु** - प्रे.क्रि. मिलाएर राख्नु; घान,पराल,नल,गाजो,धुन आदिखि अग्लाठाँउमि व्वस्थित अरि राख्न्याकाम; । उदा. बर्खाखिलागि रुखका हाङामि पराल निकोरि पँजाउनुपड्डो छ ।

**पइँचो** - ना. सापटी; पछितिरुला भनी काम चलाउनाखि ल्यायाको सामान; । उदा. पल्ला घरहै बेली बासा ल्यायाको धुलाको पइँचो तिन्नु बाँकी रऱ्याको छ ।

**पइकेलो** - वि. वीर; शाहासी; बहादुर; भन्याको काम जसरीपन अन्न्या माइस; । उदा. खन्टीको चेलो पइकेलो छ ।

**पइल** - ना. ब्या अऱ्याकि स्वाइनि माइसको लोग्न्याको घर; कसुइ स्वाइनि माइसले आप्नु ब्या अऱ्याको लोग्न्या छाडि अख्खा लोग्न्या माइससित भाग्नु वा झानु; । उदा. तीस वस्सकि धारु पोरका बस्स पचास बस्सका नारुका पइल गयाकि रैछ ।

**पउला** - ना. पौला; जुता; । उदा. गोडाम्मा काडाँ विजन्ना भनी मुइले नान्का छना छालाका पउला लायाका हुन् । विप. पाना ।

**पक्का** - ना. काम हुन्याहो भनी अरिन्या बाचा; अठोट; निश्चय; । उदा. तम्रो काम भोल मु पक्का अरुला ।

**पखाल्या** - वि. पखाल्याको; सफा अऱ्याको; धोयाको; । उदा. पुजा अन्नाखि बस्न्या टालो मुइले निकोरिपन्ट पखाल्याको छ ।

**पखिट्टो** - ना. पाखुरो; पगिट्टो; हातका नर भन्ना तल्लो रे कुम भन्ना मल्लो भाग; । उदा. पुजारिले माणुमि है माइकि दिन्याखि पखिट्टो समाइपन्ट बाइर निकाल्यो ।

**पख** - वि.बो. कसुइखि हप्काइपन्ट वा रीसले भन्या शब्द; । उदा.आज तुइले मुखि हानी भोल पख मु तोखी हान्या हुँ ।

| | | |
|---|---|---|
| **पगडिबान्नु** | - | ना. सम्मान अन्नु; कामको जिम्मा दिनु; । उदा. गाउँ घरको ठूल्को नान्का सजौल्या काम अन्न्या रे अराउनाखि सवुइले रघुनाथका मुन्टाउडो पगडिबान्नु पड्यो । |
| **फ** | - | ना. देवनागरी वर्णमालाको बाइसौं व्यञ्जन वर्ण; यइको उच्चारण ओष्ठबाट हुनोछ । |
| **फक्कड्** | - | ना. फकिर; आफूसित केइपन नभयाको; मेरो-तेरो नभन्न्या माइस; । उदा.गृहस्ति माइसले फक्कड् जसो हुनु हुनैन । |
| **फगत** | - | क्रि.वि. केवल; मात्र; यत्ति; । उदा. इज्जत भन्ना फगत मु सङ्ङ धन-दौलत केइपन आच्छिन । |
| **फच्चे** | - | ना. चुक्ता;हजम; जफ्त; धरौटि राख्याको माल सामान समय पुग्या पछि हुन्या; । उदा. एक तोला सुनको नथ एक हजारमि फच्चे भयो । |
| **फजिति** | - | ना. बेइज्जति; अपमान; बेज्जत; मानहानी; । उदा. माइसका मुखखि कसुइको फजिति अन्नु हुनैन । |
| **फजुल** | - | वि. निरर्थक; ब्यर्थको; काम नभयाको; आवश्यक नभयाको; । उदा. बजार घुम्न गयो भन्या फजुल खर्च अन्नु हुनैन । |
| **फटा** | - | वि. भया नभयाका कुडा अन्न्या; जालझेल अन्न्या; अख्खाखि ठग्न्या माइस; । उदा. शिवु गाउँको फटा माइस हो । |
| **फटाफट** | - | क्रि.वि. छटि-छटि झान्या काम; तीब्रताका साथ; काँइ कतै नरोक्किन्या; । उदा.आप्नु काम फटाफट अन्नु पड्डो छ । |
| **फटिङ्ङो** | - | ना. फटिङ्ग्रो; फड्किपन्ट हट्न्या एक प्रकारको कीडो; । उदा. फटिङ्ङो उछुट्टि-उछुट्टि हट्टो छ । |
| **फट्काउनु** | - | स.क्रि. झाडी,बाटो आदि सफा अन्नु; हाबा लाइपन्ट अनाजउडाको भुस फाल्नु; । उदा. हट्न्या बाटो सदाइ फट्काउनु पड्डो छ । |
| **फट्को लाउनु** | - | स.क्रि. चेली-बैनी आप्ना घर झान्या बेला आप्ना मनेठाले बस-बस भनी हल्लाउन्या काम; । उदा. साती भाई छुट्टिन्या बेला फट्को लाउनु निको मान्निनो छ । |
| **फतड्नु** | - | स.क्रि.कुनै गिलो खाद्य पदार्थखि घिनलाग्दो किसिमले हातले चलाउनु; हिलाखि हात-खुट्टाले चलाउनु; । उदा. नान्का मुला-मुली हिलो फतड्नु निको मान्ना छन् । |
| **ब१** | - | ना. देवनागरी वर्णमालाको तेइसौं व्यञ्जन वर्ण; यइको उच्चारण ओष्ठबाट हुनोछ । |

**ब२** - ना. शूल; पेटपिड हुन्या एक प्रकारको रोग; । उदा. बेली वासाबाट मुखि ब भयाकि छ ।

**बँज्याउनु** - प्रे.क्रि. बालीनाली नलाईपन्ट जग्गा बाँजो राख्न्या काम; ओख्तो खाईपन्ट प्यान्या नहुनु; । उदा. आप्नो जग्गा उसै बँज्याउनु हुनैन ।

**बधुवा** - वि. बान्याको; बानीपन्ट पाल्याको; रूपया पैसा दिपन्ट बन्धक बनायाको माइस; । उदा. लोकतन्त्र आयापछि बधुवा मजदुर राख्न पाइनैन ।

**बइदार** - ना. मुख्या भन्ना एक तह तलको काम अन्नया माइस; । उदा. आज भोल बइदार पद राख्याको आच्छिन ।

**बइलो** - वि. बाँझो; नप्यान्या बार्खो; । उदा. बइलाको मासु बोक्याका भन्ना सस्तो हुनो छ ।

**बउराजु** - ना. बौराजु;बउराज्यु; छोइछिटो हाल्नु पड्न्या जातका माइसले मथिल्ला जातका माइसखि भन्न्या शब्द; । उदा. प्रदेशीले बउराजुखि एक मानु चामल रे नमाइ तिउन माग्न आप्ना चेला लायो ।

**बउरानी** - ना. भाजाकी स्वाइनि; भाईबुहारी; । उदा. जेठी बउरानीका हण लाग्दाइन । विप.बौजु ।

**बउला१** - वि. बहुला; पागल; सिल्लि; बौलायाको; । उदा. बिस्या आज भोल बउलायाको छ । विप. सद्दे

**बउला२** - वि. बौलिन्या; शान्त भैपन नबस्न्या; चुल्बुल्या माइस; । उदा. पडितको चेलो बउला जसो छ । विप. शान्त ।

**बाउली** - ना. हात; हातखि सम्मान अरि भन्न्या शब्द; । उदा. हजुरका बाउलीबाट आजखि खान्या कुणा पायो भन्या हुन्या छ्यो ।

**बाउलिगाड** - ना. बझाङ् सदरमुकाम नजिकैको एक खोला; । उदा. बाउलिगाडका माछा स्वादिला हुना छन् ।

**भ** - ना. देवनागरी वर्णमालाको चौबिसौं व्यञ्जन वर्ण; यइको उच्चारण ओष्ठबाट हुनोछ ।

**भँडार** - ना. माल-सामान राख्न्या ठौर; बझाङ् जिल्ला रायल गा.वि.स.को एक गाउँ; । उदा. भँडार रित्तिन दिनु हुनैन ।

**भइ** - अ.क्रि. हुनु; छाउ भइ; । उदा. पुन्याकि मुल्या चेली नान्काइ उमेरमि छाउ भइपन लाजले लुक्याकि छ ।

**भाउ१** - ना. मोल; दर; मोल-तोल अन्नु; । उदा. आज भोल भैसाको भाउ बढ्याको छ ।

**भाउ२** - ना. आफु भन्ना नान्काखि माया अरि भन्या शब्द; जेठानीले देउरानीखि भन्या शब्द; । उदा. नानी भाउखि सबै चक्लेट आनि दिना छन् ।

**भक्कानु** - ना. दुख,सुख आदिले छातिमि पड्याको गाँठो;पिड भयापछि उठ्न्या एक प्रकारको फोको; । उदा. रलुका बा मऱ्याको खवर पायापछि उइका घरका सबैभक्कानु छाडिपन्ट रोया ।

**भकुण्णो** - ना. भकुन्डो; बउल; बल; । उदा. बान्नी-चैतलिका जात भकुण्णो खेल खेल्ला छन् ।

**भकुण्याउनु** - स.क्रि. बेसरी कुट्नु; भकुण्णाका जसरी लात्याइ-लात्याइले हान्नु; । लत्याउनु; । उदा. फटा माइसखि निकोरिपन्ट भकुण्याउनु पड्डो छ ।

**भक्कल** - ना. भाकल; प्रतिज्ञा; प्रण; मेरो काम सफल होइझाउ भनिपन्ट अरिन्या; । उदा. मेरा घर शान्ति होइझाउ भनी मुइले डुड्या माणुमि भक्कल अऱ्याको छ ।

**भक्ति** - ना. भगवान प्रति हुन्या एक प्रकारको आस्था; कसुइ ब्यक्ति प्रति आदर पूर्वक हुन्या श्रद्धा; । उदा. भगवान् प्रति सदाइ विशालले ठुलो भक्ति राख्याको छ ।

**भाग्यवान्** - वि. निको भाग्य भयाको; अपजस नपाइन्या; नसिब भयाको; जन्मनाइ निको लिपन्ट आयाको; । उदा. उपेन्द्रा भाग्वान् स्वाइनि माइस हो । विप. अभाग्यवान् ।

**म** - ना. देवनागरी वर्णमालाको पच्चिसौँ वर्ण; यइको उच्चारण ओठ रे नाकबाट हुनोछ ।

**मुङ्ग्रो** - ना. मँगरा; । कपडा धुना पिट्न्याकाम आउँन्या एक किसिमको काठको साधन । उदा. मुग्राले धुनाले लुगा छटि फाट्टिना छन् ।

**मइ** - ना. धान, कोद्या, गँउआदि छडि सक्या पछि माटो रे गँउखि मिलाईसम्याउन्याकाम । असाडका मैना गडो सानाखि बनायको ठुडाको तिखा दाडा भयाको साधन । उदा. हट्न्या वल्लका मइमि चड्न होसियार हुनु पड्डो छ ।

**मुइखि** - क्रि.वि. मेरालागि; मेरानिम्ति; । उदा.यो भैसो क्या मुइखि दिन्याहोइक । विप. तुइखि ।

**माइजु** - ना. मैजु; मामाकि स्वाइनि; । उदा. ईस्कूल है आज भाइजुका घर झान्या हु ।

**मैतालु** - वि. माइत धेरै बस्न्या,माइत तिर झान लाग्याकि,आप्नाइ माइतकि आइमाइ आदि जनाउन्या एक विशेष शब्द । उदा. माइत झान्या वेला मैतक्लु खुशी हुनी छन् ।

**मैलो** - वि. मलिन; फोहोर; । उदा. मैलो लुगा लाउनु हुनैन । विप. सुकिलो ।

**मयलचाटो** - ना. गञ्जी; बनियाँन; । उदा. मुइले सुकिलो मयलचाटो लायाको छ ।

**मौपरिबार** - ना. मउ; एकाउँडाइ बस्याका माइस; संगोल; एकैरस्यो भयाका; । उदा. मेरा मौपरिबार सबै एकाउँडाइ वस्ता छौँ ।

**मउरा** - ना. मौरा; मौरी; । उदा. मउरा घाडाउँडा बस्ता छन् ।

**मकन** - क्रि.वि. मेरालागि; मेरानिम्ति; । उदा. हत मकन क्या ल्याउँदो भइ ।

**मथारो** - ना. भर्रि भयाका डोका मथिमि पुलो बानी वा राखि आन्याको सामन । उदा. निरुले घाँसको मथारो पनि आन्याको छ । विप. तलारो ।

**माखो** - ना. झिँगो; झिँङा; मक्खि; । उदा. तेरा भातमि माखो बस्याको छ ।

**मख्खिचूस** - वि. कन्जूस; कृपण; हातउँडा है कैन झड्न्या माइस । उदा. मदन गाउँकै मख्खिचूस माइस हो ।

**मक्मकानु** - वि. रिसायाको; रिसले मुर्मुरिएको; । उदा. गोपी तमुधेकि मक्मकानु भयाको छ ।

**माखामान्नु** - स.क्रि. झिँगामान्नु; मख्खिमान्नु; । उदा. रामले आप्ना घरका माखा माऱ्या रे अरुखि माखामान्नु हुनैन भन्नो छ ।

**मखमल्** - ना. एकापट्टि मसिनो रे भवादार अख्खा पट्टि चिल्लो हुन्या जातको एक विशेष कपडा । उदा. उन्ने मखमल्को चोलो लायाको छ ।

**मगन** - वि. धेरै खुसी; मस्त निको मान्याको; । उदा. विशाल परीक्षामि पास भयाको हुनाले आज उ मगन भयाको छ ।

**मगन्ता** - वि. मागी खान्या; कङ्गाल; गरिब; दरिद्र; । उदा. श्याम सदाइको मगन्ता हो । विप.दाता ।

**मङ्लारि** - ना. फगारि; मङलारि; । शुभ कामका बेला मङ्गलका लागि गाउन्या आइमाई । उदा. हरिका ब्यामि मङ्लारिले मागल गायो ।

**मग्मग्** - क्रि.वि. मीठो बासना फैलिनया अरि; । उदा. उइका घर ब्याका बेला रस्याम्भो मग्मग् बासना आयाकोछ्यो ।

**माङ्लबार** - ना. मङ्गलबार; सात बार मध्यको तेस्सो बार । उदा. तेज माङ्लवार हरायाको हो ।

**मङ्ल्याइ** - ना. जन्म कुण्डलिमा मङ्गल-ग्रहको स्थिति अशुभ ठाँउमि भयाकि कन्या; । उदा. न्या मङ्ल्याई छोट्टी सित अन्नु हुनैन ।

**मटक् मान्नु** - अ.क्रि. अवहेलना अन्नु; हेला अन्नु; । उदा. राज्या धेकि वेली उइका कुणा सुनी खन्ट्याले मटके मान्यो ।

**मजा** - ना. आनन्द; मोज; रमाइलो; सुविस्ता; सुख; । उदा. आज निको खान्या कुडा खानाले मजा आयो । विप. नमजा ।

**मजाको** - वि. रमाइलो; मनपड्डा; जाति; आनन्दको; असल; । उदा. थलालरी भाजा मजाको माइस रैछ ।

**मजाक** - ना. ठट्टा; खिल्लि; मजाक; । उदा. केइ काम न अरि वस्न्या हुनाले पिरुको सबै मजाक अद्दा छन् । विप. आदर ।

**मजेलो** - ना. मज्यालो; मजलो; मुज्यालो; मुजेलो; । विशेष अरि पाहाडि घरका गोप्य सुत्न्या ठाँउ । उदा.चेलाचेली बाइर गयाका हुनाले मेरो मजेलो आज-भोल खालि छ । विप. पाड ।

**माटिखान** - ना. माटो कोन्याठाँउ; । घर, खाल लिप्नाखि लागि माटो निकाल्न्या ठौर । उदा. बेली माटो आन्नखि माटिखानभिक्कै माइस गयाका छ्या ।

**मट्कनु** - अ.क्रि. गम्गमानु; ठसक्क; ठुस्कनु; केइ कुडामि पन चासो न देखाउनु । उदा. उसैपन कसुइसित भट्कनु हुनैन ।

**मट्तेल** - ना. मट्टितेल; टुकिबाल्न प्रयोग हुन्या एक किसिमको खनिज पदार्थ । उदा. आज-भोल विजुली नहुनाले उजालाखि लागि मट्तेलकिन्नु पड्डो छ ।

**मडो** - ना. मुर्दा; लाश; । मऱ्याका माइसको लास; । उदा. नान्का मुला-मुलीखि मणो धेकाउनु हुनैन । विप. ज्यूनो ।

**मडोपोल्नु** - स.क्रि. मुर्दा जलाउनु; लास पोल्नु; । उदा. छाल ल्यापछि मणोपोल्नु पड्डो छ ।

**मड्या** - वि. कमजोर; तागत नभयाको; । खायाको आङ नलाग्न्या माइस । उदा. कित्थीखि भड्या माइस जासिछ भन्ना छन् ।

**मड्यादान** - ना. मऱ्याका माइसका लागि अरिन्या एघारौं दिनको दान । उदा. मड्यादान लिनु निको होइन ।

**मड्यैरात** - ना. मड्यारात; मडैरात; । आप्नु नजिक वा ओल्ला पल्ला घरतिरको माइस मऱ्याको बासो । उदा. मड्यैरात छटि घर ररिनु पड्डो छ ।

**मड्कनु** - अ.क्रि. रिसाउनु; भन्याको नमानानु; । उदा. आज रामु काम अरैन भनी हमेधेकि मड्क्याको छ ।

**मड्काउनु** - स.क्रि. आङ्ला पट्काउनु; हड् मड्काउनु; लोटि पन्ट गोडो मड्काउनु; । उदा. शशीले हातका आङ्ला मड्काउनु हुनैन भनी सिकायो ।

**मर्तकनु** अ.क्रि.दौड्नु; नाच्नु; । उदा. खुसि भयाका बेला फिक्कै मर्तकनु हुनैन ।

**महतारि** - ना. आमा ; इजा; जननी; । उदा. सबुइले महतारिको सेवा अन्नु पड्डो छ ।

**मति** - ना. बुद्दि; बुद्धि; ज्ञान; । उदा. पोर देखि देबको मति बिग्ड्याको छ ।

**मनेठो** - ना. मजेत्रो; पछ्यौरा; आइमाइ माइसले मुन्टाउँडो बान्न्या एक किसिमको नान्को कपडा ।

**मथलो** - ना. गाडको पानी गैरो नभयाको ठाँउ । उदा. नदी तन्नखि लागि मथिउडो मथलो ठाँउ छ । विप. गैइरो ।

**मथि** - नायो. माथि; उबो; हप्प; । उदा. घर मथि घरका पाखामि भुजो राख्याको छ । विप. खाल ।

**मथिउडो** - नायो. हप्रम्डो; मथिडो; मथिम्मो । उदा. शैलेश्वरी भान्याबाटो घरका मथिउडो छ । विप. तलउडो ।

**मदेस्** - ना. तराइको समतल भाग; माल; औल; । उदा. आज भोल सबै मदेस बस्न मन अद्दा छन् । विप. पाहाड ।

**मदेस्या** - वि. मदेस बस्न्या माइसखि सम्बोधन अन्न्या शब्द । उदा. सुवीखि मदेस्या माइस जसो भन्ना छन् । विप.पाहाडिया ।

**मद्दो** - ना. मन्न्या भावमि भनिन्या शब्द । उदा. राम दुख भयाको हुनाले सदाइ मद्दो मात्र भन्नो छ । विप. बाच्चो ।

**मन्नु** - अ.क्रि. मर्नु; मृत्यु; । उदा. मन्नु तति सजिलो आच्छिन । विप. बाच्नु ।

**मन्न्या** - वि. मर्ने अबस्ता; सारै कमजोर अबस्ता; । उदा. मन्न्या वेला सबै साँचो वोल्ला छन् ।

**मनुरो** - वि. मन्द; रोसनी नभयाको; निस्तेज; । उदा. टुकिको उजालो मनुरो हुन्छ ।

**मनाउनु** - स.क्रि. मनाउन्या काम; पत्याउन्या काम; भुल्याउन्या काम; । उदा. मड्क्याका माइसखि मनाउनु पड्डो छ ।

**मनानि** - ना. मधानी; मदानि; । छाइ अन्न्या एक प्रकारको साधन । उदा. रामले लेक है साननको मननि आन्याको छ ।

**मनासिब्** - ना. ठीक; उचित; । उदा. तम्रा कुडा सोरै आना मनासिब् छन् ।

**मनैना** - क्रि.वि. मनभित्र; हृदय भित्त; । उदा. कसुइखि भन्न न पाउनाले मेरा कुडा मनका मनैना छन् ।

**मन्१** - ना. हृदय; अन्तस्करण; चित्त; । उदा. ठूला माइसले मन् ठूलो अन्नु पड्डो छ ।

**मन्२** - ना. ओजन; । उदा. मुइले सौकाबाट चार मन् नुन किनि टाजो अरि राख्याको छ ।

**मन्कामना** - ना. मन्को इच्छा; मन्कोचाहना; मनोकामना; । उदा. भगवान्ले तम्रो मनोकामना पूरा अरुन भन्न्या हम्रो मन्कामना छ ।

**मन्त्रनु** - स.क्रि. मन्तन्नु; झाडफुक अन्नु; । गाउँ घर प्राथमि उपचारका रूपमि मन्त्रनुलाइ ल्याको हुनोछ । उदा. रमा मुख पड्याकिछि मन्तरि पन्ट निको हुन्या हुनाले मैनाका एक रौका मन्त्रनु पड्डो छ ।

**मन्तातो** - वि. थोक्काइ तात्याको; नभ्नमाइको तातो । उदा. बुडा बुडीले ठन्नका बेला मन्तातो पानीले हण धुनु पड्डो छ ।

**मन्पडि** - क्रि.वि. ज्या मन लाग्यो तैइ; अन्न्याकाम; जथाभावी; मनपरि; । उदा. कन्नेइ पनि मनपडि अन्नु हुनैन ।

**मन्भोग** - ना. हलुवा; मोहनभोग; । गउँ वा चालको धुलो घिउँनो पकाइ बनायाको एक प्रकारको परिकार । उदा. पूजाखि मुइले मन्भोग बनायाको छ ।

**मन्मानि** - क्रि.वि. मनपरि; जथाभावी; । उदा. कन्नेइ पन आज भोलका समय मन्मानि अन्नु हुनैन ।

**मन्मिल्लो** - वि. मन मिल्ने; विचार मिल्न्या; । उदा. मन्मिल्लो माइस पाउँनु असजि छ । विप. मन्नमिल्लो ।

**मयारि** - ना. छाइ हालिपन्ट पकायाको भात; । उदा. आज सबुइले मयारि भात खायौँ ।

**मयल्** - ना. लुगा वा हडम्मो लाग्याको फोहोर; । उदा. अमासीपन्ट सापुन पानीले हड धोयो भनया मयल् झानो छ ।

**माया** - ना. मया; प्रेम; स्नेह; । उदा. आप्ना चेलाचेलीखि माया अन्नु पड्डो छ ।

**मरिमरि** - क्रि.वि. सम्पूर्ण तागत लाईपन्ट; सक्यासम्मको प्रयास अरि पन्ट; उदा. उन्ने मरिमरि भारिबोकि पन्ट आन्यो ।

**मरियल** - वि. कम्जोर; शक्ति नभयाको; । उदा. राधा आजभोल मरियल जसो भयाको छ । विप.बलियो ।

**मर्जि** - ना. इच्छा; चाहाना; । उदा. तम्रो मर्जि ज्याछ अर मु केइपन भन्नइन ।

**मऱ्यादिन** - ना. मरेको दिन; लाजलाग्दो दिन; । उदा. तुइले हलो जोत्न सकिन भन्या तेरो मऱ्यादिन भयो ।

**मुजि** - ना. गुद्वार; मलद्वार; । उदा. झाडा फेरिपन्ट मुजि निकोरि धुनुपड्डो छ ।

**मलयो** - ना. एक प्रकारको लेकाली फल; पाक्या पछि राता गेडा हुन्या विशेष किसिमको फल । उदा. आज चेला चेली मलया खान वन गयाका छन् ।

**मुसि** - ना. स्याही; मसि; । उदा. मुसिले लेख्यो भन्या अक्षर निका हातउणो लाग्न्या हुनाले विचार अन्नु पड्डो छ ।

**मस्टो** - ना. कुलदेवताका रूपमि पुजिन्या; शक्तिशाली मानिन्या देवता; बझाङ्मा यइको मूल थलो मानिन्छ । उदा. हमे सबै मष्टो देवताको पूजा अद्दा छु ।

| | | |
|---|---|---|
| **मस्यौटो** | - | ना. मास रुजाइ पन्ट पिन्याको लेदो; । बटुक वा अन्ने परिकार बनाउनाका लागि तैयार अऱ्याको मासको पिठो । उदा. मस्यौटो हुनाले बटुक खान पायाको हो । |
| **महसूर** | - | वि. आँट भयाको; कसुइसङ्ङ पनि नडराउन्या; बदमास; । उदा. विनोद महसूर माइस हो । |
| **महाजालि** | - | वि. ठूलो षड्यन्त्रकारी; महाजाली; । उदा. देबु महाजालिको माइस हो । |
| **माँचो** | - | ना. पिठी पछाडि कुडा काट्न्या काम; । उदा.उन्ने बेली मेरो सवुइसित माँचो अऱ्यो । |
| **माँडु** | - | ना. देवस्थल; माडु; मन्दिर; । उदा. पुनिखि शैलेश्वरीका माँडुमि जात हुन्या हो । |
| **माँड्** | - | ना. भात पकाउना निक्लन्या बाक्लो सुकिलो झोल । उदा. कर्कल्या माँड्को तिउन निको हुनोछ । |
| **माइस** | - | ना. मान्छे; । स्त्री रे पुरुष बोधक । उदा. माइस परोपकारी हुनोछ । |
| **माउड्या** | - | वि. जान्या; ठालू; । उदा. हर्क्या गाउँको माउड्या माइस हो । |
| **माखा** | - | ना. झिँगा; । उदा. फोहोरमि बस्न्या एक प्रकारको जन्तु । उदा. गुल्ह्या ठौर माखा आउँना छन् । |
| **माग्न्या** | - | वि. माग्ने; मगन्ते; भिखारी; । उदा. आज भोल माग्न्याले दिक्क लायाको छ । |
| **माङल** | - | ना. मङ्‌गल गीत; फाग; मागल; । उदा. माङल एक प्रकारको सगुन गीत हो । |
| **माचोत्** | - | ना. माया गाली अन्न्या भाव; । उदा. ए माचोत् तु क्या अद्‌दो छइ घर झानैन । |
| **माटिमुनुडो** | - | ना. साइमुनुडो; । उदा. मेरा ब्याका दिन माटिमुनुडो ठुल्कै बनायाको छ्यो । |
| **माणा** | - | ना. रुजायाका चामल पिनिपन्ट रोटा जसा पकायाको परिकार । उदा. माणा दुदसित खायो भन्या निका हुना छन् । |
| **मान्याप्रभु** | - | ना. सहमतिको भाव; । विशेष अरि धामी चल्याका बेला प्रयोग हुन्या शब्द । उदा. तम्ले भन्याको मान्याप्रभु । आजैबाट देवीको पूजा अन्न्या छु । |

**मात्हाल्नु** - स.क्रि. अख्खाको जग्गा कैइ समयका लागि रूपया तिरी चलन भोग अन्नु । उदा. मुइले धर्म्याका गडाइनो दश वस्सखि लागि मात् हाल्याको छ ।

**मानु** - ना. दश मुठा बराबरीको अनाज अटाउन्या भाँडो । उदा. मानाले भरिपन्ट मात्र कसुइखि दिनु पड्डो छ ।

**मट्टो** - ना. मट्टा; बाँसका चोयाले बनायाको ओछ्याउन काम लाग्न्या वस्तु । उदा. पाहाडम्मा मट्टा निच्छला हुना छन् ।

**मायाजाल्** - ना. मोह बन्धन; मायाउडो डुब्नु; । उदा. उपेन्द्रा मेरा मायाजाल पडि रे पछि व्या अन्नु पड्यो ।

**मारा** - ना. ज्वा; तास; कौडा; पासा; आदि खेलमि जित्याको भाव जनाउँन प्रयोग अन्न्या शब्द । उदा. हजारकी चुट खेल्न्या वेला पासा पालिपन्ट मारा भन्नु पड्डो छ ।

**मारामार१** - क.व्य. मारपिट; कुटाकुट । उदा. दुइ गाँउका बीच मारामार हुन लाग्याको छ ।

**मारामार२** - ना. कामको चेपाचेप । उदा. असाडका मैना रोपाइको मारामार छ ।

**मर्का** - ना. घाटा; नोक्सान; अप्ठ्यारो; । उदा. उन्ने समयमि रूपप्या नदिनाले मुखि मर्का पड्याको छ ।

**मान्नु** - स.क्रि. भन्याको मान्या काम; उदा. ठूलाले भन्याको मान्नु पड्डो छ ।

**मास्या** - ना. काँडा हुन्या एक नान्को बोटो; एक प्रकारको खाजा बनाउन काम लाग्न्या फल । उदा. मास्याका खाजा निका हुना छन् ।

**माला** - ना. हार; फुलखि सुयाबाट धागामि उइनि घाँटीउडो लाउन्या; । उदा. मुखि दशैँका दिन दिदीले सुपारी फुलको माला लाउनु भयो ।

**मालामाल्** - वि. प्रयाप्त मात्रामि धन सम्पत्ति भयाको सन्द्रर्भमि भन्या एक प्रकारको शब्द । उदा. बेपारबाट पदम मालामाल् भयो ।

**माल्धनि** - ना. मालको हकदार; मालिक; । उदा. गाडिमिको सामान माल्धनि आया पछि मात्र समाउन्या हुँ ।

**माल्या** - वि. रङविरङको; । उदा. असाडका मैनामि हिलाउणो मेरो माल्या बल्ल भिक्कै हट्टो छ ।

| | | |
|---|---|---|
| **मावल्** | - | ना. मामाको घर; आमाको माइत; । उदा. मावल निकोनिको खान्या कुडा पाइनो छ । |
| **मास्टर** | - | ना. शिक्षक; अध्यापक; । उदा. यै इस्कूलका मास्टर निकोरि पढाउना छन् । |
| **मिलिजुलि** | - | क्रि.वि. सरसल्लाह अरि; । उदा. सबुइले मिलिजुलि बस्नु निको हुनोछ । |
| **मित्यारि** | - | ना. विशेष विधि अनुसार लगाइयाको मित्रता । उदा. भानु रे नन्याले बेलि बासा मित्यारि लायो । |
| **मुङ्तो** | - | क्रि.वि. खुकुलो; मुक्तो; । उदा. प्रकासको प्यान्ट मुतो भयाको छ । |
| **मुक्कामुक्कि** | - | भा.ना. एक आपसमि मड्किले हान्न्या काम । उदा. गाल्याले जन्क्यासङ वेली वासा मुक्कामुक्कि अऱ्यो । |
| **मुखलाग्नु** | - | ना. अपमान अन्नु; मर्यादा नाङ्नु; । उदा. विद्यार्थीले गुरुका मुखलाग्नु हुनैन । |
| **मुखाग्र** | - | वि. कन्ठ हुन्याकाम आउन्या; याद अऱ्याको; । उदा. विशालखि चण्डीको पुरा किताब मुखाग्र छ । |
| **मुखामुख** | - | भा.ना. एक आपसमि आरोप-प्रत्यारोप; उदा. विष्नु रे भव मुखामुख अन्न लाग्या । |
| **मुख्ख्या** | - | ना. मुखिया; निजामति सेवा तर्फको राजपत्र अनङ्कित तेस्सो श्रेणीको एक पद; गाँउको ठालु; । उदा. मुख्ख्या आयो भन्या गाँउका माइस डराउना छ्या । |
| **मुखधेकाउनि** | - | ना. पइलो भेट भयाका बेला दिन्या उपहार; । ब्याउलिखि आफन्तले मुखधेकाउनि सुनको चुडि द्यो । उदा. मुख धेकाउनि दिन्न्या चलन पैलिबाट को हो । |
| **मुगु** | - | ना. कर्णाली अञ्चलको एक जिल्ला । |
| **मुज्याउनु** | - | स.क्रि.विवश वा बाध्य पाड्नु । बशमा पाड्नु । उदा. हरिले उसैपन अख्खाखि मुज्याउनु हुनैन भन्यो । |
| **मुट्कि** | - | ना. मुड्कि; मुठी । धुस्सा हान्न वा कुट्न तयार पारिएको हातको एक सङ्केत । उदा. वल्ल्या माइसको मुट्कि फुकाइ सक्किनैन । |
| **मुठा** | - | ना. घास; पराल; नोट आदिको । एक मुठा भित्र अटाउन्या वस्तु । उदा. उन्य आप्ना भैसाखि चार मुठा सिरूपात्या धाँस काटि हाल्यो । |

**मुजा** - ना. चाउरी; साडि; धोती; आदि लाउन्या बेला; । उदा. खानाइखि नपाउनाले किस्न्याका मुखम्मा आजैबाट मुजा पड्याका छन् ।

**मुठिमान्नु** - अ.क्रि. हस्तमैथुन अन्नु; हातले वीर्य फाल्नु; उदा. मुठिमान्नाले शरीर कमजोर हुन्छ ।

**मुड्याबल** - ना. जबरजस्ती; बुद्धि नपुऱ्याइ अन्न्या काम; । उदा. मुड्याबलले काम अन्नु हुनैन ।

**मुनुडा** - ना. मुदुडा; मुनुडो; । उदा. स्वाइनि माइस कानउँना मुनुडा हाल्ला छन् ।

**मुर्छापड्नु** - अ.क्रि. मूर्छापड्नु; बेहोस हुनु; । उदा. सरोज वेली इस्कूलमि मुर्छापड्यो ।

**मुला१** - ना. चोतो; मुलो; सागको एक विशेष रूप । उदा. मुलाको अचार निको हुनोछ ।

**मुला२** - वि. केटो; छोरो; चेलो । नान्को पुरुष माइस । उदा. वीऱ्याका मुला भएको छ ।

**मुला३** - वि. जाबो; तुच्छ; हेला अरिपन सम्बोधन अन्या एक शब्द । उदा. ए. मुला तु मेरा क्या विगाड्ल्लै ।

**मुलाइ१** - ना. केटी; छोरी; चेली । नान्कीमहिला माइस । उदा. वेदका मुलाइ भयाकि छ ।

**मुलाइ२** - सर्व. मलाइ । उदा. मुलाइ पैसाको आवश्यकता आच्छिन ।

**मुलाइ३** - वि. जाबी; तुच्छ; हेला अरिपन सम्बोधन अन्या एक शब्द । उदा. ए मुलाइ तु मेरा क्या विगाउल्ली

**मुलि** - ना. घरको मुख्य माइस; घरम्मो सबुइले मान्या माइस । उदा. घर मुलिखि सबै मान्न्या छन् ।

**मुल्या** - वि. इजाबुआ नभयाको; टुहुरो; कइकै पन साहरा नभयाको माइस । उदा. विष्णु मुल्या माइस हो ।

**मुसल** - ना. ठुडाका टुप्पामि फलामको बाटुलो रिङ् जोढ्याको; धान,चिउडा कुट्न्या ठुडाको एक साधन । उदा. वाजको मुसल वल्ल्यो हुनोछ ।

**मुसल्धाऱ्या** - ना. मुसल जत्रा धारा भयाको पानी । उदा. वेली मुसल्धाऱ्या वस्स लाग्यो ।

**मुसो१** - ना. केइ कुडा पोल्लिपन भयाको कालो धूलो । उदा. तवाउणो मुसो लाग्याको छ ।

**मुसो२** - ना. छालामि नपाक्न्या अरि निक्ल्याको एक फुपुनु । उदा. खण्टीका हातमि मुसो भयाको छ ।

**मुसो३** - ना. गणेशको वाहन; बिल्लाको आहार । दुलाम्मो बस्न्या एक प्रकारको नान्को जन्तु । उदा. धान खानाखि मुसो दुलाहै निकल्लो छ ।

**मुस्यादाँडा** - ना. भरखर आउन लाग्याका दुध्या दाँडा । उदा. विशालका मुस्यादाँडा आयाका छन् ।

**मूल१** - ना. मुहान; उद्‌गमस्थल; । उदा. खान्या पानीको मूल घर भन्ना टाँडा छ ।

**मूल२** - वि. प्रधान; मुख्य; सर्वश्रेष्ठ । उदा. हरि आफ्ना घरको मूल माइस हो ।

**मूलबाटो** - ना. मुख्य आबाजावत अन्या ठाँउ; राजमार्ग; फराकिलो बाटो । उदा. माइसले आफ्नो मूलबाटो विस्सनु हुनैन ।

**मेखला** - ना. व्रतबन्ध अन्याबेला साधुसन्त तथा बाउनले घाँटीबाट खुट्‌टाका घुडासम्मको एकसरो कपडा । उदा. पदमको व्रत अन्यावेला मेखला टाम्नु पड्न्या हो ।

**मेग** - ना. बस्स; बर्षा; पानी । उदा. बेली बासाइतक मेग लाग्यो ।

**मेथि** - ना. सागको एक विशेष रूप । उदा. जाडिका वेला मेधिको रस निको हुनो छ ।

**मेला१** - ना. घाँस पाली राख्याको ठाँउ । उदा. पारि मेलाम्यो घाँस निको छ ।

**मेला२** - ना. जात्रा; उत्सव; तीर्थस्थल आदिमि हुन्या माइसको जमघट । उदा. कहरिद्वका कुम्भ मेला भ्कानु पड्न्या हो ।

**मैलडो** - ना. मइखि जुँसङ्जोडि पन प्रयोग अन्या एक साधन । उदा. मैलडो वल्ल्यो हुनु पड्डो छ ।

**मयल** - ना. मैल; शरीर वा कपडामि जम्न्या फोहर । उदा. हण थुनाले मयल भ्कानो छ ।

**मोजा** - ना. जुराफ । उदा. हरिले पौलासङ मोजा लायाका आच्छिन ।

**मोलतोल** - ना.मोलमोलाइ; मोलमाल; दरभाउँ अन्या काम; । उदा. रामले पदमका भैसाको मोलतोल अरिपन किन्यो ।

**मोडिनु** - अ.क्रि. मोड्न लाउँनु; दोब्रिनु; वाटो बदलिपन अख्खाइबाटातिर लाग्नु । उदा. सुक्याको मट्टो मोडिनु निको होइन ।

**मट्टो** - ना. मान्द्रो; । निङ्गालाका चोयाबाट सिन्या वा बस्न्या बनायाको एक साधन । उदा. मट्टो अरु भन्ना सस्तो हुनोछ ।

**मोहर** - ना. पचास पैसाको नेपाली मुद्रा । अड्डाको छाप; मोहर । उदा. सिफारिस पत्रमि अड्डाको मोहर लाउनु छ ।

**मौपरिवार** - ना. सकल परिवार; एकाइ बुआबाज्याका सन्तान । उदा. मौ परिवार लेक गयाका छन् ।

**मौरा** - ना. माहुरी; मौरी; माउँरी । उदा. उइका भिक्कै मौरा छन् ।

**म्याँ** - ना. बार्खा; भेडा; पाठा आदि कराउँन्या बेलाको आवाज । उदा. धौलिका वार्खाका पाठा म्याँ अद्दा छन् ।

**म्याउँ** - ना. बिल्लो करायाको आवाज । उदा. दुद धेक्यो भन्या विल्लो म्याउ अद्दो छ ।

**य** - ना. देवनागरी वर्णमालाको छब्बीसौँ वर्ण; यइको उच्चारण तालुबाट हुनोछ ।

**यँलाइ** - क्रि.यो. यहाँनिर; यैलाइ; यसुइ ठाँउखि; । उदा. तमे भोल यँखि आया । विप.ताँखि ।

**यक्छाक्या१** - वि. एक समयमा मात्र दिन्या; एक समयमि मात्र दुद दिन्या । उदा. मरो गाई एक मैनाबाट यक्छाक्या लाग्याको छ ।

**यक्छाक्या२** - वि. एक छाक मात्र खान्या; विशेष पर्व वा सराद अन्नु भन्ना एकदिन अगाडि रे एक दिन पछाडि । उदा. तमे यक्छाक्या कइलबाट वस्याका हौँ ।

**यउँडो** - क्रि.यो. यतैतिर; यउँडै; यहाँ; । उदा. तु आज यउँडो क्या अद्दो छै । विप. ताउँडो ।

**याँमि** - क्रि.यो. यसैमाथि; यैमि; । उदा. हरिले याँमि क्या राख्याको छ । विप. ताँमि ।

**याँबाट** - क्रि.यो. यसतर्फ; यहाँबाट; । उदा. याँबाट हट्नु सजिलो हुनो छ । विप.ताँबाट ।

**यौँडो** - क्रि.यो. यहाँ; यथ्थउँडो; यउँडो । उदा. यौँडो घर झान्या बाटो आच्छिन । विप. ताँडो ।

**याँ** - क्रि.यो. यहाँ; । उदा. तमे आज याँ आउँ । विप. ताँ ।

**याँइखि** - क्रि.यो. यैखि; यैकि; यहाँनिर; । उदा. पुन्या भोल याँइखि आयैं । विप. ताँइखि ।

**याँको** - वि. यसठाँउको; यइठाँउको; । उदा. याँको (खप्तड)को छाँइ निको हुनो छ । विप. ताँको ।

**याँउँनो** - क्रि.यो. यतातिर; यता तलतिर । उदा. तु याँउँनो बसि पन्ट क्या अद्दो छै । विप. ताँउँनो ।

**यार** - ना. मन मिल्याको साती; आप्ना उमेरको माइस; । उदा. अरे यार आज तु काँबाट धक्किछै ।

**युनिभर्सिटि** - ना. विश्वविद्यालय; युनिभर्सिटी; । उदा. त्रिभुवन युनिभर्सिटिमि पढाइ निको हुनोछ ।

**यैखिलागि** - क्रि.यो. यसको निम्ति; यइका निउँति; । उदा. तम्ले आज म सित यैखिलागि झकडा अऱ्या । विप. उँइखिलागि ।

**यसुइरौका** - क्रि.यो. यसपटक; अइलैका पालि; । उदा. हमे सबै यसुइरौका जाँच दिन्या हुँ । विप.उसुइरौका ।

**यैतिर** - क्रि.यो. यतातिर; । उदा. यैतिर पड छ तमे घाँस काट्न जन आया । विप. तैतिर ।

**योगासन** - ना. यो अद्दा बस्न्या आसन; । उदा. तम्ले हम्ले योगासन अऱ्यो भन्या रोग निको हुनो छ ।

**योग्य** - वि. लायक; सिपालु; समर्थवान्; जान्या; । उदा. पदम पढाइमि योग्य छ । विप. अयोग्य

**र१** - ना. देवनागरी वर्णमालाको सत्ताइसौं वर्ण; यइको उच्चारण मूर्धाबाट हुनोछ ।

**र२** - सहा.क्रि.कुनै कामको निरन्तरताको बोध अराउन्या वाक्यको अन्तमि लाग्न्या सहायक क्रिया; । उदा. तु खानै र मु भुट्टै रौंला ।

**रे** - स.यो. दुई समान जातिका पद,वाक्यांश वा वाक्यहरू जोड्न्या शब्द; । उदा. भोल सबै जना कापी रे फुल्टिन लिपन्टमात्र ईस्कूल आया ।

**रइग्यो** - क्रि.बाँकी काम रह्यो वा रहन गयो । उदा. आज चिठ्ठी लेख्नु रइग्यो ।

**रैबार** - ना. खबर; सन्देश; सम्चार । उदा. मेरा घर भैसो प्यायाको रैबार सुनाइ द्या ।

**रुमा** - ना. रुमा; रूआँ; शरीरम्मा उम्म्याका रुमा । मुन्टाका रुमा । उदा. मुन्टाका रुपमा कोरि राख्या ।

**रक्सि** - ना. मदिरा; जाँड; रक्सी । फलफूल,अन्न,आदिबाट बन्याको नशा लाग्न्या झोल पदार्थ । उदा. सवुइले रक्सि खानु हुनैन ।

**रगतनाता** - ना. रगतको नाता; बुवा-इजा; चेला-चली; वा सहोदर साइनु । उदा. कृष्णसँग मेरो रगतनाता लाग्दो छ ।

**रघुनाथ** - ना. रघुकुलका प्रसिद्ध पुरुष; मयार्दापुरुषोत्तम । उदा. रघुनाथ अमर छन् ।

**राङो** - ना. भैसाको भाले; राँगो; साँढे । उदा. हम्रो राङो अरुका है वल्ल्यो छ ।

**रङाउनु** - स.क्रि. रङ लाउन्या काम अन्नु; रङ्ग लाउनु; रँगाउनु; रङ्गीन तुल्याउनु । उदा. लक्ष्मीपूजाका दिन घर रङ्ाउनु पड्डो छ ।

**रङ्ङ** - ना. रङ; कुनै वस्तु रङाउन्या रातो,कालो,पेलो आदि पदार्थ । उदा. कपडाको रङ्ड गयो ।

**रङ्ङ ढङ्ङ** - ना. ढङ्ङ वा ढाँचा; चालचलन; वि.रङ्ङ न ढङ्ङ कुनै किसिमको योग्यता नभयाको बल न रूप भयाको । उदा. राम रङ्ढ ढङ्ड भयाको माइस हो ।

**रच्छडो** - वि. रातो रङ्गको; रातो-रातो हुदैगयाको । उदा. दाडिम रच्छडो भयाको छ ।

**रच्छ्यापुनि** - ना. रक्षा पूर्णिमा; जनै पूर्णिमा; ऋषिपूजा अरि हातमि रच्छ्या बान्न्या दिन । उदा. रच्छयापुतिका दिन हातउणो रच्छया वान्नु पड्डो छ ।

**रछ्यान्** - ना. बौदालो; पानीको धारा; नाला; जुठा हात धुन्या ठाँउ; आदिका नजिक बनायाको फोहोर फाल्न्या ठाँउ । उदा. राम सफा अरि राख्तो छ ।

**रजवार** - ना. नान्नाना राज्यको राजा; ठालू; ठकुरी । विना अधिकारको रजवार । उदा. शिवुखि रजनार पन भन्ना छन् ।

**रटक्** - ना. कुनै ठाँउमि आप्नो पालो राख्न धारिलो हतियारले लगाउन्या चिह्न रटक । उदा. वन सालका रुखमी मुइले रटक ५३ लाईपन्ट आफ्नो वनायाको छु ।

| | | |
|---|---|---|
| **रटाउनु** | - | प्रे.क्रि. रट्न्याकाम अराउनु; रट्न लगाउनु; घोक्न लगाउनु; यादअन्न लाउनु;  वच्चाखि भ्किकै रटाउनु हुनैन । विप.नरटाउनु । |
| **रडाउनु** | - | स.क्रि. घिसान्नु; स्थानान्तरित अन्नु; एक ठाँउ बाट अख्खा ठाँउ सान्नु;  । उदा. हरिले तामाको घडो गोडाले रडाउनु निको मानैन । |
| **रतिगेडो** | - | ना. रती; लाल; आठ गेडा चामल जतिको तौल भयाको पदार्थ । उदा. अनिकालका वेला रामका घर अन्नका नाउँमि रनिगैडा पन आच्छिन । |
| **रतिपट्ट** | - | क्रि.वि. यत्र-तत्र सबै ठाँउ रातो धेक्किन्या किसिम । उदा. आज भोल वनम्मा काफल पाकी रतिपट्ट भयाका छन् । |
| **रन्क्याको** | - | वि. रिसायाको; तात्याको; चम्क्याको;  । उदा. भैसाले देइन भनि धौल्या रन्क्याको छ । |
| **रन्याठौर** | - | ना. आवास; बस्न्या ठाँउ; रन्या ठाँउ; बसोवासको ठाँउ । उदा. देबस्थली पुँजारिका घर माइस रन्याठौर निको छ । |
| **रमाना** | - | ना. प्रस्थान; भ्कान्या; हट्न्या; गमन । उदा. हेड्मास्टर ईस्कूलबाट रमाना लिपन्ट गया । |
| **रमित्यारु** | - | वि. रमितालु; रमिता हेन्न्या; रमिते; रमितेरु;  । उदा. गाँउ भ्कगडा भयाका बेला छुट्याउन्या भन्ना रमित्यारु भ्किक्क हुना छन् । |
| **रयो** | - | क्रि. बस्यो; रह्यो;  रयो । घर रन्या काम । लादो रन्या काम । उदा. राम आज घरै रयो इस्कूल गथैन । |
| **रालो** | - | ना. घाडो; घन्ट; घाँडो; लङ्गुर; घाँट आदिको बीचमा रन्या । हल्ल्याउना वहल्लिना बज्न्या रलो वा रालो । उदा. घाडाउणो रालो हुनु पड्डो छ । |
| **रसुवा** | - | ना. वाग्मती अञ्चलको एक जिल्ला । |
| **रस्१** | - | ना. भ्कोल; तरल पदार्थ; पानी;  मदिरा; जाँड; तिउनको रस; चुकिलो आदिको रस । उदा. रस भयाको पदार्थ खानु पड्डो छ । |
| **रस्२** | - | ना. काव्य वा घटनाको प्रत्यक्षीकरणबाट उत्पन्न हुन्या रस; श्रृङ्गार; हास्य; करुणा; रौद्र; वीर; भयानक; विभत्स; अद्भुत समेत;  । उदा. भरतका काव्यमी रसको चर्चा अन्याको छ । |

**रहडिया** - वि. रहर अन्न्या; सौखिन; मोज मस्ति अन्न्या; रहड अन्न्या ।उत्कृष्ट अभिलाषा राख्न्या माइस रहडिया । उदा. हरि रहडिया माइस हो ।

**राँको** - ना. रात उजालो अन्न ठुडाउडो खासाको कपडा बेडि तेल वा घिउँनो रुजाइ बाल्याको आगो । बासा गडा झाना बालिन्या । उदा. राँको वाल्नाले घरम्मो कालो हुनोछ ।

**राई१** - ना. किरात जातिको एक वर्ग । उदा. राई अरुभन्ना वल्ल्या हुना छन् ।

**राई२** - ना. राउन्या काम; चिन्न्या-जान्न्या काम; । उदा. तुइले उइखि राईकि नाइ ।

**राइटर** - ना. मुख्या भन्ना तल्लो बैदार भन्ना मल्लो साबिकमा रऱ्याको एक निजामती दर्जा । उदा. आजभोल राइटर पद आच्छिन

**राइनु** - अ.क्रि. चिनिनु; परिचित हुनु; राउन्याकाम; जान्न्याकाम । उदा. गाई राइनु भयाको छ ।

**राइसल्लो** - ना. सल्लो जातिकै एक उत्तम लेकाली रुख । उदा. राइसल्लो वल्ल्यो काठ हो ।

**राउत्या** - ना. नेपालको पश्चिम महाकाली,सेती,भेरी आदि अञ्चलमा कन्दमूल खाएर जीवन निर्वाह गर्नेघुमन्ते एक जाति; राउटे ।

**राउनु** - स.क्रि. चिन्नु; परिचय प्राप्त अन्नु; । निको गट्टो छुट्याउन सक्नु वा निको गट्टो क्या हो राउनु । उदा. राउत्या आज भोल गाउँघर पन आउना छन् ।

**राकस्** - ना. राक्षस; राच्छचस्; भूत; । खराब स्वाभाव भयाको माइस । उदा. हक्यो राकस जसो छ । विप. भगवान् ।

**राक्स्याओढार** - ना. बझाङ्ग जिल्लाको थलारामा ऱ्याको एक विशेष किसिमको ढुङ्गाको ओढार । उदा. राक्स्याओढारलाई ठूलो ढुङ्गो छ ।

**राङो** - ना. भैसाको भाल्या; राँगो । उदा. हम्रो राङो सबइका राङा जित्तो छ ।

**राजिखुसी** - वि. खुसीसात; चित्तबुभ्नु; मनपड्डु; सहमत । उदा. तमे राजिखुसी छौं ।

**राडिका पाल्यामुल्या** - ना. लोग्न्या मऱ्याकि विधवाले पाल्याका चेलाचेली । उदा. राडिका पाल्या मुल्या खि सवुइले माया अन्नु पड्डो छ ।

**रानिचडो** - ना. एक प्रकारको मनमोहक चडो । झिक्कै माया लाग्न्या,प्रेयसी,प्रियतम,सुवा आदिका अर्थमा प्रयोग अरिन्या एक विशेष शब्द । उदा. वनको रानिचडो माया पिरतीको प्रतीक हो ।

**रामडो** - वि. सुन्दर; मनमोहक; रमणीय; असल; राम रामडो माइस हो । विप. नरामडो ।

**रायाँ** - वि. रायाको; चिन्याको; । उदा.मुइले तमुखि रायाँको छु ।

**राष्ट्र** - ना. देश; मुलुक; आधकार सम्पन्न कुनै देश ।

**राष्ट्रभाषा** - ना. सरकारी कामकजको भाषा; सरकारी अड्डामा लेखपढ अन्न प्रयोग अरिन्या भाषा; नेपालको राष्ट्रभाषा नेपाली हो । राष्ट्रभाषा ।

**राष्ट्रिय भाषा** - ना. कुनै क्षेत्रका अधिकांश माइसले बोल्न्या क्षेत्रीय भाषा; । उदा. बझाङ्गी राष्ट्रिय भाषा हो ।

**राहु१** - ना. राहु,केतु शनि आदि नौ ग्रह मध्यको एक ग्रह; । उदा. राहुका दशा तिनाहुनाइन

**राहु२** - वि. अनावश्यक समस्या पैदाअन्न्या; झन्झटिया; भुटोअन्न्या माइस । उदा. पदमखि सबै राहु भन्ना छन् ।

**रिँङाटा** - ना. घाम,कमजोरी,भोकै भयाका बेला लाग्न्या । चक्कर वा मुन्टो धुम्याको भान हुन्या अवस्ता; । उदा. मुखि रिँङाग लाग्याको छ ।

**रिङ्नु** - अ.क्रि. फनफनि धुम्नु; चक्कर लाउनु; फरो लाउनु; परिक्रमा अन्नु । उदा. मन्दिरका वरि-परि रिङ्नु पड्डो छ ।

**रिउटो** - वि. मस्तैनानु; धेरै सानो; पुड्को; । उदा- रामखि सबै रिउटो भन्ना छन् ।

**रिउलो** - ना. कुनै पनि फलको सबुइभन्ना नान्को गेडो; सानो दाना; । उदा. ओखडको रिउलो अन्याको छ ।

**रिखि** - ना. ऋषि,रिसिमुनि,तपस्या अन्न्या माइस; । उदा. परिखि रिखि भन्ना छन् ।

**रिटाउनु** - स.क्रि. घुमाउनु,परिक्रमा अराउनु ।ब्याका बेला ब्याउलीखि ब्याउलासङ्ङ मन्डपौडो घुमाउनु वा परिक्रमा अन्न लगाउनु । उदा. हरिले आफ्नी मायालुखि मन्दिरौणे रिटाउनु पड्यो ।

**रिठो** - ना. रिठ्ठो,कपडा धुनाखि प्रयोग हुन्या एक प्रकारको रुखमि लाग्न्या गेडादार फल; । उदा. रिठो कपडा धुनाखि काम लाग्दो छ ।

**रितो** - वि. रित्तो; खाली; भित्तकैइ नभ्याको; खाक्रो । उदा. आज पानी आन्न्या घडो रितो छ ।

**रिथि** - ना. मालिक; हकदार; आफू भन्ना मल्लो जातका माइसखि बोलाउन्या एक शब्द; । उदा. रामखि नरीले रिथि भनि पन्ट बोलायो ।

**रिनि** - वि. रिन लिन्या; ऋणी; रिनी; । उदा. अनेश सवुइको रिनि छ । विप.धनि ।

**रिबन्** - ना. चुल्ठाउडो लाउन्या; कुनै काममि उद्घाटन अन्नाखि काट्न चाइन्या; वस्तु; । उदा. प्रधानमन्त्रीले साङुको उद्घाटन अन्न रिबन् काट्यो ।

**रिसाउनु** - अ.क्रि. जङ्डीनु; हप्काउनु, नराज हुनु; अप्रसन्न हुनु; क्रोधित् हुनु; । उदा. अरुसित उसै रिसाउनु हुनैन । विप.खुसिहुनु ।

**रीतिरिवाज** - ना. परम्परा धेकि चलिआयाको चलन; परिपाटि; । उदा. अरुका भन्ना हम्रो रितिरिवाज निकोछ ।

**रीत्** - ना. प्रथा; प्रचलन; काम अन्न्या तरिका; रीत; । उदा. ब्याउलीले धुम्टो हाल्न्या चलन छ ।

**रुइस** - ना. राम्डो किसिमको काठ रे घाँस हुन्या एक किसिमको रुख; । उदा. लेक रुइसका रुख हुनाछन् ।

**रुकुम** - ना. नेपालको एक जिल्ला ।

**रुखो** - वि. मयल पास्सो नभयाकोजग्गा; चिल्लो नभयाको खाना; शिष्टता वा स्नेह नभयाको माइस; । उदा. राम रुखो वानीको माइस हो ।

**रुखोसुखो** - वि. चिल्लो नभयाको; सितन नभयाको; साधारण खाना वा निम्न स्तरको खाना । उदा. मेरा घर रुखोसुखो ज्या छ आज खाइझाउँ ।

**रुगा** - ना. रुघा; नाकबाट पतलो पानी वा सिङान आउन्या रे बारम्बार छिम्का आउन्या एक प्रकारको रोग; । उदा. सर्दि भयापछि रुगा लाग्दो छ ।

**रुद्राच्छच** - ना. रुद्राक्ष; शिवजीको प्रतीक; मन्त्र जप्न्या शुद्धमाला बनाइन्या; एक प्रकारको प्रसिद्ध रुखमि लाग्न्या गेडो हुन्या फल । उदा. काठमाडौँ रुद्राच्यका रुख हुनाछन् ।

**रूपप्या** - ना. रुपित्रा; रूपैत्रा; रूपप्याँ; नेपाली सय पैसा वादुई मोहरबराबर मूल्य भयाको चानीको ढ्याक वा सिक्का । धनसम्पत्ति; दौलत; । उदा. हरिका भिक्कै रुप्प्या छन् ।

**रुल्लटुल्ल** - क्रि.वि. दयालाग्न्याअरि; मायालाग्न्याअरि; रुन्या-रुन्या अवस्थाको रूप; । उदा. राम वेलीबाट रुल्लटुल्ल भएको छ ।

**रुवाबासि** - ना. रोइकराइ; रुन्या कराउन्या; भिक्कैजनाको रुआइ; । उदा. रामका घर रुवाबासि चल्याकि छ ।

**रेखो** - ना. रेखा; धर्को; हातमिका रेखो; उदा. मेरा हातमिको रेखो निको छ ।

**रेलो** - ना. बलुआ; ढुङ्गाका मुसिना-मुसिना टुक्रडा; । उदा.मुइले चुट्याका गउँडा कत्तिपन रेलो आच्छिन ।

**रेल्गाडि** - ना.रेलगाडी; रेल; बाफको तागतले लिकमा गुडेर चल्न्या; भिक्कै माइस रे सामान अटाउन्या एक प्रकारको सबारी साधन; । उदा. रेल्गाडिमी गयो भन्या आराम हुनोछ ।

**रैबाऱ्या** - वि. खवर वा सन्देश । उदा. नारद सवुइको रैबाऱ्या माइस हो ।

**रैसक्नु** - ना. रहन सक्न्या; बस्न सक्न्या; धैर्य राख्न सक्न्या; उदा. लेकम्मो एक्लै रैकक्नु पन बहादुरी हो ।

**रोगि** - वि. बिरामी भयाको; रोग लाग्याको; । उदा. उ माइस रोगि जसो छ ।

**रोजिरोटि** - ना. लादो पाल्न्या साधन; नौकरि; । उदा. मेरो राजिराटि निकोरि चल्याको छ ।

**रोजी** - वि. छान्याको; मन पडायाको; रोज्याको; । उदा. कपडा रोजीपन्ट किन्नु पड्डो छ ।

**रोटो** - ना. रोटि; धुलो मिचि तबामि पकायाको बाटुलो आकारको एक प्रकारको खान्या कुडा । उदा. तम्ले आज रोटो खाइहेल्या ।

**रोपाइँ** - ना. खेत रोप्न्या काम; । उदा. हम्ले आज रोपाइँ अऱ्याउँ ।

**रोपो** - ना. बिउँ; ब्याड; बिन्नाटो; । बिन्नाटाबाट गाडि गडामि सान्याको वस्तु; । उदा. बल्भाको रोपो कसो भयाको छ ।

**रोप्नारि** - ना. रोपाइँ अन्न्या आइमाई; स्वाइनि माइस; । उदा. उइका गडामि आज भिक्कै रोप्नारि छन् ।

**रोल्पा** - ना. राप्ती अञ्चलको एक जिल्ला ।

**रस्यो** - ना. चुलो; चुल्हो; भान्सा; खान्याकुडा पकाउन्या ठाउँ; । उदा. वामन रस्यो लिपि राख्ता छन् ।

**रौतेला** - ना. निम्न जातिका माइसले मल्ला जातिका लोग्न्या माइसखि भन्या एक शब्द; । उदा. आज रौतेला काँ गयाका छन् ।

**च्याम्ठयाम्** - वि. ठीकठाक; मिल्लोजुल्लो; सुहाउनो; सुहाउँदो; । उदा. आज जात भनाखि तम्रो च्याम्ठयाम् निक्कै अरि मिल्याको छ ।

**ल** - ना. देवनागरी वर्णमालाको अठ्ठाइसौँ व्यञ्जन वर्ण; यइको उच्चारण दन्तबाट हुनोछ ।

**लउ** - निपा. स्वीकृति; विस्मय; आश्चर्य; जसा भाव जनाउँना प्रयोग अरिन्या शब्द । उदा. यी रुप्प्यो लउ आज समाइ राख ।

**लक्ड्या आँसि** - ना. ठूलो आँसि । उदा. लक्ड्या आँसिले ठाक्रा काट्न रे दाउरा अन्न सजिलो हुन्छ ।

**लकीर्** - ना. लठ्ठी जसो सोभ्फो, ठाडो धर्को वा धर्सो; । उदा. उइको भाग्यको लकिर निको छ ।

**लख्खिमि** - ना. गाई-बस्तु । उदा. घर भिक्कै लख्खिमि छन् ।

**लग्लग्** - क्रि.वि. थुर्-थुर् काँम्न्या गरी; । उदा. ठन्नले मेरो शरीर वेली वासा लग्लग् काँम्यो ।

**लगलग** - नायो. नजिक; धेरै नजिक; ।उदा. मु भोल घरका लगलग पुग्न्या हुँ । विप. टाडाटडा ।

**लक्षण** - ना. कुनै वस्तु चिनिन्या तइको विशेषता वा गुण । छाँट; चिह्न । उदा. रामको लक्षण निको आच्छिन ।

**लखतरान्** - वि. अति थकित; थाकिपन्ट खत्रक्क भयाको; । उदा. वेली वटीको राम भोकले लखतरान भयाको छ ।

**लखपति** - वि. लाखको मालिक; ठूलो धनाढ्यमाइस; । उदा. हरि लखपति माइस हो ।

**लगन्** - ना. कुनै काम कुडामा लाग्न जुडाइन्या साइत; शुभ मुहूर्त; । उदा. व्याको लगन जुणाउनु पड्डो छ ।

**लग्नकुण्डलि** - ना. जन्म लग्नको विवरणको कुण्डली; । विवाह, व्रतबन्ध आदि कार्यको शुभ मुहूर्तमा समय उल्लेख भयाको कागत । उदा. रामको व्याका लागि लग्नकुण्डलि मिल्यो ।

**लगाम** - ना. छाला वा डोरीले काँडे फलामको दुबै टुप्पामा बाधिएको; घोडाको मुख भित्र हालिन्या,चड्डा घोडालाई नियन्त्रण अन्न्या एक साधन; । उदा. घोणाको लगाम वल्ल्यो छ ।

**लग्गिनु** - अ.क्रि. नजिकिनु; लाड्या लाग्नु; । उदा. वद्मास संङ्ग लग्गिनु हुनैन । विप.टाडिनु ।

**लग** - नायो. नगिचै; नजिकै; लकै; । उदा. मु रामका लग वस्याको छु ।

**लचक्क्** - क्रि.वि. निहुरिनु; लत्रनु; लच्कनु; । हाँङा लच्किएर; भार थाम्न नसकि निउड्न्या किसिम; । उदा. मोटो माइस वस्ननाले रुखको हाँङ्गो लचक्क भयो ।

**लच्छिनि** - वि. शुभ लक्षण भयाकी; लक्षिणी । रामडो शील-स्वाभावकी । उदा. कला लच्छिनि स्वाइनि माइस हो । विप. अलच्छिनि ।

**लच्छिन्** - ना. शुभ लक्षण; रामडा; । उदा. उइको आजभोल निको लच्छिन छ । विप. अलच्छिन ।

**लछाड्नु** - स.क्रि. धिसार्नु; लछार्नु; लछाड पछाड अन्नु; । उदा. अख्खाखी उसै लछाड्नु हुनैन ।

**लटर्पटर्** - ना. गडबड; गोलमाल; लटपट; । उदा. रामले दोकान्न्यो लटरपटर अऱ्यो ।

**लटारो** - ना. झमेला; झन्झट; । उदा आज कामको झन्झट छ ।

**लठ्ठिनु** - अ.क. नशाले लठ्ठ पड्नु; मोहित हुनु; एकोहोरिनु; । उदा. रामले अत्तर खानाले लठ्ठिनु पड्यो ।

**लट्टचाउनु** - स.क्रि. लाटो जस्तो गराउनु; बेहोस झैं पाड्नु; नशा लाग्या जसो हुनु; । उदा. हरिले सवुइखि लट्टयाउनु खोज्यो ।

**लट्पटाउनु** - स.क्रि. लुगा कपडाको गुन्टो पाड्नु; अलमलमा पाड्नु; मिसाउनु; । उदा. रामले सवुइखि लट्पटाउनु खोज्यो ।

| | | |
|---|---|---|
| **लट्पटि१** | - | ना. भैं झमेला; अल्झिन्या काम; । उदा. उसै लट्पटि रनु पड्यो । |
| **लट्पटि२** | - | ना. ओढ्न्या ओच्छयाउन्यामि लट्पटिनु; । उदा. राम वेली वटिको ओच्छ्यान मि लट्पटि र्‍याको छ । |
| **लट्पटचा१** | - | वि. गोलमाल अन्न्या; भद्रगोल अन्न्या; अल्झिन्या; । उदा. हरि लट्पट्या माइस हो । |
| **लट्पटचा२** | - | वि. गिलो वस्तु बाक्लिएर स्वादिलो भयाको परिकार; । उदा. माणो लट्पट्या भयाको छ । |
| **लठैत** | - | वि. झगडालु स्वाभावको । गुण्डा गर्दी अन्न्या । हिंस्रक स्वाभावको माइस; । उदा. रामखि लठैत भन्ना छन् । |
| **लडो१** | - | ना. मैलो वा फोहरले अड्डा जुगुल्टो परी जम्याका मुन्टाका रुमा । उदा. मुन्टो नकोन्नाले चुनुका रुमाको लडो पड्याको छ । |
| **लडो२** | - | ना. र्‍याल सहितको तरल पदार्थको धारो; सिङानको लडो; । उदा. झुरुका नाकैको सिङानैको लडो छ । |
| **लडिबडि१** | - | अ.क्रि. लाडिनु; नजिकिनु; लडिबडी हुनु; । उदा. हरि आफ्नो इजाका हणम्मो लडिबडि अद्दो छ । |
| **लडिबडि२** | - | क्रि.वि. लोटपाट; ढुलीमुली; भैँयाइनो पडिपन्ट रिसले वा स्नेहले ओल्तिर पल्तिर अन्नु; । उदा. नान्का मुला-मुली भैँयाउणा लडिबडि अद्दा छन् । |
| **लत्पत्** | - | क्रि.वि. लेसाइलो वा गिलो पदार्थ यताउति चिप्कनु वा टाँसिन्या; । उदा. नान्का मुलाले हणम्वो गुले लत्पत् अऱ्याको छ । |
| **लद्दु** | - | वि. बेकम्मा; केइ काम अनन नसक्न्या; जुइनि हारो; । उदा. राम सारै लद्दु माइस हो । |
| **लप्पनछप्पन्** | - | ना. छलछाम; ढाँटढुट; ढाक्छोप; । उदा. हरि लप्पनछप्पन अन्न जान्नैन । |
| **लफङ्डो** | - | वि. बेकम्मा; काम नलाग्न्या; बदमास; खराब आचरण भयाको; लफङ्डो; । उदा. राम लफङ्डो छोट्टो हो । |
| **लम्पसार** | - | क्रि.वि. हातगोडा तानिपन्ट वा लामु भइ पन्ट सिन्या वा पसारिन्या काम; । उदा. श्याम लम्पसार भइ पन्न वेलीवटिको स्याको छ । |

**लम्लम्** - क्रि.वि. लगातार हिड्नया; पङ्क्ति वा ताँती लगाइ पन हिड्न्या काम; । उदा. ईश्वर वेली लम्लम अरिपन घर गयो ।

**लरा** - ना. लहरो; बलो; झाल; झाङ । उदा. भुजाका लरा झिक्कै फैल्याका छन् ।

**लागालाग्** - क.व्य. तछाड मछाड अन्नु; उदा. वेलीबाट रुख झानाखि डिल्लु रे लछुको लागालाग् भयाकोछ ।

**लागिपड्नु** - अ.क्रि. केइकुडाको पछि लागि पड्नु; । केइ कुडा पूरा नअरि नछाड्नु; मरिमेटि काम अन्नु; । उदा. परीक्षामी सफल हुनाखि रामले लागि पड्नु पड्यो ।

**लागोभागो१** - क्रि.वि. भ्यासम्म अन्न्या; यथासक्य; सक्या सम्म; । उदा. राम कामखि लागि लागोभागो अद्दो छ ।

**लागोभागो२** - ना. भूतप्रेत आदिको दुष्प्रभाव । देवी देवताको लाग्न्याकाम; । उदा. विनोदका घर देवताको लागोभागो आच्छिन ।

**लाजमन्नु** - अ.क्रि. लाजले भुतुक्क हुनु; झिक्कै लाज मान्नु; । उदा. पढ्नाखि लाजमान्नु हुनैन ।

**लाटागाणा** - वि. सीधासाधा; कसुइको केइ बिगाड नअन्न्या माइस; । उदा. पहाडम्मा प्रायः लाटागाण माइस हुनाछन् ।

**लाटि१** - वि. सोझी-साजी; सरलस्वाभावकी; बोल्न नसक्न्या; । उदा. मीना कसुइको विगाड न अन्न्या हुनाले सबै उइखी लाटि भन्ना छन् । विप.लाटो ।

**लाटि२** - ना. चेली; छोरी; स्नेहका साथ बोलाइन्या; । उदा. कल्पना लाटि घर आच्छिन । विप. लाटो ।

**लाटिकोसेडो** - ना.उल्लू; रात मात्र आँखा धेक्न्या एक प्रकारको चडो; । उदा. लाटिकोसेडो रुखमी वस्तो छ ।

**लाटोगाँडो** - वि. अबुझ; बुद्धिहीन; सोझो माइस; । उदा. चेतन लाटोगाँडो भयापन ठिकै छ ।

**लाडु** - ना. भुट्याको गौउ; चामल; तिल आदिको धुलाखि धिऊमह आदिमा मिलाइ बनायाको गोलो वा डल्लो वस्तु; । उदा. लाडु मैनादिन सम्मपन विगड्डाइन ।

**लात्तिहान्नु** - अ.क्रि. लात्ताले हान्नु; हिर्काउनु; तिरस्कार अन्नु; त्याग अन्नु; । उदा. हेलाअरि पन्ट अख्खाखि लात्तिहान्नु हुनैन ।

**लादि** - ना. भुँडी भित्र रयाको खान्याकुणाको मल; लादि । उदा. भ्यागुताको लादि निक्ल्याको छ ।

**लादो** - ना. पेट; भुँडी; खान्याकुडा पुग्न्या ठौर; मल-मूत्र रन्या ठौर; । उदा. ठूलो लादो हुन्या माइस उकालो हटि सक्दैन ।

**लाद्या** - वि. पोषण वा कुपोषणबाट लादो बड्याको माइस; । उदा. ज्योति पण्डितखि सवै लाद्या माइस भन्ना छन ।

**लाम्लो** - ना. भारी बोक्न्या तीन देखि पाँच पैया सम्मको डोरी; नाम्लो; । उदा. घाँसाको डोकाउणो लाउनाखि लाम्लो चाइन्छ ।

**लामा१** - ना. एक हिमाली जाति । बौद्ध धर्मका तिब्बती धर्म गुरु । भोटे जातिको मान बोधक शब्द; । उदा. लामा प्रायः बुद्ध धर्म मान्ना छन् ।

**लामा२** - ना. लामोको ति.रु.। वि.अग्लो ; । उदा. शुशीलाका रुमा लामा छन् । विप. छोटो ।

**लाया** - वि. लगायाको; रोप्याको ; सार्‍याको ; पठायाको ; ना. कार्य-व्यापार समाप्त भयाको अर्थ बुझाउन्या क्रिया; । उदा. मुइले हरिखि वेली घर लायाको छु ।

**लाहुर्‍या१** - ना. विदेशी पल्टनमि नौकरी अन्न्या वा अर्‍याको जवान । विदेशमा नौकरी अन्न्या माइस ; । उदा. शिवखि लाहुर्‍या माइस भन्ना छन् ।

**लाहुर्‍या२** - ना. एक प्रकारको बर्खा फूल्न्या फूल; चौसाचौसा पड्याको ; । एक विशेष प्रकारको फूल; । उदा. बर्खा मास हाहुर्‍या फूल फल्लो छ ।

**लिउँडो** - ना. लिउरो; निगुरो; नीहुरो; । एक प्रकारको वन जङ्गलमा वा खोलाइनो पाइन्या साग; । उदा. लिउँडो आजभोल किनीपन्ट खानु पड्डो छ ।

**लिउँ** - ना. एक प्रकारको ऊनी ठूलो कपडा; दरी; ओछ्याउँदा तातो हुन्या ऊनले बुन्याको ; । जुम्ली घर घर लिउँ वेच्न आन्ना छन् ।

**लिखा** - ना. जउँडा; उडुस आदिका फूल; अण्डा; । उदा. महिमाका मुन्टाइना लिखा पड्याका छन् ।

| | | |
|---|---|---|
| **लिङ्ङ१** | - | ना. लिङ्ग; काड; लोग्न्या माइसको जननेन्द्रिय; । उदा. लोग्न्यामाइसको रतिभोग अन्न्या एक प्रकारको साधनखि लिङ्ङपन भन्ना छन् । |
| **लिङ्ङ२** | - | ना. मूर्तिका रूपमा पूजा हुन्या शिव लिङ्ग; । उदा. पशुपतिमी शिव लिङ्ङको पुजा हुनोछ । |
| **लिप्पोत्** | - | ना.लिप्न्या रे पोत्न्या काम; लिपघस; लिपपोत; । उदा. आँउसी र पुनीका दिन घरम्मो लिप्पोत अन्नु पड्डो छ । |
| **लिलामि१** | - | वि. लिलाममा किन्या वा बेच्न्या अऱ्याको; लिलामी । गया गुज्रेको; बेकम्मा; । उदा. हाट बजजारमी भैसा लिलामि अन्म आन्याका हुनाछन् । |
| **लिलामि२** | - | ना. कमसल खालको वस्तु; अरुले पहिल्यै प्रयोग अऱ्याको सामान; । उदा. लिलामि लुगा किन्नु हुनैन । |
| **लीडो** | - | ना. लिँड; सारो; कसिएको गुँ; । उदा. मुला विरामी भयाको हुनाले दश दिन पछि गु को नानु लीडो मात्र आयो । |
| **लुकाउनु** | - | स.क्रि. छिपाउनु; अरुले नदेख्न्या अरि राख्नु । लुकाउनु । दबाउनु; । उदा. अख्खाको सामान लुकाउनु हुनैन । |
| **लुकामारि** | - | ना. लुक्न्या रे खोज्न्या काम; केटाकेटीले खेल्न्या एक किसिमको खेल; । उदा. लुकामारि खेल्न्या वेला कल्पुका गोडामि पिड्भयाकि छ । |
| **लुकाल** | - | ना.भारि बोकाउन भेडाको पिठीमि दुइतिर लादिन्या छालाले बेड्याको एक प्रकारको थैली; । उदा. साउकाका लुकाल बल्ल्या हुनाछन् । |
| **लुच्चो** | - | वि. फटाहा; ठग; ढँटुवा; खराव; । उदा. पुरु लुच्चो माइस हो । |
| **लुछाचूणि** | - | क.व्य. खोसाखोस; लुछालुछ; बलजप्तीसँग लिन्याकाम; । उदा. लुछाचूणि अन्नु हुनैन । |
| **लुटुक्क** | - | क्रि.वि. गहिरो निद्रा आउन्या किसिम; उदा. नान्नाका बच्चा आज छटि लुटुक्क सैग्या । |
| **लुतो** | - | ना. खुब चिलाउन्या एक प्रकारको चर्म रोग; । उदा. लुतो लाग्यो भन्या साइति हुनिछ । |
| **लुतोलाग्नु** | - | अ.क्रि. बबाल वा झन्झट आइ लाग्नु ; झमेला वा समस्या आइ लाग्नु; चिलाउन्या रोग लाग्नु; । उदा. लुतोलाग्नु निको होइन । |

**लुतलुतानु** - वि. लचिलो ; लुलो ; कायर; विवश; बाध्य; । उदा. राम डरले लुतलुतानु भयाको छ ।

**लुलो** - वि. दह्रो नभयाको; फितलो; हातगोडा बल्ल्या नभयाको वा नचल्न्या; । उदा. जयाको हात लुलो भयाको छ ।

**लेक्चर** - ना.(अङ्) प्रवचन; व्याख्या; भाषण अन्या माइस ; । उदा. हरिखि देउतलीका माइस लेक्चर भन्ना छन् ।

**लेखन्दास्** - ना .अड्डाखानामा लेखापडि अन्न्या माइस; लेखन्दास; । उदा. मात्रिकाखि लेखन्दास् भन्ना छन् ।

**लेख्यापड्या** - वि. विद्वान् । पड्यालेख्याको; जान्न्या सुन्न्या माइस ; । तेज लेख्यापड्याको माइस हो ।

**लैनु** - वि. भरखरैप्यायाको गाई, भैसो ; । उदा. लैनु भैसो किन्नु पड्डो छ ।

**लोकतन्त्र** - ना. लोकका अधीनको शासन प्रणाली; प्रजातन्त्र; जनताकै बीचबाट, जनताद्वारा, जनताकै लागि चुनिएका प्रतिनिधिहरूको अधिकार हुन्या शासन प्रणाली; लोकतन्त्र; । उदा. लोकतन्त्रमि सवुइका हक सुरक्षित हुनाछन् ।

**लोग्न्या** - ना. लोग्ने; पति; पइ; पोइ; बामन; श्रीमान्; । उदा. खन्टीको लोग्न्या घर आच्छिन ।

**लोटा** - ना. कौडिँ; लोहोटा; पानी राख्न्या धातुको नानु बाटुलो भाँडो; लोटा; । उदा. पानी खानाखि लोटा चाइनो छ ।

**लोटाउनु१** - स.क्रि. लडाउनु; ढलाउनु; पछार्नु; झडाउनु; । उदा. पानीको घणो खुट्टाले लोटाउनु हुनैन ।

**लोटाउनु२** - ना. लोटीपन्ट मरोस् भन्नेभावमा वन गयाका पशुखि माइकि दिनु; पतिहाल्नु; गाली अन्नु; । उदा. मना गाइखि लोटाउनु न भनि छाड्डिन ।

**लोट्१** - ना. नोट; कागजी मुद्रा; । उदा. आज मुसङ्डएक सए रूपयाको लोट छ ।

**लोट्२** - ना. लोटीपन्ट मरोस् भन्नेभावमा गाई भैसाखि दिइन्या एक प्रकारको गाली; । उदा. तेरो लादो चिद्दा आ लोट् पनझानाखि भनी मना गोरुखि भन्नी छ ।

**लोडो** - ना. सिलौटामि मसला राखि पिन्न्या; लाम्चो आकारको नानुँ ढुङ्गो; लोहोडो ; । उदा. मास पिन्नाखि ठूल्को लोडो चाइनो छ ।

**लोडोलाउनु** - स.क्रि. बार्खो वा बडको पुंसत्व नाश अन्नु; बार्खो वा बडखि बाक्या रे बल्ल बनाउनु; । उदा. बडको लोडो लाउनु बाँकी छ ।

**लोता१** - ना. रुख वा लहराबाट निक्लन्या पातलो रे लामु बोक्रो; । उदा. जेउणो चुन्णाको हुनाले रुखका लोताले दाउराको विटो बान्याको हो ।

**लोता२** - ना. खुट्टाउडा लाउन्या चप्पलका लोता; फिता; । उदा. मेरा खुट्टाउडाका चप्पलका लोता चुन्ड्याका छन् ।

**लोता३** - ना. बेत; लठ्ठी; सिट्को आदिको पिटाइबाट शरीरम्मा निक्याका लोता; । उदा. बुआले बेतका लठ्ठीले हान्ना मेरा हडम्मा छालाका लाता निक्ल्याका छन् ।

**लोप्फर** - वि. छाडा; मनपडिअरि हट्न्या; बद्मास माइस ; । उदा. भानु लोप्फर माइस हो ।

**लौखा१** - वि.बो. बिस्स्याका कुडा सम्भि वा चित्त नबुभ्न्या कुडा सुनिपन्ट पश्चाताप वा खिन्नता जनाउन भनिन्या शब्द । उदा. वासु लौखा अव तेरो सरुवा जुम्ला भयो ।

**लौखा२** - ना. खाउ भन्न्या अर्थमि स्वीकृति जनाउन्या एक शब्द; । उदा. राम लौखा छटि भात ।

**लौखा३** - ना. कसुइखि हेला अरि; घोच्च्याइ; अपमान अरि; निन्दार्थको अवस्था पैदा अरि भनिन्या एक प्रकारको शब्द; । उदा. लौखा वासु आज तेरो हविगत सवैले जान्यो ।

**लौहा** - वि.बो. कुनै कुडाको जानकरी दिन वा सतर्क अराउन भनिन्या एक शब्द; । उदा. म घर भानो लौहा तमे वसि राख्या ।

**व** - ना. देवनागरी वर्णमालाको उनान्तिसौँ वर्ण; यइको उच्चारण दन्त र ओष्ठबाट हुनोछ ।

**वकालत्** - ना. अख्खाको प्रतिनिधि भई आधिकारिक रूपले बहस वा पैरवी अन्या काम; । उदा. वकिल मुद्दामि वकालत् अद्दा छन् ।

**वखाल्नु** - अ.क्रि. वमन अन्नु,बान्ता अन्नु,कुनै कुडा लादाइनो नराखि भन्नु; । उदा. वसमि वस्यो भन्या नारुले वखाल्नु पड्डो छ ।

**वनौसधि** - ना. जडीबुडी; वन्य-औषधी; वनमा पाइन्या औषधी; । उदा. वनौसधिले माइसखि हानी अद्दैन ।

**वर-वर** - क्रि.यो. यता-यता; यतातर्फ; । उदा. रमा तु वर-वर वस डिटमिहै लोट्ल्लि । विप.पर-पर ।

**वरालो** - ना. ओल्लनु पड्न्या ठाँउ । उदा. वरालो हट्न सजि हुनोछ । विप. उकालो ।

**वड्डो** - ना.यो. ओड्डो; वर; नजिक; धरै टाडा नभयाको ; । उदा. पुन्डो वस्नु भन्ना ठूल्का माइसका ओड्डो वस्नु निको हुनोछ ।

**वर्क्याफर्क्या** - वि. आए-गएको वल्टाएको-पल्टाएको ; । उदा. वर्क्याफर्क्या पछि साँणाबाटा हट्नु असजि हुनोछ ।

**वल्लापल्ला** - वि. वरपरका, ओल्तिर पल्तिरका; । उदा. वल्लापल्ला घरका माइस निका छन् ।

**वशिस्ट गोत्र** - ना. वशिष्ठ ऋषिको कुल वा वंशको । उदा. देवस्थलीका उपाध्यायको वशिस्ट गोत्र हो ।

**वारि** - ना.यो. नदीको वल्लो तट तर्फ; वारी; । उदा. नदी वारि माइस बस्याका छन् । विप. पारी ।

**वारिपारि** - नायो. दुवैतर्फको किनारामा; वारीपारी; । उदा. वारिपारि हेरिपन्ट हट्नु पड्डो छ ।

**विजाति** - वि. भिन्न जातिको; अर्कौ जातिको ; । उदा. वाम्नका गाउँमि विजाति माइस पन वस्ता छन् ।

**विद्रोह** - ना. सरकार वा राज्यलाई अस्त व्यस्त गराउन्या वा त्यसको सञ्चालनमा बाँधा पुऱ्याउन्या; । गलत कुणाको विद्रोह अन्नु पड्डो छ ।

**विनासकारि** - वि. विनाश अन्न्या; विध्वंश अन्न्या; सखाप पाड्न्या; । उदा. राम विनासकारी माइस हो ।

**विप्लव्** - ना. विद्रोह; उत्पात; अशान्ति; उपद्रव; उथलपुथल; । उदा. श्यामका कवितामि विप्लव भाव छ ।

**वियोग्** - ना. प्रिय माइस सितको विछोड; विरह; वियोग; । उदा. पुनम सित सुमनको वियोग भयो ।

**विराजमान्** - वि. सुखपूर्वक बस्याको; विराजमान; विद्यमान; सुशोभित; । उदा. शंकर भगवान कैलासमा विराजमान् छन् ।

**विवाद्** - ना. कलह; झगडा । बहस; छलफल; विवाद । खण्डन; प्रतिवाद । उदा. अनायासै कसूइ सित विवाद अन्नु हुनैन ।

**विशाल** - वि. भिक्कै ठूलो ; भव्य; सानदार; उदार; । उदा. हम्रोदेश आफुइमि विशाल छ ।

**विश्वकोश्** - ना. संसार भरका सबै आवश्यक वस्तुहरूको क्रम मिलाइ विस्तारपूर्वक वर्णन गरी लेखिएको ग्रन्थ; विश्कोष; । उदा. विद्यार्थीले विश्वकोषका अध्ययन अन्नु पड्डो छ ।

**विहार्** - ना. पैदल भ्रमण; विहरण; क्रीडा; विलास; बौद्ध मन्दिर; विहार । उदा. छकालै विहार अन्नाले स्वास्थ्य निको हुनोछ ।

**वेशभूषा** - ना. लुगा-फाटो आदि लगाउन्या तरिका; पहिरन; लुगा; पोशाक; गहना; । उदा. हम्रो वेशभूषा अरु भन्ना फरक छ ।

**वैइरो** - ना. पिन्नका लागि घट्ट वा जिताराका खोपाइनो हाल्न्या अन्नको परिणाम । लगातार दोहोऱ्याइ-तेहेऱ्याइ खान्या वा दिन्याकाम । उदा. घट्ट विग्ड्याको हुनाले वैइरो ठूल्को भयाको छ ।

**स१** - ना. देवनागरी वर्णमालाको बत्तीसौ व्याञ्जन वर्ण; यइको उच्चारण वत्सबाट हुनोछ ।

**स२** - ना. सहन्याकाम; । उदा. बुआले भन्याको आज जसोरिपन तु स ।

**सङ्ङ** - नायो. सँग; सित; साथ; । उदा. चेलो इजा सङ्ग घर गयो ।

**सङ्ङी** - ना. साथी; मित्र; । उदा. मेरी सङ्ङीको ब्या भयो ।

**साँटा** - ना बस्सको मुस्लो जसा धारा; मुसल जत्रो धारा दर्कन्या पानी; । उदा. बेलि बासाइतक बस्सका साँटा लाग्याका हुन् ।

**सम्माल** - ना. रेखदेख; स्याहार; सम्माल; । उदा आजबाट तु आप्नुघर आफुइ सम्माल ।

**सम्वाददाता** - ना. समचार लेख्न्या वा समचारलेखिपन सम्बधित् ठाँउमि पठाउन्या माइस ; । उदा. दुर्गा कान्तिपुर रेडियो कि सम्वाददाता हो ।

**संविधान** - ना. राष्ट; राज्य; संघ आदिको व्यवस्था र सञ्चालन अन्न लेख्याको मूल कानून; संविधान; व्यबस्था; योजना; । नेपालको अन्तरिम संविधान सवुइले मान्याको छ ।

**संबैधानिक्** - वि. संविधानले तोक्याको; संविधान अन्तर्गतको; संविधान सम्बन्धी; । उदा. निर्वाचन आयोग संवैधानिक मान्यता प्राप्त संस्था हो ।

**सन्सार** - ना. विश्व; जगत्; लोक; दुनियाँ; जन्म,मरण अराउन्या विश्वरूपी चक्र । उदा. मेरो सन्सार घुम्न्या इच्छा छ ।

**सअनु** - अ.क्रि. सहनु; सहन अन्नु; । उदा. सहनशील विनोद सबै कुडा सअनु निको मान्नो छ ।

**सइछाप** - ना. सहीछाप; ल्याप्च्या वा हस्ताक्षर उदा. सुशीलाले कागतमि सइछाप अऱ्यो ।

**सइत्या** - वि. पछि समाउन्या अरि राख्याका लुगा कपडा; बन्न अरि राख्याको सामान; । उदा. हिमाले भोट्या सइत्या राख्याको छ ।

**सैल** - ना. जुको एकातिर रअन्या ठुडाको एक प्रकारको छडि सइल; । उदा. बल्लले आज दुयै सइल भाच्यो ।

**सक्किनु** - वि. समाप्त हुन लाग्याको; नासिन लाग्याको ना. क्षय हुन लागेको भावमा एक गाली/पति; । उदा. ओख्तो छटि सक्कनु निको होइन ।

**सगुन** - ना. मङ्गल; शुभ; । मङ्गल-गीत माङ्डल । मङ्गलसुचक वस्तु । शुभलक्षण; सकुन; । उदा. दइ सगुनका रुपमि खाना छन् ।

**सङुर** - ना. सुँगुर; बनेलका जातको घरपालुवा जन्तु । उदा. मुसलमान सङुर पुज्जा छन् ।

**सङ्कोच** - ना. लाज; धक; त्रास; भय; । उदा. मुइले गुरुका अगाडि बस्न सङ्कोच मान्या ।

**सङ्क्रमण काल** - ना.सर्ने अवस्था समयको दोसाँध; कुनै नियम कानूनले स्थायित्व पाउन नसक्याको अवस्था; सङ्क्रमण काल । उदा. सङ्क्रमण काल लम्म्याउनु हुनैन ।

**सङ्गत** - वि. मिलेको; चित्त बुभ्न्या; प्रसङ मिल्न्या; । उदा. असल माइसको सङ्गत अन्नु पड्डो छ ।

**सजाइ** - ना. सास्ती; यातना; शारीरि,मानसिक वा आर्थिक दण्ड; सजाय । उदा. गल्ति अन्न्या माइसखि सजाइ दिनु पड्डो छ ।

**सजाति** - वि. एउटैजात वा थरको; । समान स्वाभावको । ना.एउटै जाति । उदा. हम्रो परम्परमी सजाति व्या हुनोछ ।

**सजि** - वि. धेरै अनुकूल; पुराइ भन्या जसो; आरामदायक । विप.असजि ।

**सट्पट्** - ना. अरुले चाल नपाउन्या अरि कुनै कुरा हात पाड्न्या प्रयास ; । छटि-छटि अन्नु ; । उदा. चोर सामान लिपन्ट सट्पट् भाग्यो ।

**सुड्को** - ना. घुट्को; एक पटकमा निलिन्या परिणाम । बिडि,चुरोट,तम्माखु,तिउन आदिको सुड्को ; । उदा. तिउनको एक सुड्को लाउनु छ ।

**सड्या** - वि. सड्याको,कुइयाको,गनाको,बिग्ड्याको । उदा. पाखामिको भुजो सड्याको छ ।

**सतियुग** - ना. सत्य,त्रेता,द्वापर तथा कलि मध्ये एक युग; सत्ययुग ; । आजभोल सतियुगका माइस भेट्टिनाइन ।

**सत्ताधारी** - ना. शासन वा सत्ता आप्ना हातमि भयाको माइस । उदा. काङ्ग्रेस सत्ताधारी दल हो ।

**सत्य** - ना. साँचो कुडा । चार युग मध्येको पहिलो युग; सत्ययुग । उदा. राम सत्यकुणा अद्दो छ ।

**सत्यनारायण** - ना. सत्यबाट सन्तुष्ट हुन्या भगवान् विष्णु; सत्यनारायण । उदा. सत्य नारायण असल माइस हो ।

**सत्यनास** - ना. सर्वनाश; विध्वश; सत्यानाश; सम्पूर्ण कुडाको विनाश । उदा. उइको सत्यानाश होइझाउ ।

**सत्यवादी** - वि. साँचो कुडा बोल्न्या; सत्यकुडा बोल्न्या । उदा. हरिचन्द्र सत्यवादी माइस हो ।

**सदाइ** - क्रि.यो. सधैं; निरन्तर; सद; । उदा. चेलाचेली सदाइ इस्कूल झाना छन् ।

**सस्त्याम** - क्रि.यो. विस्तारै; सुस्तसित । उदा. फुच्चि इस्कुल झान्यावेला सस्त्याम हट्टि छ ।

**सन्च** - ना. रोग, पीडा नहुनु । उदा. अमेरुखि आज भोल सन्च भयाको छ । विप. बिसन्च ।

**सन्जोग** - ना. संयोग भवितव्य; काकताली ; । उदा. मुइले गड्या हान्ना सन्जोगले उइको बार्खो मऱ्यो ।

**सन्तला** - ना. सुन्तला; सुन्तोला; सन्तोला; सन्तरा । एक प्रकारको फल ; । उदा. जाडिकावेला सन्तला झिक्क फल्ला छन् ।

**सन्तोक** - ना. सन्तोस; सन्तुष्ट हुन्या काम ; । उदा. चेलो हुनाले धर्मराजखि सन्तोक छ ।

**सपड्या** - वि. सप्रेको; सुध्राको । उदा. आज भोल सबै गाँउल्या सपड्याका छन् ।

**सुइना** - ना. सप्ना; सपना; स्वप्न; भविष्यको परिकल्पना ; । उदा. आज मुखिनिका सुइना भयाका छन् ।

**समज्दार** - वि. बुभ्ने; विवेक राख्न्या; समज्दार; सम्भन्या; बुद्धिमान् । उदा. सूर्य समजदार माइस हो ।

**समय** - वेला; काल; अवसर ; । उदा. समय छनाइ काम सक्नुपड्डो छ ।

**समाउनु** - स.क्रि. कन्नेइद्याको सामान हातले समाउनु ; । समात्नु+ उदा न रायाका माइसका हात है मिठाइ समाउनु हुनैन ।

**समाताइ** - भा.ना. समाउन्या क्रिया । उदा.मु लाट्न्या वेला उपेन्द्राखि हात समाताई भन्याको हो ।

**समाया** - वि. समातेको; पक्ड्याको । उदा. वागेश्वरीले मेरो हात समायाको छ ।

**समाल्या** - वि. समाल्याको; सँभालेको; जोगायाको ; । उदा. पवनले आप्ना चेलाचली समाल्याका छन् ।

**समुदाय** - ना. समूह; जमात ; । उदा. हम्ले समुदायमा काम अन्नु पड्डो छ ।

**सम्पूर्णानन्द** - वि. आनन्द वा शान्ति दिन्या सम्पूर्ण कुडा प्राप्त अऱ्याको ; ।

**सौराइ** - भा.ना. मीठो सम्भना; सोराइ; सम्राइ ; । उदा. मुलाइ मेरा चेलाचलीकी सौराइ लाग्याकि छ ।

**सर्क** - ना. स्वर्ग; आकाश; सर्ग; अगास ; । उदा. वासुका सर्क हेद्दा-हेद्दाइ दिन गया ।

**सरम्** - ना. लाज; सर्म ; । उदा.लज्जालु स्वाभावको सरम् मान्या माइस पछाडि पड्डो छ ।

**सरर** - क्रि.या. वीचउडो नरोक्कि सन्या किसिम । सस्त्याम हावा चल्न्या किसिम ; । उदा. आज हावा सरर चल्यो ।

**सराद** - ना. श्राद्ध; पितृहरूले पाउन् भन्ने उद्देश्यले शास्त्र अनुसार वा कुलाचार अनुसार श्राद्धापूर्वक गरिन्या पिन्न दान; पितृहरूलाई अन्या पिन्नदानको काम; सराद्द; सराद्ध ; । उदा. मऱ्याका माइसको सराद अद्दा छन् ।

**सरि** - ना. वरावर; समान वस्तु ; । उदा. चामलबाट नून सरि साट्टिनो छ ।

**सरो** - ना. मुसी राख्याको रिफल, लेख्नाका लागि खाली डट्पेनमा सराद अद्दा छन् । राखिन्या । उदा. मुइले डट्पेनमि सरो हालि लेख्या ।

**सरील** - ना. शरीर; सरीर ; । उदा. मेरा सरीर भरि रुमा छन् ।

**सरु** - ना. खेतवारीमा लायाको बाली ; । उदा. वेदीका भैसाले मेरा गडाको सरु खायो ।

**सरुखानु** - स.क्रि. गाईवस्तुले खेतबालीको बाली खानु । उदा. राङ्डाले सरुखानु निको मान्ना छन् ।

**सर्कलाग्दो** - वि. धेरै अग्लो; गगनचुम्बी । उदा. यो बाडिपन्ट सर्कलाग्दो भैग्यो ।

**सर्कनु** - स.क्रि. घस्रनु ; थोक्काइ पल्तिर बस्नु ; । उदा. थोक्काइ पुन्डै सर्कनु पड्यो ।

**सिर्को** - ना. गाईबस्तु आदिका थनबाट दूद पस्ता निक्लन्या एक पल्टको धारो ; । उदा. पैल्लिवेत्या पौणाका धनबाट पुदको एक सिर्की पन आयैन ।

**सर्को** - ना. तमाखु,बिडी,सिग्रट आदिको एक पल्टको तनाइ ; । उदा. पुन्याले विडिको एक सर्को लायो ।

**सर्दि** - ना. सर्खी; रुघा ; जाडो ; चिसोपन ; । उदा. तीर्थखि सर्दि लाग्याको छ ।

**सर्माउनु** - अ.क्रि. लाज मान्नु । उदा. भुन्टि सबुइका अगाडि झाना सर्माउनु हुनैन भन्ने विचार राख्ती छ ।

**सल्ला** - ना. सल्लाह; परामर्श ; उदा. पढ्नाखि लागि पदम रे प्रकासले सल्ला अऱ्यो ।

**सल्याडि** - वि. सल्लाघाडि; सल्लाघारी; सल्लेरी । सल्लाका झिक्कै रुखभयाको वन ; । उदा. रामको घर सत्याडि मथिलाई हो ।

**सल्लो** - ना. झुप्पा पड्याको रुमाजसा पात हुन्या ; फल लाग्न्या, चिरि झरो बनाइ उजालो बनाउन सकिन्या एक प्रकारको रुख ; । उदा. सल्लो कम्लो काठ हो ।

**सौरास** - ना. ससुराली; स्वाइनिको माइति घर ।

**साँटा** - ना. वस्सका मुसल जत्रा धारा ; । उदा. मु सौरास झानो छ बेलि बासा एक्कैरौका वस्सका साँटा आया ।

**वासाइतक** - ना. सन्ध्याकाल; बेलुकिपख; साँझ; बेलबुड्न्या बेला । उदा. सबै माइस वासाइतक घर घर्रिना छन् ।

| | | |
|---|---|---|
| **साँइत्** | - | ना. शुभ मुहूर्त; कुनै काम सुरुअन्या वेला; काइ झान्या वेला । उदा. देश झान्या वेलाइ साँइत् हेद्दा छन् । |
| **साँइत सान्नु** | - | स.क्रि. एक मानु चामल रे अन्य प्रयोजन अनुसार घर भन्ना अर्का ठौर राख्नु ; । उदा. काठमाडौ आउन्यावेला साँइत सान्नु पड्डो छ । |
| **साइति** | - | ना. सास्ती; यातना; कष्ट; सजाय ; । उदा. मदन्याखि झिक्कै साइति भयाकि छ । |
| **साइनु** | - | ना. नाता; कुटुम्बको सम्बन्ध; मित्यारि ; । उदा. नेपाली सङ्ङ नेपालको साइनु छ । |
| **साइनुलाग्नु** | - | अ.क्रि. नाता पड्नु । सम्बन्ध हुनु । उदा. उ माइस मेरा साइनो लाग्नु पड्न्या माइस हुन् । |
| **साउको** | - | ना. भोट्या जाति; सौको । उदा. साउको भेडालिपन्ट आज वन आयो । |
| **साउनु** | - | स.क्रि. खेत जोतेर हिल्याउनु ; रोप्न्या वेला । उदा. मुइले हलिखि गडो निक्कैअरि साउनु भन्याकोछ । |
| **साक्** | - | ना. साख; नजिकको नातादार वा गोतियार; अंशियार । उदा. राम मेरो साग् हो । |
| **साग्** | - | ना. तरकारी बनाइ पन्ट खान्या हरियो,कन्दमूल, । उदा. काक्डाको साग् निको हुन्छ । |
| साग् | - | ना. तरकारी; हरियो तरकारी ; उदा. हर्‍यो साग् स्वास्थ्यका लागि निको हो । |
| **साच्छ्चर** | - | वि. साक्षर ; लेख्न-पढ्न ; जान्या थाकाइ पढ्याको ; । उदा. प्रदेशी साच्छथर मात्र हो । |
| **सालाना** | - | क्रि.यो. प्रतिबर्ष; सालिन्दा; सालाना । उदा. नेपाल है सालाना माइस भारत झाना छन् । |
| **सिङ्घान** | - | ना. नाकबाट निक्लन्या कफ जसो मल; खकार जसो र्‍याल; सिँघान । उदा. झुरुका नाकैनाहै सिङ्घान चुइरहनो छ । |
| **सिँउ** | - | ना. सुतुकि भन्या भावमि कसुइको स्वीकृतिको अपेक्षामा प्रयोग अरिन्या शब्द । उदा. सुशीलाले मु सिँउकि बुआ भन्यो । |
| **सिका** | - | ना. सिकाउन्याकाम; सकिाउनु क्रियाको भाब । |
| **सिज्ज्यादान** | - | ना. शैयादान । मर्‍याका माइसको एघारौं दिनमा गरिन्या दान । उदा. सिज्ज्यादान सवुइले लिनु हुनैन । |

| | | |
|---|---|---|
| **सिट्क्या** | - | ना. बालाबाट गेडा झणाउन,गहूँ वा कोद्या चुट्न बनायाको मुन्टो घुमुड्या भयाको एक प्रकारको लठ्ठी । उदा. पौमल्याले सिट्क्याले कोद्या चुट्यो । |
| **सिन्नु** | - | ना. सिण्णु; सिस्नु । हात खुट्टा उणो लाग्न्या एक प्रकारको वनस्पति ; । उदा. मुला मुलीखि सिन्नु लाउनु हुनैन |
| **सिदा** | - | ना. बाउनखि विभिन्न पूजा पर्व आदि समयमा अन्न, घिउ, नून, दाल, मसला आदि दिन्या ; । उदा. सिद्धनाथ पवित्र ठाउँको नाउँ हो । |
| **सिदो** | - | वि.धेरै सोझो वा सज्जन माइस । उदा. प्रकास सिदो छ । |
| **सिद्दनाथ** | - | ना. कञ्चनपुर जिल्लाको एक सिद्धनाथ पीठ । त्यसैका नामले चल्याको सिद्धनाथ क्याम्पस । |
| **सिन्को** | - | ना. पातहरू गाँस्न बनाइएको बाँसको वा अन्य काठको छेस्को । उदा. दुना लाउनाखि सिन्को माग्यो । |
| **सिन्टाल्नु** | - | ना. सिन्टोला; सिन्टोलो; रूपी एक प्रकारको चडो । उदा. सिन्टाल्नु एक उठ्न्या पन्छी हो । |
| **सिन्धुपाल्चोक** | - | ना. नेपालको एक जिल्ला । |
| **सिन्धुली** | - | ना. नेपालको एक जिल्ला । |
| **सिमल** | - | ना. शाल्मली; सिमल्; ठूला राता फूल पुल्या विभिन्न काम आउन्या एक प्रकारको ठूलो रुख । उदा. सिमलको फू मन्दिर चड्डैन । |
| **सिमसिमाइलो** | - | वि. पानी कहिल्यै नसुक्न्या किसिमको जमीन । उदा. सिमसिमाइलो जग्जामि गाउँ खेती हुनैन । |
| **सिरा** | - | ना. तमाखमि मिलाई डल्लो वा गिलो बनाउन प्रयोग गरिन्या एक प्रकारको लेदो पदार्थ । उदा. सिरा हालि पकायाको तमाखु निको हुनोछ । |
| **सिराँला** | - | ना. सिराउलि; सिरौला; काँचो वा हरियो भुट्याको धान कुटि बनायाको एक प्रकारको खाजा । उदा. इस्कूलहै आया पछि सिराँला भुटि पन्ट खाइनो छ । |
| **सिरु** | - | ना. बिरालोलाई बोलाउन प्रयोग अन्न्या एक शब्द । उदा. आज सिरु भात खाइझाँ । |
| **सिरूपात्या** | - | ना. चम्किला सलक्क पड्का पात हुन्या एक प्रकारको बनस्पति । वि. सिरुका पात जसा ; । उदा. सिरुपाल्या घाँस निको हुनो छ । |

**सिलट** - ना. सिलेट; खरुले लेखिन्या कालो र पातलो ढुङ्गाको एक प्रकारको पाटी । उदा. तान्का भुलामुलीखि पैली सिलटमी लेखाउनु पड्डो छ ।

**सिलाजित्** - ना. शिलाजित; सूर्यको रापले तातेर विशेष किसिमका चट्टानबाट पग्लिपन्ट निक्ल्याको एक प्रकारको कालो पदार्थ । उदा. सिलाजित खानाले हडपिड कमहुनीछ ।

**सिलोक्** - ना. पद्यबद्ध वा छन्दोबद्ध वाक्य; श्लोक; सिल्लोग् । उदा. कविता सिलोक बद्ध हुनोछन् ।

**सिलौटो** - ना. मसलाहरू पिन्न चेप्टो रे सम्म पड्याको ढुङ्गो । उदा. मसला पिन्नाखि सिलौटो चाइनो छ ।

**सिल्देवि** - ना. बझाङ्ग जिल्लाको थलारा अन्तर्गत देवस्थलीमा रऱ्याको प्रख्यात शक्ति-पीठ । उदा. सिल्देविका जातमी व्रर्न लिनाले चितायाको हुनोछ ।

**सुइकनु** - अ.कि. दौडनु; दगुर्नु । उदा. उ सुइकि पन्ट अगाडि नसिगयो तमेल अब याँबाट सुइकनु पड्यो ।

**सुइकाउनु** - स.कि. प्रहार अन्नु,भगाउनु, हान्नु । उदा. पद्म्याले केस्याका मुन्टाइमि भाटाले सुइकायो ।

**सुइको** - ना. सुराक; गुप्तखवर; चाल । उदा. अख्खाको सुराकी अन्नु हुनैन ।

**सुकिलो** - वि. सफा; मैलो वा फोहोर नभयाको ।सेतो; सफेद । उदा. सवुइले सुकिलो लुगा लाउनु निको हो ।

**सुख** - वि. प्रसन्न; आनन्दित; खुशी; हर्षपूर्ण । उदा. रामखि आजभोल सुख छ ।

**सुखकारी** - ना. सुख वा आनन्द दिन्या । उदा. अख्खाको भलो अन्यामाइस सुखकारी हुनोछ ।

**सुच्चि** - वि. चोखो; शुद्ध; पवित्र । ना. मुति वा हगि शुद्ध हुन्या काम । उदा. सुच्छि अन्नु नै सभ्यताको प्रतिक हो ।

**सुत्लो** - ना. सुल्तो; डोरी,कपडा आदि बाटिपन्ट बनायाको डोरी वा सुल्तो । उदा. वोरी वान्नाखि सुल्लो आन्याको छ ।

**सुदैइ** - क्रि.यो. व्यर्थमि; उसै; आदरार्थी शब्द सुदाइ । उदा. तमे सुदैइ मु सित क्या झकडा अद्दा छौ

**सुनिगाड** - ना. सुन बगाइ ल्यायाको भनिन्या बझाङ्गको एक खोला । उदा. सुनिगाड पुन पड्याको छ ।

**सुप्पो** - ना. नाङ्लो । चामल आदि निफल्न्या एक साधन । उदा. चामल निफल्लाखि सुप्पो चाइनो छ ।

**सुराँकि** - वि. सुराक लगाउन्या सुराँकी । गोप्या खबर अरुखि भन्न्या माइस ।

**सूर्मा** - ना. बझाङ्ग जिल्लाको दौलिचौरमा रऱ्याको आँखा आकारको एक रमणीय तलाउ । उदा. सूर्मादेवीका मन्दिर पूजा हुनोछ ।

**सुलि** - ना. फाँसी दिन्या साधन । उदा. वदमासखि सुलि चढाउनु पड्डो छ ।

**सुल्पा** - ना. स्वापी समेत हातका माझमि राखि तमाखु खान प्रयोग हुन्या नानु माटाको सधान, ; । उदा. वादीले वनायाका सुल्पा निका हुनाछन् ।

**सुवा** - वि. अति प्रिय; अति प्यारी; प्रेयसी । उदा. मेरी सुवा पाहाड वस्ति छ ।

**सुसाउनु** - अ.क्रि. हावा, पानी, खोला आदि बग्न्या बेला वा बाढी आउन्या बेला आउन्या आवाज । उदा. परिगाड सुसाउनु भन्याको खतरा हो ।

**सुहाग्रात्** - ना. ब्या पछि मनाइन्या ब्याउला-ब्याउलीको सुखको पैलोबासो; सुहागरात; सुखरात्री । उदा. सुहागरात् एकान्त ठौर मनाउनु पड्डो छ ।

**सूत** - ना. गाई,भैसाको मुत्न्या ठाँउ; मूत्रद्वार; योनि । उदा. गाई प्यान्या बेला सुत ठूलो हुनोछ ।

**सेट्** - ना. धनवान् व्याक्ति,रूपया हुन्या माइस,साहू-महाजन । उदा. विश्वखी सेट भनी बोलाउना छन् ।

**सेती** - ना. सुदूर पश्चिमको एक अञ्चल । सेतो रङ्डको स्वच्छ पानी बग्न्या नदी ।

**सेत्** - ना. गाईगोरुको कुइयाको पोस्साका खातमिबाट आउन्या बाफ । उदा. पाहाडम्या लुगा कपडा सेतहाली धुना छन् ।

**सेप्टिरेजर** - ना. (अङ्)सुरक्षित रूपले दाडी,जुङ्गा आदि खोडन्या एक प्रकारको छुरा । उदा. आज सेप्टिरेजरले आफूइ दाडी बनाया ।

**सेमिकोलन्** - ना. (अङ्) अर्द्धविराम चिन्ह (;) । उदा. लेखाइमिसोमिकलमको प्रयोग हुनो छ ।

**सेरो** - ना सिमसार पड्याको फाँटिलो खेत; पानी लाग्न्या ठूलो फाँट । थलारी सेरो । उदा. सेरामा धान हुनाछन् ।

**सेलो** - ना. पिँडालु,तरुल आदिकोगोलो डोलो भाग वा एक कुट्‌टो । उदा. आलुको एक सेला मुइले पन खाया ।

**सोद्‌खोज्** - ना. खोज तलास; सोदखोज । उदा. पुलिसले सोदखोज अद्‌दा छन् ।

**सोद्‌नु** - स.क्रि. सोध्नु; प्रश्न अन्नु,जवाफ माग्नु,खार्नु । उदा. उसै प्रश्न सोद्‌नु हुनैन ।

**सोल्टि** - ना. बौँउजु रे बौउरानिका दाजुभाजा रे दिदीभाजी । उदा. सोल्टि छटि घर आउनु ।

**सौँतै** - वि. नटुक्रिएको; पूरा । उदा. मुइले सौँतै रोटो खाया ।

**स्नातकोत्तर** - वि. स्नातक भन्ना पछिको; एम.ए., एम.एड्., एम.बी.ए., एम.एस्सी.,आचार्य आदिको स्तर । उदा. हरिशले तिन विषयमि स्नातकोत्तर अऱ्याको छ ।

**स्याइ** - ना. स्याही; मसी । उदा.निङालाको कलमले लेख्यो भन्या स्याइ झिक्क खानो छ ।

**स्वाइनि** - ना. जोइ; स्त्री; पत्नी; माँउकी; श्रीमति,महिला स्वाइनि माइस । उदा. आज भोल स्वाइनि माइसखि उसै हेला अन्नु हुनैन ।

**स्वाउन्या** - वि. सुहाउन्या; सुन्दर धेकिन्या; उदा. यो लुगा अगायो भन्या उइखि स्वाउन्या हो ।

**स्वाडो** - ना. घरको वरपर रहेको तरकारी लाउन्या बारी ।उदा. मेरो घर माथिको स्वाडो ठूलो छ ।

**श** - ना. देवनागरी वर्णमालाको तीसौँ वर्ण; यइको उच्चारण तालुबाट हुनोछ ।

**शब्दकोश** - ना. कुनैभाषाका शब्दहरूको वर्णानुक्रम मिलाइ अर्थ पर्याय आदि लेखिएको ग्रन्थ । उदा. हरिको बझाङ्‌गी शब्दकोश तयार हुन लाग्यो ।

**शर्मा** - ना. ब्राह्मणहरूको नामका पछाडि लगाइने एक सामान्य उपाधि । उदा. शर्माजी आज क्या अन्न वन गयाका छन् ।


**शास्त्री** - वि. शास्त्रको ज्ञाता । ना. शास्त्रको यथार्थ ज्ञान भयाको माइस । उदा. हरि शास्त्री पढ्याको माइस हो ।

| | | |
|---|---|---|
| **शिक्षार्थी** | - | ना. विद्यार्थी; शिक्षा प्राप्त गर्न लाग्याको माइस । उदा. शिक्षार्थीले सबै कुणा जान्नु पड्डो छ । |
| **शुभेच्छा** | - | ना. शुभ वा हित अन्या इच्छा,चाहना । उदा. मेरा तुमुखो सधै शुभेच्छा रन्याट्टो |
| **शुद्ध** | - | वि. पवित्र; चोखो; स्वच्छ; ठीक; कपट रहित । पूजाखि गाइको दूध शुद्ध मान्ना छन् । विप. अशुद्ध । |
| **शुभार्शिवाद्** | - | ना. ब्राह्मण वा पुरहितले ढोग्दा दिन्या आर्शीवाद । आफू भन्ना ठूलाले दिन्या । उदा. चेलाखि वाले शुभार्शिवाद द्याको हो । |
| **हँ** | - | निपा.कन्यै बोलाउना वा कइ कुडा सोद्दा निश्चित गर्न प्रयोगमा आउन्या शब्द । आश्चर्य, जिज्ञासा, आदिमा भनिन्या कुडा । उदा. तम्सले क्या भन्या हँ मुइले सुन्याइन । |
| **हँयजा** | - | ना. केइ कुडा प्रस्टचाउन्या भाबमा आमासङ्ङ अन्नया कुडा ; । उदा. इजाले बोलायापछि चेलाले हँयजा भन भुक्याअरु भन्यो । |
| **हट्टो** | - | ना. हिड्न्याकाम; । उदा.मुरे अइल हट्टो भया तमेक्या अन्न्या हौं । |
| **हनाउनु** | - | प्रे.क्रि. हान्न लाउनु; । उदा. मुइले बेली नरुखि नरिबाट हनाउनु निको मान्या । |
| **हानाहान** | - | ना.हाणहान; परस्पर पिट्न्या काम; । उदा. डिल्लिरे गोकर्णखि बेली हानाहान भइ । |
| **हँसाइ** | - | भा.ना. हसाउन्या वा हास्न्या काम; । उदा. नाड्च्या धेकिपन्ट हँसाइ लाग्दि छ । |
| **हँसाइलो** | - | वि. प्रसन्न; हँसमुख; । उदा. स्वाइनि रे तीर्थको मुख आज हँसाइलो भयाको छ । |
| **हाँसो** | - | ना. हास्न्याकाम; । उदा. दिच्छुको हाँसो सबुइखि निको लाग्यो । |
| **हइ** | - | प्रत्य. भन्याको मान्नु; कसुइ शब्दका पछाडि लागि पन्ट देखि आदि अर्थ बुझाउन्या एक शब्द; उदा.हइ आज त उपिन्द्रा अपिसहै घर छटि आउन लाग्याकि छ । |
| **हौ** | - | निपा. कन्नेइ बोलाउना प्रतिउत्तरमा भनिन्या शब्द; । उदा. आफू भन्ना नान्काले बोलायाखि ठुल्का माइस हौ भनीपन्ट बोल्ला छन् । |



| | | |
|---|---|---|
| **हउल्दार** | - | ना. हवल्दार; नेपाल प्रहरीमी सिपाइभन्ना एक तह मल्लो पद । उदा. पदमखि हउल्दार भन्ना छन् । |
| **हउसला** | - | ना. हिम्मत उदा. इजा-बुआले मेरो हउसला बडायो । |
| **हका** | - | ना. हकाउनुक्रिया आ.बो शब्द ; उदा. मुइले किडिखि सरुमिहै भैसो हका भन्या । |
| **हाकाहाकि** | - | क्रि.वि. धेक्ताधेक्तै; खुल्लमखुल्ला; प्रत्यक्ष्य रूपमा उदा. विद्यार्थीले परीक्षामि हाकाहाकि चिट् चोऱ्यो । |
| **हक्की** | - | ना.टुप्पो केही धुमुड्याको लठ्ठीले भकुन्डाखि हानि खेल्नका लागि बनायाको खेल । वि. निडरभैपन्ट बोल्न्या मायस । उदा. राम हक्की माइस हो । |
| **हक्दार** | - | वि. हकवाला; अधिकार भयाको उदा.मु घरको हक्दार हुँ । |
| **हगुल्टो** | - | ना. बल्याको दाउराको ठुडो ; उदा.देबले आप्ना भाजाखि हगुल्टाले हान्यो । |
| **हग्ग्वा** | - | वि. डरमान्या; । जाँ पायो ताई दिशा अन्न्या माइस । उदा.हटालखि सबुइले हग्ग्वा भन्यो । |
| **हजारि** | - | ना. सयपत्री फूल; । उदा. मेरा घर हजारि फूल छन् । |
| **हजारिया** | - | वि. झिक्क रूपया भयाको; झिक्क अन्य सम्पति भयाको ( साउकार) माइस; । उदा. उइलका जमाना हजार रूपया हुन्याखि हजारिया भन्नाछ्या । |
| **हट** | - | ना.नसिझाउ; बसजन उठीझाउ; हिँड्नु होस् भन्नाखि प्रयोग हुन्या शब्द; । कसुइकि हप्काउना भन्या शब्द; । उदा. ए पदम हट छटि घरझाउ बस्स लाग्न्या हो । |
| **हटि** | - | वि. हठी; जिद्दीवाल; । उदा. गोऱ्या सारै हटि माइस छ । |
| **हट्टोकट्टो** | - | वि. मोटोघाटो; भिक्कैबलियो; । उदा. पदम आजभोल अग्नका मन्ना हट्टोकटेटो भयाको छ । |
| **हड्** | - | ना. शरीर; जीउ; । उदा. बेली काम अन्नाले मेरा हड पिड भयाकि भएैछ । |

परिशिष्ट ग


## बझाङ्गी भाषिकाको अध्ययनका क्रममा खिचिएका तस्वीर र जिल्लाको फोटो





बझाङ्ग जिल्लाको नक्सा


भाषिका सम्बन्धी प्रश्नावली प्रस्तुत गर्दै



बभाङ्गी होलीको एक दृश्य



भाषिक अनुसन्धानका क्रममा भेला गराइएका जनसमुदाय



बझाङ्गी  भाषी गोष्ठी



बझाङ्गी भाषी गोष्ठी



बझाङ्गी भूओको एक दृश्य




बझाङ्गी भूओको एक दृश्य



बझाङ्गी भूओको एक दृश्य



बझाङ्गी भूओको एक दृश्य

## परिशिष्ट घ

# बझाङ्गी भाषिकाको शब्द भण्डार अध्ययन गर्ने क्रममा फेला परेका अप्रकाशित कथाहरु र माङ्गलहरू

**शिवरात्रीको फल :**

एक भैंसी गोठालो छ्यो । भैंसागो चाकरी बाहेक दोस्सो कामधन्दा केही छेइन । एक दिन सङ्गा सबै तीर्थ गया उ बनी सातीभाइ सित तीर्थ गयो । शिवरात्रीगो दिन सबै वर्त लिइबन गया, गोठालो बनी तीर्थ लिइबन सामलतुमल बट्याइबन गयो । तीर्थ पुगुपुगु भन्या बेला बाटा भन्ना थोक्काइ पर एकाका दुईजना कोणी बस्यागा छ्या। ती धेगी कन्ने केइ कन्ने केइ भन्यो कोणीगा माखा हगाइ क्या बस्ती हो ।अक्खो पाउनी न हो भनी कुणा काट्यो। पछितार गोठालाले ती दुइ कोणी खी धेग्यो । गोठालाले पटाइ मानीबन उनगा नजिक गइ सोधपुछ अऱ्यो । यसरी बाटामी केइ बस्या भनी सोध्यो उनले मन्धर झान आयागा हौं तर गई नसगी बम याँइनाइ बसेगा हौ । गोठालाले पटाइ मानी तेइबन तेइ लोग्न्या माइसखी पुइलाइ मन्धिर पुऱ्यायो । नमाइ सामान त छियो तर धुप फलफुल किन्न तनु दुइगो बनी सामान ल्याउन दोकान गयो । दोकानबाट सबै सामान किनी ल्यायो आउनासम्म लाग्न्या स्वाइनी दुवैजना पाएन । ओणोपूणो हेऱ्यो खोज्यो काइँ भेटाएन । ल्यायागो सामान दुबैगा भागगो बनी मन्धिरमी चढायो । तईपछि गोठालो घर आयो ,घर आउनासम्म जमीन उति नै छ घर बद्ल्यागो हिराजडित मेरो कि अरुगो हो । उनै सकेन वरिपरि रिङ्द लाग्यागो धगीबन उइगी स्वाइनी सुनगो लोटा लिइबन खुट्टा धुन आई । गोठालाले अचम्म मानीबन आफ्नी स्वाइनीसित सोध्यो, यो सबै यसो कसरी भयो । उइगी स्वाइनीले भनी एकजनौ जोगी भिक्षा माग्दआयो, तेइखी मुइले सीधा दिया ,थोक्काइ पर गइबन तन्ने चामलगा गेणा छर् फाल्यो तब यो घर आफुई यसो भयो गोठालो खुशी भयो मेरो तीर्थ सफल भयागो हो ।

**शब्दार्थ**

| | | |
|---|---|---|
| छयो | - | थियो |
| चाकरी | - | स्याहार |
| दोस्सो | - | अर्को |
| सङ्गा | - | साथको |

| | | |
|---|---|---|
| बट्याइवन | - | तयार गरेर |
| थोक्काइपर | - | अलिपर |
| माखा | - | भिंगा |
| हगाइ | - | धपाउनु |
| अक्खो | - | अर्को |
| कुणा | - | कुरा |
| पछितार | - | अन्तमा |
| पटाइ | - | दया |
| मन्धिर | - | मन्दिर |
| याँइनाइ | - | यहाँनिर |
| नमाइ | - | कलिकति |
| तनु | - | तिनी |
| दोकान | - | पसल |
| ओणोपुणो | - | यताउति |
| काइँ | - | कतै |
| तइपछि | - | त्यसपछि |
| रिङ्द | - | घुम्नु |
| स्वाइनी | - | श्रीमती |
| आफूई | - | आफै |
| भयागो | - | भएको |

**देशी बाख्रो (कथा)**

छानामुथि गयाणागो घोल छ्यो । गयाणागा दुई चल्ला छिया । एक दिन गयाणी पुण्णी मरी,मुल्या चल्ला पाल्ल नसकि गयाणाले अर्खो ब्या अर्‍यो ।दुइ/तीन दिन सम्म सौतेनी आमाले चारो ल्याइबन ख्वायो । एकदिन रिस उठ्यो रे ती नाना खन्टणी पोकायागा चल्ला माद्या जुक्ति अर्‍योछ । चुचुणाइना चारो ख्वाउन्या बेला काणा गोद्यागो रैछ, विचारा चल्ला क्याँ क्याँ अरि बन आफ्ना बाबुगा मुखलाइ धेगाउन लाग्या । चुचुणो बाइबन घरगा त्यै मान्छेले हेर्‍यो ,चल्लागा मुखैना काणा धेग्यो । उ धरधर रोयो मेरा बनी मुल्या छोराछोरी छन् । तिनीखी पनि सौतेनी आमा ल्यायो भन्या यसै अद्या हो ,भनी ठूला सोचमी पण्यो । घरव्यहार चलाउनाखी ब्या नअरी नहुन्या भयो छोराछोरकिो टहलपहल अद्या फुर्सद नहुन्या भयो रे अर्खी स्वाइनी ल्यायो । जति सम्म अर्खीगा छोराछोरी भयाइन उतिसम्म सौतागा छोराछोरी पनि निगरी पाल्यो आफ्ना भयापछि सौतेनी आमा झर्को फर्को अर्न सुरु अरिहाल्यो । काममी मात्र पेलाउन्या खानाखी बेलैमा नदिन्या भोगै खेदाउन्या, काम नअर्‍यो भन्या घरभित्त पस्त नदिन्या अद्द लागि विचारा मुल्याखी सारै दुःख भया । बुवाले जानीबन

बनी केइ नभन्या स्वाइनीखी केइ भनु भन्या काँप भ्रानी छ कसरी भनु भनीचुप लागि बस्तथ्यो । एकदिन लोग्न्या माइस मदेश बट्यो उन्ने आफ्ना सबै छोराछोरीबोलायो रे सोध्यो कैखी क्या चाइयो कैखी क्या चाइयो मु देश भ्रानलाग्यागो छु भन्ना कन्ने मिठाइ भन्यो कन्नेइ लुगाकपडा भन्यो, मुल्याइ छोरीले बुवा मुखी देशी बाखो ल्याइदिया भन्यो । त्यैपछि उ देशतिर गयो । घर फर्कि आउन्या बेला सबैले भन्यागो चीज ल्यायो सात देशीबाखो बनील्याइदियो । आमाले रिस मान्या बनी बाबु भन्या आफ्ना केटाकेटीखी सारै माया अद्योछ्यो ।

सौतेनी आमा आफ्ना छोराछोरीखी भात, रोटो निगोनिगो खान्याकुणा दिन्छी भन्या मुल्या छोरछोरीखी ढुटागो रोटो हालीबन गाइबाखा चराउन जङ्गल लाउन्छि । ढुटागो रोटो खान्या मुल्याइ छोरी मोट्टिन लागि निगोनिगो खान्या उइगा चेलाचेली दुब्लिन लाग्या । त्यो धेगी झन सौतेनी आमा रिस मान्न लागि एकदिन मुल्याइ छोरीखी सोध्यो तसरी क्या मोट्टी बा जङ्गल क्या खानिछई मुल्याइ छोरीले केइ खानैन त्यै ढुटागो रोटो मात्र हो भनी । तेइपछि सौतेनी आमाले मुल्याइ छोरीगा दोबा लाग्द आफ्नी चेलीलायो अब धेगी तेरी भाजी बनी सङ् लैझा भनी दिनदिनै सात जङ्गल लाउन लागि । विचारी ढुटागो रोटो मात्र खायागो उइखी त भोग लागिगै सात भाजी छ ,इन्ने जान्यो भन्या घर भन्या हो भन्या डर छ्यो । यइगी भाजी थोक्काइ पुण्डी भुल्यागाबेला मुल्याइ छोरी देशीबाखा नजिक गईबन बाखा मुखी त भोग लागिगै भनेर सिङ कन्यायो बाखाले मिठामिठा खानेकुणा परिकार दियो ठिक्क खान्याबेला उइगी भाजीले धेग्यो रे दौडीबन आई । दिदी क्या खानीछई भन्न लागि मुल्याइ छोरीले भन्यो भाजी घर आमाखी जनभनेइ हा , ल तु बनी खा भनी आफ्नी भाजीखीबनी दियो । उइगी भाजीले घर धेगाउनाखी लागि नङ भित्र लुगाइबन ल्याइ आफ्नी आमासित भनिहिल्यो । सौती आमा चम्कन लागि यसोयसो खान्या रैछ तब तमोटाउन लागि छ आज धेगी तुइले घरगो काम अद्दु तेरी भाजी झाल्ली बाखा चराउन भनी बोली । दोस्सा दिन सौतेनी आमाले आफ्नी चेली लायो , उइगी चेलीले बनी जसरी मुल्याइ छोरी देशीबाखाखी खानाखी माग्दी छि उसै अरी माग्यो सिङ कन्याउन्याबेला जम्मै मौरा आया रे काट्यो जङलबाट झन ओसाइबन आई । घर पुग्यापछि उइगी आमाले धेग्यो खुशी भई मेरी चेली त एकैदिनमी यति माट्टिगै भन्नासात उइगी चेली गाली दिन लागि या मुखी मौराले चिलीबन कसी साइती भयागी छ मोटाइ भनी खुशी हुन लाग्यागा छन् । यो सुन्या पछि सौतेनी आमाखी झन रिस उठ्यो अब तै देशीबाखा माद्या जुक्ति अद्द लागि । आफ्नो

लोग्न्या आउनासम्म मुखी त साइती हुनलागि भनी पढ्यागीपणै रन लागि । एक दिन आफ्नो लोग्न्या नभ्यागाबेला वामनगा घर गइबन घुस दिई उइखी मु मेरा लोग्या हेराउन लाउला तेइबेला तेराघर देशी बाखो ल्यापछि अशुभ भयागो छ तै नमाद्दासम्म निगो हुन्याहैन भनी वामनसित कुणा मिलाइबन घर आई । आफ्नो लोग्या आउन्याबितिकै कुणा लाउन लागि मुखी सज कइल्यै नपाउन्या भैग्या एकचोटी वामन हेराउनु पण्यो केइ लागभाग छ कि स्वाइनी भन्यापछि लोग्या पनि हेराउन गयो । घुस खायागो वामनले जसो उइगी स्वाइनीले भनिदिया भन्यो छ्यो तसै वामनले पनि भन्यो । अब घरपुग्या पछि देशीबाखा माद्या ठगान भयो । मुल्याइ छोरी चिन्तामा पणी , अब क्या खाइबन बाँच्चु हो भोलबटी आज त मेरा बाखा मारिहाल्या हुन भनी एक्ली बसी रुन मात्र लागि । बाखो मान्यो सबैखी झोल सोणासोण पणी मुल्याइछोरीले मात्र मासु खाएन । खा खा भनी सौतेनी आमाले मुल्याइछोरीगा दुइभाइबैनीखी सापगो मासु बनायागो छ्यो मुल्याइछोरीले जानीबन खाएन आफ्ना भाजाखी जनखा भन्नाभन्ना उन्ने खाइहिल्यो । रातभरी सबैले खायागा हाड बटुली मुल्याइछोरीले जम्मा अऱ्यो छकालै गंङागा छाल गई सेलायो दुई भाइबैनी सातै गयागा छ्या उइगा भाजाले दिदी मेरो त मुन्टो खाइयो क्या भन्यागो छ्यो दि ले तुखी त उसैबेला जनखा भन्यागो हैन भनी मुन्टामी हान्या बेला साप भैबन ढुङ्गा मुनि पस्यो । मुल्याइछोरी ढुङ्गामुथि बसिबन रुन लागि तैगा आँशु बग्यारे ओलो भयो राजागा सिपाइ तसैबाटा आउन्या बेला पानी तीस लागिछ पानीगो मुल रैछ भनी पानी खाना नुन्यो भयो यो

पानी नून्यो केइ भयो एइगो नाउलो खोज्जा आउना तएक छोरेट्टी रोइबन ढुङ्गा मुथि बस्यागी धेग्यो । सिपाइले उइगा मुखलाइ गइबन सोधपुछ अद्दा उन्ने आफ्ना सबै कुणा सुनायो तैपछि सिपाइले मुल्याइछोरीखी हम्रा राजागा पनि रानी आछिनन् हमी सित दरबार झाउँ भनी मुल्याइ छोरीखी लैग्या । दरबारमी ठुलो खानपिन अऱ्यो राजदरबारमी मुल्याइछोरी सुखसयलसात रनलागि । केइ वर्षपछि मुल्याइछोरीले छोरा पायो राजदरबारमा हर्षउल्लास छायो रानीअबोला भयागा कारण बालकको नाम महारानीबाट मर्जी होस् भनी भन्ना रानीले नबोलिकन इसारामात्र अरिकन सूर्यतिर संकेत अऱ्यो जेठोछोरागो नाउँ सूर्य राख्यो । रानी अबोला भयागो कुणाले राजाप्रजा सबै दुःखीत छ्या । दोस्सो सन्तान भयापछि बनी रानी बोल्ली छन कि भनी तेइगो नाउँ बनी महारानीबाट मर्जी होस् भन्ना दाणा तिर धेगाइ दन्त्य राख्यो यो त भएन अब रानी बोल्या जुक्ति अद्दु पण्यो भनी प्रजा सबै मिलीबन राजाखी जङ्गल लायो । राजागा लुगाकपडा हरिणगा रगतले लत्पताइ राजा त मरिगया भनी

रानीखी भन्यो । यो रगत धेग्या पछि रानीविलाप अरी रुनलागिन तैपछि साँचो कुणा भन्यो रे राजा आया राजाले रानीखी नबोल्या कारण सोध्यो, रानीलेआफु मुल्याइछोरी भयागी सौतेनी आमाले दियागा दुःख एगै भाइ उइबनी सापभैबन ढुङ्गामुनि पस्यागो सबै कुणा भन्यो । राजालेरानीगादुःख बुझी तम्रा भाइबनी या ल्याउली भन्या वाचा अऱ्यो । एकदिन दरबारमी ठुलो भोजभतेर राख्यो ,जङ्गलगा सबै जीवजन्तु इष्टमित्र सबै निउत्यो । सबै आउनाइ खाना झानाइ अऱ्यो सबैभन्ना पछछि उइगो भाइ चानामी तारो भयागो साप आयो रानीले मेरो भाइ तेइ हो भनी भन्यापछि तइ सापखी छोपीबन पिजडामी राखयो मिठोमिठो खानाखी दियो । राजाले तइ सापगा लागि कन्या खाजी सुन्दरी कन्यासित सापगो ब्या अऱ्यो समय बित्तै गयो एकदिन ती कन्या गर्भवती भइन् । रानी यो कुणा जान्यो रे भन्न लागिन राजाले यो कुणा जान्यापछि दरबारबाट निकाला हुन्या हो प्रजाले जान्या बदनाम हुन्या हो कइगो गर्भ हो भनी भन्ना ती कन्याले हजुरगा भाइगोहो राती सापगो काँचुली भुँइमा राखी आफ्नो रुपधारण अद्दा छन् भन्यापछि रानीले तसो भ्या आज उन्ने मानिस चोला लियागाबेला सापगो काँचुली सलाइले पोलिदिनु भन्यापछि भन्न्या जुक्ति सिगायो नभन्दै ती कन्याले तसै अरिन् । तइपछि उ साप हुनपाएन । दरबारमी खुशीयाली छायो आफ्ना भाइगो दोस्या ब्या अऱ्यो, इष्टमित्र सबै निउत्यो आफ्ना माइत सौतेनी आमा पनि बोलायो भाजागो ब्या छ भनी । सौतनी आमा रे उइगी चली मुल्याइछोरीगा राजपाट भयागो धेगी रिसले जलिन् । दोस्सा दिन छकाल पानी भद्दा पुन्यारा झान्याबेला सौतेनी भाजीले मुल्याइछोरीखी कुवामी घोचाल्यो भनी खैलाबैला मचियो रे ती दुइ आमाछोरीखी राजागा सिपाइले झेल हाल्यो ।

**<u>शब्दार्थ</u>**

मुथि - माथि
गयाणा - भँगेरो
अर्खो - अर्को
ब्या - विवाह
खन्टणी पोकायागा - भर्खरै प्वाक आउन थालेका
चुचुणाइन - चुचुरामा
धेगाउन - देखाउन
सोचमी - चिन्तामा
टहपहल - स्याहार सुसार

| | | |
|---|---|---|
| बेलैमा | - | समयमै |
| सारै | - | धेरै |
| काप | - | खै कता |
| माइस | - | मानिस |
| बट्यो | - | तयार हुन |
| कैखी | - | कसलाई |
| अद्योछ्यो | - | गर्दथ्यो |
| भन्यागो | - | भनेको |
| निगो निगो | - | राम्रो राम्रो /मिठो मिठो |
| मोट्टिन | - | मोटाउनु |
| लाउछि | - | लगाउन्थी |
| दोबा | - | चियो गर्नु |
| थोक्काइ पुण्डी | - | अलि पर |
| इन्ने | - | यसले |
| भुल्यागा बेला | - | बिर्सेको समयमा |
| धेगाउनाखी | - | देखाउनलाई |
| जनभनेइ | - | नभन्नु |
| झाल्ली | - | जानु |
| चिलीबन | - | काट्नु |
| साइती | - | सञ्चो नहुन |
| पढ्यागीपणै | - | सुतेकोसुत्यैं |
| सज | - | सन्चो |
| ठगान | - | तयारी निर्णय |
| पणी | - | पर्नु |
| भोलबटी | - | भोली देखी |
| भाजा | - | भाई |
| छकालै | - | बिहानै |
| उइगा | - | उसका |

| | | |
|---|---|---|
| तैगा | - | त्यसका |
| साप | - | सर्प |
| भैवन | - | भएर |
| मुन्टामी | - | टाउकोमा |
| नून्यो | - | नुनिलो |
| छोरेट्टी | - | केटी |
| आछिन | - | छैनन् |
| झाउँ | - | जाऔं |
| कइगो | - | कसको |
| निउत्यो | - | निम्तो दिनु |
| पुन्यारा | - | धारा |
| झान्याबेला | - | जानेबेला |
| घोचाल्यो | - | धकेल्यो |
| झेल | - | जेल |
| अबोला | - | नबोल्ने |
| दाणा | - | दाँत |

**पूजामा गाइने माङ्गल**

आनी हिल्यो चोखो माटी आनी हिल्यो गौत गोबर लिप्यो लाप्यो अटली अखरीब गैछ,

मास्या मुस्या देउ भाणा अखरीब ग्याँछन् तमी दैत्य कुल्यागो क्याब बार भइछ ।

आनी हिल्यो कपुरा घिउ बनाई हिल्यो सपुरा बातो ,

तमी दैत्य कुल्यागो क्याब बार भइछ,तमी दैत्य बुल्याले सेवाइन मान्या ।

आयो काल हटाया पण्णे जञ्जाल हटाया, सुदिन रिटाया अदिन कटाया,

तमी दैत्य कुल्या कयाब बार भइछ ।

कोखी बालो छाडी आयाँ घुणी पारो छाणी आयाँ भोगाई पेट आयाँ छाड्या केश आयाँ तमी दैत्य कुल्याले सेवाइन मान्या ।

सुयाबिरा छिरन लाग्या तब भैछ एतनी बार, कानगा लौला पैरन लाग्या तब भैछ एतनी बार, छत्तीस यान भेडन लाग्या तब भैछ एतनी बार ।

पूरवर्मा पूरवर्मा सउ आङ्याजन
डडव्यङ्याजन सउ पुन्नी बेद
छइ मेरी पैतली मौरीको पौतोलो
पूरीदिउला सउ पुन्नी बेद
तल्ली तल्ली छइ मेरी धरतीमाई
उरे मुथि छइमेरी जल थल जल
बैजनाथ देउ, कुलदेउ, कैलुगाई, केलागो भाणी वामुथि होला
दुवागी चौड उइमुथि होला कुलगी भाणी उइमुथि होला गृह महल ।
होम रे होम कई देउगी होम .......... त्याणी डाँडावाग अशङ्खी हुन
हमरा देउ उसुमेदा उसुमेदा मेरी माणु झाँउप
तेरी माणु झाउ भनी आइप गया हुँ तेरी माणु क्याँउ क्याउँले भरियो ।
मेरी कैलुका दुदले भरिप गयो,
कैलुका घिउले भरिप गयो,
गङ्गीगाजलले भरिप गयो,
फल रे फूल रे भरिप गयो,
धुप कपुरले भरिप गयो, उठु उठु मेदामेरी माणु झाँउप
होम रे होम रे कइ देउगी होम हमरा देउ उसु मेदा मेरी मेदा मेरी माणु झाउप ।

**विवाहमा गाइने माङ्गल**

लुगुलुगु वालीकन्या गाबगी मुजेली, तमरा आया वाली दिनैगा चोर
बुवा मेरा बोली गया बत्तीस दन्त, कसो अरी लुगु बुवा गाबगी मुजेली
बुवा मेरा बोली गाया बत्तीस दन्त, देउन देउन बुवा मेरो धुली अरग
जइगा होला पाया मौचा उइगा देउ धुली अरग, भौतइ भौतइ हुन्ना बाली पायागा मौचा
जइगा होला बुवा मेरा फुलगी माला, भौतइ भौतइ हुन्ना बाली फुलगी माला
कइलाइ देउन बाली मेरी धुली अरग, जइगा होला बुवा मेरा रुद्राक्षगी माला
उसइ देउन बुवा मेरा भुली अरग, तमराइ आया बुवा मेरी धुली अरगीयगा ज्वाँई ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्ग राज. ***नेपाली कारक व्याकरण,*** विद्यावारिधि शोध प्रबन्ध, त्रि.वि. काठमाडौँ, २०४६ ।

.................... ***संरचनात्मक अर्थ विज्ञान,*** सम्प्रेषण (प्र.सं. नवीन भावुक) शिक्षाशास्त्र सङ्काय सम्प्रेषण परिवार नेपाली भाषा शिक्षा विभाग त्रि.वि कीर्तिपुर ।

अधिकारी, हेमाङ्ग राज र बद्री विशाल भट्टराई, ***प्रयोगात्मक नेपाली शब्दकोश,*** भोटाहिी, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६१ ।

आचार्य, परशुराम. ***दिव्योपदेशको भाषिक अध्ययन.*** अप्र. नेपाली एम.ए. शोध प्रबन्ध, त्रि.वि. कीर्तिपुर २०३७ ।

आचार्य, व्रतराज. ***'हाम्रो भाषा'*** ललितपुर : साझा प्रकाशन, २०४० ।

आचार्य व्रतराज. ***मध्ययुगीन नेपालीका रुप वैज्ञानिक अध्ययन.*** विद्यावारिधि अप्र. शोध प्रबन्ध वि. आर. अम्बेडकर विश्व विद्यालय आगरा, १९९६ ।

उपाध्याय, राम प्रसाद. ***बझाङ्गी डेउणा गीतको अध्ययन***. (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.). २०५७ ।

उपाध्याय, विष्णु भक्त. ***बझाङ्गको थलारा क्षेत्रका प्रमुख फागहरूको सङ्कलन र विश्लेषण.*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.). २०५८ ।

उपाध्याय, खगेन्द्र प्रसाद. ***अछामी भाषिकाको शब्दकोश निर्माण.*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.). २०६४ ।

कुँवर धनबहादुर. ***बुङ्गली भाषिकाको अध्ययन.*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.). २०६३ ।

केसी. पञ्चबहादुर. ***नेपाली भाषामा अर्थ परिवर्तन.*** नेपाली स्नातकोत्तर शोध प्रबन्ध त्रि.वि. कीर्तिपुर, २०५२ ।

खनाल, चक्रपाणि. "भाषिक अर्थतŒवका परमाणुहरूको पहिचान" ***आँकुरा.*** वर्ष १५, अङ्क २ पूर्णाङ्क १७ (सं. श्याम कुमार अधिकारी) २०४८ ।

............... ***अर्थतŒवको संरचना र विश्लेषणका सिद्धान्तहरू,*** विराटनगर : सरस्वती प्रकाशन, २०५४ ।

............... ***नेपाली भाषामा विपरीतार्थक अर्थ सम्बन्धको अध्ययन.*** (अप्र. लघु अनुसन्धान शोध प्रबन्ध) मानविकी तथा सामाजिक शास्त्र सङ्काय त्रि.वि. २०५६ ।

............... ***भाषा विज्ञान शब्दकोश,*** विराटनगर : सरस्वती प्रकाशन, २०६४ ।

गौतम, देवी प्रसाद. ***फिल्मोरको कारक व्याकरण र नेपाली कारकहरू.*** पाठ्यक्रम विकास केन्द्र त्रि.वि. २०४२ ।

................. ***नेपालीमा पदावली व्यवस्था.*** अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, त्रि.वि. कीर्तिपुर, २०५३ ।

गिरी, धन. ***बझाङ्गी गाउँखाने कथाको अध्ययन.*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.). २०६५ ।

चन्द, वीर बहादुर. ***डोट्याली शब्द भणार.*** महेन्द्रनगर : जगदम्बा छापाखाना प्रेस, २०५५ ।

चटौत, आर.डि. 'प्रभास' (सम्पा.) ***डोट्याली बृहत शब्दकोश.*** काठमाडौं : बेलु विश्व प्रतिष्ठान. २०५८ ।

चालिसे, चक्रपाणि. ***नेपाली वंगली कोश,*** काठमाडौं : नेभाप्रस. १९९८

............... ***पर्यायवाची शब्दकोश,*** काठमाडौं : नेभाप्रस, १९९९ ।

............... ***हितैषी नेपाली शब्दकोश,*** काठमाडौं : चक्रपाणि स्मारक समिति, २०४५ ।

जैसी, प्रेम राज. ***बझाङ्गी धमारीको सङ्कलन र अध्ययन.*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.). २०५८ ।

जोशी, गोकुल राज. ***बझाङ्ग जिल्लाका प्रचलित गाउँखाने कथाको अध्ययन.*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.). २०५९ ।

जोशी, हित राज, ***बझाङ्गी संस्कृतिमा भुओगीतको अध्ययन.*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.), २०६१ ।

जोशी, नन्द कृष्ण. ***बझाङ्गी भाषा.*** मधुपर्क, २०४१ वर्ष १६ अङ्क १२ ।

जोशी, ज्योति प्रकाश. ***कृष्णको जुडी.*** (अप्रकाशित खण्डकाव्य) ।

...................... ***बझाङ्गी भाषा व्याकरण हेर्दा.*** (अप्रकाशित व्याकरण) ।

...................... ***गणेश कुमार विवाद.*** (अप्रकाशित खण्डकाव्य)

थापा रमेश. ***बाजुराली लोक कथाको अध्ययन.*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र). २०६४ ।

थापा, बबिता. ***बझाङ्गी भाषिकामा शब्दनिर्माण प्रक्रियाको अध्ययन.*** अप्रकाशित स्नातकोत्तर शोध पत्र. २०६६ ।

दहनी, विष्णु बहादुर. ***बझाङ्ग जिल्लाका बाह्रमासे गीतको अध्ययन.*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र). २०६५ ।

दाहाल, हरि. ***कृषि विज्ञान शब्दकोश,*** काठमाडौं : नेराप्रप्र २०५७ ।

दीक्षित, उषा र दिवाकर ढुङ्गेल. ***नेपाली बाल शब्दकोश,*** काठमाडौं : साझा प्रकाशन, २०५७ ।

दौल्याल, विष्णु बहादुर. ***बझाङ्ग जिल्ला थली-नौविसमा प्रचलित मागलहरूको अध्ययन.*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.). २०६५ ।

द्विवेदी, कपिल देव. ***अर्थ विज्ञान और व्याकरण दर्शन.*** इलाहावादः हिन्दुस्तानी एकेडमी. सन् १९५१ ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान. ***नेपाली वृहत शब्दकोश,*** काठमाडौं : नेराप्रप्र, २०४० ।

पराजुली, उत्तर. कुमार (सम्पा.) ***नेपाली भाषिका शब्दकोश.*** स्वयं प्रकाशक, २०५६ ।

पण्डित तुलसी प्रसाद. ***जन्त विवाह***: अभियान अपसेट प्रेस. २०५७।

पोखरेल, बालकृष्ण. **राष्ट्रभाषा.** ललितपुर:साझा प्रकाशन.२०३१।

पोखरेल, माधव प्रसाद. ***नेपाली वाक्य व्याकरण,*** काठमाडौँ : नवीन प्रकाशन, २०५३ ।

............... ***नेपाली वाक्य व्याकरण,*** नेराप्रप्र, २०५४ ।

पोखरेल, बालकृष्ण (सं.) ***पच्चीस वर्षका भाषिक चर्चा,*** काठमाडौँ : हिसी प्रेश ।

बन्धु, चूडामणि. ***भाषा विज्ञान,*** काठमाडौँ : साझा प्रकाशन, २०३३-०४८ ।

............... ***आधारभूत प्राविधिक शब्दावली***, काठमाडौँ : नेराप्रप्र, २०५१ ।

भण्डारी, पारसमणि. ***प्राथमिक तह कक्षा १-३ का विद्यार्थीहरूको आधारभूत नेपाली शब्द भण्डारको निरुपण,*** अप्र. विद्यावारिधि शोध प्रबन्ध त्रि.वि. कीर्तिपुर, २०६० ।

सोती, विर्ख राज. ***बझाङ्गी मागलहरूको सङ्केलन र अध्ययन.*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.). २०६२ ।

शर्मा, बद्री प्रसाद. बिनाडी (सम्पा.) ***डोटेली भाषिकाको शब्दकोश.*** जोर घाटी : प्रकाशन, २०५५ ।

भट्ट वासु देव. 'भाइसाव' ***डोटी प्रदेशको लोक वाङ्मय कोश.*** ललितपुर : साझा प्रकाशन. २०६५ ।

भट्ट, हरिश चन्द्र. ***बझाङ्गी भाषिका एक विश्लेषणात्मक अध्ययन.*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र). २०६४ ।

मोहन, डा. ब्रज. ***अर्थ विज्ञान.*** नयाँ दिल्ली : राजकलम प्रकाशन : सन् १९८९ ।

यादव, योगेन्द्र प्रसाद र भीम नारायण रेग्मी. ***भाषा विज्ञान,*** काठमाडौँ : न्यूहिरा बुक्स इन्टर प्राइजेज, २०५९ ।

............... ***नेपालको भाषिक स्थिति,*** काठमाडौँ : नेराप्रप्र, २०६२ ।

लम्साल, राम चन्द्र. ***कोश विज्ञान र नेपाली कोश.*** (दो.सं.) काठमाडौ : विद्यार्थी पुस्तक भण्डार, २०५७।

सहाय, राधा कृष्ण. ***अर्थ विज्ञानकी दृष्टि से हिन्दी एवं बँगला शब्दकोशका तुलनात्मक अध्ययन,*** इलाहावाद : हिन्दुस्तानी एकेडमी, सन् १९७४ ।

साह, सुरेन प्रसाद, ***अर्थ विज्ञानकी दृष्टि से हिन्दी एवम् नेपाली शब्दों का तुलनात्मक अध्ययन.*** इलाहावाद : किताब महल, सन् १९८९ ।

सिंह, टोप बहादुर. ***कानुनी शब्दकोश,*** कीर्तिपुर : पाठ्यक्रम विकास केन्द्र त्रि.वि., २०३८ ।

शर्मा, बाल चन्द्र. ***नेपाली शब्दकोश,*** काठमाडौँ : नेराप्रप्रप्र, २०१९ ।

श्रेष्ठ, कृष्ण प्रसाद. ***नेपाली शब्द परिचय,*** विराटनगर : जगदीश नेपाली, हेमराज सापकोटा, २०३४ ।

Acharya, Jayaraj. ***Traditonal Grammars: A study of English and Nepali.*** Kath. Nav Press. 1980.

Breal, M. ***Semantics*** *(Eng. Trans)* London: Williams Heinemann. 1900.

Bandhu, C.M. (1995). ***"Dictionary making in Nepal"*** Lexicography in Nepal (eds. Yadav, Yogendra P. and T.K. Kansakar) (1995). (Proceedings of the Institute on lexicography published in 1998).

Breal, M. (1897). ***Essai de semantique. Paris Eng tr. Semantics: Studies in the science of Meaning.*** London 1900.

Coseriu E. and H. Geckler. (1974). ***'Linguistics and Semantics' In Sebeok.***

Lehrer, A. (1974). ***Semantic fields and Lexical structure***. Amsterdam & London: American Elsevier.

Lounsbury, F.G. (1956). ***'A semantic analysis of Lawnee kinship system',*** Language 32:132-94.

Matthews, P.H. (1997). ***The concise Oxford Dictionary of Lingueistics***. OUP.

Mautner, Thomas (1996 reprint 2000). ***The Penguin Dictionary of Philosophy***. New Delhi: Penguin.

Nida, E. (1975). ***Exploring semantic structure.*** Munic: Fink.

Palmer, F.R. (1981). ***Semantics: A New outline***. CUP.

Pant, Gaga Prasad (2000). ***Semantico-syntactic analysis of Nepali verbs***. MA thesis CDOL T.U.

Sapir, E. (1944). ***'On Grading: A study in semantics'.*** Philosopy of science. 2:93-16.

Smith, E.E., L.J. Rips and E.J. Showen (1974). "***Semantic memory and Psychological semantics"*** In G. Bowers (ed.) The Psychology of learning and Motivation V. 8, Hillsdale Nj : Erlbaum.

Tarski, A. (1956). ***Logic, Semantics and mathematics***. London: OUP.

Thyagrarajan, C. (1969). ***Segmental phonemes of Nepal***. Trivendrum, MA thesis University of Kerala.

Vimala, L. (1969). A ***Transformational Grammar of Nepali nominalization.*** MA thesis, Kerala University.

Wallace, William D (1979a). ***"The syntax and semantics of causatives in Nepal".*** South Asian Language analysis 1:145-156.

Weineich, U. (1966). ***Explorations in semantic theory in TA*** Sebeok (ed.) Current trends in Linguistics. Vol. 3. The Hague: Mouton.

Yadava, Yogendra P. and Tej R. Kansakar, (eds.) (1998). ***Readings in semantics.*** Urbana & London: University of Illinois Press.